# नेपाल कानून पत्रिका

भाग - ५७ | २०७२ असोज | अङ्क - ६



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)
फ्याक्सः ४२६२८७८, पो.ब.नं. २०४३८
**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

नेकाप २०७२ असोज अङ्क ६

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण बि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
बुक बाइन्डर श्री मीरा वाग्ले
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**सुपरभाइजर :** श्री कान्छा श्रेष्ठ

**भाषाविद् :** उप.प्रा.श्री रामचन्द्र फुयाल

**विक्री शाखामा कार्यरत कर्मचारी**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी श्री मोतिलाल चौधरी

प्रकाशित सङ्ख्या : २००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७२... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल) (महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७२, असोज, नि.नं.९४११, पृष्ठ ९३५

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७२ ... ... ... १ वा २, पृष्ठ ...

*(साल) (महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७२, असोज – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक :

विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९४११<br>विशेष<br>उत्प्रेषण / परमादेश | यादवप्रसाद थपलिया विरूद्ध मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ▪ निजामती सेवालाई कस्तो बनाउने, यसको संगठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ती, बढुवा र बर्खासीका मापदण्ड के कस्तो आधारबाट निर्धारण गर्ने, सेवाका शर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषयहरू कर्मचारी प्रशासनको क्षेत्रमा विकसित मान्यता, सिद्धान्त र प्रचलनलाई ध्यान दिई देशको अवस्था र आवश्यकताअनुरूप राज्यले अख्तियार गर्ने नीतिमा भर पर्ने विषय भएको हुँदा न्यायिकरूपमा व्यवस्थापन हुने विषय मान्न नमिल्ने। | ९३५ |
| २. | ९४१२<br>विशेष<br>उत्प्रेषण / परमादेश | माधवकुमार बस्नेतसमेत विरूद्ध नेपाल सरकार | ▪ विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत उत्पादन र त्यसको व्यवस्थापन पनि राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठनबीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरूबीच निश्चित अवधिसम्मको लागि सम्झौता भएको र उक्त सम्झौतामा प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न लागिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) | ९४२ |

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युतको उत्पादन, प्रसारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको नदेखिएकाले बदर गरिरहन नपर्ने। | |
| ३. | ९४१३<br>पूर्ण<br>उत्प्रेषण / परमादेश | हरगोविन्द लुइटेल<br>विरूद्ध<br>नेपाल सरकार | ▪ सम्बन्धित ऐनमा पदावधिको प्रष्ट व्यवस्था भएको, तर नियुक्ति दिँदा नियुक्तिकर्ताले पदावधि उल्लेख नगरेको वा घटी पदावधि उल्लेख गरेको वा बढीमा भन्ने शब्द प्रयोग गरी सो पदावधिलाई घटबढ गराउने गरी निर्णय गरेको देखिए त्यस्तो निर्णयलाई कानूनसङ्गत भन्न मिल्ने हुँदैन । कानूनले खास पदावधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले काम काज गर्न पाउने नै हुन आउने। | ९६२ |
| ४. | ९४१४<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | नरसिंह राणासमेत<br>विरूद्ध<br>नेपाल राज्यका महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालयसमेत | ▪ निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण सङ्कलन गर्नेसमेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एकपटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरिसकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनतः मिल्ने नदेखिने। | ९७० |

| | | | | |
|---|---|---|---|---|
| ५. | ९४१५<br>संयुक्त<br>गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | नेपाल सरकार<br>विरूद्ध<br>अच्युतकृष्ण खरेलसमेत | ▪ आरोपपत्रमा उल्लेख भएअनुसारको प्रतिवादीका जिम्मामा रहेको कुल सम्पत्तिभन्दा प्रतिवादीको वैधानिक आम्दानीको स्रोत बढी नै रहेको देखिएको उल्लिखित स्थितिमा अनुमानका भरमा प्रतिवादीलाई कसुरदार कायम गर्न र सजायको भागीदार बनाउनु कानूनको मनसायविपरीत हुने। | ९८० |
| ६. | ९४१६<br>संयुक्त<br>जालसाजी | सिमा दमैसमेत<br>विरूद्ध<br>प्रेमबहादुर दमैसमेत | ▪ व्यवहार चलाउनलाई घर जग्गा बिक्री गर्नेदेखि बाहेकको उक्त उपाय नभएको अवस्थामा घर जग्गा बिक्री गरेको कार्यलाई मात्र जालसाजी गऱ्यो भन्न मिल्दैन । जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बदनियत एवम् सो किसिमको आचरण देखिनु पर्ने। | १०७३ |
| ७. | ९४१७<br>संयुक्त<br>उत्प्रेषण | कल्पना कुमारी कर्ण<br>विरूद्ध<br>पुनरावेदन अदालत, जनकपुरसमेत | ▪ स्वास्नी छोराहरू सँगसँगै रहेको अवस्थामा घरको मुख्यको हैसियतले गरेको व्यवहारप्रति निजको प्रथम जिम्मेवारी हुने भए पनि त्यस्तो व्यवहारमा ऋण खाँदा सँगै बस्नेले जिम्मेवारी लिनै नपर्ने भन्ने हुँदैन । एकासगोलको परिवारमा लिएको ऋण पनि सगोलकै सम्पत्तिबाट तिर्नुपर्ने कुरामा विवाद हुन नसक्ने। | १०७९ |
| ८. | ९४१८<br>संयुक्त<br>ज्यान मार्ने उद्योग | नेपाल सरकार<br>विरूद्ध<br>प्रेम शाही | ▪ वारदातमा पीडितको शरीरमा भएको घाउ चोटको अवस्था सामान्य प्रकृतिको देखिन आएको र सो कुरालाई प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्र र जाहेरवाला स्वयंले अदालतमा आई झगडासम्म भएको | १०८५ |

| | | | | |
|---|---|---|---|---|
| | | | भनी दिएको निवेदन व्यहोराबाट समर्थित गरेको देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको श्रेणीअन्तर्गत पर्ने नदेखिई कुटपिटसम्म भएको पुष्टि हुन आउने। | |
| ९. | ९४१९<br>संयुक्त<br>मोही नामसारी | विष्णुप्रसाद स्वगमिखा<br>विरूद्ध<br>सिताराम पक्कासमेत | ▪ मोहीको मृत्युपश्चात् मोहीले कमाई आएको जग्गाको मोहीयानी हक प्राप्त गर्नको लागि निजपछि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाती, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरू मध्ये जो मोहीसँगै एकासगोलमै रहे बसेका छन त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा नदेखिने। | १०९१ |
| १०. | ९४२०<br>संयुक्त<br>हातहतियार खरखजाना | नेपाल सरकार<br>विरूद्ध<br>सोनुकुमार सिंहसमेत | ▪ हातहतियार बोकेर हिँड्ने अपराध देशभर फैलिएको अवस्थामा अदालतले हलुका रुपमा लिएको भन्ने जस्ता आत्मगत तर्कहरू पुनरावेदनमा लिएको सन्दर्भमा विचार गर्दा न्याय सम्पादन कानूनबमोजिम कानूनले तोकेको प्रकृयाअनुरुप कानूनी सिद्धान्तहरूको पृष्ठभूमिमा गरिन्छ । फगत कुरै कुराको संवेदनसिलताको आधारमा निर्णय नहुने। | १०९८ |
| ११. | ९४२१<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | सिताराम दाहाल<br>विरूद्ध<br>नेपाल सरकार | ▪ टोकन प्रणालीबाट काम कारवाही गर्दा कार्यालयका कर्मचारीलाई कार्य सम्पादन गर्न सरल हुन जाने तथा सेवाग्राहीलाई सेवा लिनसमेत सरल हुन जाने देखिँदा टोकन प्रणालीलाई समेत अन्यथा भन्न सकिने स्थिति देखिँदैन । निवेदकले मन्त्रालयको | ११०६ |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्णयले लेखापढी व्यवसायीको कुन पेसा गर्ने अधिकार कसरी हनन् हुन गयो स्पष्ट खुलाएकोसमेत नदेखिने। | |
| १२. | ९४२२<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | राजेन्द्र यादव<br>विरूद्ध<br>मालपोत कार्यालय, महोत्तरीसमेत | ■ सरकारी कागज किर्ते गरी निवेदकले आफूले गरेको अपराध लुकाउनको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी अदालत प्रवेश गरेको देखिँदा निवेदक न्याय प्राप्त गर्ने असल नियतका साथ अदालत प्रवेश गरेको नदेखिने। | ११९२ |
| १३. | ९४२३<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | नारायणप्रसाद सापकोटा<br>विरूद्ध<br>माननिय शिक्षा मन्त्री, शिक्षा मन्त्रालय, केशरमहलसमेत | ■ कुनै काम कारवाहीमा सबैको चित्त बुझ्नै पर्छ भन्ने होइन । त्यो सम्भव हुँदैन । कामकारवाहीमा निश्चितता र कानूनको सम्मान हुनै पर्छ । यसमा सहिष्णुताको अपेक्षा गरिन्छ । विद्यालयको नाम परिवर्तनसम्बन्धी निर्णय फेर्नु पर्ने कारण मूलतः असहिष्णुताको द्योतक हो । सो निर्णयबाट विपक्षीहरूलाई मर्का पर्ने गरी आकाश खसेको छैन। तर निवेदकबाट रकम जम्मा भएको छ । त्यसको सावाँ ब्याज विद्यालयले नै हालसम्म उपभोग गरेको अवस्था छ। सहमतिको मूल आधार रकम दिने लिने कार्य सम्पन्न भएको छ । नामाकरण गर्नेसम्बन्धी कानूनको रीत पुगेको अवस्थामा निवेदकले पनि कानूनको संरक्षण पाउनु पर्ने हुन आउने। | ११२० |
| १४. | ९४२४<br>संयुक्त<br>निर्णय दर्ता बदर हक कायमसमेत | भूपालदास श्रेष्ठ<br>विरूद्ध<br>देवेन्द्रप्रसाद श्रेष्ठ | ■ प्रमाणको रूपमा प्रस्तुत भएको मन्जुरनामा लिखतका सम्बन्धमा नै पक्षले जालसाजीको प्रश्न खडा गरेको अवस्थामा सो विषयलाई टुङ्गोमा नपुर्याई मुद्दाको फैसला गर्नु कानूनसङ्गत हुने देखिँदैन। | ११२९ |

| | | | | |
|---|---|---|---|---|
| १५. | ९४२५<br><br>संयुक्त<br><br>ज्यान मार्ने उद्योग | नेपाल सरकार<br>विरूद्ध<br>प्रयागराय<br>यादवसमेत | ■ तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नेमा अभियुक्तले कुनै कसुर नराखेपनि त्यो परिणाम निक्लन पाएको हुँदैन । ज्यान मार्ने उद्योगको अपराधको सम्बन्धमा पनि ज्यान मार्ने अपराध जस्तै शङ्का विहीन तरिकाले प्रभावित हुन सक्ने प्रमाणिक प्राचुर्यताको अवस्था विद्यमान हुनुपर्ने । ज्यान मार्ने उद्योग अपराधका निर्माणक तत्त्वहरूले एकातिर ज्यानमाराको अपराध र अर्कोतर्फ कुटपिटको कसुरसँगको भिन्नता प्रष्ट पाइन्छ । ज्यानमाराको अपराधमा पनि ज्यान मार्ने मनसाय **(Means rea)** र सो मनसायको साकारीकरण गर्ने कार्य **(Actus rea)** समानरूपले विद्यमान हुन्छ । तर ज्यान मार्ने उद्योगको अपराधको निर्माणको तेस्रो तत्त्वको अप्रत्यासित अपर्झट उपस्थिति विद्यमान नहुने हुँदा ज्यानमाराको अपराधबाट भिन्न बनाउने । | ११३३ |

यी सारसङ्क्षेप *नेकाप* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

**– सम्पादक**

## निर्णय नं.९४११

सर्वोच्च अदालत, विशेष इजलास
सम्माननीय प्र.न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
आदेश मिति : २०७१।१२।१२।५
०७०-WS-००४२

विषयः- उत्प्रेषण, परमादेश ।

निवेदक/पक्ष : नुवाकोट जिल्ला, थानपति गा.वि.स. वडा नं. ३ घर भई रा.प.अनं प्रथम श्रेणी, टेलिफोन अपरेटर पदमा त्रि.वि. भन्सार कार्यालय, गौचर काठमाडौंमा कार्यरत् यादवप्रसाद थपलिया ।

विरूद्ध

प्रत्यर्थी/विपक्षी : मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ।

- **निजामती सेवालाई कस्तो बनाउने, यसको संगठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ति, बढुवा र बर्खासीका मापदण्ड के कस्तो आधारबाट निर्धारण गर्ने, सेवाका सर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषयहरू कर्मचारी प्रशासनको क्षेत्रमा विकसित मान्यता, सिद्धान्त र प्रचलनलाई ध्यान दिई देशको अवस्था र आवश्यकताअनुरूप राज्यले अख्तियार गर्ने नीतिमा भर पर्ने विषय भएको हुँदा न्यायिकरूपमा व्यवस्थापन हुने विषय मान्न नमिल्ने ।**

(प्रकरण नं. ३)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता नरेन्द्रप्रसाद पाठक
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६), (१), (२), (३)
- अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१)

आदेश

**न्या.गिरीश चन्द्र लाल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) र (२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म निवेदक मिति २०४२।१२।२९ मा रा.प. अनं.द्वितीय श्रेणीको टेलिफोन अपरेटर पदमा स्थायी नियुक्ति पाई मिति २०६४।९।२९ देखि २०६४।११।७ सम्ममा सञ्चालित राजस्व प्रशासनसम्बन्धी सहायक स्तरीय सेवाकालीन तालिम हासिल गरिसकेको र नेपाल ल क्याम्पसबाट आइ.एल. (प्रवीणता प्रमाणपत्र तह) को शैक्षिक योग्यता हासिल गरेको छु। मिति २०६८।१०।२४ को निर्णयानुसार तत्कालीन निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम ०६८।१०।१ देखि जेष्ठता कायम हुने गरी टेलिफोन अपरेटर, रा.प. अनं. प्रथम (विविध प्रा.) पदमा बढुवा भई कार्यरत् कर्मचारी हुँ ।

मिति २०६९।१२।२९ मा भएको निजामती सेवा ऐन, २०४९ को तेस्रो संशोधन अध्यादेशले नि.से.ऐ. को दफा २४घ१ को व्यवस्थालाई खारेज गरी २४घ१क र २४घ१ख थप गरेको थियो । उक्त संशोधनले कर्मचारी समायोजनसम्बन्धमा सम्बन्धित मन्त्रालयले १ महिनाभित्र पुल दरबन्दी सिर्जना गरी त्यस्तो कर्मचारीलाई समायोजन पदस्थापन गर्नेछ भन्ने कानूनी व्यवस्था भएकाले आफूले लिएको राजस्वसम्बन्धी सेवाकालीन तालिमअनुसार सोही

समूहमा समायोजन होला भन्ने प्रतिक्षामा रहेको थिएँ। तर मिति २०७०।१।२३ को निर्णयानुसार अर्थ मन्त्रालयको पुल दरबन्दीमा समायोजन पदस्थापन गरी मिति २०७०।।५।१७ को निर्णयअनुसार पुनः सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सरूवा गरिएको छ।

निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (१) अनुसार टाइपिष्ट पदहरूको पूर्ति र त्यस्ता कर्मचारीहरूको बढुवा "टाइपिष्ट वर्गीकरण योजना" र समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कार्यविधिबमोजिम गरिनेछ र ऐ. उपनियम (२) मा उपनियम १ मा जुनसुकै कुरा लेखिएको भए तापनि टाइपिष्ट निजामती कर्मचारी सम्बन्धित सेवाको अप्राविधिकतर्फको रा.प.अनं. पदको बढुवामा सम्भावित उम्मेदवार हुन पाउने छन्। तर कार्यसम्पादन तथा अनुभवको आधारमा बढुवा हुन यस नियमले व्यवस्थाले उपनियम २ बमोजिम सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारिले नेपाल सरकार वा नेपाल सरकारले तोकिदिएको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तिमा १ महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्ने छ भन्ने व्यवस्था रहेको छ।

सोही आधारमा कम्प्युटर अपरेटर पदमा कार्यरत् कर्मचारीहरूको समायोजन गर्न इन्कार गरेको विरूद्ध सुवेन्द्र श्रेष्ठसमेत निवदेकहरूले दायर गरेको रिटमा सम्मानित अदालतबाट राजस्व समूहको पदमा समायोजन गर्नुपर्ने ठहर्‍याई आदेश जारी भइसकेको छ। म निवेदक पनि राजस्व समूहको तालिम लिएको हुनाले उक्त पदमा समायोजन नियुक्ति गरिपाउँ भनी मिति २०७०।१।१७ मा अर्थ सचिवसमक्ष निवेदन दिएकामा मिति २०७०।१।२७ मा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार भएकामा हालसम्म कुनै निर्णय भएको छैन । निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) उपनियम (१) (२) र (३) को बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर पदमा कार्यरत् निजामती कर्मचारीको हकमा लागू हुने भएपछि सोही सेवाको टेलिफोन अपरेटर पदमा कार्यरत् म निवेदकले हकमा नहुने विभेद गर्न मिल्दैन । समान हैसियत कर्मचारीहरूलाई समान किसिमको व्यवहार गरिनुपर्छ । तसर्थ नियम ८८ को उपनियम (६) को विभेदकारी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३ (१) सँग बाझिएको हुनाले सो हदसम्म उक्त व्यवस्था उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलगायत नेपाल विविध सेवाका रा.प.अनं. प्रथम श्रेणीको पदमा कार्यरत् रहेका निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (१), (२) र (३) मा टाइपिष्टको लागि तोकिएको योग्यता पूरा गरेका सबै उम्मेदवारले सो सुविधा पाउने गरी समायोजन बढुवा गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशलगायतको उपयुक्त आदेश जारी गरिपाऊँ । साथै विपक्षी मन्त्रालयले मलाई समायोजन गरिएको भनीएको मिति २०७०।१।२३ एवम् २०७०।५।१४ को निर्णय र सो निर्णयबमोजिमको पत्रहरू लगायतका यावत काम कारवाहीहरू निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई समेत उक्त नियमावलीको नियम ८८ को उपनियम (६) बमोजिम विविध सेवामा कार्यरत् सहायक कम्प्युटर अपरेटर र कम्प्युटर अपरेटर सरह समान अवसर प्राप्त हुने व्यवस्था गरी बढुवा गर्नु भन्ने परमादेशको आदेशलगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ। साथै मुद्दाको अन्तिम किनारा नलाग्दै मलाई समायोजन गरेको पदमा अन्यत्र सरूवा एवम् रमाना गर्न सक्ने प्रबल सम्भावना भएको हुँदा सुविधा सन्तुलनको हिसाबले समेत अन्यत्र रमाना दिने कार्य नगर्नु र मिति २०७०।५।१७ को पदस्थापना सम्बन्धी निर्णय एवम् पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानूनबमोजिमको आधार कारण भए यो आदेश

प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूले नाउँमा सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

यसमा विविध सेवाअन्तर्गतका केही कर्मचारीको हकमा मात्र निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) ले समायोजनसम्बन्धी सेवामा समानरूपका अन्य कर्मचारीसँग विभेद गरी नियम ८८ को उपनियम (१)(२) र (३) को सुविधाबाट वञ्चित गरेकाले संविधानको धारा १२(३)(४) र १३(१) सँग बाझिएको हदसम्म बदर गरिपाउँ भनी प्रस्तुत रिट निवेदन परेको र सो विषयमा दुवै पक्ष राखी छलफल गर्नु उचित रहेको देखिँदा अन्तरिम आदेशको प्रयोजनार्थ मिति २०७०।१०।१२ को पेसी तोकी विपक्षीलाई र महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार पेस गर्नू। उक्त छलफल पूर्व निवेदकलाई अन्यत्र सरूवा गरेमा सुविधा सन्तुलनको दृष्टिबाट बढी मर्का पर्न सक्ने देखिँदा उक्त मिति २०७०।१०।१२ सम्मका लागि निवेदकलाई तत्काल अन्यत्र सरूवा नगर्नु नगराउनु भन्नेसमेतको विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०७०।१०।५ को आदेश।

यसमा निवेदकले नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) समेतको माग गरेको विषय देखिएकाले विशेष इजलासको क्षेत्राधिकारभित्र पर्ने हुँदा उक्त इजलासमा पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।१०।१२ को आदेश।

यस सचिवालयले गरेको कुन कार्यबाट निजको मौलिक हकको हनन् भयो भन्ने कुरा तथा सचिवालयको कुन कार्य कानूनविपरीत भयो भनी आफ्नो रिट व्यहोरामा नखुलाई केवल विपक्षीसम्म बनाएको प्रस्तुत रिट निवेदन खारेजभागी छ। रिट निवेदकको मागबमोजिम कुनै पनि आदेश यस सचिवालयको हकमा जारी हुनुपर्ने छैन। रिट खारेज गरिपाउँ भन्ने व्यवस्थापिका-संसद् सचिवालयको लिखित जवाफ।

राजस्व समूहमा समायोजनको निर्णय गर्ने अधिकारप्राप्त निकाय यस भन्सार विभाग होइन। यस विभागलाई विपक्षी बनाउनुपर्ने कारण कहीँ कतैबाट खुलेको छैन। नियम ८८ को (१)(२)(३) को प्रावधान उपनियम (६) बमोजिम कम्प्युटर अपरेटर पदको हकमा लागू हुने कानूनी प्रावधान हो। टेलिफोन अपरेटर पदको लागि होइन। यस विभागको कुनै पनि निर्णयबाट निवेदकको हक अधिकार हनन् भएको अवस्था नहुँदा रिट खारेज गरिपाउँ भन्ने व्यहोराको भन्सार विभाग र त्रिभुवन विमानस्थल भन्सार कार्यालयको एकै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ।

निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश २०६९ को दफा २४घ१ख को प्रावधानअनुसार समायोजन पदस्थापनको प्रक्रिया अगाडि बढाउन सामान्य प्रशासन मन्त्रालयको च.नं. ८०२ मिति २०७०।१।१६ को पत्रबाट यस मन्त्रालयमा अनुरोध गरिएअनुसार नै निवेदकलाई यस मन्त्रालयको मिति २०७०।१।२३ को निर्णयानुसार समायोजन पदस्थापन गरिएको हो। यसैबीच निवेदकसमेतले उक्त समायोजन पदस्थापनप्रति असहमति जनाई राजस्व प्रशासनसम्बन्धी सहायक स्तरीय सेवाकालीन तालिम र योग्यताका आधारमा अप्राविधिक पदमा समायोजन गरिपाउन यस मन्त्रालयमा पेस गरेको निवेदनउपर व्याख्या र विश्लेषण हुन निजको निवेदन कागजातहरू राखी यस मन्त्रालयबाट मिति २०७१।१।२७ को पत्रबाट सामान्य प्रशासन मन्त्रालयमा अनुरोधसम्म गरिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको अर्थ मन्त्रालयको लिखित जवाफ।

निवेदकले उठाएको नियमावलीको नियम ८८ को उपनियम (१)(२) र (३) व्यवस्था कम्प्युटर अपरेटर पदका कार्यरत् निजामती कर्मचारीको हकमा लागू हुने कानूनी व्यवस्था हो। यी निवेदक नेपाल विविध सेवाको टेलिफोन अपरेटर पदमा कार्यरत् व्यक्ति हुन्।

कामको प्रकृति नै भिन्न भएको व्यक्तिले समानताको हकविपरीत भयो भन्न मिल्ने हुँदैन । यी निवेदक निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन) अध्यादेश आउनुपूर्व अर्थात् मिति २०६८।१०।१ देखि नै सोही सेवाको टेलिफोन अपरेटर (रा.प.अनं. प्रथम) पदमा उक्त ऐनको दफा २४घ१ बमोजिम बढुवा भएको र संशोधित अध्यादेशद्वारा व्यवस्था भएको २४घ१ख बमोजिम सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको पुल दरबन्दीमा समायोजन भएको कर्मचारी हुँदा जुन पदमा बढुवा भएको हो सोही पदमा समायोजन हुने हो । दफा २४घ१ख बमोजिम समायोजनको प्रक्रिया र नियमावलीको नियम ७७क बमोजिम समायोजन हुने प्रक्रिया नै फरक भएको र निवेदक दफा २४घ१ख को व्यवस्थाबमोजिम उपदफा (८) बमोजिम निज स्वयम्ले रूची र चाहनाको फाराम भरी निजकै चाहना अनुसार यस मन्त्रालयको मिति २०७०।५।१४ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गत पदस्थापना समेत भइसकेको तथा रिट निवेदक एक पटक समायोजन पदस्थापन प्रक्रियामा सहभागी भइसकेको सन्दर्भमा पुनः निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) बमोजिम प्रशासन समूहको पदमा बढुवा हुनुपर्ने भन्ने निवेदन जिकिरमा कुनै कानूनी आधार नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ।

नेपाल सरकार मन्त्रिपरिषद्को के कस्तो काम कारवाहीबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको हो स्पष्ट उल्लेखसम्म हुन सकेको छैन । निजामती सेवा नियमावली, २०५० को नियम ८८ मा टाइपिष्ट पदको पूर्ति र बढुवासम्बन्धी व्यवस्था गरेको पाइन्छ । नियम ८८ को उपनियम (६) को व्यवस्था उपनियम (१), (२) र (३) मा रहेको बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत् निजामती कर्मचारीको हकमा मात्र लागू हुने हो । सोबाहेक नेपाल विविध सेवाअन्तर्गतका अन्य पदमा सो व्यवस्था लागू नहुने स्पष्ट व्यवस्था गरेको छ। यी निवेदक कम्प्युटर अपरेटर नभई टेलिफोन अपरेटर पदमा मिति २०६८।१०।१ देखि बढुवा भैसकेको र सो बढुवालाई स्वीकार गरी हालसम्म सोही पदमा कार्यरत् रहेकामा हाल आएर नियम ८८ को उपनियम ६ बमोजिम बढुवाको व्यवस्था गरिपाउँ भन्नु कानूनसङ्गत र तर्कसङ्गतसमेत नहुँदा रिट खारेजभागी छ।

नियम ८८ उपनियम ६ को व्यवस्था संविधानद्वारा प्रत्याभूत गरिएको समानताको हकसँग बाझिएकाले बदर हुनुपर्छ भन्ने दाबी छ, समानताको सिद्धान्त निरपेक्ष अवधारणा होइन । समान व्यक्ति र वर्गहरूबीचमा मात्र समानता लागू हुने हो । कुनै खास वर्गको खास आवश्यकता पूर्ति गर्नको लागि राज्यले कानून बनाई मनासिब वर्गीकरण गर्न सक्छ। आफूलाई लागू नहुँदैमा उक्त प्रावधान नै असमान वा विभेदकारी व्यवस्था भन्न मिल्दैन। टेलिफोन अपरेटर र कम्प्युटर अपरेटरको पदको प्रकृतिमा समानता नभएको हुँदा समानताको सिद्धान्तमाथि आघात पुर्‍याएको मान्न मिल्ने नहुँदा रिट खारेजभागी छ।

निवेदक निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन) अध्यादेश आउनुपूर्व अर्थात् मिति २०६८।१०।१ देखि नै सोही सेवाको टेलिफोन अपरेटर (रा.प.अनं.प्रथम) पदमा उक्त ऐनको दफा २४घ१ बमोजिम बढुवा भएको र संशोधित अध्यादेशद्वारा व्यवस्था भएको दफा २४घ१ख बमोजिम सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको पुल दरबन्दीमा समायोजन भएको कर्मचारी हुँदा जुन पदमा बढुवा भएका हुन् सोही पदमा समायोजन हुने हो । दफा २४घ१ख बमोजिम समायोजनको प्रक्रिया र नियमावलीको नियम ७७क बमोजिम बढुवा हुने प्रक्रिया नै फरक भएको र निवेदक दफा २४घ१ख को व्यवस्थाबमोजिम र उपदफा (८) बमोजिम निज स्वयम्ले रूचि र चाहनाको फाराम भरी निजकै चाहनाअनुसार पदस्थापनासमेत भइसकेको तथा रिट निवेदक एकपटक समायोजन पदस्थापन प्रक्रियामा सहभागी भइसकेको सन्दर्भमा

पुनः निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) बमोजिम प्रशासन समूहको पदमा बढुवा हुनुपर्ने भन्ने निवेदन जिकिरमा कुनै कानूनी आधार नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल सरकार मन्त्रिपरिषद्को लिखित जवाफ।

निवेदक निजामती सेवा ऐन, २०४९ को तेस्रो संशोधन अध्यादेश आउनुपूर्व अर्थात् मिति २०६८।१०।१ देखि नै सोही सेवाको टेलिफोन अपरेटर (रा.प.अनं.प्रथम) पदमा उक्त ऐनको दफा २४घ१ बमोजिम बढुवा भएको र संशोधित अध्यादेशद्वारा व्यवस्था भएको दफा २४घ१ख बमोजिम सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको पुल दरबन्दीमा समायोजन भएको कर्मचारी हुँदा जुन पदमा बढुवा भएका हुन् सोही पदमा समायोजन हुने हो। दफा २४घ१ख बमोजिम समायोजनको प्रक्रिया र नियमावलीको नियम ७७क बमोजिम समायोजन हुने प्रक्रिया नै फरक भएको र निवेदक दफा २४घ१ख को व्यवस्था बमोजिम उपदफा (८) बमोजिम निज स्वयम्ले रूची र चाहनाको फाराम भरी निजकै चाहनाअनुसार पदस्थापनासमेत भइसकेको तथा रिट निवेदक एक पटक समायोजन पदस्थापन प्रक्रियामा सहभागी भइसकेको सन्दर्भमा पुनः नि.से. नियमावली, २०५० को नियम ८८ को उपनियम (६) बमोजिम प्रशासन समूहको पदमा बढुवा हुनुपर्ने भन्ने निवेदन जिकिरमा कुनै कानूनी आधार छैन। नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त समानतासम्बन्धी व्यवस्था समानसमानबीचमा मात्र लागू हुने भएकाले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम ६ को व्यवस्था समानताको हकविपरीत भयो भन्ने जिकिर कानूनसम्मत नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

निवेदकले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम ६ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३(१) सँग बाझिएको भनी बदर घोषित माग गरेको देखिएको छ। निवेदकले धारण गरेको पद टेलिफोन अपरेटरको पद उक्त नियम ८८ को उपनियम (६) को व्यवस्थाले समेटेको नदेखिएको र उक्त नियम ८८ को उपनियम (६) को व्यवस्थाको वैद्यता अन्तिम निर्णयको क्रममा टुङ्गो लाग्ने विषय भएकाले तत्कालै मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकाले मिति २०७०।१०।५ गतेको एक न्यायाधीशको इजलासबाट जारी अन्तरिम आदेशलाई निरन्तरता दिइरहनु परेन। नियमबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०७०।११।८ को आदेश।

नियमबमोजिम पेसीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता श्री नरेन्द्र प्रसाद पाठकले निवेदक निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) मा उपनियम (१), (२) र (३) को बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर पदमा कार्यरत् निजामती कर्मचारीको हकमा लागू हुने भन्ने व्यवस्था भएपछि सोही सेवाको टेलिफोन अपरेटर पदमा कार्यरत् म निवेदकले हकमा लागू नहुने भनी विभेद गर्न मिल्दैन। समान हैसियतका कर्मचारीहरूलाई समान किसिमको व्यवहार गरिनुपर्नेमा नियम ८८ को उपनियम (६) को व्यवस्था विभेदकारी भएको र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३ (१) सँग बाझिएको हुनाले सो हदसम्म उक्त व्यवस्था उत्प्रेषणको आदेशले बदर गरी कम्प्युटर अपरेटरसरह समान अवसर प्राप्त हुने व्यवस्था गरी बढुवा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो। यसै गरी प्रत्यर्थीहरूको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री कृष्णजीवि घिमिरेले निजामती सेवा नियमावली, २०५० को नियम ८८ को व्यवस्था टाइपिष्ट कर्मचारीको बढुवासम्बन्धी व्यवस्था

भएको हुँदा एउटै कामको प्रकृति भएका कम्प्युटर अपरेटर पदको लागि पनि सोही व्यवस्था लागू हुने भनी ऐ. ८८ को उपनियम (६) मा कानूनी व्यवस्था भएको हो । यी निवेदक टेलिफोन अपरेटर पदमा कार्यरत् कर्मचारी भएको हुँदा लागू नै हुन नसक्ने नियमलाई समानताको हकविपरीत भयो भनी उक्त नियम ८८ को उपनियम (६) संविधानको धारा १२(३)(च) र १३(१) सँग बाझिएको भन्न मिल्दैन । लागू नै हुन नसक्ने नियमकोआधारमा बढुवा पाउँ भन्ने दाबी नै गलत छ। त्यसमा पनि निवेदक निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम मिति २०६८।१०।१ देखिनै बढुवा भै कामकाज गरी आएको हुँदा दोहोरो सुविधा लिन नमिल्ने हुँदा रिट खारेज हुनुपर्छ भनी गर्नुभएको बहस समेत सुनी निर्णयतर्फ विचार गर्दा निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३(१) सँग बाझिएको छ छैन, निवेदन मागबमोजिमको आदेश जारी हुने नहुने के हो ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निवेदक नेपाल विविध सेवाको राजपत्र अनङ्कित प्रथम श्रेणीको टेलिफोन अपरेटर पदमा कार्यरत् रहेको, राजस्वसम्बन्धी सहायक स्तरीय सेवाकालीन तालिम लिएको र प्रमाणपत्र तह कानून विषयको शैक्षिक योग्यतासमेत भएको हुँदा निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन अध्यादेशको) व्यवस्थाबमोजिम नेपाल प्रशासन सेवा, राजस्व समूहमा समायोजन हुनुपर्ने भन्ने निवेदन दाबी र कम्प्युटर अपरेटर र टेलिफोन अपरेटर पद अलगअलग हुन्, निजामती सेवा नियमावली,२०५० को नियम ८८ को उपनियम (६) को व्यवस्था कम्प्युटर अपरेटर पदको लागि मात्र आकर्षित हुने कानूनी व्यवस्था भएको हुँदा संविधानको धारा १२(३)(च) र १३(१) सँग बाझिएको भनी मान्न नमिल्ने हुँदा रिट खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको पाइयो।

२. सर्वप्रथम निवेदकले दाबी लिएको निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३(१) सँग बाझिएको छ छैन भन्ने सम्बन्धमा हेर्दा निवेदकले दाबी लिएको अन्तरिम संविधान, २०६३ को धारा १२(३) (च) पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता र १३(१) समानतासम्बन्धी हकसँग सम्बन्धित देखिन्छ । नियम ८८ को उपनियम (६) मा भएको व्यवस्थाले निवेदकको उपर्युक्तबमोजिमको मौलिक हकमा कसरी प्रतिबन्ध लगायो र कसरी उक्त हक कुण्ठित हुन पुग्यो भन्ने कुरा हेर्नुपर्ने हुन्छ। जसको लागि नियम ८८ को उपनियम (६) मा भएको व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । जसमा, "उपनियम (१),(२) र(३) मा रहेको बढुवासम्बन्धी व्यवस्था नेपाल विविध सेवामा रहेका कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटरपदमा कार्यरत् निजामती कर्मचारीको हकमा समेत लागू हुनेछ" भन्ने देखियो। उक्त व्यवस्था नियम ८८ को समग्र व्यवस्था अर्थात् निजामती सेवाअन्तर्गत रहेका टाइपिष्ट पदको पूर्ति र बढुवासम्बन्धी व्यवस्था भएकामा कामको प्रकृति समान रहेको अवस्थाका कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर पदको लागि पनि उक्त व्यवस्था आकर्षित हुने गरी उपनियम ६ ले व्यवस्था गरेको देखियो।

३. निजामती सेवालाई कस्तो बनाउने, यसको संगठनात्मक स्वरूप कस्तो हुने, पदसोपानको संरचना कुन प्रकारको राख्ने, निजामती कर्मचारीको नियुक्ति, बढुवा र बर्खासीका मापदण्ड के कस्तो आधारबाट निर्धारण गर्ने, सेवाका सर्त र सुविधाहरू के कस्तो प्रदान गर्ने भन्ने विषयहरू कर्मचारी प्रशासनको क्षेत्रमा विकसित मान्यता, सिद्धान्त र प्रचलनलाई ध्यान दिई देशको अवस्था र आवश्यकताअनुरूप राज्यले अख्तियार गर्ने नीतिमा भर पर्ने विषय भएको हुँदा न्यायिकरूपमा व्यवस्थापन हुने विषय मान्न मिल्दैन।

४. निवेदकले उठाएको नियमावलीको नियम

८८ को उपनियम (१),(२) र (३) लगायतको व्यवस्था टाइपिष्ट र कम्प्युटर अपरेटर पदमा कार्यरत् निजामती कर्मचारीको हकमा लागू हुने कानूनी व्यवस्था हो भन्नेमा विवाद देखिँदैन । कामको प्रकृतिअनुसार यी दुवै पदहरू एकै भएको हुँदा उक्त व्यवस्था हुनुलाई स्वाभाविक मान्नु पर्ने हुन्छ। तर यी निवेदक टाइपिष्ट वा कम्प्युटर अपरेटर पदमा कार्यरत् नभई नेपाल विविध सेवाको टेलिफोन अपरेटर पदमा कार्यरत् निजामती कर्मचारी रहेको हुँदा निवेदकको कामको प्रकृति र टाइपिष्टको कामको प्रकृति समान रहेको मान्न मिल्ने हुँदैन। यस्तो अवस्थामा उक्त नियममा भएको व्यवस्था आफूलाई पनि लागू हुनुपर्ने भन्ने तर्क जायज मान्न मिल्दैन । बढुवाको आधार र अवस्था नै फरकफरक रहेका र अलगअलग वर्गका कर्मचारीहरूको बढुवाको लागि कानूनमा तोकिएको पृथकपृथक सेवाको सर्त युक्तिसङ्गत वर्गीकरणको सिद्धान्त (Theory of Reasonable Classification) अनुकूल नै देखिँदा समानताको हकविपरीत भएको भन्ने निवेदन दाबी सिद्धान्ततः उपयुक्त मान्न मिलेन।

५. कुनै ऐन वा नियममावलीको प्रावधान संविधानको धारासँग बाझिएको छ भनी दाबी गर्नेले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने प्रमाणित गरी अदालतलाई विश्वास दिलाउने भार त्यस्तो दाबीकर्ता निवेदक (Petitioner) मा रहने हुन्छ । निवेदकले सो कुरा आफ्नो निवेदनमा स्पष्ट रूपमा खुलाउन सकेको देखिँदैन । त्यसमा पनि संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हकलाई निरपेक्ष नभई सापेक्षरूपमा ग्रहण गर्नुपर्ने र समान अवस्थामा रहेकाहरू बीच असमान व्यवहार गर्न नहुने भन्ने मूल अवधारणा नैं समानतासम्बन्धी सिद्धान्तको आधार भएको अवस्थामा कामको प्रकृति नै भिन्न भएका यी निवेदकले लागू नै नहुने बढुवाको व्यवस्था र समायोजनको प्रक्रियालाई समानताको हकविपरीत भयो, पेसा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता हनन् भयो भनी मान्न नमिलेको हुँदा निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (६) को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) र १३(१) सँग बाझिएको भन्ने निवेदन दाबीसँग सहमत हुन सकिएन।

६. यी निवेदक निजामती सेवा ऐन, २०४९ को (तेस्रो संशोधन) अध्यादेश आउनुपूर्व अर्थात् मिति २०६८।१०।१ देखि नै सोही सेवाको टेलिफोन अपरेटर (रा.प.अनं.प्रथम श्रेणी) पदमा उक्त ऐनको दफा २४घ१ बमोजिम बढुवा भएको र संशोधित अध्यादेशद्वारा व्यवस्था भएको दफा २४घ१ख बमोजिम सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको पुल दरबन्दीमा समायोजन भै सकेको कर्मचारी हुँदा जुन पदमा बढुवा भएको हो सोही पदमा समायोजन हुने कानूनको व्यवस्था हो। दफा २४घ१ख बमोजिम समायोजनको प्रक्रिया र नियम ८८ बमोजिम बढुवा हुने प्रक्रिया नै फरक भएको अवस्थामा निवेदकको हकमा नियम ८८ आकर्षित हुने देखिएन । निवेदक दफा २४घ१ख को व्यवस्था र उपदफा (८) बमोजिम निज स्वयम्ले रूचि र चाहनाको फाराम भरी निजकै चाहनाअनुसार अर्थ मन्त्रालयको मिति २०७०।५।१४ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालय वा अन्तर्गत पदस्थापना समेत भइसकेको निजामती कर्मचारी भएको भन्ने लिखित जवाफबाट समेत देखिँदा एकपटक समायोजन पदस्थापन प्रक्रियामा सहभागी भइसकेको कर्मचारीले पछि आफ्नो अनुकूल भएन भनी प्रशासन समूहको पदमा बढुवा पदस्थापना हुनुपर्ने भन्ने जिकिर लिन निवेदक विवन्धित भएको मान्नुपर्ने हुन्छ।

७. तसर्थ निवेदक मिति २०६८।१०।१ देखि बढुवा भैसकेको र सो बढुवालाई स्वीकार गरी हालसम्म सोही पदमा कार्यरत् रहेकामा हाल आएर नियम ८८ को उपनियम ६ बमोजिम बढुवाको व्यवस्था गरिपाउँ भन्ने निवेदन दाबी कानूनसङ्गत र तर्कसङ्गत देखिएन । साथै माथि उल्लिखित आधार कारणबाट नियम ८८ को उपनियम (६) संविधानसँग बाझिएको भन्ने पनि नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन,

रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।
प्र.न्या.रामकुमार प्रसाद शाह
मा. न्या.बैद्यनाथ उपाध्याय

इति संवत् २०७१ साल चैत १२ गते रोज ५ शुभम् ।
इजलास अधिकृत: ईश्वर पराजुली

## निर्णय नं.९४१२

सर्वोच्च अदालत, विशेष इजलास
सम्माननीय प्र.न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री गोपाल पराजुली
आदेश मिति : २०७१।०७।२१।५
०६४-WS-००३०

विषय :– उत्प्रेषण / परमादेश ।

निवेदक : भक्तपुर जिल्ला, मध्यपुरठिमी नगरपालिका वडा नं.१६ लोकन्थली बस्ने अधिवक्ता माधवकुमार बस्नेतसमेत ।

विरूद्ध

विपक्षी : नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत ।

- **प्राकृतिक स्रोतको बाँडफाँड भन्नाले त्यस्ता स्रोतको स्वामित्व र सार्वभौम अधिकारको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । राज्यभित्रको स्रोतमा राज्यको सार्वभौम अधिकार निहित रहने हुनाले राज्यले आफ्नो स्रोतलाई उपयोग गरी वस्तु वा सेवा उत्पादन गर्न अनुमति दिंदा राज्यले प्रचलित कानूनको अधीनमा रही सर्तहरू तोक्न सक्छ । त्यसरी तोकिएका सर्त उल्लङ्घन भएमा विद्युत् उत्पादन गर्न दिएको अनुमति नै रद्द गर्ने वा आफ्नो कब्जा वा भोग पुर्नस्थापित गर्न सक्ने हुन्छ । यसरी राज्यले आफ्नो कानूनअन्तर्गत आफैँले निर्णय वा नियन्त्रणमा लिने विषयवस्तुको हकमा आफूले अनुमति दिएकोलाई प्राकृतिक स्रोत र त्यसको उपयोगको राज्यको क्षेत्राधिकार भन्दा बाहिरको राष्ट्र वा अन्तर्सरकारी संगठनसँग बाँडफाँड गरेको भन्न मिल्ने नदेखिने ।**

(प्रकरण नं. ७)

- **विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोत पानीबाट उत्पादन हुने वस्तु भएकाले अन्य वस्तुसरह विद्युत् व्यापारयोग्य र निर्यातयोग्य वस्तु पनि हो । प्रस्तुत जलविद्युत् आयोजना सम्बन्धमा दुई देशबीच वा अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनबीच प्राकृतिक स्रोत साधनको बाँडफाँडसम्बन्धी सम्झौता नभई प्राकृतिक स्रोतको रूपमा रहेको पानी प्रयोग गरी सो पानीबाट उत्पादित विद्युत्लाई मात्र व्यापारिक सम्झौताबाट व्यवस्थापन गर्न निश्चित सर्तहरूसहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोतको बाँडफाँड गरेको भन्न नमिल्ने ।**

(प्रकरण नं. १०)

- विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोतबाट उत्पादित वस्तु भएकाले यसको उत्पादन र व्यवस्थापन गर्न राज्यले नीतिगत व्यवस्था गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको राज्यको त्यस्तो नीतिगत व्यवस्था पुनरावलोकन गरी कानून बदर गर्नु पनि उचित हुने नदेखिने।

(प्रकरण नं. १४)

- के कस्ता व्यवस्थाहरू कायम छन् र ती कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी राष्ट्र तथा जनताको हितका लागि कार्यपालिकीय निकायले प्रचलित कानूनको अधीनमा रही राष्ट्रका लागि आवश्यक त्यस्ता आयोजनाहरूको वर्गीकरण, छनौट, सञ्चालन, रेखदेख तथा नियमन गर्ने जस्ता नियमित कार्यपालिकीय कार्यमा अदालतले हस्तक्षेप गरी त्यस्ता आयोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य नियमित प्रक्रियामा अवरूद्ध पार्ने गरी कानून बदर गर्दै जानु पनि उचित नहुने।

(प्रकरण नं. १५)

- नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत् आयोजनाको सञ्चालनसम्बन्धमा प्रचलित विद्युत् ऐन, जलस्रोत ऐन, सम्बन्धित नियम र नीति अन्तर्गत निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषय राज्यको नीतिगत व्यवस्थाअन्तर्गतको विषय भएकाले विद्युत् उत्पादन गरी देश विकासमा अग्रगामी द्रुतगति विकास गर्ने मार्ग अवलम्बन गरेको त्यस्तो अवस्थामा कानून बदर गर्दा राज्यले अवलम्बन गरेको विकास नीति नै ठप्प हुन जाने सम्भावनालाई पनि सामान्यरूपमा लिन नमिल्ने।

- विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापन पनि राज्यराज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठनबीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरूबीच निश्चित अवधिसम्मको लागि सम्झौता भएको र उक्त सम्झौतामा प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न लागिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युत्को उत्पादन, प्रसारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको नदेखिएकाले बदर गरिरहन नपर्ने।

(प्रकरण नं. १६)

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ बमोजिम राष्ट्रलाई व्यापक, गम्भीर र दीर्घकालीन असर पर्ने खालको प्राकृतिक स्रोतको बाँडफाँडसमेत नदेखिएकाले उक्त धाराबमोजिम नेपाल सरकार र विपक्षी कम्पनीहरू बीच भएको सम्झौता संसद्बाट अनुमोदन गराउनु पर्ने विषय पनि देखिन आएन। नेपाल सरकार र विपक्षी कम्पनीहरू बीच भएको करारीय सम्झौता दुई देशहरू बीचको वा बहुराष्ट्रिय अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनहरू बीचको प्राकृतिक स्रोत र साधनको

**बाँडफाँडसम्बन्धी सम्झौता नभई उक्त व्यापारिक सम्झौताबाट निजी कम्पनीलाई जल विद्युत् उत्पादन गर्ने र बिक्री गर्ने गरी निश्चित सर्तहरूसहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोत वा तिनको उपयोगको बाँडफाँड गरेको भन्न मिल्ने नदेखिने।**

- **विद्युत् उत्पादन गर्न अनुमति पाएको कम्पनीले ३० वर्षसम्म आयोजना सञ्चालन गरी सो अवधिपछि चालु अवस्थामा नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने हुँदा उक्त आयोजनाहरू दीर्घकालीन आयोजना भन्न पनि नमिल्ने।**

(प्रकरण नं. १७)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता दीनमणि पौडेल, विद्वन् अधिवक्ता पूर्णचन्द्र पौडेल, विद्वान् अधिवक्ता सम्पत पौडेल र विद्वान् अधिवक्ता माधवकुमार वस्नेत

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेल, विद्वान् वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादव, प्रकाश राउत, शम्भु थापा, अधिवक्ता श्राहरि अर्याल, अधिवक्ता सुशीलकुमार पन्त, अनिलकुमार सिन्हा, विद्वान् अधिवक्ता होमकान्त चौलागाई, शिवप्रसाद रिजाल, अमरजीवी घिमिरे र महेश थापा

अवलम्बित नजिर :

- *ने.का.प.* २०७०, अङ्क ३, नि.नं. ८९८२, पृष्ठ ४१६
- *ने.का.प.* २०६६, अङ्क १, नि.नं. ८०५९, पृष्ठ ८५

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२), (३)
- जलस्रोत ऐन, २०४९ को दफा १२
- विद्युत् ऐन, २०४९ को दफा ३५

आदेश

**न्या.गिरीश चन्द्र लाल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) र (२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त व्यहोरा र आदेश यसप्रकार छः

नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावना, धारा १५६(२) र (३) तथा न्यायको मान्य सिद्धान्तसँग बाँझिएको जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ लाई प्रारम्भदेखि नै असंवैधानिक घोषणा गरी विपक्षीहरूले गरेका कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउन यो निवेदन गरेका छौं। BOOT प्रणाली अन्तर्गत जल विद्युत् विकास गर्ने भनी माथिल्लो कर्णाली, अरूण ३ र बुढी गण्डकी नदीमा जल विद्युत् उत्पादनको लागि विभिन्न भारतीय सरकारी र गैरसरकारी कम्पनीहरूलाई छनौट गरेको कुरा जलस्रोत मन्त्रालयबाट जारी भएको प्रेस विज्ञप्ति प्राप्त गरेपछि जानकारी हुन आएको छ। प्राकृतिक स्रोतको बाँडफाँड वा उपयोगको विषयमा कुनै सन्धि वा सम्झौता गर्नु पर्ने भएमा संसद्को दुई तिहाई बहुमतले पारित गर्नु पर्ने संवैधानिक व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) मा छ । संविधानको यो व्यवस्थाबमोजिम प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडलगायतका विषयमा धारा १५६(२) ले तोकेका चारवटा विषयमा संसद्ले कानून बनाएर वा कुनै पनि रूप र किसिमले कुनै पनि निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्दैन। त्यसैले यो व्यवस्था संवैधानिकरूपमै अप्रत्यायोजनीय छ । संवैधानिक व्यवस्थालाई छलेर अन्य कुनै पनि माध्यम वा तरिकाबाट नेपालको प्राकृतिक स्रोतको बाँडफाँड तथा उपयोगको लागि कुनै पनि कानूनी व्यवस्था हुन सक्दैन।

जलस्रोत ऐन, २०४९ को दफा १२ मा "यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै स्वदेशी वा विदेशी कम्पनी, सँगठित संस्था वा व्यक्तिसँग प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लिखित सर्तहरूबमोजिम

जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गराउन सक्नेछ" भन्ने व्यवस्था भएको र विद्युत् ऐन, २०४९ को दफा ३५ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासँग करार गरी सोही करारमा उल्लिखित सर्तहरूको आधारमा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्नेछ" भनी नेपालको महत्त्वपूर्ण जलस्रोतलाई सरकारले करारमा तोकिएका सर्तको आधारमा दिन सक्ने भनी गरेको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको छ।

जलस्रोत मन्त्रालयले जारी गरेको २०६४।९।२२ को प्रेस विज्ञप्तिमा विद्युत् विकास विभागको आह्वान पत्रबमोजिम प्रस्ताव पेस गर्ने सबै कम्पनीहरू विदेशी भएका र त्यसमध्ये अधिकांश कम्पनीहरू भारतीय रहेको प्रष्ट देखिन्छ । विदेशी कम्पनी संलग्न भएको अवस्थामा विदेशी कम्पनीहरू जुन देशमा दर्ता भएका छन् तिनीहरूको राष्ट्रियता पनि त्यही देशको हुने र दर्ता भएको देशले ती कम्पनीहरूलाई अन्तर्राष्ट्रिय कानूनबमोजिम कुटनैतिक संरक्षण प्रदान गर्ने हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को प्रयोजनको लागि सार्वजनिक कम्पनी हुनु र सरकारी हुनुमा कुनै पनि भिन्नता हुँदैन। प्राकृतिक स्रोत विदेशी कम्पनी तथा संस्थालाई दिने अधिकार दिइनु अधिकार प्रत्यायोजनको सिद्धान्तसमेतको विपरीत भएको हुनाले असीमित प्रयोजनको सिद्धान्तबमोजिम पनि यी दुई ऐनका दुई व्यवस्थाहरू कायम रहन नसक्ने भएकाले अमान्य घोषित गरिपाऊँ।

संसद्लाई आवश्यक कानून बनाउन पाउने अधिकार छ तर संविधान र संस्थापित सिद्धान्तहरूको विपरीत हुने गरी कानून बनाउने अधिकार छैन । प्राकृतिक स्रोतको प्रयोग र बाँडफाँडको विषयमा विदेशी पक्ष संलग्न भएको विषयमा संसद् प्रत्यक्षरूपमा संलग्न हुनु पर्दछ भन्ने संवैधानिक व्यवस्था रहेको त्यस्तो अवस्थामा संसद्ले कानून बनाउने सामान्य अधिकार प्रयोग गरेर संविधानले नै विशिष्ट व्यवस्था गरी संसद् माथि सीमा लगाएको अवस्थामा त्यसरी बनाएको कानून कायम रहन सक्दैन।

अरूण–३ मा छनौट भएको सतलुज जल विद्युत् निगम भारतको सरकारी कम्पनी हो । त्यस तथ्यको पुष्टि सोही कम्पनीको पत्रबाट पुष्टि हुन्छ । सो कम्पनीको पत्रको शिरमा "A Joint Venture of Government of Himanchal" भनी उल्लेख हुनुले स्पष्ट गरेको छ । सन्धिको माध्यमबाट आउँदा धेरै समय लाग्ने र संसद्को आवश्यकता पनि पर्ने हुँदा यस कम्पनीको माध्यमबाट करारको रूपमा आई सम्झौता गरिएको कार्य गैरसंवैधानिक छ।

अतः उक्त आधारमा जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ लाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम प्रारम्भदेखि नै असंवैधानिक, अमान्य र बदर घोषणा गरिपाऊँ। साथै विपक्षीहरूले विदेशी कम्पनी तथा संस्थाहरूलाई संलग्न गराउने गरी भएका अरूण–३ जल विद्युत् आयोजना, बुढी गण्डकी तथा माथिल्लो कर्णाली आयोजनासँग सम्बन्धित सम्पूर्ण कार्यहरूलाई पनि सोही धाराको उपधारा (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अब उप्रान्त संविधानको धारा १५६ को प्रक्रियालाई अक्षरशः पालना गरेर मात्र प्राकृतिक स्रोतसँग सम्बन्धित विषयमा विदेशी पक्षलाई समावेश गराउनु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदन व्यहोरा।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कलसाथ राखी विपक्षी नं.१, २, ३ र ४ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू । निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित

जवाफ लिई आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत उपस्थित हुनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी नं.५ र ६ लाई सूचना म्याद जारी गर्नु र अन्तरिम आदेशका सम्बन्धमा विचार गर्दा निवेदकले जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ नेपालको अन्तरिम संविधान, २०६३ सँग बाझिएको भनी धारा १०७(१) कोसमेत प्रश्न उठाएको देखियो। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ मा सन्धि सम्झौता अनुमोदनसम्बन्धी व्यवस्था भए पनि निवेदकले उठाएको प्रश्न सबै विपक्षीहरूको लिखित जवाफ परेपछि दोहोरो सुनुवाइबाट निक्र्यौल हुनुपर्ने विषय भएको देखिएकाले र यस निवेदनमा धारा १०७(१) को विषय पनि समावेश भएकाले अन्तरिम आदेश जारी गर्न मिलेन। लिखित जवाफ प्राप्त भएपछि विशेष इजलाससमक्ष पूर्ण सुनुवाइको लागि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६४।१२।११ को आदेश।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५ मा उल्लिखित नीतिअनुरूप मुलुकको आर्थिक उन्नति गर्नको लागि मुलुकमा उपलब्ध भएका साधन तथा स्रोतहरूको उचित उपयोग गर्नु पर्ने हुन्छ । नेपालको आर्थिक विकासमा सबैभन्दा बढी र महत्त्वपूर्णरूपमा रहेको जलस्रोतको उपयोगबाट नै मुलुकको आर्थिक उन्नति हुने कुरामा दुईमत छैन । मुलुकको आर्थिक उन्नतिको लागि महत्त्वपूर्ण साधन र स्रोतको रूपमा रहेको जलस्रोतको अधिकतम् उपयोग गर्ने सिलसिलामा जलस्रोत ऐन, २०४९ तथा विद्युत् ऐन, २०४९ ले नेपाल सरकारलाई अख्तियारी दिएबमोजिम नै अरूण–३, माथिल्लो कर्णाली तथा बुढी गण्डकी आयोजनाहरू सञ्चालन गर्ने नेपाल सरकारको निर्णय भई सोहीअनुसार भएको करार राष्ट्रिय हितमा रहेको छ। आयोजनासम्बन्धमा करार हुनुपूर्व व्यवस्थापिका–संसद्को प्राकृतिक स्रोत र साधन समिति तथा अर्थ समितिमा समेत व्यापक छलफल भई समितिहरूको निर्देशनअनुसार नै नेपाल सरकारले करार गरेको हुँदा यससम्बन्धमा विपक्षीहरूले उठाउनुभएको जिकिरहरू तथ्यपरक एवम् कानूनसम्मत नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको अर्थ मन्त्रालयको लिखित जवाफ।

जलस्रोत ऐन, २०४९ को दफा १२ मा सरकारले करार गरी सोही करारका सर्तहरूबमोजिम जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न सकिने प्रावधान र विद्युत् ऐन, २०४९ को दफा ३५ मा सरकारले करार गरी सोही करारमा उल्लिखित सर्तहरूको आधारमा विद्युत् उत्पादन, प्रसारण र वितरण गर्न गराउन सक्ने गरी भएको व्यवस्थाले व्यवस्थापिका संसद्को अधिकारक्षेत्रमा अतिक्रमण भएको अर्थ गर्न मिल्दैन।

जलस्रोत ऐन, २०४९ को दफा १२ र विद्युत् ऐन, २०४९ को दफा ३५ मा भएका व्यवस्थालाई सम्बन्धित ऐनको उद्देश्य र विधायकी मनसायसँग जोडेर सम्बन्धित दफाहरूमा प्रयुक्त शब्द तथा वाक्यहरूलाई हेरेर मात्र संविधानको धारा १५६ (२) र (३) सँग बाझिएको छ वा छैन भनी व्याख्या गर्नुपर्दछ। जलस्रोतको उपयोग स्वयम्मा धारा १५६ अन्तर्गत व्यवस्थापिका–संसद्बाट पारित हुनु पर्ने विषय होइन। जलस्रोतको बाँडफाँडसम्बन्धमा नेपाल राज्यले अर्को कुनै राज्यसँग सन्धि वा सम्झौता गरेको भएमा मात्र व्यवस्थापिका–संसद्को अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन आवश्यक पर्ने हो। माथिल्लो कर्णाली परियोजना (निश्चित सीमा क्षेत्रभित्र रही कर्णाली नदीबाट विद्युत् निकाल्नु पर्ने परियोजना) लगायतका जलविद्युत् परियोजनाहरूको विकास तथा कार्यान्वयन गराउनको लागि नेपाल सरकारले प्रस्ताव आह्वान गरेबमोजिम हामी लिखित जवाफवाला कम्पनीसमेतका कम्पनीहरूले प्रस्ताव पेस गरी प्रस्तावको मूल्याङ्कन भई सो परियोजनाबाट विशुद्ध व्यापारिक प्रयोजनको लागि विद्युत् उत्पादन गर्नको लागि सरकारसँग भएका सहमति नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) मा व्यवस्थित

सन्धि अन्तर्गत पर्दैन।

माथिल्लो कर्णाली जलविद्युत् परियोजना कार्यान्वयन गर्नको लागि जलस्रोत मन्त्रालय र हामी सहभागी भई भारत तथा थाइलैन्डका कम्पनीहरूको संयुक्त मोर्चा भारतमा दर्ता भएका जि.एम.आर.इनर्जी लिमिटेड र जि.एम.आर.इन्फ्रास्ट्रक्चर लिमिटेड तथा थाइलैन्डमा दर्ता भएको इटालियन थाई डेभलपमेन्ट पब्लिक कम्पनी लिमिटेडको बीचमा भएको २४ जनवरी २००८ को समझदारीपत्र राज्य र अन्तर्सरकारी संगठनको बीचमा भएको सम्झौता नभएको हुँदा सन्धिको परिभाषाभित्र पर्दैन।

नेपाल सरकारले प्रस्ताव आह्वान गरेबमोजिम हामीहरूले भारत तथा तेस्रो मुलुकका विभिन्न कम्पनी, कर्पोरेसनहरूले आ–आफ्नो कार्य सम्पादन, प्राविधिक तथा आर्थिक क्षमता र परियोजना कार्यान्वयन गरी जलविद्युत् उत्पादन तथा बिक्री वितरण गर्न अनुमति दिएबापत नेपाल सरकारलाई दिने निःशुल्क विद्युत् तथा विनालगानी पुँजी तथा मुनाफामा हिस्सासमेत खुलाई प्रस्ताव पेस गरेका हौं । प्रस्ताव पेस गर्नेमा सरकारी लगानी भएका कम्पनी तथा कर्पोरेसनहरूमा भारत सरकारको लगानी भएको NHPC र सतलुज जल विद्युत् निगम र चीन सरकारको लगानी भएको सिनो हाइड्रोको पनि सहभागिता रहेको थियो । प्रस्तावको लगानी कर्ता भन्दा पनि मूल्याङ्कनको आधारमा सतलुज जलविद्युत् निगम अग्रस्थानमा रहन सकेको हो। तर दीर्घकालीन विकासमुखी कार्य गर्न लागेको अवस्थामा उक्त कार्यलाई सन्धिको रङ्ग दिनु जलविद्युत् लगानीमा विदेशी लगानी आकर्षित गर्ने सरकारी प्रयास दिशाविहीन हुन जानु हो।

हाम्रो कम्पनी भारतको कम्पनी कानूनअनुसार व्यापार व्यवसाय गर्नको लागि दर्ता भई कानूनी व्यक्ति निजीक्षेत्रको सँगठित संस्था मात्र हो । यो कम्पनी भारत सरकार वा यसको कुनै अङ्ग वा निकाय नभएको र यस कम्पनीलाई कुनै कुटनैतिक संरक्षण प्राप्त छैन । हामी लिखित जवाफवाला र संयुक्त मोर्चाका अन्य कम्पनीहरू भारत तथा थाइलैन्डमा दर्ता भएका सँगठित संस्थासम्म हौं। दुई वा सोभन्दा बढी सार्वभौमसत्ता सम्पन्न सष्ट्र वा अन्तर्सरकारी संगठनको बीचमा अन्तर्राष्ट्रिय कानूनको आधारमा मात्र सन्धि हुन सक्दछ, कुनै देशको कानूनको अधीनमा वा नियन्त्रणमा रहने समझदारीले सन्धि वा सम्झौताको रूप लिन सक्दैन। कुनै देशको कानूनअन्तर्गत स्थापित हुने तथा सो देशको कानूनद्वारा नियमन हुने कम्पनी अन्तर्राष्ट्रिय कानूनी व्यक्तित्व नहुने भएकाले निजहरू संलग्न सम्झौता वा समझदारी पनि त्यस्तो मुलुकको स्थानीय कानूनको क्षेत्राधिकारभित्र पर्न जान्छ, यसलाई सन्धि वा सन्धिको समकक्षमा राख्न मिल्ने कुनै कानूनी अवधारणा छैन।

माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विकास तथा कार्यान्वयन गर्नको लागि भएको २४ जनवरी २००८ को समझदारीपत्रमा प्राकृतिक स्रोतको बाँडफाँडलगायत धारा १५६(२) मा लेखिएका कुनै विषयहरू समावेश नभएकाले व्यवस्थापिका–संसद्‌बाट पारित हुनुपर्ने अवस्था छैन । परियोजनास्थलको सुरूदेखि अन्त्यसम्म पानी नेपालकै भौगोलिक क्षेत्रभित्रै रहने र बाँडफाँड हुने अवस्था छैन। उद्योगबाट उत्पादित वस्तु निकासी गर्ने कार्यलाई प्राकृतिक स्रोत तथा साधनको बाँडफाँड भनी व्यवस्थापिका–संसद्‌को अनुमोदन वा स्वीकृति आवश्यक बनाउने हो भने प्राकृतिक रूपमा उत्पादन हुने स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरेको तयारी वस्तु निकासी गर्ने हरेक उद्योगले व्यवस्थापिका–संसद्‌को स्वीकृति लिनुपर्ने हुन्छ, जुन नेपालको अन्तरिम संविधान, २०६३ को मनसाय होइन । कर्णाली नदीमा बाँध निर्माण गरी धरातलीय उचनिचता र कर्णाली नदीको पानीलाई उपयोग गरी विद्युत् उत्पादन गर्ने र सो पानीलाई पुनः कर्णाली नदीमा फिर्ता पठाइने र उत्पादन गरिएको विद्युत्‌लाई बिक्री गरिने भएकाले यस्तो विशुद्ध व्यवसायिक कार्य प्राकृतिक स्रोत र साधनको बाँडफाँड होइन।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ र अन्य प्रचलित कानूनको अधीनमा

रही निजी लगानीको कम्पनी दर्ता गरी स्थापना गरेको परियोजनाबाट उत्पादित विद्युत् अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्नु प्राकृतिक स्रोत र साधनको बाँडफाँड हुन सक्दैन। पानी प्राकृतिक वस्तु भए पनि विद्युत् आफैँमा प्राकृतिक वस्तु नभई पानीबाट उत्पादित ऊर्जा वा शक्तिसम्म हो। उत्पादित विद्युत् बिक्री गर्दा प्राप्त हुने मुनाफाको लेखाजोखा गरी त्यस्तो परियोजना सञ्चालन गर्न अनुमति दिने, नेपाल सरकारलाई उत्पादित विद्युत्को केही हिस्सा दिने र जलस्रोत मन्त्रालयसँगको सहमतिअन्तर्गत नेपाल विद्युत् प्राधिकरणलाई विना लगानी शेयर लिई मुनाफाको केही हिस्साको लागि हिस्सेदार बनाएको कार्यलाई प्राकृतिक स्रोत र साधनको बाँडफाँड हो भनी अर्थ गर्न मिल्दैन।

नेपाल सरकारले १२ प्रतिशत निःशुल्क विद्युत् र नेपाल विद्युत् प्राधिकरणले २७ प्रतिशत निःशुल्क शेयर पाउनेछन्। BOOT प्रणाली अन्तर्गत स्वामित्व रहने अवधि समाप्त भएपछि परियोजना नै सरकारलाई विनालगानी फिर्ता हुनेछ। मूल्याङ्कनको आधार व्यवस्थापिका–संसद्को प्राकृतिक स्रोत र साधन समितिले एउटा प्रस्तावकलाई एउटामात्र परियोजना कार्यान्वयन गर्न दिनु भनी निर्देशन दिएबमोजिम जलस्रोत मन्त्रालयसँग वार्ता गरी प्रचलित ऐन कानूनको परिधिभित्र रही माथिल्लो कर्णाली जलविद्युत् परियोजना कार्यान्वयन गर्नको लागि जलस्रोत मन्त्रालयसँग २४ जनवरी २००८ मा सहमतिपत्रमा हस्ताक्षर भएको हो।

निवेदनपत्रमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अन्तर्गतको प्रक्रिया पूरा नगरेको भनी लिएको जिकिरका सम्बन्धमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ अन्तर्गत विदेशी लगानी गरी उद्योग स्थापना गर्ने र प्रचलित नेपाल कानूनअन्तर्गत रही व्यवसायिक उद्देश्यले विद्युत् उत्पादन तथा बिक्री वितरण गर्ने कार्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को उपधारा (२) र (३) को प्रयोजनको लागि सन्धि वा सम्झौता होइन।

नेपाल सरकारको जलविद्युत् नीति, २०५८ को उद्देश्यको बुँदा नं.३.५ मा जलविद्युत्लाई निर्यातयोग्य वस्तुको रूपमा विकास गर्ने भनिएको छ। बुँदा नं.४.४ मा सरकारी र निजी क्षेत्रको संयुक्त लगानी आकर्षित गर्ने रणनीति अपनाइएको छ। बुँदा नं.५.४ ले जलविद्युत् विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिएको छ। यस अवस्थामा आयोजनाको कार्यान्वयन निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरणको सिद्धान्तको आधारमा गर्ने नीति बुँदा नं.५.३ मा उल्लेख छ। बुँदा नं.६.११ मा विद्युत् निर्यातबारे किटानी व्यवस्था गरिएको छ। त्यस्तै बुँदा नं.६.११.३ मा यस्ता निर्यातमूलक आयोजनाहरू निजी क्षेत्रबाट विकास गरिने कार्यनीति उल्लेख छ। यसरी निजी क्षेत्रको सहभागितामा हुन लागेको औद्यौगिक विकासको कार्यलाई दुई देश बीचको सहमति वा सम्झौता भन्न मिल्ने अवस्था छैन।

माथिल्लो कर्णाली जलविद्युत् परियोजनासमेतसँग सम्बन्धित सम्पूर्ण कामहरू उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गर्नुभएको छ। तर, सोही परियोजना कार्यान्वयन गर्ने लगानीकर्ता तथा हितग्राही पक्ष जि.एम.आर.इन्फ्रास्ट्रक्चर लिमिटेड र इटालियन थाई डेभलपमेन्ट पब्लिक कम्पनी लिमिटेड र हिस्सेदार नेपाल विद्युत् प्राधिकरणलाई विपक्षी बनाउनुभएको छैन। उक्त परियोजना कार्यान्वयन गर्न लिखित जवाफ प्रस्तुतकर्ता कम्पनीले मात्र एकलौटी जिम्मेवारी लिएको छैन। भिन्न कानूनी हैसियत र अस्तित्व भएका कम्पनी जि.एम.आर.इन्फ्रास्ट्रक्चर लिमिटेड, इटालियन थाई डेभल्पमेन्ट पब्लिक कम्पनी लिमिटेड र नेपाल विद्युत् प्राधिकरणलाई विपक्षी नै नबनाई दायर गरेको निवेदनको कुनै औचित्य छैन।

विपक्षीहरूले निवेदनपत्रमा व्यवस्थापिका–संसद्ले केवल नेपाली नागरिक तथा उद्यमी संस्थाहरूको लागि मात्र कानून बनाएर सर्त तोक्न सक्ने र विदेशी पक्ष संलग्न हुने प्रयोजनको लागि त्यस्तो गर्न नसक्ने जिकिर गर्दै जलस्रोतलगायतका प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडलगायतका

विषयमा नेपाली नागरिक वा नेपालमा दर्ता भएका संस्थाहरूलाई अनुमति दिँदा मात्र व्यवस्थापिका–संसद्को अनुमोदन वा स्वीकृति नचाहिने र विदेशी नागरिक वा विदेशमा दर्ता भएको संस्थालाई दिंदा व्यवस्थापिका–संसद्को अनुमोदन वा स्वीकृति चाहिने अर्थ गर्नुभएको छ । नेपाली नागरिक वा नेपालमा दर्ता भएका कम्पनी वा संस्थाहरूलाई करार गरी सर्त तोकी जलस्रोतको विकास वा उपयोग गर्न दिँदा वा विद्युत् उत्पादन, प्रसारण तथा वितरण गर्न दिँदा विपक्षीले जिकिर गरे झै व्यवस्थापिका–संसद्को स्वीकृति वा अनुमोदन नचाहिने हो भने विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ संविधानको धारा १५६(२) र (३) सँग बाझिएको भनी जिकिर गर्न सक्ने अवस्था आउँदैन । ऐनको सोही व्यवस्था कुनै पक्षको लागि प्रयुक्त हुँदा संविधानसँग बाँझिने र कुनै पक्षसँग प्रयुक्त हुँदा नबाँझिने भन्ने हुँदैन ।

विद्युत् ऐन, २०४९ समेतका प्रचलित कानूनबमोजिम माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विकास गरी BOOT प्रणालीअन्तर्गत विद्युत् उत्पादन तथा बिक्री वितरण गर्ने भएकाले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको विकास तथा कार्यान्वयन गर्नको लागि भएको सहमति नेपालको अन्तरिम संविधान, २०६३ को दफा १५६(२) र (३) सँग बाँझिएको नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जि.एम.आर.इनर्जी लिमिटेडको लिखित जवाफ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ सँग विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ बाँझिएको भन्ने निवेदन जिकिरको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ र उक्त ऐनहरूका प्रावधानले बेग्लाबेग्लै विषयको प्रतिनिधित्व गरेका छन् । संविधानको धारा १५६ नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको विषयसँग सम्बन्धित छ भने विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ नेपाल सरकारको कुनै व्यक्ति वा संस्थासँग करार गरी सोही करारमा उल्लिखित सर्तहरूका आधारमा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्ने अधिकारसँग सम्बन्धित रहेको हुँदा ऐनका उक्त प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ सँग बाँझिएको छैन ।

विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई विद्युत् उत्पादन, प्रसारण र वितरण गर्न गराउन सक्ने निरपेक्ष एवम् स्वेच्छिक अधिकार प्रदान गरेबमोजिम जलविद्युत् आयोजनाहरूको विकास तथा कार्यान्वयन गर्ने प्रयोजनका लागि माथिल्लो कर्णाली, अरूण–३ र बुढी गण्डकी जलविद्युत् आयोजनाहरू स्वदेशी तथा विदेशी प्रवर्धकहरूद्वारा प्रतिस्पर्धाको माध्यमबाट कार्यान्वयन गर्ने उद्देश्यअनुरूप नेपाल सरकार, जलस्रोत मन्त्रालयबाट मिति २०६३।८।२८ मा उल्लिखित आयोजनाहरू सञ्चालन गर्न चाहने सम्भाव्य सबै इच्छुक निजी क्षेत्रका प्रवर्धकहरूलाई आयोजना विकासमा सहभागी गराई बढी प्रतिस्पर्धा गर्ने गरी निजहरूबाट प्रस्ताव आह्वान गर्ने भन्ने निर्णय भएबमोजिम मिति २०६३।९।३ मा उल्लिखित आयोजनाहरूको प्रस्ताव आह्वानको सूचना प्रकाशित गरी प्रकाशित सूचनाअनुसार प्राप्त हुन आएका सिलबन्दी प्रस्तावहरू सिलबन्दीरूपमै जलस्रोत मन्त्रालयमा पठाउने सम्मको कार्य यस विभागबाट सम्पन्न गरिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विद्युत् विकास विभागको लिखित जवाफ ।

अरूण–३ जलविद्युत् आयोजना प्रबर्द्धन गर्न चाहने प्रस्तावक कम्पनी मध्येको अर्को कम्पनी GMR Energy Limited India ले माथिल्लो कर्णालीको अनुमतिपत्र प्राप्त गरेमा एउटा प्रबर्द्धकलाई एउटा मात्र आयोजनाको विकास गर्न दिने संसदीय समितिको निर्देशन तथा नेपाल सरकारको नीतिगत निर्णय अनुसार अरूण–३ आयोजनाको लागि योग्यताक्रमको दोस्रो स्थानमा रहेको सतलुज कम्पनीसँग वार्ता गर्ने

नेपाल सरकारको मिति २०६४।९।१५ को निर्णय प्रेस विज्ञप्तिमार्फत मिति २०६४।९।२२ मा प्रकाशित भएको तथ्य निवेदक स्वयम्ले स्वीकार गरेका छन्।

विद्युत् ऐन, २०४९ तथा विद्युत् विकास नीति, २०५८ ले विद्युत्को उत्पादन, प्रसारण तथा वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारलाई देहायको कुनै तरिका वा माध्यम छनौट गर्न सक्ने अख्तियारी प्रदान गरेको छः

(क) विद्युत् ऐन तथा नियमावलीबमोजिम कुनै पनि कानूनी संस्थालाई अनुमतिपत्र प्रदान गर्ने,

(ख) नेपाल सरकारबाट पहिचान तथा अध्ययन अनुसन्धान भएका विद्युत् आयोजनाको कार्यान्वनको लागि प्रतिस्पर्धाको आधारमा मनसायपत्र आह्वान गरी त्यसको मूल्याङ्कन गरेर उपयुक्त र उत्कृष्ट प्रवर्द्धकको छनौट गरी त्यस्तो संस्थासँग सोझै सम्झौता गरेर, र

(ग) नेपाल सरकारले कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सन्धि वा सम्झौता गरी कुनै जलविद्युत् आयोजनाको संयुक्त रूपमा विकास तथा कार्यान्वयन गरेर।

विद्युत् ऐन, २०४९ तथा विद्युत् विकास नीति, २०५८ ले अख्तियार गरेको उपर्युक्त प्रणालीमध्येको अरूण–३ समेतको जलविद्युत् आयोजना दोस्रो प्रणालीबमोजिम निर्माण, स्वामित्व, सञ्चालन तथा हस्तान्तरणको ढाँचामा (BOOT Model) विकास गर्न प्रतिस्पर्धाको माध्यमबाट स्वदेशी तथा विदेशी प्रबर्द्धकहरूको छनौट गर्न नेपाल सरकार, जलस्रोत मन्त्रालय र विद्युत् विकास विभागले इच्छुक प्रबर्द्धकहरूलाई मनसायपत्र प्रस्ताव पेस गर्न मिति १८ डिसेम्बर २००६ मा आह्वान गरेको सूचनाबमोजिम सतलुज कम्पनीसमेतले प्रस्ताव प्रस्तुत गरेका थियौं। प्राप्त हुन आएका प्रस्ताव छनौटको लागि तयार गरिएको आधारको पुनरावलोकन गरी सिफारिस गर्ने, प्राप्त विवरणको अध्ययन गरी मूल्याङ्कन गर्ने र त्यस्तो मूल्याङ्कनको आधारमा उपयुक्त प्रस्तावको छनौट गर्ने, सुझावसहितको प्रतिवेदन पेस गर्ने कार्यादेश नेपाल सरकारले भानुप्रसाद आचार्यको संयोजकत्वमा गठन गरेको कार्यदललाई प्रदान गरेको थियो। अरूण–३ जलविद्युत् आयोजना प्रबर्द्धन गर्न चाहने प्रस्तावक कम्पनी मध्येको GMR Energy Limited India ले माथिल्लो कर्णालीको अनुमतिपत्र प्राप्त गरेमा एउटा प्रबर्द्धकलाई एउटा मात्र आयोजनाको विकास गर्न दिने संसदीय समितिको निर्देशन तथा नेपाल सरकारको नीतिगत निर्णयअनुसार अरूण–३ आयोजनाको लागि योग्यताक्रमको दोस्रो स्थानमा रहेको प्रत्यर्थी सतलुज कम्पनीसँग वार्ता गर्ने नेपाल सरकारको मिति २०६४।९।१५ को निर्णयअनुसार नेपाल सरकार र सतलुज कम्पनी बीच २०६४।११।१९ मा सम्झौता भएको हो। वार्ताको क्रममा नेपाल सरकारले २१.९ प्रतिशत निःशुल्क ऊर्जा प्रदान गर्नुपर्ने भनी राखेको सर्त सतलुज कम्पनीले स्वीकार गरेपश्चात् अन्य प्रस्तावदाता कम्पनीको तुलनामा सबै दृष्टिले उपयुक्त, योग्य र उत्कृष्ट ठहर भई सतलुज कम्पनीको प्रस्ताव नेपाल सरकारबाट स्वीकार गरिएको र सोहीबमोजिम नेपाल सरकार र सतलुज कम्पनी बीच समझदारी पत्रमा हस्ताक्षरसमेत भएको हो।

विद्युत् ऐन, २०४९ को दफा ३५ ले नेपाल सरकारलाई दिएको अधिकार र नेपाल सरकारले सो दफाले दिएको अधिकार प्रयोग गरेको कुरालाई स्वीकार गर्दै मान्यतासमेत प्रदान गरेको छ। १६ वर्षअघि बनेको विद्युत् ऐन, २०४९ को दफा ३५ द्वारा प्रदत्त अधिकार प्रयोग गरी नेपाल सरकारबाट यसअघि नै पश्चिम सेती, खिम्ती तथा भोटेकोशी लगायतका आयोजनाको हकमा पटक–पटक प्रयोग भइसकेको छ। तर हाल मात्र आएर विद्युत् ऐन, २०४९ को दफा ३५ मा असंवैधानिकताको प्रश्न उठाउन मिल्दैन। भारत सरकार र सतलुज कम्पनी एउटै हो भनी विपक्षीको आरोप वस्तुगत (Objective) नभई आत्मगत (Subjective) मात्र रहेको छ। रिट निवेदकले हाम्रो कम्पनी र भारत सरकारको बीचमा रहने वा भएको Unity of interest का तथ्यगत प्रस्तुति गर्न

सक्नुपर्छ।

नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भएबमोजिम हुने व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को उपधारा (१) ले गरेको छ। दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर्सरकारी संगठन बीच लिखित रूपमा सम्पन्न भएको सम्झौतालाई सन्धि सम्झनु पर्ने र सो शब्दले यस्तै प्रकृतिको जुनसुकै नामकरण गरिएको लिखतसमेतलाई सन्धि जनाउने प्रावधान नेपाल सन्धि ऐन, २०४७ को दफा २ मा रहेको पाइन्छ। उक्त प्रावधानले मूलतः दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर्सरकारी संगठनलाई मात्र सन्धिका अनिवार्य पक्षको रूपमा स्वीकार गरिने सर्त निर्धारण गरेको छ।

दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर्सरकारी संगठन पक्ष नभएको जुनसुकै नामकरण गरेको लिखतलाई सन्धिको रूपमा मान्यता दिन नसकिने प्रावधान रहेको अवस्थामा समझदारी पत्रमा हस्ताक्षर गर्ने पक्षको हैसियतको बारेमा स्पष्ट हुनु आवश्यक छ। विद्युत् ऐन, २०४९ को दफा ३५ ले दिएको अधिकारअन्तर्गत र कम्पनी ऐनअन्तर्गत दर्ता रहेको सतलुज विद्युत् निगमको नेपाल सरकार र भारत सरकार बीच भएको हो भन्ने होइन। हाम्रो कम्पनी राज्य र अन्तर सरकारी संगठन दुबैंको हैसियत नभएको कम्पनी हो। अतः नेपाल सरकार र हाम्रो कम्पनी बीच भएको समझदारीलाई राज्य वा अन्तर्सरकारी संगठनसँग भएको समझदारी भनी द्विपक्षीय सन्धिको नामकरण र व्याख्या गर्न मिल्दैन।

विद्युत् उत्पादनको प्रयोजनको लागि विद्युत् गृहमा जडान गरिएका मेसिनरी उपकरणको सञ्चालन गर्ने माध्यमको रूपमा रहने पानीघट्ट चलाउने शक्तिको रूपमा मात्र नदीमा बहेको पानीको बहाव प्रयोग गरिन्छ। जलविद्युत्को उत्पादनको क्रममा पानीको प्रयोग भए तापनि यस्तो संयन्त्रले पानीको प्रकृति, स्वभाव, गुणस्तर र परिमाणमा कुनै किसिमको परिवर्तन ल्याउँदैन। अतः विद्युत् उत्पादनको सन्दर्भमा पानीलाई सर्वथा गैरउपभोग प्रयोग मात्र गरिन्छ। विद्युत् उत्पादनपश्चात् उपभोग वा प्रयोग भएको पानी पुनः सोही प्रकृति, स्वभाव, गुणस्तर र परिमाणमा नदीमा फर्कन्छ, त्यसमा कुनै परिवर्तन आउँदैन।

अतः नेपाल सरकारबाट भए गरेका काम कारवाही कानूनविपरीत नभएका र विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) सँग बाँझिएको नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने सतलुज जलविद्युत् निगम लिमिटेडको लिखित जवाफ।

विपक्षीहरूमध्ये प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र जलस्रोत मन्त्रालयको तर्फबाट लिखित जवाफ पेस हुन नआएको।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फबाट विद्वान् अधिवक्ता दीनमणि पौडेलले प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडका विषयमा व्यवस्थापिका संसद्बाट अनुमोदन गराउंनु पर्ने संवैधानिक प्रावधानलाई छल्ने किसिमबाट जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ मा प्राकृतिक स्रोतको उपयोग र बाँडफाँड करारबाट गर्न सकिने गरी ऐन तर्जुमा गरियो। विद्युत् उत्पादन प्रक्रियामा प्राकृतिक स्रोतको रूपमा रहेको पिउने पानी र सिँचाईको स्रोतमा प्रत्यक्ष असर पुग्न जाने हुँदा जलस्रोतको उपयोगको विषय समाहित रहेको छ। प्राकृतिक स्रोतको विषयमा राज्यको धारणा के रहेको छ सो हेरिनुपर्दछ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को SPRIT प्राकृतिक स्रोतको अधिकतम उपयोग गर्नु हो राज्यको अहित गर्ने होइन। भावी पुस्तालाई असर नगर्ने गरी प्राकृतिक स्रोतको उपयोग गर्नु पर्दछ। प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडका विषयमा संसदीय प्रक्रियाबाट जाने हो कार्यपालिकीय आदेशबाट होइन। प्राकृतिक स्रोतको उपयोग र बाँडफाँड गर्दा संसदीय अनुमोदन गर्नुपर्ने बाध्यात्मक कुरा हो तर जलस्रोत ऐन, २०४९

को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ ले संसदीय अनुमोदन नचाहिने भन्ने अभिप्रायले घुमाउरो किसिमबाट कार्यपालिकालाई अधिकार दिएको हुँदा जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ सँग बाँझिएको हुँदा अमान्य घोषित गरी प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडका विषयमा विपक्षीहरूबाट भए गरेका करारलगायतमा सम्झौता बदर हुनु पर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

निवेदकतर्फबाट विद्वान् अधिवक्ताहरू पूर्णचन्द्र पौडेल तथा सम्पत पौडेलले विद्युत् ऐन, २०४९ को दफा ३५ मा सबै सर्त करारमा तोक्न सक्ने गरी व्यवस्था गरियो। करारमा तोकिएको सर्तले संविधान तथा ऐनको भावना, मर्म र उद्देश्यलाई पराजित गरेको छ। यो दफाले प्राकृतिक स्रोतको दोहन गरेको हुँदा प्राकृतिक स्रोतको उपयोग र बाँडफाँड करारबाट गर्न सकिने गरी भएका ऐनका प्रावधान असंवैधानिक हुँदा अमान्य घोषित हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

निवेदकतर्फबाट अर्का विद्वान् अधिवक्ता माधवकुमार वस्नेतले जलस्रोतको उपयोग र विकासमा संविधानमा उल्लेख भएभन्दा बाहिर गएर करार वा सम्झौता गरी प्रयोग गर्न पाइँदैन । विपक्षीहरू बीच भएको सम्झौता Treaty like document हो। विदेशी सरकारले गरेको सम्झौता संसद्बाट अनुमोदन गर्नु पर्ने तर निजी कम्पनीले गरेको सम्झौता अनुमोदन गर्नु नपर्ने भन्ने हुँदैन । प्राकृतिक स्रोतको उपयोगमा संसद्को अनुमोदन आवश्यक पर्दछ। तर व्यवस्थापिका संसद्समक्ष अनुमोदनका लागि पेस गर्नुपर्ने संवैधानिक प्रावधान विपरीत गएर सम्झौता गरिएको छ । करार संसद्मा पेस हुँदैन सन्धि पेस हुन्छ । करार संसद्मा पेस गर्नु नपर्ने हुँदा जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ मा सरकारले करार गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरियो । यो Colourable Legislation हो । यस्तो Colourable Legislation को आधारमा राष्ट्र हित विपरीत हुने गरी करार वा सम्झौता गरेमा उक्त कार्य गैरसंवैधानिक हुन जान्छ । संवैधानिक वैधानिकतामा कानूनको परीक्षण गरिँदा कानूनको विलम्ब नहेरिने हुँदा त्यस्ता कानून संवैधानिक कसीमा राखी व्याख्याको माध्यमबाट बदर माग गर्न जहिले सुकै पनि गर्न सकिन्छ। कुनै विदेशी सरकारी कम्पनीले करार गर्दछ भने त्यस्तो अवस्थामा राष्ट्रबीचको सन्धि भई संसद्बाट अनुमोदन गराउनु पर्ने हुन्छ। नेपालको प्राकृतिक स्रोत उपयोग गरेर उत्पादन हुने बिजुली भारत निकासी हुने हुँदा यो सम्झौता अन्तरिम संविधानको धारा १५६ को उपधारा २ को खण्ड (घ) मा वर्णित प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँडसम्बन्धी विषय भएबाट त्यस्तो विषयमा संसदीय अनुमोदन आवश्यक हुनाले नेपाल सरकार र विपक्षी कम्पनीहरू बीच भएको समझदारीपत्र व्यवस्थापिका संसद्बाट स्वीकृति, समर्थन वा अनुमोदन गर्नु गराउंनु पर्नेमा सो नगरी करारीय प्रकृतिको विवाद भनी संसदीय अनुमोदन प्रक्रियालाई छली सहमति गरी समझदारी पत्रमा हस्ताक्षर भएबाट मागबमोजिम नेपाल सरकार र विपक्षी कम्पनीहरू बीच सम्पन्न उक्त दस्तावेज व्यवस्थापिका संसद्बाट स्वीकृति, समर्थन वा अनुमोदन गर्नु गराउनु भनी विपक्षी नेपाल सरकारसमेतका नाउँमा आदेश जारी हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

नेपाल सरकारका तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री किरण पौडेलले नेपाल सरकार र विपक्षी जि.एम.आर.कम्पनी तथा सतलुज जलविद्युत् निगमबीच विद्युत् उत्पादन गर्नेसम्बन्धमा सम्झौता भएको र उक्त संस्था निजी संस्था हुँदा निजी संस्थासँग गरेको करार सन्धि नहुँदा व्यवस्थापिका संसद्बाट अनुमोदन गराउनु पर्ने होइन । सरकारले कुनै संस्थासँग करारीय पक्षको रूपमा सम्झौता गर्दछ भने त्यो सम्झौता सार्वभौम रूपमा गरिने सम्झौताभन्दा भिन्न प्रकृतिको हुन्छ । सम्झौता गर्दा विद्युत् विकास नीतिभन्दा बाहिर गएको अवस्था छैन। विद्युत् विकास

गर्ने विषयमा कम्पनीसँग करार गरेको सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ आकर्षित हुँदैन । BOOT प्रणालीअन्तर्गत विद्युत् उत्पादन गर्न गरिएको सम्झौतालाई अन्यथा लिनु पर्ने अवस्था नभएको र विद्युत् उत्पादनसँग सम्बन्धित परियोजना कार्यान्वयनको विषय प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी विषय नभएबाट व्यवस्थापिका संसद्बाट अनुमोदन गराउनु पर्ने अवस्था नभएकाले रिट जारी हुनुपर्ने अवस्था छैन भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सतलुज जलविद्युत् निगमका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता महादेवप्रसाद यादवले नेपाल सरकार र सतलुज जलविद्युत् निगमबीच भएको सम्झौता प्राकृतिक स्रोतको बाँडफाँडको विषय होइन, केवल विद्युत् उत्पादन गर्नेसम्म सम्झौता भएको हो । कानून बदरको माग राखी रिट दायर गरिएको छ तर कानून बनाउने संसद्लाई नै विपक्षी बनाइएन । आवश्यक पक्षलाई विपक्षी बनाउनु पर्दछ। सतलुज जलविद्युत् निगम अन्तर्सरकारी कम्पनी हुँदा त्यस्तो कम्पनीसँग भएको सम्झौता संसद्बाट अनुमोदन गराउनु पर्ने विषय नभएकाले रिट खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सतलुज जलविद्युत् निगमका तर्फबाट अर्का विद्वान् वरिष्ठ अधिवक्ता प्रकाश राउतले नेपाल सरकार र सतलुज जलविद्युत् निगमबीच भएको सम्झौता प्राकृतिक स्रोतको बाँडफाँडको विषय होइन विद्युत् व्यापारको कुरा हो । विद्युत् व्यापारको कुरा सार्वभौम नभई करार हुँदा संसद्बाट अनुमोदन गराइरहनु पर्दैन। विद्युत् उत्पादन, सञ्चालन र निश्चित समयपछि हस्तान्तरण गर्ने भन्ने आधारमा तय हुन लागेको हो। मुनाफा नहुने भए लगानी नै हुँदैन। सन्धि नभएको हुँदा रिट खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सतलुज जलविद्युत् निगमका तर्फबाट अर्का विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापाले जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ को व्यवस्था व्यापारिक प्रावधान अन्तर्निहित रहेको वाणिज्य अधिकार हो । यही प्रावधानका आधारमा दुई पक्षबीच करार भएको हो यसलाई सन्धि भन्न मिल्दैन। दफा ३५ अन्तर्गत करार गर्दा Content छलेर धारा १५६ ले समेटेका विषयमा गरेको भएमा मात्र धारा १५६ आकर्षित हुने हो । करार गर्दा Content छलेको छैन भने धारा १५६ आकर्षित हुन नसक्ने हुँदा रिट खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सतलुज जलविद्युत् निगमका तर्फबाट अर्का विद्वान् वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल तथा विद्वान् अधिवक्ता होमकान्त चौलागाईले नेपाल सरकार र सतलुज जलविद्युत् निगमसमेत बीच भएको सम्झौतालाई निवेदकले Treaty like document भने पनि करार मात्र हो Treaty like document होइन। विद्युत् उत्पादन गर्दा पानीको प्रयोग हुन्छ तर यसको गुणस्तर र मात्रामा कुनै परिवर्तन हुँदैन। जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ ले संविधानको धारा १५६ तथा अन्य कुनै कानूनका कानूनी प्रावधानलाई अङ्कुश लगाएको छैन। राष्ट्रिय स्वार्थमा बाधक हुने गरी रिट निवेदन दायर गरिएको हुँदा खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी जि.एम आर.इनर्जी लिमिटेडको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तले संविधानको धारा १५६ उल्लिखित संवैधानिक प्रावधानलाई जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ ले अनुशरण नगर्ने भन्ने हुँदैन । जि.एम आर.इनर्जी लिमिटेड सरकारी अङ्ग नहुँदा नेपाल सरकार र उक्त कम्पनी बीच भएको करारका विषयमा संविधानको धारा १५६ आकर्षित नहुने भएबाट रिट खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी जि.एम.आर.इनर्जी लिमिटेडको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता अनिलकुमार सिन्हा, विद्वान् अधिवक्ताहरू शिवप्रसाद रिजाल, अमरजीवी

घिमिरे र महेश थापाले संविधानमा प्राकृतिक स्रोतको बाँडफाँडको विषय छ तर ऐनमा बाँडफाँडको कुरा उल्लेख नभएबाट कानून बाँझिएको छैन । विकास निर्माणलाई अवरोध गर्दा देशको आर्थिक विकासमा बाधा पुग्न जान्छ। उत्पादन गरेको विद्युत् निर्यातयोग्य वस्तुसरह हुँदा यसलाई बाँडफाँड भन्न मिल्दैन । कानूनको व्याख्या गर्दा कार्यान्वयन हुन सक्ने गरी हुनुपर्दछ । नेपाल सरकार र हाम्रो पक्ष जि.एम.आर. कम्पनीबीच भएको सहमतिपत्र सन्धि होइन । प्रस्तुत विवाद प्राकृतिक स्रोतको बाँडफाँडको प्रश्न नभएको हुँदा त्यस्तो विषयमा संसदीय अनुमोदन गर्नुपर्ने अवस्था नभएकाले रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

उल्लिखित बहस जिकिर सुनी रिट निवेदन, लिखित जवाफ र मिसिल संलग्न रहेका कागजात तथा सम्बद्ध कानूनी एवम् संवैधानिक व्यवस्थासमेतलाई दृष्टिगत गरी हेर्दा प्रस्तुत रिट निवेदनमा मुख्यरूपमा देहायका विषयहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिएको छः

१. BOOT प्रणाली अन्तर्गत माथिल्लो कर्णाली, अरूण ३ र बुढी गण्डकी नदीबाट विद्युत् उत्पादन गरी जल विद्युत् विकास गर्न नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको सम्झौता प्राकृतिक स्रोतको बाँडफाँडको विषय हो होइन र उक्त सम्झौता संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्ने विषय हो होइन ?
२. विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) सँग बाँझिएको छ छैन ?
३. निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ?

माथि निर्धारण गरिएका प्रश्नहरूमा प्रवेश गर्नुअघि प्रस्तुत रिट निवेदनमा विद्यमान रहेका केही तथ्यहरूलाई सङ्क्षेपमा उल्लेख गर्नु सान्दर्भिक हुने देखिन्छ । निवेदनमा मूलतः देहायका विषयवस्तु उठाएको पाइन्छ :

- प्राकृतिक स्रोतको उपयोग र बाँडफाँडलगायतका विषयमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) ले तोकेका चारवटा विषय अप्रत्यायोजनीय हुँदा संवैधानिक व्यवस्थालाई छलेर संसद्ले कानून बनाउन नसक्ने।
- नेपालको प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँडसम्बन्धी सन्धि सम्झौताका विषयमा संसद्को दुई तिहाई बहुमतले अनुमोदन नगरी कार्यपालिकीय निर्णयबाट त्यस्तो सम्झौता गर्न नसकिने।
- विद्युत् उत्पादन, बिक्री वितरण र निकासीसम्बन्धी कुरा प्राकृतिक स्रोतको बाँडफाँडको विषय भएको र त्यस्तो विषयमा सन्धि वा सम्झौता गर्दा संसद्को अनुमोदन गर्नु पर्ने संवैधानिक व्यवस्थाविपरीत हुने गरी जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ मा नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासँग करार गरी सोही करारमा उल्लिखित सर्तहरूको आधारमा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्नेछ भनी गरिएको कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) सँग बाँझिएको छ।
- जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ को व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) सँग बाँझिएकाले धारा १०७(१) बमोजिम प्रारम्भदेखि नै अमान्य घोषणा गरी बदर गरिपाऊँ । साथै विपक्षीहरूले विदेशी कम्पनी तथा संस्थाहरूलाई संलग्न गराउने

गरी भएको अरूण–३, बुढी गण्डकी तथा माथिल्लो कर्णाली आयोजनासँग सम्बन्धित सम्पूर्ण कार्यहरू धारा १०७ (२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अब उप्रान्त संविधानको धारा १५६ को प्रक्रियालाई अक्षरशः पालना गरेर मात्र प्राकृतिक स्रोतसँग सम्बन्धित विषयमा विदेशी पक्षलाई समावेश गराउनु भनी परमादेश जारी गरिपाऊँ।

विपक्षीतर्फबाट पेस हुन आएको लिखित जवाफमा मुलतः देहायको जिकिर लिएको देखिन्छः

- जलस्रोत ऐन, २०४९ तथा विद्युत् ऐन, २०४९ ले नेपाल सरकारलाई अख्तियारी दिएबमोजिम नै अरूण–३, माथिल्लो कर्णाली तथा बुढी गण्डकी आयोजनाहरू सञ्चालन गर्नेसम्बन्धमा नेपाल सरकारको निर्णय भई सो निर्णयानुसार सम्पन्न भएको करार राष्ट्रिय हितमा रहेको छ।
- जलस्रोतको बाँडफाँड सम्बन्धमा नेपाल राज्यले अर्को कुनै राज्यसँग सन्धि वा सम्झौता गरेको भएमा मात्र व्यवस्थापिका–संसद्को अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन आवश्यक पर्ने हो। परियोजनाहरूबाट विशुद्ध व्यापारिक प्रयोजनको लागि विद्युत् उत्पादन गर्नको लागि सरकारसँग भएका सहमति संविधानको धारा १५६(२) मा व्यवस्थित सन्धिअन्तर्गत पर्दैन।
- दुई वा सोभन्दा बढी सार्वभौमसत्ता सम्पन्न सष्ट्र वा अन्तर्सरकारी संगठनको बीचमा अन्तर्राष्ट्रिय कानूनको आधारमा मात्र सन्धि हुन सक्ने हो। कम्पनी अन्तर्राष्ट्रिय कानूनी व्यक्तित्व नहुने भएकाले निजहरू संलग्न सम्झौता वा समझदारी पनि त्यस्तो मुलुकको स्थानीय कानूनको क्षेत्राधिकारभित्र पर्ने हुँदा यसलाई सन्धि वा सन्धिको समकक्षमा राख्न नमिल्ने।
- माथिल्लो कर्णालीबाट १२ प्रतिशत तथा अरूण ३ बाट २१.९ प्रतिशत निःशुल्क विद्युत् नेपाल सरकारले पाउने तथा नेपाल विद्युत् प्राधिकरणले २७ प्रतिशत निःशुल्क शेयर पाउनेछन्। BOOT प्रणालीअन्तर्गत स्वामित्व रहने अवधि समाप्त भएपछि परियोजना विना लगानी नेपाल सरकारलाई फिर्ता हुनेछ।
- विद्युत् उत्पादन र बिक्री वितरणका लागि गरिएको करार प्राकृतिक स्रोतको बाँडफाँड नहुँदा त्यस्तो विषय संसद्बाट अनुमोदन गराउनु नपर्ने भएकाले विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) सँग बाझिएको नहुँदा रिट निवेदन खारेज गरिपाऊँ।

२. माथिल्लो कर्णाली, बुढी गण्डकी र अरूण ३ मा विद्युत् उत्पादन गर्ने आयोजनाको सम्बन्धमा नेपाल सरकार र विपक्षी GMR Energy LTD India तथा Satluj Jal Vidyut Nigam Limited India कम्पनीहरूका बीचमा भएको सम्झौताको विषयवस्तु प्राकृतिक स्रोतको बाँडफाँडसँग सम्बन्धित भएकाले त्यस्तो सन्धि वा सम्झौताहरूको अनुमोदन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को उपधारा (१), (२)(घ) र (३) बमोजिम हुनुपर्नेमा प्राकृतिक स्रोतको बाँडफाँड करारको माध्यमबाट गर्न सकिने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ मा व्यवस्था गरी सोही कानूनी माध्यमबाट विद्युत् उत्पादन, बिक्री वितरण तथा निकासीसम्बन्धमा नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको सम्झौताले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ को उपधारा (२) र (३) मा उल्लिखित संवैधानिक प्रावधानको उल्लंघन हुन गएको हुँदा विद्युत् ऐन, २०४९ को दफा ३५ र जलस्रोत ऐन, २०४९ को दफा १२ अमान्य घोषित

गरी नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएका सम्झौता बदरको माग राखी निवेदकहरूले चुनौती दिएको देखिन्छ।

३. सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनका सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ ले व्यवस्था गरेको र उक्त धारा १५६ को उपधारा (१) मा नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारण भएबमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था भएको देखिन्छ भने उक्त धारा १५६ को उपधारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउँदा अन्य कुराको अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाइ बहुमतले गर्नुपर्ने सर्त राखिनेछ भन्ने उल्लेख भई निम्न विषयका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुई तिहाई बहुमतले गर्नुपर्ने व्यवस्था गरेको देखिन्छः

(क) शान्ति र मैत्री,
(ख) सुरक्षा एवम् सामरिक सम्बन्ध
(ग) नेपाल राज्यको सिमाना र
(घ) प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड

तर खण्ड (क) र (घ) मा उल्लिखित विषयका सन्धि वा सम्झौतामध्ये राष्ट्रलाई व्यापक गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन व्यवस्थापिका संसद्को बैठकमा उपस्थित सदस्यहरूको साधारण बहुमतबाट हुन सक्ने छ भन्नेसमेत स्पष्ट संवैधानिक प्रावधान रहेको देखिन्छ।

४. उपर्युक्त संवैधानिक व्यवस्थाले मूलतः सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन स्वीकृति वा समर्थनको लागि कानून बनाउन सकिने व्यवस्था गरेको र कानूनमा कस्तो किसिमको सन्धि वा सम्झौतामा व्यवस्थापिका संसद्को कस्तो बहुमतद्वारा अनुमोदन गर्नुपर्ने व्यवस्था समावेश गर्ने भन्ने कुराको निर्देश गरेको देखिन्छ । माथिल्लो कर्णाली, बुढी गण्डकी र अरूण ३ जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्को व्यवस्थापनका बारेमा नेपाल सरकार र विपक्षी कम्पनीहरूबीचमा सहमति भएको देखिन्छ । नेपाल सरकारले निर्धारण गरेको जलस्रोत तथा विद्युत् नीति र प्रस्तुत आयोजनामा भएका सहमतिअनुसार विभिन्न सर्तहरू सहित आयोजना कार्यान्वयन गर्न विपक्षी मध्येका GMR Energy LTD India समेतको संयुक्त मोर्चालाई माथिल्लो कर्णाली तथा Satluj Jal Vidyut Nigam Limited India लाई अरूण ३ आयोजना सञ्चालनको लागि स्वीकृति दिएको देखिन्छ र उत्पादित विद्युत् निकासीमूलक बनाउने नीतिसमेत कायम राखेको देखिन्छ । प्रस्तावित आयोजनामध्ये माथिल्लो कर्णाली आयोजनामा GMR Energy LTD India, जि.एम आर.इन्फ्रास्ट्रक्चर लिमिटेड र इटालियन थाई डेभलपमेन्ट कम्पनी लिमिटेडको संयुक्त मोर्चा सम्मिलित कम्पनीहरू र नेपाल सरकार बीच २४ जनवरी २००८ मा सम्झौता भएको देखिन्छ। यसै गरी नेपाल सरकार र Satluj Jal Vidyut Nigam Limited India बीच अरूण ३ आयोजनाका सम्बन्धमा नेपाल सरकारको २०६४।९।१५ को निर्णयानुसार विद्युत् उत्पादन र खरिद बिक्रीका विषयमा २०६४।११।१९ (२ मार्च, २००८) मा सम्झौताहरू भएको देखिन्छ । विद्युत् उत्पादन गर्नको लागि इच्छुक प्रबर्द्धकहरूलाई मनसायपत्र पेस गर्न मिति १८ डिसेम्बर २००६ मा आह्वान गरेको सूचनाबमोजिम उक्त कम्पनीहरूले पेस गरेको प्रस्तावको मूल्याङ्कन गरी विपक्षी मध्येका GMR Energy LTD India समेतको संयुक्त मोर्चालाई माथिल्लो कर्णाली तथा Satluj Jal Vidyut Nigam Limited India लाई अरूण ३ प्रस्तावित आयोजना निर्माण गरी सञ्चालन गर्न र उत्पादित विद्युत् बिक्री गर्न अनुमतिसमेत दिएको देखिन्छ। तत्पश्चात् नेपाल सरकार र उक्त दुई कम्पनीहरूबीच विद्युत् उत्पादन

र खरिद बिक्रीको सम्झौता भएको देखिन्छ । नेपाल सरकार र GMR Energy LTD India समेतको संयुक्त मोर्चा र Satluj Jal Vidyut Nigam Limited India बीचको विद्युत् उत्पादन र उत्पादित विद्युत् बिक्री गर्ने अनुमति सहितको आयोजना निर्माण तथा सञ्चालनसम्बन्धी सम्झौता उपर्युक्त धारा १५६ को प्रयोजनको लागि सन्धि वा सम्झौता मान्न सकिन्छ वा सकिँदैन भन्ने नै मुख्य प्रश्न उपस्थित भएको छ ।

५. नेपाल सन्धि ऐन, २०४७ को दफा २ (क) बमोजिम "सन्धि भन्नाले दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर्सरकारी संगठनबीच लिखितरूपमा सम्पन्न सम्झौता सम्झनुपर्छ" भनी परिभाषा गरिएको पाइन्छ । Vienna convention on the Law of Treaties को धारा २ को उपधारा (१) को खण्ड (क) ले पनि सन्धिको परिभाषा गरेको छ । त्यहाँ भनिएको छः– "Treaty" means an International agreement concluded between states in written form and governed by international law, whether embodied in a single instrument or in two or more related instruments and whatever its particular designation;

६. उक्त परिभाषाले सन्धि भनेको दुइ वा सोभन्दा बढी राज्यहरू बीचको सम्झौतालाई जनाउने देखिन्छ । नेपालको सन्धि ऐनले राज्य र अन्तर्सरकारी संगठनबीचको सम्झौतालाई पनि सन्धिको रूपमा मान्यता दिएको छ । भियना कन्भेन्सनअन्तर्गत सन्धि हुनलाई अन्तर्राष्ट्रिय कानून आकृष्ट हुनै पर्ने अर्को महत्त्वपूर्ण सर्त देखिन्छ । विवादित सम्झौतालाई निवेदक पक्षबाट सन्धि भन्न नसकी सन्धिसरहको सम्झौता भनी दाबी गरेको विषयतर्फ हेर्दा उल्लिखित सम्झौताहरू नेपाल र विदेशी राज्यहरू बीच वा अन्तर्सरकारी संगठनबीच भएको सम्झौता नभएकाले अन्तर्राष्ट्रिय कानूनअन्तर्गत नियमन हुने अवस्थाको सम्झौता भन्न मिलेन । त्यसैले सन्धिको परिभाषाभित्र उक्त विवादित सम्झौताहरू नपर्ने कुरा स्पष्ट छ ।

७. सम्झौतालाई सन्धि ऐनमा छुट्टै परिभाषा नगरिएको अवस्थामा संविधानको धारा १५६ मा प्रयुक्त सम्झौताको अनुमोदन प्रक्रिया संविधानकै उक्त धारा र सन्धि ऐनकै अन्य प्रावधानहरूबाट निश्चित गर्नुपर्ने बाध्यता रहेको छ । संविधानको धारा १५६ को उपधारा (१) ले सन्धि वा सम्झौता अनुमोदन गर्ने प्रयोजनको लागि कम्तीमा सन्धि वा सम्झौताको एक पक्ष नेपाल राज्य वा नेपाल सरकार हुनुपर्छ भनेको छ । उक्त धारामा सन्धि वा सम्झौता शब्दहरू सँगसँगै प्रयोग भएको पाइन्छ । सन्धि ऐनले सन्धिको परिभाषा गरे पनि सम्झौताको परिभाषा गरेको छैन । धारा १५६ को उपधारा (२) मा उपधारा (१) बमोजिम कानून बनाउँदा शान्ति र मैत्री, सुरक्षा र सामरिक सम्बन्ध, राज्यको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड जस्ता विषयहरू व्यवस्थापिका संसद्को तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको दुईतिहाई बहुमतले अनुमोदन, सम्मिलन गर्नुपर्ने सर्त राख्नु पर्ने गरी उक्त धाराबमोजिम बन्ने कानूनको सीमा र मापदण्ड निर्धारण गरेको देखिन आउँछ । यसबाट उपधारा (२) को विषय नियमित गर्ने सन्धि सम्झौतामा समेत कम्तीमा एक पक्ष नेपाल राज्य वा नेपाल सरकार र अर्को पक्ष कुनै विदेशी राज्य वा विदेशी अन्तर्सरकारी संगठन हुनै पर्ने संवैधानिक अनिवार्यता देखिन्छ । उक्त संवैधानिक व्यवस्था सार्वभौम सरकार र सोही सरकारअन्तर्गत नियमन हुने प्राकृतिक वा कानूनी व्यक्तिबीचको करारीय कुराहरूमा आकर्षित हुने विषय देखिन आएन । प्राकृतिक स्रोतको बाँडफाँड भन्नाले त्यस्ता स्रोतको स्वामित्व र सार्वभौम अधिकारको सन्दर्भमा हेर्नुपर्ने हुन्छ । राज्यभित्रको स्रोतमा राज्यको सार्वभौम अधिकार निहित रहने हुनाले राज्यले आफ्नो स्रोतलाई उपयोग गरी वस्तु वा सेवा उत्पादन गर्न अनुमति दिँदा राज्यले प्रचलित कानूनको अधिनमा रही सर्तहरू तोक्न सक्छ । त्यसरी तोकिएका सर्त उल्लङ्घन भएमा विद्युत् उत्पादन गर्न दिएको अनुमति नै रद्द गर्ने वा आफ्नो कब्जा वा भोग पुर्नस्थापित गर्न सक्ने हुन्छ । यसरी राज्यले आफ्नो कानूनअन्तर्गत

आफैँले निर्णय वा नियन्त्रणमा लिने विषयवस्तुको हकमा आफूले अनुमति दिएकोलाई प्राकृतिक स्रोत र त्यसको उपयोगको राज्यको क्षेत्राधिकारभन्दा बाहिरको राष्ट्र वा अन्तर्सरकारी संगठनसँग बाँडफाँड गरेको भन्न मिल्ने देखिन्न।

८. माथिल्लो कर्णाली आयोजना सञ्चालन सम्बन्धमा नेपाल सरकार र GMR Energy LTD India, बीच २४ जनवरी २००८ मा भएको सम्झौता प्राकृतिक स्रोत र साधनको बाँडफाँड भएकाले त्यस्तो सम्झौता नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) बमोजिम संसद्बाट अनुमोदन गराउनु पर्नेमा सो नगरिएबाट २४ जनवरी २००८ मा भएको सम्झौता बदर गरिपाउँ भनी यसै विषयमा निवेदक गोरखबहादुर बि.सी ले GMR Energy LTD समेत उपर दायर गरेको ०६४–WO–०७५४ को रिट निवेदनमा "कुनै पनि उत्पादित चीज, वस्तु वा सेवा जस्तै विद्युत्को व्यापार हुन सक्छ र सो निर्यात पनि गर्न सकिन्छ । कानूनले यस्तो कार्य गर्न निषेध गरेकामा बाहेक सो गर्न नपाउने भन्न मिल्दैन। विद्युत् स्वयम्लाई प्राकृतिक स्रोत मान्ने हो भने भूमिबाट उत्पादित अन्न पनि प्राकृतिक स्रोत मान्नु पर्ने र त्यसको निकासी पनि रोक्नु पर्ने अवस्था आउँछ । व्यापारिक नीतिको हकमा राज्यद्वारा आवश्यकता अनुसार निर्यातमा नियन्त्रण गर्न नसकिने होइन तर, त्यो भिन्न विषय भएकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) ले व्यवस्था गरेको संवैधानिक प्रावधानका आधारमा संसदीय अनुमोदन चाहिने विषय त्यसमा लागू हुँदैन । नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत् आयोजनाको सञ्चालन सम्बन्धमा प्रचलित विद्युत्सम्बन्धी ऐन, नियम र नीतिअन्तर्गत निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषयमा सामान्य कानून एवम् करारको समेत विषय देखिन आएकाले यस्तो प्रचलित कानून तथा कानूनबमोजिम कायम रहेको करारको विषयवस्तुमा यस अदालतले असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्न उपयुक्त नहुने" (*ने.का.प.*२०७०,अङ्क ३, नि.नं.८९८२, पृष्ठ ४१६) भनी सिद्धान्त प्रतिपादन भइसकेको छ । यसको अतिरिक्त पश्चिम सेती नदीमा विद्युत् उत्पादन गर्न नेपाल सरकार र बहुराष्ट्रिय कम्पनी स्मेक माउन्टेन्स इन्जिनियरिङ कर्पोरेसन बीच भएको २९ अक्टोबर २००६ को सम्झौता प्राकृतिक स्रोतको बाँडफाँड भएकाले उक्त सम्झौता गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) को प्रक्रिया पूरा गर्नुपर्नेमा नगरिएबाट उक्त सम्झौता बदर गरिपाउँ भनी निवेदक रामचन्द्र चटौतले दायर गरेको ०६४–WO–००५३ को रिट निवेदनमा "करारीय सम्झौता दुई देश बीचको वा बहुर्राष्ट्रिय प्रकृतिको प्राकृतिक स्रोत साधनको बाँडफाँडसम्बन्धी सम्झौता नभएको र उक्त व्यापारिक सम्झौताबाट कम्पनीलाई जल विद्युत् उत्पादन गर्ने र बिक्री गर्ने गरी खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा स्रोत वा तिनको उपयोगको बाँडफाँड गरेको भन्न नमिल्ने" (*ने.का.प.*२०६६, अङ्क १, नि.नं.८०५९, पृष्ठ ८५) भनी सिद्धान्त प्रतिपादन भएको छ।

९. संसदीय अनुमोदन आवश्यक पर्ने अवस्थाहरूका हकमा धारा १५६ को व्यवस्था हेर्दा अन्य कुराका अतिरिक्त प्राकृतिक स्रोतको बाँडफाँड हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम नेपाल र कुनै विदेशी राज्यका सरकारसँग कुनै सन्धि सम्झौता गरेको देखिंन आउँदैन । माथिल्लो कर्णाली, बुढी गण्डकी र अरूण ३ जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्को व्यवस्थापनका बारेमा नेपाल सरकार र विपक्षी कम्पनीहरूको बीचमा सहमति भएको देखिन्छ। नेपाल सरकारले निर्धारण गरेको जलस्रोत तथा विद्युत् नीति र प्रस्तुत आयोजनामा भएका सहमतिअनुसार विभिन्न सर्तहरूसहित आयोजना कार्यान्वयन गर्न विपक्षी मध्येका GMR Energy LTD India सहितको मोर्चालाई माथिल्लो कर्णाली तथा Satluj Jal Vidyut Nigam Limited India लाई अरूण ३ आयोजना सञ्चालनको लागि स्वीकृति दिएको देखिन्छ र

उत्पादित विद्युत् निकासीमूलक बनाउने नीतिसमेत कायम राखेको देखिन्छ।

१०. विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोत पानीबाट उत्पादन हुने वस्तु भएकाले अन्य वस्तुसरह विद्युत् व्यापारयोग्य र निर्यातयोग्य वस्तु पनि हो। प्रस्तुत जलविद्युत् आयोजना सम्बन्धमा दुई देश बीच वा अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठन बीच प्राकृतिक स्रोत साधनको बाँडफाँड सम्बन्धी सम्झौता नभई प्राकृतिक स्रोतको रूपमा रहेको पानी प्रयोग गरी सो पानीबाट उत्पादित विद्युत्लाई मात्र व्यापारिक सम्झौताबाट व्यवस्थापन गर्न निश्चित सर्तहरू सहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोतको बाँडफाँड गरेको भन्न नमिल्ने भएकाले नेपालको अन्तरिम संविधान,२०६३ को धारा १५६(२) ले व्यवस्था गरेको संवैधानिक प्रावधानका आधारमा संसदीय अनुमोदन चाहिने विषय त्यसमा लागू हुने देखिएन।

११. अब, दोस्रो प्रश्नतर्फ विचार गर्दा प्राकृतिक स्रोतको बाँडफाँडका विषयमा कुनै विदेशी संगठनसँग सम्झौता गर्दा त्यस्तो सम्झौता व्यवस्थापिका संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन गराउनु पर्ने भनी नेपालको अन्तरिम संविधान,२०६३ को धारा १५६(२) ले व्यवस्था गरेको संवैधानिक प्रावधानको प्रतिकूल हुने गरी त्यस्तो प्राकृतिक स्रोतको बाँडफाँड करारबाट गर्न सकिने गरी जारी गरिएका जलस्रोत ऐन, २०४९ को दफा १२ तथा विद्युत् ऐन, २०४९ को दफा ३५ का कानूनी प्रावधान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) र (३) सँग बाँझिएकाले अमान्य घोषित गरी बदर गरिपाउँ भनी निवेदकले चुनौती दिएको देखिँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापनको विषयमा गर्न सकिने करारका विषयमा जलस्रोत ऐन, २०४९ को दफा १२ मा भएको कानूनी व्यवस्था देहायबमोजिम छः

> जलस्रोतको उपयोगको लागि करार गर्न सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले कुनै स्वदेशी वा विदेशी कम्पनी, सँगठित संस्था वा व्यक्तिसित प्रचलित कानूनको अधीनमा रही करार गरी सोही करारमा उल्लिखित सर्तहरूबमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ।

यसैगरी विद्युत् ऐन, २०४९ को दफा ३५ मा भएको कानूनी व्यवस्था देहायबमोजिम छः

> ३५ नेपाल सरकारले करार गरी विद्युत् उत्पादन, प्रसारण, वा वितरण गर्न सक्नेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै व्यक्ति संस्थासित करार गरी सोही करारमा उल्लिखित सर्तहरूको आधारमा विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्नेछ।

१२. उपर्युक्त कानूनी प्रावधानका आधारमा प्रस्तावित आयोजनामध्ये माथिल्लो कर्णाली आयोजना GMR Energy LTD India, जि.एम आर.इन्फ्रास्ट्रक्चर लिमिटेड र इटालियन थाई डेभलपमेन्ट कम्पनी लिमिटेडको संयुक्त मोर्चा सम्मिलित कम्पनीहरू र नेपाल सरकार बीच २४ जनवरी २००८ मा तथा Satluj Jal Vidyut Nigam Limited India र नेपाल सरकारबीच अरूण ३ आयोजनाका सम्बन्धमा २०६४।११।१९ (२ मार्च, २००८) मा सम्झौता भएको देखिन्छ। विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभएकाले त्यसलाई प्राकृतिक स्रोतको बाँडफाँड भन्न नमिल्ने र नेपाल सरकार र विपक्षी कम्पनीहरू बीच भएको सम्झौता राज्य राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठन बीच भएको नदेखिंदा त्यस्तो सम्झौता नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिम अनुमोदन गराइरहनु पर्ने विषय नभएको भनी माथि प्रश्न नं.१ मा विशद् विवेचना भइसकेको छ।

१३. विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ बमोजिम नेपाल

सरकारले कुनै व्यक्ति वा संस्थासँग करार गरी सोही करारमा उल्लिखित सर्तहरूको आधारमा जलस्रोतको विकास, विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्नेछ भन्ने व्यवस्था रहेको र सोही आधारमा उपर्युक्त व्यवस्थाबमोजिम विभिन्न कम्पनीहरूसँग नेपाल सरकारले सम्झौता गरेको देखिन्छ । आयोजना सञ्चालन सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा प्रस्ताव आह्वान गरी आयोजनाका लागि प्राप्त प्रस्तावहरू मध्येबाट उपयुक्त प्रस्ताव छानबिन गरी छनौट गरिएको तथा सोहीसम्बन्धमा विपक्षी कम्पनीहरूसँग उक्त सहमति भएको पाइन्छ । उक्त सहमति गर्नुपूर्व नेपाल सरकारले जलविद्युत् नीति, २०५८ तथा विद्युत् विकास नीति २०५८ समेत जारी गरेको देखिन्छ । उक्त जलविद्युत् नीति २०५८ को उद्देश्यको विभिन्न बुँदामा देहायको कुरा समेटिएको पाइन्छः

> जलविद्युत्लाई निर्यातयोग्य वस्तुको रूपमा विकास गर्ने,
> सरकारी र निजी क्षेत्रको संयुक्त लगानी आकर्षित गर्ने रणनीति अपनाइने,
> आयोजनाको कार्यान्वयन निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरणको सिद्धान्तको आधारमा गर्ने,
> जलविद्युत् विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिइने,
> विद्युत् निर्यातबारे किटानी व्यवस्था,
> निर्यातमूलक आयोजनाहरू निजी क्षेत्रबाट विकास गरिने कार्यनीति अपनाइने भन्ने उल्लेख छ ।

१४. कुनै आयोजना स्वदेशी पुँजीबाट सरकार आफैले वा नीजि क्षेत्रसँगको सहकार्यमा वा विदेशी सरकार वा कम्पनीसँग मिलेर छुट्टाछुट्टैरूपमा सञ्चालन गर्ने भन्ने कुरा कार्यपालिकाले देशको आवश्यकता, स्रोतको विद्यमानता, आयोजना सञ्चालनको लागत र व्ययको अनुमान, आफ्नो प्राविधिक तथा सीपको विद्यमान अवस्था, आयोजना सञ्चालनबाट विद्यमान जोखिम तथा आयोजनाबाट प्राप्त हुने लाभ एवम् लगानीका समस्त पक्षहरूलाई विचार गरी राष्ट्र र जनताको हितमा निर्णय गरिने भएकाले राज्यको नीतिगत व्यवस्थाबमोजिम त्यस्ता विषयमा सरकारले करार वा सम्झौताको माध्यमबाट विद्युत् उत्पादन र त्यसको व्यवस्थापन गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको छ । विद्युत् स्वयम्मा प्राकृतिक स्रोत नभई प्राकृतिक स्रोतबाट उत्पादित वस्तु भएकाले यसको उत्पादन र व्यवस्थापन गर्न राज्यले नीतिगत व्यवस्था गरी नेपाल सरकारलाई अधिकार प्रदान गरेको राज्यको त्यस्तो नीतिगत व्यवस्था पुनरावलोकन गरी कानून बदर गर्नु पनि उचित हुने देखिदैन ।

१५. कुन आयोजना कसरी सञ्चालन गर्ने र त्यसबाट प्राप्त हुने लाभ र लागतको कुराको औचित्य के हुने हो भन्ने कुरा राज्यको र खासगरी राज्यको अङ्गको रूपमा रहेको कार्यपालिकाको उत्तरदायित्वको विषयभित्र पर्ने हुँदा विद्युत् आयोजनाहरूको वर्गीकरण, छनौट वा कार्यान्वयनसम्बन्धी यस्ता नीतिगत प्रश्नहरूमा अदालतको खास संलग्नता रहने अवस्था रहदैन । के कस्ता आयोजनाहरू राष्ट्रका लागि आवश्यक हुने, ती आयोजनाहरू निर्माण गर्दाको अवस्थामा प्रचलित कानूनमा के कस्ता व्यवस्थाहरू कायम छन् र ती कानूनी व्यवस्थाको प्रतिकूल नहुने गरी राष्ट्र तथा जनताको हितका लागि कार्यपालिकीय निकायले प्रचलित कानूनको अधीनमा रही राष्ट्रका लागि आवश्यक त्यस्ता आयोजनाहरूको वर्गीकरण, छनौट, सञ्चालन, रेखदेख तथा नियमन गर्ने जस्ता नियमित कार्यपालिकीय कार्यमा अदालतले हस्तक्षेप गरी त्यस्ता आयोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य नियमित प्रक्रियामा अवरूद्ध पार्ने गरी कानून बदर गर्दै जानु पनि उचित हुँदैन ।

१६. माथिल्लो कर्णाली आयोजनाको सञ्चालनको लागि अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गरी छनौट गरी आयोजना सञ्चालन गर्न विपक्षी जि.एम.आर.

इनर्जी लिमिटेड र सोको संयुक्त मोर्चा कम्पनीलाई तथा अरूण तेस्रो आयोजना निर्माण सञ्चालन गर्न सतलुज विद्युत् निगमलाई दिन नेपाल सरकार सहमत भएको देखिन्छ । आयोजनामा विभिन्न सर्तहरू तोकिएको, ३० वर्षपछि नेपाल सरकारमा आयोजनाको स्वामित्व चालु अवस्थामा फिर्ता आउने देखिएको, सतलुज विद्युत् कम्पनीले २१.९ प्रतिशत विद्युत् निःशुल्क नेपाल सरकारलाई उपलब्ध गराउने तथा माथिल्लो कर्णाली आयोजनाको जिम्मवारी पाएको जि.एम. आर.कम्पनी लिमिटेडले १२ प्रतिशत विद्युत् नेपाल सरकारलाई निःशुल्क उपलब्ध गराउनुको अतिरिक्त २७ प्रतिशत निःशुल्क शेयर विद्युत् प्राधिकरणलाई उपलब्ध गराउने सम्झौतामा उल्लेख भएको देखिन्छ । नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत् आयोजनाको सञ्चालनसम्बन्धमा प्रचलित विद्युत् ऐन, जलस्रोत ऐन, सम्बन्धित नियम र नीतिअन्तर्गत निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषय राज्यको नीतिगत व्यवस्थाअन्तर्गतको विषय भएकाले विद्युत् उत्पादन गरी देश विकासमा अग्रगामी द्रुतगति विकास गर्ने मार्ग अवलम्बन गरेको त्यस्तो अवस्थामा कानून बदर गर्दा राज्यले अवलम्बन गरेको विकास नीति नै ठप्प हुन जाने सम्भावनालाई पनि सामान्य रूपमा लिन मिल्दैन । विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापन पनि राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठन बीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरू बीच निश्चित अवधिसम्मको लागि सम्झौता भएको र उक्त सम्झौतामा प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न लागिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युत्को उत्पादन, प्रसारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको नदेखिएकाले बदर गरिरहन परेन ।

१७. अतः माथि विवेचित आधार र कारणबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६ बमोजिम राष्ट्रलाई व्यापक, गम्भीर र दीर्घकालीन असर पर्ने खालको प्राकृतिक स्रोतको बाँडफाँडसमेत नदेखिएकाले उक्त धाराबमोजिम नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको सम्झौता संसद्बाट अनुमोदन गराउनु पर्ने विषय पनि देखिन आएन । नेपाल सरकार र विपक्षी कम्पनीहरूबीच भएको करारीय सम्झौता दुई देशहरूबीचको वा बहुराष्ट्रिय अन्तर्राष्ट्रिय अन्तर्सरकारी संगठनहरू बीचको प्राकृतिक स्रोत र साधनको बाँडफाँड सम्बन्धी सम्झौता नभई उक्त व्यापारिक सम्झौताबाट निजी कम्पनीलाई जल विद्युत् उत्पादन गर्ने र बिक्री गर्ने गरी निश्चित सर्तहरूसहित खास अवधिको लागि अनुमतिसम्म दिइएको हुँदा प्राकृतिक स्रोत वा तिनको उपयोगको बाँडफाँड गरेको भन्न मिल्ने देखिएन । विद्युत् उत्पादन गर्न अनुमति पाएको कम्पनीले ३० वर्षसम्म आयोजना सञ्चालन गरी सो अवधिपछि चालु अवस्थामा नेपाल सरकारलाई फिर्ता गर्नुपर्ने हुँदा उक्त आयोजनाहरू दीर्घकालीन आयोजना भन्न पनि मिलेन । विद्युत् स्वयम्मा प्राकृतिक स्रोत साधन नभई प्राकृतिक स्रोत पानीको माध्यमबाट उत्पादित वस्तु हुँदा विद्युत् उत्पादन र त्यसको व्यवस्थापन पनि राज्य राज्य वा राज्य र अन्तर्राष्ट्रिय अन्तर सरकारी संगठन बीच भएको सम्झौता नभई नेपाल सरकार र निजी कम्पनीहरूबीच निश्चित अवधिसम्मको लागि भएको र प्राकृतिक स्रोतको बाँडफाँड नगरी प्राकृतिक स्रोतबाट वस्तु उत्पादन गर्न र त्यसको व्यवस्थापन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) बमोजिमको प्रक्रिया अवलम्बन गर्नु नपर्ने हुँदा त्यस्तो विषयमा करार वा सम्झौताको माध्यमबाट विद्युत्को

उत्पादन, प्रसारण, वितरण र अन्य व्यवस्था गर्न सक्ने गरी विद्युत् ऐन, २०४९ को दफा ३५ तथा जलस्रोत ऐन, २०४९ को दफा १२ ले नेपाल सरकारलाई अधिकार प्रदान गरेको उक्त व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५६(२) तथा (३) सँग बाँझिएको नदेखिएकाले बदर गरिरहन परेन । मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएकाले प्रस्तुत रिट निवदेन खारेज हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई गराई प्रस्तुत रिट निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।
प्र.न्या.रामकुमार प्रसाद शाह
मा.न्या. गोपाल पराजुली

इति संवत् २०७१ साल कात्तिक २१ गते रोज ५ शुभम् ।
इजलास अधिकृत : दीपक ढकाल

## निर्णय नं.९४१३

सर्वोच्च अदालत, पूर्ण इजलास
सम्माननीय प्र.न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७१।०६।३०।५
०६७-WF-००२१

विषय : उत्प्रेषण / परमादेश ।

निवेदक : काठमाडौं जिल्ला, तिनथाना गा.वि.स वडा नं. ८ बस्ने प्रेस काउन्सिल नेपालका सदस्यबाट हटाइएका हरिगोविन्द लुइटेल ।

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत ।

- **कानूनद्वारा गठित निकायको अध्यक्ष वा सदस्यको नियुक्ति कानूनद्वारा नै तोकिएको तरीका एवम् समयावधिको लागि हुने र यसको सञ्चालन, व्यवस्थापन र अन्य कार्य प्रणाली कानूनद्वारा नै व्यवस्थित र नियमित हुने कुरामा विवाद हुन नसक्ने ।**
- **राज्यका प्रत्येक निकाय र पदाधिकारीले कानूनबमोजिम आफ्नो काम गर्नुपर्ने हुन्छ । शासन विधिको हुनुपर्दछ व्यक्तिको होइन भन्ने विधिको शासनको मूलभूत सिद्धान्त हो । कानूनबमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय बदरभागी हुने ।**
- **ऐनमा नै सदस्यहरूको पदावधि चार वर्षको हुने भनी किटान गरेको अवस्थामा सो पदावधि समाप्त नहुँदै अवकाश दिने गरी भएको माननीय मन्त्रिस्तरीय निर्णय प्रेस काउन्सिल ऐन, २०४८ को हुने ।**
- **सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको अवधिसम्म बहाल राख्ने र इच्छाअनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन । सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खासी नियुक्ति गर्ने पदाधिकारीको इच्छाबाट निर्देशित गर्न मिल्दैन र यो कुरा Doctrine of Pleasure को सिद्धान्त अनुकूल हुँदैन । कानूनको शासनको सिद्धान्तले पनि त्यस्तो निर्णयलाई समर्थन नगर्ने ।**

(प्रकरण नं. ५)

- **सम्बन्धित ऐनमा पदावधिको प्रष्ट व्यवस्था भएको, तर नियुक्ति दिँदा नियुक्तिकर्ताले पदावधि उल्लेख नगरेको वा घटी पदावधि**

**उल्लेख गरेको वा बढीमा भन्ने शब्द प्रयोग गरी सो पदावधिलाई घटबढ गराउने गरी निर्णय गरेको देखिए त्यस्तो निर्णयलाइ कानूनसङ्गत भन्न मिल्ने हुँदैन। कानूनले खास पदावधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले काम काज गर्न पाउने नै हुन आउने।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट :

विपक्षीको तर्फबाट : उपन्यायाधिवक्ता सूर्यराज दाहाल र विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती

अवलम्बित नजिर :

- स.अ. बुलेटिन २०६८, वर्ष २०, अङ्क २४, चैत २, पूर्णाङ्क ४७४, पृष्ठ २५

सम्बद्ध कानून :

- प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२),

यस अघि रायबाझी फैसला गर्नेः

माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री अवधेशकुमार यादव

आदेश

**स.प्र.न्या. रामकुमार प्रसाद शाह :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतमा दर्ता भई संयुक्त इजलाससमक्ष पेस हुँदा सो इजलासका माननीय न्यायाधीशहरूको फरक फरक राय भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१) को खण्ड (क) बमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यसप्रकार छ :

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) ले प्रेस काउन्सिल नेपालको सदस्यको पदावधि चार वर्षको हुने स्पष्ट कानूनी व्यवस्था गरेको छ। म विगत २६ वर्षदेखि निरन्तर पत्रकारिता क्षेत्रमा कार्यरत् छु। यस बीचमा विभिन्न मासिक पत्रिकाहरूमा प्रधान सम्पादक र कार्यकारी सम्पादकको जिम्मेवारी बहन गरिसकेको छु। प्रेस काउन्सिलमा नियुक्त हुने अध्यक्ष तथा सदस्यहरूको अवकाश सो ऐनबमोजिम हुने हो। यसै क्रममा मलाई नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६५।९।४ को निर्णय अनुसार ४ बढीमा वर्षको कार्यकाल तोकी प्रेस काउन्सिलको सदस्य पदमा नियुक्त गरेको थियो। प्रेस काउन्सिल स्वतन्त्र र स्वशासित सँगठित संस्था हो। म सो प्रेस काउन्सिलमा कार्यरत् रहिरहेको अवस्थामा मिति २०६७।१।२७ गते विपक्षी सूचना तथा सञ्चार मन्त्रालयबाट नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०६७।१।९ को निर्णयानुसार भनी निष्ठापूर्वक काम गरिरहेको मलाई प्रेस काउन्सिलको सदस्य पदबाट अवकाश दिइएको जानकारीको पत्र प्राप्त भयो। अवकाशपत्रमा मलाई कुन कानूनको आधारमा र किन अवकाश दिएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गरिएको छैन। चार वर्षको कार्यकाल पूरा नहुँदै मलाई उक्त पदबाट अवकाश दिन मिल्ने होइन। सो निर्णय *ने.का.प.*, २०५२, फागुन, निर्णय नं ६२८१, पृष्ठ ७६४ र *ने.का.प.*, २०५३, चैत, निर्णय नं ६२९५, पृष्ठ ८११ मा प्रतिपादित सिद्धान्तविपरीत छ।

कानूनद्वारा नै निश्चित पदावधि तोकिएकामा कानूनबमोजिम पदमा नियुक्ति वा मनोनयन भएका व्यक्तिलाई सो पदावधि पूरा नहुँदै हटाउन पाउने होइन। ऐनले यस्तो अधिकार विपक्षी सूचना तथा सञ्चार मन्त्रीलाई प्रदान गरेको पनि छैन। कानूनद्वारा नियुक्त कुनै पनि पदाधिकारीलाई उसको कार्यकाल पूरा हुनुपूर्व अवकाश दिनु पर्ने अवस्था आएमा उसलाई उचित सुनुवाइको मौका दिनुपर्दछ भन्ने प्राकृतिक न्यायको आधारभूत सिद्धान्त हो। तर, मलाई अवकाश दिनुपूर्व उचित सुनुवाइको मौका त परै जाओस् कुनै जानकारीसमेत नदिई अवकास दिने गरी गरिएको विपक्षीको निर्णयले प्राकृतिक न्यायको सिद्धान्तको समेत उल्लङ्घन गरेको छ।

अतः विपक्षीहरूको निर्णय तथा काम

कारवाहीहरूबाट प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ द्वारा प्रदत्त मेरो कानूनी हकका साथै प्राकृतिक न्यायको सिद्धान्त र अन्तरिम संविधान २०६३, को धारा १२ प्रदत्त पेसा रोजगारको हक, धारा १३ प्रदत्त समानताको हक जस्ता मौलिक एवम् संवैधानिक हकमा समेत प्रत्यक्ष आघात पारेको र सोको बैंकल्पिक एवम् प्रभावकारी उपचारको अभावमा रिट निवेदन लिएर उपस्थित भएको छु । विपक्षी नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रीको मिति २०६७।१।९ को मलाई प्रेस काउन्सिल नेपालको सदस्यबाट अवकाश दिने निर्णय लगायतको सम्पूर्ण काम कारवाहीहरू उत्प्रेषणको आदेशले बदर गरिपाउँ र विपक्षीले उक्त पदमा अरू कुनै व्यक्तिलाई नियुक्ति गर्न सक्ने भएकाले नियुक्तिको निर्णय नगर्नु र कथम कदाचित नियुक्ति गरिसकेको भएमा नियुक्ति गरिएको व्यक्तिलाई सदस्यको हैसियतले कुनै प्रकारको कार्य नगर्न नगराउन उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा लगायत जो चाहिने आदेश जारी गरिपाऊँ । विपक्षीको सो निर्णय अन्तरिम संविधान तथा कानून विपरीत भएकाले तत्काल मिति २०६७।१।९ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश समेत जारी गरिपाऊँ । साथै यस रिट निवेदनलाई अग्राधिकार दिई सुनुवाइ गरी पाउने व्यवस्था मिलाई पाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यसमा १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाउनू । प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) ले प्रेस काउन्सिल नेपालको सदस्यको पदावधि ४ (चार) वर्ष किटान गरेको देखिन्छ । सो अवधि पूरा नहुँदै मिति २०६७।१।१० को पत्रबाट निवेदकलाई अवकाश दिएको देखिँदा रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी सूचना तथा सञ्चार मन्त्रालयको उक्त मिति २०६७।१।९ गतेको निर्णय कार्यान्वयन नगर्नु नगराउनु र सो पदमा अन्य व्यक्तिलाई नियुक्ति नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।१।३० को आदेश ।

नेपाल सरकारले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिम विपक्षी रिट निवेदकलाई प्रेस काउन्सिलको सदस्यमा नियुक्ति गर्दा चार वर्षको पदावधि किटानी गरी नियुक्ति गरिएको होइन । नियुक्तिको अधिकतम् अवधि बढीमा चार वर्षसम्म हुने गरी नियुक्ति गरिएको हो । प्रेस काउन्सिल ऐनले प्रेस काउन्सिलका अध्यक्ष तथा सदस्यलाई नेपाल सरकारले हटाउन सक्ने अधिकारलाई रोक लगाएको छैन । सदस्यसमेतले स्वेच्छाले आफ्नो पद छाडी पदमुक्त हुने अवस्थाबाहेक नेपाल सरकारले आवश्यक र उपयुक्तताको आधारमा त्यस्ता पदाधिकारीलाई अवकाश दिन कानूनले बाधा पुर्‍याएको पनि छैन । नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६ ले नियुक्ति गर्ने अधिकारमा सस्पेन्ड र बर्खास्त गर्ने अधिकारसमेत सामेल हुने भनी गरेको व्यवस्थाले मिति २०६७।१।९ को निर्णयलाई बैधता दिइरहेकै देखिन्छ ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) ले अध्यक्ष तथा सदस्यहरूको पदावधि चार वर्षको हुने भनी व्यवस्था गरेकै आधारमा मात्र रिट निवेदकले पूरा चार वर्ष पदमा बसिरहन पाउने भन्ने कुरा युक्तिसङ्गत छैन । ऐनले तोकेको चार वर्षको पदावधि अधिकतम् अवधि हो । नेपाल सरकारले नियुक्ति गर्दा त्यस्तो नियुक्तिको बहाल रहने अवधि बढीमा चार वर्षको हुने अथवा चार वर्षभन्दा कम अवधि उल्लेख गरी नियुक्ति गर्न सक्ने अवस्थालाई कानूनले निषेध गरेको छैन । यसै कानूनी पृष्ठभूमिलाई समेत आधार मानी मिति २०६३।४।१५ को निर्णयबाट नेपाल सरकारले प्रेस काउन्सिलको तत्कालीन अध्यक्ष तथा सदस्य पदमा नियुक्त भएका पदाधिकारीको नियुक्तिको पदावधि दुई वर्षको हुने गरी नियुक्ति गरी कार्यान्वयनमा आइसकेको अवस्था छ ।

निवेदक माथवर सिंह बस्नेत, विश्व मोहन श्रेष्ठ र डिल्लीराम निर्भिक विरूद्ध विपक्षी सूचना तथा सञ्चार मन्त्रालयसमेत भएको उत्प्रेषण मुद्दामा नेपाल सरकारले प्रेस काउन्सिलका तत्कालीन अध्यक्ष तथा

सदस्यलाई चार वर्षको पूरा अवधि नपुग्दै नियुक्ति रद्द गरेकामा उक्त निर्णयका बिरूद्ध परेको रिटमा सम्मानित अदालतबाट निवेदकको कुनै हक हनन् भएको नदेखिँदा हकदैयाको अभावमा उक्त रिट निवेदन खारेज हुने भनी आदेश भइसकेको छ। साथै नेपाल सरकारले मिति २०६७।१।२३ को निर्णयबाट रिक्त सदस्य पदमा नयाँ नियुक्ति गरिसकेको अवस्थामा विपक्षी निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमान रहेको छैन भन्नेसमेत व्यहोराको विपक्षी सूचना तथा सञ्चार मन्त्री शंकर पोखरेल र ऐ. मन्त्रालयका सचिवको तर्फबाट पेस भएको एकै व्यहोराको लिखित जवाफ।

प्रेस काउन्सिल नेपालले आफैंले स्वेच्छाचारी तवरले निवेदकहरूलाई हाजिर भई कार्य गर्न रोक लगाए जस्तो ठानी विपक्षीसम्म बनाएको हुँदा यस कार्यको विरूद्ध रिट आकर्षित हुन सक्दैन भन्नेसमेत व्यहोराको विपक्षी प्रेस काउन्सिल नेपालको तर्फबाट पेस भएको लिखित जवाफ।

विपक्षी निवेदकलाई प्रेस काउन्सिल नेपालको सदस्यमा मनोनयन गर्ने तथा उक्त पदबाट अवकाश दिनेलगायतका कुनै पनि काम कारवाही यस कार्यालयबाट भए गरेको नहुँदा प्रथमतः यस कार्यालयलाई विपक्षी बनाउन मिल्ने नै होइन । जहाँसम्म रिट निवेदकलाई चार वर्षको लागि प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्ति गरिएको भन्ने विषय छ, सोसम्बन्धमा नेपाल सरकारको (मा. मन्त्रिस्तरीय) मिति २०६५।९।४ गतेको निर्णयानुसार रिट निवेदकलाई चार वर्षका लागि नियुक्ति गरेको नभई बढीमा चार वर्षका लागि नियुक्ति गरेको हो । नियुक्ति गर्न अधिकार प्राप्त निकाय वा अधिकारीलाई बर्खास्त गर्ने अधिकार पनि सन्निहित रहने नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६ को व्यवस्थानुसार निज निवेदकलाई नियुक्ति गर्ने नेपाल सरकार (मा. मन्त्रिस्तरीय) निर्णयले अवकाश दिन सक्ने नै हुँदा सोबमोजिम भए गरेको निर्णयलाई कानूनबमोजिम मान्नुपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकलाई नेपाल सरकार, माननीय मन्त्रिस्तरीय निर्णयबाट "बढीमा चार वर्षको" लागि भनेर नियुक्ति दिइएको हो, चार वर्षको लागि होइन। यसरी नियुक्ति दिँदा नै बढीमा चार वर्षको लागि भनेर दिइएको छ भने निवेदकलाई चार वर्ष नपुग्दै हटाउनको लागि आधार र कारण चाहिने अवस्था रहेको छैन। नियुक्तिको सर्तको अधिनमा रही अवकाश दिन सकिन्छ । निवेदकलाई अवकाश दिने गरी भएको सूचना तथा सञ्चार मन्त्रालयको निर्णय कानूनअनुरूप हुँदा अन्तरिम आदेश खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट माननीय मन्त्री शंकर पोखरेल र सचिवको तर्फबाट परेको निवेदन।

यसमा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६७।१।३० मा भएको अन्तरिम आदेश खारेज गरिपाउँ भनी दिएको निवेदनको सम्बन्धमा निवेदकसमेत राखी छलफल गर्नु उपयुक्त हुने देखिएको र निवेदकको वारेश उमेशप्रसाद सिटौलाले मिति २०६७।२।३० को तारिख लिएको देखिँदा प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश खारेज हुने नहुने सम्बन्धमा छलफल निमित्त मिति २०६७।२।३० मा इजलाससमक्ष पेस हुने सूचना निवेदकलाई दिनु भन्ने व्यहोराको यस अदालतको मिति २०६७।२।२४ को आदेश।

म निवेदक प्रस्तुत मुद्दामा सरोकारवाला भएको भए तापनि मलाई विपक्षी नबनाएको र सर्वोच्च अदालतबाट आदेश हुँदा रिट निवेदकलाई अवकाश दिनु न्यायपूर्ण नदेखिएकाले मिति २०६७।१।९ को निर्णय हाललाई कार्यान्वयन नगर्नु नगराउनु भनी जारी भएको अन्तरिम आदेशले असर पार्ने हुँदा अदालतसमक्ष विचाराधीन रहेको प्रस्तुत मुद्दाको कारवाहीमा पक्ष कायम गरी प्रतिरक्षा गर्नेसमेत अनुमति प्रदान गरिपाउँ भनी गगन विष्टको तर्फबाट पेस भएको

निवेदन उपर कारवाही हुँदा निजलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम कारवाहीमा संलग्न हुन अनुमति प्रदान गरिएको छ भन्ने समेत व्यहोराको यस अदालतको आदेश।

यसै प्रकृतिका विषयमा दुई भिन्नै संयुक्त इजलासबाट एकै विषयवस्तुका सम्बन्धमा दुई भिन्न आदेश भएको देखिँदा यो विषयमा न्यायिक एकरूपता कायम गरी एउटा निश्चित धारणा अदालतबाट बनाउनु पर्ने तथा नियुक्तिकर्तालाई यससम्बन्धमा एउटा निश्चित मार्गदर्शन तथा दिशा निर्देश हुनुपर्ने अवस्था भएकाले प्रस्तुत विषयको अन्तरिम आदेशका सम्बन्धमा एउटा निश्चित रूलिङ कायम हुन सर्वोच्च अदालत नियमबाली, २०४९ को नियम ३(ख) बमोजिम प्रस्तुत निवेदन पूर्ण इजलाससमक्ष पेस गर्नू। हाललाई यस अदालतको संयुक्त इजलासबाट निवेदक पूर्णकुमार शर्मा विरूद्ध बाबुराम श्रेष्ठ भएको FN ९० (रिट नं २०६६–WO–०३४८) को उत्प्रेषण मुद्दामा मिति २०६६।९।३ मा आदेश हुँदा नियुक्ति पत्रमा बढीमा चार वर्षको लागि भनी उल्लेख भएको अवस्थामा सो बढीमा भन्ने शब्दको अर्थ र प्रयोजनको सम्बन्धमा व्याख्या गरी एक न्यायाधीशको इजलासबाट जारी भएको अन्तरिम आदेशलाई खारेज गरिएको देखिँदा र त्यसमा उल्लेख भएको आधार र कारणसँग यो इजलास सहमत रहेकाले प्रस्तुत रिट निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट जारी भएको मिति २०६७।१।३० को अन्तरिम आदेशलाई हाल खारेज गरिदिएको छ। प्रस्तुत निवेदनलाई नियमबमोजिम पूर्ण इजलासमा पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६७।३।१ को आदेश।

निवेदक हरिगोविन्द लुइटेललाई प्रेस काउन्सिलको सदस्य पदमा बढीमा चार वर्षको लागि भनी अवधि तोकिएको अवस्थामा नियुक्तिपत्रले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) बमोजिम निश्चित पदावधिलाई सीमित गर्न सक्ने वा नसक्ने भन्ने कुरा संयुक्त इजलासबाट रिट निवेदनको अन्तिम निर्णय हुँदा न्यायिक विवेचना गरी बोलिनुपर्ने विषय भएको हुँदा यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६७।१।३० मा जारी भएको अन्तरिम आदेशलाई खारेज गर्ने गरेको यस अदालतको मिति २०६७।।३।१ को आदेश हाललाई परिवर्तन गरी रहनुपर्ने अवस्था देखिन आएन भन्नेसमेत व्यहोराको यस अदालतको पूर्ण इजलासको मिति २०६७।४।१० को आदेश।

निवेदकलाई नेपाल सरकारको मिति २०६५।९।४ को मन्त्रिस्तरीय निर्णयअनुसार बढीमा चार वर्षको लागि प्रेस काउन्सिलको सदस्य पदमा मनोनयन गरिएको तथ्यमा विवाद छैन। प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा काउन्सिलका अध्यक्ष तथा सदस्यहरूको पदावधि चार वर्षको हुने छ भन्ने व्यवस्था भएको देखिन्छ। प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्त निवेदकले बढीमा चार वर्षको पदावधि स्वीकार गरी नियुक्ति लिएबाट निजको पदावधि नेपाल सरकारको स्वविवेक अर्थात् नियुक्त हुँदा स्वीकार गरिएको सर्तबमोजिम हुने देखिन्छ। यसबाट निवेदकले नेपाल सरकारको इच्छा रहुन्जेलसम्म मात्र पदमा रहने सर्तको पालना गर्नुपर्ने कुरामा विवाद नदेखिँदा निवेदकलाई नेपाल सरकार, मिति २०६५।९।४ को निर्णयबमोजिम बढीमा चार वर्षको लागि प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्ति गरिएको र उक्त पदावधि नेपाल सरकारले नियुक्ति गर्दा तोकिएको सर्तबमोजिम नै भएकाले नियुक्ति मितिले चार वर्षभित्र निवेदकलाई उक्त पदबाट हटाइएको विपक्षी नेपाल सरकारको कार्य गैरकानूनी एवम् त्रुटिपूर्ण नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। रिट निवेदन नै खारेज भएपछि यस अदालतबाट जारी अन्तरिम आदेश स्वतः निष्क्रिय हुन्छ भन्ने समेत व्यहोराको माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्माको छुट्टै राय।

प्रेस काउन्सिल ऐन, २०४८ को ६ को उपदफा (२) मा काउन्सिलका अध्यक्ष तथा सदस्यहरूको पदावधि चार वर्षको हुनेछ भन्ने र ऐ. दफाको उपदफा (३) मा अध्यक्ष वा कुनै सदस्यले

पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले नेपाल सरकारसमक्ष र सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा पेस गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था उल्लेख गरिएको देखिन्छ । यसरी सदस्यको पदावधि चार वर्षको र सदस्यले पदत्याग गर्न चाहेमा राजीनामा दिन सक्ने व्यवस्था मात्र उल्लेख गरेको देखिन्छ । सोबाहेक हटाउने वा अवकाश दिन सक्ने बारे उक्त ऐनमा व्यवस्था गरिएको नदेखिँदा उल्लिखित कानूनी व्यवस्थाबाट प्रेस काउन्सिल नेपालका सदस्यले तोकिएको चार वर्षको पदावधि पूरा नहुँदै राजीनामा दिएमा बाहेक हटाउन सक्ने हुँदैन । यस अदालतबाट *ने.का.प.* २०६३, कात्तिक, नि.नं. ७७३६, पृष्ठ ९२१ र *ने.का.प.* २०६१, माघ, निर्णय नं ७४४४, पृष्ठ १२४४ मा प्रतिपादित सिद्धान्तबमोजिम पनि कुनै ऐनले हटाउन सक्ने सर्तहरू नतोकेको अवस्थामा नियुक्ति गर्ने निकायले आफ्नो विवेकको आधारमा हटाउन मिल्ने देखिएन । त्यसै गरी निवेदकले पदबाट राजीनामा पनि नदिएको अवस्थामा Doctrine of Pleasure लागू हुन सक्दैन ।

अतः प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) बमोजिम निवेदकलाई चार वर्षको लागि नियुक्ति गरिएकामा निवेदकले राजीनामा गरी आफ्नो हकको परित्याग गरेको नदेखिएको, अवकाश दिनु पर्नाको उचित र पर्याप्त कारणसमेत उल्लेख नगरी सदस्य पदबाट अवकाश दिइएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई गैरकानूनी एवम् त्रुटिपूर्ण हुँदा विपक्षी नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६७।१।९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । निवेदकलाई अवकाश दिई सदस्य पदमा अरूलाई नियुक्ति गरेको भए सो स्वतः बदर भई निवेदकलाई तोकिएको चार वर्षको अवधिसम्म प्रेस काउन्सिल नेपालको सदस्य पदमा कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुन्छ । माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्माको रिट खारेज हुने भनी छुट्टै राय भएकाले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने समेत व्यहोराको मिति २०६७।९।२५ को माननीय न्यायाधीश श्री अवधेशकुमार यादवको छुट्टै राय ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी विपक्षी नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमेतको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र उपन्यायाधिवक्ता श्री सूर्यराज दाहालले निवेदकलाई मन्त्रिस्तरीय निर्णयले बढीमा चार वर्षको लागि प्रेस काउन्सिल नेपालको सदस्य पदमा मनोनयन (नियुक्ति) गरेको हो । बढीमा चार वर्षको लागि भनी मनोनयन गरिएकामा चार वर्ष नपुग्दै पदबाट हटाउन नमिल्ने होइन । निवेदकले बढीमा चार वर्षको लागि दिएको नियुक्ति (मनोनयन) लाई स्वीकार गरेको अवस्थामा अहिले आएर अन्यथा भन्न मिल्ने हुँदैन । अतः निवेदकलाई बढीमा चार वर्षको लागि सदस्य पदमा नियुक्ति गरिएको र पदबाट हटाइएको कार्य पनि नियुक्तिको सर्तबमोजिम नै भएबाट माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्माद्वारा व्यक्त राय सदर हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

कानून व्यवसायीको उपर्युक्त बहससमेत सुनी देहायका प्रश्नहरूको निरूपण गरी निर्णय दिनुपर्ने देखियो ।

(१) कुनै ऐनद्वारा निश्चित पदावधि तोकिएकामा वा बढीमा चार वर्षको लागि भनी कुनै पदमा नियुक्ति गरिएकामा सो तोकिएको चार वर्षको अवधि नपुग्दै हटाउन मिल्ने हो, होइन ?

(२) निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो, होइन ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा निवेदकले नेपाल सरकार, (मन्त्रीस्तर) को मिति २०६५।९।४ को निर्णयले आफूलाई बढीमा चार वर्षको लागि प्रेस काउन्सिलको सदस्य पदमा नियुक्ति गरिएकामा प्रेस

काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा भएको व्यवस्थाको मनसाय र नियुक्तिको सर्तविपरीत सोभन्दा अगावै विपक्षी नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०६७।१।९ को निर्णयले उक्त पदबाट अवकाश दिएकाले पदावधि पूरा नहुँदै पदबाट हटाउने गरी गरिएको निर्णय कानून प्रतिकूल र प्राकृतिक न्यायको सिद्धान्तसमेत विपरीत हुँदा उक्त निर्णय नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) को आधारमा उत्प्रेषणको आदेशले बदर गरी चार वर्षको अवधिसम्म काम गर्न दिनु भनी परमादेशको आदेशलगायत अन्य उपयुक्त आदेश समेत जारी गरिपाउँ भन्ने रिट निवेदकको मागदाबी रहेको छ। विपक्षीहरूले निवेदकलाई चार वर्षको लागि नियुक्ति दिएको नभई बढीमा चार वर्षको लागि भनी नियुक्ति दिइएको हो । चार वर्ष नपुग्दै हटाउनको लागि नियुक्तिको सर्तबमोजिम नै आधार र कारण चाहिने होइन । प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) ले निश्चित गरेको सीमाभित्र रही अवकाश दिएको कार्य कानूनसम्मत छ भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ।

३. निवेदक हरिगोविन्द लुइटेललाई मिति २०६५।९।४ को नेपाल सरकार, मन्त्रिस्तरीय निर्णयअनुसार बढीमा चार वर्षको लागि भनी प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्ति गरेको भन्ने कुरा विपक्षी सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६५।९।६ को पत्रबाट देखिन्छ । प्रेस काउन्सिल नेपालको सदस्य पदमा नियुक्ति भई कार्यरत् रही रहेको अवस्थामा निवेदकलाई मिति २०६७।१।९ को नेपाल सरकार, मन्त्रिस्तरीय निर्णयबाट अवकाश दिने गरी निर्णय भएको कुरा मिसिल संलग्न सूचना तथा सञ्चार मन्त्रालयको मिति २०६७।१।१० को पत्रबाट देखिन्छ । प्रेस काउन्सिल नेपालको गठन प्रेस काउन्सिल ऐन, २०४८ द्वारा गरिएकाले यसका पदाधिकारीको नियुक्ति र अवकाशसम्बन्धी ऐनमा भएको व्यवस्थाको अध्ययन आवश्यक हुन्छ । प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२):–"काउन्सिलको अध्यक्ष तथा सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

उपदफा (३) :– अध्यक्ष वा कुनै सदस्यले पदावधि समाप्त नहुँदै पद त्याग गर्न चाहेमा अध्यक्षले नेपाल सरकारसमक्ष र सदस्यले अध्यक्षसमक्ष लिखित राजीनामा पेस गर्नसक्नेछ।"

४. निवेदकलाई प्रेस काउन्सिलको सदस्य पदमा मनोनयन गरिएको भनी दिइएको मिति २०६५।९।५ को पत्रमा नेपाल सरकारको मिति २०६५।९।४ को माननीय मन्त्रिस्तरीय निर्णयअनुसार यहाँलाई प्रेस काउन्सिल नेपालको सदस्य पदमा बढीमा चार वर्षको लागि मनोनयन गरिएको छ भन्नेसमेतका व्यहोरा उल्लेख भएको देखिन्छ।

५. प्रेस काउन्सिल नेपालमा नियुक्त हुने सदस्यहरू सार्वजनिक पदाधिकारी भएको तथ्यमा विवाद छैन । निवेदकको नियुक्ति नेपाल सरकार मन्त्रिस्तरीय निर्णयबाट प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम नै हुने हो । उक्त ऐनको दफा ६ को उपदफा (२) मा अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुने प्रष्ट व्यवस्था रहेको देखिन्छ । पत्रकारिताको क्षेत्रमा लामो समय कार्यरत् निवेदकलाई नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रीले मिति २०६५।९।४ मा मनोनयन गरेको छ भने सोहीबमोजिम मन्त्रिस्तरीय निर्णयले नै मिति २०६७।१।९ मा पदबाट अवकाश दिएको देखिन्छ। कानूनद्वारा गठित निकायको अध्यक्ष वा सदस्यको नियुक्ति कानूनद्वारा नै तोकिएको तरीका एवम् समयावधिको लागि हुने र यसको सञ्चालन, व्यवस्थापन र अन्य कार्य प्रणाली कानूनद्वारा नै व्यवस्थित र नियमित हुने कुरामा विवाद हुन सक्दैन । राज्यका प्रत्येक निकाय र पदाधिकारीले कानूनबमोजिम नै आफ्नो काम गर्नुपर्ने हुन्छ। शासन विधिको हुनुपर्दछ व्यक्तिको होइन भन्ने नै विधिको शासनको मूलभूत सिद्धान्त हो । कानूनबमोजिम नभएको वा कानूनको उचित प्रक्रिया पूरा नगरी गरिएको कार्य वा निर्णय बदरभागी हुन्छ। ऐनमा नै सदस्यहरूको

पदावधि चार वर्षको हुने भनी किटान गरेको अवस्थामा सो पदावधि समाप्त नहुँदै अवकाश दिने गरी भएको माननीय मन्त्रिस्तरीय निर्णय उक्त दफा ६ को उपदफा (२) को विपरीत हुन्छ । सार्वजनिक पदाधिकारीलाई नियुक्तिकर्ताको इच्छाअनुकूलको अवधिसम्म बहाल राख्ने र इच्छाअनुकूल नै हटाउन हुन्छ भन्न मिल्दैन । सार्वजनिक पदाधिकारीको नियुक्ति र बर्खासी नियुक्ति गर्ने पदाधिकारीको इच्छाबाट निर्देशित गर्न मिल्दैन र यो कुरा Doctrine of Pleasure को सिद्धान्त अनुकूल हुँदैन । कानूनको शासनको सिद्धान्तले पनि त्यस्तो निर्णयलाई समर्थन गर्दैन ।

६. सम्बन्धित ऐनमा पदावधिको प्रष्ट व्यवस्था भएको, तर नियुक्ति दिँदा नियुक्तिकर्ताले पदावधि उल्लेख नगरेको वा घटी पदावधि उल्लेख गरेको वा बढीमा भन्ने शब्द प्रयोग गरी सो पदावधिलाइ घटबढ गराउने गरी निर्णय गरेको देखिए त्यस्तो निर्णयलाई कानूनसङ्गत भन्न मिल्ने हुँदैन । कानूनले खास पदावधि तोकिएको अवस्थामा सो किटानी तोकिएको पदावधिसम्म निजले काम काज गर्न पाउने नै हुन्छ ।

७. कानूनले खास समयावधि तोकिएकामा सो कानूनी व्यवस्थाको विपरीत जुनसुकै बेला हटाउन मिल्ने नमिल्ने सम्बन्धमा यस अदालतको एकल इजलास, संयुक्त इजलास र पूर्ण इजलासबाट फरक–फरक आदेशहरू भई एकरूपता नभएकाले एकरूपता कायम गर्ने सम्बन्धमा निवेदक सुरेशप्रसाद यादव विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत (सअ बुलेटिन २०६८, वर्ष २०, अङ्क २४, चैत २, पूर्णाङ्क ४७४, पृष्ठ २५) भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा प्रेस काउन्सिल ऐन, २०४८ समेतको उल्लेखन भई यस अदालतको ५ सदस्यीय पूर्ण इजलासबाट निश्चित सिद्धान्त प्रतिपादन भइसकेको पाइन्छ । सोबमोजिम ऐन, नियम, सूचित आदेश तथा निर्णयसमेतबाट कुनै अवधि तोकी दिइएको नियुक्तिपत्रमा सो तोकिएको अवधिसम्म काम गर्न पाउने भनी वैध अपेक्षा राख्न पाउने भएको भनी निश्चित सिद्धान्त स्थापित भइसकेको अवस्थामा बिना कानूनी प्रक्रिया नियुक्तिकर्ताको इच्छानुकूलताको सिद्धान्त (Doctrine of Pleasure) क्रियाशील हुन सक्तैन । सरकार वा सार्वजनिक पदाधिकारीको इच्छा पनि कानून र न्यायका मान्य सिद्धान्तअनुरूप नै परिचालित हुनुपर्दछ । निर्णय गरेपछि निर्णयकर्ता, सरकार वा पदाधिकारी प्रतिज्ञात्मक विवन्धन (Promissory Estoppel) मा बाँधिन्छ ।

८. नियुक्तिपत्रमा "बढीमा" भन्ने शब्दका साथ अवधि तोकी नियुक्ति पत्र दिएकाले जुनसुकै बेला पनि हटाउन सक्ने मानी निजको पद उपरको हक परित्याग गरेको अर्थात् समर्पण (Waive) गरेको भन्ने अर्थ लाग्न सक्तैन । यसरी नियुक्त पदाधिकारीले प्रचलित कानून विरूद्ध काम कारवाही गरेमा वा सम्बन्धित सार्वजनिक निकायका लागि कुनै योगदान दिन नसकेमा र निजलाई दिइएको जिम्मेवारी सुहाँउदो निजको योग्यता र अनुभव नभएमा नियुक्तिपत्रमा जे जस्तो भाषा लेखेर दिएको भए पनि नियुक्ति दिने अख्तियारवालाले अवकाश पनि दिन सक्ने नै हुन्छ । तर, अवकाश स्वेच्छाचारी र आधार र कारण बिनाको भने हुनु हुँदैन । कानूनद्वारा सिर्जित हकको समाप्ति पनि विधि र प्रक्रियाअनुसार नै हुनुपर्दछ । निर्णय गर्न सक्षम निकाय वा पदाधिकारीले निर्णय गरी पदावधि तोकी वा कानूनमा नै पदावधि उल्लेख भएकामा कुनै अवधि नतोकी समेत जे जस्तो रूपमा नियुक्ति दिइएको होस्, सो विधिवत् छ र चुनौतीरहित छ भने त्यसबाट नियुक्ति पाउनेको कानूनी हक सिर्जना हुन्छ भन्ने उक्त मुद्दामा आदेश भई सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

९. प्रस्तुत विवादमा पनि प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा प्रेस काउन्सिल नेपालका सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था भएकामा नियुक्ति गर्दा बढीमा चार वर्षको लागि भनी नियुक्ति गरिएको भए पनि सो चार वर्षको अवधि पूरा नहुँदै अवकाश दिने गरी भएको निर्णय मान्य नहुने भनी माथि उल्लिखित पाँच सदस्यीय पूर्ण इजलासको आदेशबाट नै विवादित विषयको निरूपण भइसकेको देखिँदा सो सम्बन्धमा थप विवेचना गरिरहनु परेन ।

१०. अब दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ को उपदफा (२) मा सदस्यको पदावधि चार वर्षको हुने व्यवस्था भएकामा नियुक्ति मितिबाट चार वर्ष नपुग्दै निवेदकलाई मिति २०६७।१।९ मा अवकाश दिएको कार्य कानून प्रतिकूल हुँदा बदरभागी छ । तसर्थ नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०६५।९।४ को निर्णयले यी निवेदकलाइ सदस्य पदमा मनोनयन गरेको मितिले चार वर्षको पदावधि मिति २०६९।९।३ मा पुग्ने हुँदा हाल निजको चार वर्षको सो पदावधि (कार्यकाल) समाप्त भइसकेकाले रिट निवेदकले माग गरेको विषय नै निष्प्रयोजन भइसकेको देखिएबाट यस अदालतका संयुक्त इजलासका माननीय न्यायाधीशहरूले मिति २०६७।९।२५ मा फरक–फरक राय व्यक्त गरेको विषय र नेपाल सरकार (मा.मन्त्रिस्तरीय) को मिति २०६७।१।९ को अवकाश दिने निर्णयको औचित्यभित्र प्रवेश गरिरहनु पर्ने अवस्था विद्यमान नरहेबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छौँ।
मा.न्या. ओमप्रकाश मिश्र
मा.न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल असोज ३० गते रोज ५ शुभम् ।
इजलास अधिकृत : भीमबहादुर निरौला

## निर्णय नं.९४१४

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७१।०५।२४।३
०६९-WO-१२६७

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : का.जि.का.म.न.पा.वडा नं.२ बस्ने पुकार नरसिंह राणासमेत ।

विरूद्ध

विपक्षी : नेपाल राज्यका महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालयसमेत ।

- **निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण सङ्कलन गर्ने समेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एकपटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरिसकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनतः मिल्ने नदेखिने ।**

(प्रकरण नं. ५)

- **सुरू कारवाही र किनारा गर्ने अधिकारभित्र अभियोग पत्र पेस गर्ने गरी आदेश गर्न पाउने अधिकार समावेश भएको मान्न नमिल्ने ।**
- **अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको मागदाबी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै**

**स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्यमान्यताको विपरीत हुने देखिने।**

(प्रकरण नं. ६)

- **यी रिट निवेदकहरू कसुरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकिल कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेस नभएपछि निजहरूलाई सोही कसुरमा पुनः अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी निकायहरूको कार्यलाई प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्यताअनुरूपको मान्न मिल्ने नदेखिने।**

(प्रकरण नं. ७)

निवेदकको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२)

आदेश

**न्या. जगदीश शर्मा पौडेल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतमा दर्ता भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यस प्रकार छ :–

दक्षिण कोरियामा प्रशिक्षार्थी कामदार पठाउन मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.छनौट भएकाले कामदार पठाउनेसम्बन्धमा दक्षिण कोरिया स्थित साना तथा मझौला सङ्घ (KFSB) र मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.बीच मिति २०५९।१२।२६ तदनुरूप अप्रिल ९, २००३ मा सम्झौता भएको थियो । सम्झौतामा उक्त प्रा.लि.ले नेपालमा तालिम, हवाई शुल्क, कोरियामा हुने तालिम, काममा सहभागी हुनु अघि लाग्ने खर्च, बिमा खर्च, सेवा शुल्कबापत १२९२।– डलर बराबरको रकम लिन पाउने उल्लेख थियो । कामदारबाट लिन पाउने रकम उक्त प्रा.लि.को लेखा शाखामा बुझाई रसिद लिनुपर्ने भनी मुनड्रप्स ओभरसिज प्रा.लि.को सूचना पार्टीमा र सार्वजनिक सञ्चार माध्यममा सूचना प्रकाशन गरेको थियो। एजेन्ट तथा व्यक्तिलाई रकम लिन पाउने र बुझाउने व्यवस्था थिएन। दक्षिण कोरियाबाट प्रशिक्षार्थी कामदार माग भई आएपछि सार्वजनिक सूचना प्रकाशन गरी प्रतिष्पर्धा गराई सम्झौतामा उल्लिखित सर्तहरू पूरा गरी २१५५ जना कामदार पठाइएको थियो। हाल दक्षिण कोरियामा प्राइभेट कम्पनीले कामदार पठाउन पाउने व्यवस्था बन्द भै सकेको छ। Man power कम्पनीले कामदार पठाउन पाउने व्यवस्था बन्द भै सकेपछि मिति २०६४।६।५ मा दक्षिण कोरियामा रोजगारीको लागि पठाईदिन रकम लिई नपठाएको भनी केही अपरिचित व्यक्तिहरूले मुनड्रप्स ओभरसिजमा आई अवाञ्छित क्रियाकलाप गरी ओभरसिजमा भौतिक क्षति पुर्‍याई हामी सञ्चालकहरूलाई शारीरिक क्षतिको समेत धम्की दिएकाले मिति २०६४।६।६ मा महानगरीय प्रहरी वृत्त महाराजगञ्जमा शान्ति सुरक्षा गरी पाउन निवेदन गरेका थियौँ।

उक्त प्रहरी वृत्तले मिति २०६४।६।८ मा केही कुरा बुझ्न बोलाएकामा सो प्रा.लि.का पूर्व कर्मचारी प्रकाश सेवा र असिम विक्रम शाहलाई पक्राउ गरिएको थियो । सोनाली मेनपावरका श्यामप्रसाद उप्रेती र टाइटानिक टुर्स एन्ड ट्राभल्स एजेन्सीका सञ्चालक उत्सव श्रेष्ठलाई दक्षिण कोरियामा कामदार पठाउन रकम उठाएको र प्रकाश सेवा तथा असिम विक्रम शाहले लिएको रकम सम्बन्धमा हामीसँग सोधपुछ गर्दा सञ्चालकको कुनै संलग्नता नरहेको भनी प्रष्ट पारेका थियौं। पछि श्रम तथा रोजगार प्रर्वधन विभागमा पनि संस्थागत र व्यक्तिगतरूपमा संलग्नता नरहेको बताएका थियौं । अनुसन्धानको क्रममा वैदेशिक रोजगार विभागबाट मिति २०६४।७।२९ मा "अन्नपूर्ण

पोष्ट राष्ट्रिय दैनिक" र मिति २०६४।८।१ मा "नयाँ पत्रिका"मा हामी निवेदक समेतलाई कसैले वैदेशिक रोजगार प्रयोजनको लागि रकम बुझाएको भए सप्रमाण विभागमा दाबी गर्न आउनु भनी सूचना प्रकाशन हुँदा कसैले पनि हामी निवेदकलाई रकम बुझाएको भनी दाबी नगरेको कारण हामी निवेदकको हकमा मुद्दा चल्न नसक्ने भन्ने व्यहोराले विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले मिति २०६४।८।२५ मा निर्णय गरेको थियो । फूर्पा लामासमेत ९७ जनाको जाहेरीले वादी नेपाल सरकार विरूद्ध असिम बिक्रम शाहसमेत चार जनाको हकमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भई वैदेशिक रोजगार न्यायाधिकरणको गठन भएपछि उक्त मुद्दा सो न्यायाधिकरणमा सरी हाल विचाराधीन अवस्थामा छ । ९७ जनाको जाहेरी दरखास्तमा हामीलाई रकम बुझाएको भन्ने व्यहोरा उल्लेख छैन । सो मुद्दामा हामीलाई वैदेशिक रोजगार न्यायाधिकरणले अ.बं.१३९ नं. बमोजिम झिकाई बयान गराउँदा हामीले भएको यथार्थ कुरा खुलाई बयान गरेका छौं । विपक्षी वैदेशिक रोजगार विभागले हामी निवेदकलाई बयान गराई तारिखमा राखेकामा तारिख टुटाइयो। तारिख टुटेपछि के भइरहेको थियो भन्ने थाहा थिएन। पछि काम विशेषले वैदेशिक रोजगार विभागमा जाँदा हामीउपर पूरक अभियोगपत्र दायर भएको बुझिन आएकाले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणमा गई बुझ्दा सो न्यायाधिकरणबाट मिति २०६८।३।१२ मा हामीउपर मुद्दा चलाउन आदेश गरेको रहेछ।

वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा श्यामप्रसाद उप्रेतीउपर चलेको मुद्दामा प्रतिकूल असर पार्ने गरी अधिकारक्षेत्र नाघी मुलुकी ऐन अ.बं.८८ नं. बमोजिम पूरक अभियोगपत्र पेस गर्ने आदेश भई तदनुरूप जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र वैदेशिक रोजगर विभागमा लेखी पठाई मिति २०६९।६।१५ मा विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले हामीउपर पनि सोही कसुरमा मुद्दा चलाउने भनी निर्णय गरी पहिले दायर भएको मुद्दाका प्रतिवादी श्यामप्रसाद उप्रेतीले लिएको बिगोमा मिति २०६९।१०।७ गते पूरक अभियोगपत्र दायर भएको रहेछ । फूर्पा लामासमेतको जाहेरीले अनुसन्धान भई अनुसन्धान अधिकृतले विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पेस गरेको अनुसन्धान प्रतिवेदन तथा सङ्कलित प्रमाणको आधारमा हामीउपर मुद्दा नचल्ने भनी निर्णय भैसकेको छ। सो कुरा पहिले दायर भएको अभियोग पत्रको पृष्ठ १४ बाट पनि प्रष्ट हुन्छ। उक्त पृष्ठ १४ मा हामीउपर मुद्दा नचल्ने भनी प्रष्ट लेखिएको छ । एक पटक साधिकार निकाय जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने भनी निर्णय गरी सके पछि पुनः मुद्दा चलाउने गरी निर्णय गर्नु कानूनको विपरीत हुन्छ।

न्यायाधिकरणलगायत अदालत न्यायिक तटस्थतामा रहनु पर्दछ भन्ने स्वतन्त्र न्यायपालिकाको विशेषता र चरित्र हो । अदालत वा न्यायाधिकरणले अभियोगपत्र दर्ता गर्ने स्थान ग्रहण गर्न सक्दैन । न्यायाधिकरण आफैँले आदेश गरेर कोही कसै विरूद्ध अभियोगपत्र पेस गर भनेर आदेश गर्नु संविधानको भावना र मर्मविपरीत कार्य हो । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ बमोजिम वैदेशिक रोजगार विभागबाट सजाय हुनेबाहेक ऐनमा उल्लिखित अन्य मुद्दामा सुरू कारवाही र किनारा गर्ने क्षेत्राधिकार उक्त न्यायाधिकरणलाई प्राप्त छ । त्योबाहेक अन्य निकायलाई कुनै निर्देशन वा आदेश दिने अधिकार छैन। अधिकार क्षेत्र नाघी आदेश गरेमा त्यो स्वतन्त्र न्यायपालिकाको विरूद्व कार्य हुन्छ। ऐनको दफा ६५ अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा दायर भएका मुद्दामा सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ लागू हुन्छ । अनुसन्धान र अभियोगको हकमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लागू हुन्छ। तथापि सरकार वादी हुने मुद्दामा तथा कानूनले नै अदालतले कारवाही चलाउनु पर्ने भनिएको अवस्थामा बाहेक उक्त सङ्क्षिप्त कार्यविधि ऐनको दफा ५(४) कुनै हालतमा आकर्षित हुँदैन । मिति २०६८।३।१ मा हाजिर भै बयान गर्दा कुनै कारवाही नगरिएकामा न्यायाधिकरण स्वयम्ले पूरक अभियोग पत्र दायर गर्न विपक्षी जिल्ला सरकारी

वकिल कार्यालयसमेतलाई आदेश गरिएबाट पनि सो दफा आकर्षित नहुने प्रष्ट छ।

प्रतिद्वन्दात्मक कानून प्रणालीमा वैदेशिक रोजगार न्यायाधिकरण समेतको काम न्याय निरूपण गर्नु मात्र हो । अनुसन्धान तथा अभियोजन गर्नु होइन । वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई मुद्दा चलाउन निर्देशन दिएको विपक्षी न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश न्यायको मान्य सिद्धान्त विपरीत छ। त्यसै गरी एक पटक मुद्दा नचलाउने गरी गरेको निर्णयउपर पुनः आफैले प्रश्न उब्जाई जिल्ला सरकारी वकिल कार्यालयलाई मुद्दा चलाउने निर्णय गर्न सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले अधिकार दिएको छैन। त्यसैले उक्त आदेश एवम् निर्णय क्षेत्राधिकार विहिन भई असंवैधानिक छ। त्यसमा पनि पहिलो विचाराधीन मुद्दाको अनुसन्धान अधिकृत र अभियोजनकर्ता उपर कारवाही गर्न लेखी पठाउने गरी भएको आदेशले हाल पेस भएको मुद्दाको अनुसन्धानकर्ता एवम् अभियोजनकर्तालाई पनि पूर्ण रूपमा नियन्त्रणमा राख्न सक्ने अवस्था भएकाले अनुसन्धानकर्ता र अभियोजनकर्ताले पूरक अभियोगपत्र पेस गरेको भन्ने प्रष्ट हुन आएको छ। सार्वजनिक पदाधिकारीले राज्यको काम कानूनबमोजिम गर्नुपर्दछ । कानूनको शासनको सिद्धान्तअनुसार अन्य निकायको अधिकारमा पनि अतिक्रमण गर्न हुँदैन । मुद्दा हेर्ने पदाधिकारी एवम् निकायले नै हामीहरूलाई सफाइ दिने आधार खण्डित भएको भन्दै मिति २०६८।३।१२ मा उक्त आदेश भएकाले हामीले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणबाट न्याय पाउने अवस्था समाप्त भइसकेको छ । आदेशबाटै अप्रत्यक्ष फैसला गरिएको छ।

फौजदारी कसुरमा अभियोग अर्कामा सर्न सक्दैन। कम्पनी ऐन, २०६३ को दफा १०३ र १०४ का व्यवस्था देवानी दायित्वमा लागू हुने व्यवस्था हो। फौजदारी कसुरमा लागू हुँदैन। मुद्दामा साक्षीको वकपत्र अभियोग पत्रको थप सबुद प्रमाण हुन सक्दैन । प्रकाश सेवाले जाहेरवालाको रकम लिएको कुरा इन्कार गरे भन्दैमा त्यो हामी निवेदक विरूद्धको प्रमाण हुन सक्दैन। निवेदकहरूले एजेन्टको कार्य गरेको भन्ने तथ्य वैदेशिक रोजगार ऐन, २०४२ को विपरीत छ। किनभने सो ऐनले एजेन्ट राख्न पाउने कार्यलाई पूर्णरूपमा वर्जित गरेको छ। असिम विक्रम शाह र प्रकाश सेवाले हामी सञ्चालक निवेदकहरूको आदेशमा रकम बुझेको भन्न सकेको अवस्था छैन। वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेशको आधारमा हामीउपर पूरक अभियोग पत्र दायर गर्ने भनी भएको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको निर्णय मुलुकी ऐन, अ.बं.२९, ३५, ८८ नं., सङ्क्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ५(४), सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७(२), वैदेशिक रोजगार न्यायाधिकरण ऐन, २०६४ को दफा ६४(१) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२)(६) समेतको विपरीत भई हाम्रो मौलिक हक प्रचलनमा आघात पुगेकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी आवश्यक आदेश जारी गरिपाऊँ । साथै वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेशबमोजिम दायर भएको पूरक अभियोगपत्रबमोजिमको कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदकहरूको रिट निवेदन।

यसमा १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिनू। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) मा कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ ले मुद्दा दायर गर्ने अधिकारी र दफा ६४ ले मुद्दाको निर्णय गर्ने अधिकारीको व्यवस्था गरेको पाइन्छ। नेपाल सरकार वादी हुने फौजदारी

मुद्दामा कुनै व्यक्ति विशेषलाई प्रतिवादी कायम गर्न लगाई मुद्दा दायर गर्न लगाउन सक्ने गरी मुद्दा निर्णय गर्ने अधिकारीलाई प्रचलित कुनै कानूनले अधिकार प्रदान गरेको देखिन नआएकाले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा अ.बं.८८ नं. बमोजिम निवेदकहरूउपर अभियोगपत्र पेस गर्नु भनी गरेको आदेश नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित कानून, स्वच्छ सुनुवाइको सिद्धान्त (Principle of Fair) तथा न्यायिक परम्परा र मूल्य मान्यताअनुकूल नदेखिएको हुँदा विचाराधीन मुद्दाको कारवाही किनारा गर्ने कुरामा कुनै असर नपर्ने गरी यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को निवेदकहरूको हकमा पूरक अभियोग पेस गर्नु भन्ने आदेश र सो आदेशको आधारमा मिति २०६९।६।१५ मा पेस भएको पूरक अभियोगपत्रबमोजिम कुनै काम कारवाही नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७०।२।२२ को आदेश।

रिट निवेदकहरूका विरूद्ध वैदेशिक रोजगार ठगी गरेको भनी श्यामप्रसाद उप्रेतीसमेतको उजुरी परी अनुसन्धान हुँदा वैदेशिक रोजगार न्यायाधिकरणमा साक्षी परीक्षणका क्रममा निजहरूको संलग्नता देखिने आधार बकपत्रसमेतबाट खुलेको भन्ने आधारमा वैदेशिक रोजगार विभागबाट अनुसन्धान भई रायसहितको निर्णयका लागि यस कार्यालयमा प्राप्त हुन आएकामा यस कार्यालयबाट मिति २०६९।६।१५ मा यी निवेदकहरूका विरूद्ध पूरक अभियोगपत्र दायर गर्न निर्णय भएको हो । रिट निवेदकहरूका विरूद्ध मुद्दा चल्नु पर्ने निर्णय गर्नुको आधार वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश मात्र होइन । निजहरूका विरूद्ध पछि पर्न आएका उजुरीमा निजहरूको कसुरमा संलग्नता खुलेको प्राप्त प्रमाणहरूको आधारमा निर्णय भएको हो भन्ने देखिँदादेखिँदै सो कुरालाई बेवास्ता गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको आदेशको आधारमा निर्णय भई मुद्दा दायर भएको भन्ने शङ्का र अनुमानको आधारमा प्रस्तुत रिट दायर हुन आएकाले खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको तर्फबाट पेस भएको लिखित जवाफ।

जाहेरवालाहरूले वैदेशिक रोजगारको लागि दक्षिण कोरिया जान मुनड्रप्स ओभरसिज सर्भिसेजमा रकम बुझाएको भनी जाहेरीमा उल्लिखित व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन आएको छ । उक्त प्रा.लि.को लेटरप्याडमा कार्यकारी निर्देशक पुकार नरसिंह राणाको निर्देशनमा मार्केटिङ्ग अफिसर असिम विक्रम शाहको मौखिक भनाइमा ज्ञानेन्द्र कार्कीमार्फत ३७ जना व्यक्तिहरूको राहदानी र रू.३७,००,०००।– प्रकाश सेवाले लिएको भन्ने कुरा मिति २०६३।३।१७ को भरपाईबाट देखिन्छ। कम्पनी ऐन, २०६३ को दफा १०३ र १०४ मा कर्मचारी वा एजेन्टले गरेको काम कारवाहीमा कम्पनीको दायित्व रहने व्यवस्था छ । सो प्रा.लि. का कर्मचारीहरू असिम विक्रम शाह र प्रकाश सेवाले श्यामप्रसाद उप्रेती समेतबाट रू.२,२८,१९,०००।– ठगी गरेकाले हर्जानासमेत रू.३,४४,२८,५००।– भराई पाउन अभियोग लगाई मुनड्रप्सका सञ्चालकहरू पुकार नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा, प्रभाकर नरसिंह राणा र ताराप्रसाद भट्टराईको हकमा प्रमाण अभाव भएको भनी अनुसन्धान अधिकृत र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँका जिल्ला न्यायाधिवक्ताले करोडौंको बिगो र हर्जानासमेत कामदारबाट भरी पाउन मागदाबी लिई प्रमाणको मूल्याङ्कन नगरी सञ्चालकहरूलाई उन्मुक्ति दिई मिति २०६४।८।२५ मा निर्णय गरी यी निवेदकहरूउपर मुद्दा नचलेको कार्य त्रुटि पूर्ण हुँदा अ.बं.८८ नं. बमोजिम पूरक अभियोग पेस गर्ने नगर्ने सम्बन्धमा यो आदेशसमेतका आवश्यक कागजातको प्रतिलिपि राखी जिल्ला सरकारी वकिल कार्यालय र वैदेशिक रोजगार विभागलाई लेखी पठाई

सो को बोधार्थ तथा कार्यार्थ महान्यायाधिवक्ताज्यूलाई दिने भनी आदेश भएको हो ।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट यी प्रतिवादीहरू उपर पछि प्रमाणसहित उजुरी परेमा कानूनबमोजिम हुने भनी मिति २०६४।८।२५ मा निर्णय भएकाले यी प्रतिवादीउपर श्यामप्रसाद उप्रेतीको किटानी जाहेरी परेको र प्रकाश सेवामार्फत कम्पनीको लेटरप्याडमा निवेदकहरूले रकम बुझी लिएको कागज मिसिल सामेल रहेकाले यी निवेदकहरूलाई प्रतिवादी कायम गरी मुद्दा दायर गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।६।१५ मा निर्णय भई मिति २०६९।१०।७ गते निवेदकहरूलाई प्रतिवादी कायम गरी दायर भएको अभियोगपत्र कारवाहीयुक्त अवस्थामा रहेको छ । यस न्यायाधिकरणको आदेशले निवेदकहरूलाई असर हुने भए कानूनबमोजिम तत्काल समयभित्र आदेश बदर गराउनु पर्नेमा आदेश बदर पनि नगराएको र पूरक अभियोग पेस भई मुद्दा विचाराधीन रहेको हुँदा मुद्दाको अन्तिम सुनुवाइ हुँदाको बखत तथ्य, प्रमाण र कानूनको विवेचना गरी निर्णय हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको वैदेशिक रोजगार न्यायाधिकरणको तर्फबाट पेस भएको लिखित जवाफ ।

निवेदकहरूले आफूहरू सञ्चालक रहेको मुनड्रप्स ओभरसिज प्रा.लि. मार्फत वैदेशिक रोजगारमा कामदार दक्षिण कोरिया पठाउने भनी रकम उठाई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नगरेको सम्बन्धमा आवश्यक अनुसन्धान गरी दायर भएको मिति २०६४।८।२६ को मुद्दा विचाराधीन रहेको अवस्थामा पूरक अभियोग पेस गर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौँसँग राय माग गरेको थियो । जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौको मिति २०६९।६।१५ को निर्णयबमोजिम पूरक अभियोग पेस गरेको कानूनसम्मत कार्यले निवेदकहरूको हक अधिकार हनन् भएको भन्न मिल्दैन । अनुसन्धान अधिकृतले सरकारी वकिलको राय लिई पूरक अभियोग दर्ता गर्न पाउने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी वैदेशिक रोजगार विभागको तर्फबाट पेस भएको लिखित जवाफ ।

रिट निवेदकले यस कार्यालयको के कुन काम कारवाही वा निर्णयले निजहरूको मौलिक हक हनन् भएको हो भन्ने कानूनी आधार देखाउन नसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट पेस भएको लिखित जवाफ ।

यसमा यी निवेदकउपर मुद्दा चलाउने गरी भएको निर्णयसहितको फायल जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट झिकाई फूर्पा लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी असिम बिक्रम शाहसमेत भएको वैदेशिक रोजगार मुद्दाको मिसिल र यी निवेदकहरूको हकमा जिल्ला सरकारी वकिल कार्यालयबाट पेस भएको पूरक अभियोगपत्रसहितको मिसिल पेसीको दिन इजलाससमक्ष देखाइ फिर्ता लाने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०७१।३।९ को आदेश ।

प्रस्तुत रिट निवेदनमा सरिक गराइपाउँ भन्नेसमेत व्यहोराले श्यामप्रसाद उप्रेतीको तर्फबाट पेस भएको निवेदनमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम निवेदकलाई प्रस्तुत रिट निवेदनको कारवाहीमा संलग्न हुन अनुमति दिइएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७१।४।१९ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीबहादुर कार्की र विद्वान् अधिवक्ता श्री शरदप्रसाद कोइरालाले प्रस्तुत विवादमा तथ्यगत र सैद्धान्तिक गरी २ वटा प्रश्न समावेश भएका छन । तथ्यगतरूपमा हेर्दा देखादेखी कानून प्रतिकूलको आदेशको आधारमा उठान गरिने प्रत्येक कारवाही न्यायको मान्य सिद्धान्त

प्रतिकूल भई त्रुटियुक्त हुन्छ । मिति २०६४।८।२६ को अभियोगपत्रमा विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले प्रतिवादी श्यामप्रसाद उप्रेतीसमेत ४ जनाको हकमा मात्र मुद्दा चलाउने र यी निवेदकहरूउपर मुद्दा नचलाउने भनी निर्णय गरी राय दिएको आधारमा वैदेशिक रोजगार विभागले श्यामप्रसाद उप्रेतीसमेत ४ जनालाई प्रतिवादी कायम गरी मुद्दा दायर गरेको थियो । यी निवेदकहरू मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.सँग आबद्ध व्यक्ति भए तापनि दक्षिण कोरियामा कामदार पठाइदिने भनी जाहेरवाला श्यामप्रसाद उप्रेतीले रकम उठाउन लगाएको भनेर यी निवेदकहरूलाई पोल गरेको अवस्था एकातिर छैन भने अर्कोतिर अनुसन्धानको क्रममा पत्र पत्रिकामा सार्वजनिक रूपमा प्रकाशित सूचनाबमोजिम पनि कसैले प्रमाणसहित दाबी गर्न सकेको देखिँदैन । वैदेशिक रोजगार विभागले अ.बं.१३९ नं. बमोजिम बयान गराई सो बयान र अनुसन्धान तथा तहकिकातको क्रममा सङ्कलित सबुद प्रमाणको आधारमा यी निवेदकहरूउपर जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने भनी निर्णय गरेको छ ।

सैद्धान्तिकरूपमा हेर्दा हामीले अवलम्बन गरी आएको कानूनी प्रणाली, संवैधानिक व्यवस्था र न्यायको मान्य सिद्धान्तअनुसार पनि न्यायाधिकरण वा अदालत आफैले कसै व्यक्तिउपर अनुसन्धान गरी पुनः मुद्दा दायर गर्नु भनेर आदेश गर्न मिल्दैन । अदालत एवम् न्यायाधिकरण स्वतन्त्र तटस्थ निकाय हो । अनुसन्धान गर्ने निकाय र अभियोग गर्ने निकाय फरक फरक छन । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को मूल्य, मान्यता र मर्म पनि उल्लिखित फरक फरक निकायले अनुसन्धान गर्ने र अभियोजन गर्ने भन्ने हो । शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम पनि कार्यपालिकाको विशुद्ध काममा हस्तक्षेप गर्न मिल्दैन । न्यायाधिकरणले न्यायसम्बन्धी अधिकार मात्र प्रयोग गर्ने हो । तर, विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा मुलुकी ऐन अ.बं.८८ नं. को प्रसँग देखाइ एक पटक मुद्दा नचल्ने भनी भएको निर्णय अन्तिम भएर बसेको अवस्थामा यी निवेदकउपर पूरक अभियोगपत्र पेस गर्न आदेश भएको छ ।

अतः वैदेशिक रोजगार न्यायाधिकरणको उक्त आदेशको आधारमा विपक्षी जिल्ला सरकारी वकिल कार्यालयले मिति २०६९।६।१५ मा मुद्दा दायर गर्न निर्णय गरेको  र सोको आधारमा पूरक अभियोगपत्र दायर भएको देखिएको हुँदा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०६९।६।१५ को निर्णय र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश न्यायको मान्य सिद्धान्त, न्यायिक तटस्थताको सिद्धान्त र संवैधानिक व्यवस्थासमेतको विपरीत हुँदा नेपालको अन्तरिम संविधानको धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले बहस प्रस्तुत गर्नु भई आफ्नो पक्षको तर्फबाट बहस नोट पनि पेस गर्नुभयो ।

प्रत्यर्थी निकायको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले वैदेशिक रोजगार न्यायाधिकरणले अभियोगपत्र पेस गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक कागजात वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पठाउनु भनेर मिति २०६८।३।१२ मा आदेश गरेको भएता पनि सो आदेशको आधारमा निवेदकहरूउपर पूरक अभियोगपत्र पेस भएको होइन । पूरक अभियोगपत्र पछिल्लो पटक श्यामप्रसाद उप्रेतीको जाहेरी र स्वतन्त्र रूपमा संकलित सबुद प्रमाणको विश्लेषणको आधारमा पेस भएको हो । मुद्दा पेस भई हाल विचाराधीन रहेको अवस्थामा रिट क्षेत्रबाट पूरक अभियोगपत्रको औचित्यमा प्रवेश गर्न मिल्दैन। मुद्दामा ठहरेबमोजिम निर्णय हुनुपर्दछ। सरकारी वकिल कार्यालयबाट भएको निर्णयमा कुनै कानूनी त्रुटि देखाउन सकेको पनि देखिँदैन । त्यसमा पनि मातहत अदालतको न्यायिक कारवाहीलाई प्रभावित पार्ने गरी माथिल्लो अदालतले निर्णय गर्न नमिल्ने भनी सिद्धान्त प्रतिपादनसमेत भएको अवस्थामा प्रस्तुत रिट विनेदन

खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नु भई बहस नोटसमेत पेस गर्नुभयो।

श्यामप्रसाद उप्रेतीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री लभकुमार मैनाली र विद्वान् अधिवक्ता श्री बिनोद कार्कीले हाम्रो पक्षले रकम उठाएर कम्पनीलाई बुझाएको भन्ने कुरा रसिदबाट प्रष्ट छ। कम्पनी भनेका सञ्चालकहरू हुन। निवेदकहरूले वैदेशिक रोजगार न्यायाधिकरणको आदेशले पूरक अभियोगपत्र पेस भएको भनी जिकिर लिएको भए तापनि वैदेशिक रोजगार न्यायाधिकरणको आदेशले पूरक अभियोगपत्र पेस भएको होइन। यी निवेदकहरू उपर मिति २०६६।१२।१० मा श्यामप्रसाद उप्रेतीले दिएको जाहेरीमा कारवाही अगाडि बढाइएन। निवेदकहरू उपर उजुर गर्ने ९७ जनाभन्दा बढी छन। तर, ९७ जनाको मात्र उजुरीलाई Accept गरियो र बाँकीको उजुरीमा कारवाही अगाडि बढाइएन। त्यसैले श्यामप्रसाद उप्रेती समेतको उजुरीको आधारमा कसुरको तहकिकात भई पूरक अभियोगपत्र दायर भएकाले निवेदकहरूको मौलिक हकमा आघात नपुग्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराले बहस प्रस्तुत गर्नु भई पक्षको तर्फबाट बहस नोटसमेत पेस गर्नुभयो।

पक्ष विपक्षको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नु भएको उपर्युक्त बहससमेत सुनी निवेदन मागबमोजिकको आदेश जारी हुनु पर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. आज निर्णय सुनाउन तारिख तोकिएको प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा मिति २०६४।८।२६ मा पेस भएको अभियोगपत्रमा हामी निवेदकहरूउपर प्रमाणको अभाव देखाई मुद्दा नचलाउने गरी विपक्षी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले विपक्षी वैदेशिक रोजगार विभागलाई राय दिएको थियो। सो रायका आधारमा असिम विक्रम शाह, प्रकाश सेवा, श्यामप्रसाद उप्रेती र उत्सव श्रेष्ठसमेत चार जनाउपर मात्र वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर भई सो मुद्दा कारवाहीयुक्त अवस्थामा रहेकामा विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणले सो मुद्दाको कारवाहीको क्रममा हामीउपर पनि मुद्दा चलाउने गरी अभियोगपत्र पेस गर्न मिति २०६८।३।१२ मा आदेश गरेको रहेछ। न्यायाकिरणको उक्त आदेशको आधारमा विपक्षी वैदेशिक रोजगार विभागले पहिले कै अनुसन्धानलाई टेकी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पुनः अर्को मुद्दा चलाउने रायको लागि पठाएकामा सो सरकारी वकिल कार्यालयले मिति २०६९।६।१५ मा हामीहरूउपर पनि मुद्दा चलाउने निर्णय गरेपछि वैदेशिक रोजगार बिभागबाट वैदेशिक रोजगार न्यायाधिकरणमा पूरक अभियोग पेस गरियो। उक्त पूरक अभियोगपत्र प्रचलित कानूनी व्यवस्थासमेतको विपरीत भएको हुँदा विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौँको मिति २०६९।६।१५ को निर्णय संविधानको धारा १०७(२) को आधारमा उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने रिट निवेदन रहेकामा विपक्षीहरूबाट प्राप्त लिखित जवाफमा वैदेशिक रोजगार न्यायाधिकरणको उक्त मिति २०६८।३।१२ को आदेशले निवेदकहरूउपर पूरक अभियोगपत्र पेस भएको नभई श्यामप्रसाद उप्रेतीसमेतको उजुरीको आधारमा स्वतन्त्ररूपमा सङ्कलित प्रमाणलाई विश्लेषण गरी पूरक अभियोगपत्र दायर भएको हो, स्वतन्त्ररूपमा मुद्दा दायर गर्न पाउने र पूरक अभियोगपत्र पेस गर्न पाउने अभियोजनकर्ताको कानूनी दायित्व हो, वैदेशिक रोजगार न्यायाधिरकणले मुद्दा चलाउने नचलाउने सम्बन्धमा निर्णय गर्न आदेशको प्रतिलिपिसमेत साथै राखी पठाउने भन्नेसम्म आदेश गरेको छ। यी निवेदकउपर मुद्दा दायर गर्नु भनी आदेश नभएको हुँदा कानूनबमोजिम भएको आदेशमा रिट जारी हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिन्छ।

३. वस्तुतः प्रस्तुत रिट निवेदनमा विपक्षी वैदेशिक रोजगार विभागले यी निवेदकहरूले दक्षिण कोरियामा प्रशिक्षार्थी कामदार पठाउने सिलसिलामा रकम उठाई नतिरेको र विदेश पनि नपठाएको

उजुरीउपर अनुसन्धान तथा तहकिकात भई मिति २०६४।८।२६ मा असिम बिक्रम साह, प्रकास सेवा, श्यामप्रसाद उप्रेती र उत्सव श्रेष्ठ विरूद्ध मुद्दा दायर भएकामा त्यस समयमा मुद्दा नचल्ने भनेकामा पछि मुद्दा चल्ने नचल्ने सम्बन्धमा निर्णय गर्न भनी वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा गरेको आदेशको आधारमा यी रिट निवेदकहरूलाई सजायको मागदाबी लिई पूरक अभियोग पत्र पेस भएको देखिन्छ । त्यसरी वैदेशिक रोजगार न्यायाधिकरणको आदेशले पूरक अभियोग पत्र पेस गर्न मिल्ने, हो होइन भन्ने सम्बन्धमा नै सर्वप्रथम विवेचना गर्नुपर्ने देखिन आयो।

४. फूर्पा लामासमेत ९७ जनाले दिएको जाहेरीको आधारमा मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.का यी निवेकदहरूसमेत उपर सुरूमा वैदेशिक रोजगार विभागबाट तोकिएको अनुसन्धान अधिकृतबाट अनुसन्धान तथा तहकिकात भएको देखिन्छ । अनुसन्धानको क्रममा यी निवेदकहरू, असिम विक्रम शाह तथा प्रकाश सेवाले गरेको बयान र सङ्कलित सबूद प्रमाणको आधारमा निवेदक पुकार नरसिंह राणासमेत ४ जनालाई मुद्दा नचलाउने भनी विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले मिति २०६४।८।२५ मा निर्णय गरेको भन्ने कुरा मिसिल संलग्न रहेको असिम बिक्रम साहसमेत चार जना प्रतिवादीको हकमा मिति २०६४।८।२६ मा पेस भएको अभियोगपत्रको पृष्ठ १४ बाट देखिन आएको छ। सो मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ। पूरक अभियोग सामान्यतयाः एउटै वारदातमा संलग्न प्रतिवादीहरू अरू पनि छन् भन्ने कुरा अभियोगपत्र दायर भै सकेपछि मात्र थाहा हुन आएमा त्यस्तो व्यक्तिहरूको हकमा मूल अभियोगकै अभिन्न अङ्ग हुने गरी पेस गरिन्छ । तर प्रस्तुत मुद्दामा वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा उपर्युक्त व्यहोराको आदेश गरेपछि यी निवेदक चार जनाउपर पनि वैदेशिक रोजगार मुद्दाको अभियोगपत्र पेस भएको देखिन्छ । सो अभियोगपत्रको पृष्ठ ११ को अध्ययन गर्दा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेशानुसार मुलुकी ऐन अ.बं. ८८ नं. बमोजिम मिति २०६४।८।२६ मा दायर भएको अभियोगपत्रमा प्रतिवादीहरू पुकार नरसिंह राणा, प्रसिद्व नरसिंह राणा, प्रभाकर नरसिंह राणा र ताराप्रसाद भट्टराईलाई समेत प्रतिवादी कायम गरी निजहरूलाई समेत सजायको मागदाबी दिई वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोगपत्र पेस गर्ने गरी जिल्ला सरकारी वकिल कार्यालयबाट मिति २०६९।६।१५ मा राय प्राप्त हुन आएकाले भन्ने समेतको व्यहोरा उल्लेख भएको देखिन्छ। सुरूमा एक पटक उसै उजुरीउपर अनुसन्धान गर्दा सबूद प्रमाणको अभाव देखाई यी रिट निवेदकहरू उपर मुद्दा नचलाउने निर्णय गरेकामा पछि उसै निकायले उसै उजुरीको आधारमा पुनः मुद्दा चलाउने गरी निर्णय गरेको अवस्था देखिन आएको छ। वैदेशिक रोजगार न्यायाधिकरणले गरेको आदेश र विपक्षी जिल्ला सरकारी वकिल कार्यालयले पूरक अभियोगपत्र दर्ता गर्ने गरी निर्णय गर्दा त्यस्तो के कुन नयाँ सबुद प्रमाण फेला परी यी निवेदकउपर मुद्दा चलाउनु परेको भन्ने कुरा लिखित जवाफमा उल्लेखसम्म गर्न सकेको देखिँदैन।

५. हाम्रो देशको कानून प्रणाली कमल ल (common law) बाट प्रभावित कानून प्रणाली मानिन्छ। यस्तो प्रणालीमा अपराधको अनुसन्धानको जिम्मा राज्यले लिन्छ । अपराधको अनुसन्धान गर्न मुद्दाको प्रकृति हेरी विषयगत आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, वैदेशिक रोजगार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धिकरण विभाग आदि जस्ता निकाय र अन्यमा नेपाल प्रहरीको व्यवस्था रहेको छ भने प्रमाण केलाउने, अनुसन्धान गर्ने निकायलाई निर्देशन दिने, मुद्दा चलाउने र अदालतमा प्रतिरक्षाको लागि सरकारी वकिलको व्यवस्था रहेको पाइन्छ । कमन लबाट प्रभावित देशहरूको कानून प्रणालीमा कुनै व्यक्तिउपर सजायको मागदाबी लिई अभियोगपत्र पेस गर्ने वा नगर्ने सम्बन्धमा अदालत र न्यायाधिकरणसमेतको कुनै

भूमिका हुँदैन । साथै यो कानून प्रणाली अवलम्बन गर्ने देशको अदालतले कसैउपर अभियोग लगाउने अभियोक्ताको काम पनि गर्दैन । हाम्रो सन्दर्भमा हेर्दा मुद्दाका पक्ष तथा अनुसन्धानबाट प्राप्त सबुद प्रमाणहरूको उचित मूल्याङ्कन गरी प्रचलित सारवान र कार्यविधि कानूनबमोजिम कुनै व्यक्ति दोषी देखिएमा दोषको मात्राबमोजिमको सजायको मागदाबी लिई नेपाल सरकारको तर्फबाट मुद्दा दायर गर्ने अधिकार महान्यायाधिवक्तालाई र महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन भएबमोजिम सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्तालाई प्राप्त छ। मूलतः हाम्रो देशको कानूनी व्यवस्थाअनुसार कुनै फौजदारी कसुरका सम्बन्धमा कुनै व्यक्तिउपर अभियोजन गर्ने वा नगर्ने भन्ने कुराको निर्धारण अदालतले गर्ने होइन । फौजदारी मुद्दामा अभियोजन गर्ने कार्यको जिम्मेवारी कानूनले प्रष्टरूपमा महान्यायाधिवक्ता वा निजले अधिकार प्रत्यायोजन गरी सुम्पेको मातहत अधिकृतलाई तोकेको छ । यी निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा यी रिट निवेदकहरूलाई कानूनबमोजिम बयान गराई प्रमाण सङ्कलन गर्नेसमेतका काम सम्पन्न भएको अवस्थामा कसुरदार नदेखिएको आधारमा एकपटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरी सकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनतः मिल्ने देखिँदैन।

६. वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ बमोजिम वैदेशिक रोजगार न्यायाधिकरणले उक्त ऐनमा वैदेशिक रोजगार विभागबाट सजाय हुने भनी लेखिएको बाहेक अन्य मुद्दामा सुरू कारवाही र किनारा गर्ने अधिकार मात्र प्राप्त गरेको देखिन्छ। सुरू कारवाही र किनारा गर्ने अधिकारभित्र अभियोग पत्र पेस गर्ने गरी आदेश गर्न पाउने अधिकार समावेश भएको मान्न मिल्दैन । वैदेशिक रोजगार विभागबाट तोकिएको अनुसन्धान अधिकृतले अनुसन्धान तथा तहकिकात गरी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको रायले मुद्दा दायर हुने हो । तर, प्रस्तुत विवादमा वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतले अनुसन्धान गरी स्वतन्त्ररूपमा निवेदकहरू उपर मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा रायको लागि पेस भएको नभई वैदेशिक रोजगार न्यायाधिकरणको आदेशले मुद्दा चलाउने भनी विपक्षी जिल्ला सरकारी वकिल कार्यालयले गरेको निर्णयको आधारमा पूरक अभियोगपत्र दायर भएको अवस्था देखिन्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लागू भएपछि अनुसन्धान तथा तहकिकात गर्न र अभियोजन गर्न फरक फरक निकाय हुने गरी कार्य विभाजन समेत गरेको अवस्थामा अभियोजन भएका मुद्दाहरूमा समावेश भएका प्रमाणहरूको उचित मूल्याङ्कन गरी स्वतन्त्र न्यायपालिकाको सिद्धान्त र न्यायिक तटस्थताको सिद्धान्तबमोजिम न्याय निरूपण गर्ने काम अदालत वा न्यायाधिकरणको हुन्छ । तर, अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको मागदाबी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्यमान्यताको विपरीत हुने देखिन्छ।

७. प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा निवेदकहरूउपर अनुसन्धान तथा तहकिकातबाट सङ्कलित सबुद प्रमाणबाट कसुरदार नदेखिएको भनी सरकारी वकिल कार्यालयबाट मिति २०६४।८।२५ मा मुद्दा नचलाउने निर्णय भएको भन्ने कुरामा विवाद छैन । सो मुद्दा नचलाउने निर्णय भएपश्चात निवेदकहरू कसुरदार भएको भन्ने देखिने कुनै नयाँ सबुद प्रमाण पनि पेस भएको भन्ने देखिन आएको छैन। यस्तो अवस्थामा कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट भएको अनुसन्धान तहकिकातबाट सङ्कलित सबुद प्रमाणबाट यी रिट निवेदकहरू कसुरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकिल कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेस नभएपछि निजहरूलाई सोही कसुरमा पुनः अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी

निकायहरूको कार्यलाई प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्यता अनुरूपको मान्न मिल्ने देखिन आएन।

८. अतः वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।३।१२ मा भएको आदेशको आधारमा यी निवेदकहरूउपर अभियोगपत्र पेस गर्ने भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले गरेको मिति २०६९।६।१५ को निर्णय र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश न्यायको मान्य सिद्धान्तविपरीत भएको हुँदा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को आदेश, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौको मिति २०६९।६।१५ को निर्णय र पेस भएको पूरक अभियोग पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । अब मिति २०६४।८।२६ मा दायर भएको पहिलो अभियोगपत्रबाट जो जे बुझ्नु पर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
स.प्र.न्या. दामोदरप्रसाद शर्मा

इति संवत् २०७१ साल भदौ २४ गते रोज ३ शुभम्।
इजलास अधिकृत : भीमबहादुर निरौला

## निर्णय नं.९४१५

सर्वोच्च अदालत संयुक्त इजलास
सम्माननीय प्र.न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री दीपक राज जोशी
फैसला मिति : २०७१।१०।२५
०६९-CR-०२४४

मुद्दा : गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।

पनुरावेदक/वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार।

विरूद्ध

प्रत्यार्थी/प्रतिवादी : काठमाडौं जिल्ला, डिल्लीबजार धोबीधारा घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ धुम्बाराही बस्ने पूर्व प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलसमेत

०६९-CR-०२७५

पुनरावेदक/प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ४ धुम्बाराही बस्ने अच्युतकृष्ण खरेल

विरूद्ध

प्रत्यार्थी/वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अनुसन्धान अधिकृत चेतनाथ घिमिरेको प्रतिवेदनले नेपाल सरकार

- **प्रतिवादीले बैंक ब्याज, शेयर लाभांश तथा बचतपत्रबापत प्राप्त ब्याज आफ्नो बयान मागअनुरूप हुनुपर्ने भनी पुनरावेदनपत्रमा जिकिर लिएको सम्बन्धमा विचार गर्दा त्यस्ता रकम**

**वैध अवैध छुट्टयाउन सक्ने स्थिति नहुने हुनाले न्यायोचित अनुमानका आधारमा ३० प्रतिशतसम्म रकम आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिने।**

(प्रकरण नं. २४)

- **आरोपपत्रमा उल्लेख भएअनुसारको प्रतिवादीका जिम्मामा रहेको कुल सम्पत्तिभन्दा प्रतिवादीको वैधानिक आम्दानीको स्रोत बढी नै रहेको देखिएको उल्लिखित स्थितिमा अनुमानका भरमा प्रतिवादीलाई कसुरदार कायम गर्न र सजायको भागीदार बनाउनु कानूनको मनसायविपरीत हुने।**
- **वस्तुनिष्ठ प्रमाण र मनासिब आधार तथा कारणविना गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भनी आरोपपत्रमा आरोपित गरिनु मात्र आफैँमा पर्याप्त हुँदैन, त्यस्तो आरोप तथ्यपूर्ण, निश्चयात्मक र वास्तविक आधार र प्रमाणबाट खम्बिर हुनुपर्ने।**

(प्रकरण नं. २५)

पुनरावेद/वादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ताद्वय महेश शर्मा पौडेल र गोपीचन्द्र भट्टराई

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेल

अवलम्बित नजिर :

- *ने.का.प.* २०६७, अङ्क १२, नि.नं. ८५१९, पृष्ठ २००७
- *ने.का.प.* २०६८, अङ्क ६, नि.नं. ८६३० पृष्ठ ९१७

सम्बद्ध कानून :

विशेष अदालतमा फैसला गर्ने :–

अध्यक्ष मा.न्या.श्री गौरीबहादुर कार्की
सदस्य मा.न्या.श्री ओमप्रकाश मिश्र
सदस्य मा.न्या.श्री केदारप्रसाद चालीसे

फैसला

**स.प्र.न्या.रामकुमार प्रसाद शाह :** विशेष अदालतको फैसलाउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम वादी नेपाल सरकार एवम् प्रतिवादीको तर्फबाट पुनरावेदन दायर भई पेस हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलले आफ्नो पदीय दायित्वको दुरूपयोग गरी विभिन्न सरकारी कार्यालयका कर्मचारीहरूलाई प्रभावमा पारी काठमाडौं महाराजगञ्जस्थित शिक्षण अस्पताल पछाडिको ६ रोपनी सरकारी जग्गा आफन्तहरूका नाममा दर्ता गरी भ्रष्टाचार गरेको भनी द.नं. ११०७३ मिति २०५९।२।१२ र द.नं. ११०६४ मिति २०६०।२।१६ मा आयोगमा दुईवटा उजुरीहरू पर्न आएका तथा पूर्व प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेलको कूल स्वआर्जित सम्पत्तिमध्ये ओम हस्पिटल एन्ड रिसर्च सेन्टरको रू. १० लाखको शेयर रकमसमेत जम्मा रू. ५०,५१,३०३।६० बराबरको सम्पत्तिको आयस्रोत पुष्टि हुन आएको देखिएन भन्नेसमेत व्यहोराको सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन।

अच्युतकृष्ण खरेलले प्रहरी सङ्गठनअन्तर्गतको सार्वजनिक पदमा जम्मा अवधि ३० वर्ष ५ महिना २२ दिन कार्यरत् रहेको देखिएको अच्युतकृष्ण खरेलले आफ्ना बहिनी नीला उप्रेती, भाउजू पद्मा खरेल र भतिजो बिनोद खरेलको नाममा का.म.न.पा. ३ टिचिङ हस्पिटल पछाडिपट्टि करिब ६ (छ) रोपनी पर्ती जग्गा नेपाल सरकारको नामबाट आफ्ना बहिनी, भाउजू र भतिजोको नाममा दर्ता गरेर

२०५९।१।१९ र ०६०।१।२२ मा बिक्री गरी अप्रत्यक्ष लाभ लिएको भन्ने मिति २०६०।२।१६ मा विनोद के.सी. तथा २०५९।२।१२ मा दीपक थापाले गरेको उजुरी सम्बन्धमा हेर्दा का.जि. का.म.न.पा. वडा नं. २२घ कि.नं. ८७ को क्षेत्रफल १–८–०–० को जग्गा धनी गंगादेवी, लोकबहादुर, सूर्य कमल र कि.नं. ८६ को क्षेत्रफल ३–०–३–० को जग्गाधनी गंगादेवी र दुवै कि.नं. को मोही पञ्चनारायण मानन्धर देखिएको।

जग्गाधनीबाट उक्त जग्गाहरूमध्येको कि.नं. ८६ को जग्गा सीता शर्मा र पद्मा खरेलले, कि.नं. ८७ को जग्गा नीला उप्रेतीले र कि.नं. ४४९ को जग्गा बिनोद खरेलले मिति २०४९।५।८ मा खरिद गरेको देखिएको।

यसरी सरकारी पर्ती जग्गा दर्ता गरी गराई खाएको भन्ने उजुरीबमोजिम जग्गा दर्ता गराएको नभई साबिक नापीकै अवस्थामा आवादी जनिएर विभिन्न व्यक्तिका नाममा फिल्डबुक तयार भई छुट्टाछुट्टै कित्तामा मोहीसमेत कायम रही छुट्टै व्यक्तिका नाममा दर्ता कायम रहेको जग्गा खरिद बिक्री भएको देखिएकाले उजुरी सम्बन्धमा केही कारवाही गरी रहनुपर्ने देखिएन भन्ने उल्लेख भएको।

१. पारिवारिक विवरण :

अच्युतकृष्ण खरेलबाट पेस हुन आएको व्यक्तिगत विवरण फारमबमोजिम निजको परिवारमा देहायबमोजिम सदस्यहरू रहेका देखिन्छन्।

तालिका नं. १

| सि.नं. | नाम | नाता | पेसा | कैफियत |
|---|---|---|---|---|
| १ | मीना खरेल | पत्नी | गृहिणी | |
| २ | डा. चाँदनी खरेल (भट्टराई) | छोरी | चिकित्सक | विवाहित |
| ३ | डा. आयुष खरेल | छोरा | चिकित्सक | |

२. सार्वजनिक पदमा काम गरेको विवरण :

अच्युतकृष्ण खरेलले प्रहरी सङ्गठनअन्तर्गतको सार्वजनिक पदमा कार्यरत् रहँदाको विवरण देहायबमोजिम देखिन्छ।

तालिका नं. २

| सि.नं. | कार्यालय/निकाय/संस्था | पद/श्रेणी | बहाल रहेको अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | जनकपुर एस.पी. कार्यालय | प्रहरी निरीक्षक | २०२७।२।५ | २०२८।५।२२ | नयाँ नियुक्ति |
| २ | सदर प्रहरी तालिम केन्द्र, महाराजगन्ज | प्रहरी निरीक्षक | २०२८।५।२३ | २०२९।९।२८ | |
| ३ | जिल्ला प्रहरी कार्यालय, चितवन | प्रहरी निरीक्षक | २०२९।९।२९ | २०३१।४।६ | |
| ४ | सदर प्रहरी तालिम केन्द, र महाराजगन्ज | प्रहरी निरीक्षक | २०३१।४।७ | २०३५।५।१८ | |
| ५ | सदर प्रहरी तालिम केन्द, र महाराजगन्ज | प्रहरी नायव उपरीक्षक | २०३५।५।१९ | २०३८।५।२१ | बढुवा |
| ६ | जिल्ला प्रहरी कार्यालय, रूपन्देही | प्रहरी नायव उपरीक्षक | २०३८।५।२२ | २०३९।५।२८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | जिल्ला प्रहरी कार्यालय, काठमाडौं | प्रहरी नायव उपरीक्षक | २०३९।५।२९ | २०४१।३।१४ | |
| ८ | सदर प्रहरी तालिम केन्द, र महाराजगन्ज | प्रहरी उपरीक्षक | २०४१।३।१५ | २०४३।४।८ | बढुवा |
| ९ | सदर प्रहरी तालिम केन्द्र, महाराजगन्ज | प्रहरी उपरीक्षक | २०४३।४।९ | २०४३।६।३० | |
| १० | प्रहरी प्रधान कार्यालय, कार्य महाशाखा | प्रहरी वरिष्ठ उपरीक्षक | २०४३।७।१ | २०४४।९।६ | बढुवा |
| ११ | सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय | प्रहरी वरिष्ठ उपरीक्षक | २०४४।९।७ | २०४६।११।२८ | |
| १२ | मध्य क्षेत्रीय प्रहरी कार्यालय, काठमाडौं | प्रहरी वरिष्ठ उपरीक्षक | २०४६।११।२९ | २०४७।१।१३ | |
| १३ | सदर प्रहरी तालिम केन्द्र, महाराजगन्ज | प्रहरी वरिष्ठ उपरीक्षक | २०४७।१।१४ | २०४८।१।४ | |
| १४ | सुदूर पश्चिम क्षेत्रीय प्रहरी कार्यालय | प्रहरी नायव महानिरीक्षक | २०४८।१।५ | २०४८।१।८ | बढुवा |
| १५ | प्रहरी प्रधान कार्यालय, कार्य बिभाग | प्रहरी नायव महानिरीक्षक | ०४८।१।९ | २०४९।७।१३ | |
| १६ | पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय | प्रहरी नायव महानिरीक्षक | २०४९।७।१४ | २०४९।११।१४ | |
| १७ | प्रहरी प्रधान कार्यालय | प्रहरी अतिरिक्त महानिरीक्षक | २०४९।११।१५ | २०५३।१०।३० | बढुवा |
| १८ | प्रहरी प्रधान कार्यालय | प्रहरी महानिरीक्षक | २०५३।१०।१५ | २०५३।१२।२१ | बढुवा |
| १९ | राष्ट्रिय अनुसन्धान बिभाग | प्रमुख अधिकृत | २०५३।१२।२१ | २०५४।८।२५ | सरूवा |
| २० | प्रहरी प्रधान कार्यालय | प्रहरी महानिरीक्षक | २०५४।८।२६ | २०५७।७।२७ | पुनः नियुक्ति र अवकाश |

सार्वजनिक पदमा कार्यरत् रहेको जम्मा अवधि ३० वर्ष ५ महिना २२ दिन।

३. घरजग्गासम्बन्धी विवरण :

(क) अंशबाट प्राप्त जग्गा :

अच्युतकृष्ण खरेलका दाजुभाइबीच मालपोत कार्यालय सप्तरीबाट मिति २०३३।१।१४ मा, मालपोत कार्यालय काठमाडौंबाट मिति २०३४।२।१७ मा र मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट मिति २०५६।८।१९ मा गरी तीनपटक अंशबन्डा भएको छ। ती अंशबन्डाबाट प्राप्त जग्गाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | काठमाडौं | का.म.न.पा. | ३३ | १३०३ | ०–२–०–३ | | |
| २ | ,, | सप्तरी | नर्घौं | ४ | ३१/३१८ | १–३–६ | मुनर मण्डल | |
| ३ | ,, | ,, | ,, | ५(क) | ९९ | ०–२–४ | सडवा मण्डल | |
| ४ | ,, | ,, | ,, | ५(क) | १०० | ०–३–१ | तेतर मण्डल | |
| ५ | ,, | ,, | ,, | ६ | ८१ | ०–३–७ | रति यादव | |
| ६ | ,, | ,, | ,, | ६ | ८४ | ०–१७–८ | भागु मण्डल | |
| ७ | ,, | ,, | ,, | २(क) | ४३ | ०–७–१० | चितवैन ठाकुर | |
| ८ | ,, | ,, | ,, | ५(क) | १५८ | ०–१२–२ | कैलु यादव | |
| ९ | ,, | ,, | ,, | ६ | १७३ | ०–६–६ | भागु मण्डल | |
| १० | ,, | ,, | ,, | ६ | २८१ | ०–३–० | मुनर मण्डल | |
| ११ | ,, | ,, | ,, | ४ | ९२/३७८ | ०–३–१९.५ | | |
| १२ | ,, | ,, | ,, | ४ | ३५१/३८१ | ०–०–६ | | |
| १३ | ,, | ,, | ,, | ५(क) | १/२८९ | ०–२–२.५ | | |
| १४ | ,, | ,, | ,, | ५(घ) | ९८/२९२ | ०–९–१४.५ | | |
| १५ | ,, | ,, | ,, | २(ख) | २१/३२१ | १–१६–१० | | |
| १६ | ,, | ,, | ,, | २(ख) | २९९ | १–१२–१३ | | |
| १७ | ,, | ,, | ,, | २(ख) | १९२ | ०–५–७ | | |
| १८ | ,, | ,, | ,, | ४ | ५६ | ०–२–२ | मुनर मण्डल | |
| १९ | ,, | ,, | ,, | ६ | ८५ | ०–१७–५ | | |
| २० | ,, | ,, | ,, | २(ख) | २२७ | १–१९–१८ | | |
| २१ | ,, | ,, | ,, | ६ | १९७ | ०–०–१४ | | |
| २२ | ,, | ,, | ,, | ४ | १०९ | ०–९–७ | | |
| २३ | ,, | ,, | ,, | ४ | ११४ | ०–३–६ | | |
| २४ | ,, | ,, | ,, | ६ | ८७ | ०–५–१८ | | |
| २५ | ,, | काभ्रे. | साठीघर | २ | ३१७ | ९–४–३–३ | बुद्धिमान दनुवार | २०५६।८।१९ को बन्डा बमोजिम |
| २६ | ,, | ,, | बालुवा | ४ | २४७ | १–०–२–३ | | |
| २७ | ,, | ,, | ,, | | २४८ | १३–१४–३–१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८ | ,, | ,, | पलाञ्चोक भगवती | ४ | ३०१ | १–४–०–२ | | २०३३।१।१४ को बन्डा बमोजिम |
| २९ | ,, | ,, | ,, | ४ | ३०२ | ५–१०–३–० | | |
| ३० | ,, | ,, | ,, | ४ | ३०५ | ३–०–१–३ | | |

प्रस्तुत तालिकामा उल्लेख भएअनुसार अच्युतकृष्ण खरेललाई पैतृकरूपमा रहेको काठमाडौं जिल्ला का.म.न.पा.–३३ को कि.नं. १३०३ को क्षेत्रफल ०–२–०–३ रोपनी जग्गा र सोमा बनेको आधा घर, जिल्ला सप्तरी नर्घौं गा.वि.स. का विभिन्न कित्ता गरी जम्मा क्षेत्रफल १२–७–६.५ बिगाहा जग्गा र काभ्रेपलाञ्चोक जिल्लास्थित विभिन्न गा.वि.स. को क्षेत्रफल ३४–३–३–० रोपनी जग्गा र सो जग्गामा रहेको झिंगटी छाना भएको घर अंशबन्डाबाट प्राप्त हुन आएको देखिन्छ। निजले अंशबन्डाबाट प्राप्त गरेका जग्गामध्ये जिल्ला काभ्रेपलाञ्चोक स्थित जग्गाको कृषि आयबाट पारिवारिक भरणपोषण भएको र सप्तरी जिल्लाको नर्घौंको जम्मा क्षेत्रफल १२–७–६.५ बिगाह जग्गाको कृषि आयबाट पटकपटक सम्पत्ति आर्जन गर्न प्रयोग भएको भनी निजले बयानमा उल्लेख गरेको हुँदा कृषि आय गणना गर्ने प्रयोजनका लागि सो जग्गाको किसिम छुट्याइएको छ :

अब्बल धनहर खेतः

तालिका नं. ४

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | बिक्री मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घौं | | २२७ | १–१९–१८ | २०५२।११।२० | |
| २ | ,, | ,, | ,, | | ३८१ | ०–०–६ | २०५६।९।२३ | |
| ३ | ,, | ,, | ,, | | १०९ | ०–९–७ | २०५२।११।२० | |
| ४ | ,, | ,, | ,, | | ११४ | ०–३–६ | २०५९।११।१४ | |
| ५ | ,, | ,, | ,, | | ९९ | ०–२–४ | | |
| ६ | ,, | ,, | ,, | | १०० | ०–३–१ | | |
| ७ | ,, | ,, | ,, | | २८९ | ०–२–२.५ | | |
| ८ | ,, | ,, | ,, | | २९२ | ०–९–१४.५ | २०४८।१२।७ | |
| ९ | ,, | ,, | ,, | | ८१ | ०–३–७ | | |
| १० | ,, | ,, | ,, | | ८४ | ०–१७–८ | २०५७।१०।४ | बिक्री भई क्षे.फ.०–८–१४ बाँकी |
| ११ | ,, | ,, | ,, | | ८५ | ०–१७–५ | २०५२।११।२३ | |
| १२ | ,, | ,, | ,, | | ८७ | ०–५–१८ | | |
| १३ | ,, | ,, | ,, | | ३१८ | १–३–६ | २०५७।१।२१ | आधा आधा मोही जग्गा बाँडफाँड |
| जम्मा बिगाहा :- | | | | | | ६–१७–३ | | |

दोयम धनहर खेत :

तालिका नं. ५

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./ न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | बिक्री मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | सप्तरी, | नर्घौं | | ४३ | ०–७–१० | २०४७।१०।२७ | |
| २ | ,, | ,, | ,, | | ३२१ | १–१६–१० | २०५१।११।१७ र २०५१।१२।२८ | क्षे.फ. ०–३–३ बाँकी |
| ३ | ,, | ,, | ,, | | १५८ | ०–१२–२ | | |
| ४ | ,, | ,, | ,, | | १७३ | ०–६–६ | २०५७।१०।४ | क्षे.फ. ०–३–३ बाँकी |
| ५ | ,, | ,, | ,, | | १९७ | ०–०–१४ | | |
| ६ | ,, | ,, | ,, | | २२९ | १–१२–१३ | २०५२।११।२० | |
| ७ | ,, | ,, | ,, | | १९२ | ०–५–७ | २०५६।९।२३ | |
| जम्मा बिगाह :– | | | | | | ५–१–२ | | |

सीम धनहर खेत :

तालिका नं. ६

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./न. पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | बिक्री मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घौं | | २८१ | ०–३–० | २०५७।१।२१ | मोहीलाई आधा दिएको |

भीरपाखा :

तालिका नं. ७

| क्र.सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./न. पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | बिक्री मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घौं | | ३७८ | ०–३–१९.५ | २०५६।९।२३ | |
| २ | ,, | ,, | | | ५६ | ०–२–२ | | |
| जम्मा बिगाह :– | | | | | | ०–६–१.५ | | |

नर्घौंको वर्गीकरणअनुसारको जग्गाको विवरणः

तालिका नं. ७(क)

| क्र.सं. | जग्गाको किसिम | जिल्ला | न.पा./ गा.वि.स. | वडा नं. | कि.नं. | जम्मा क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अवल | सप्तरी | नर्घौं | | | ६–१७–३ | |
| २ | दोयम | ,, | ,, | | | ५–१–२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सीम | ,, | ,, | | | ०–३–० | |
| ४ | भीरपाखा | ,, | ,, | | | ०–६–१.५ | |
| जम्मा बिगाह :– | | | | | | १२–७–६.५ | |

(ख) हक हस्तान्तरण गरेको जग्गा :

अच्युतकृष्ण खरेलले अंशबन्डाबाट प्राप्त पैतृक जग्गा जमिन देहाय बमोजिमको लिखत गरी हक हस्तान्तरण गरेको देखिएको हुँदा प्राप्त गर्ने व्यक्तिको नाम हस्तान्तरणको तरिका र हस्तान्तरण गरेको मितिसमेत देखिने गरी देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ८

| क्र. सं. | जग्गाधनीको नाम | जिल्ला | गा.वि.स./ न.पा | वडा नं. | कि.नं. | क्षेत्रफल | लिनेको नाम | रकम (रू.) | मिति | लिखतको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घौ | २क | ४३ | ०–७–१० | रामनारायण मण्डल | १४,०००।– | ०४७।१०।२७ मोही | राजिनामा | |
| २ | ,, | ,, | ,, | ५क | २९२ | ०–९–१४.५ | लडुवती यावदवनी | १०,०००।– | ०४८।१२।७ | राजिनामा | |
| ३ | ,, | ,, | ,, | २ख | ३९८ | ०–१४–० | गुलाव देवी | १४,०००।– | ०५१।११।१७ | ,, | |
| ४ | ,, | ,, | ,, | २ख | ४०१ | ०–३–८.५ | अनिलकुमार झा | ५,०००।– | ०५१।१२।२८ | ,, | |
| ५ | ,, | ,, | ,, | २ख | ४०० | ०–३–८.५ | सुनिलकुमार झा | ५,०००।– | ०५१।१२।२८ | ,, | |
| ६ | ,, | ,, | ,, | २ख | ४०२ | ०–१२–१० | बुद्धराम यादव | १३,०००।– | ०५१।१२।२८ | ,, | |
| ७ | ,, | ,, | ,, | ४ | १०९ | ०–९–७ | रामनारायण शाह | १३,०००।– | ०५२।११।२० | राजिनामा | |
| ८ | ,, | ,, | ,, | २क | २२७ | १–१९–१८ | रामचन्द्र यादव | ५२,०००।– | ०५२।११।२० | ,, | |
| ९ | ,, | ,, | ,, | २ख | २९९ | १–१२–१३ | अमिरलाल यादव | ३६,०००।– | ०५२।११।२० | | |
| १० | ,, | ,, | ,, | ६ | ५४५ | ०–८–१२.५ | नागोवति | १०,०००।– | ०५२।११।२३ | ,, | |
| ११ | ,, | ,, | ,, | ६ | ५४३ | ०–८–१२.५ | सिरिकान्त मण्डल | १०,०००।– | ०५२।११।२३ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | ,, | ,, | ,, | ४ | ३७८ | ०–३–१९.५ | सूर्य नारायण | १२,०००।– | ०५६।९।२३ | ,, | |
| १३ | ,, | ,, | ,, | ४ | ३८९ | ०–०–६ | ,, | ४,०००।– | ०५६।९।२३ | ,, | |
| १४ | ,, | ,, | ,, | २ | १९२ | ०–५–७ | ,, | १०,०००।– | ०५६।९।२३ | ,, | |
| १५ | ,, | ,, | ,, | ४ | ३१/६१८ | ०–११–१३ | लोदाइ मण्डल | | ०५७।१।२१ मोही | मोही बापत | |
| १६ | ,, | ,, | ,, | ६ | २८१/५८४ | ०–१–१० | ,, | | ०५७।१।२१ मोही | ,, | |
| १७ | ,, | ,, | ,, | ६ | ५७५ | ०–४–० | चनरदेवी | १८,०००।– | ०५७।१०।४ मोही | राजिनामा | |
| १८ | ,, | ,,, | ,, | ६ | ५७३ | ०–४–१४ | अमिरलाल यादव | २२,०००।– | ०५७।१०।४ मोही | ,, | |
| १९ | ,, | ,, | ,, | ६ | ५७८ | ०–३–३ | ,, | २१,०००।– | ०५७।१०।४ मोही | ,, | |
| २० | ,, | ,, | ,, | ४ | ११४ | ०–३–६ | तपसी र कमलावति | २५,०००।– | ०५९।११।१४ | ,, | |

(ग) अंशबन्डाबाट प्राप्तमध्ये बाँकी जग्गाहरू :

तालिका नं. ३ मा देखाइएका अंशबाट प्राप्त जग्गाहरूमध्ये समय समयमा बिक्रीसमेतबाट हक हस्तान्तरण गरीसकेपछि बाँकी रहन आएका जग्गाहरू देहायबमोजिम देखिन्छन्।

तालिका नं. ९

| क्र.सं. | सम्बन्धित जग्गाधनीको नाम | जग्गाको विवरण | | | | | जग्गाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | | |
| १ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घों | ६ | ८७ | ०–५–१८ | जो.खा. | |
| २ | ,, | ,, | ,, | ४ | ३१८/६१९ | ०–११–१३ | मुनर मण्डल | |
| ३ | ,, | ,, | ,, | २(ख) | ३९९/४०३ | ०–३–३ | जो.खा. | |
| ४ | ,, | ,, | ,, | ५(क) | ९९ | ०–२–४ | सडवा मण्डल | |
| ५ | ,, | ,, | ,, | ,, | १५८ | ०–१२–२ | कैलु मण्डल | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | अच्युतकृष्ण खरेल | सप्तरी | नर्घों | ५(क) | १०० | ०–३–१ | तेतर मण्डल | |
| ७ | ,, | ,, | ,, | ,, | १/२८९ | ०–२–२.५ | जो.खा. | |
| ८ | ,, | ,, | ,, | ६ | ८१ | ०–३–७ | रति यादव | |
| ९ | ,, | ,, | ,, | ,, | ८४/५७७ | ०–८–१४ | भागु मण्डल | |
| १० | ,, | ,, | ,, | ,, | १७३/५७९ | ०–३–३ | भागु मण्डल | |
| ११ | ,, | ,, | ,, | ,, | २८१/५८५ | ०–१–१० | मुनर मण्डल | |
| १२ | ,, | ,, | ,, | ,, | १९७ | ०–०–१४ | जो.खा. | |
| १३ | ,, | ,, | ,, | ४(क) | ५६ | ०–२–२ | मुनर मण्डल | |
| १४ | ,, | ,, | पलान्चोक भगवती | ४ | ३०१ | १–४–०–२ | | |
| १५ | ,, | ,, | ,, | ४ | ३०२ | ५–१०–३–० | | |
| १६ | ,, | ,, | ,, | ४ | ३०५ | ३–०–१–३ | | |
| १७ | ,, | ,, | साठीघर | २ | ३१७ | ९–४–३–३ | बुद्धिमान दनुवार | |
| १८ | ,, | ,, | बालुवा | ४ | २४७ | १–०–२–३ | | |
| १९ | ,, | ,, | बालुवा | | २४८ | १३–१४–३–१ | | |

जिल्ला सप्तरी नर्घों गा.वि.स. मा अब जम्मा २–१९–१३.५ बिगाह जग्गा बाँकी रहन गएको देखिन्छ।

(घ) सार्वजनिक पदमा रहँदा आर्जन गरेको घर जग्गाको विवरण :

सार्वजनिक पदमा कार्यरत् रहेको अवस्थामा अच्युतकृष्ण खरेलले आर्जन गरेको घर जग्गाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १०

| क्र.सं. | घर जग्गाको विवरण | जग्गाधनीको नाम र नाता | खरिद/निर्माण मिति | लिखतको मूल्य | जग्गाको हालको मूल्य | घरको हालको मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | क) का.जि. का.म.न.पा.–३ (हाल–१०) कि.नं. ५८६/५७९ क्षेत्रफल ०–२–३–० (हाल कि.नं. २५९ भएको) | अच्युतकृष्ण खरेल | २०३५।३।१२ | ७,०००।– | २१,९४,३२२।८५ | २३,०५,३७।१५ | |
| | (ख) का.जि. का.म.न.पा.–३ (हाल १०) कि.नं. ४०० मध्येबाट कि.का. भै कि.नं. ५९६ को ७ आना (हाल कि.नं. २५९ कायम भएको) | अच्युतकृष्ण खरेल | २०४२।३।३ | १४,०००।– | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | का.म.न.पा.–२३(च) कि.नं. १२१ क्षेत्रफल ०–१०–२–० | मीना खरेल | २०३६।११।१ | २४,०००।– | १३,१२,५००।– | | |
| ३ | का.म.न.पा.– २३(त) कि.नं. १५२/२५४/४३९ क्षेत्रफल ०–११– १–२ | अच्युतकृष्ण खरेल | २०४११२।२५ | ४४,०००।– | २२,७५,०००।– | | |
| ४ | का.म.न.पा. २३त कि.नं. २५७ क्षे.फ. ०–४–०–० | मीना खरेल | २०४२।११।१८ | १५,०००।– | ८,००,०००।– | | |
| ५ | का.म.न.पा.–२२(घ) कि.नं. ६१ क्षेत्रफल ०–३–३–० कि.नं. ६२ क्षेत्रफल ०–३–२–० | मीना खरेल | २०४९।५।८ | ६९,०००।– | ५,४३,७५०।– | | |
| ६ | का.जि. जोरपाटी ५(ख)कि.नं. २३४ को क्षेत्रफल १–०–१–० | मीना खरेल | २०५०।६।८ | १,३२,०००।– | ११,१७,१८७।५० | | |
| ७ | का.जि.जोरपाटी ५(ख) कि.नं. ३५० क्षे.फ. १–०–२–० | मीना खरेल | २०५०।६।८ | | ११,३४,३७५।– | | |
| ८ | का.जि.जोरपाटी ५(ख) कि.नं. ३४८ क्षे.फ. ०–९–०–२ | मीना खरेल | २०५०।६।८ | | ६,२७,३४३।७५ | | |
| ९ | का.जि.जोरपाटी ५(ख) कि.नं. २७८ क्षे.फ. १–३–०–१ | मीना खरेल | २०५०।१२।१७ | ६०,०००।– | १३,१०,५४६।८७ | | |
| १० | काभ्रे जिल्ला पलान्चोक–४ कि.नं. ४५६ क्षे.फ. ६–०–२–२ | मीना खरेल | २०५१।४।१७ | ५,०००।– | ५,०७,२८१।२५ | | |
| ११ | का.जि. का.म.न.पा.–२३ (त) कि.नं. २०१ क्षे.फ.०–५–०–० | मीना खरेल | २०५२।१।४ | ७३,२००।– | ३,७५,०००।– | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | चितवन जिल्ला नारायणगढ–५(क) कि.नं. १४ क्षे.फ.०–३–१२.२५ | मीना खरेल | २०५३।१।७ | ३७,०००।– | २,१६,७५०।– | १५,२७,५८॥५१ | |
| १३ | चितवन नारायणगढ–५(क) कि.नं. ३७६ क्षेत्रफल०–८–९.७५ | मीना खरेल | २०५३।१।७ | १,७०,०००।– | ५,०९,२५०।– | | |
| १४ | का.म.न.पा.–२३(त) कि.नं.२०३/४३१ क्षे.फ.०–१–३–० | अच्युतकृष्ण खरेल | २०५३।५।५ | ७६,६००।– | ३,५०,०००।– | | |
| १५ | का.म.न.पा.–२३(त) कि.नं. ४३६ क्षे.फ. ०–८–०–० | मीना खरेल | २०५३।५।५ | १,७५,०००।– | ११,००,०००।– | | |
| १६ | का.म.न.पा.–२३(त) कि.नं. २०४/४३५ क्षे.फ.०–१२–०–० | मीना खरेल | २०५३।५।५ | ३,३७,५००।– | १६,५०,०००। | ४३,४९,३१९।१० | |
| १७ | काभ्रे साठीघर भगवती–१ कि.नं. ४२ क्षे.२–७–२–० | आयुष खरेल | २०५४।२।५ | १४,५००।– | २,०७,३७५।– | | |
| १८ | काभ्रे साठीघर भगवती–१ कि.नं. २९६ क्षे.फ.२–१३–२–१ | आयुष खरेल | २०५४।८।२९ | १५,०००,– | १९,९३३।५९ | | |
| १९ | का.जि. जोरपाटी–५(ख) कि.नं. २७६ क्षे. ०–२–२–३.५ | आयुष खरेल | २०५४।११।१० | २१,५००।– | १,८६,९१४।०६ | | |
| २० | का.जि. जोरपाटी कि.नं २७७ क्षे.फ. ०–२–२–३.५ | आयुष खरेल | २०५४।१०।९ | २१,५००।– | १,८६,९१४।०६ | | |
| २१ | चितवन नारायणगढ–५(क) कि.नं. ४६३ क्षेत्रफल०–४–४ | मीना खरेल | २०५५।८।१५ | ८४,०००।– | २,५२,०००।– | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २२ | चितवन नारायणगढ– ५(क) कि.नं. ४९३ क्षेत्रफल०–०–५.२५, कि.नं. ४९६ क्षे.फ. ०–०–५, कि.नं. ४९९ क्षे.फ. ०–०–१७ | मीना खरेल | २०५६।९।१९ | २७,५००।– | १५,७५०।–<br>१५,०००।–<br>५१,०००।– | | |
| २३ | चितवन नारायणगढ– ५(क) कि.नं. ५१३ क्षेत्रफल०–५–७.५ | मीना खरेल | २०५७।२।१ | १,०७,५००।– | ३,२२,५००।– | | |

(ङ) बिक्री भएका घरजग्गाहरूको विवरण

सार्वजनिक पद धारण गरेपछि आर्जन गरेका घर जग्गाहरूमध्ये बिक्री गरेका घर जग्गाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ११

| क्र.सं | घर जग्गाको विवरण | बिक्री मिति | लिखतको मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | का.म.न.पा.–२३(त) कि.नं. २५७ क्षे.फ. ०–४–०–० | २०५३।५।३ | ८७,५००।– | |
| २ | का.म.न.पा.–२३ (त) कि.नं. २५४।४३८ क्षे.फ. ०–२–२–२ | ०५३।५।३ | ५७,५००।– | |
| ३ | का.म.न.पा.–२३(च) कि.नं. १२१ क्षे.फ. क्षे.फ. ०–१०–२–० | ०४१।८।२९ | ३३,८१५।– | |
| ४ | का.म.न.पा.–२२ कि.नं. ६१ र ६२ को क्रमशः क्षे.फ. ०–३–३–० र ०–३–२–० | ०५३।५।२७ | २,०४,०००।– | |
| ५ | का.म.न.पा. १० कि.नं. २५९ क्षे.फ. ०–९–३–३ | ०५८।८।६ | १३,७०,६१५। घर<br>९,९४,०००।– जग्गा | |
| ६ | का.जि. जोरपाटी ५ ख कि.नं. ३५० क्षे.फ. १–०–२–० | ०६०।१।२४ | ८,२५,०००।– | |
| ७ | का.जि. जोरपाटी ५ख कि.नं. ३४८ क्षे.फ. ०–९–०–२ | ०६०।१।२४ | ४,५६,२५०।– | |

| | | | | |
|---|---|---|---|---|
| ८ | का.जि. जोरपाटी ५ख कि.नं. २७८ क्षे.फ. १–३–०–१ | ०६०।१।२४ | ९,५३,१२५।– | |

(च) काठमाडौं, काभ्रेपलाञ्चोक र चितवन जिल्लामा हाल बाँकी रहेका जग्गाहरूः–

अच्युतकृष्ण खरेलले सार्वजनिक पद धारण गरेपछि आफ्नो र आफ्ना परिवारका नाममा खरिद गरेका विभिन्न कित्ता जग्गाहरूमध्ये बिक्री गरी बाँकी रहन आएका जग्गालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १२

| क्र.सं | जग्गाको विवरण | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|
| १ | का.जि.का.म.न.पा.–२३(त) कि.नं. २०१ क्षे.फ. ०–५–०–० | मीना खरेल | |
| २ | का.जि. का.म.न.पा.–२३(त) कि.नं. ४३५/४७५ क्षे.फ. ०–६–०–० | मीना खरेल | |
| ३ | का.जि. का.म.न.पा.–२३(त) कि.नं. ४३६/४७७ क्षे.फ. ०–४–०–० | मीना खरेल | |
| ४ | का.म.न.पा.–२३(त) कि.नं. ४३५/४७४ क्षे.फ. ०–६–०–० | आयुष खरेल | |
| ५ | का.म.न.पा.–२३(त) कि.नं. ४३६/४७६ क्षे.फ. ०–४–०–० | आयुष खरेल | |
| ६ | का.म.न.पा.–२३(त) कि.नं. ४३९ क्षे.फ. ०–११–१–२ | आयुष खरेल | |
| ७ | का.म.न.पा.–२३(त) कि.नं. ४३१ क्षे.फ. ०–१–३–० | आयुष खरेल | |
| ८ | का.जि. जोरपाटी – ५ख कि.नं. २३४ क्षे.फ. १–०–१–० | आयुष खरेल | |
| ९ | का.जि. जोरपाटी – ५ख कि.नं. २७६ क्षे.फ. ०–२–२–३.५ | आयुष खरेल | |
| १० | का.जि. जोरपाटी – ५ख कि.नं. २७७ क्षे.फ. ०–२–२–३.५ | आयुष खरेल | |
| ११ | चितवन जि. नारायणगढ– ५(क) कि.नं. १४ क्षे.फ. ०–३–१२.२५ | मीना खरेल | |
| १२ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ३७६ क्षे.फ. ०–८–९.७५ | मीना खरेल | |
| १३ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ४६३ क्षे.फ. ०–४–४ | आयुष खरेल | |
| १४ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ४९३ क्षे.फ. ०–०–५.२५ | आयुष खरेल | |
| १५ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ४९६ क्षे.फ. ०–०–५ | आयुष खरेल | |
| १६ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ४९९ क्षे.फ. ०–०–१७ | आयुष खरेल | |
| १७ | चितवन जि. नारायणगढ–५(क) कि.नं. ५१३ क्षे.फ. ०–५–७.५ | आयुष खरेल | |
| १८ | काभ्रे जि. साठीघर – १ कि.नं. ४२ क्षेत्रफल २–७–२–० | आयुष खरेल | |
| १९ | काभ्रे जि. साठीघर – १ कि.नं. २९६ क्षेत्रफल २–१३–२–१ | आयुष खरेल | |
| २० | काभ्रे. जिल्ला पल्लाञ्चोक ४ कि.नं. ४५६ क्षेत्रफल ६–०–२–२ | मीना खरेल | |

सार्वजनिक पद धारण गरेपछि आर्जन गरेका चल अचल सम्पत्तिको विवरण :

(क) घर जग्गा :

तालिका नं. १३

| क्र.सं. | सम्पत्तिको विवरण | सम्पत्ति धनीको नाम | खरिद/निर्मित मिति | हालको मूल्य (रू.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | का.जि. का.म.न.पा. वडा नं. २३त कि.नं. २५४ को क्षेत्रफल ०–१४–०–० रोपनी जग्गा अच्युतकृष्ण खरेलको नाममा खरिद गरेको मध्ये कित्ताकाट भई कि.नं. ४३८ र ४३९ कायम हुन आएकामा ४३८ को क्षेत्रफल ०–२–२–२ रोपनी जग्गा राम खरेललाई मिति २०५३।५।५ मा बिक्री गरी कि.नं.४३९को क्षेत्रफल ०–११–१–२ बाँकी रहेकामा २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका एकमात्र छोरा आयुष खरेलका नाममा हाल कायम रहेको | आयुष खरेल | २०४१।१२।२५ | २२,७५,०००।– | |
| २ | का.जि. जोरपाटी गा.वि.स वडा नं. ५ख को कि.नं. २३४ को क्षेत्रफल १–०–१–० रोपनी जग्गा मीना खरेलका नाममा खरिद गरी २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका छोरा आयुष खरेलका नाममा हाल कायम रहेको | आयुष खरेल | २०५०।६।८ | ११,१७,१८७।५० | |
| ३ | जिल्ला काभ्रेपलाञ्चोक पलान्चोक गा.वि.स वडा नं. ४ को कि.नं. ४५६ को क्षेत्रफल ६–०–२–२ रोपनी जग्गा खरिद | मीना खरेल | २०५१।४।१७ | ५,०७,२८१।२५ | |
| ४ | जि.का.म.न.पा. वडा नं. २३त को कि.नं. २०१ को क्षेत्रफल ०–५–०–० रोपनी जग्गा | मीना खरेल | २०५२।१।४ | ३,७५,०००।– | |
| ५ | जि.का.म.न.पा. वडा नं. २३त को साबिक कि.नं. ४३६ को क्षेत्रफल ०–८–०–० जग्गा कित्ताकाट भई कि.नं. ४७६ र ४७७ कायम भए भई आधा/आधा जग्गा मीना खरेल र निजका छोरा आयुष खरेलका नाममा हाल कायम रहेको | मीना खरेल र आयुष खरेल | २०५३।५।५ | ११,००,०००।– | |
| ६ | क) काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३(त) को साबिक कि.नं. ४३५ कि. का. भई कायम कि.नं. ४७५ को क्षेत्रफल ०–६–०–० रो. जग्गा | मीना खरेल | २०५३।५।५ | ४,५०,०००।– | |
| | (ख) ऐ.ऐ. जग्गामा २०५३ सालमा कभर्ड एरिया ४६४७.४० वर्गफिटको रू.३३,८०,१७०।२० रकमको लागतमा निर्मित घरको हालको मूल्य | मीना खरेल | २०५३ | ४०,६२,७५७।१० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) ऐ.ऐ. घरमा मूल्याङ्कन प्रतिवेदनबमोजिम फर्निचर उपकरणहरूको मूल्य | मीना खरेल | २०५३ | ५,८६,८६२।– | |
| ७ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३(त) को साबिक कि.नं. ४३५ हाल कायम कि.नं. ४७४ को क्षेत्रफल ०–६–०–० रो. जग्गा | आयुष खरेल | २०५३।५।५ | १२,००,०००।– | |
| ८ | ऐ.ऐ. कि.नं. ४३१ को क्षेत्रफल ०–१–३–० रोपनी जग्गा अच्युतकृष्ण खरेलको नाममा खरिद भई २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका छोरा आयुष खरेलका नाममा हाल कायम रहेको | आयुष खरेल | २०५३।५।५ | ३,५०,०००।– | |
| ९ | (क) चितवन जिल्ला नारायणगढ ५क को कि.नं. १४ र ३७६ क्षेत्रफल क्रमशः ०–३–१२.२५ र ०–८–९.७५ गरी जम्मा क्षेत्रफल ०–१२–० बिगाह जग्गा खरिद चितवन जिल्ला नारायणगढ स्थित ५क को कि.नं. ३७६ को क्षेत्रफल ०–८–९.७५ को जग्गा | मीना खरेल | २०५३।१।७ | क्रमशः२,१६,७५०।– र ५,०९२५०।– जम्मा ७,२६,०००।– | |
| | (ख) ऐ.ऐ. जग्गामा १८८३.७० वर्गफिटमा २०५५ मा रू.११,६७,६५८।५३ को लागतमा निर्मित घरको हालको मूल्य | मीना खरेल | २०५५ | १४,०२,८८५।२७ | |
| | (ग) ऐ.ऐ. घरमा रहेका फर्निचर र फर्निसिङ्गको मूल्याङ्कन प्रतिवेदनअनुसार हालको मूल्य | मीना खरेल | | १,२४,७००।९४ | |
| १० | काभ्रेपलाञ्चोक जिल्ला साठीघर गा.वि.स वडा.नं. १ को कित्ता नं. ४२ को क्षेत्रफल २–७–२–० रोपनी जग्गा खरिद | आयुष खरेल | २०५४।२।५ | २,०७,३७५।– | |
| ११ | काभ्रेपलाञ्चोक जिल्ला साठीघर गा.वि.स वडा.नं. १ को कित्ता नं. २९६ को क्षेत्रफल २–१३–२–१ रोपनी जग्गा खरिद | आयुष खरेल | २०५४।८।२९ | १९,९३३।५९ | |
| १२ | (क) का.जि. जोरपाटी गा.वि.स. वडा नं. ५ख को कि.नं. २७७ क्षेत्रफल ०–२–२–३.५ रोपनी जग्गा खरिद | आयुष खरेल | २०५४।१०।९ | १,८६,९१४।०६ | |
| | (ख) का.जि. जोरपाटी गा.वि.स. वडा नं. ५ख को कि.नं. २७६ क्षेत्रफल ०–२–२–३.५ रोपनी जग्गा खरिद | आयुष खरेल | २०५४।११।१० | १,८६,९१४।०६ | |
| १३ | चितवन जिल्ला नारायणगढ ५क को कि.नं. ४६३ को क्षेत्रफल ०–४–४ बिगाह जग्गा मीना खरेलका नाममा खरिद गरी २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका छोरा आयुष खरेलका नाममा रहेको जग्गा | आयुष खरेल | २०५५।८।१५ | २,५२,०००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | चितवन जिल्ला नारायणगढ ५क को कि.नं. ४९३,४९६ र ४९९ को क्षेत्रफल क्रमशः ०–०–५.२५, ०–०–५ र ०–०–१७ बिगाह जग्गा २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका छोरा आयुष खरेलका नाममा रहेको जग्गा | आयुष खरेल | २०५६।९।१९ | क्रमशः १५,७५०।– १५,०००।– ५१,०००।– गरीजम्मा रू.८१,७५०।– | |
| १५ | चितवन जिल्ला नारायणगढ ५क को कि.नं. ५१३ को क्षेत्रफल ०–५–७.५ बिगाह जग्गा २०५७।९।२० मा अंशबन्डाको लिखत पासगरी निजका छोरा आयुष खरेलका नाममा रहेको जग्गा | आयुष खरेल | | ३,२२,५००।– | |
| १६ | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ५(ख) स्थित कि.नं. ३५० को जग्गा बिक्री गरी प्राप्त गरेको रकम | आयुष खरेल | | ८,२५,०००।– | |
| १७ | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ५(ख) स्थित कि.नं. ३४८ को जग्गा बिक्री गरी लिएको रकम | आयुष खरेल | | ६,२७,३४३।७४ | |
| १८ | काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. ५(ख) स्थित कि.नं. २७८ को जग्गा बिक्री गरी लिएको रकम | आयुष खरेल | | १३,१०,५४६।८७ | |
| जम्मा :– | | | | १,८२,९७,९५१।३९ | |

(ख) बैंक/वित्तीय संस्थामा रहेको मौज्दात :

तालिका नंः १४

| क्र.सं. | खातावालाको नाम | बैंकको नाम र खाता नम्बर | हालको मौज्दात (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | अच्युतकृष्ण खरेल | नेपाल बैंक लिमिटेड, डिल्लीबजार, बचत ०४५३१५० | १६,३२९।– | यो मौज्दात ०६०।२।२८ सम्मको हो। |
| २ | चाँदनी खरेल | ऐ.ऐ. शाखा बचत ५५०–०८६३९१ | ३७४७।३७ | यो मौज्दात ०५९।२।३० सम्मको हो। |
| ३ | मीना खरेल | ऐ.ऐ. शाखा बचत ०६६८७५० | ३,६१९।९६ | यो मौज्दात ०६०।३।३२ सम्मको हो। |
| ४ | आयुष खरेल | ऐ.ऐ. शाखा बचत ०८०७१५० | ३,६२८।७० | यो मौज्दात ०६०।३।३२ सम्मको हो। |
| ५ | चाँदनी खरेल | युनियन फाइनान्स मुद्दती खाता नं. १७८२१६०२ | ० | यो खाता २०६०।१।२२ मा बन्द भएको |
| ६ | मीना खरेल | युनियन फाइनान्स मुद्दती खाता नं. ०१७८३१६०२ | ० | यो खाता २०६०।१।२२ मा बन्द भएको |
| ७ | चाँदनी खरेल | नबिल बैंक ०२१००१५६१६००१ | १,४३,५२१।५५ | यो मौज्दात ०६०।२।२७ सम्मको हो। |
| ८ | मीना खरेल | नबिल बैंक लि. ०११००१३६०८८०१ | १,०८,४३९।५२ | यो मौज्दात ०६०।३।२१२ सम्मको हो। |

| | | | | |
|---|---|---|---|---|
| ९ | (क) अच्युतकृष्ण खरेल | प्रिमियर फाइनान्स मुद्दती खाता नं. ३–०४१७ | १५,००,०००।– | यो मौज्दात ०६०।२।१ सम्मको हो। |
| | (ख) अच्युतकृष्ण खरेल | प्रिमियर फाइनान्समा मुद्दती खाताको ब्याज जम्मा हुने खातामा रहेको मौज्दात | १,१८,५९७।६१ | ,, ,, |
| १० | अच्युतकृष्ण खरेल | नेपाल बैंक लिमिटेड बनेपा बचत खाता नं. ३८९८ | ५,३४३।८४ | यो मौज्दात २०६०।२।१ सम्मको हो। |
| ११ | मीना खरेल | नबिल बैंक लि. बचत नं. ०२१०२१५६०९३०१ | ० | बन्द गरेको डलर खाता |
| १२ | अच्युतकृष्ण खरेल | नबिल बैंक लि. बचत खाता | ० | बन्द गरेको डलर खाता |
| १३ | आयुष खरेल | नबिल बैंक लि. बचत नं. ०२१०२१५६०७००१ | ७८,२१०।– | डलर खाता |
| १४ | आयुष खरेल | नबिल बैंक लि. ०११००१३६०८७०१ | १८,०२०।३२ | यो मौज्दात ०६०।३।१२ सम्मको हो। |
| १५ | चाँदनी खरेल | नबिल बैंक लि. मुद्दती ०२०४९६ | ५०,०००।– | |
| १७ | अच्युतकृष्ण खरेल | नेपाल बैंक लिमिटेड डिल्लीबजार, मुद्दती खाता नं. ६२/८६६ | १,५४,७००।– | |
| १८ | चाँदनी खरेल | स्ट्यान्डर्ड चार्टर्ड बैंक लि., बचत खाता नं. १८०२४४३८४०१ | ४३,३९१।८२ | २०६०।४।९ सम्मको मौज्दात |
| जम्मा | | | २२,४७,५४९।६९ | |

(ग) शेयर खरिदसम्बन्धी विवरण :

तालिका नंः १५

| क्र.सं. | बैंक तथा कम्पनीको नाम | शेयरधनीको नाम | शेयर संख्या | खरिद मिति | प्रति शेयर (रू.) | जम्मा खरिद शेयर मूल्य (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | युनियन फाइनान्स | अच्युतकृष्ण खरेल | ५० | २०५६ | १००।– | ५,०००।– | |
| २ | युनियन फाइनान्स | मीना खरेल | ५० | २०५६ | १००।– | ५,०००।– | |
| ३ | युनियन फाइनान्स | चाँदनी खरेल | ५० | २०५६ | १००।– | ५,०००।– | |
| ४ | नेपाल लिभर लि. | चाँदनी खरेल | ३० | २०५०।१२।२५ | १००।– | ३,०००।– | |
| ५ | नेपाल लिभर लि. | मीना खरेल | ३० | २०५०।१२।२५ | १००।– | ३,०००।– | |
| ६ | एन.आई. डी.सी. क्यापिटल मार्केट | चाँदनी खरेल | १००० युनिट | २०५० | १०।– | १०,०००।– | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | नेपाल मर्चेण्ट बैंकिङ्ग एन्ड फाइनान्स लि. | चाँदनी खरेल | ७० | २०५६ | ५०।– | ३,५००।– | |
| ८ | एन.आई.सी. बैंक | मीना खरेल | २५० | २०५६।१०।२६ | १००।– | २५,०००।– | |
| ९ | नेकोन एयर लि. | चाँदनी खरेल | २६ | २०५० | १००।– | २,६००।– | (६ कित्ता बोनस शेयर) |
| १० | (क) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | अच्युतकृष्ण खरेल | ५० | २०४२ | १००।– | ५,०००।– | |
| | (ख) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | अच्युतकृष्ण खरेल | १०० | २०५९।२।२६ | ७८०।– | ७८,०००।– | |
| | (ग) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | अच्युतकृष्ण खरेल | ४८ | २०५७/०५८ | १००।– | ४,८००।– | हकप्रद |
| | (घ) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | अच्युतकृष्ण खरेल | १७९ | विभिन्न मिति | १००।– | १७,९००।– | बोनस शेयर |
| ११ | (क) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | मीना खरेल | ५० | २०४२ | १००।– | ५,०००।– | |
| | (ख) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | मीना खरेल | ४८ | २०५७/०५८ | १००।– | ४,८००।– | हकप्रद |
| | (ग) नेपाल इन्भेष्टमेन्ट बैंक लि. | मीना खरेल | १४९ | २०५९।२।२६ | १००।– | १४,९००।– | बोनस शेयर |
| १२ | बैंक अफ काठमाडौं | अच्युतकृष्ण खरेल | ४०० | २०५९।६।१८ | २७४।– | १,०९,६००।– | |
| १३ | (क) बैंक अफ काठमाडौं | आयुष खरेल | १,००० | २०५७।४।१० | ९५०।– | ९,५०,०००।– | |
| | (ख) बैंक अफ काठमाडौं | आयुष खरेल | ३०० | २०५९।३।१३ | ३७६।– | १,१२,८००।– | |
| १४ | ओम नर्सिङ्ग होम | आयुष खरेल | १०,००० | २०५६।८।३ | १००।– | १०,००,०००।– | |
| १५ | (क) नेपाल एस.बी. आई.बैंक | मीना खरेल | ३० | २०५० | १००।– | ३,०००।– | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (ख) नेपाल एस.बी. आई.बैंक | मीना खरेल | ७२ | ०५० फागुन | १००।– | ७,२००।– | हकप्रद |
| | (ग) नेपाल एस.बी. आई.बैंक | मीना खरेल | ६ | – | १००।– | ६००।– | बोनस शेयर |
| १६ | (क) नेपाल एस.बी. आई.बैंक | चाँदनी खरेल | ३० | २०५० फागुन | १००।– | ३,०००।– | |
| | (ख) नेपाल एस.बी. आई.बैंक | चाँदनी खरेल | ७२ | २०५० फागुन | १००।– | ७,२००।– | हकप्रद |
| | (ग) नेपाल एस.बी. आई.बैंक | चाँदनी खरेल | ६ | – | १००।– | ६००।– | बोनस शेयर |
| १७ | नबिल बैंक लि. | अच्युतकृष्ण खरेल | १०२ | २०५९।२।२७ | ७४० | ७५,४८०।– | |
| १८ | नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स को. लि. | आयुष खरेल | १०० | २०५५।१०।१७ | १,०००।– | १,००,०००।– | |
| जम्मा | | | | | | २५,६१,९८०।– | |

(घ) राष्ट्रिय बचतपत्र बिक्री गरी प्राप्त रकम :

अच्युतकृष्ण खरेलले निज स्वयम् र निजकी पत्नी मीना खरेलका नाममा देहायबमोजिम राष्ट्रिय बचतपत्र खरिद गरी ती बचतपत्र बिक्री गरेबाट प्राप्त रकम लुकाए छिपाएको देखिन्छ ।

तालिका नंः १६

| क्र.सं. | बचतपत्र धनीको नाम | खरिद गरेको/रकम जम्मा गरेको मिति र रकम | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | मीना खरेल | राष्ट्रिय बचतपत्र २०६२ (घ), ००१७०६, मिति २०५७।१०।६, रू.८,००,०००।– | रू.८,००,०००।– | मिति २०५८।१२।३० मा बिक्री गरेको |

(ङ) छोरालाई दिएको नगदको विवरण :

तालिका नंः १७

| क्र.सं. | विवरण | नगद (रू.) | कैफियत |
|---|---|---|---|
| १ | मिति २०५७।९।२० मा एक मात्र छोरा आयुष खरेललाई अंशबन्डा गर्दा दिएको रकम (स.ज.नं. १५ अनुसार) | १२,००,०००।– | बयान तथा व्यक्तिगत विवरणअनुसार |

(च) सवारी साधन खरिदसम्बन्धी विवरण :

तालिका नंः १८

| क्र.सं. | विवरण | रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | मिति २०५४।३।६ मा भन्सार सुविधामा बा.३ च २७९३ नं. को निशान कार अच्युतकृष्ण खरेलको नाममा खरिद गरेको। | ५,८३,१५१।– | |

कूल सम्पत्ति (आरोपपत्रको तालिका नं. १३, १४, १५, १६, १७ र १८ अनुसार) - रू.२,५६,९०,६३२।०८

केही उल्लेख्य खर्चहरूको विवरण :

तालिका नंः १९

| क्र.सं. | खर्चको विवरण | अवधि | खर्च भएको रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | आयुष खरेललाई निजी खर्चमा भारतको मणिपाल कलेजमा चिकित्सा विषय अध्ययन गराउँदाको खर्च | १९९७–२००३ | ११,२०,०००।– | स.ज.नं. ५ र १०५ बमोजिम |
| २ | छोरी चाँदनी खरेलको विवाहमा गरेको खर्च | २०५९।८।१३ | ४,००,०००।– | स.ज. नं. ७ बमोजिम |
| जम्मा :– | | | १५,२०,०००।– | |

विदेश भ्रमणबाट आर्जित आयः

तालिका नं. २०

| क्र.सं. | मिति | भ्रमण गरेको स्थान | भत्ता रकम (रू.) | ७० प्रतिशत ले हुने बचत (रू.) | सटही दर |
|---|---|---|---|---|---|
| १ | २४ अप्रिल १९७१ देखि ५ मई १९७१(२०२८।१।११ देखि २०२८।१।२२ सम्म) | जापान | २,२६२।४० | १,५८३।६८ | रा.खे.प.बाट लेखी आए अनुसार प्रति दिन १०।– यु.एस.डलर पाउने (२ रू.१०।१० ले US$ २००।–) |
| २ | १९७१ (२०२८) | भारत | २,०२०।– | १,४१४।– | रा.खे.प.बाट लेखी आए अनुसार प्रति दिन १०।– यु.एस.डलर पाउने गरी दुई पटक १०/१० दिन गएकामा हुने US$ २००।–) |
| ३ | १४–३० अप्रिल १९७२ (२०२९।१।२–१८) | बैंकक | २,९०८।८० | २,०३६।१६ | रा.खे.प.बाट लेखी आए अनुसार प्रति दिन १०।– यु.एस.डलर पाउने (२ रू.१०।१० ले US$ २८८।–) |
| ४ | १४ फेब्रुअरी देखि १८ मार्च १९८३ (२०३९।११।२ देखि १२।४ सम्म) | जापान | ७,१२८।– | ४,९८९।६० | जापनी येन रू. १,२०,०००।– को सटही दर जापानी यन १ को रू. ०.०५९४ हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २० सेप्टेम्बर देखि ५ अक्टोवर १९८६(२०४३।६।४–१९) | सिउल (कोरिया) | १५,४००।– | १०,७८०।– | @रू.२२।– ले US$ ७००।– |
| ६ | ६–२७ सेप्टेमवर १९९१(२०४८।५।३१देखि ६।११) | क्यानडा | २४,७३१।– | १७,३१२।– | @रू.४०।९० ले US$ ४२३।२७।– |
| ७ | ४–१०।११।१९९२ (२०४९।७।१९–२५) | डकार (सेनेगल) | ६६,९२८।– | ४६,८५०।– | @रू.४२।८० ले US$ १,०९५।– |
| ८ | २०५०।९।७ | युगोस्लाभिया | ८६,६५२।– | ६०,६५६।– | @रू.४९।४८ ले US$ १,२२६।– |
| ९ | २०५२।६।१० | बेइजिङ (चीन) | १,०२,६६३।– | ७१,८६४।– | @रू.५०।४० ले US$ १,४२६।– |
| १० | २०५३।२।२९ | कोलम्बो (श्रीलंका) | ३४,९५२।– | २४,४६६।– | @रू.५६।८० ले US$ ४३१।– |
| ११ | २०५३।१०।१७ | लन्डन (बेलायत) | ३८,६४४।– | २७,०५१।– | @रू.५६।८० ले US$ ४७६।– |
| १२ | २०५५।६।२५ | कायरो (इजिप्ट) | १,०१,४४७।– | ७१,०१३।– | @रू.६८।२५ ले US$ १,०४०।– |
| १३ | २०५६।९।८ | चीन | ३१,१४३।– | २१,८००।– | @रू.६८।८० ले US$ ३१७।– |
| जम्मा | | | ५,१६,८७९।२० | ३,६१,८१५।८४ | |

अच्युतकृष्ण खरेलले सरकारी कामकाजको सिलसिलामा पटकपटक विदेश भ्रमण गरेको देखिन्छ । विदेश भ्रमण गर्दा प्राप्त गरेको विदेशी मुद्राको ७० प्रतिशत बचत भएको हुन सक्ने अनुमान गरिएको छ । त्यसैगरी निजकी श्रीमती मीना खरेलसमेतले विदेश भ्रमण गरेको देखिन्छ । यसरी विदेश भ्रमण गर्दा आर्जन गरी बचत गरेको विदेशी मुद्रा निज र निजकी श्रीमती दुवैले नबिल बैंक लि. कान्तिपथ शाखामा खाता खोली त्यस्तो सम्पत्ति बैंकमा राखेपश्चात् झिकेको पाइँदैन । तर उक्त रकम दुवै खाताबाट यु.एस.डलर ८,८२२।४६ प्रति डलर रू.७४।– का दरले हुने रू.६,५२,८६२।– रकम मिति २०५९।२।३ मा एकपटकमात्र झिकी खाता बन्द गरेको देखिन्छ ।

निजले आर्जन गरेको चल अचल सम्पत्तिको स्रोत खुलाउने सिलसिलामा विदेश भ्रमणबाट प्राप्त आम्दानी भनी बयान कथनमा पटकपटक उल्लेख गरेको देखिन्छ । तर सो रकम निजले मिति २०५९।२।३ भन्दाअघि नझिकेबाट निजको जिकिर स्वतः खण्डित भएको छ । तर जुन समयमा अच्युतकृष्ण खरेल तथा श्रीमती मीना खरेलले बैंकबाट रकम झिकेको छ सो समयमा छोरी चाँदनी खरेलको विवाह गरेको देखिन्छ । निजको विवरण र बयानमा छोरीको विवाह गर्दा रू ४ लाख खर्च भएको हो र बैंकबाट दुवै खाताको डलर रकम झिकेपछि र छोरीको विवाह सम्पन्न गर्नुपूर्व निजले कुनै प्रकारको सम्पत्ति खरिद वा घर निर्माण गरेको नदेखिनुका साथै बैंकबाट रकम झिकेको र छोरीको विवाह सम्पन्न गरेको अवधिको सामिप्यताले प्रष्ट पार्दछ । निजले विदेश भ्रमणबाट प्राप्त गरेको आयको विस्तृत विवरण माथिको तालिका नं. २० मा देखाईएको छ ।

उपर्युक्त तालिकामा उल्लिखित रकम अच्युतकृष्ण खरेलले विदेश भ्रमणबाट प्राप्त गरेको रकम भनी प्रहरी प्रधान कार्यालयसमेतबाट लेखी आएबमोजिमको हो । सो रकममा हवाई खर्च भनिएको रकम सोही प्रयोजनमा खर्च भएको मानी बाँकी हुन आउने रकममा ७० प्रतिशत बचत हुन सक्ने भनी मानिएको छ । सो रकमलाई निजको

डलर खातामा जम्मा भएको रकमसँग मिल्छ, मिल्दैन भनी हेर्ने प्रयोजनका लागि तत्कालीन सटही दरमा परिवर्तनगरी यु.एस. डलर देखाइएको हो । यो डलर रकम जम्माको प्रकृति र अवस्था एवम् भत्ताको रकम भनी लेखी आएको अवस्था हेर्दा मिल्दो नै देखिन्छ भन्ने उल्लेख भएको ।

कृषि आयसम्बन्धमा :

कृषि आयबाट प्रति वर्ष रू.१,७५,०००।– का दरले २०३३ सालदेखि २०५९ सालसम्म रू.४५ लाखभन्दा बढी रकम प्राप्त गरेको भनी निजले लिएको दाबीका सम्बन्धमा प्रामाणिक आधार /विश्वसनीय प्रमाण पेस गर्न नसकेकाले निजको वास्तविक कृषि आय के कति रहेछ भनी श्री ५ को सरकार, कृषि मन्त्रालय अन्तर्गतको आर्थिक विश्लेषण तथा तथ्याङ्क निर्देशनालयबाट प्राप्त पत्रको आधारमा हिसाब गरी हेर्दा निजले २०३४ सालदेखि २०५८ सालसम्ममा कूल रू.४,४५,५९२।– प्राप्त गरेको देखिन आउँछ । २०३३ साल देखि नै प्रति वर्ष रू.१,७५,०००।– कृषि आयबाट प्राप्त भएको भन्ने कुरा स्वयम्मा अस्वाभाविक र अपत्यारिलो देखिन्छ भन्ने उल्लेख भएको ।

अच्युतकृष्ण खरेलले मिति २०३४।२।१७ मा आफ्ना दाजुभाइबीच भएको अंशबन्डाबाट पैतृकरूपमा काभ्रेपलाञ्चोक जिल्लाको साठिघर, बालुवालगायतका गा.वि.स.मा जम्मा ३४–२–०–० रोपनी र सप्तरी जिल्ला नर्घौं गा.वि.स.को खेतीयोग्य क्षे.फ. १२–७–६.५ बिगाह जग्गा प्राप्त गरेको देखिँदा सो मितिपूर्वको कृषि आय सगोलको देखिन्छ । काभ्रेपलाञ्चोक जिल्लास्थित पैतृक जग्गाको आयबाट आफ्नो घरखर्च चल्ने गरेको भनी निजले बयानको क्रममा खुलाएको (प्रश्न नं. ४६ र ४७ को जवाफ) हुँदा सो जग्गाबाट प्राप्त आयस्तालाई आम्दानी भएकै वर्षहरूमा खर्च भैसकेको रूपमा मानेर अन्य सम्पत्ति आर्जन गर्नसक्ने आयस्रोतका रूपमा गणना गरिएको छैन । तर सप्तरी जिल्लाको नर्घौंस्थित पैतृक जग्गाबाट प्राप्त कृषि आयलाई अन्य सम्पत्ति आर्जन गर्नसक्ने स्रोतको रूपमा गणना गरी सो अंशबन्डापश्चात् उक्त नर्घौं गा.वि.स.को जग्गा निजको एकलौटी भएको देखिएको हुँदा सोही अवधिदेखि निजले सार्वजनिक पदबाट अवकाश पाएको अवधिसम्मको कृषि आय गणना गरिएको छ भन्ने उल्लेख भएको ।

कृषियोग्य जग्गाबाट हुनसक्ने आयको गणना आयोगबाट निम्न तरिकाबाट गरिएको छ :

१. सप्तरीमा भएको जग्गा क्षे.फ. १२–७–६.५ बिगाह जग्गामध्ये ज.वि. ६–१७–३ अबल, ज.वि. ५–१–२ दोयम र ज.वि. ०–९–१.५ सीम र भिरपाखा देखियो । निजले स्वयम् कृषि कार्य नगरी अन्य व्यक्तिबाट गरिएको कृषि आय लिने हुँदा मोही किसानले जग्गाधनीलाई दिनुपर्ने अधिकतम कुत बालीलाई नै जग्गाधनीले प्राप्त गर्ने कृषि उत्पादन मानिएको र प्रमुख कृषि बाली धान भएकाले धानबाट प्राप्त हुने आयलाई कृषि आय मानिएको छ । यसप्रकार निजले प्राप्त गर्ने कृषि आय २०३० साल असोज २९ गतेको भूमिसुधार मन्त्रालयको नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम अब्बलको प्रति बिगाह १५ मन, दोयमको ११.५ मन र सीम र भीरपाखाको ८.५ मनका दरले हिसाब गर्दा निजले २०४८सालसम्म १६५ मन प्रति वर्ष प्राप्त गर्ने गरेको र सोपछि जग्गा बेच्न थालेको हुँदा बिक्री भएका जग्गा घटेको जति कटाई बाँकी जग्गाबाट प्राप्त हुने कृषि आय घटाउँदै लगिएको छ, जुन आयलाई निम्न तालिकामा प्रस्तुत गरिएको ।

२. यसरी २०३४ सालदेखि २०५७ सालसम्मको धानको मूल्य कायम गर्दा कृषि विभाग, आर्थिक विश्लेषण तथा तथ्याङ्क निर्देशनालय, हरिहरभवन, पुल्चोकसँग २०३० सालदेखि हालसम्मको धानको कृषकस्तर मूल्य माग गरिएकामा सो विभागबाट २०३८/०३९ सालदेखि हालसम्मको मात्र तथ्याङ्क विवरण प्राप्त भएको हुँदा सो अवधिभन्दा अधिको कृषि आयका हकमा २०३८ सालभन्दा पछिको मूल्य प्रति वर्ष सरदर ५ प्रतिशत ले बृद्धि भएको देखिएकाले सोही आधारमा २०३८ सालभन्दा

अगाडिको धानको दरभाउ मूल्याङ्कनका लागि २०३८ साललाई नै आधार वर्ष (Base Year) मानी उक्त ५ प्रतिशतको हिसाबले नै प्रति वर्ष प्राप्त मूल्याङ्कन घटाई हिसाब गरिएको । सोअनुसार प्रति वर्ष प्राप्त भएको आयस्ता देहायबमोजिम उल्लेख गरिएको ।

तालिका नं. २०(क)

| क्र. सं. | वर्ष | कृषि आय | | कैफियत |
|---|---|---|---|---|
| | | धान (मन) | नगदमा परिणत गर्दा हुने रू. | |
| १ | २०३४ | १६५ | ८,०५२।– | |
| २ | २०३५ | १६५ | ८,४४८।– | |
| ३ | २०३६ | १६५ | ८,९१०।– | |
| ४ | २०३७ | १६५ | ९,३७२।– | |
| ५ | २०३८ | १६५ | ९,९००।– | |
| ६ | २०३९ | १६५ | ११,५५०।– | |
| ७ | २०४० | १६५ | १३,२००।– | |
| ८ | २०४१ | १६५ | १३,५३०।– | |
| ९ | २०४२ | १६५ | १४,२५६।– | |
| १० | २०४३ | १६५ | १४,९८२।– | |
| ११ | २०४४ | १६५ | १५,७७४।– | |
| १२ | २०४५ | १६५ | १६,५००।– | |
| १३ | २०४६ | १६५ | २३,१००।– | |
| १४ | २०४७ | १६५ | २२,२४२।– | २०४७।१०।२७ मा कि.नं. ४३ को ०–७–१० दोयम जग्गा बिक्री |
| १५ | २०४८ | १६१ | २२,१५३।– | २०४८।१२।७ मा कि.नं. २९२ को ०–९–१४.५ अब्बल जग्गा बिक्री |
| १६ | २०४९ | १५४ | २१,५६०।– | |
| १७ | २०५० | १५४ | ३०,८००।– | |
| १८ | २०५१ | १५४ | ३४,४९६।– | २०५१।११।१७ र १२।१८ मा कि.नं. ३२१ को १–१३–७ दोयम जग्गा बिक्री |
| १९ | २०५२ | १३५ | २९,७००।– | २०५२।११।२० र २३ मा कि.नं. ८५, १०९ र २२७ को ३–६–१० अब्बल र १–१२–१३ दोयम जग्गा बिक्री |
| २० | २०५३ | ६७ | १७,४२०।– | |
| २१ | २०५४ | ६७ | १७,४२०।– | |
| २२ | २०५५ | ६७ | १७,५८१।– | |
| २३ | २०५६ | ६७ | २१,४४६।– | २०५६।९।२३ मा कि.नं. ३८१, १९२ र ३७८ को ०–९–१२.५ अब्बल, दोयम, भीट जग्गा बिक्री |
| २४ | २०५७ | ६० | २२,८००।– | |
| २५ | २०५८ | ६० | २०,४००।– | |

अच्युतकृष्ण खरेलको सार्वजनिक सेवामा रहँदाको आय–व्यय विवरण आयोगले निम्नानुसार रहेको देखाएको :

यो विवरण अच्युतकृष्ण खरेलले सार्वजनिक पदमा प्रवेश गरेपछि प्राप्त गरेका तलब भत्ता, विदेश भ्रमण

भत्ताको बचत आदिबापत प्राप्त आय, घरजग्गा बिक्रीबाट प्राप्त आयलाई र सो समयमा खरिद/निर्माण भएका अचल सम्पत्ति, बैंक ब्यालेन्स र अन्य चल सम्पत्ति आर्जनको समय क्रमअनुसार हेर्न सजिलो होस् भनेर तयार पारिएको हो। यहाँ उल्लेख नभएका, कुनै रेकर्ड नभएका तर आय मनासिब देखिएको हदसम्मको आयलाई सम्पत्तिको स्रोत विश्लेषण खण्डमा उल्लेख गरिएको भन्ने उल्लेख भएको छ।

स्रोत नखुलेको आयबाट खरिद भएको जग्गा बिक्री गरी प्राप्त गरेको रकमलाई र विदेश भ्रमणसमेतबाट प्राप्त गरेका तर बैङ्कमा नै मौज्दात राखी तत्काल प्रयोग नगरेका रकमलाई कोष्ठ ( ) भित्रै राखी तत्कालको आयमा गणना नगरिएको।

तालिका नं. २१

| क्र.सं. | विवरण | आय विवरण | व्यय विवरण | मौज्दात | कैफियत | |
|---|---|---|---|---|---|---|
| १ | (क) सेवा प्रवेश गरेको मिति २०२७।२।५ देखि ०३५ साल चैतसम्म निजले प्राप्त गरेको तलब भत्ता | ५३,३१२।– | | | | |
| | (ख) २०२८ सालमा फुटबल कप्तान र खेलाडीको रूपमा भारतमा जाँदा प्राप्त रू.२,०२० को ७० प्रतिशत ले हुने रकम | १,४१४।– | | | US$ 220।– | |
| | (ग) मिति २०२८।१।११ देखि ऐ. १।२२ सम्म फुटबल कप्तान र खेलाडीको रूपमा जापानमा जाँदा प्राप्त गरेको रकमबाट बचत रू.२,२६२।४० को ७० प्रतिशत ले हुने रकम | १६८४।– | | | US$ 224।– | |
| | (घ) मिति २०२९।१।२ देखि ऐ. १।८ सम्म कप्तान र खेलाडीको रूपमा बैंकक जाँदा प्राप्त गरेको रकमबाट बचत रू.२,९०८।८० को ७० प्रतिशत ले हुने रकम | २०३६।- | | | US$ 288।– | |
| | (ङ) मिति २०३५।३।१२ मा का.जि.का.म.न.पा. १० (साबिक वडा नं. ३) स्थित देहायका कि.नं. २५९ (साबिक ५८६/५७९) क्षेत्रफल ०–२–३–० भएको जग्गा अच्युतकृष्ण खरेलका नाममा खरिद गर्दाको मूल्य | | ७०००।– | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (च) कृषि आय (२०३४ र २०३५ साल) | १६५००।– | | | | |
| | जम्मा – | ७४९४६।- | ७०००।- | | | |
| २ | २०३५ सालको मौज्दात | ६७९४६।– | | | | |
| | क) ०३६ वैशाखदेखि ०३६ माघसम्ममा निजले प्राप्त तलब भत्ता | ७,०४७।- | | | | |
| | ख) मिति २०३६।११।१ मा का.म.न.पा.–२३(च) कि.नं. १२१ क्षे.फ. ०–१०–२–० को जग्गा मीना खरेलको नाममा खरिद गर्दाको रकम | | २४,०००।- | | | |
| | (ग) कृषि आय (२०३६) | ८,९१०।- | | | | |
| | जम्मा – | ८३,९०३।– | २४,०००।- | ५९,९०३।- | | |
| ३ | २०३६ सालको जम्मा मौज्दात | ५९,९०३।- | | | | |
| | (क) निजले ०३६ फागुन देखि ०४१ चैतसम्म प्राप्त गरेको तलब भत्ता | ६३,७४४।३२ | | | | |
| | (ख) मिति २०३९।११।२ देखि ऐ. १२।४ मा जाइकाको तर्फबाट जापान भ्रमणमा जाँदा प्राप्त रू.७,१२८।– को ७० प्रतिशत ले हुने रकम | ४,९८९।६० | | | | |
| | (ग) मिति ०४१।८।२९ मा का.म.न.पा.–२३(च) कि.नं. १२१ क्षे.फ. ०–१०–२–० को मीना खरेलको नाममा रहेको जग्गा बिक्री गर्दा प्राप्त रकम | ३३८१५।- | | | | |
| | (घ) मिति २०४१।१२।२५ मा का.म.न.पा.–२३(त) कि.नं. (१५२/२५४) ४३९ क्षे.फ. ०–१४–०–० को जग्गा अच्युतकृष्ण खरेलको नाममा खरिद गर्दाको रकम | | ४४०००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ङ) कृषि आय (२०३७–२०४१) | ५७५५२।- | | | | |
| | जम्मा – | २२०००३।९२ | ४४०००।- | १७६००३।९२ | | |
| ४ | २०४१ सालको जम्मा मौज्दात | १७६००३।९२ | | | | |
| | (क) २०४२ वैशाख देखि २०४९ चैतसम्म निजले प्राप्त गरेको तलब | २६९२०३।- | | | | |
| | (ख) मिति २०४२।३।३ मा का.जि.का.म.न.पा.–१० (साबिक ३) कि.नं. २५९ (साबिक ५७९/५८६) को क्षे.फ. ०–७–०–० जग्गा अच्युतकृष्ण खरेलको नाममा खरिद गर्दाको रकम | | १४०००।- | | | |
| | (ग) मिति २०४२।११।१८ मा का.म.न.पा.–२३ कि.नं. २५७ क्षे.फ. ०–४–०–० को जग्गा मीना खरेलको नाममा खरिद गर्दाको रकम | | १५०००।- | | | |
| | (घ) मिति २०४२।१२।२८ मा तत्कालिन नेपाल इन्डोस्वेज बैंक हाल नेपाल इन्भेष्टमेन्ट बैंकको अच्युतकृष्ण खरेल र मीना खरेलको नाममा खरिद गरेको १०० कित्ता शेयर रू.१०० का दरले हुने रकम | | १०,०००।- | | | |
| | (ङ) २०४२ सालमा २०६०.७२ बर्गफिटको भुइँ तल्ला र पहिलो तल्ला घर | | ३,१९,९२७।- | | | |
| | (च) नेपाल बैंक लिमिटेड डिल्लीबजार शाखास्थित बैंक खातामा अच्युतकृष्ण खरेल, मीना खरेल, आयुष खरेल, चाँदनी खरेलका नाममा रहेको २०४९ चैत मसान्तको बैंक मौज्दात | | ४७,३९४।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (छ) मिति २०४३।६।४ मा कोरियाको सिउल जाँदा प्राप्त गरेको रू.१५,४००।– मध्ये ७० प्रतिशत बचत हुने | १०,७८०।- | | | | |
| | (ज) मिति २०४७।१०।२७ मा सप्तरी नर्घौं २(क) कि.नं. ४३ को क्षेत्रफल ०–७–१० बिगाहा जग्गा रामनारायण मण्डललाई बिक्री गर्दाको रकम | १४,०००।- | | | | |
| | (झ)मिति २०४८।१२।७ मा सप्तरी नर्घौं–५(क) कि.नं. २९२ को क्षे.फ. ०–९–१४.५ बिगाहा जग्गा लडुवती यादवनीलाई बिक्री गर्दाको रकम | १०,०००।- | | | | |
| | (ञ) सेप्टेम्बर १६–२७, १९९१ (०४८।५।३१ देखि ६।११) मा क्यानडामा जाँदा ०४८।५।२५ र ०४८।६।२४ मा भुक्तानी लिएको रकम रू.२४,७३१।– मध्ये ७० प्रतिशतले बचत हुन आउने रकम | (१७,३१२) | | US$ ४२३।–(प्रति अमेरिकी डलर रू. ४०।९०का दरले) | यस अवधिमा सो रकम डलर खातामा जम्मा रहिरहेको हुँदा यहाँ आयमा गणना गरिएको छैन | |
| | (ट) मिति ०४९।५।८ मा का.जि.का.म.न.पा.–२२(घ) कि.नं.६१ क्षे.फ.०–३–३–० र कि.नं. ६२ क्षे.फ. ०–३–२–० को जग्गा खरिद गर्दाको रकम | | ६९,०००।- | | | |
| | (ठ) मिति २०४९।७।१९ देखि ७।२५ (नम्बर ४ देखि १०, १९९२) सम्म डकार सेनेगल गएकामा जम्मा रू.६६,९२८।– त्यसको ७० प्रतिशत बचतले हुने रकम | (४६,८५०।-) | | US$ १,०९५।- (प्रति अमेरिकी डलर रू.४२।८० का दरले) | यस अवधिमा सो रकम डलर खातामा जम्मा रहिरहेको हुँदा यहाँ आयमा गणना गरिएको छैन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ड) का.जि. का.म.न.पा. वडा नं. १० स्थित कि.नं. २५९ (५९६ र ५७९/५८६) को क्षेत्रफल ०–९–३–३ मा अच्युतकृष्ण खरेलेको नाममा २०४९ सालमा दोस्रो तला निर्माण भएको घरको लागत रकम | | ३,१६,५४७।- | | | |
| | (ढ) कृषि आय (२०४२ सालदेखि २०४९ सालसम्मको) | १,५०,५६७।- | | | | |
| | जम्मा:- | ६,३०,५५३।९२ | ७९१,८३४।- | (१,६१,२८०।०८) | | |
| ५ | (क) मिति ०५०।९।१८ देखि ०५०।१०।४ (जनवरी २–१७ १९९४) सम्म युगोस्लाभियाको भ्रमण गर्न मिति ०५०।९।७ मा भुक्तानी लिएको रकम रू.८६,६५१।५० मध्ये ७० प्रतिशत ले बचत हुन आउने रकम | (६०,६५६।-) | | US$ १,२२६।- (प्रति अमेरिकी डलर रू.४९।४८ का दरले) | | |
| | यस अवधिमा सो रकम डलर खातामा जम्मा रहिरहेको हुँदा यहाँ आयमा गणना गरिएको छैन | | | | | |
| | (ख) २०५० सालमा नेकोन एयर लिमिटेडको साधारण र अग्राधिकार गरी २० कित्ता शेयर चाँदनी खरेलको नाममा रू. १००।– का दरले लगानी गर्दा हुन आउने रकम (०५३/०५४ मा ६ कित्ता शेयर बोनसबापत प्राप्त) | | २,०००।- | | | |

<table>
<tr><td></td><td>(ग) का.जि. जोरपाटी ५ख स्थित देहायका कि.नं. र क्षे.फ. भएको जग्गाको मीना खरेलको नाममा खरिद गर्दाको मूल्य –<br><table><tr><td>कि.नं.</td><td>क्षेत्रफल</td><td>खरिद मूल्य (रू.)</td><td>खरिद मिति</td></tr><tr><td>३५०</td><td>१-०-२-०</td><td rowspan="3">१,३२,०००।-</td><td rowspan="3">२०५०।३।२</td></tr><tr><td>३४८</td><td>०-९-०-२</td></tr><tr><td>२३४</td><td>१-०-१-०</td></tr></table></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(घ) मिति २०५०।१२।१७ मा ऐ. ऐ. कि.नं. २७८ को क्षेत्रफल १–३–०–१ जग्गा खरिद</td><td></td><td>६०,०००।-</td><td></td><td>२०५३।५।२७ मा बिक्री</td><td></td></tr>
<tr><td></td><td>(ङ) चाँदनी खरेलको २०५० असोज मसान्तको ने.बैं.लि. डिल्लीबजार स्थित बैंक मौज्दात</td><td></td><td>१३,३३२।-</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(च) अच्युतकृष्ण खरेलको २०५० असोज मसान्तको ने.बैं.लि. डिल्लीबजार स्थित बैंक मौज्दात</td><td></td><td>१,०९१।-</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(छ) आयुष खरेलेको २०५० असोज मसान्तको ने.बैं.लि. डिल्लीबजार स्थित बैंक मौज्दात</td><td></td><td>१२,२६०।-</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(ज) मीना खरेलको २०५० असोज मसान्तको ने.बैं.लि. डिल्लीबजार स्थित बैंक मौज्दात</td><td></td><td>४,६३०।-</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (झ) मिति २०५० फागुनमा नेपाल SBI बैंकको चाँदनी खरेल र मीना खरेलको नाममा २०४ कित्ता शेयर १०० दरले (१२ कित्ता बोनस शेयर प्राप्त) र NIDC म्युचुअल फन्डको चाँदनी खरेलको नाममा मिति ०५० सालमा १००० युनिट रू. १० का दरले खरिदको हुने रकम | | ३०,४००।- | | | |
| | (ञ) मिति ०५०।१२।२५ मा नेपाल लिभर लि. को चाँदनी खरेल र मीना खरेलको नाममा ३०/३० कित्ता शेयर १०० का दरले खरिद गर्दाको रकम | | ६,०००।- | | | |
| | (ट) २०५० सालको तलब भत्ता | ५५,४४०।- | | | | |
| | (ठ) कृषि आय (२०५०) | ३०,८००।- | | | | |
| | जम्मा | ८६,२४०।- | २,६१,७१३।- | (१,७५,४७३) | | |
| ६ | २०५० सालको जम्मा मौज्दात | | | | | |
| | (क) २०५१ वैशाखदेखि ०५१ चैतसम्मको तलब तथा भत्ता | ५५,४४०।- | | | | |
| | (ख) मिति २०५१।४।१७ मा काभ्रे जिल्ला पलान्चोक ४ कि.नं. ४५६ क्षे.फ. ६–०–२–२ मीना खरेलको नाममा खरिद गर्दाको मूल्य | | ५,०००।- | | | |
| | (ग) मिति २०५१।७।८ मा हिमालयन बैंकमा ओ.डि. कर्जा लिनाका लागि जम्मा गरेको नगद रकम | | ५,००१।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) मिति ०५१।११।१७, ०५१।१२।२८, ०५१।१२।२८ र ०५१।१२।२८ मासप्तरी नर्घौं २ख को कि.नं. ३९८, ४०१, ४०० र ४०२ को क्षे.फ. क्रमशः ०–१४–०, ०–३–८.५, ०–३–८.५ र ०–१२–१० को जग्गा क्रमशः गुलावदेवी, अनिलकुमार झा, सुनिलकुमार झा र बुद्धराम यादवलाई क्रमशः बिक्री गर्दा प्राप्त भएको रकम | ३७,०००।- | | | | |
| | (ङ) चाँदनी खरेलले दिल्लीस्थित लेडिज हार्डिङ्ग कलेजमा एम.बि. बि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा. रू.१,०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |
| | (च) कृषि आय (२०५१) | ३४,४९६।- | | | | |
| | जम्मा | १,२६,९३६।- | २९,२०१।- | ९७,७३५।- | | |
| ७ | २०५१ सालको जम्मा मौज्दात | ९७,७३५।- | | | | |
| | (क) २०५२ वैशाखदेखि २०५२ चैतसम्मको तलब भत्ता | ६०,३०२।- | | | | |
| | (ख) मिति ०५२।१।४ मा का.जि.का.म.न.पा. २३ त कि.नं. २०१ को क्षे.फ. ०–५–०–० को जग्गा मीना खरेलको नाममा खरिद गर्दाको मूल्य | | ७३,२००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ग) ४–१० अक्टुवर १९९५ (२०५२।६।१८–२४) मा बेजिङ्गको भ्रमण गर्दा २०५२।६।१० मा भुक्तानी लिएको रकम रू.१,०२,६६२।५० मध्ये ७० प्रतिशत ले बचत हुने | (७१,८६३।७५) | | | US$ २०१५।- (प्रति अमेरिकी डलर रू. ५०।४० का दरले) | |
| | (घ) मिति ०५२।११।२०, ०५२।११।२०, ०५२।११।२०, ०५२।११।२३ र ०५२,११,२३ मा सप्तरी नर्घौको वडा नं. ४,२क, २ख, ६,६ को क्रमश कि.नं. १०९, २२७, २९९, ५४५, ५४६ को क्षे.फ. क्रमशः ०–९–७ , १–१९–१८, १–१२–१३, ०–८–१२.५ र ०–८–१२.५ बिगाहाको जग्गा क्रमशः रामनारायण झा, रामचन्द्र यादव, अमीरलाल यादव, नागावती र शिशिरकान्त मण्डललाई बिक्री गर्दा प्राप्त भएको रकम | १,२१,०००।- | | | | |
| | (ङ) चाँदनी खरेलले दिल्ली स्थित लेडिज हार्डिङ्ग कलेजमा एम.वि.वि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा.रू.१,०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |
| | (च) कृषि आय (२०५२) | २९,७००।- | | | | |
| | जम्मा | ३,०८,७३७।- | ९२,४००।- | २,१६,३३७।- | | |
| | | | | | | |
| ९ | २०५२ सालको जम्मा मौज्दात | २,१६,३३७।- | | | | |
| | (क) मिति २०५३ वैशाखदेखि २०५३ चैतसम्मको तलब भत्ता | | | | | |

<table>
<tr><td></td><td>(ख) मिति ०५३।१।७ मा चितवन नारायणगढ ५क कि.नं. ३७६ क्षे.फ. ०–८–९.७५ र ५क कि.नं. १४ क्षे.फ. ०–३–१२.२५ मीना खरेलको नाममा खरिद गर्दाको मूल्य</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(ग) २९–३१ जुलाई १९९६ (२०५३।४।१४–१६) मा श्रीलङ्काको भ्रमण गर्दा ०५३।४।२९ मा भुक्तानी लिएको रकम रू.३४,९५१।६२ मध्ये ७० प्रतिशतले बचत हुने रकम</td><td></td><td></td><td></td><td>US$ ४३१।- (प्रति अमेरिकी डलर रू. ५६।८० का दरले)</td><td></td></tr>
<tr><td></td><td>(घ) मिति २०४२।११।१८ मा खरिद गरेको का.म.नपा.–२३(त) कि.नं. २५७ क्षे.फ. ०–४–०–० मिति ०५३।५।३ मा रामकृष्ण खरेललाई बिक्री बापत प्राप्त रकम</td><td>८७,५००।-</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>(ङ) का.म.न.पा. वडा नं. २३ त स्थित देहायका जग्गाहरू देहायका मितिमा खरिद गर्दाको मूल्य –
<table>
<tr><th>मिति</th><th>कि.नं.</th><th>क्षे.फ.</th><th>खरिद मूल्य</th><th>ज.ध.को नाम</th></tr>
<tr><td>०५३।५।४</td><td>२०३।/४३१</td><td>०-१-३-०</td><td>७६,६००।-</td><td>अच्युत खरेल</td></tr>
<tr><td>०५३।५।५</td><td>४३६</td><td>०-८-०-०</td><td>१,७५,०००।-</td><td>मीना खरेल</td></tr>
<tr><td>०५३।५।५</td><td>२०४-४३५</td><td>०-१२-०-०</td><td>३,३७,५००।-</td><td>मीना खरेल</td></tr>
</table>
</td><td></td><td>५,८९,१००।-</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (च) मिति ०५३।५।५ मा का.म.न.पा. २३ त कि.नं. २५४/४३८ क्षे.फ. ०–२–२–२ रामकृष्ण खरेललाई बिक्री गरी प्राप्त भएको रकम | ५७,५००।- | | | | |
| | (छ) मिति ०५३।५।२७ मा का.म.न.पा. १० कि.नं. ६१ को क्षेत्रफल ०–३–३–० र कि.नं. ६२ को क्षे.फ. ०–३–२–० को जग्गा सीता घिमिरे र गीता बस्नेतलाई बिक्री गरी प्राप्त भएको रकम (स्रोत नखुलेको जग्गा बिक्री) | (२,०४,०००।-) | | | | |
| | (ज) २०५३ सालमा निर्माण भएको का.जि.,का.म.न.पा.–२३(त) कि.नं. ४३५ क्षे.फ. ०–६–०–० कित्तामा रहेको घर निर्माणको लागत मूल्य | | ३३,८०,१७०।- | | | |
| | (झ) ऐ. घरमा रहेका फर्निचर तथा उपकरणहरू | | ५,०५,८६२।- | | | |
| | (ञ) १५ फेब्रुअरी १९९६ (२०५३।११।३) मा बेलायतको भ्रमण गर्दा ०५३।१०।१७ मा भुक्तानी लिएको रकम रू. ३८,६४३।७५ मध्ये ७० प्रतिशतले बचत हुन आउने रकम | (२७,०५१।-) | | | US$ ५७६।२५(प्रति अमेरिकी डलर रू. ५६।८० का दरले) | |
| | (ट) चाँदनी खरेलले दिल्लीस्थित लेडिज हार्डिङ्ग कलेजमा एम.बि.बि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा.रू.१०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ठ) आयुष खरेलले भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा.रू. १,००,०००।– ले हुन आउने रकम | | १,६०,०००।- | | | |
| | (ड) २०५३।५ मसान्तमा अच्युतकृष्ण खरेलको ने. वै.लि, डिल्लीबजार स्थित खातामा रहेको मौज्दात | | ६९,३९९।- | | | |
| | (ढ) २०५३।५ मसान्तमा चाँदनी खरेलको ने.वै.लि., डिल्लीबजारस्थित खातामा रहेको मौज्दात | | ७,६०७।- | | | |
| | (ण) २०५३।५ मसान्तमा आयुष खरेलका ने.वै.लि., डिल्लीबजारस्थित बैंकमा रहेको मौज्दात | | ९,३५५।- | | | |
| | (त) २०५३ साल भाद्र मसान्तमा मीना खरेलको ने.बैं.लि., डिल्लीबजारस्थित खातामा रहेको मौज्दात | | ९४९४।- | | | |
| | (थ) कृषि आय (२०५३) | १७,४२०।- | | | | |
| | जम्मा- | ६,४५,४४९।- | ४९,५७,१८७।- | (४३,११,७३८।-) | | |
| १० | २०५३ सालको जम्मा मौज्दात | | | | | |
| | (क) २०५४ साल वैशाखदेखि ०५४ चैतसम्मको तलब भत्ता | ८०,१७४।- | | | | |
| | (ख) मिति २०५४।२।५ मा काभ्रे साठीघर भगवती–१ कि.नं.४२ क्षे.फ. २–७–२–२ आयुष खरेलको नाममा खरिद गर्दाको मूल्य | | १४,५००।- | | | |
| | (ग) मिति २०५४।३।६ मा अच्युतकृष्ण खरेलको नाममा खरिद गरिएको गाडी | | ५,८३,१५१।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) मिति ०५४।८।२९ मा काभ्रे साठीघर भगवती–१ को कि.नं. २९६ क्षे.फ. २–१३–२–१ आयुष खरेलको नाममा खरिद गर्दाको मूल्य | | १५,०००।- | | | |
| | (ङ) मिति ०५४।१०।९ मा का.जि. जोरपाटी कि.नं. २७७ क्षे.फ. ०–२–२–३.५ को जग्गा आयुष खरेलको नाममा खरिद गर्दाको मूल्य | | २१,५००।- | | | |
| | (च) मिति ०५४।११।१० मा का.जि. जोरपाटी ५ ख कि.नं. २७६ क्षे.फ. ०–२–२–३.५ आयुष खरेलको नाममा खरिद गर्दाको मूल्य | | २१,५००।- | | | |
| | (छ) चाँदनी खरेलले दिल्ली स्थित लेडिज हार्डिङ्ग कलेजमा एम.बि.बि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा.रू.१,०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |
| | (ज) आयुष खरेललाई निजी खर्चमा भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा.रू. १,००,०००।– ले हुने (२०५४ सालको) | | १,६०,०००।- | | | |
| | (झ) गाडी खरिद गर्नुपूर्व मिति २०५४।१।१९ (सन् १९९७।५।१) मा हिमालयन बैंकबाट लिएको कर्जा | ४,००,०००।- | | | | |
| | (ञ) कृषि आय (२०५४) | १७,४२०।- | | | | |
| | जम्मा- | ४,९७,५९४।- | ८,३४,८५१।- | (३,३७,२५७।-) | | |
| ११ | २०५४ सालको जम्मा मौज्दात | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (क) २०५५ साल वैशाखदेखि चैतसम्मको तलब भत्ता | ८४,२११।- | | | | |
| | (ख) मिति २०५५।५।१४ मा नेपाल बैंक लिमिटेड डिल्लीबजारमा अच्युतकृष्ण खरेलको नाममा राखेको मुद्दति हिसाब | | १,५४,७००।- | | | |
| | (ग) २२–२७ अक्टुवर १९९८ (२०५५।७।५–१०) मा कायरोको भ्रमण गर्दा ०५५।६।२५ मा भुक्तानी लिएको रू.१,०१,४४७।– मध्ये ७० प्रतिशतले बचत हुने रकम | (७१,०१३।-) | | | प्रति अमेरिकी डलर रू.६८।२५ का दरले | |
| | (घ) मिति २०५५।८।१५ मा चितवन नारायणगढ ५क कि.नं. ४६३ क्षे.फ. ०–४–३ को जग्गा मीना खरेलको नाममा खरिद गर्दाको मूल्य | | ८४,०००।- | | | |
| | (ङ) २०५५।१०।१७ मा आयुष खरेलको नाममा नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स कोअपरेटिभ लिमिटेडको रू. १०००।– को दरले १०० कित्ता शेयरमा लगानी गरेको रकम | | १,००,०००।- | | | |
| | (च) २०५५ सालमा चितवन नारायणघाट स्थित ५क कि.नं. ३७६ क्षे.फ. ०–८–९.७५ को जग्गामा निर्मित घरको लागत मूल्य | | १२,७१,४५०।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (छ) २०५५ सालमा दिल्ली स्थित लेडिज हार्डिङ्ग कलेजमा चाँदनी खरेलको एम.वि.वि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा.रू.१,०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |
| | (ज) आयुष खरेललाई भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा.रू. १,००,०००।– ले हुने रकम (०५५ सालको) | | १,६०,०००।- | | | |
| | (झ) २०५५।१०।२० भन्दा अगाडिको आम्दानीबाट जम्मा गरेको रकम ने.बै. लि. डिल्लीबजारस्थित अच्युतकृष्ण खरेलको खातामा रहेको मौज्दात | | ३,८०,१७९।- | | | |
| | (ञ) कृषि आय (२०५५) | १७,५८०।- | | | | |
| | जम्मा- | १,०१,७९१।- | २१,६९,५२९।- | (२०,६७,७३८।-) | | |
| १२ | २०५५ सालको जम्मा मौज्दात- | | | | | |
| | (क) २०५६ सलको तलब भत्ता | ८४,२११।- | | | | |
| | (ख) ने.बै.लि. डिल्लीबजारमा चाँदनी खरेलको खातामा ०५६।३।३० मा मौज्दात रहेको रकम | | ४५,४५०।- | | | |
| | (ग) यूनियन फाइनान्स कम्पनीको शेयरमा अच्युतकृष्ण खरेल, मीना खरेल र चाँदनी खरेलका नामबाट प्रति व्यक्ति ५० कित्ताले हुने जम्मा १५० कित्ता शेयरको रू. १००।– का दरले हुने रकम | | १५,०००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (घ) नेपाल मर्चेन्ट बैकको शेयरमा २०५६ मा चाँदनी खरेलको नामबाट ७० कित्ता शेयरको रू. ५० का दरले हुने रकम | | ३,५००।- | | | |
| | (ङ) चाँदनी खरेलको दिल्ली स्थित लेडिज हार्डिङ्ग कलेजमा एम.वि.वि.एस. अध्ययन गर्दा लागेको खर्च मासिक भा.रू.१,०००।– का दरले हुन आउने रकम | | १९,२००।- | | | |
| | (च) आयुष खरेलले भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा. रू. १,००,०००।– ले हुने रकम (०५६ सालको) | | १,६०,०००।- | | | |
| | (छ) सप्तरी नर्घौं वडा नं. ४, २, ४ को कि.नं. क्रमशः ३७८, ३८१,१९२ को क्षे.फ. क्रमशः ०–३–१९.५, ०–०–६, ०–५–७ बिगाहा जग्गा सूर्य नारायणलाई मिति २०५६।९।२३ मा बिक्री गर्दा प्राप्त भएको रकम | २६,०००।- | | | | |
| | (ज) २०५६।८।३ मा खरिद गरेको ओम हस्पिटल एन्ड रिर्सच सेन्टरको शेयर खरिद गर्दाको लगानी | | १०,००,०००।- | | | |
| | (झ) १२–१४ सेप्टेम्बर १९९९ मा चीनको भ्रमण गर्दा मिति २०५६।९।८ मा भुक्तानी लिएको रकम रू.३१,१४३।– मध्ये ७० प्रतिशतले बचत हुन आउने रकम | २१,८००।- | | | US$ ३३७।- (प्रति अमेरिकी डलर रू. ६८।८० का दरले) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ञ) चितवन नारायणगढ ५क कि.नं. ४९३ क्षे.फ. ०–५.२५–० कि.नं. ४९६ क्षे.फ. ०–०–५ कि.नं. ४९९ क्षे.फ. ०–०–१७ मिति ०५६।९।१९ मा खरिद गर्दाको मूल्य | | २७,५००।- | | | |
| | (ट) एन.आई.सी. बैंकको शेयरमा ०५६।१०।२६ मा मीना खरेलको नामबाट २५० कित्ता शेयरको रू. १००।– का दरले गरेको लगानी | | २५,०००।- | | | |
| | (ठ) मिति २०५६।११।२ मा औषधी उपचार रू.८९,६१७।– र आर्थिक सहायता रू. ३३,३२७।०६ गरी जम्मा प्राप्त रकम | १,२२,९४४।- | | | | |
| | (ड) मिति २०५६।११।२ मा बिरामी भई औषधी उपचार गर्न जाँदा भएको खर्च रकम | | १,२२,९४४।- | | | |
| | (ढ) कृषि आय (२०५६) | २१,४४०।- | | | | |
| | जम्मा- | २,५४,५९१।- | १४,१८,५९४।- | (११,६३,९९१।-) | | |
| १३ | २०५६ सालको जम्मा मौज्दात | | | | | |
| | (क) २०५७ साल वैशाखदेखि २०५७ साल कार्तिकसम्मको तलब भत्ता | ७१,४५३।६५ | | | | |
| | (ख) चितवन नारायणगढ ५क कि.नं.५१३ क्षे.फ. ०–५–७.५ को जग्गा मिति २०५७।२।१ मा खरिद गर्दाको मूल्य | | १,०७,५००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ग) मिति २०५७।३।२३ मा नेबिल बैंक कान्तिपथमा आयुष खरेलको डलर खातामा जम्मा भएको रकम यु.एस.डलर १,१००।– ले हुन आउने रकम | | ७८,२१०।- | | US$ ४३०।- (प्रति अमेरिकी डलर रू.७१।१० का दरले) | |
| | (घ) मिति २०५७।३।२३ मा बैंक अफ काठमाडौंको शेयर दोस्रो बजारबाट ९५० का दरले १००० कित्ता शेयर आयुष खरेलको नाममा खरिद गरेको रकम | | ९,५०,०००।- | | | |
| | (ङ) २०५७ सालमा नेपाल इन्भेष्टमेन्ट बैंकको रू. १००।– का दरले राइट शेयर ९६ कित्ता अच्युतकृष्ण खरेल र मीना खरेलका नाममा खरिद गरेको रकम (अच्युतकृष्ण खरेलले १७९, मीना खरेलले १५९ कित्ता शेयर बोनस बापत प्राप्त गरेको) | | ९,६००।- | | | |
| | (च) आयुष खरेललाई भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा.रू. १,००,०००।– ले हुने रकम (०५७ सालको) | | १,६०,०००।- | | | |
| | (छ) अवकाशपश्चात् मिति २०५७।८।१ मा सञ्चित बिदा बापत प्राप्त रकम | २,२५,८६६।- | | | | |
| | (ज) अवकाशपश्चात् मिति २०५७।८।१ मा औषधी उपचार सुविधाबापत प्राप्त रकम | ८६,२१२।- | | | | |
| | (झ) मिति २०५७।९।११ मा गोरखा फाइनान्स लिमिटेडबाट लिएको कर्जा रकम | (२०,००,०००।-) | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ञ) मिति २०५७।९।१९ मा गोरखा फाइनान्स लिमिटेडबाट लिएको कर्जा रकम नगदै भुक्तानी गरेको रकम | | २०,००,०००।- | | | |
| | (ट) मिति २०५७।९।२० मा अंशबन्डा हुँदा आयुष खरेललाई दिएको रकम | | १२,००,०००।- | | निजको बयान अनुसार | |
| | (ठ) सप्तरी नर्घौंको वडा नं. ६ कि.नं. ५७५, ५७६, ५७८ को क्षे.फ. क्रमशः ०–४–०, –०–४–१४ र ०–३–३ बिगाहा जग्गा क्रमशः चनरदेवी, अमीरलाल यादव र अमीरलाल यादवलाई मिति २०५७।१०।४ मा बिक्री गर्दाको प्राप्त रकम | ६१,०००।- | | | | |
| | (ड) मीना खरेलले २०५७।१०।६ मा खरिद गरेको राष्ट्रिय बचत पत्र (२०६० घ) | | ८,००,०००।- | | | |
| | (ढ) कृषि आय (२०५७) | २२,८००।- | | | | |
| | जम्मा- | ४,६७,३३१।६५ | ३३,०५,३१०।- | (२८,३७,९७८।३५) | | |
| १४ | २०५७ सालको जम्मा मौज्दात | – | | | | |
| | (क) २०५७।१२।१४ मा ने.बैं.लि. डिल्लीबजार शाखास्थित अच्युतकृष्ण खरेलको नामको बैंक खाताबाट झिकेको रकम | ४,४२,०००।- | | | | |
| | (ख) युनियन फाइनान्समा २०५८।१।२० (3, May 01) जम्मा भएको रकम – | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| –चाँदनी खरेलको खातामा | रू.१,३०,०००।– | | | | | |
| –मीना खरेलको खातामा रू.२,००,०००।– | | ३,३०,०००।- | | | | |
| | (ग) नबिल बैंक दरबारमार्गमा मीना खरेलको खातामा मिति २०५८।३।१ (२००१।६।१५) मा रहेको रकम | | १,००,०००।- | | | |
| | (घ) नबिल बैंक दरवामार्गमा मिति ०५८।३।१२ (ई.सं.२६–६–२००१) मा चाँदनी खरेलको मुद्दती खाता नं. ०२०४९६ (दुई वर्षे) मा रहेको रकम | | ५०,०००।- | | | |
| | (ङ) जग्गा बिक्रीको लागि शोभा खनालबाट बैनाबापत प्राप्त रकम | ३०,००,०००।- | | | | |
| | (च) चाँदनी खरेलको नबिल बैंक दरबारमार्ग स्थित बचत खातामा मिति २०५८।३।१२ (ई.सं. २६–६–२००१) मा अच्युत खरेलको खातामा रहेको | | ३४,०००।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (छ) अच्युत खरेलको ०५८।३।१९ र २५ मा खरिद गरेको राष्ट्रिय बचत पत्र (२०६२ ग, २०६२ङ, २०६४क) | | १९,९५,०००।- | | | |
| | (ज) चाँदनी खरेलको नबिल बैंक दरबारमार्ग स्थित बचत खातामा मिति २०५८।८।४ (ई.सं. १९–११–२००१) मा जम्मा भएको रकम | | ४०,०००।- | | | |
| | (झ) का.म.न.पा. १० स्थित कि.नं. २५९ को क्षे.फ. ०–९–३–३ को घर जग्गा मिति २०५८।८।६ मा शोभा खनाललाई बिक्री गर्दा प्राप्त रकम | १५,००,०००।- | | | | |
| | (ञ) आयुष खरेलले भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा. रू. १,००,०००।– ले हुने रकम | | १,६०,०००।- | | | |
| | (ट) कृषि आय (२०५८) | २०,४००।- | | | | |
| | जम्मा- | ४९,६२,४००।- | २७,०९,०००।- | २२,५३,४००।- | | |
| १५ | २०५८ सालको जम्मा मौज्दात | | २२,५३,४००।- | | | |
| | (क) मिति २०५९।५।१८ (2002 Sept. 3) मा इन्भेष्टमेन्ट बैंकको १०० कित्ता शेयर दोस्रो बजारबाट रू. ७८०।– का दरले अच्युतकृष्ण खरेलको नाममा खरिद गरेको | | ७८,०००।- | | | |
| | (ख) मिति २०५९।२।२७ मा नबिल बैंकको १०२ कित्ता शेयर रू.७४०।– का दरले खरिद गर्दा हुने रकम | | ७५,४८०।- | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (ग) मिति ०५९।३।१३ मा खरिद गरेको बैंक अफ काठमाडौंको ३०० कित्ता शेयर खरिद गर्दा (प्रति कित्ता रू. ३७६ का दरले) हुने रकम | | १,१२,८००।- | | | |
| | (घ) मिति २०५९।६।१८ मा बैंक अफ काठमाडौंको ४०० कित्ता शेयर रू. २७४।– का दरले खरिद गर्दा हुने रकम | | १,०९,६००।- | | | |
| | (ङ) प्रिमियर फाइनान्समा अच्युत खरेलको खातामा मिति ०५९।४।२२ मा रहेको खाता नं. एफ.डि. ३–०४१७ को रकम | | १५,००,०००।- | | | |
| | (च) मिति २०५९।२।३ मा नबिल बैंकस्थित अच्युतकृष्ण खरेल र मीना खरेलको डलर खाताबाट यु.एस.डलर ८८२२.४६ को प्रति डलर करिब रू. ७४।– ले हुने | ६,५२,८६२।- | | | | |
| | (छ) मिति ०५९।८।१३ मा छोरी चाँदनी भट्टराईको विवाहमा लागेको खर्च (अच्युतकृष्ण खरेलको बयानअनुसार) | | ४,००,०००।- | | | |
| | (ज) सप्तरी नर्घौं–४ को कि.नं. ११४ को क्षेत्रफल ०–३–६ को जग्गा तपसी र कमलावतीलाई मिति २०५९।११।१४ मा बिक्री गर्दा प्राप्त भएको रकम | २५,०००।- | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (झ) आयुष खरेलले भारतमा बि.डि.एस. अध्ययनार्थ लाग्ने वार्षिक भा.रू. १,००,०००।– ले हुने रकम | | १,६०,०००।- | | | |
| | जम्मा- | २९,३१,२६२।- | २४,३५,८८०।- | ४,९५,३८२।- | | |

प्रस्तुत विवरणको मौज्दात खण्डमा  कोष्ठभित्र लेखिएका रकमले तत्कालको ऋणात्मक स्थिति देखाइएको।

मुख्यमुख्य आय :

अच्युतकृष्ण खरेलले सरकारी सेवामा रहेको अवस्थामा पदीय हैसियतले प्राप्त गरेको मुख्य–मुख्य आयको विवरण निम्नानुसार देखाएको।

| क्र.सं. | विवरण | रकम (रू.) | कैफियत |
|---|---|---|---|
| १ | तलब, भत्ता, दशैं खर्च | ११,११,१५५।६६ | यो रकममा सञ्चयकोषमा कट्टी भएको छैन। |
| २ | विदेश भ्रमणबापत | ५,०९,७५१।२० | कुल प्राप्त रकम |
| ३ | सञ्चित बिदाको रकम | २,२५,८६६।- | – |
| ४ | घर बिदाको | ४९,९२६।- | – |
| ५ | औषधी उपचार | १,७५,८८३।- | – |
| ६ | क.सं. कोष (२०५८।१०।२३) | ८,२६,२६०।२१ | – |
| | जम्मा | २८,९८,८४२।०७ | - |

प्रतिवादी अच्युत कृष्ण खरेलले आयोगमा गरेको बयान :

हाल म का.म.न.पा. वडा नं.४ धुम्बाराहीमा बस्दछु। मेरा परिवारका सदस्यहरूमा छोरा हाल भारतमा बस्दछन्। छोरीको विवाह भै सकेको छ। छोराछोरीहरूलाई स्कूलस्तरको पढाइ साना कक्षामा छोरा वृहस्पती स्कुल, छोरी सेन्ट मेरिजमा र पछि काठमाडौंस्थित भारतीय राजदूतावास परिसरमा रहेको केन्द्रीय विद्यालयमा भएको हो। चिकित्सकको पढाइ छोरीको दिल्लीस्थित लेडिज हार्डिजमा कल्चरल सिटमा अध्ययन गरेकी हुन। प्रतिमहिना अधिकतममा  रू.१ हजार लाग्दथ्यो। छोरोको हकमा BDS पढाइका लागि प्रतिवर्ष भा.रू. १ लाख जति दिने गरेको हुँ। छोराछोरीको पढाइ खर्च मैले व्यहोरेको हो। खर्च कुन स्रोतबाट भयो र कति भयो भन्न सक्ने अवस्था भएन।

छोरीको विवाह २०५९ साल मङ्सिर १३ गते भएको हो। उक्त विवाहमा चल सम्पत्तिको हकमा मेरो पैतृक सम्पत्तिबाट प्राप्त २० तोला सुन र चाँदीको हकमा पैतृक सम्पत्तिबाट प्राप्त ५०० तोला मध्ये २५० तोला खर्च भएको हो। भोजमा र अन्य खर्चसमेत गरी ४ लाख खर्च भएको हो।

काठमाडौं महानगरपालिका वडा नं. १० हाल वडा नं.३४ को कि.नं. ५७९ को क्षेत्रफल ०–२–३ रोपनी जग्गा मूल्य रू. ७,०००।– मा खरिद गरेको हुँ। ०–९–३–३ रोपनी जग्गामध्ये ०–७–०–० जग्गा मेरो पैतृक सम्पत्ति अंशबाट प्राप्त भएको धोबीधाराको डि.पी.सी. सहितको घरजग्गा दाजु राम खरेलसँग भाउजू पदमा खरेलको नामबाट सट्टा पट्टा गरेर लिएको कागजात यस आयोगमा पेस गरेको छु। कि.नं.४३१ क्षे.फ.०–१–३–०

बाटो प्रयोजनको लागि दाई राम खरेलबाट लिएको हुँ। कि.नं.२५४ को १४ आना जग्गा मिति ०४१।११।२५ मा म अच्युतकृष्ण खरेलको नाममा मूल्य ४४,०००।– मा बकसपत्रको लिखतबाट खरिद गरेको भएपनि सोमध्ये २ आना २ पैसा जग्गाको मूल्य दाजु रामकृष्ण खरेलबाट प्राप्त गरी ११ आना २ पैसा जग्गाको मूल्य रू.३६,१५६।– मात्र मैले व्यहोरेको हुँ।

का.म.न.पा. वडा नं.१० हाल ३४ कि.नं.२५९ मा २०४२ सालमा घर निर्माण भएको हो । स्रोतको हकमा अंशबाट प्राप्त चल सम्पत्ति धुम्बाराहीको जग्गा बिक्री, रासनबापत प्राप्त रकम, भत्ता र कृषि आयमध्येबाट निर्माण गरेको हो। निर्माण लगत व्यक्तिगत विवरणमा उल्लेख गरिएको छु। जम्मा रू.५,८३,१५६।८५ मा किनेको निसान सनीकारको स्रोत मैले २०६०।२।१४ को आयोगसमक्ष पेस गरेको व्यक्तिगत विवरणमा खुलाएको छु । रू.१२ लाख छोरालाई भिन्न भएको हुँदा दिएको हो । साथमा रहेको रू.४,७५,३५१।४० को सम्बन्धमा सगोल परिवारबाहेक अन्यलाई व्यवहारको सिलसिलामा दिएको रकमबारे उल्लेखगर्ने महल व्यक्तिगत विवरणमा उल्लेख नभएको हुँदा सो महलमा उल्लेखसम्म गरेको हुँ।

सोनी टी.भी. लगायतका विद्युतीय उपकरणहरूको खरिदको स्रोत घरभाडा, कृषि, दै.भ्र. भत्तासमेतको बचत रकम हो । कृषि आयको हकमा मधेशको खेती, बगैंचा, पोखरीसमेतको आय गरी २०३३ सालदेखि २०५२ सालसम्म प्रतिवर्ष एकलाख नब्बेहजार रूपैंयाँ र ०५२ सालदेखि हालसम्म प्रति वर्ष एकलाख बीस हजार रूपैयाँ आय हुने गरेको छ । पहाडतर्फ २०५८ सालसम्म प्रतिवर्ष खाद्यान्नसहित औषत रू.७५,०००।– हुने गरेकामा हाल आफैँले गर्न लागेपछि अन्दाजी रू.१,५०,०००।– आय हुन थालेको छ। तलब, विभिन्न भत्ताबाहेक आय प्राप्त हुनेमा कृषि आय, घर भाडा, विभिन्न समयमा बिक्रीको घर जग्गा भाडा विभिन्न शेयरको लाभांश, तलब भत्तालगायतका विभिन्न स्रोतहरूबाट सञ्चित रकमको लगानीबाट प्राप्त ब्याज, विभिन्न मितिमा भन्सारबाट प्राप्त सुराकी कमिसन, रासनबापत प्राप्त हुने रकम र दैनिक भ्रमण भत्ता स्वदेश र विदेश भ्रमणमा जाँदा आदि हुन्। विदेश भ्रमणमा जापानको तालिम तथा सेमिनारमा प्रतिदिन ६२ डलर प्राप्त गरेको छु। बचत हुन आएको १४०० डलर हो । इन्टरपोलमा भाग लिन र अन्य भ्रमणमा जाँदाको अवस्था स्थान हेरी प्रहरी प्रधान कार्यालयबाट प्राप्त भत्तामा ६० प्रतिशतदेखि ७५ प्रतिशतसम्म बचत हुन्छ । पटकपटक विदेश भ्रमणबाट करिब ५ लाख आर्जन हुनुपर्दछ। त्यसको आर्जनबाट टि.भि. र सवारी साधन खरिदमा खर्च गरेको छु।

२०५६ सालमा ओम नर्सिङ्ग होमको रू.१० लाखको शेयर खरिद गरेको हो । सो शेयर आयुष खरेलको नाममा खरिद गरिएको हो। कर्मचारी र व्यक्ति विशेषले आफ्नो घरायसी आय व्ययको लेखा स्रेस्ता राख्नु पर्ने कुनै बाध्यात्मक कानूनी व्यवस्था नै नभएको हुनाले र व्यवहार पनि नभएको हुनाले सेवा प्रवेश गरेको ३३ वर्षपछि सो समयदेखिको विवरणहरू माग गर्दा सबै कुराको स्मरण हुन र प्रमाण जुटाउन सम्भव नहुने कुरासमेत अनुरोध गर्दै प्राप्त भएसम्म सबुदहरूलगायत आयस्रोत प्रमाणित गर्ने अन्य प्रमाणहरू फेला परेसम्म र स्मरण भएसम्म पेस गर्नेछु। मैले देखाएको र मेरी पत्नी मीना खरेल, छोरा आयुष खरेलको नाममा रहेको निजहरूको अंशबन्डाबापत पाएको निजहरूको नाममा खरिद गरिएको सम्पूर्ण चलअचल सम्पत्ति विवरण अन्यथा उल्लेखगरिएको अवस्थामाबाहेक मेरो निजी र पैतृक स्रोतबाटै आर्जित सम्पत्ति हुन् । त्यसको आर्जनमा निजहरूको कुनै संलग्नता छैन भन्ने कुरासमेत प्रष्ट पारेको छु।

छोरीको विवाह भोजमा खर्च भएको रू. ४ लाखको आय स्रोतमा व्यक्तिगत विवरण फाराममा उल्लेखभएका आयस्रोत र घर जग्गा बिक्रीसमेतबाट प्राप्त रकम हो। अंशबन्डाबाट अचल सम्पत्तिको हकमा मैले पेस गरेको अंशबन्डाबाट प्रष्ट हुनेछ। चलको हकमा सुन तोला २०, चाँदी ५०० तोला र नगद करिब २ लाख प्राप्त गरेको हुँ। नघौंको जग्गाहरू विभिन्न मितिमा

विभिन्न मोलमा बिक्री गरेको हुँ। सबैको मिति स्मरण भएन। मूल्यको हकमा प्रति बिगाहा रू.२ लाखदेखि ९।१० लाखसम्ममा बिक्री गरेको हो।

मेरा सहोदर भान्जा सुरेश उप्रेती कानून पनि पढेका र विश्वासिला व्यक्तिगत रूपमा व्यापारिक कारोबार गर्ने व्यक्ति पनि भएको हुनाले निजले जग्गा जमिन खरिद बिक्री एवम् सार्वजनिक सवारी साधन सन्चालन इम्पोर्टको कारोबार गर्ने व्यक्तिलाई मबाट रकम लिइ मलाई कबुल गरेको भन्दा २ प्रतिशत बढी ब्याजमा लगानी गर्ने गरेको थिएँ। मेरो भान्जा विश्वासी भएको हुँदा निजलाई कर्जा दिई लगानी गराएको हुँ। मलाई पाउनु पर्ने साँवा ब्याज समयमा बुझाउने गरेको हुनाले उनले कसकसलाई लगानी गर्दथे, सोधखोज गर्नुपर्ने आवश्यक परेन। यसको अलावा सडक विभागमा काम गर्ने मेरो भतिजो नाता पर्ने केसरी खरेलले पनि मबाट रकम ऋण स्वरूप लिई सडकका ठेकेदारलाई लगानी गर्दथे। यसरी लगानी गर्दा भान्जा सुरेश उप्रेती र भतिजा केसरी खरेलले मलाई १८ देखि २४ प्रतिशतसम्म ब्याज दिने गर्दथे। स्रेस्ता नराखेको हुँदा कहिले कति कसलाई भन्ने स्मरण छैन। यसरी गरिएको लगानीबाट निजहरूबाट १० देखि १५ लाख रूपैयाँसम्म ब्याजमार्फत प्राप्त गरेको हो।

मेरी पत्नी विगत ९ महिनादेखि ओभरीको क्यान्सर रोगबाट पीडित रहेको र हाल पनि किमो थेरापीमा भएको हुँदा निज बयानको लागि आयोगसमक्ष आउन सक्ने अवस्था छैन र निजले पूर्ण बेड रेस्टमा बस्नु पर्ने भनी विशेषज्ञ डाक्टरको राय भएको कागजात पेस गरेको छु। निजको नाममा रहेका विभिन्न जमिन, घर, शेयर बैंकमा रहेको नगद आदि अधिकांश लगानीहरू मेरो आयस्रोतबाट भएको हुँदा त्यसबारे निजको तर्फबाट म जवाफ दिन तयार छु। छोरा आयुष खरेल छुट्टी भिन्न भै सकेको भएपनि निजको नामको चल अचल सम्पत्ति पनि अधिकांश आयस्रोत मेरो नै हो।

का.म.न.पा.–२३ (च) कि.नं.१२१ क्षे.०–१०–२–० रोपनी जग्गा २०३६ सालमा खरिद गरिएको हो। यसको मूल्य रू. २४,०००।– हुनु पर्दछ। का.म.न.पा.२३ कि.नं.२५७ क्षे.फ.०–४–०–० रोपनी जग्गा २०४२।११।८ मा खरिद गरेको हो। चितवन जिल्ला नारायणगढ ५क कि.नं. ३७६ क्षे.फ.०–८–९.७५ र कि.नं १४ क्षे.फ.०–३–१२.२५ बिगाहा जग्गा मिति ०५३।१।७ मा खरिद गरिएको र मूल्यको हकमा कि.नं.१४ को रू.३७,०००।– र कि.नं. ३७६ को १,७०,०००।– हो। काठमाडौं जिल्ला जोरपाटी–५(ख) कि.नं.३५० क्षे.फ.१–०–२–०, कि.नं. ३४८ क्षे.फ.०–९–०–२ र कि.नं. २३४ क्षे.फ.१ –०–१–० रोपनी जग्गा २०५०।६।८ मा कूल १ लाख ३२ हजारमा खरिद गरेको हो। का.जि. जोरपाटी कि.नं. २७८ क्षे.फ. १–३–०–१ रोपनी जग्गा मिति २०५०।१२।१७ मा रू. ६० हजारमा खरिद गरेको हुँ। काभ्रे जिल्ला पलान्चोक गा.वि.स.–४ कि.नं. ४५६ क्षे.फ. ६–०–२–२ रोपनी जग्गा मिति २०५१।४।१७ मा रू. ५ हजारमा खरिद गरिएको हो। का.जि.का.म.न.पा. २३ त कि.नं. २०१ कि.नं.०–५–०–० रोपनी जग्गा मिति २०५२ साल वैशाख महिनामा रू.७३,२००।– मा खरिद भएको हो। का.जि. का.म.न.पा. २३त कि.नं. ४३६ क्षे.फ. ०–८–०–० रोपनी जग्गा मिति ०३८।११।१२ मा मेरो सहोदर भान्जा सुरेश उप्रेतीको नाममा जम्मा मूल्य रू.४५ हजारमा खरिद भएको हो। सो जग्गा खरिदगर्दा रू.२८,२५६।– सोही समयमा नै चुक्ता गरेको हुँ। मिति २०५३।५।५ मा घर व्यवहार मिलाउन न्यूनतम मूल्याङ्कनबमोजिम मूल्य राखी राजिनामा पारित गरिएको हो।

का.जि., का.म.न.पा. २३ त कि.नं. २०४/४३५ क्षे.फ. ०–१२–०–० रोपनी जग्गा मेरो सहोदर दाजु रामकृष्ण खरेलको पत्नी पद्मा खरेलको नाममा २०३८।११।१२ मा जम्मा मूल्य रू.४५ हजारमा खरिद गरेको हो। सो खरिद गर्दा १२ आनाको हुने मूल्य रू. ४२,३८४।– सोही समयमा नै मैले चुक्ता गरेको हुँ। ०५३।५।५ मा घर व्यवहार मिलाउन साबिकदेखि भाउजूको नाममा खरिद गरिएको जग्गा मध्ये मैले चुक्ता गरिसकेको जति १२ आना जग्गा तत्काल मालपोत

कार्यालयमा भएको न्यूनतम मूल्याङ्कनबमोजिम मूल्य राखी बकसपत्र पारित गराई लिएको हुँ । का.जि. का.म.नपा. २२घ कि.नं. ६१ क्षे.फ. ०–३–३–० रोपनी जग्गा र कि.नं. ६२ क्षे.फ. ०–३–२–० रोपनी जग्गाहरू २०४९ सालमा खरिद गरिएको हो । मूल्य ६९ हजार मात्र हो । चितवन जिल्ला नारायणगढ–५(क) कि.नं ४६३ क्षे.फ. ०–४–३ बिगाहा जग्गा २०५५।८।१४ मा रू.८४,०००।– हजारमा खरिद गरिएको हो । चितवन जिल्ला नारायणगढ ५क कि.नं.४९३ क्षे.फ. ०–०–५.२५, कि.नं. ४९६ क्षे.फ. ०–०–५ र कि.नं. ४९९ क्षे.फ. ०–०–१७ बिगाहा जग्गाहरू मिति ०५६।९।१९ मा मूल्य रू.२७,०००।– मा खरिद गरिएको हो । चितवन जिल्ला नारायणगढ ५क कि.नं. ५१३ क्षे.फ. ०–५–७.५ बिगाहा जग्गा मिति ०५७।२।१ मा मूल्य रू. १,०७,०००।– मा खरिद गरिएको हो ।

काभ्रे जिल्ला, साठीघर भगवती–१ को कि.नं.४२ क्षेत्रफल २–७–२–० रोपनी जग्गा २०५४ सालमा मूल्य १४,५००।– मा खरिद गरिएको हो । ऐ. ऐ. ठाउँको कि.नं.२९६ क्षे.फ.२–१३–२–१ रोपनी जग्गा २०५४ सालमा मूल्य रू.१५ हजारमा खरिद भएको हो । का.जि. जोरपाटी ५ख कि.नं.२७६ क्षे.फ.०–२–२–३.५ रोपनी जग्गा २०५४ साल फागुनमा खरिद गरिएको हो, मूल्य २१,५००।– हो । का.जि. जोरपाटी ५ ख .कि.नं.२७७ क्षे.फ.०–२–२–३.५ रोपनी जग्गा २०५४ साल माघमा मूल्य रू.२१,५००।– मा खरिद गरिएको हो ।

मीना खरेलको नाममा का.जि.का.म.न.पा.४ धुम्बाराहीमा निर्माण भएको घर ०५१ साल श्रावण २१ गते नक्सा पास प्रमाणपत्र लिई ०५३ साल आश्विनमा निर्माण सम्पन्न गरेको हो । सो घरको सजावटमा २०५४ सालमा रू.२ लाख खर्च भएकोसमेत गरी रू.१६ लाख हो । स्ट्रक्चरको हिसाबले घर कहि २ तल्ला कहिँ ३ तल्ला छ । कोठा १४।१५ छन् । मीना खरेलको नाममा चितवन जिल्ला भरतपुर न.पा. ५ क स्थित स्थित कि.नं.१४ क्षे.फ.०–१३–१२.२५ को जग्गामा भएको घरको निर्माण २०५७ सालमा सुरू गरी २०५९ सालसम्ममा सम्पन्न भएको हो । निर्माण लागत रू. ४ लाखदेखि ५ लाखसम्म हो । घर २ तल्लाको छ र जम्मा ४ कोठा छन् ।

पत्नी मीना खरेलले राष्ट्रिय बचतपत्र २०६२ घ रू.८ लाखको खरिदको स्रोत बैंकबाट लिएको ऋण लगानीबाट ब्याजसहित फिर्ता भएको रकम, मेरो घरभाडा कृषि आय र मैले भाइ नाताको उत्तम खरेलसँग सापटी लिएको रू.११ लाख मध्येबाट खरिद गरिएको हो । छोरी चाँदनी खरेल ०५७ माघ २४ गतेदेखि वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मासिक रू.१४,५००।– तलबमा कार्यरत् छिन् । छोरा आयुष खरेलले विदेश जाँदा प्राप्त हुने सटही गरेको रकम खर्च नभई बचेको हुँदा प्रचलित कानूनको अधीनमा रही यू.एस.डलरको खाता खोलेको हो । स्रोतको हकमा मेरो कृषि आय घरभाडा, जमिन बिक्रीबाट प्राप्त रकम, तलब भत्ता, दैनिक भ्रमण भत्ताको बचत रकम मध्येबाट हो । छोरा आयुष खरेलको नाममा नेपाल प्रिन्टस एन्ड ट्रेडर्स को–अपरेटिभ लि. को शेयर मेरो विभिन्न आयस्रोतहरूमध्ये तलब भत्ता, दै.भ्र. भत्ताबाट बचत रकम, कृषि आय, घरभाडा बानेश्वरको समेतबाट हो ।

२०५६ साल फागुन ६, ७ र १७ गते हिमालयन बैंकबाट झिकेको रू. १५ लाख लगानी फिर्ता गोरखा फाइनान्सबाट ऋण लिई सकेपश्चात् प्राप्त भएकाले सोही फिर्ता रकम ब्याजसहित र २०५६ साल बैशाख महिनामा भाइ नाता पर्ने उत्तम खरेलबाट सापटी लिएको रू.११ लाख अनुसूचीमा उल्लेख गरिएको आयस्रोतसमेतबाट गोरखा फाइनान्सबाट लिएको ऋण चुक्ता गरेको हुँ । गोरखा फाइनान्सबाट लिएको ऋण छोटो समयको लगानी पश्चात् फिर्ता आएपछि सोही र मेरो अन्य आयस्रोतमध्येबाट हिमालयन बैंकमा ०५७।१०।१९ मा रू. २३ लाख बुझाई बैंक ऋण चुक्ता गरेको हुँ ।

धोबीधाराको मेरो अंशमा प्राप्त गरेको घरमा २०३३ सालबाट २०४१ सालसम्म प्रतिवर्ष १३ हजारले रू.१,१७,०००।– प्राप्त गरेको हुँ । २०४३ सालबाट २०५७

सालसम्म बानेश्वरको घर भाडाबाट १७ लाख ३ हजार प्राप्त गरेको हुँ । जसको राजस्व तिरेको कागजात पेस गरेको छु । लामो समयको कुरा हुँदा को को भाडामा राखिए हाल स्मरण भएन । धुम्बाराहीको मेरो श्रीमतीको नाममा भएको घरभाडा बापत प्राप्त रकमको कर तिरेको कागजातसमेत पेस गरेको छु । यसरी धोबीधारा, बानेश्वर र धुम्बाराहीको घरभाडासमेत गरी करिब ३० लाख प्राप्त गरेको हुँ । २०५७ सालमा बेलायत सरकारको आमन्त्रणमा बेलायत जाँदा सोही समयमा छोरा पनि गएको र त्यही समयमा पासपोर्टबाट पाउने सुबिधा बचत भएबाट उक्त डलर खाता खोलेको हो, छोरालाई आमन्त्रण थिएन । पर्यटकको रूपमा गएको हो ।

अनुसन्धानको क्रममा बुझिएकी शोभा खनालको बयान :

मेरो श्रीमान् यु.के. मा करिब १० वर्ष बस्दा वर्षको रू.८ लाख सरदरले रू.८० लाख पठाउनुभयो । घरभाडाबाट वार्षिक अन्दाजी २ लाख आम्दानी हुन्छ । अच्युतकृष्ण खरेलको कि.नं.२५९ मा भएको घर जग्गा मैले रू.४५ लाखमा मिति २०५८।८।६ मा किनेको हो । उक्त जग्गा तथा घर खरिद गरेपछि घर मर्मत गर्दा माथि बाथरूम तल सर्भेन्ट क्वार्टर र आँगनमा टायल राख्दा अन्दाजी रू.२ लाख ५० हजार मर्मत खर्च लागेको छ ।

(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उल्लेख गरेको स्रोत खुलेको सम्पत्तिको विवरण :

तालिका नं. २२

| क्र.सं. | सम्पत्तिको विवरण | सम्पत्ति धनीको नाम | कैफियत |
|---|---|---|---|
| १ | मिति २०४१।१२।२५ मा खरिद गरेको का.जि. का.म.न.पा वडा नं.२३ त कि.नं.२५४ को क्षेत्रफल०–१४–०–० जग्गामध्ये छोरा आयुष खरेलका नाउँमा नामसारी गरी राखेको ऐ. वडा कि.नं.४३९ को ०–११–१–२ रोपनी जग्गा | आयुष खरेल | |
| २ | क) नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको २०४२ सालमा खरिद गरेको ५० कित्ता शेयरको रकम रू.५,०००।– | अच्युतकृष्ण खरेल | |
| | (ख) नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडको २०४२ सालमा खरिद गरेको ५० कित्ता शेयरको रकम रू.५,०००।– | मीना खरेल | |
| ३ | (क) नेपाल लिभर लि.को २०५० सालमा खरिद गरेको ३० कित्ता शेयरको रकम रू. ३,०००।– | चाँदनी खरेल | |
| | (ख) नेपाल लिभर लि.को २०५० सालमा खरिद गरेको ३० कित्ता शेयरको रकम रू.३,०००।– | मीना खरेल | |
| | (ग) एन.आई.डी.सी. क्यापिटल मार्केट को २०५० सालमा खरिद गरेको १००० युनिट रू.१० का दरको शेयरको रकम रू.१०,०००।– | चाँदनी खरेल | |
| | (घ) नेकोन एयर लि.को २०५० सालमा खरिद गरेको २६ कित्ता शेयरको रकम रू.२,६००।– | चाँदनी खरेल | यसमध्ये ६ कित्ता शेयर बोनस |
| | (ङ) नेपाल एस.बी.आई.बैंक को २०५० सालमा खरिद गरेको ३६ कित्ता शेयरको रकम रू.३,६००।– | मीना खरेल | यसमध्ये ६ कित्ता शेयर बोनस |
| | (च) नेपाल एस.बी.आई.बैंक को २०५० सालमा खरिद गरेको ७२ कित्ता शेयरको रकम रू.७,२००।– | मीना खरेल | हकप्रद |

| | | | |
|---|---|---|---|
| | (छ) नेपाल एस.बी.आई.बैंक को २०५० सालमा खरिद गरेको ३६ कित्ता शेयरको रकम रू.३,६००।– | चाँदनी खरेल | यसमध्ये ६ कित्ता शेयर बोनस |
| | (ज) नेपाल एस.बी.आई.बैंक को २०५० सालमा खरिद गरेको ७२ कित्ता शेयरको रकम रू.७,२००।– | चाँदनी खरेल | हकप्रद |
| ४ | मिति २०५०।६।८ मा खरिद गरेको काठमाडौं जिल्ला जोरपाटी गा.वि.स.५(ख) को कि.नं.३५० को क्षेत्रफल १–०–२–० रोपनी जग्गा | मीना खरेल | मिति ०६०।१।२४ मा बिक्री गरेको |
| ५ | मिति २०५१।४।१७ मा खरिद गरेको काभ्रेपलाञ्चोक जिल्ला पलान्चोक गा.वि.स वडा नं.४ को कि.नं.४५६ को क्षेत्रफल ६–०–२–२ रोपनी जग्गा | मीना खरेल | |
| ६ | मिति २०५२।१।४ मा खरिद गरेको का.जि. का.म.न.पा वडा नं. २३(त)को कि.नं.२०१को क्षेत्रफल ०–५–०–० रोपनी जग्गा | मीना खरेल | |
| ७ | मिति २०५३।१।७ मा जिल्ला नारायणगढ ५(क) कि.नं.३७६ को क्षेत्रफल ०–८–९.७५ र ५(क) कि.नं.१४ क्षेत्रफल ०–३–१२.२५ गरी जम्मा ०–१२–२ बिगाह जग्गा | मीना खरेल | |
| ८ | (क) मिति २०५३।५।५ मा खरिद गरेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२३(त) को कि.नं.४७६ को ०–४–०–० रोपनी जग्गा | आयुष खरेल | |
| | (ख) ऐ.ऐ. को कि.नं.४७७ को ०–४–०–० रोपनी जग्गा | मीना खरेल | |
| ९ | २०५४।३।६ मा खरिद गरेको बा.३.च. २७९३ नम्बरको सन्नी निशान कारको मूल्य रू.५,८३,१५१।– | अच्युतकृष्ण खरेल | |
| १० | मिति २०५६।९।१९ मा खरिद गरेको चितवन जिल्ला नारायणगढ५ (क) को कि.नं.४९३, ४९६ र ४९९ को कूल क्षेत्रफल ०–१–७.२५ बिगाह जग्गा | मीना खरेल | |
| ११ | (क) युनियन फाइनान्सको २०५६ सालमा खरिद गरेको ५० कित्ता शेयरको रकम रू.५,०००।– | अच्युतकृष्ण खरेल | |
| | (ख) युनियन फाइनान्सको २०५६ सालमा खरिद गरेको ५० कित्ता शेयरको रकम रू.५,०००।– | मीना खरेल | |
| | (ग) युनियन फाइनान्सको २०५६ सालमा खरिद गरेको ५० कित्ता शेयरको रकम रू.५,०००।– | चाँदनी खरेल | |
| | (घ) नेपाल मर्चेण्ट बैंकिङ्ग एन्ड फाइनान्स लि. को २०५६ सालमा खरिद गरेको ७० कित्ता शेयरको रकम रू.३,५००।– | चाँदनी खरेल | प्रति शेयर रू.५० का दरले |
| | (ङ) एन.आई.सी. बैंक को २०५६ सालमा खरिद गरेको २५० कित्ता शेयरको रकम रू.२५,०००।– | मीना खरेल | |
| १२ | (क) नेपाल इन्भेष्टमेन्ट बैंक लि. को २०५७ सालमा खरिद गरेको ४८ कित्ता शेयरको रकम रू.४,८००।– | अच्युतकृष्ण खरेल | हकप्रद |
| | (ख) नेपाल इन्भेष्टमेन्ट बैंक लि. को २०५७ सालमा खरिद गरेको ४८ कित्ता शेयरको रकम रू.४,८००।– | मीना खरेल | हकप्रद |

| | | | |
|---|---|---|---|
| | (ग) नेपाल इन्भेष्टमेन्ट बैंक लि. को विभिन्न मितिमा प्राप्त गरेको १७९ कित्ता शेयरको रकम रू.१७,९००।– | अच्युतकृष्ण खरेल | बोनस |
| | (घ) नेपाल इन्भेष्टमेन्ट बैंक लि. को विभिन्न मितिमा प्राप्त गरेको १४९ कित्ता शेयरको रकम रू.१४,९००।– | मीना खरेल | बोनस शेयर |
| १३ | नेपाल राष्ट्र बैंकबाट निष्कासित २०६२ (घ) ००१७०६ को राष्ट्रिय बचतपत्र मिति २०५८।१२।३० मा बिक्री गरी प्राप्त रकममध्ये स्रोत खुलेको बचतपत्रको मूल्य रू.२,००,०००।– | मीना खरेल | |
| १४ | (क) नेपाल इन्भेष्टमेन्ट बैंकको २०५९ सालमा १०० कित्ता शेयर खरिदको मूल्य रू.७८,०००।– | अच्युतकृष्ण खरेल | |
| | (ख) नबिल बैंकको १०२ कित्ता शेयरको रकम रू.७५,४८०।– | अच्युतकृष्ण खरेल | |
| | (ग) बैंकअफ काठमाडौंको ०५९ सालमा ४०० कित्ता शेयर खरिदको मूल्य रू.१,९६,०००।– | अच्युतकृष्ण खरेल | |
| | (घ) बैंकअफ काठमाडौंको ०५९ सालमा ३०० कित्ता शेयर खरिदको मूल्य रू.१,१२,८००।– | आयुष खरेल | |
| १५ | (क) मिति २०५९।४।२२ मा खोलिएको प्रिमियर फाइनान्स स्थित मुद्दति खातामा रहेको मौज्दात रकम रू.१५,००,०००।– | अच्युतकृष्ण खरेल | |
| | (ख) ऐ. खाताको ब्याज जम्मा भएको मौज्दात रकम रू. १,१८,५९७।६१ | अच्युतकृष्ण खरेल | |
| १६ | (क) नबिल बैंक लि. कान्तिपथस्थित खाता नं. ०११००१३६०८८०१ मा रहेको मौज्दात रकम रू.१,०८,४३९।५२ | मीना खरेल | |
| | (ख) नबिल बैंक लि. कान्तिपथस्थित खाता नं.०२१००१५६१६००१ मा रहेको मौज्दात रकम रू.१,४३,५२१।५५ | चाँदनी खरेल | |
| | (ग) नबिल बैंक लि. कान्तिपथस्थित खाता नं.०११००१३६०८७०१ मा रहेको मौज्दात रकम रू.८,०२०।३२ | आयुष खरेल | |
| | (घ) नबिल बैंक लि. कान्तिपथस्थित मुद्धती खाता नं.०२०४९६ मा रहेको मौज्दात रकम रू.५०,०००।– | चाँदनी खरेल | |
| १७ | (क) नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित बचत खाता नं.०४५३१५० मा रहेको नगद मौज्दात रकम रू.१६,३२९।– | अच्युतकृष्ण खरेल | |
| | (ख) नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित बचत खाता नं.५५०–०८६३९१ मा रहेको नगद मौज्दात रकम रू.३,७४७।३७ | चाँदनी खरेल | |
| | (ग) नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित बचत खाता नं. ५५०–०८६३९१ मा रहेको नगद मौज्दात रकम रू.३,६१९।९६ | मीना खरेल | |
| | (घ) नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित बचत खाता नं.०८०७१५० मा रहेको नगद मौज्दात रकम रू.३,६२८।७० | आयूष खरेल | |
| १८ | नेपाल बैंक लिमिटेड, बनेपा शाखास्थित खाता नं.३८९८ मा रहेको मौज्दात ५,३४३।८४ | अच्युतकृष्ण खरेल | |

| | | | |
|---|---|---|---|
| १९ | नेपाल बैंक लिमिटेड डिल्लीबजार स्थित मुद्दति खाता नं.६२/८६६ मा रहेको मौज्दात १,५४,७००।– | अच्युतकृष्ण खरेल | |
| २० | स्ट्यान्डर्ड चार्टर्ड बैंक लि. को बचत खाता नं.१८०२४४३८४०१ मा रहेको मौज्दात रू.४३,३९१।८२ | चाँदनी खरेल | |
| | जम्मा | | |

स्रोत खुलेको सम्पत्तिको आयोगले गरेको विश्लेषण :

१. आरोपपत्रको तालिका नं. २२ को क्र.सं. १ मा उल्लिखित कि.नं. २५४ को जग्गा प्रतिवादी अच्युतकृष्ण खरेलले २०४१।१२।२५ मा लिखतबमोजिम रू.४४,०००।– थैली अङ्क राखी खरिद गरेको देखिन्छ । सो ०–१४–०–० रोपनी जग्गामध्ये क्षेत्रफल ०–२–२–० जग्गा तेस्रो व्यक्तिलाई बिक्री गरेको र ०–११–१–२ रोपनी जग्गा छोरा आयुष खरेलको नाममा मिति २०५७।९।२० मा नामसारी गरेको देखिन्छ । निज अच्युतकृष्ण खरेलले सो जग्गाका सम्बन्धमा आफ्नो कृषि आय, रासन तलब भत्ता आदि बचतबाट खरिद गरेको र बाँकी ०–२–२–० जग्गा दाजु रामकृष्ण खरेलको रकमबाट खरिद गरेको भनी उल्लेख गरिएको देखिन्छ ।

जग्गा खरिद गर्दाको समयको निजमा आयस्रोततर्फ हेर्दा प्रतिवादी अच्युतकृष्ण खरेलले मीना खरेलका नाममा रहेको का.जि. का.म.न.पा.–२३(च) को कि.नं.१२१ को क्षेत्रफल ०–१०–२–० जग्गा मिति २०४१।८।२९ मा बिक्री गरेको देखिएको छ । उक्त बिक्री गरेको जग्गाका सम्बन्धमा निजले २०३६ सालमा खरिद गरेको सो कि.नं.१२१ को जग्गा रू.२४,०००।– थैली अङ्क राखी खरिद गरी २०४१।८।२९ मा रू.३३,८१५।– थैली अङ्क राखी बिक्री गरेको देखिन्छ । २०३६ सालमा खरिद गरिएको सो जग्गा खरिदको स्रोतको सम्बन्धमा निजले आयोगमा पेस गरेको व्यक्तिगत विवरणमा उल्लेख छ भनी उल्लेख गरिएको र निजले पेस गरेको सो विवरण हेर्दा निजले पाउने तलब भत्ता तथा कृषि आयको बचत रकमसमेतबाट उक्त जग्गा खरिद गरेको भनी उल्लेख गरिएको देखिन्छ । सोअनुसार निजको २०३६ सालसम्मको आयस्रोत हेर्दा सोबाट उक्त जग्गा खरिद गर्न सक्ने अवस्था देखिएकाले सो जग्गा बिक्रीबाट प्राप्त रकम र सोबीचको अवधिको निजको तलब भत्ताको बचत रकम तथा कृषिको आयसमेतबाट सो जग्गा खरिद गरेको देखिएकाले हाल छोरा आयुष खरेलको नाममा नामसारी भइसकेको हालको कि.नं.४३९ को उक्त जग्गालाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन ।

२. आरोपपत्रको तालिका नं.२२ को क्र.सं. २(क) र २(ख) मा उल्लिखित जम्मा मूल्य रू.५/५ हजार गरी जम्मा रू.१०,०००।– को तत्कालीन इन्डोस्वेज बैंकको शेयर अच्युतकृष्ण खरेलले आफू र पत्नी मीना खरेलका नाममा २०४२ सालमा प्राथमिक बजारबाट खरिद गरेको देखिन्छ । उक्त शेयर निजको तत् तत् समयको तलब भत्ता तथा खेतीको आयको बचत रकमबाट खरिद गरेको हुनसक्ने देखिएकाले रू.१०,०००।– मूल्यको शेयरलाई स्रोत खुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छैन ।

३. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.३ को (क) देखि (ज) सम्म उल्लिखित कम्पनीहरूको शेयर अच्युतकृष्ण खरेलले आफ्नी पत्नी मीना खरेल र छोरी चाँदनी खरेलका नाममा २०५० सालमा खरिद गरेको पाइन्छ । ती शेयर खरिदका सन्दर्भमा निजले आफ्नो तलब भत्ता र कृषि आयबाट खरिद गरेको भनी बयान गरेको देखिन्छ । सो सम्बन्धमा निजले उल्लेख गरिएको स्रोततर्फ हेर्दा निजको सोसमय सम्मको तलब भत्ता र कृषि आयबाट अन्य प्रयोजनमा खर्च गरी बाँकी रहेको रकमबाट ती शेयर खरिद गरेको हुनसक्ने देखिएको हुँदा ती शेयरहरूको कूल रकम रू.४०,२००।– लाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन ।

४. आरोपपत्रको तालिका नं.२२ को क्र.सं. ४ मा उल्लिखित का.जि. जोरपाटी गा.वि.स. वडा नं.

५(ख) स्थित कि.नं.३५० को क्षे.फ.१–०–२–० रोपनी जग्गा श्रीमती मीना खरेलका नाममा मिति २०५०।६।८ मा खरिद गरेको कूल २–९–३–२ रोपनी जग्गा रू.१,३२,०००।– थैली अङ्क उल्लेख भएको मध्येको जग्गा हो । उक्त जग्गा खरिद गर्दा निजले आफ्नो तलब भत्ता, घरभाडा, कृषि आय तथा सप्तरीको जग्गा बिक्रीबाट प्राप्त आयसमेतबाट खरिद गरेको हो भनी उल्लेख गरिएको देखिन्छ । निजले उल्लेख गरेको घरभाडाको स्रोततर्फ हेर्दा बानेश्वरस्थित घरमा निज स्वयम् रहनु बस्नुपर्ने भएबाट घरभाडा प्राप्त हुन सक्ने देखिँदैन । सप्तरीको जग्गा बिक्रीबाट प्राप्त आयका सम्बन्धमा हेर्दा निजले २०४७ र २०४८ सालमा सप्तरीको जग्गा बिक्रीबाट रू.२४,०००।– प्राप्त गरेको देखिएतापनि सो रकमसमेतका स्रोतले २०४९ सालमा बानेश्वरको घरको तल्ला थप्ने कार्यमा प्रयोग भइसकेको देखिन्छ।

उक्त जग्गा खरिद गर्दाको स्रोतका सम्बन्धमा प्रतिवादीले यथार्थ तथ्य उल्लेख नगरे तापनि निजको वैध आयको स्रोततर्फ हेर्दा जग्गा खरिद गर्दाको अवधिसम्मको तलब भत्ताको बचत रकम र सप्तरीस्थित जग्गाको कृषि आयसमेतबाट नेपाल बैंक लिमिटेड, डिल्लीबजारमा प्रतिवादी अच्युतकृष्ण खरेल र प्रतिवादी मीना खरेलको खातामा जम्मा गरेको रकममध्ये क्रमशः ४६,०००।– र रू. २०,०००।– गरी जम्मा रू. ६६,०००।– सो समयमा निकालेको देखिँदा सो रकमबाट उपर्युक्त कि.नं. ३५० को जग्गा खरिद गर्दा उपयोग गरेको हुनसक्ने देखिन्छ । अतः उक्त जग्गालाई स्रोत खुलेको सम्पत्तिमा गणना गरी दाबीमा लिइएको छैन।

५. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.५ मा उल्लिखित काभ्रेपलान्चोक जिल्ला, पलान्चोक गा.वि.स.–४ को कि.नं.४५६ को क्षेत्रफल ६–०–२–२ रोपनी जग्गा मिति २०५१।४।१७ मा लिखतबमोजिम रू.५,०००।– थैली अङ्क राखी मीना खरेलका नाममा खरिद गरेको देखिन्छ। सोको स्रोतका सम्बन्धमा निज अच्युतकृष्ण खरेलले तलब, भत्ता, कृषि आय, घरभाडा आदिबाट खरिद गरेको भन्ने जवाफ दिएको पाइन्छ। निजले उल्लेख गरेका स्रोतहरूमध्ये सो अवधिमा बानेश्वरस्थित घरमा निज स्वयम् बसेबाट घरभाडा प्राप्त भएको भन्न मिल्ने देखिँदैन । तापनि निजको २०५० सालसम्मको खेतीको आय र तलब भत्ताको बचत रकमबाट माथिको क्र.सं. ४ मा उल्लिखित जग्गा खरिद गरेपश्चात् पनि बचत रहेको रकमले सो जग्गा खरिद गरेको हुनसक्ने देखिँदा उक्त जग्गालाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

६. आरोपपत्रको तालिका नं. २२ को क्र.सं. ६ मा उल्लिखित का.जि., का.म.न.पा.–२३ (त) को कि.नं.२०१ को क्षेत्रफल ०–५–०–० रोपनी जग्गा लिखतबमोजिम रू.७३,२००।– थैली अङ्क राखी मिति २०५२।१।४ मा श्रीमती मीना खरेलका नाममा खरिद गरेको देखिएको छ । उक्त जग्गाको खरिदको स्रोतका सम्बन्धमा निजले तलब भत्ता, कृषि आय जस्ता स्रोतहरूबाट सो जग्गा खरिद गरेको भनी खुलाएको पाइन्छ । प्रतिवादी अच्युतकृष्ण खरेलले उल्लेख गरेका अरू जग्गा खरिदको स्रोततर्फ हेर्दा निजले २०५१ सालसम्म प्राप्त तलब भत्ता र कृषि आयको बचत रकमसमेतबाट सो जग्गा खरिद गरेको हुनसक्ने देखिँदा उक्त जग्गालाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

७. आरोपपत्रको तालिका नं. २३ को क्र. सं.७ मा उल्लिखित जिल्ला चितवन नारायणगढ न.पा.–५(क) को कि.नं. ३७६ को क्षेत्रफल ०–८–९.७५ र ऐ. को कि.नं.१४ को क्षेत्रफल ०–३–१२.२५ बिगाह जग्गा मिति २०५३।१।७ मा लिखतबमोजिम रू.२,०७,०००।– थैली अङ्क राखी मीना खरेलका नाममा खरिद गरेको देखिन्छ । ती जग्गाहरूको स्रोतका सम्बन्धमा अच्युतकृष्ण खरेलले कृषि आय, रासन, तलब, भत्ता, बानेश्वरको घरभाडा, सप्तरी नघौंको जग्गा बिक्री र आफ्नो सञ्चित लगानीको ब्याजबाटआएको रकमले खरिद गरेको भनी उल्लेख गरिएको पाइन्छ । निजले उल्लेख गरेका स्रोततर्फ

हेर्दा । रासन जस्तो स्रोत निर्वाह खर्चमा नै सकिने देखिन्छ भने घरभाडा प्राप्त गरेको कुनै प्रमाण नहुँदा सो को आय निजले सो समय प्राप्त गरेको भन्न सक्ने अवस्था छैन । त्यसैगरी सञ्चित लगानी के थियो भनी हेर्दा सो समय निजसँग लगानीयोग्य पुँजी रहे भएको देखिँदैन । जे जति वैध आयको बचत रकम थिए , ती सबै प्रतिवादी अच्युतकृष्ण खरेल तथा मीना खरेल, चाँदनी खरेल र आयुष खरेलको नेपाल बैंक लिमिटेड, डिल्लीबजार शाखास्थित बचत सो समय मौज्दातमा नै रहेको देखिन्छ । अब निजले उल्लेख गरिएको रासन, सञ्चित लगानीको ब्याज घरभाडाबाहेकका स्रोततर्फ (हेर्दा निजको २०५१ सालदेखि जग्गा खरिद गर्दाको समयसम्मको तलब भत्ताको बचत रकम, खेतीको आय तथा त्यस अवधिमा निजले सप्तरीको नघौँमा रहेको निजको पैतृक जग्गामध्ये आधा जति बिक्री गरेको देखिँदा सो जग्गा बिक्रीको आयसमेतबाट उक्त जग्गा खरिद गर्दाको स्रोत पुष्टि हुन आएको छ । अतः उक्त जग्गालाई स्रोत खुलेको सम्पत्तिमा समाविष्ट गरी मागदाबीमा लिइएको छैन ।

८. आरोपपत्रको तालिका नं. २२ को क्र.सं.८(क) र ८(ख) मा उल्लिखित जग्गा मिति २०५३।५।५ मा थैली मूल्य रू.१,७५,०००।– थैली अङ्क राखी खरिद गरिएको का.जि. का.म.न.पा. वडा नं.२३(त) को साबिक कि.नं.४३६ को ०–८–०–० रोपनी जग्गा हो । सोही समयमा ऐ. कि.नं.४३१ को ०–१–३–० र कि.नं.४३५ को ०–१२–०–० रोपनी जग्गासमेत खरिद गरेको देखिन्छ ।

उपर्युक्त साबिक कि.नं.४३६ को जग्गा खरिदको स्रोतका सम्बन्धमा हेर्दा निजले का.जि. का.म.न.पा. वडा नं.२३(त) को कि.नं.२५७ को जग्गा मिति २०५३।५।३ मा बिक्री गरेको देखिँदा सोही रकमबाट मिति २०५३।५।५ मा खरिद गरेको र सो कित्ता जग्गा विभाजन भई हाल क्रमशः कि.नं.४७६ र ४७७ कायम भएका जम्मा ०–८–०–० रोपनी जग्गालाई स्रोत खुलेको सम्पत्ति अन्तर्गत समावेश गरी मागदाबीमा लिइएको छैन ।

९. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.९ मा उल्लिखित बा.३.च.२७९३ नम्बरको सन्नी निसान कार प्रतिवादी अच्युतकृष्ण खरेलले रू.५,८३,१५१।– मूल्य तिरी मिति २०५४।३।६ मा खरिद गरेको देखिन्छ । उक्त कार खरिद गर्दाको स्रोतका सम्बन्धमा निजले मिति २०६०।२।१४ मा आयोगसमक्ष पेस गरेको व्यक्तिगत विवरणमा खुलाएको छु भनी उल्लेख गरिएको र सो विवरण हेर्दा कृषि आय र विदेश भ्रमण भत्ता बचतबाट भन्सार सुविधामा खरिद गरेको भनी उल्लेख गरिएको देखिन्छ ।

निजले उल्लेख गरिएको स्रोततर्फ हेर्दा उक्त गाडी खरिद गर्दाको समयभन्दा अघि निजले विदेश भ्रमणबाट प्राप्त गरेको रकम विदेशी मुद्रामा बैंकमा नै जम्मा रहिरहेको भएपनि मिति २०५४।१।१९ मा हिमालयन बैंकबाट रू.४,००,०००।– ओभरड्राफ्ट कर्जा लिएको देखिन्छ । सो कर्जा रकम र सो अवधिको कृषि आय तथा तलब भत्ताको बचत रकमसमेत गरी सो गाडी खरिद गरेको हुनसक्ने देखिँदा रू.५,८३,१५१।– मूल्य पर्ने उक्त गाडीलाई स्रोत खुलेको सम्पत्तिमा समाविष्ट गरी मागदाबीमा लिइएको छैन ।

१०. आरोपपत्रको तालिका नं.२२ को क्र. सं.१० मा उल्लिखित जिल्ला चितवन नारायणगढ– ५(क) कि.नं.४९३, ४९६ र ४९९ को जम्मा क्षेत्रफल ०–१–७.२५ बिगाह जग्गा प्रतिवादी अच्युतकृष्ण खरेलले मिति २०५६।९।१९ मा श्रीमती मीना खरेलका नाममा रू.२७,५००।– थैली अङ्क राखी खरिद गरेको देखिन्छ । सो जग्गा खरिद गर्दाका समयमा निजले सप्तरी नघौँस्थित पैतृक जग्गामध्ये कि.नं.१९२, ३७८ र ३८१ का जग्गा रू.२६,०००।– लिखतबमोजिम थैली अङ्क राखी बिक्री गरेको देखिँदा सोही रकमबाट चितवनस्थित उक्त जग्गा खरिद गरेको हुनसक्ने हुँदा सो जग्गालाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन ।

११. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.११ को (क) देखि (ङ) सम्म उल्लिखित रू.४३,५००।– मूल्य पर्ने शेयर प्रतिवादी अच्युतकृष्ण

खरेलले आफ्नै नाममा तथा श्रीमती मीना खरेल र चाँदनी खरेलका नाममा प्राथमिक बजारबाट खरिद गरेको देखिन्छ। उक्त परिमाणको शेयर निजको तलब भत्ता, कृषि आयसमेतको वैध आयको बचत रकमबाट खरिद गरेको हुनसक्ने देखिन आउँदा रू.४३,५००।– मूल्य बराबरका ती शेयरलाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१२. आरोपपत्रको तालिका नं.२२ को क्र. सं.१२ को (क) देखि (घ) सम्म उल्लिखित नेपाल इन्भेष्टमेन्ट बैंक (तत्कालीन इन्डोस्वेज बैंक लि.) को रू.४२,४००।– मूल्य बराबरको शेयर रहेको देखिन्छ । सुरूमा उक्त बैंकको शेयर प्रतिवादी अच्युतकृष्ण खरेल र श्रीमती मीना खरेलको नाममा २०४२ सालमा प्रति शेयर रू. १००।– का दरले ५०/५० कित्ता शेयर रू.१०,०००।– रकम खर्च गरी प्राथमिक बजारबाट खरिद गरेको देखिन्छ, जुन सम्पत्तिमाथि समावेश भइसकेको छ । तत्पश्चात् ४८/४८ कित्ता हकप्रद शेयर (Rights Share) रू.९,६००।– रकम खर्च गरी खरिद गरेको र केही बोनस शेयरसमेत प्राप्त गरेको देखिन्छ।

उक्त परिमाणको शेयर खरिद गर्दाको स्रोततर्फ हेर्दा तत् समयको निजको तलब भत्ता जस्ता वैध आयको बचत रकमबाट उक्त शेयर खरिद गरेको हुनसक्ने देखिएको छ । अतः उक्त बैंकको रू.४२,४००।– को हकप्रद र बोनस शेयरलाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१३. आरोपपत्रको तालिका नं.२२ को क्र. सं.१३ मा उल्लिखित रू.२,००,०००।– को २०६० (घ) को राष्ट्रिय बचतपत्र प्रतिवादी अच्युतकृष्ण खरेलले निजकी पत्नी मीना खरेलका नाममा मिति २०५७।१०।६ खरिद गरी २०५८।१२।३० मा बिक्री गरेको देखिन्छ। सोही दिन निजले जम्मा रू.८ लाखको बचतपत्र खरिद गरेको देखिन्छ । उक्त बचतपत्रको अवधि २०६० सालसम्म रहेको देखिन्छ। सो बचतपत्र खरिद गर्दाको स्रोतका सम्बन्धमा निज अच्युतकृष्ण खरेलले सेवाबाट अवकाश भएपछि हिमालयन बैंकबाट लिएको ऋणमध्ये रू.९ लाख लगानी गरेकोबाट फिर्ता भएको रकम र घरभाडा, कृषि आय र भाइनाता पर्ने उत्तमकृष्ण खरेलसँग सापटी लिएको रू.११ लाखमध्येबाट खरिद गरेको हो भनी (प्रश्न नं. ९७ को जवाफ) उल्लेख गरिएको देखिन्छ।

निजले उल्लेख गरिएको स्रोतका सम्बन्धमा हेर्दा निजले २०५६ चैतमा रू.९ लाख रुपैयाँ बैंकबाट ऋण लिएको देखिए तापनि सो रकम के कसलाई के कस्तो सर्तमा कति ब्याज वा प्रतिफल आर्जन हुने गरी लगानी गरेको हो भन्ने खुलाउन सकेको पाइँदैन। वार्षिक १५ प्रतिशत देखि १९ प्रतिशतसम्म ब्याज बैंकलाई तिरी लिएको ऋण रकममध्येबाटै सो ब्याजदरको तुलनामा निकै न्यून प्रतिफल वार्षिक १० प्रतिशत ब्याजबाट आय हुने लगानीको रूपमा रहेको राष्ट्रिय बचतपत्रमा लगानी गरेको भन्ने कुरा यथार्थ नभई अवास्तविक र बनावटी देखिन्छ । तर निजले मिति २०५७।८।१ मा प्राप्त गरेको सञ्चित बिदाबापत प्राप्त रू.२,२५,८६६।– रकममध्येबाट रू.२ लाख मूल्यसम्मका बचतपत्र खरिद गरेको हुनसक्ने देखिँदा रू.२ लाख मूल्य बराबरको बचतपत्र बिक्री गरी आएको रकमलाई स्रोत खुलेको सम्पत्तिका रूपमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१४. आरोपपत्रको तालिका नं. २२ क्र. सं.१४ को (क) मा उल्लिखित नेपाल इन्भेष्टमेन्ट बैंकको १०० कित्ता शेयर प्रति शेयर रू.७८०।– का दरले रू.७८,०००।– खर्च गरी अच्युतकृष्ण खरेलले मिति २०५९।२।२६ मा आफ्नो नाममा खरिद गरेको र १४(ख) मा उल्लिखित नबिल बैंक लि. को १०२ कित्ता शेयर प्रति शेयर रू.७४०।– का दरले मिति २०५९।२।२७ मा रू.७५,४८०।– खर्च गरी खरिद गरेको देखिन्छ। त्यस अतिरिक्त १४(ग) मा उल्लिखित बैंक अफ काठमाडौंको ४०० कित्ता शेयर प्रति शेयर रू.२७४।– का दरले रू.१,०९,६००।– रकम खर्च गरी आफ्नै नाममा मिति २०५९।६।१८ मा खरिद गरेको र १४(घ) मा उल्लिखित बैंक अफ काठमाडौंको

३०० कित्ता शेयर प्रति शेयर रू.३७६।– का दरले दोस्रो बजारमार्फत निजका छोरा आयुष खरेलका नाममा मिति ०५९।३।१३ मा रू.१,१२,८००।– खर्च गरी खरिद गरेको देखिन्छ।

यसरी अच्युतकृष्ण खरेलले मिति २०५९।२।२७ देखि २०५९।६।१८ सम्म आफ्नो र छोरा आयुष खरेलको नाममा माथि उल्लिखित बैंकहरूको शेयर दोस्रो बजारमार्फत कूल रू.३,७५,८८०।– रकम खर्च गरी खरिद गरेको देखियो।

१५. उक्त शेयरहरू खरिद गर्दाको स्रोतको विषयमा निजले आयोगमा गरेको बयानको सवालजवाफ नं.४० देखि ४२ मा पेन्सन, कृषि आय, बानेश्वरको घर बिक्रीबाट प्राप्त आयलाई स्रोतहरू भनी उल्लेख गरिएको देखिन्छ । निजको भनाइअनुसार निजको घर बिक्रीबाट तथा पेन्सनबाट प्राप्त आम्दानी रकममध्येबाट नै दोस्रो बजारमार्फत उक्त बैंकहरूको शेयर खरिद गरेको हुनसक्ने देखिँदा रू.३,७५,८८०।– मूल्य पर्ने माथि उल्लिखित बैंकका शेयरहरूलाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१५(क) आरोपपत्रको तालिका नं.२२ को क्र.सं. १५(क) मा उल्लिखित रू.१५,००,०००।– अच्युतकृष्ण खरेलले मिति २०५९।४।२२ मा प्रिमियर फाइनान्स कम्पनी लि. को मुद्दती खाता नं. एफ.डी. ३०४१७ मा जम्मा गरेको देखिएको छ। उक्त रकमको स्रोतको विषयमा निजले का.म.न.पा.–१० बानेश्वरस्थित घर बिक्रीको रकम, खेतीपाती, तथा आफ्ना लगानीको रकम भनी उल्लेख गरिएको देखिन्छ। सो घर २०४२ सालमा भुइँ तल्ला र पहिलो तल्ला तथा २०४९ सालमा दोस्रो तल्ला गरी निर्माण गरेको देखिएको र स्रोतका सम्बन्धमा हेर्दा २०४१ सालसम्मको कृषि आय तथा तलब भत्ताको बचत रकम र २०४७ र २०४८ सालमा बिक्री गरिएका सप्तरी नघौंस्थित जग्गाहरूको रकमबाट निर्माण गरेको हुनसक्ने देखिन्छ। निज अच्युतकृष्ण खरेलले बानेश्वरस्थित घर बिक्रीबाट प्राप्त रकमलाई उक्त शेयर खरिदको स्रोतको भनी उल्लेख गरिएको देखिन्छ।

निज अच्युतकृष्ण खरेलले उक्त घर जग्गा बिक्री गर्दा क्रेता शोभा खनालले निजको रा.बा. बैंक टंगाल शाखास्थित बचत खाता नं.४१७५९ बाट मिति २०५८।३।१४ मा रू.१६,५०,०००।– रकम घर जग्गा पास गर्नुपूर्व चेकमार्फत भुक्तानी दिएको देखिन्छ। त्यसैगरी निज शोभा खनालले २०५८।३।१४ गते नै रू. १३,५०,०००।– नगद दिएको भनी क्रेता बिक्रेता दुवैले बयान कथनमा खुलाएको देखिन्छ। सो कुराको पुष्टि अच्युतकृष्ण खरेलको नबिल बैंक लि. कान्तिपथ शाखास्थित बचत खातामा २०५८।३।१५ मा चेक र नगद गरी दुवै कारोबारमार्फत क्रमशः रू.१६,५०,०००।– र रू.१३,५०,०००।– जम्मा गरेको तथ्यले समेत समर्थन गरेको पाइन्छ।

उक्त खातामा घर जग्गा बिक्री गर्ने सिलसिलामा प्राप्त गरेको रू. ३०,००,०००।– मध्ये २०५८।३।१६ मा रू. २० लाख झिकेको देखिन्छ। उक्त रकमले निजले मिति २०५८।३।१९ मा रू. १३,६०,०००।– र मिति २०५८।३।२५ मा रू. ६,३५,०००।– गरी जम्मा रू. १९,९५,०००।– रकमले २०६२ र २०६४ को राष्ट्रिय बचत खरिद गरेको भएपनि निज अच्युतकृष्ण खरेलले उक्त बचतपत्र मिति २०५८।१२।३० मा बिक्री गरी सकेको देखिन्छ।

यसप्रकार अच्युतकृष्ण खरेलले स्रोत खुलेको सम्पत्तिबाट २०४२ र २०४९ सालमा निर्माण गरेको घर जग्गा बिक्री गरी प्राप्त गरेको आम्दानीबाट बचत पत्र खरिद गरी सो बचतपत्रको अवधि समाप्त हुनुपूर्व नै मिति २०५८।१२।३० मा बिक्री गरेको देखिन्छ। यसरी ठूलो परिमाणमा रू.१९,९५,०००।– मूल्यको राष्ट्रिय बचतपत्र बिक्री गरेपश्चात् प्रतिवादीले मिति २०५९।४।२२ मा प्रिमियर फाइनान्स कम्पनी लि. को मुद्दती खाता नं. एफ.डी. ३०४१७ मा रू.१५,००,०००।– रकम जम्मा गरेको देखिन्छ। उक्त रू.१५ लाखको सम्बन्धमा जग्गा तथा बैंक कारोबारको तथ्य र प्रतिवादी अच्युतकृण खरेलको बयानसमेत

मिलान भएको अवस्था छ।

अतः उक्त फाइनान्स कम्पनीमा राखेको रू.१५ लाख रकम स्रोत खुलेको बानेश्वरस्थित घर जग्गा बिक्री गरेको रकम नै भएको हुँदा सो नगद सम्पत्तिलाई स्रोत खुलेको सम्पत्ति अन्तर्गत राखी मागदाबीमा लिइएको छैन।

१५ (ख) आरोपपत्रको तालिका नं.२२ को क्र.सं.१५ख) मा उल्लिखित प्रिमियर फाइनान्स कम्पनीमा माथि १५ (क) मा उल्लिखित रू.१५ लाखको ब्याज आम्दानीको रकम भएको र सो रकम स्रोत खुलेको सम्पत्तिबाट बढे बढाएको देखिँदा उक्त आर्जित ब्याजको मौज्दात रू.१,१८,५९७।६१ लाईसमेत स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१६. आरोपपत्रको तालिका नं.२२ को क्र. सं.१६(क), (ख), (ग) मा उल्लिखित नबिल बैंक लिमिटेडका खाताहरूमा जम्मा रू.२,६९,९८१।३९ मौज्दातमा रहेको देखिन्छ। ती खाताहरू क्रमशः मीना खरेल, चाँदनी खरेल र आयुष खरेल नाममा रहेका बैंक खाताहरू हुन्। ती खातामा रहेका रकमहरू निज अच्युतकृष्ण खरेलको तलब भत्ताको बचत जस्ता वैधानिक आयको बचत रकमबाट स–सानो परिमाणमा पटकपटक गरी जम्मा गरेको हुनसक्ने भएकाले हाल बचत मौज्दातमा रहेको जम्मा रू.२,६९,९८२।८७ लाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

साथै, यसै तालिकाको क्र.सं.१६(घ) मा उल्लिखित रू.५०,०००।– मिति २०५८।३।१२ मा निजकी छोरी चाँदनी खरेलका नाममा मुद्दती खातामा जम्मा गरेको देखिन्छ। सोको स्रोतको सम्बन्धमा माथि उल्लिखित प्रकरण नं.१६ (क) को वैधानिक आयको बचत रकमबाट सो मुद्दती खाता खोलेको देखिन आएको अवस्था छ। यही तथ्यको आधारमा मुद्दती खातामा रहेको रू.५०,०००।– लाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१७. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.१७ (क), (ख), (ग) र (घ) मा उल्लिखित रकम रू.२७,३२५।०३ नेपाल बैंक लिमिटेड, डिल्लीबजारमा निजहरूका परिवारका चारैजनाका नाममा मौज्दातमा रहेको देखिन्छ। ती खाताहरूमध्ये प्रतिवादी अच्युतकृष्ण खरेलका नामको खाताको हालसम्मको प्राप्त बैंक स्टेटमेन्ट हेर्दा उक्त खातामा स्वाभाविक परिमाणको रकम जम्मा गरेको देखिएको छ। त्यसैगरी चाँदनी खरेल, मीना खरेल र आयुष खरेलका बैंक खातामा पनि स्वाभाविक परिमाणका रकम जम्मा गरेको पाइएको छ। उल्लिखित बैंक खाताहरूमा खाता खोलेदेखि हालसम्म जम्मा गरेको रकमको परिमाण स्वाभाविक रहेको हुँदा मौज्दात रहेको रकम निजको वैधानिक आयको बचत रकम हुनसक्ने देखिएकाले बैंक मौज्दातमा रहेको कूल रू.२७,३२५।०३ लाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन।

१८. आरोपपत्रको तालिका नं.२२ क्र.सं.१८ मा उल्लिखित रकम रू.५,३४३।८४ ने.बैं.लि., बनेपा शाखास्थित अच्युतकृष्ण खरेलको बचत खाता नं. ३८९८ मा मौज्दातमा रहेको देखिन्छ। सो खाता मिति २०५७।७।६ मा रू.१,१००।– जम्मा गरी खोलेको पाइन्छ। उक्त खाता खोलेपश्चात् मिति २०५८।१।१६ मा रू.३,८००।– जम्मा गरेको देखिन्छ। अतः सो खाताको प्रकृति र रकम जम्मा गर्दाको परिमाणसमेत सामान्य देखिएकाले सो बैंक मौज्दातलाई स्रोत खुलेको सम्पत्ति समावेश गरी मागदाबीमा लिइएको छैन।

१९. आरोपपत्रको तालिका नं.२२ को क्र. सं.१९ मा उल्लिखित रकम रू.१,५४,७००।– अच्युतकृष्ण खरेलले नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित मुद्दती खातामा मिति २०५५।५।१४ मा जम्मा गरेको देखिन्छ। निजले उक्त रकम सुरूमा मुद्दती खाता नं.६१/६१४ खोली रकम जम्मा गरेको र सोही रकमलाई मिति २०५७।८।१८ मा मुद्दती खाता नं.६२/८६६ बाट नवीकरण गरेको देखिन्छ।

उक्त रकम निजको २०५४ सालसम्मको कृषि आय एवम् तलब भत्ताको बचत रकम र अन्य

फुटकर आयसमेतबाट आर्जन गरी बचत गरेको रकमसमेतबाट सो खाता खोलेको हुनसक्ने देखिँदा सो खातामा जम्मा गरिएको रू.१,५४,७००।– लाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छैन ।

२०. आरोपपत्रको तालिका नं.२२ को क्र.सं.२० मा उल्लिखित रकम रू.४३,३९१।८२ अच्युतकृष्ण खरेलकी छोरी चाँदनी खरेलको नाममा स्ट्यान्डर्ड चार्टर्ड बैंक लि. स्थित खातामा रहेको मौज्दात रकम हो । निज चाँदनी खरेल डाक्टरी पेसामा संलग्न रहेको देखिएको र सो खातामा निजको तलब भत्तासमेतका रकमहरू जम्मा हुने एवम् झिक्ने गरेको देखिँदा हाल मौज्दातमा रहेको उक्त रू.४३,३९१।८२ लाई स्रोत खुलेको सम्पत्तिको रूपमा समावेश गरी मागदाबीमा लिइएको छैन ।

(ख) आयोगले उल्लेख गरेको प्रतिवादीको स्रोत नखुलेको सम्पत्तिको विवरण :

तालिका नंः २३

| क्र.सं. | सम्पत्तिको विवरण | सम्पत्ति धनीको नाम | हालको मूल्य (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | (क) मिति २०५०।६।८ मा खरिद गरेको जिल्ला काठमाडौं, जोरपाटी गा.वि.स. वडा नं. ५(ख) स्थित कि नं. २३४ को क्षेत्रफल १–०–१–० रोपनी जग्गा | आयुष खरेल | ११,१७,१८७।५० | |
| | (ख) मिति २०५०।६।८ मा खरिद गरेको जिल्ला काठमाडौं, जोरपाटी गा.वि.स. वडा नं. ५(ख) स्थित कि.न ३४८ को ०–९–०–२ रोपनी जग्गा बिक्री गरेको जग्गाको हालको मूल्य | आयुष खरेल | ६,२७,३४३।७५ | २०६१।१।२४ मा बिक्री गरिसकेको |
| २ | मिति २०५०।१२।१७ मा खरिद गरेको काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. ५(ख) को कि.नं. २७८ को क्षेत्रफल १–३–०–१ रोपनी जग्गा बिक्री गरेको जग्गाको हालको मूल्य | आयुष खरेल | १३,१०,५४६।८७ | |
| ३ | चितवन जिल्ला नारायणगढ–५(क) को कि.नं. ३७६ र १४ को कूल क्षेत्रफल ०–१२–० बिगाह जग्गामा २०५५ सालमा रू.१२,७१,४५०।४० को लागतमा निर्मित १८८३.७० वर्गफिट क्षेत्रफलको घर र सो घरमा रहेको फर्निचर तथा उपकरणको मूल्य | मीना खरेल | १५,२७,५८६।५१ | |
| ४ | क) मिति २०५३।५।५ मा खरिद गरेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २३(त) कि.नं. ४३५ क्षेत्रफल ०–१२–०–० रोपनी जग्गामध्ये मिति २०५७।९।२० मा अंशबन्डाको लिखत तयार गरी सोही जग्गा कित्ताकाट भई कि.नं. ४७४ को क्षेत्रफल ०–६–०–० रोपनी जग्गा नामसारीबाट कायम भएको । | आयुष खरेल | १२,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | (ख) उक्त (क) मा उल्लेखभएको साबिक ४३५ बाट कि.का. भई कायम कि.नं. ४७५ क्षे.फ. ०–६–०–० कायम | मीना खरेल | ४,५०,०००।- | |
| | ग) मिति २०५३।५।५ मा खरिद गरेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३(त) को कि.नं. ४३१ को क्षेत्रफल ०–१–३–० रोपनी जग्गा | आयुष खरेल | ३,५०,०००।- | |
| | (घ) कि.नं. ४७५ को जग्गामा २०५३ सालमा रू.३३,८०,१७०।२० रकमको लागतमा निर्मित ४६४७।४० वर्गफिट क्षेत्रफल भएको घर तथा सोमा रहेका फर्निचरहरूको हालको मूल्यसमेत जोडी हुन आउने रकम | मीना खरेल | ४६,४९,६१९।१० | |
| ५ | (क) मिति २०५४।२।५ मा खरिद गरेको काभ्रेपलाञ्चोक जिल्ला साठीघर गा.वि.स.–१ को कि.नं. ४२ को क्षेत्रफल २–७–२–० रोपनी जग्गा | आयुष खरेल | २,०७,३७५।- | |
| | (ख) मिति २०५४।८।२९ मा खरिद गरेको ऐ.ऐ. कि.नं. २९६ को क्षेत्रफल २–१३–२–१ रोपनी जग्गा | आयुष खरेल | १९,९३३।५९ | |
| ६ | मिति २०५४।११।१० मा खरिद गरेको जिल्ला काठमाडौं, जोरपाटी गा.वि.स. ५(ख) को कि.नं. २७६ र मिति २०५४।१०।९ मा २७७ को जम्मा क्षेत्रफल ०–५–१–३ रोपनी जग्गा | आयुष खरेल | ३,७३,८२८।१२ | |
| ७ | मिति २०५५।८।१५ मा खरिद गरेको जिल्ला चितवन, नारायणगढ–५(क) को कि.नं. ४६३ को क्षेत्रफल ०–४–४ बिगाह जग्गा | आयुष खरेल | २,५२,०००।- | |
| ८ | मिति २०५५।१०।१७ मा खरिद गरेको नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स कोअपरेटिभ लि. को शेयर (प्रतिशेयर रू.१,०००।– का दरले खरिद गरेको १०० कित्ता शेयर) | आयुष खरेल | १,००,०००।- | |
| ९ | ओम हस्पिटल एन्ड रिसर्च सेन्टरमा शेयर लगानी गरेको रकम | आयुष खरेल | १०,००,०००।- | |
| १० | मिति २०५७।२।१ मा खरिद गरेको जिल्ला चितवन नारायणगढ–५(क) कि.नं. ५१३ को क्षेत्रफल ०–५–७.५ बिगाह जग्गा | आयुष खरेल | ३,२२,५००।- | |
| ११ | मिति २०५७।४।१० मा प्रति शेयर रू.९५०।– का दरले दोस्रो बजारमार्फत खरिद गरेको बैंक अफ काठमाडौंको १००० कित्ता शेयर | आयुष खरेल | ९,५०,०००।- | |
| १२ | मिति ०५७।९।२० मा छोरा आयुष खरेललाई अंशबन्डा गर्दा दिएको रकम | आयुष खरेल | १२,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| १३ | नेपाल राष्ट्र बैंकबाट निष्कासित राष्ट्रिय बचतपत्रमध्ये स्रोत नखुलेको रकमबाट खरिद भएको (२०६२ (घ) ००१७०६) राष्ट्रिय बचतपत्रमध्येबाट खरिद भएको बचतपत्र मिति २०५८।१२।३० मा बिक्री गरी प्राप्त रकम | मीना खरेल | ६,००,०००।- | |
| १४ | नेबिल बैंक, कान्तिपथमा आयुष खरेलको डलर खातामा जम्मा भएको अमेरिकी डलर १,१००।– ले हुन आउने रकम | आयुष खरेल | ७८,२१०।- | तत्कालीन समयमा नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दरका आधारमा |
| | जम्मा | | १६३,३६,१३०।४४।- | |

स्रोत नखुलेको सम्पत्तिको आयोगले गरेको विश्लेषण :

१.आरोपपत्रको तालिका नं. २३ को क्र.सं.१(क) र (ख) मा उल्लिखित जिल्ला काठमाडौं जोरपाटी गा.वि.स. ५(ख) स्थित क्रमशः कि.नं.२३४ को क्षेत्रफल १–०–१–० र कि.नं.३४८ को क्षेत्रफल ०–९–०–२ रोपनी जग्गा मिति २०५०।६।८ मा मीना खरेलको नाममा खरिद गरेको देखिन्छ। सोही दिन निजले कि.नं. ३५० को क्षेत्रफल १–०–२–० रोपनी जग्गासमेत कूल क्षेत्रफल २–९–३–२ रोपनी जग्गा रू.१,३२,०००।– लिखत मूल्य उल्लेख गरी खरिद गरेको देखिएको छ। उक्त जग्गा खरिद गर्दाको स्रोतको हकमा निजले आफ्नो तलब भत्ता, घरभाडा, कृषि आय, सप्तरीको जग्गा बिक्रीबाट आएको रकम र लगानीको ब्याज आदिका स्रोतबाट खरिद गरेको भनी उल्लेख गरिएको पाइन्छ।

निजले उल्लेख गरेका ती स्रोततर्फ हेर्दा, सो अवधिमा बानेश्वरस्थित घरमा निज स्वयम् रहनु बस्नुपर्ने अवस्था देखिएको र घर भाडामा लागेको भरपर्दो प्रमाण पनि पेस नभएबाट सो घरको घरभाडा प्राप्त हुनसक्ने स्थिति देखिएन।

त्यसैगरी निजले जिकिर लिएको तलब भत्ताको बचत रकम, खेतीको आयको बचत रकममध्येबाट २०५० सालमा उक्त जग्गा खरिद गर्नुपूर्व बानेश्वरको घर निर्माण गरेको देखिएको छ, जुन सम्पत्ति स्रोत खुलेको सम्पत्तिमा समावेश गरिसकिएको छ भने बाँकी रकम निज र निजका एकाघर परिवारका श्रीमती, छोरा र छोरीको नेपाल बैंक लिमिटेड डिल्लीबजार शाखाको खातामा मौज्दातमा रहेको देखिन्छ । उक्त मौज्दात रकममध्ये अच्युतकृष्ण खरेलको नामको नेपाल बैंक लिमिटेड, डिल्लीबजारस्थित खाताबाट मिति २०५०।५।३१ मा रू.४६,०००।– र ऐ. बैंकस्थित मीना खरेलको खाताबाट मिति २०५०।६।६ मा रू.२०,०००।– निकालेको देखिँदा मिति २०५०।६।८ मा खरिद गरेकोमध्ये कि.नं.३५० को क्षेत्रफल १–०–२–० जग्गा सोही बैंकबाट निकालेको रकम तलब भत्ताको बचत रकम र निजको कृषि आयसमेतको बचतबाट खरिद गरेको हुनसक्ने देखिँदा कि.नं.३५० को जग्गासम्म स्रोत खुलेको सम्पत्तिमा समावेश गरिएको छ।

उक्त जग्गा खरिद गर्दाको अर्को स्रोतमा सप्तरीको जग्गा बिक्रीबाट प्राप्त रकम हो भनी निजले उल्लेख गरिएको भए पनि सप्तरीको जग्गा २०४७, २०४८ र २०५१ सालमा बिक्री भएको देखिन्छ तर २०४९ र २०५० सालमा कुनै जग्गा  बिक्री गरेको नदेखिँदा जोरपाटीको जग्गा खरिदको स्रोत मान्न मिल्ने देखिएन। लगानी गरेको रकमबाट प्राप्त मुनाफाको सम्बन्धमा हेर्दा उक्त जग्गा खरिद गर्नुपूर्व निजसँग कुनै पनि लगानीयोग्य पुँजी रहेको नदेखिँदा र भएका स्रोतहरूबाट अन्य अचल सम्पत्ति र शेयर खरिद गर्ने कार्य गरेको देखिँदा उक्त जग्गा खरिद गर्ने

स्रोत रहेको देखिन आएन।

यसरी २०५०।६।८ मा खरिद गरेको कूल क्षेत्रफल २–९–३–२ रोपनी जग्गामध्ये कि.नं.३५० को क्षेत्रफल १–०–२–० रोपनी जग्गाको मात्र स्रोत खुलेको देखिन्छ भने अन्य कि.नं.३४८ र २३४ को कूल क्षेत्रफल १–९–१–२ रोपनी जग्गाको वैधानिक स्रोत खुलेको पाइएन। अतः स्रोत नखुलेको जग्गामध्ये कि.नं.२३४ को हाल आयुष खरेलका नाममा रहेको मूल्य रू.११,१७,१८७।५० को जग्गालाई स्रोत नखुलेको सम्पत्तिमा राखी मागदाबीमा लिइएको छ।

उक्त जग्गामध्ये कि.नं. ३४८ को ०–९–०–२ जग्गा अच्युतकृष्ण खरेलले मिति २०६०।१।२४ मा बिक्री गरेको पाइयो। बिक्रीअघि सो जग्गा आयुष खरेलको नाममा रहेको थियो। उक्त जग्गा बिक्री गरी प्राप्त गरेको रकम निजले कुनै बैंकमा राखेको पनि पाइएन र सो बाट अचल सम्पत्ति खरिद गरेको पनि पाइएन। अतः स्रोत खुल्न नसकेको रू.६,२७,३४३।७५ मूल्य पर्ने उक्त कि.नं.३४८ को जग्गा बिक्री गरी सो रकम के, कहाँ प्रयोग गरियो, सो नदेखाई लुकाई छिपाई राखेको हुँदा उक्त रकमलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी दाबीमा लिइएको छ।

२. आरोपपत्रको तालिका नं. २३ क्र.सं. २ मा उल्लिखित काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं.५(ख) कि.नं.२७८ को क्षेत्रफल १–३–०–१ रोपनी जग्गा मिति २०५०।१२।१७ मा श्रीमती मीना खरेलको नाममा लिखतबमोजिम रू. ६०,०००।– थैली अङ्क राखी खरिद गरेपछि छोरा आयुष खरेलका नाममा नामसारी गरी बिक्री गरेको देखिन्छ। उक्त जग्गा खरिद गर्दाको वैधानिक स्रोतको सम्बन्धमा निजले कृषि आय, तलब भत्ता, रासन, धोबीधाराको घरभाडाबाट प्राप्त रकमसमेतबाट खरिद गरेको भनी उल्लेख गरिएको पाइन्छ। तर निजले आफ्नो कृषि आयको बचत र तलब भत्ता आदिको बचत रकमले २०४९ सालमा बानेश्वर घरको तल्ला थपेको, २०५०।६।८ मा जग्गा खरिद गरेको (सोमध्ये कि.नं.३५० को जग्गाको स्रोत खुलेको) र २०५० साल फागुनमा एस.बि.आई. बैंकको शेयर खरिद, नेपाल लिभर लिमिटेडको शेयर खरिद, एन.आई.डि.सी. म्युचुअल फन्डको १००० युनिटसमेत खरिद गरेको हुँदा निजको सो अवधिसम्मको तलब भत्ता एवम् कृषि आयको बचत रकमले खरिद गर्न सक्ने देखिएन। निजले देखाएको धोबीधाराको घरको सन्दर्भमा हेर्दा सो घर पूरा घर नभै आधा घरमात्र अंशबन्डाबाट पाएको देखिन्छ। निजले बानेश्वरमा घर नबनाउन्जेलसम्म सोही आधा घरमा बस्नु पर्ने बाध्यता रहेको र बानेश्वरको घर बनाइसकेपछिमात्र निज बानेश्वरको घरमा बस्न गएपछि पनि सो आधा घर भाडा लाग्न सक्ने अवस्थामा नभएको हुँदा त्यस्तो घरलाई भाडामा लगाई एक रोपनीभन्दा बढी जग्गा खरिद गर्न सक्ने भन्ने कुरा पत्यारलायक नदेखिँदा सो जग्गा खरिदको स्रोत पुष्टि हुन आएन। अतः रू.१३,१०,५४६।८७ मूल्य बराबरको उक्त जग्गा निजले बिक्री गरिसकेको र बिक्रीबाट प्राप्त रकम लुकाई छिपाई राखेको हुँदा हालको मूल्याङ्कनबमोजिम लुकाई छिपाई राखेको रू.१३,१०,५४६।८७ बराबरको रकमलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ।

३. आरोपपत्रको तालिका नं.२३ क्र.सं.३ मा मीना खरेलका नाममा रहेको उल्लिखित घर चितवन नारायणगढ–५ (क) को कि.नं.३७६ र १४ को जग्गामा २०५५ सालमा रू.१२,७१,४५०।४० को लागतमा निर्माण गरेको देखिन्छ। उक्त घर निर्माण गर्दाको स्रोतको विषयमा निजले कृषि आय, तलब, भत्ता, घरभाडा, जग्गा बिक्रीबाट प्राप्त रकम, लगानीको आर्जित ब्याज, शेयर लाभांश र भाइनाता पर्ने उत्तमसँग लिएको ऋणबाट निर्माण गरेको भनी उल्लेख गरेको देखिन्छ।

उपर्युक्त स्रोततर्फ हेर्दा सो समयमा निजसँग तराईको करिब तीन बिगाहा जग्गा र पहाडको करिब ४० रोपनी जग्गा रहेको देखिए तापनि निज सो समयसम्म सरकारी कामको सिलसिलामा व्यस्त रहनु पर्ने अवस्था रहेको र निजको परिवारका अन्य सदस्यहरू पनि खेतीपातीमा संलग्न भएको देखिन

नआएकाले अरू व्यक्तिहरूबाट गरिने कृषिको सीमित आयसमेत थप गरी निजले २०४९ सालमा जग्गा खरिद गर्ने, २०४९ सालदेखि नै बानेश्वरको घर बनाउन लगानी गरेको र सो घर पूरा हुनासाथ २०५० सालमा काठमाडौंको जोरपाटीमा कि.नं.३५० को जग्गा किन्ने कार्यमा लगानी गरेको तथा आरोपपत्रको स्रोत खुलेको सम्पत्तिको तालिकाको क्र.सं.५, ६, ७, ८ र ९ मा उल्लिखित सम्पत्ति आर्जन गर्न उपयोग गरिसकेको हुँदा सो समयको वैध आयको रकम बचत रहेको अवस्था छैन।

त्यस्तै तलब, भत्ता जस्ता शीर्षकहरूको आम्दानी यस अवधिभन्दा अगाडि आर्जित सम्पत्तिको स्रोतमा गणना गरिएको छ र कुनै वैधानिक रकम बचत रहेको पनि देखिदैन भने लाभांशतर्फ हेर्दा निज र निजको परिवारको बैंक तथा अन्य सङ्गठित संस्थाको शेयरको लाभांशको रूपमा प्राप्त भए जति सबै आय पनि माथि स्रोत खुलेको सम्पत्तिको विश्लेषणमा गणना गरिएको छ। यसप्रकार विश्लेषण गरी हेर्दा उक्त घर निर्माण गर्न पुग्ने कुनै पनि वैध स्रोत देखिँदैन। तसर्थ वैधानिक स्रोत नरहेको अवस्थामा निर्माण भएको उक्त घरको स्रोत खुल्न नसकेकाले हाल मूल्य रू.१५,२७,५८६।५१ पर्ने सो घरलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ।

४. आरोपपत्रको तालिका नं. २३ को क्र. सं. ४(क) र ४(ख) मा उल्लिखित काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २३(त)को हाल कायम कि.नं. ४७४ र ४७५ को क्षेत्रफल क्रमशः ०–६–०–०, ०–६–०–० समेत गरी कूल ०–१२–०–० रोपनी जग्गा साबिकमा कि.नं. ४३५ को रूपमा प्रतिवादी अच्युतकृष्ण खरेलले श्रीमती मीना खरेलका नाममा मिति २०५३।५।५ मा खरिद गरेको देखिन्छ । सो जग्गा खरिदका सम्बन्धमा निज प्रतिवादी अच्युतकृष्ण खरेलले बयान गर्दा भाउजू पद्मा खरेलका नाउँमा कि.नं. ४३५ को ०–१२–०–० र भान्जा सुरेशकुमार उप्रेतीका नाममा कि.नं. ४३६ को ०–८–०–० जग्गा २०३८ सालमा नै खरिद गरी राखेको र २०५३ सालमा निजहरूबाट मीना खरेलका नाममा लगिएको भन्ने व्यहोरा उल्लेख गरिएको पाइन्छ । तर २०३८ सालमा नै उक्त दुवै कित्ता जग्गा निज स्वयम् वा निजकी पत्नीका वा निजका छोराछोरीका नाममा खरिद गर्न कुनै कुराले बाधा पारेको देखिँदैन। साथै निजले २०५१ सालमा घर बनाउनका लागि नगरपालिकाबाट नक्सा पास गर्दासमेत जग्गावालाको हैसियतमा पद्मा खरेल र सुरेशकुमार उप्रेतीको मन्जुरी लिई सो मन्जुरीका आधारमा घर बनाउनुको सट्टा ती जग्गाहरू निजले आफ्नो वा परिवारको सदस्यको नाममा नामसारी गरी त्यसपछि नक्सा पास गर्ने अवसर हुँदाहुँदै सोसमेत नगरी सो समयका जग्गाधनीको मन्जुरी लिई सोका आधारमा घर बनाएको देखिँदासमेत ती जग्गाहरू २०५३ सालमा निज अच्युतकृष्ण खरेलले सुरेशकुमार उप्रेती र पद्मा खरेलबाट खरिद नै गरेको पुष्टि हुन आउँछ। २०३८ सालमा नै खरिद गरी अरूको नाममा राखेको थियो भन्ने भनाइ पत्यारलायक देखिएन।

निजले सो जग्गा खरिद गर्दा के कुन स्रोतबाट उक्त जग्गा खरिद भएको हो भन्नेतर्फ हेर्दा निजले उल्लेख गरिएको स्रोतमध्ये सो समयसम्मको निजको तलब भत्ता कृषि आय जस्ता आम्दानीका स्रोततर्फ हेर्नुपर्ने देखियो। सो समयमा निजको वैधानिक आयले छोरा आयुष खरेललाई निजी खर्चमा भारतमा चिकित्सा विषय अध्ययन गराउन प्रारम्भ गरेको र छोरीलाई भारतको दिल्लीमा चिकित्सा विषय अध्ययन गराउँदा छोराछोरीको पढाइमा खर्च गरेको देखिन्छ । साथै २०५३।५।५ मा नै मीना खरेलको नाममा खरिद गरी हाल आयुष खरेल र मीना खरेलका नाममा कायम रहन गएका कि.नं.४७६ र ४७७ का दुई कित्ता जग्गा खरिद गरिएको देखिँदा हाल कायम ती दुवै कित्ता जग्गाको स्रोत खुलेको सम्पत्तिमा गणना गरी माथि स्रोत खुलेको सम्पत्तिको तालिकामा समावेश गरिसकिएकाले माथि उल्लिखित जग्गा खरिद गर्न प्रतिवादीको कुनै वैध आय बचत रहेको देखिँदैन। अतः साबिक कि.नं.४३५ को मिति २०५७।९।२० को बन्डापत्रको लिखतका

आधारमा हाल कायम कि.नं.४७४ को आयुष खरेलका नाउँको क्षेत्रफल ०–६–०–० र मीना खरेलका नामको कि.नं.४७५ को क्षेत्रफल ०–६–०–० समेत रू.१६,५०,०००।– मूल्य पर्ने उक्त जग्गालाई स्रोत नखुलेको सम्पत्तिको रूपमा गणना गरी मागदाबीमा लिइएको छ।

४(ग) काठमाडौं महानगरपालिका वडा नं.२३ त कै कि.नं.४३१ को ०–१–३–० रोपनी जग्गा मिति २०५३।५।५ मा नै खरिद गरेको देखिन्छ। सो जग्गा खरिदका हकमा निज अच्युतकृष्ण खरेलले बाटो प्रयोजनका लागि दाजु रामकृष्ण खरेलबाट प्राप्त गरेको र रकम लिनु दिनु गरिएको छैन भनी बयान गरेको देखिन्छ। निजको सो बयान व्यहोरा भएपनि धेरै वर्षअघिदेखि छुट्टी भिन्न रही आफ्नो आफ्नो खती उपति गरी खाएका दाजुभाइका बीच बिनामूल्य जग्गा लिनुदिनु पर्ने अवस्था नहुँदा दाजुले सित्तैमा जग्गा दिएको भन्ने भनाइ विश्वासयोग्य देखिएन। उक्त जग्गा खरिद गर्दा निजसँग वैधानिक आयको कुनै पनि रकम बाँकी नरहेको स्रोतसम्बन्धी विस्तृत विश्लेषण माथिको ४(क) र ४(ख) मा उल्लिखित जग्गाहरूको सम्बन्धमा चर्चा गरिसकिएको छ। अतः हाल निजका छोरा आयुष खरेलको नाममा रहेको हालको मूल्याङ्कनअनुसार रू.३,५०,०००।– पर्ने उक्त जग्गालाई स्रोत नखुलेको सम्पत्तिअन्तर्गत समावेश गरी मागदाबीमा लिइएको छ।

४(घ) आरोपपत्रको तालिका नं.२३ को क्र.सं.४(घ) मा उल्लिखित मीना खरेलका नाममा रहेको ४,६४७।४० वर्गफिटको धुम्बाराहीस्थित घर रू.३३,८०,१७०।२० को लागतमा २०५३ सालमा निर्माण गरेको देखिन्छ। सो घर निर्माणको स्रोतका सम्बन्धमा प्रश्न गर्दा प्रतिवादी अच्युतकृष्ण खरेलले बैंकबाट प्राप्त ऋण, कृषि आय, तलब भत्ता, जग्गा बिक्रीबाट प्राप्त आय, बानेश्वरको घरको भाडा आदिबाट रू.१६ लाखको लागतमा निर्माण गरेको भनी जवाफ दिएको देखिन्छ। (प्रश्न नं.९१ को उत्तर) साथै निजले आफू जस्तो सुरक्षा निकायमा कार्यरत् वरिष्ठ अधिकृतहरूले आफ्नो बसोबासको प्रयोजनको लागि कुनै घर बनाउँदा सिकर्मी, डकर्मी, ज्यामी, इलेक्ट्रिसियन जस्ता जनशक्ति निःशुल्करूपमा सम्बन्धित सङ्गठनको प्राविधिक शाखाबाट उपलब्ध गराई दिने हुँदा उक्त घर निर्माणमा पनि वस्तुगत खर्चमात्र लागेको हो भनी उल्लेख गरिएको पाइन्छ।

निजले सो घर निर्माणमा रू.१६ लाख लागेको भने तापनि आयोगबाट भएको घरको प्राविधिक मूल्याङ्कनबमोजिम लागत मूल्य रू.३३,८०,१७०।२० रहेको भनी खुल्न आएबाट निजको भनाइ तथ्यमा आधारित देखिँदैन। प्रहरी सङ्गठनभित्रको सरकारी संयन्त्र र जनशक्तिलाई निजको निजी घर निर्माणको लागि प्रयोग गरिएको भनी निजले उल्लेख गरिएको भए तापनि प्रहरी ऐन, नियमावलीलगायतका तत्काल प्रचलित कुनैपनि कानूनले निजलाई त्यस प्रकारको सुविधा प्रदान गरेको नदेखिँदा निजको सो कथन विश्वासयोग्य देखिएन। कानूनले प्रदान गरेको सुविधा तथा सहुलियतको अतिरिक्त सरकारी साधन, स्रोत र जनशक्ति निजी प्रयोजनमा लगाउनु स्वयम्मा गैरकानूनी कार्य हो भन्ने स्पष्ट छ।

तसर्थ, सो घर निर्माणको अन्य स्रोतहरूलाई दृष्टिगत गर्दा निजले २०५१ र २०५२ सालमा सप्तरी जिल्ला नर्घौंस्थित ६ बिगाहभन्दा बढीजग्गा बिक्री गरेको देखिए तापनि सोही वर्ष निजले चितवनको नारायणगढमा १२ कठ्ठा घडेरी खरिद गरेको, छोराछोरीलाई भारतमा अध्ययन गराएको तथा काठमाडौंमा विभिन्न कित्ता जग्गाहरू खरिद गरेकोसमेतबाट सप्तरीको जग्गा बिक्रीबाट प्राप्त भएको रकम सो जग्गा खरिद गर्नेसमेतका उल्लिखित अन्य कार्यमा खर्च भइसकेको देखिएकाले सो घर निर्माणको स्रोत खुल्नसक्ने नदेखिँदा हाल रू.४६,४९,६१९।१० मूल्य पर्ने उक्त घर र सो घरमा रहेका फर्निचर उपकरणहरूसमेतलाई स्रोत नखुलेको सम्पत्ति अन्तर्गत राखी मागदाबीमा लिइएको छ।

निजले उक्त घर बहाल लगाई प्राप्त गरेको

नगद सम्पत्ति स्रोत खुल्न नसकेको सम्पत्ति आर्जनमा उपभोग गरेको हुँदा घर भाडाबापत आर्जित रकमका सम्बन्धमा छुट्टै दाबी नलिएको।

५. आरोपपत्रको तालिका नं. २३ को क्र. सं.५ को (क) र (ख) मा उल्लिखित काभ्रेपलाञ्चोक जिल्ला साठीघर गा.वि.स.–१ को कि.नं.४२ को क्षेत्रफल २–७–२–० रोपनी जग्गा लिखत अङ्क रू.१४,५००।– र सोही गा.वि.स. को कि.नं. २९६ को क्षेत्रफल २–१३–२–१ रोपनी जग्गा लिखत अङ्क रू.१५,०००।– थैली अङ्क राखी अच्युतकृष्ण खरेलले मिति २०५४।२।५ मा छोरा आयुष खरेलका नाउँमा खरिद गरेको देखिन्छ। उक्त दुवै कित्ता जग्गा खरिद गर्दाको स्रोतको सम्बन्धमा निजले तलब भत्ता, कृषि आय, लगानीको ब्याज आदि स्रोतहरू नै हुन् भनी उल्लेख गरिएको देखिन्छ।

निजले बयानमा उल्लेख गरेका स्रोततर्फ हेर्दा २०५३ सालसम्म पैतृक सम्पत्ति बिक्री गरी प्राप्त आम्दानी तथा तलब भत्ता, कृषि आय जस्तो वैधानिक आयको बचत रकमले चितवनको नारायणगढमा १२ कट्ठा जग्गा खरिद गरेको, काठमाडौंमा ०–८–०–० रोपनी जग्गा खरिद गरेको (स्रोत खुलेको तालिकाको क्र.सं.७ र ८ मा उल्लेख भएको) देखिनुका अतिरिक्त निजको तलब भत्ताको बचत रकम गाडी खरिद गर्दा लगानी गरेको हुँदा लगानी गर्ने अन्य रकम निजसँग रहेको देखिँदैन। यस स्थितिमा २०५४ सालमा खरिद गरेको उक्त दुवै कित्ता जग्गाको वैधानिक स्रोत खुल्न नसकेकाले क्रमशः रू.२,०७,३७५।– र रू.१९,९३३।५९ गरी हुने रू.२,२७,३०८।५९ मूल्य बराबरको कि.नं.४२ र २९६ को जग्गालाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ।

६. आरोपपत्रको तालिका २३ को क्र.सं.६ मा रहेको काठमाडौं जिल्ला जोरपाटी ५(ख) को कि.नं.२७६ को क्षे.फ. ०–२–२–३.५ रोपनी जग्गा लिखतबमोजिम रू.२१,५००।– थैली अङ्क राखी अच्युतकृष्ण खरेलले मिति २०५४।११।१० मा र सोही ठाउँको मिति २०५४।१०।९ मा कि.नं. २७७ को क्षेत्रफल ०–२–२–३.५ जग्गाको लिखतबमोजिम रू. २१,५००।– थैली अङ्क राखी छोरा आयुष खरेलका नाममा खरिद गरेको देखिन्छ। सो जग्गाको खरिद गर्दाको रकमको स्रोतसम्बन्धमा निजले कृषि आय, जमिन बिक्री, बैंक ऋण, तलब भत्ता भनी उल्लेख गरिएको देखिन्छ।

निजले उल्लेख गरिएको उक्त रकमको स्रोततर्फ हेर्दा सो समयमा निजसँग तलब भत्ताको बचत रकम खेतीपातीको आय र बैंकबाट लिएको कर्जा रू.४ लाखसमेत करिब रू. ५ लाखभन्दा केही बढी रकम वैध आम्दानी हुनसक्ने भएपनि सो रकमसमेतबाट निजले सोही समयमा रू.५,८३,१५१।– रकम खर्च गरी गाडी खरिद गरेको देखिन्छ। उक्त गाडी (स्रोत खुलेको तालिकाको क्र.सं. ९ मा उल्लेख भएको) खरिद गरेपश्चात् निजसँग कुनैपनि रकम बचतमा रहन सक्ने अवस्था छैन। यसरी वैधानिक स्रोत नभएको अवस्थामा खरिद गरेको उक्त जग्गाको स्रोत नखुलेकाले हाल रू.३,७३,८२८।१२ मूल्य बराबरको उक्त जग्गालाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ।

७. आरोपपत्रको तालिका २३ को क्र.सं.७ मा उल्लिखित चितवन जिल्ला नारायणगढ ५क को कि.नं.४६३ को क्षे.फ. ०–४–४ बिगाहा जग्गा प्रतिवादी अच्युतकृष्ण खरेलले मिति २०५५।८।१५ मा निजकी पत्नी मीना खरेलका नाममा लिखतबमोजिम रू. ८४,०००।– थैली अङ्क राखी खरिद गरेको देखिन्छ। सो जग्गा खरिद गर्दाको रकमको स्रोत सम्बन्धमा निजले कृषि आय, तलब भत्ता, सप्तरी नघौंको जग्गा बिक्रीबाट प्राप्त रकम, लगानीबाट प्राप्त ब्याज, घर भाडा र स्त्रीधनसमेत भनी उल्लेख गरिएको देखिन्छ। निजले खुलाएका उपर्युक्त स्रोततर्फ हेर्दा निजको मासिक सरदर १५ हजार रूपैयाँ छोरा छोरीको अध्ययनको लागि खर्च हुने देखिँदा तलब भत्ता बचत हुने अवस्था देखिँदैन। साथै निजले उल्लेख गरिएको अर्को स्रोत स्त्रीधन कहाँबाट र कसरी प्राप्त भएको

थियो र कहिलेदेखि कहाँ सञ्चित थियो भन्ने कुरा निजको व्यक्तिगत एवम् पारिवारिक विवरणमा कहीँ कतै नदेखिएको हुँदा त्यसलाई जग्गा खरिदको स्रोत मान्न मिल्ने अवस्था नरहेको ।

निजले उल्लेख गरिएको अन्य स्रोतमध्ये जग्गा बिक्रीतर्फ हेर्दा निजको सप्तरी नर्घौंस्थित पैतृक जग्गा २०५१ र २०५२ सालमा बिक्री गरेको देखिएता पनि सो जग्गा बिक्रीबाट प्राप्त रकमसमेतबाट २०५३ सालमा चितवनमा १२ कट्ठा घडेरी जग्गा र काठमाडौंमा ०–८–०–० रोपनी जग्गा खरिद गरेकोसमेत देखिन आइ सोलाई स्रोत खुलेको सम्पत्तिमा समावेश गरिसकिएको छ। त्यसैगरी उक्त जग्गा खरिद गर्नुपूर्व मिति २०५५।५।१४ मा प्रतिवादी अच्युतकृष्ण खरेलले आफ्नै नाममा रू. १,५४,७००।– रकम मुद्दती खाता खोली जम्मा गरेको देखिन्छ। सो सम्पत्ति पनि स्रोत खुलेको सम्पत्तिमा समावेश गरिसकिएको छ। यसरी उक्त जग्गा खरिद गर्दाको समयमा निजसँग वैधानिक आयको रकम बचत रहे भएको देखिँदैन। तसर्थ २०५५ सालमा चितवनस्थित उपर्युक्त जग्गा खरिद गरेको स्रोत खुल्न आएन। साथै लगानीबाट प्राप्त आयसमेतलाई सो जग्गा खरिदको स्रोत भनी देखाएको सन्दर्भमा हेर्दा विधिसम्मत् आम्दानीका सबै रकम सम्पत्ति आर्जन गर्न प्रयोग भइसकेको अवस्थामा लगानी गर्ने रकम निजसँग बाँकी रहेको पनि देखिँदैन। अतः हाल आयुष खरेलको नाममा रहेको रू.२,५२,०००।– मूल्य पर्ने सो जग्गालाई स्रोत नखुलेको सम्पत्ति अन्तर्गत राखी मागदाबीमा लिइएको छ।

८.आरोपपत्रको तालिका नं. २३ क्र.सं ८ मा उल्लिखित नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स कोअपरेटिभ लि.को १०० कित्ता शेयर अच्युतकृष्ण खरेलले प्रति शेयर रू. १,०००।– का दरले मिति २०५५।१०।१७ मा छोरा आयुष खरेलका नाममा खरिद गरेको देखिन्छ। उक्त शेयर खरिद गर्दाको स्रोतको विषयमा निज अच्युतकृष्ण खरेलले सवाल जवाफ नं. १०३ मा विभिन्न आयस्रोतमध्ये तलब, भत्ता, दैनिक भ्रमण भत्ताबाट बचत रकम, कृषि आय, घरभाडा (बानेश्वरको) समेतबाट खरिद गरेको भनी उल्लेख गरिएको देखिन्छ । तर बानेश्वरको घरमा निज स्वयम् रहनु बस्नुपर्ने भएबाट भाडा रकम प्राप्त हुनसक्ने देखिँदैन भने अन्य विधिसम्मत् आयका स्रोतहरूसमेतबाट निजका नाममा रू. १,५४,०००।– को मुद्दती खाता खोली रकम जम्मा गरेको स्थिति छ । साथै छोराछोरीको अध्ययनमा खर्च भैरहेको र बाँकी बचत रकम पनि निजले २०५४ सालमा रू.५,८३,१५१।– मूल्यको गाडी खरिद गर्दा उपयोग गरेको र मिति २०५५।८।१५ मा नेपाल बैंक लिमिटेड, डिल्लीबजार शाखामा आफ्नो नाममा रू. १,५४,७००।– रकम मुद्दती खातामा जम्मा गरेको देखिन्छ। यस स्थितिमा निजसँग उक्त रू. १ लाखको शेयर खरिद गर्न रकम बचतमा रहेको देखिँदैन । तसर्थ वैधानिक स्रोत नभएको अवस्थामा खरिद गरेको रू. १ लाख मूल्यको शेयरलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको ।

९. आरोपपत्रको तालिका नं.२३ को क्र. सं.९ मा उल्लिखित ओम हस्पिटल एन्ड रिसर्च सेन्टरको रू. १० लाख मूल्यको १०,००० कित्ता शेयर प्रतिवादी अच्युतकृष्ण खरेलले छोरा आयुष खरेलका नाममा मिति २०५६।८।३ मा खरिद गरेको देखिन्छ । उक्त शेयर खरिद गर्दाको स्रोतको सम्बन्धमा निज अच्युतकृष्ण खरेलले सवाल जवाफ नं.४३ मा धुम्बाराहीको घरभाडा, बानेश्वरको घरभाडा, जिल्ला सप्तरी नर्घौंको जग्गा बिक्रीबाट प्राप्त रकम तथा कृषिको आय एवम् विभिन्न मितिमा लगानी गरिएको ब्याजमध्येबाटसमेत खरिद गरेको भनी जवाफ दिएकामा निजले उल्लेख गरेका स्रोतहरूमध्ये घरभाडातर्फ हेर्दा धुम्बाराहीस्थित घर निर्माणकै स्रोत खुल्न नसकेको अवस्था हुँदा स्रोत पुष्टि नभएको सम्पत्तिबाट आर्जित भाडालाई वैध आर्जन मान्न मिलेन। बानेश्वरको घर भाडामा दिएको र सोबाट आय आर्जन गरेको प्रमाण पनि नभएकाले भाडाबाट आय प्राप्त भएको अवस्था छैन । सप्तरी नर्घौंस्थित जग्गा बिक्रीको रकम छोराछोरीको अध्ययनमा खर्च भएको र स्रोत खुलेको शेयर खरिद तथा चितवन नारायणगढ

५(क) को कि.नं.४९३,४९६ र ४९९ का जग्गा खरिद गर्न प्रयोग गरेको देखिन्छ । यसरी वैधानिक स्रोत नभएको अवस्थामा निजले ओम नर्सिङ्ग हस्पिटल एन्ड रिसर्च प्रा.लि.को शेयर खरिद गर्नका लागि रू.१० लाख नगदै भुक्तानी गरी १०००० कित्ता शेयर खरिद गरेको स्रोत खुल्नसक्ने अवस्था रहेको देखिँदैन। अतः सो प्रा.लि.मा लगानी गरेको रू.१० लाखको १०००० कित्ता शेयरलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको ।

१०.आरोपपत्रको तालिका नं. २३ को क्र.सं. १० मा उल्लिखित जिल्ला चितवन, नारायणघाट–५(क) कि.नं. ५१३ को क्षे.फ. ०–५–७.५ बिगाह जग्गा मूल्य रू. १,०७,५००।– थैली अङ्क राखी प्रतिवादीले निजकी पत्नी मीना खरेलका नाममा मिति २०५७।२।१ मा खरिद गरेको देखिन्छ। सो जग्गा खरिदको स्रोतका सम्बन्धमा निजले मधेसको जग्गा बिक्रीबाट प्राप्त रकम, कृषि आय, घर भाडा, बैंकको ऋण आदि भनी उल्लेख गरिएको देखिन्छ। निजले उल्लेख गरिएको आयमध्ये सप्तरी नर्घौंको जग्गा बिक्री गरेको भनी उल्लेख गरिएको विषयतर्फ हेर्दा, उक्त चितवनको जग्गा खरिद गरेको करिब ९ महिनापछि अर्थात् मिति २०५७।१०।४ मा मात्र बिक्री गरेको र गोरखा फाइनान्स कम्पनी लि. बाट २०५७।९।१९ मा ऋण लिएको रकम पनि सो ऋण लिनुभन्दा करिब ८ महिनाअघि खरिद गरेको जग्गामा उपयोग हुन सक्ने देखिएन । जहाँसम्म कृषि आयको प्रश्न छ, त्यसका हकमा हेर्दा निजसँग त्यतिबेला कृषियोग्य जग्गा नै ज्यादै थोरैमात्र बाँकी रहेको र सो को कृषि आयको बचतले उक्त जग्गा खरिद गरेको हुनसक्ने अवस्था नदेखिएको कारण सो जग्गा खरिदको स्रोत खुल्न सकेन । अतः हाल आयुष खरेलका नाममा रहेको रू.३,२२,५००।– मूल्य पर्ने सो जग्गालाई स्रोत नखुलेको सम्पत्ति अन्तर्गत गणना गरी मागदाबीमा लिइएको छ।

११.आरोपपत्रको तालिका नं.२३ को क्र.सं.११ मा उल्लिखित बैंक अफ काठमाडौंको १००० कित्ता शेयर प्रति शेयर रू.९५०।– का दरले रू.९,५०,०००।– खर्च गरी अच्युतकृष्ण खरेलले दोस्रो बजारमार्फत छोरा आयुष खरेलको नाममा मिति २०५७।४।१० मा खरिद गरेको देखिन्छ। उक्त शेयर खरिद गर्दाको स्रोतको विषयमा प्रतिवादी अच्युतकृष्ण खरेलले सञ्चित बिदाको रकम र कृषि आयसमेतका स्रोतबाट खरिद गरेको भनी उल्लेख गरिएको देखिन्छ।

निजले उल्लेख गरिएको सञ्चित बिदाको रकमको सम्बन्धमा हेर्दा सो रकम निजले उक्त शेयर खरिद गरेको ४ महिनापछि मात्र प्राप्त गरेको हुँदा सो रकम शेयर खरिद गर्न उपयोग हुन सक्ने अवस्था नै रहँदैन । त्यसैगरी खेतीको आय सामान्य रहेको देखिन्छ। उक्त शेयर खरिद गर्दा निजले उल्लेखगरेका वैधानिक आम्दानीहरू छोरा आयुष खरेललाई भारतको मणिपाल कलेजमा निजी खर्चमा अध्ययन गराउँदा र मीना खरेल तथा प्रतिवादी अच्युतकृष्ण खरेल स्वयम्ले नेपाल इन्भेष्टमेन्ट बैंकको रू.९,६००।– मूल्यको हकप्रद शेयर खरिद गर्दा खर्च भएको देखिन्छ । यसरी बैंक अफ काठमाडौंको उक्त शेयर खरिद गर्दा निजसँग कुनै पनि रकम बचतमा रहेको देखिँदैन । तसर्थ वैधानिक स्रोत नभएको अवस्थामा रू.९,५०,०००।– खर्च गरी खरिद गरिएको उक्त बैंकको १,००० कित्ता शेयरलाई स्रोत खुल्न नसकेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ।

१२. आरोपपत्रको तालिका नं.२३ को क्र. सं.१२ मा उल्लिखित रू.१२ लाख रकम अच्युतकृष्ण खरेलले मिति २०५७।९।२० मा अंशबन्डाको लिखत तयार गरी रू.१२ लाख छोरा आयुष खरेललाई दिएको तथ्य निजको बयान र यस आयोगमा पेस गरेको सम्पत्ति विवरणले स्पष्ट पारेको छ। निजले पेस गरेको सोही सम्पत्ति विवरणमा श्रीमतीसँग रू.७ लाख र आफूसँग करिब रू.४ लाख गरी गरी जम्मा रू.११ लाख पनि रहेको भनी बयान कथन तथा पेस गरेको सम्पत्ति विवरणसमेतमा उल्लेख गरिएको देखिन्छ।

सो विवरणमध्ये श्रीमतीसँग रहेको रू.७ लाख र आफूसँग रहेको रू.४ लाख गरी जम्मा रू. ११ लाख मैले विवरणमा र बयान कथनमासमेत हुँदै नभएको नगद

सम्पत्ति उल्लेख गरिएको भनी सो बयानलाई पछि निज स्वयम्ले खण्डन गरेको देखिन्छ । तर रू.१२ लाख छोरालाई दिएको रकमका सम्बन्धमा केही उल्लेख गरिएको देखिँदैन ।

सो रकम छोरा आयुषलाई दिएको भनेको समयमा निजको वैध आय करिब ४ लाख ६७ हजार रहेको र खर्चतर्फ छोरालाई रू.१ लाख ६० हजार अध्ययन खर्च लागेको, छोरा आयुष खरेललाई निजी खर्चमा बेलायत भ्रमण गराएको, मिति २०५७।१०।६ मा मीना खरेलको नाममा रू.८ लाखको राष्ट्रिय बचतपत्र खरिद गरेको (रू.८ लाखमध्ये रू.२ लाखको स्रोत खुलेको) देखिँदा उक्त वैध आय सम्पूर्ण खर्च भइसकेको अवस्था छ । यसरी वैध स्रोत नभएको समयमा छोरा आयुष खरेललाई रू.१२ लाख दिएको भनी निजले जिकिर लिएको उक्त रकमको स्रोत खुल्नसक्ने आधार स्थापित हुन नसकेकाले छोरालाई दिएको भनिएको उक्त रू. १२ लाख रकमलाई स्रोत नखुलेको सम्पत्तिमा गणना गरी मागदाबीमा लिइएको छ ।

१३.आरोपपत्रको तालिका नं.२३ को क्र. सं.१३ मा उल्लिखित राष्ट्रिय बचतपत्र प्रतिवादी अच्युतकृष्ण खरेलले निजकी पत्नी मीना खरेलका नाममा मिति २०५७।१०।६ मा खरिद गरी २०५८।१२।३० मा बिक्री गरेको देखिन्छ । सो बचतपत्र खरिद गर्दाको स्रोतका सम्बन्धमा प्रतिवादी अच्युतकृष्ण खरेलले सेवाबाट अवकाश भएपछि हिमालयन बैंकबाट लिएको ऋणमध्ये रू.९ लाख लगानी गरेकोबाट फिर्ता भएको रकम र घरभाडा, कृषि आय र भाइनाता पर्ने उत्तमकृष्ण खरेलसँग सापटी लिएको रू.११ लाखमध्येबाट खरिद गरेको हो भनी आफ्नो बयानमा (प्रश्न नं.९७ को जवाफ) खुलाएको देखिन्छ । निजले लिएको जिकिरका सम्बन्धमा हेर्दा निजले २०५६ चैतमा रू.९ लाख रूपैयाँ बैंकबाट ऋण लिएको देखिए तापनि सो रकम के कसलाई के कस्तो सर्तमा कति ब्याज आर्जन हुने गरी लगानी गरेको हो भन्ने खुलाउन सकेको पाइँदैन । वार्षिक १५ प्रतिशत देखि १९ प्रतिशतसम्म ब्याज बैंकलाई तिरी लिएको ऋण रकममध्येबाटै सो ब्याजदरको तुलनामा निकै न्यून प्रतिफल (वार्षिक १० प्रतिशत ब्याजमा आयकरसमेत तिर्नु पर्ने) हुने लगानीको रूपमा रहेको राष्ट्रिय बचतपत्रमा लगानी गरेको भन्ने कुरा अवास्तविक र बनावटी देखिन्छ । तर निजले जिकिर लिएका कृषि आय, सञ्चित बिदाको रकम जस्ता स्रोतहरूबाट रू. २ लाख मूल्यसम्मका बचतपत्र खरिद गरेको हुनसक्ने देखिन्छ भने बाँकी रू.६ लाख मूल्यका बचतपत्र खरिद गर्नसक्ने स्रोत भएको देखिँदैन ।

यस प्रकार उक्त मितिमा खरिद गरिएका रू. ८ लाखको बचतपत्रमध्ये रू. ६ लाखको बचतपत्र खरिदको स्रोत खुल्न नसकेको र सो बचतपत्र हाल बिक्रीसमेत गरी सकेको, तर सो रकमले अन्य कुनै सम्पत्ति खरिद गरेको नदेखिँदा सो रकम लुकाई छिपाई बेपत्ता पारेको देखिन आएकाले उक्त मूल्य रू.६ लाख बराबरको रकमलाई स्रोत नखुलेको सम्पत्तिका रूपमा मागदाबीमा लिइएको छ ।

१४. आरोपपत्रको तालिका नं.२३ को क्र. सं.१४ मा उल्लिखित रकम रू.७८,२१०।– (यु. एस.डलर १,१०० को तत्कालीन विनिमय दरले हुने) अच्युतकृष्ण खरेलले छोरा आयुष खरेललाई विदेश भ्रमणमा लैजाने सिलसिलामा अमेरिकी डलर १,१००।– खरिद गरी सोही रकम मिति २०५७।२।२३ मा नेबिल बैंक, कान्तिपथमा छोराकै नाममा डलर खाता खोली जम्मा गरेको देखिन्छ । निजले तत् समयमा छोरा आयुष खरेललाई निजी खर्चमा बेलायत भ्रमणमा लगेको हुँदा सो समयमा निजसँग सो डलर सटही गर्ने वैधानिक आर्जनको रकम बाँकी रहेको नदेखिँदा सो खातामा हाल मौज्दातमा रहेको उक्त डलरको नेपाली रूपैयाँमा विनिमय गर्दा हुने रू.७८,२१०।– लाई स्रोत नखुलेको सम्पत्तिमा समावेश गरी मागदाबीमा लिइएको छ ।

अमिल्दो एवम् अस्वाभाविक जीवनयापन सम्बन्धमा आयोगले गरेको विश्लेषण :

प्रतिवादी अच्युतकृष्ण खरेलले यस

आयोगसमक्ष पेस गरेको व्यक्तिगत विवरण एवम् निजको बयानसमेतका आधारमा सार्वजनिक पदमा रहँदा निजले प्राप्त गरेका वैध आयको तुलनामा सेवाबाट अवकाश प्राप्त गर्दाको आर्थिक स्थिति वा जीवनस्तर अमिल्दो र अस्वाभाविक देखिएको छ । २०२७ सालमा सार्वजनिक पदमा प्रवेश गरेपछि वृद्धि भएको आर्थिक हैसियत, परिवर्तन वा फरकलाई देहायका तथ्यहरूले वस्तुपरक रूपमा पुष्टि गर्दछन् ।

१) पैतृक सम्पत्तिको रूपमा काभ्रेपलाञ्चोक जिल्ला र सप्तरी जिल्लामा माथिका विवरण र तालिकामा उल्लेख गरिएअनुसारका खेतीका जग्गा प्राप्त गरेको भए पनि सरकारी सेवामा प्रवेश गरेपछि काठमाडौं र चितवनमा अस्वाभाविक मात्रा र प्रकृतिका करोडौं मूल्य पर्ने घरजग्गा खरिद तथा निर्माण गरेको, २५ लाख रकम बैंकमा राखेको र लाखौंको शेयर तथा राष्ट्रिय बचतपत्र खरिद गरेको कुरा निम्नबमोजिम देखिन्छ ।

(क) काठमाडौं र चितवनमा करिब रू.८४ लाखभन्दा बढी मूल्य पर्ने ३ वटा घर निर्माण गरेको ।

(ख) काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक र चितवनमा गरी एक करोडभन्दा बढ्ता मूल्य पर्ने जग्गा खरिद गरेको ।

(ग) सेवाकालको उत्तरार्धमा विभिन्न वित्तीय तथा अन्य संस्थाको रू.२५,००,०००।– भन्दा बढ्ता रकमको शेयर खरिद गरेको ।

(घ) घर व्यवहारको सामान्य आवश्यकता तथा औचित्यको दृष्टिबाट अत्यन्तै अस्वाभाविक देखिने गरी निज स्वयम् र निजको एकाघर सगोलको परिवारका सदस्यहरूको नाममा विभिन्न बैंक खातामा १ करोडभन्दा बढी रकम जम्मा गरेको र लाखौं रूपियाँ मौज्दातमा रहेको ।

(ङ) प्रहरी महानिरीक्षक जस्तो महत्त्वपूर्ण र संवेदनशील पदमा कार्यरत् रहेको अवस्थामा विभिन्न बैंकहरूबाट करिब ४८ लाख रूपैयाँ ओभरड्राफ्ट कर्जा लिई विभिन्न व्यक्तिलाई जग्गा खरिद गर्न, सार्वजनिक सवारी साधन सञ्चालन गर्न र आयातनिर्यात कारोबार गर्न लगानी गरेको भन्नेसमेतका अपत्यारिलो विवरण पेस गरी गैरकानूनीरूपमा आर्जित सम्पत्तिलाई वैध सम्पत्ति देखाउने बदनियतपूर्ण कार्य गरेको ।

प्रहरी सेवाको उच्च पदमा पदोन्नति हुँदै जाँदा सेवा अवधिमा प्राप्त हुने तलब भत्ता एवम् अन्य वैध आर्जनसँग अमिल्दो हुने गरी निजले आफ्नो पदको प्रभाव एवम् अख्तियारको दुरूपयोग गरी गैरकानूनीरूपमा करोडौंको सम्पत्ति आर्जन गरी अस्वाभाविक जीवनयापन गरेको देखिन्छ ।

अभियोग र मागदाबी :

सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनसमेतका आधारमा प्रतिवादी अच्युतकृष्ण खरेलउपर भएको हालसम्मको अनुसन्धानको क्रममा विश्लेषण भएबमोजिम मिति २०२७।२।५ मा सार्वजनिक पदमा प्रवेश गरेपछि आफ्नो तथा आफ्ना परिवारका नाममा विभिन्न चल अचल सम्पत्ति आर्जन गरी भोग गरिरहेको देखिन्छ । प्रतिवादी अच्युतकृष्ण खरेलले मिति २०५७।९।२० मा आफ्नी पत्नी मीना खरेल तथा छोरा आयुष खरेलबीच अंशबन्डा लिखत तयार गरी अंश प्रदान गरेको देखाई सार्वजनिक सेवामा प्रवेश गरेपश्चात् आर्जन गरेको ठूलो मात्राको सम्पत्ति कागजीरूपमा आफूबाट पृथक देखाउने प्रयत्न गरेको तथ्य निजको अंशबन्डापछिको निजहरूबीचको सम्पत्तिको सगोलरूपमा भएको प्रयोगले स्पष्ट गर्दछ ।

निजको वैधानिक आयका रूपमा रहेका तलब भत्ता, विदेश भ्रमणबाट प्राप्त रकम, जग्गा बिक्रीबाट प्राप्त रकमलाई प्राप्त वर्ष, प्रकृति एवम् परिमाणको तर्क र तथ्यसङ्गत रूपमा यथास्थानमा आरोपपत्रको तालिकामा उल्लेख भएबमोजिम गणना गर्दा पनि स्रोत नखुलेको सम्पत्तिको प्रकरणसमेतमा विश्लेषण

गरिएबमोजिम निज अच्युतकृष्ण खरेलले भ्रष्टाचार गरी गैरकानूनी तवरबाट सम्पत्ति आर्जन गरी सोबाट बढे बढाएकोसमेत गरी रू.१,६३,३६,१३०।४४ मूल्य बराबरको सम्पत्ति आर्जनको स्रोत पुष्टि नभएको तथ्य स्थापित हुन आएको छ ।

भ्रष्टाचार जस्तो श्वेतग्रिवी अपराध (White Collar Crime) को विशिष्ट प्रकृति र यसको समष्टिगत दुष्प्रभावसमेतलाई दृष्टिगत गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले अनुमानित कसुरसम्बन्धी व्यवस्था गरेको र ऐ. ऐनको दफा १६ग. ले जफत सम्बन्धी र दफा ३ र ७(१) ले दण्डसम्बन्धी व्यवस्थासमेत गरेको परिप्रेक्ष्यमा तिनै कानूनी व्यवस्थाहरूलाई निरन्तरता दिंदै अझ प्रभावकारी र समयसापेक्ष बनाउने उद्देश्यले लागू गरिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्तिको विवरण अमिल्दो र अस्वाभाविक देखिन आएमा वा मनासिब कारण बिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तरयापन गरेमा सो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको प्रमाण निज स्वयम्ले पुर्‍याउनुपर्ने र यसरी प्रमाण पुर्‍याउन नसकेमा गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको मानिने कानूनी व्यवस्था छ । उपर्युक्त कानूनी व्यवस्थाहरूको कसीमा निज अच्युतकृष्ण खरेल एवम् निजका परिवारका नामसमेतमा रहेका आरोपपत्रको तालिका नं.२३ मा उल्लिखित सम्पत्तिको वैधानिक स्रोत नखुलेको र निजको वैध आय स्रोतको अवस्था हेर्दा निजसमेतले अमिल्दो र अस्वाभाविक जीवनयापन गरिरहेको स्पष्ट भएकाले निजले भ्रष्टाचार गरी गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको तथ्य स्थापित भएको छ ।

अतः निज अच्युतकृष्ण खरेल एवम् निजकी पत्नी मीना खरेल एवम् छोरा आयुष खरेलका नाममा रहेका र लुकाई छिपाई राखेकासमेत रू.१,६३,३६,१३०।४४ बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनीरूपमा आर्जन गरेको उल्लिखित आधार प्रमाणबाट पुष्टि हुन आएकाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र १५ अनुसार कसुर भई त्यसैलाई निरन्तरता प्रदान गरेको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर प्रतिवादी अच्युतकृष्ण खरेलले गरेको देखिन आएको छ । अतएव: प्रतिवादी अच्युतकृष्ण खरेललाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ३, ७(१), १०, १५, र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्म सजाय गरी त्यसरी भ्रष्टाचार गरी आर्जन गरेको निज अच्युतकृष्ण खरेल, निजकी पत्नी मीना खरेल, निजको छोरा आयुष खरेलसमेतका नाममा रहेको उल्लिखित बिगो रू.१,६३,३६,१३०।४४ मूल्यको सम्पत्ति साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को १६ग., दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२), र दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरिपाउँ ।

आरोपपत्रको तालिका नं. २३ मा वैध आय स्रोत नखुलेको हुँदा सजाय र जफतको मागदाबी गरिएका सम्पत्तिमध्ये क्र.सं.१ को जग्गामध्ये कि.नं.३४८ को जग्गाको रू.६,२७,३४३।७५, क्र.सं.२ को कि.नं.२७८ को जग्गाको रू.१३,१०,५४६।८७, क्र.सं.१२ को छोरालाई दिएको रू.१२,००,०००।–, क्र.सं.१३ को मीना खरेलको नाउँको बचतपत्र बिक्री गरेको रू.६,००,०००।– गरी जम्मा रू.३७,३७,८९०।६२ बिगो बराबरको सम्पत्ति बिक्री गरी तथा लुकाई छिपाई राखेको हुनाले सो बिगोको सम्पत्ति प्रतिवादी अच्युतकृष्ण खरेल, निजकी पत्नी मीना खरेल तथा छोरा आयुष खरेलका नाममा रहेका स्रोत खुलेको सम्पत्तिबाट जफत गरी असुलउपर गरिपाउँ र सो प्रयोजनको लागि सो बिगो बराबरको स्रोत खुलेको

हाल कायम रहेको अचल सम्पत्ति रोक्का कायमै राखिपाउँ, साथै प्रतिवादी अच्युतकृष्ण खरेल प्रहरी महानिरीक्षक भई श्री ५ को सरकारको विशिष्ट श्रेणीको पदाधिकारीसरहका व्यक्ति भएकाले तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४क. र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम निजलाई हदैसम्म थप सजायसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको आरोपपत्र मागदाबी।

प्रतिवादी अच्युतकृष्ण खरेलले विशेष अदालतमा गरेको बयान :

२०२७।२।५ देखि प्रहरी निरीक्षक पदमा सेवा प्रवेश गरी २०५७।७।२७ गतेदेखि सेवानिवृत्त छु । २०३३ सालमा रीतपूर्वकको पहिलो अंशबन्डा भए तापनि २०२८ सालमा पिताजीको स्वर्गवासपश्चात् आ–आफ्नो मात्रको आय छुट्याई सोहीबमोजिम अलग व्यवहार गरी आएको छु । मैले चल सम्पत्तिबापत रू २ लाख एकमुष्ट बुझेको हुँ जुन विपक्षी आयोगले मूल्याङ्कन गरेको छैन। जिल्ला सप्तरी, नर्घौं गा.वि.स. मा रहेको मेरो कुल जग्गा १२–७–६.५ मध्ये मोही नभएको ८–५–२ बिगाह मोही भएको, ०–३–१९.५ जग्गा मोही नभएको आँप बगैँचा हो । जुन कोशी नहरबाट सिञ्चित हुने सिँचाइयुक्त जग्गा हो भन्ने कुरा कृषि विभागबाट प्रकाशित ०५८।०५९ को कार्यक्रम पुस्तिकामा उल्लेख छ। मोही नलागेको ज.वि. ८–५–२ जग्गाबाट प्रति बिगाह प्रतिवर्ष १०० मन धान आय हुने, सरकारी दरबमोजिम मोही लागेको जग्गाबाट प्राप्त कुल २०५६ सालसम्म ठेक्कामा दिएको आँपको बगैचाबाट प्राप्त प्रतिवर्ष २६०००। देखि ३८०००। प्राप्त गरी राखेको छु। जिल्ला उद्योग वाणिज्य सङ्घले प्रमाणित गरी दिएको मूल्यदरमा गणना गर्दा पनि मेरो सप्तरीको जग्गाको २०३० देखि २०५९ सालसम्मको कुल कृषि आय २८ लाख ४४ हजार १ सय २१ हुन्छ । काभ्रे जिल्लामा रहेको मेरो पैतृक जग्गामध्ये बालुवा गा.वि.स.को १४–१५–२–० जग्गा झिंगु खोलाबाट सिँचाइ लाग्ने वर्षमा ३ बाली लाग्ने जग्गा हो। कृषि वि.का. काभ्रेद्वारा प्रकाशित कार्यक्रम पुस्तिकाबाट पनि औसत प्रतिरोपनी १०५२ के.जि.आलु उत्पादन हुनुका साथै मकै र धानसमेत उत्पादन हुने हुँदा २०३० सालदेखि २०५९ सम्म भएको उत्पादनबाट बिउ, बिजन लागतको ३० प्रतिशत खर्च कटाई १२ लाख ४२ हजार ३०९ आम्दानी भएकामा सो आयलाई घर खर्चमा समाप्त भएको देखाई सो आयलाई मेरो आयमा पेस गरेको छैन। मैले आयोगसमक्ष बयान गर्दा नै वार्षिक सरदर १,७५,०००।– कृषि आय हुने भनी कुल आय उल्लेख गरेकामा विपक्षी आयोगले गणना गर्दा पनि मेरो वार्षिक आय कम्तीमा १,३१,३००।– रूपैयाँ हुन्छ तर मैले प्राप्त गरी आएको सरदर वार्षिक आय रू.१,७५,०००।– बराबर नै हो । मैले २०५९ सालसम्ममा तराई र पहाड गरी कूल ४० लाख ६ हजार ५ सय प्राप्त गरेको छु । म र मेरो परिवारको विभिन्न व्यक्तिहरूले खरिद गरेको शेयरहरू विपक्षी आयोगले कानूनसम्मत लगानी मानेको तर सो शेयरबाट प्राप्त लाभांश के कति छ भन्नेमा आम्दानी लोप गरेको छ। उक्त शेयरबाट प्राप्त गरेको लाभांश ने.बैं.लि.को खातामा मौज्दात रहेको रकमको ब्याजसमेतको प्रमाण पेस गर्ने नै छु। मेरो नोकरीको क्रममा स्वदेशभित्रको भ्रमण भत्ता रू.१ लाख २४ हजार ८४१ रूपैयाँ ९८ पैसा स्थानीय भत्ताको रकम रू.२४ हजार ९ सय ३४ रूपैयाँ ८० पैसा (हालसम्म प्राप्त रेकर्डअनुसार) चाँदनी खरेलले विवाहपूर्व आर्जित गरेको रकम रू.३ लाख ४५ हजार ९३ दिल्लीमा इन्टर्नसीप गर्दा प्राप्त गरेको पारिश्रमिक भा.रू.६० हजारको ने.रू.९६ हजार, पेन्सनको रकम ३ लाख ९२ हजार १३० रूपैयाँ नगदै भुक्तानी गर्ने प्रचलन रहेको। रासन बापतको रकम रू.१ लाख ५९ हजार २६२ रूपैयाँ ६५ पैसा, घर भाडामा दिँदा प्राप्त जम्मा रकम ३१ लाख ७५ हजार ७४० रूपैयाँ सेवामा रहँदा प्राप्त गरेको विशेष भत्ता रू.१२ हजार २४० रूपैयाँ प्रहरी खुल्ला प्रतियोगिताबाट छनौट हुँदा बोर्ड पारिश्रमिक रू.१२ हजार ५१५, विभिन्न शेयरबाट प्राप्त लाभांश ने.बै.लि.को खाताबाट प्राप्त ब्याजसमेत रू.१ लाख ८२ हजार ९१५ रूपैयाँ, आयोगले २१

नं.तालिकाको आय व्ययमा समावेश नगरेको रू.८ लाख २६ हजार २६० रूपैयाँ २१ पैसा, सञ्चयकोषबाट प्राप्त रकम र विदेशमा भ्रमण गर्दा आयोगले नदेखाएको रकम रू.३ लाख १६ हजार ३६ लाई आयको स्रोतमा गणना नगरेको आयोगले नदेखाएको रू.५७ लाख ६३ हजार १६२ रूपैयाँ, मेरो आय हो भनी प्रमाण पेस गर्ने छु । रासनबापत नगदै लिने प्रचलन रहेकामा सोको भरपाई पेस गरेको छु । २०३१ मार्ग ३ देखि ऐ २८ सम्म विदेश (अष्ट्रेलिया) जाँदा सोबाट प्राप्त भत्तालाई मेरो आम्दानीमा कायम गरिएको छैन । प्रहरी सेवामा प्रवेश गरेपछि अधिकांश सरकारी आवासमा नै बस्ने गरेको, बानेश्वरको घर निर्माणपूर्व धोवीघाटको घरमा बस्दा २ कोठामात्र आफूले प्रयोग गरी बाँकी भाडामा राखिएको र प्रहरी महानिरीक्षक भै कार्यरत् रहेको अवस्थामाबाहेक सम्पूर्ण अवधि आफ्नै घरमा बसेकाले घब बहाल रकम प्राप्त नगरेको भन्ने विपक्षी आयोगको गणना गलत छ । धुम्बाराहीस्थित भवनबाट प्राप्त गरेको बहालको रकमसमेत गणना गरिएको छैन । सोको आवश्यक प्रमाण पेस गरेको छु । जग्गा बिक्री गर्दा केही व्यक्तिलाई बारेसनामा दिएको थिएँ । सो बिक्रीबाट रू.२६ लाख ५४ हजार ९ सय ५० बुझेको हुँ । के कतिमा बिक्री गरे बारेसहरूलाई थाहा होला । १३ अगष्ट १९८६ बाट २३ अगष्ट १९८६ सम्म श्रीलंकामा सम्पन्न फरेन्सिक मेडिसिनको सम्मेलनमा भाग लिन गएकामा सो भ्रमणबापत प्राप्त भत्ता आय कायम गरिएको छैन । २०४८ भाद्र २५ गते क्यानडा जाँदा प्राप्त गरेको रू. ११ हजार ५६ प्लेन भाडा लागेको ३ हजार ९ सय ४० कट्टा गरी बाँकी रू.७ हजार १ सय १६ लाई मेरो आय कायम गरिएको छैन । जोरपाटीस्थित कि.नं.२३४, ३५०, ३४८, २७८, २७६, २७७ समेतको जम्मा ज.रो. ४–२–१–० प्रतिमहिना प्रतिरोपनी रू.१२००।– का दरले रामबहादुर श्रेष्ठलाई बहालमा दिएकामा सोबाट प्राप्त आम्दानीलाई मेरो आय स्रोतमा जोडिएको छैन । बैंकमा मेरो पत्नी र छोरा छोरीको नाममा रहेको खाताको सम्बन्धमा आयव्ययतर्फ खर्च देखाउँदा दोहोरो खर्च देखाइएको छ । २०५६।३।३० सम्म मेरो वास्तविक १ लाख २५ हजार ८ सय ७५ हुनुपर्नेमा २ लाख ३० हजार १२ देखाई रू. ९४ हजार १ सय ३७ फरक पर्ने गरी देखाइएको हिसाब गलत छ । रू. २३ हजार ६९७ लाई आय स्रोतमा दाखिला नगरी खर्च कायम गरिएको त्रुटिपूर्ण छ । ४ वर्षमा हुनुपर्ने घर निर्माण खर्चलाई १ वर्षमा पारिएको छ, यसरी बढी खर्च लेखाउने गरी झुट्टा तथ्य उल्लेख गरिएको छ । तालिका नं. २१ मा उल्लेख गरिएबमोजिम हुने वास्तविक आयव्ययको विवरण तालिका नं. ८ मा तयार गरी पेस गरेको छु । प्रमाण लगाइपाऊँ । तालिका नं. २३ मा उल्लेख गरिएको आयुष खरेलको नामको कि.नं. २३४ को १–०–१–० पत्नी मिना खरेलको नाममा बकसपत्रको लिखतबाट खरिद गरिएको हो । खरिद गर्दा लागेको मूल्य ६० हजार हो । अदालतलाई झुक्याउने नियतले खरिद गरेको मूल्यलाई नदेखाई हालको मूल्य भनी ११ लाख १७ हजार १ सय ८७ रूपैयाँ ५० पैसा देखाइएको छ । जो बदनियतपूर्ण छ । मेरो आयस्रोतअनुसार नै उक्त जग्गा खरिद गरिएको छ । तालिका नं. २३ को क्र. सं. ख मा उल्लेख गरिएको आयुष खरेलको नामको कि.नं. ३४८ ज.रो. ०–९–०–२ जग्गा र कि.नं.३५० को १–०–२–० कि.नं. २३४ को १–०–१–० जग्गा ०५० सालमा मिना खरेलले प्रभा शर्मासँग रू. १ लाख ३२ हजारमा खरिद गरेको हो । यसरी कि.नं. ३४८ को ०–९–०–२ जग्गाको मूल्य रू. २८ हजार ७ सय ६२ मात्र लागेको हो जुन मेरो आयस्रोतबाट नै खरिद गरिएको हो । तालिका नं. २३ क्र.सं. २ मा उल्लेख गरिएको जग्गा आयुष खरेलको नाममा कहिल्यै पनि थिएन । पत्नी मिना खरेलले मेरो वैधानिक आयस्रोतबाट बचत भएको रकमबाट किनेको जग्गा हो । तालिका नं. २३ क्र.सं. ३ मा उल्लेख गरिएको पत्नी मिना खरेलको नाममा रहेको चितवन नारायणगढको घरको निर्माण खर्च जम्मा रू.४ लाख हो सो घरमा कुनै फर्निचरहरू थिएन । फर्निचर र घरको मूल्याङ्कन हचुवा किसिमले बढी मूल्याङ्कन गरी आयोगले झुट्टा दाबी गरेको छ । जुन आयोगको दाबीअनुसारको निर्माण कार्य भएको छैन । २०५५।११।२५ मा नक्सा पास

गराई निर्माण सुरू गरिएको उक्त घर २०५५ सालमा बनाएको भनी मेरो २०५५ सालको खर्चमा उल्लेख गरी अदालतसमेतलाई झुक्यानमा पार्न खोजिएको छ । उक्त घरको निर्माण २०५६ सालमा सुरू गरी २०५८।०५९ सालसम्ममा निर्माण सम्पन्न गरेको हो । घर निर्माण सुरू गरेको सालमा नै मेरो आय रू. २६,११,३०९।– देखिन्छ भने अर्कोतर्फ सोभन्दा अघिल्ला वर्षहरूको मौज्दात आम्दानीसमेत गरी मेरो मौज्दात आय स्रोत रू. ७०,८२,३२०।– हुन्छ । अतः मेरो घर निर्माण गरेको सालको मितिसम्मको आयस्रोतको सीमाभित्र निर्माण गर्न पुग्ने रकम भएको हुँदा अभियोग झुट्ठा हो । सो घरको मूल्याङ्कन गर्दा घरले ओगटेको सम्पूर्ण क्षेत्रफललाई नै विपक्षीले बढी देखाई सो बढी देखाएको क्षेत्रफलको आधारलाई र सो घर निर्माण गर्दा लागेको निर्माण सामग्रीहरूको धेरै बढी मूल्य कायम गरी घर निर्माणको मूल्याङ्कन बढाएको छ । बिजुली, स्यानेटरी, साइड डेभलपमेन्ट फिनिसिङ्गबापत रू. २,३३,५३१।०७ रकम थप गरिएको छ । तर उक्त घर माटोको जोडाई भएको घर भएको, खोलाको किनारामा भएको हुनाले बालुवा र ढुङ्गा त्यही उपलब्ध भएकाले (निशुल्क) निर्माण खर्चमा कम भएको, यसरी घरको निर्माण लागत लगभग रू.४ लाख लागेकामा हाल १२,७१,४५०।४० मूल्याङ्कन गरेको ठाडै बदनियतपूर्ण छ साथै उक्त घरमा कुनैपनि फर्निचर र खास उपकरण नरहेकामा विपक्षीले बदनियत चिताई हुँदै नभएका सामानलाई काल्पनिकरूपमा रू. २,५६,१३६।११ को फर्निचर र उपकरण रहेको भनी झुट्ठा दाबी गरेको छ । हाल प्राप्त भएसम्म घरको निर्माण सामग्री खरिद गर्दाका बिलहरूका साथै उक्त भवनको लागत मूल्य व्यावसायिक ई. श्री यमुनाप्रसाद साहसमेतबाट गरेको प्रतिवेदन प्रमाणमा पेस गरेको छु। तालिका २३ को क्र.सं. ४ नं. मा उल्लिखित कि.नं. ४७४ को आयुष खरेलको नाममा कायम रहेको ०–६–०–० जग्गा मेरो भाउजू पदमा खरेलले ०५३।५।५ मा मेरी पत्नी मिना खरेललाई हालैको बकसपत्र गरिदिएको हो । कि.नं. ४३५ को आधा जग्गाको हकमा हालको मोलभन्दा ४,५०,०००।- बढी कायम गरिएको छ ।

त्यस्तै गरी क्र.सं.४(ख) मा उल्लिखित पत्नी मिना खरेलको नाममा कायम भएको कि.नं. ४७५ को क्षेत्रफल ०–६–०–० जग्गा कि.नं. ४३५ बाट कित्ता काट भै भाउजू पदमा खरेलबाट मेरो श्रीमतीले बकस पाएको हो । बकसबाट पाएको हुनाले कुनै स्रोत खुलाउनु पर्ने होइन ।

त्यस्तै तालिका २३ को क्र.सं.४ मा उल्लेख भएको छोरा आयुष खरेलको नामको क्षेत्रफल ०–१–३–० जग्गा दाजु राम खरेलबाट ०५३।५।४ मा बाटोको लागि निःशुल्क प्राप्त भएको हो, जुन लिखतमा नै उल्लेख छ । लेखनदासको गल्तीले बकसपत्र हुनुपर्नेमा राजिनामा सम्म लेखिएको हो । यसरी रू.३ लाख ५० हजार कायम गरिएको मूल्य बदनियतपूर्ण छ ।

तालिका नं. २३ को क्र.सं.४(घ) मा उल्लिखित कि.नं. ४७५ को जग्गा पूरै घर पर्दैन । कि.नं. ५७४, ४७६, ४७७ मा पर्दछ । उक्त घरको मूल्य ४६,४९,६१९।– उल्लेख गरिएको भएपनि फिनिसिङको मूल्य रू. १६ लाख मात्र रहेको । किनकि प्रहरी सेवा र यस्तै सुरक्षा निकायका उच्चतम दर्जाका अधिकृतहरूको निजी घर निर्माण गर्दा सम्बन्धित फोर्सकै प्राविधिक लगायतका सम्पूर्ण जनशक्तिले निःशुल्क सहयोग गरी काम गर्ने प्रचलन परम्परागत रूपमा रहेको हुनाले मेरो उक्त घर पनि निर्माण सामग्रीका वस्तुगतरूपमा लाग्ने खर्चबाहेक अन्य खर्च नलागि निर्माण भएको हो । त्यस्तै गरी घरमा विवाहमा प्राप्त गरेको उपहारस्वरूप आएका फर्निचर गलैंचा उपकरणसमेतलाई उच्च मूल्याङ्कन गर्दा विपक्षीको प्राविधिकले सो घर सात तलाको भनी उल्लेख गरिएको भुइँको तलामा मार्बल फिनिसिङ तथा सिमेन्ट कोठा, भर्‍याङमा मार्बल सिमेण्ट बाहिरी फिनिसिंगमा आंशिक प्लास्टर गरिएको कम्पाउन्ड वाल लगाएको भनी झुट्ठा आरोप लगाएको हो । उक्त घर तीन तलाको मात्र हो । कोरीडोरमा मात्र मार्बल भएको बाहिरी फिनिसिङ कतै प्लास्टर नगरेको, सो घरको एकतर्फ मात्र केही

भागमा मात्र कम्पाउन्डवाल लगाई ८० प्रतिशत भागमा तारवार मात्र भएको सो घर निर्माण गर्दा बिजुली, स्यानिटरी, साइट डेभलपमेन्टमा १२.५ प्रतिशत खर्च लागेको भनी उल्लेख गरिएको कुरा आफैँमा झुट्टा प्रष्ट छ । उक्त घरनिर्माण गर्दा २०५१।२०५२।०५३ सालको मेरो मौज्दात आयस्रोत नै ६५,९१,७०१।– देखिन्छ । सो आयस्रोत बाहेक ०५१ साल कात्तिक महिनामा हिमालयन बैंकबाट झिकेको रू.५,००,०००।– समेतको मेरो आयले निर्माण खर्च १६ लाख र ०५९ सालमा थप निर्माणलगायत फर्निचर उपकरणसमेत गरी रू.३,४३,०००।– लाई खाम्ने नै हुनाले मेरो विरूद्ध लगाएको अभियोग झुट्टा हो । प्रमाणको हकमा मुख्य निर्माण सामग्रीहरू केही बिलहरू र ई. को प्रतिवेदन माथि नै उल्लेख गरेबमोजिम पेस गरेको छु। त्यस्तै तालिका २३ क्र.सं. ५ क मा उल्लेख गरिएको काभ्रेपलाञ्चोक जिल्ला साठी घर गा.वि.स. वडा नं. १ को कि.नं. ४२ को २–७–०–२ रोपनी जग्गा मिति ०५४।२।५ मा छोरा आयुष खरेलको नाममा मोल रू.१४,५००।– मा खरिद गरेको हो । हालको मूल्य रू. २,०७,३७५।– भनी झुट्टा दाबी गरिएको छ । सो सँगैको कि.नं. २९६ को ज.रो. २–७–२–० को मूल्याङ्कन गर्दा १९,९३३ ।५९ कायम गरेबाट उक्त मूल्य झुट्टा हो भन्ने प्रष्ट छ । तालिका २३ को क्र. सं. ५ (ख) मा उल्लेख गरिएको काभ्रेपलान्चोक साठी घर गा.वि.स. वडा नं.१ को कि.नं.२४६ को जग्गा मिति ०५४।८।२९ मा छोरा आयुष खरेलको नाममा रू. १५ हजारमा खरिद गरिएको हो । जुन मेरो आयस्रोतको सीमाभित्र रही खरिद गरिएको छ।

तालिका नं. २३ को क्र.सं. ६ मा उल्लेख गरिएको कि.नं. २७६ को ज.रो. ०–२–२–३.५ को जग्गा मिति ०५४।११।१० मा रू. २१ हजार पाँचसयमा र कि.नं. २७७ को जग्गा ०–२–२–३.५ को जग्गा ०५४।१०।९ मा रू.२१ हजार पाँचसयमा बकसपत्रको लिखतबाट खरिद गरिएको हो । उक्त जग्गाहरू मेरा आयस्रोत भित्रै रही खरिद गरिएको हो। तालिका नं.२३ को क्र.सं.७ मा उल्लेख गरिएको चितवन नारायणगढको कि.नं. ४६३ को ज.वि.०–४–४ बिगाह जग्गा छोरा आयुष खरेलका नाउँमा मिति ०५५।८।१४ मा मोल रू. ८४,०००।– मा खरिद गरिएको हो । हचुवाको आधारमा उक्त जग्गाको मूल्य २,५२,०००।– कायम गरिएको छ। उल्लिखित सम्पत्ति आर्जन गरेको सालमा नै मेरो आय रू. ८,८८,६६९।– देखिन्छ भने अर्कोतर्फ अघिल्ला वर्षको मौज्दात आम्दानीसमेत गर्दा मौज्दात आयस्रोत रकम रू ६०,२३,४२७।– हुन्छ। अतः मेरो उक्त खरिद मिति सम्मको उक्त जग्गा खरिद गर्न सक्ने स्रोत भएकाले अभियोग झुट्टा हो।

त्यस्तै तालिका नं. २३ को क्र.सं. ८ मा उल्लिखित नेपाल प्रिन्टर्स को–अपरेटिभ लि.को १०० कित्ता शेयर मिति ०५५।१०।१७ मा मोल रू. १ लाखमा खरिद गरीएको हो उक्त सम्पत्ति आर्जन गरेको सालमा नै ८,८८,६६९।– देखिन्छ भने अर्कोतर्फ अघिल्ला वर्षहरूको मौज्दात आम्दानीसमेत गर्दा मेरो आयस्रोत करिब रू. ६०,२३,४२७।– हुन्छ । अतः मेरो उक्त खरिद मितिसम्मको आयस्रोतको सीमाभित्र उक्त शेयर खरिद गर्न पुग्ने रकम भएको हुँदा अभियोग झुट्टा हो।

तालिका नं. २३ को क्र.सं. ९ मा उल्लेख गरिएको ओम हस्पिटल एन्ड रिसर्च सेन्टरमा लगानी गरेको रू.१०,००,०००।– को शेयर ०५९।८।३ मा खरिद गरेको हो । उक्त शेयर खरिद गरेको सालमा नै मेरो आय रू. २६,११,३०९।– देखिन्छ भने अर्कोतर्फ अघिल्लो वर्षहरूको मौज्दात आम्दानीसमेत गर्दा मेरो मौज्दात आयस्रोत ७०,८२,३२०।– हुन्छ । अतः मेरो उक्त खरिद मितिसम्मको आयस्रोतको सीमाभित्र हुन्छ । शेयर खरिद गर्न पुग्ने रकम भएको हुँदा अभियोगपत्र झुट्टा हो।

त्यस्तै तालिका नं. २३ को क्र.सं. १० मा उल्लेख गरिएको चितवन नारायणगढको कि.नं. ५१३ को ज.वि. ०–५–७.५ को जग्गा छोरा आयुष खरेलको नाममा मिति ०५७।२।१ मा मोल रू.१,०७,५००।– मा खरिद गरेको हो । हचुवा आधारमा उक्त जग्गाको मूल्य ३,२२,५००।– कायम गरिएको छ। उक्त सम्पत्ति

आर्जन गरेको समयमा मेरो आय रू.४३,४८,१७८।– देखिन्छ भने अर्कोतर्फ सोभन्दा अघिल्ला वर्षको मौज्दात आम्दानीसमेत गरी मेरो मौज्दात आयस्रोत करिब रू.८०,७५,१८८।– हुन्छ। तालिका नं.२३ को क्र.सं.११ मा उल्लेख रहेको छोरा आयुष खरेलका नाममा रहेको बैंक अफ काठमाडौंमा रहेको शेयर थान १००० भनी उल्लेख गरिएको थान १००० नभै १३०० एकै पटक मिति ०५९।४।१३ मा खरिद गरिएको हो, सोको प्रति एकाई मूल्य रू. २३४।– का दरले खरिद गरेको हुँदा १०००।– थानको मोल रू. २,३४,०००।– मात्र परेको हो। हचुवा तवरले आरोप लगाउने प्रयोजनका लागि मात्र झुट्ठा व्यहोरा उल्लेख गरी ९,५०,०००।– कायम गरेको छ, सो झुट्ठा हो। उक्त शेयरहरू खरिद गरेको सालमा नै मेरो आय रू. १०,९२,८२९।– देखिन्छ भने अर्कोतर्फ अघिल्ला वर्षहरूको मौज्दात आम्दानीसमेत गर्दा मेरो मौज्दात आयस्रोत करिब रू. ९९,४७,४१८।– हुन्छ। अतः मेरो उक्त खरिद मितिसम्मको आयस्रोतको सीमाभित्र उक्त शेयरहरू खरिद गर्न पुग्ने रकम भएको हुँदा अभियोग झुट्ठा हो। उक्त शेयर खरिद गर्दाको मूल्य प्रमाण र खरिद मिति प्रमाणको रूपमा बैंक अफ काठमाडौको मिति ०६१।५।८ को पत्रको फोटोकपी र रकम बुझाएको रसिदको फोटोकपी पेस गरेको छु।

त्यस्तै तालिका नं. २३ को क्र.सं. १२ मा उल्लेखगरेको छोरा आयुष खरेललाई दिएको भनेको नगद रू.१२,००,०००।– भनेको पारिवारिक हिसाबको क्रममा निजको जिम्मामा रहेको देखिएको हो। मैले निजलाई कुनै नगद रूपैयाँ दिएको होइन, सो १२ लाखलगायत म अच्युतकृष्ण खरेलसँग चार लाख, मीना खरेलसँग सात लाख पनि हर हिसाबमा मात्र देखाएको हो वास्तवमा उक्त रकम हामी कसैसँग रहेको छैन। हिसाबमा मात्र देखिएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरेको बयानको अन्तिम बुँदामा प्रष्ट पारेकामा आयोगले मेरो र श्रीमतीको हकमा स्वीकार गरी छोरा आयुष खरेलसँग रहेको भनिएको रकममा भने पूर्वाग्रही भएर हुँदै नभएको रकम देखाई दाबी लिएको झुट्ठा हो।

तालिका नं.२३ को क्र.सं.१३ मा उल्लेख गरिएको मिना खरेलका नाउँमा खरिद गरेको बचतपत्र पत्नी मीना खरेलकी आमा बुद्ध माया रिजालले दाइजो स्वरूप रू.८ लाखमा खरिद गरी दिएकी हुन्। बिक्री गरी प्राप्त भएको उक्त शेयर भाइ उत्तम खरेलसँग २०५६ सालमा लिएको सापटी ऋण तिरेको हो। हाल उक्त बचत पत्र मेरो परिवारको नाममा कायम छैन।

तालिका नं. २३ क्र.सं. १४ मा उल्लेख भएका US$ ११०० मेरो छोरा आयुष खरेल ०५६ सालमा विदेश जाँदा सटही सुविधामा खरिद गरेको हो। उक्त डलर खरिद गर्दा नै मेरो सो वर्षको आय २६ लाख ११ हजार तीन सय नौ रूपैयाँ थियो। जुन अघिल्ला वर्षको आम्दानी मौज्दातसमेत गर्दा मेरो आय रू. ७० लाख ८२ हजार ३ सय २० हुन्छ जुन मेरो बैध आयस्रोतबाटै खरिद गरेको हो।

मेरो अंशभागमा परेको काठमाडौं म.न.पा. वडा नं. ३३ घ को जग्गा र सोमा बनेको घर मैले अंश हक छोडपत्रको कागज गरी दिएकाले भाउजू पदमा खरेलले का.जि. भिमसेनगोला वडा नं.३ का.जि. नं. ०–७–०–० जग्गा मलाई बिना मूल्य हस्तान्तरण गरी दिएको हो। जसलाई रू. १४,०००।– मा खरिद गरेको भनी तालिका नं.२१ प्रकरण ४ को ख मा उल्लेख गरिएको बदनियतपूर्ण छ। मेरो सम्पूर्ण घरको मूल्याङ्कन अस्वाभाविक र अमिल्दो तरिकाले गरिएको छ। मेरो बानेश्वरको घर दाजु रामकृष्ण खरेलसँग मेरो धोबीधाराको घर जग्गासँग साट्ने गरी २०४१ सालमा भुइँतल्ला पूरा गरी मेरो नाममा हस्तान्तरण भएको हो। उक्त घरको दुई तल्ला निर्माण गर्दा रू. ८०,०००।– लागत लागेको हो। यसरी घर निर्माण गर्दा जम्मा रू. २,२०,०००।– लागेकामा विपक्षी आयोगले रू. ६,३६,४७४।– खर्च देखाएकामा त्रुटिपूर्ण छ। त्यसै गरी घरमा रहेको फर्निचरलगायत अन्य भौतिक सामानको मूल्याङ्कन हचुवा भरमा मनोमानी किसिमले गरी रू. ५,०५,८६२।– देखाइएको छ। मेरो सुरक्षार्थ खटाइएका सुरक्षाकर्मीका लागि प्रयोग गर्न मेरो घरमा

रहेको सरकारी स्टिल दराजलाई जबर्जस्ती मेरो हो भनी रू. ३,५००।– मूल्याङ्कन गरिएको छ।

घरमा रहेका टेलिभिजनलगायत फर्निचरका सामानहरू कुनै विवाहमा प्राप्त भएका कुनै छोरीको विवाहमा उपहारको रूपमा प्राप्त भएका सामानहरू छोरीको घर बनी नसकेकाले मेरो घरमा रहेको हो, सो कुरालाई कुनै विचारै नगरी मूल्याङ्कन गरिएको हो। २०५१ साल कात्तिक १३ देखि ऋण लिन सुरू गरेको हुँ। धुम्बाराहीको घर निर्माण गर्दा पहिलेदेखि मौज्दात रहेको रूपैयाँ र बानेश्वरमा रहेको घर हिमालयन बैंकमा धितो राखी रू. ५ लाख झिकेको हो, जुन घर निर्माणमा खर्च भएको हो। मेरा भान्जामार्फत होटल व्यवसाय सञ्चालन गर्दै आएका प्रमोद शर्माको प्रस्तावअनुसार बैंकबाट विभिन्न समयमा ऋण झिकेर रू. १० लाख प्रतिलाखको प्रतिमहिना रू.३ हजारका दरले ब्याज दिने गरी निजलाई लगानी गरेको हो। यसरी समयसमयमा प्राप्त गरेका रकमलाई बैंकमा जम्मा गरेको हो। पुनः ऋण झिकी पुरानै सर्तअनुसार थप रू.९ लाख लगानी गरेको हो। बैंकबाट नै ऋण लिई ०५६।११।२० मा रू.२४ लाख २०५७ साल माघ २० सम्मको लागि प्रतिलाख रू.२० हजार दिने सर्तमा ०५६।११।२० मा यज्ञप्रसाद बजगाईलाई लिखत सम्झौता गरी दिएको हो। सोबाट प्राप्त प्रतिफल र नाफा भएको अवस्थामा आफ्नो अन्य आयबाट बैंकमा ब्याज बुझाउँदै गरेको बैंकलाई १७,१८ प्रतिशत ब्याज बुझाउँदा पनि सोबाट राम्रो आय भएको हो। गोर्खा फाइनान्सबाट रू.२० लाख ऋण लिई बाहिर लगानी गरेको। सोबाट प्राप्त प्रतिफल र हिमालयन बैंकबाट ऋण लिई सोबाट प्राप्त प्रतिफलबाट विभिन्न बैंकको ऋण चुक्ता गरेको हो। ऋण लिई ब्याज साँवासमेत चुक्ता गर्दा सोबाट मलाई रू.१४ लाख बचत भएको हो। चितवन र धुम्बाराहीको घर निर्माण गर्दा वस्तुगतमात्र खर्च लागेको हो।

चितवनलगायत ३ वटा घर निर्माण गर्दा आयोगले रू. ८४ लाखभन्दा बढी मूल्य पर्ने भनी देखाएको छ। जुन फर्निचरसमेत गर्दा जम्मा रू. ६६ लाख जतिमात्र हुन्छ। चितवन, काठमाडौं र काभ्रेमा रू. १ करोडभन्दा बढीको जग्गा खरिद गरेको भन्ने उल्लेख गरिएको छ। तर मैले मेरो जीवनकालमा जग्गा खरिदमा रू. १६ लाख जति मात्र खर्च गरेको छु। विभिन्न बैंक खाताहरूमा मेरो परिवारको सदस्यको नाउँमा १ करोडभन्दा बढी रकम जम्मा रहेको र लाखौँ रकम मौज्दात रहेको भनी उल्लेख गरिएको छ। बानेश्वरको घर बिक्रीबाट प्राप्त ४५ लाख रकम र सञ्चयकोषबाट रकम झिक्नु पूर्व ७० लाख ५० हजारभन्दा बढी रकम जम्मा भएको छैन। बानेश्वरको घर बिक्रीपछिमात्र सो खातामा रकम जम्मा भएको हो। विपक्षीले अमिल्दो र उच्च जीवनस्तर बिताएको भने तापनि सामान्य मध्यम परिवारको व्यक्तिसरह जीवनयापन गर्दै आएको छु। सरकारी सेवामा प्रवेश गरेको २७ वर्षसम्म पनि निजी सवारी साधन खरिद गरेको थिएन। विद्युतीय सुविधाका साधन टेलिभिजन, फ्रिज जस्ता सामानमात्र प्रयोग गरेको, अमिल्दो किसिमले कसैलाई दान दातव्य पनि नदिएको अवस्थामा मैले अमिल्दो जीवनस्तर व्यतित गर्‍यो भन्ने आयोगको पूर्वाग्रही भावनामात्र हो।

२०१७।१८ सालसम्म करिब २०० बिगाहा जति जमिन तराईमा रहेको पलान्चोक भगवती मन्दिरको सुनको छाना र गजुर मेरो हजुरबुबाले चढाएको, जमिन्दारी परिवार हो, मेरा चार पुस्ता सरकारी सेवामा रहेकाले बिर्ता र जमिन्दारी पाएको, मेरो विवाह विराटनगरका सम्पन्न रिजाल परिवारमा भएको हो, मेरो सासु ससुराले छोरीलाई दिएको सम्पत्ति जनही १५,२० लाख जति छ। अख्तियारमा गरेको बयान सुनाउँदा सुनेँ, म मानसिक तनावमा भएका कारण तथ्यहरू फरक छन्। मेरो आयस्रोतभित्रको सम्पूर्ण सम्पत्तिहरू आयस्रोतभित्रकै देखिने र सोबाहेकको आयस्रोतमा बढी आर्जन गरेको नदेखिने, विपक्षीले आयोग पूर्वाग्रहीरूपमा हचुवा तवरले बढी मूल्याङ्कन गरी मेरो वैध आयस्रोतलाई अवैध आयस्रोत भनी दायर गरेको आरोपपत्र झुट्टा भएकाले अभियोग दाबीबमोजिम सजाय हुने र सम्पत्ति जफत हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी अच्युतकृष्ण खरेलले विशेष अदालतमा गरेको बयान।

प्रतिवादी मीना खरेलले विशेष अदालतमा गरेको बयान :

विपक्षी आयोगले तालिकामा आय व्ययको लेखाजोखा राख्दा वैध आयलाई अवैध बनाउने प्रयोजनका लागि पूर्वाग्रहीरूपमा राखेको छ । २०५५ सालबाट भएको पढाइ खर्चलाई २०५३ साल, २०५७ सालमा किन्दै नकिनेको शेयरलाई खर्च देखाएर अन्य वैध सम्पत्तिलाई अवैध देखाउने बदनियतपूर्ण कार्य गरेको छ । मेरो नाममा रहेका सम्पत्तिको स्रोत र वैधताबारे मेरो श्रीमान्‌ले आफ्नो बयानमा उल्लेख गरी सक्नुभएको छ । जुन सत्य साँचो हो । मेरो विवाह २०३२ सालमा हुँदा ३५ तोला सुनका गहना, चाँदीका गहना र भाँडाकुँडा २०/३० किलो, हिरा, मोती मुगा जडित औंठी गहना ८ जोर, मास्टर बेडरूममा रहेका ठूलो गलैँचा, ठूलो पलङ्ग, टेबुलसहितको सोफा सेट, जुत्ता राख्ने र्‍याक, लुगा राख्ने क्याबिनेट, भेनिस्टाले बनेको दराज २ वटालगायत गोडधुवामा नगद रू. २५,०००।– समेत मेरो विवाहमा प्राप्त भएको हो । मेरो माइती आर्थिक दृष्टिकोणले अति सबल भएकाले प्रत्येक वर्षको तीजमा रू. ३,०००।– प्रत्येक दशैमा रू. ५,०००।– मेरो विवाहपछि माइतीबाट मैले प्राप्त गरिरहेकी छु । छोरीको पास्नी, मुख हेर्ने चुडाकर्ममा नगद रू. २०,०००।– ४ तोला गरगहना माइती र अन्य नातागोताबाट प्राप्त भएको हो । समय समयमा माइती र नाता गोताबाट नगदहरू प्राप्त हुने गर्दथ्यो, जुन छोराछोरीको खातामा जम्मा गर्ने गरिन्थ्यो । २०५७ सालमा खरिद गरेको राष्ट्रिय ऋण बचतपत्र मेरो बुबा आमाले दिएको रूपैयाँबाट खरिद गरेको हो । हामी ४ बहिनीमध्ये कान्छी बहिनीलाई नगद रूपैयाँ दाइजोको रूपमा बुबा आमाले दिनु भएको हो । मलाई २०४२ सालमा करिब १ लाख ५० हजार, २०४९ सालमा १ लाख ७५ हजार, २०५३ सालमा २ लाख ५० हजार, २०५६ सालमा आमा आफैँ काठमाडौं आएर बस्दा रू. २ लाख ५० हजार दिनु भएको थियो । यसरी माइतीबाट पटकपटक प्राप्त रूपैयाँले मैले रू.८ लाखको बचतपत्र किनेको हो । डाइनिङ्ग चेयर (खुट्टा नभएको) थान ४ र फ्रिजसमेत मैले माइतीबाट प्राप्त गरेको हो । यसरी पटकपटक माइतीबाट मैले २०६० सालसम्म कूल रू.१० लाख ८६ हजार नगद प्राप्त गरेकी छु । हाम्रो सम्पत्ति वैध सम्पत्ति हो । जुन मेरो श्रीमान्‌ले अदालतमा गरेको बयानबाट प्रष्ट छ, प्रमाण लगाई पाऊँ । तालिका नं. २३ क्र.सं. ४क उल्लेख गरिएको आयुष खरेलका नाउँको कि.नं. ४७४ ज.रो.०–६–०–० कि.नं. ४३५ बाट कित्ता काट भै आएको उक्त जग्गा मेरी जेठानी दिदीबाट २०६३।५।५ मा मैले बकसपत्र पाएको हुँ । जुन जग्गाको मूल्य १२ लाख भनी दाबी लिएको छ, बकसपत्रबाट पाएको जग्गा भएकाले त्यसमा हाम्रो कुनै लगानी लागेको छैन । प्रहरी परिवार महिला सङ्घकी अध्यक्षको हैसियतमा २५ सेप्टेम्बरदेखि २९ सेप्टेम्बर २००० मा ६ दिने ड्रग्ससम्बन्धी कन्फ्रेन्समा इटलीमा भाग लिन जाँदा २२० अमेरिकी डलर बचत भएको हो, हाम्रो सम्पत्ति वैध भएको कुरालाई पनि अच्युतकृष्ण खरेलको बयानबाट प्रष्ट भएकाले प्रमाण लगाई पाऊँ, पूर्वाग्रहीरूपबाट धेरै मूल्याङ्कन गरी अवैध देखाउन खोजेको विपक्षी आयोगको दाबीबमोजिम सम्पत्ति जफत हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी मीना खरेलको बयान ।

प्रतिवादी आयुष खरेलले विशेष अदालतमा गरेको बयान :

भएको आयलाई नदेखाई बढी मूल्याङ्कन गरी कम खर्चलाई बढी खर्च देखाई मुद्दा दायर गरिएको छ । जुन झुट्टा हो । मेरा वि.डि.एस. ४ वर्षे कोर्षलाई ७ वर्षे देखाइएको छ । त्यस्तै २०५९ सालमा बैंक अफ काठमाडौँबाट शेयर खरिद गरेकामा ०५७ सालमा खरिद गरिएको भनिएको छ । मैले कुनै पनि जग्गा जमिन बिक्री नगरेकामा कि.नं ३४८ र २७८ को जग्गा मैले बिक्री गरेको भनी दाबी लिएको बदनियतपूर्वक छ । दाबी लिएका सम्पत्तिको स्रोतको सम्बन्धमा बुबा अच्युतकृष्ण खरेल र आमा मीना खरेलको बयानबाट खुलेको नै छ । कि.नं. १४१ को ज.रो.१–५–०–० मध्ये ०–१०–१–० मुकुन्दप्रसाद

चापागाईबाट रू. ३१ हजारमा बुबाले खरिद गर्नुभएको हो । जुन जग्गा ०५० सालमा २,२४,३००।–लिई बुबाले थुनतेन उक्यापलाई बकसपत्र गरी दिनुभएको हो । डिल्लीबजारको बैंकमा रहेको मेरो नाउँको खाता मेरो बुबा आमाले म सानै छँदादेखि खोलिदिनुभएको हो । दशैं तिहारमा मावलीबाट पाएको दक्षिणाहरू मेरो बकस आदि रकम सो खातामा जम्मा गरेको हो । मेरो खातामा रहेको रकम पिताजीको आर्जनभित्र पर्दैन । पटकपटक सो खाताबाट झिकिएको रकमलाई आम्दानीको रूपमा राखिएको छैन, बुबाबाट प्राप्त गरेको भनेको रू. १२ लाख कहिले पनि प्राप्त गरेको छैन । अंशबन्डा गर्दा आमा र मेराबीच नरमगरम मिलाई रू. १२ लाख मलाई दिएमा भविष्यमा पिताजीको सम्पत्ति बेचबिखन भएको अवस्थामा दिने वचन मात्र परेको हो। बैंक अफ काठमाण्डुबाट शेयर थान १ हजार २०५९ सालमा पिताजीले खरिद गर्नु भएको हो। कि.नं. २३४ ज.रो.१–०–१–० जग्गा मैले अंशबापत प्राप्त गरेको हुँ। २०५० सालमा आमा मीना खरेलको नाउँमा बकसपत्र लिखत गर्दा लागेको रू. ५१,२२०।– मात्र हो। कि.नं. ३४ड को जग्गा मेरो होइन। मेरा नाउँको कि.नं. ४७४ को ज.रो.०–६–०–० जग्गा कि.नं.४३५ बाट कित्ता काट भै आएको हो, जुन मेरो साहिँली आमा पदमा खरेलबाट कुनै पनि पैसा खर्च नगरी बकसपत्रबाट प्राप्त गरेको हो । यसरी कि.नं.४७४ को जग्गा मेरो नाउँमा अंशबन्डाबाट प्राप्त भएको हो । कि.नं. ४३१ को ज.रो.०–१–३–० जग्गा मेरो बुबाले आफ्नो दाजु राम खरेलबाट ०५३।५।४ मा बाटोको लागि निःशुल्क पाउनुभएको हो। जुन अंशबन्डाबाट मेरो नाउँमा कायम छ । कि.नं. ४२ को २–७–२–० कि.नं. २९६ को २–१३–२–१ जग्गा एउटैमा जोडिएका जग्गा हुन् । एउटै ठाउँको एउटैमा जोडिएको जग्गाको मूल्याङ्कन कसैको अत्यधिक बढी र कसैको अत्यधिक कम गरेको छ । जुन दुवै जग्गा रू.२९,५००।– मा पिताजीले खरिद गर्नुभएको हो। स्रोतको हकमा पिताजीले आफ्नो बयानमा खुलाइसक्नुभएको छ। कि.नं. २७६ र कि.नं. २७७ को जग्गा बकसपत्रको लिखत पारित गरी मेरो बुबाले खरिद गर्नुभएको हो । खरिद गर्दा स्रोतको सम्बन्धमा पिताजीले बयानमा उल्लेख गर्नुभएको छ। प्रमाण लगाई पाऊँ। नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्समा रहेको १०० कित्ता शेयर रू. १,००,०००।– को पिताजीले खरिद गरी दिनु भएको हो। ओम हस्पिटल एन्ड रिसर्च सेन्टरमा लगानी गरेको रू. १० लाखको शेयर २०५६।८।३ मा पिताजीले खरिद गरी दिनु भएको हो। उक्त शेयर खरिद गर्दा काका नाताका उत्तम कृष्ण खरेलसँग सापटीसमेत लिई खरिद गर्नु भएको हो । चितवन नारायणगढको कि.नं. ५१३ को जग्गा २०५७ सालमा मेरो पिताजीले १ लाख ७ हजार ५ सयमा खरिद गरेको जग्गालाई रू. ३,२२,५००।– भनी हचुवा किसिमले दाबी लिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बढी मूल्याङ्कन गरी बैध सम्पत्तिलाई अवैध बनाउने प्रयास गरी वैधरूपमा आर्जित सम्पत्ति जफत गरिपाउँ भनी लिएको दाबी पूर्वाग्रही भएकाले वैध सम्पत्तिलाई जफतको विषय बनाउनु पर्ने होइन। तसर्थ सम्पूर्ण चलअचल सम्पत्ति फिर्ता पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका आयुष खरेलले विशेष अदालतमा गरेको बयान।

साक्षीहरूको बकपत्र :

आरोपपत्रमा उल्लिखित घर जग्गा मूल्याङ्कनकर्तालाई विशेषज्ञको रूपमा बुझ्नु पर्ने देखिँदा निजहरूलाई महान्यायाधिवक्ताको कार्यालय विशेष शाखामार्फत झिकाई र प्रतिवादीहरूले बयान गर्दा बुझी पाउँ भनी बयानको प्रमाण खण्डमा उल्लिखित साक्षीहरूलाई प्रतिवादीहरूमार्फत झिकाई बुझ्न नियमानुसार गरी पेस गर्नु भन्ने विशेष अदालतको मिति २०६१।८।२५ को आदेशअनुसार प्रतिवादीका साक्षीहरू माधवराज शर्मा, धर्म नारायण यादव, परमेश्वर यादव, ढकाई साहु हलवाई, प्रदीपमणि रेग्मी, सूर्यनारायण यादव, यज्ञप्रसाद बजगाई, उमेश सिं भण्डारी, माधव शर्मा, बोधप्रसाद उप्रेती, माधवप्रसाद खतिवडा, दीपप्रसाद उप्रेती, प्रमोद शर्मा, केसवानन्द खरेल, उत्तमकृष्ण खरेल, भरत कोइराला, मुक्तिभक्त

उप्रेती, यमुनाप्रसाद शाह, खिलप्रसाद उप्रेतीले र वादी पक्षका विशेषज्ञ साक्षीहरू शिवराज पौडेल, सुवास बस्नेत, पुस्करप्रसाद पोखरेल तथा चिरन्जीवी चटौतले यस अदालतमा गरेको बकपत्र।

विशेष अदालतको मिति २०६३।११।२४ को फैसलाः

तत्काल लागू रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र मुद्दा चलाइसक्नुपर्ने छ भनी निर्दिष्ट गरेको एकवर्षको हदम्यादसमेत नघाई मिति २०६१।४।३२ मा दायर गरेको प्रस्तुत मुद्दाको आरोपपत्र खारेज हुने ठहर्छ भन्नेसमेत विशेष अदालत, काठमाडौंको मिति २०६३।११।२४ को फैसला।

विशेष अदालतको मिति २०६३।११।२४ को फैसलाउपर आयोगको तर्फबाट वादी नेपाल सरकारको पुनरावेदनपत्र :

साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा २०५९।४।३० मा संशोधन हुनुपूर्वको दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्ने सम्बन्धमा तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय सीमासम्म हो। साबिक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लिखित समयसीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरिसक्नुपर्ने बाध्यता थियो। तर भ्रष्टाचार निवारण ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा दोस्रो संशोधन भएपछि सो समयसीमा हटिसकेको छ। कानूनले नै मुद्दा दायर गर्ने हदम्यादको समयसीमा हटाइसकेपछि प्रतिवादीका विरूद्ध आरोपपत्र दर्ता गर्न पुरानो ऐनको हदम्याद नै लागू हुने भन्ने अर्थ गरी आरोपपत्र खारेज गर्ने गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६४।२।१ यस अदालतमा दायर भएको पुनरावेदनपत्र।

सर्वोच्च अदालतको मिति २०६८।७।२५ को फैसलाः

हदम्यादको आधारमा मुद्दा खारेज गरेको विशेष अदालतको फैसला बदर हुने हुँदा प्रमाणको आधारमा पुनः इन्साफ गर्नु भन्ने व्यहोराको सर्वोच्च अदालतको मिति २०६८।७।२५।६ को फैसला।

विशेष अदालत काठमाडौंको २०६८।१२।२२ को फैसला

प्रतिवादी अच्युतकृष्ण खरेलले विभिन्न शीर्षकमा गरेको कूल खर्चको रकम देहायमा उल्लेख भएबमोजिम रू. १,८९,५८,३१६।९२ भएकाले सो रकम निजको खर्च कायम गरिएको छ।

जाँच अवधिमा भएको खर्च वा व्ययको विवरण

| क्र.सं. | व्ययको शीर्षक | प्रतिवादीले वास्तविक लागत भनी गरेको दाबी | आयोगबाट कायम मोल | यस अदालताट मान्यता दिएको मोल |
|---|---|---|---|---|
| १ | जग्गा खरिद | ११,१२,२००।– | १,७२,८०,६९३।९३ | १५,४७,२००।– |

| | | | | |
|---|---|---|---|---|
| २ | बानेश्वरस्थित घर,निर्माण,फर्निचर,विद्युतीय सामाग्रीसमेत | २,२०,०००।– | ६,३६,४७४।– | ५,२७,२६४।७५ |
| ३ | धुम्बाराहीस्थित घर निर्माण,फर्निचर विद्युतीय सामाग्रीसमेत | १७,७५,०००।– | ३९,६७,०३२।२० | ३०,३८,०६७।१६ |
| ४ | भरतपूरको घर | ४,००,०००।– | १२,७१,४५०।– | १०,१७,१६०।३२ |
| ५ | सवारी साधन खरिद | ५,८३,१५१।– | ५,८३,१५१।– | ५,८३,१५१।– |
| ६ | बैंक मौज्दात | १८,०४,९४३।३६ | २२,४७,५४९।६९ | २२,४७,५४९।६९ |
| ७. | शेयर लगानी | १७,४८,१८०।– | २५,६१,९८०।– | २५,६१,९८०।– |
| ८ | छोरीको विवाह खर्च | ४,००,०००।– | ४,००,०००।– | ४,००,०००।– |
| ९ | छोरालाई दिएको नगद | ० | १२,००,०००।– | १२,००,०००।– |
| १० | छोरी चाँदनी खरेलको पढाइ खर्च | ९६,०००।– | ९६,०००।– | ९६,०००।– |
| ११ | छोरा आयुष खरेलको पढाइ खर्च | ६,४०,०००।– | ११,२०,०००।– | ६,४०,०००।– |
| १२ | स्वयकर घोषणा गरी तिरेको रकम | ० | ० | १,८२,०००।– |
| १३ | गोरखा फाइनान्सबाट लिएको कर्जा भुक्तानी गरेको | २०,००००००।– | २०,००,०००।– | २०,००,०००।– |
| १४ | बचतपत्र खरिद | २७,९५,०००।– | २७,९५,०००।– | २७,९५,०००।– |
| १५ | औषधोपचार र आर्थिक सहायताबापत प्राप्त रकम खर्च | १,२२,९४४।– | १,२२,९४४।– | १,२२,९४४।– |
| | जम्मा | १,३६,९७,४१८।३६ | ३,६२,८२,२७४।८२ | १,८९,५८,३१६।९२ |

माथि उल्लेख भएबमोजिम जाँच अवधिभित्र प्रतिवादीको कूल खर्च (व्यय) रकम १,८९,५८,३१६।९२. भएको देखियो।

जाँच अवधिभित्र प्रतिवादी अच्युतकृष्ण खरेलले गरेको आर्जन गरेको आय निम्नानुसार कायम हुन आयो।

जाँच अवधिभित्र भएको आय विवरण

| क्र.सं. | आयको शीर्षक | प्रतिवादीको माग रकम | आयोगबाट प्रदान भएको रकम | यस अदालतबाट मान्यता दिएको मोल |
|---|---|---|---|---|
| १ | बानेश्वर घरभाडा | १९,३९,५००।– | ० | ५४,०००।– |
| २ | धुम्बाराही घरभाडा | ११,२०,०००।– | ० | ११,२०,०००।– |
| ३ | धोबीधारा घरभाडा | १,१६,२४०।– | ० | ० |
| ४ | जोरपाटी जग्गाभाडा | १,२०,०००।– | ० | ० |
| ५ | तलब ग्रेड सञ्चित बिदा दशै खर्चसमेत | ३३,६२,२२७।८७ | १२,१७,५७२।– | १५,५५,३०८।– |
| ६ | प्रहरी भर्ना गर्ने क्रममा प्राप्त | | | १२,५१५।– |
| ७क | विदेश भ्रमणबाट आय | ६,७२,६९९।३४ | ३,६१,८१५।८४ | ३,७९,८२८।६४ |
| ७ख | स्वदेश भ्रमणबाट आय | | ० | ९०,०११।३९ |

| | | | | |
|---|---|---|---|---|
| ७ग | प्रशिक्षण भत्ता | | ० | ३,८०६।६५ |
| ७घ | स्थानीय भत्ता(दिपायल) | | ० | २२,३६०।८० |
| ७ङ | मँहगी भत्ता | | ० | ८,४६०।– |
| ८ | कृषि आय (सप्तरी नर्घो को कृषि,आँप खेती काभ्रे र चितौनको जग्गाको कृषिबापत) | ४४,७७,१०६।– | ४,४५,५९२।– | १३,३६,४१३।१६ |
| ९ | व्यक्तिगत ऋण सापटी | ११,००,०००।– | ० | ० |
| १० | जग्गा बिक्रीबापत (सप्तरी नर्घौं, काठमाडौंको घर जग्गा) | ९८,५१,४४०।– | ४९,७२,५१५।– | ७४,९०,४९०।– |
| ११ | जीवन बीमा रकम | १,०८,४६४ | ० | ५४,२३२।– |
| १२ | लर लगानीबाट भएको आय | ९,४०,२६६।– | ० | ० |
| १३ | छोरीको आर्जन | ५,७२,५५७।– | ० | ५,७२,५५७।– |
| १४ | भन्सार कमिसन | ७,१८२।– | ० | ७,१८२।– |
| १५ | बैंक ब्याज र लाभांशबाट भएको आय | ७,७३,६६२।३० | ० | १,८५,७३२।९२ |
| १६ | पत्नी मीना खरेलले माइतबाट पाएको जग्गा बिक्रीबाट | ९७,०००।– | ० | ९७,०००।– |
| १७ | मीना खरेलको पेवा टीका टालो अन्य दक्षिणाबाट भएको आय | १२,०७,२८०९।– | ० | १,००,०००।– |
| १८ | सञ्चयकोषबाट प्राप्त | ८,२६,२६०।२१ | ८,२६,२६०।२१ | ८,२६,२६०।२१ |
| १९ | पेन्सन | ३,९२,६४१ | ० | ३,९२,६४१।– |
| २० | अंशमा नगद प्राप्त | २,००,०००।– | ० | ० |
| २१ | गोरखा फाइनान्सको ऋण | २०,००,०००।– | २०,००,०००।– | २०,००,०००।– |
| २२ | बचतपत्र बिक्री | २७,९५,०००।– | ० | २७,९५,०००।– |
| २३ | औषधोपचार र आर्थिक सहायता | १,२२,९४४।– | १,२२,९४४।– | १,२२,९४४।– |
| | जम्मा | ३,२८,०२,४६९।७२ | ९९,४६,६९९।०५ | १,९२,२६,७४२।७७ |

जाँच अवधिभित्र प्रतिवादी अच्युतकृष्ण खरेलको स्रोत खुलेको वैध पारिवारिक आय १,९२,२६,७४२।७७ भएको देखिन्छ भने सोही अवधिभित्रको निजको खर्च (व्यय) १,८९,५८,३१६।९२ भएकाले खर्चभन्दा आय रू २,६८,४२५।८५ बढी भएकाले प्रतिवादीको वैध आर्जनभन्दा बढी रकमको सम्पत्ति भएको दाबीको पुष्ट्याइँ नभएको हुँदा प्रतिवादी अच्युतकृष्ण खरेल, मीना खरेल र आयुष खरेलले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको अभियोग दाबी पुग्न सक्दैन भन्नेसमेत व्यहोराको विशेष अदालतको मिति २०६८।१२।२२ को फैसला ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट वादी नेपाल सरकारको यस अदालतमा दायर भएको पुनरावेदनपत्रको व्यहोराः–

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्ति गणना एवम् स्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा सेवा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्ति यकिन गरी सो सम्पत्ति र ततपश्चात् निजलाई वैधानिकरूपमा प्राप्त आयबाट खर्च कटाई खुद बचतका सम्बन्धमा स्रोत पुष्टि हुन सक्छ सक्दैन

भनी सम्पत्ति आर्जन गर्दाको समयक्रमका हिसाबले विश्लेषण एवम् परीक्षण गर्नुपर्नेमा विशेष अदालतले प्रतिवादीको सम्पत्तिको स्रोतको परीक्षण तथा विश्लेषण आत्मनिष्ठरूपमा गरिएको छ। अभियोगपत्रको तालिका नं. २२ मा प्रतिवादीको स्रोत खुलेको सम्पत्तिको विवरण र तालिका नं. २३ मा स्रोत नखुलेको सम्पत्तिको विवरण स्पष्ट उल्लेख गरिएकामा यसतर्फ विचारै नगरी बिगोको अङ्कलाई ठुलो देखाउने दुष्प्रयत्न गरेको भनी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ। गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर विशेष अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अङ्कित मूल्यलाई आधार मानी बिगो कायम गरिएको कानूनसम्मत छैन । प्रतिवादीको काठमाडौं महानगरपालिका, वडा नं. २३(च) कि.नं. ४३१ मा बनेको घर, वडा नं. ३४ हालको वडा नं. १० कि.नं. २५९ मा बनेको घर र चितवन नारायणगढको कि.नं. १४ को जग्गामा बनेको घर तथा फर्निचरबापतको रकम सम्बन्धमा आयोगबाट कायम गरिएको निर्माण लागत कूल ७८,९६,०२०।६७ दाबी गरिएकामा विशेष अदालतबाट रू ४२,३०,४४८।७३ मात्र कायम गर्ने गरी भएको फैसला बदरभागी छ।

प्रतिवादी अच्युतकृष्ण खरेलको छोरा आयुष खरेलको पढाइ खर्चका सम्बन्धमा आयोगबाट ६ वर्षको जम्मा रू. ११,२०,०००।– खर्च भएको दाबी लिइएकामा कलेजको पत्रानुसार भनी ४ वर्षको मात्र पढाइ खर्च तोकी कम खर्च देखाई गरेको फैसला कानूनसम्मत छैन । यस्तै प्रतिवादीको छोरी चाँदनी खरेलले एम.वी.वी.एस. गर्न भारत गएकामा इन्टर्नसिपमा रहेको अवधिमा प्रतिमहिना भा.रू. ५०००।– (ने.रू. ८०००।– का दरले प्राप्त गरेको मान्दै निजको आयमा गणना गर्ने गरी भएको फैसलासमेत विरोधाभाषपूर्ण रहेको छ । प्रतिवादीलाई बानेश्वरस्थित घरमा स्वयम् आफैँ बस्नुपर्नेमा सो घरबापत र धुम्बाराहीको घरको निर्माण लागतकै स्रोत नखुलेकामा सो घरबाट प्राप्त घर भाडालाईसमेत आयमा गणना गरी भएको फैसला त्रुटिपूर्ण छ।

प्रतिवादी अच्युतकृष्ण खरेलको श्रीमती मीना खरेलको नामको जग्गा हस्तान्तरण गरी आय भएको भनी रू. ९७,०००।– निजको आयमा गणना गरिएको छ । उक्त जग्गा माइतीतर्फका नजिकका नातेदारले बकसपत्र गरी दिएको भने पनि बकसपत्र दिनुपर्नेको तर्कसङ्गत कारण एवम् हैसियत यकिन हुनुपर्दछ । त्यस्तै आधार र कारणबिना प्रतिवादीको श्रीमती मिना खरेललाई गोडधुवा, मुख हेर्ने, पास्नी, तीज, दशैं जस्ता सामाजिक परम्परा निर्वाहको क्रममा रू १,००,०००।– आय आर्जन भएको भनी आय गणना गरेको फैसला पनि कानूनसम्मत छैन। प्रतिवादी अच्युतकृष्ण खरेलले बैंक ब्याज तथा लाभांशबापत भनी आय दाबी गरेकामा अदालतबाट पनि वैध वा अवैध छुट्याउन सक्ने स्थिति नहुने तथ्य स्वीकार गरी न्यायोचित अनुमानको आधार भन्दै रू. १,८५,७३२।९२ आयमा गणना गर्ने गरी भएको फैसलासमेत त्रुटिपूर्ण रहेको छ । प्रतिवादीको कृषि आयका सम्बन्धमा वस्तुनिष्ठरूपमा आयोगले रू. ४,४५,५९२।– आय गणना गरेको अवस्थामा विशेष अदालतले बिना आधार रू. १३,३६,४१३।२८ कृषि आय कायम गरेको कानूनसम्मत छैन। त्यस्तै प्रतिवादी अच्युतकृष्ण खरेलले गोर्खा फाइनान्सबाट मिति २०५९।९।११ मा लिएको ऋण रू २०,००,०००।– मिति २०५९।९।१९ मा चुक्ता गरेको हुँदा उक्त रकमलाई निजको आय कायम गर्न मिल्दैन । त्यस्तै प्रतिवादी अच्युतकृष्ण खरेल तथा निजको श्रीमती मीना खरेलका नाममा रहेको बचतपत्र मिति २०५८।१२।३० मा भएको बिक्रीबाट प्राप्त आयका सम्बन्धमा सो बचतपत्र खरिद गर्दा स्रोत खुलेको बचतपत्रको मूल्य रू. २,००,०००।– सम्म देखिएको हुँदा सोहदसम्म निजको आय गणना गर्नुपर्नेमा बचतपत्र बिक्रीबाट प्राप्त आय भनी रू २७,९५,०००।– निजको वैध आय मानी गणना गर्न मिल्ने होइन।

अतः विशेष अदालत काठमाडौंबाट मिति २०६८।१२।२२ मा भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम बिगो कायम गरी सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट नेपाल सरकारको पुनरावेदनपत्र।

प्रतिवादी अच्युतकृष्ण खरेलको यस अदालतमा दायर भएको पुनरावेदनपत्रको व्यहोराः–

विशेष अदालत काठमाडौंले मिति २०६८।१२।२२ गतेका दिन फैसला गर्दा मेरो खर्चभन्दा वैध आय बढी ठहर गरी आरोपपत्रको दाबी नपुग्ने गरी मलाई सफाइ दिने हदसम्म ठहर गरेको फैसलामा मेरो चित्त बुझेको भए तापनि मेरो कतिपय वैध स्रोतहरूको गणना नै नगरी एवम् कम गणना गरी मेरो यथार्थ आयस्रोतलाई घटाएको सम्बन्धमा मेरो चित्त नबुझेको हुनाले प्रस्तुत पुनरावेदन गरेको छु।

विशेष अदालतले मेरो कृषि आय कायम गर्ने सम्बन्धमा मेरो स्वामित्व र भोगका जग्गाहरूमा कति बाली लाग्छ, सिँचाइको स्थिति के छ र कति उत्पादन हुन्छ भन्ने सम्बन्धमा पेस भएका स्वतन्त्र र आधिकारिक प्रमाणहरूलाई उपेक्षा गरी मैले दाबी गरेको कृषि आयलाई आत्मनिष्ठरूपमा घटाएको छ। सप्तरी नर्घौंस्थित जग्गा १२–३–७ बिगाहा मध्ये ३–१८–५ मा मोही लागि बाँकीमा पश्चिम कोशी नहरको सिँचाइ हुने र सोको उब्जनीको आधिकारिक प्रमाणहरू कृषि मन्त्रालयबाट प्रकाशित पुस्तकमा समेत उल्लेख छ। उक्त जग्गामा आँपको बगैचाबाट आँप उत्पादनसमेत हुन्छ। त्यस्तै काभ्रेपलाञ्चोकको ४५–९–१–३ रोपनी जग्गामध्ये अधिकांश सिंचाइ लाग्ने जग्गा हो। चितवनको जग्गासमेत कृषि आय हुने जग्गा हो। फडिन्द्र गौतमको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी डिल्लिरमण निरौला भएको ०६५-CR-००३१ को मुद्दा र फडिन्द्र गौतमको प्रतिवेदनको वादी नेपाल सरकार र प्रतिवादी लक्ष्मीराज पाठक भएको ०६५-CR-००४५ को मुद्दामा सम्मानित सर्वोच्च अदालतले कृषि आय कायम गरी भएको फैसलासमेतका आधारमा मेरो प्रतिवाद बयानमा गरिएको जिकिरबमोजिम कृषि आय कायम गरिपाऊँ।

अंशबन्डाको लिखत हुँदा चलमा सुन, चाँदीलगायत नगद रू २ लाख प्राप्त भएको र सो कुरालाई अंशबन्डाको लिखत लेखिदिने खिलप्रसाद उप्रेतीले अदालतमा आई बकपत्र गरी पुष्टि गरी दिएका छन्। तर अदालतले फैसला गर्दा रू. २,००,०००।– लाई आयमा गणना नगरेको हुँदा आयमा गणना गरिपाउँ। घरभाडाबाट प्राप्त आयका सम्बन्धमा बानेश्वरस्थित घरबाट रू १९,३९,५००।- घरभाडाबापत प्राप्त भएको तथ्य विभिन्न भाडामा बस्ने व्यक्तिहरूसँग करार गरेको कागजबाट प्रमाणित भएको छ। तर विशेष अदालतले बानेश्वरको घरबाट जम्मा रू ५४,०००।– आय ठहर गरेको त्रुटिपूर्ण रहेको छ। त्यस्तै जोरपाटीको कि.नं. २३४, ३५०, ३४८, २७८, २७६ र २७७ गरी जम्मा ४–२–१–२ जग्गा भाडामा दिई रू १,२०,०००।– आय आर्जन भएको तथ्य करार सम्झौताको लिखतबाट पनि पुष्टि भएकामा विशेष अदालतले सो आयलाईसमेत मान्यता नदिएको त्रुटिपूर्ण छ। विभिन्न बैंकमा रहेको शेयरबापत ती बैंकले मूल्य नलिई जम्मा ३४६ कित्ता बोनस शेयर प्रदान गरेकामा प्रति शेयर रू १००।– का दरले रू ३४,६००।– लाई आयमा गणना गर्नुपर्नेमा उक्त आयलाई मान्यता नदिएको फैसला त्रुटिपूर्ण छ।

अभियोगपत्रको तालिका नं. १४ मा उल्लिखित बैंक कारोबार, बैंक मौज्दात रकमहरूको स्रोत खुलेको सम्पत्ति भनिएकामा पुष्टि भइरहेको बैंक ब्याज, बचतपत्र ब्याज र शेयर लाभांश शत प्रतिशत आयमा गणना गर्नुपर्नेमा न्यायोचित अनुमानको आधारमा भन्दै रू. १,८५,७३२।९२ मात्र आय कायम गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको छ। सप्तरीको जग्गा रू २६,५४,९५०।– मा बिक्री गरी सो रकम बुझिलिएको भरपाइको प्रतिलिपि पेस भई लिखत मूल्य अन्य प्रमाणबाट अन्यथा प्रमाणित भइरहेको अवस्थामा लिखत मूल्य रू २,९४,०००।– लाई

मात्र आयमा गणना गरेको फैसला त्रुटिपूर्ण छ । विदेश भ्रमणबापत प्राप्त सबै आयलाई गणना नगरी फैसला गरिएको त्रुटिपूर्ण छ । श्रीमती मीना खरेलले प्राप्त गरेको निजको स्त्री धनका सम्बन्धमा गोडधुवा, जग्गा बिक्री, पास्नी, तीज, दशैं, बचतपत्र खरिदका लागि प्राप्त रकमसमेत गरी जम्मा रू १२,०७,२८०।– प्राप्त गरेकामा रू १,००,०००।– मात्र आय कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

त्यस्तै खर्च गणनाका सम्बन्धमा घरको निर्माण लागत मूल्यबारे मूल्याङ्कन गर्ने इन्जिनियरले नेपाल सरकारको दररेटमा ज्यामी ज्यालासमेत जोडिने र निःशुल्क ज्यामी प्राप्त हुँदा स्वाभाविकरूपमा कम लागत लाग्दछ भनी उल्लेख गरी बकपत्र गरेका छन् । घर निर्माण गर्दा २५ देखि ३० प्रतिशतसम्म श्रमिक खर्च हुने कुरा निज इन्जिनियरले उल्लेख गरेका छन् । वरिष्ठ प्रहरी अधिकृतहरूले घर निर्माण गर्दा प्राविधिक गुल्मबाट प्राविधिक सहयोग प्राप्त गरेको कुरा सम्बन्धित कार्यालयको पत्रसमेतले पुष्टि गरेको छ । तसर्थ जबरजस्ती मूल्याङ्कन बढाई खर्च कायम गरेको त्रुटिपूर्ण छ । छोरा आयुषलाई रू १२,००,०००।– भविष्यमा दिने भनी वचनसम्म गरिदिएको तर भौतिकरूपमा उक्त रकम नदिएको अवस्थामा रू १२,००,०००।– खर्च यकिन गरेको फैसलासमेत त्रुटिपूर्ण रहेको छ । त्यस्तै शेयर खरिद गर्दाको मूल्यको खर्च कायमका सम्बन्धमा आधिकारिकरूपमा निर्क्यौल गरेर खर्च यकिन गर्नु पर्नेमा सो नगरी बिना आधार एकपक्षीयरूपमा शेयर खरिदको मूल्य यकिन गरी खर्च कायम गरेको फैसला त्रुटिपूर्ण रहेको छ ।

तसर्थ विशेष अदालतबाट मेरो केही सम्पत्तिको गणना नै नगरेको र गणना गरेको आयको पनि कम गणना गरेको एवम् हुँदै नभएका खर्च कायम गरेको हदसम्मको फैसला उल्टी गरी मेरो प्रतिवाद बयानबमोजिम सम्पत्ति गणना गरी फैसला गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी अच्युतकृष्ण खरेलको यस अदालतमा दायर भएको पुनरावेदनपत्र ।

नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताहरूको बहस जिकिरः

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी तथा प्रतिवादी दुवै पक्षको पुनरावेदनपत्रसहितको मिसिल अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता द्धय श्री महेश शर्मा पौडेल र श्री गोपीचन्द्र भट्टराइले विशेष अदालतले प्रत्यर्थीको सम्पत्तिको वैधता परीक्षण गर्दा निजलाई प्राप्त भएको देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भई सम्पत्ति आर्जन गरेको हो सो यकिन गरी परीक्षण गर्नुपर्नेमा त्यसो गरिएको छैन । यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसुर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफत हुने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर विशेष अदालतले जग्गाको मूल्य कायम गर्दा सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा अङ्कित मूल्यलाई आधार मानी बिगो कायम गरिएको कानूनसम्मत छैन । प्रतिवादीको घर निर्माण गर्दा लागेको खर्च वा लागत कायम गर्ने सम्बन्धमा रू ४२,३०,४४८।७३ मात्र खर्च कायम गर्ने गरी भएको फैसला बदरभागी छ । प्रतिवादी अच्युतकृष्ण खरेलको छोरा आयुष खरेलको पढाइ खर्च कम कायम गरिएको, प्रतिवादीको छोरी चाँदनी खरेलले इन्टंनसिपमा रहेको अवधिमा प्रतिमहिना ने.रू. ८०००।– का दरले प्राप्त गरेको मान्दै निजको आयमा गणना गरिएको विरोधाभाषपूर्ण रहेको छ । प्रतिवादीलाई बानेश्वरस्थित घरमा स्वयम् आफैँ बस्नुपर्नेमा सो घरबापत र धुम्बाराहीको घरको निर्माण लागतकै स्रोत नखुलेकामा सो घरको घरभाडाबापत आय प्रदान गर्न मिल्दैन ।

प्रतिवादीको श्रीमती मीना खरेललाई सामाजिक परम्परा निर्वाहको क्रममा स्त्री धनबापत एवम् प्रतिवादीलाई बैंक ब्याज तथा लाभांशबापत

न्यायोचित अनुमानको आधारमा भनी आय गणना गर्न मिल्ने होइन । प्रतिवादीको कृषि आयका सम्बन्धमा वस्तुनिष्ठरूपमा आयोगले रू. ४,४५,५९२।– आय गणना गरेको अवस्थामा विशेष अदालतले बिना आधार रू. १३,३६,४१३।१६ कृषि आय कायम गरेको कानूनसम्मत छैन । त्यस्तै प्रतिवादी अच्युतकृष्ण खरेलले गोर्खा फाइनान्सबाट मिति २०५९।९।११ मा लिएको ऋण रू २०,००,०००।– मिति २०५९।९।१९ मा चुक्ता गरेको हुँदा उक्त रकमलाई निजको आय कायम गर्न मिल्दैन । प्रतिवादी अच्युतकृष्ण खरेल तथा निजको श्रीमती मीना खरेलका नाममा रहेको बचतपत्र खरिद गर्दा स्रोत खुलेको बचतपत्रको मूल्य रू. २,००,०००।– सम्म देखिएको हुँदा सो हदसम्म निजको आय गणना गर्नुपर्नेमा बचतपत्र बिक्रीबाट प्राप्त आय भनी रू २७,९५,०००।– निजको वैध आय मानी गणना गर्न मिल्ने होइन । अतः विशेष अदालतले गरेको फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय हुनु पर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

पुनरावेदक प्रतिवादीतर्फका कानून व्यवसायीको बहस जिकिरः

प्रत्यर्थी प्रतिवादीका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेलले प्रस्तुत मुद्दामा विशेष अदालत काठमाडौंले प्रतिवादी अच्युतकृष्ण खरेललाई आरोप दाबीबाट सफाइ दिने ठहर गरेको फैसलामा चित्त बुझेको भए तापनि प्रतिवादीका कतिपय वैध स्रोतहरूको गणना नै नगरी एवम् कम गणना गरी यथार्थ आयस्रोतलाई घटाएको सम्बन्धमा चित्त नबुझेको हुनाले प्रतिवादीबाट प्रस्तुत पुनरावेदन दायर भएको हो ।

विशेष अदालतले प्रतिवादीको कृषि आय कायम गर्दा निजको स्वामित्व र भोगका जग्गाहरूमा कति बाली लाग्छ, सिँचाइको स्थिति के छ र कति उत्पादन हुन्छ भन्ने सम्बन्धमा पेस भएका स्वतन्त्र र आधिकारिक प्रमाणहरूलाई उपेक्षा गरी प्रतिवादीले दाबी गरेको कृषि आयलाई आत्मनिष्ठरूपमा घटाइएको छ । अंशबन्डाको लिखत हुँदा नगद रू २ लाख प्राप्त भएको कुरा तथ्य पुष्टि भएकामा आयमा गणना गरिएको छैन । बानेश्वरस्थित घरबाट रू.१९,३९,५००।– घरभाडाबापत प्राप्त भएको तथ्य विभिन्न भाडामा बस्ने व्यक्तिहरूसँग करार गरेको कागजबाट प्रमाणित भएको छ । अभियोगपत्रको तालिका नं. १४ मा उल्लिखित बैंक कारोबार, बैंक मौज्दात रकमहरूको स्रोत खुलेको सम्पत्ति भनिएकामा पुष्टि भइरहेको बैंक ब्याज, बचतपत्र ब्याज र शेयर लाभांश शत प्रतिशत आयमा गणना गर्नुपर्नेमा न्यायोचित अनुमानको आधारमा भन्दै रू. १,८५,७३२।९२ मात्र आय कायम गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको छ । सप्तरीको जग्गा रू २६,५४,९५०।– मा बिक्री गरी सो रकम बुझिलिएको भरपाइको प्रतिलिपि पेस भई लिखत मूल्य अन्य प्रमाणबाट अन्यथा प्रमाणित भइरहेको अवस्थामा लिखत मूल्य रू २,९४,०००।– लाई मात्र आयमा गणना गरेको फैसला त्रुटिपूर्ण छ । श्रीमती मीना खरेलले प्राप्त गरेको निजको स्त्री धनका सम्बन्धमा रू १,००,०००।– मात्र आय कायम गरेको फैसला त्रुटिपूर्ण छ ।

त्यस्तै खर्च गणनाका सम्बन्धमा घर निर्माण गर्दा २५ देखि ३० प्रतिशतसम्म श्रमिक खर्च हुने भनी प्राविधिक इन्जिनियरले बकपत्र गरेका छन् । निवेदक वरिष्ठ प्रहरी अधिकृत भएको निजले घर निर्माण गर्दा प्रहरी सङ्गठनको प्रचलनअनुरूप प्राविधिक गुल्मबाट प्राविधिक सहयोग प्राप्त गरेको कुरा सम्बन्धित कार्यालयको पत्रसमेतले पुष्टि गरेको अवस्थामा घर निर्माणको लागत बढाई खर्चकायम गरेको त्रुटिपूर्ण छ । छोरा आयुषलाई रू १२,००,०००।– भविष्यमा दिने भनी वचनसम्म गरी दिएको तर भौतिकरूपमा उक्त रकम नदिएको अवस्थामा रू १२,००,०००।– खर्च यकिन गरेको फैसलासमेत त्रुटिपूर्ण रहेको छ । त्यस्तै शेयर खरिद गर्दाको मूल्यको खर्च कायमका सम्बन्धमा आधिकारिकरूपमा निर्क्यौल गरेरमात्र खरिद मूल्य किटान गरी खर्च यकिन गर्नु पर्नेमा सो नगरी बिना आधार

एकपक्षीय मूल्य यकिन गरी खर्च कायम गरेको फैसला त्रुटिपूर्ण रहेको छ। तसर्थ प्रतिवादीको जिकिरअनुसार आय निर्धारण र खर्च कायम गरी फैसला गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी अच्युतकृष्ण खरेल, निजकी पत्नी मीना खरेल एवम् छोरा आयुष खरेलका नाममा रहेका र लुकाई छिपाई राखेकासमेत रू. १,६३,३६,१३०।४४ बराबरको चलअचल सम्पत्ति भ्रष्टाचार गरी गैरकानूनीरूपमा आर्जन गरेकाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ अनुसारको कसुर भई त्यसैलाई निरन्तरता प्रदान गरेको हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुर प्रतिवादी अच्युतकृष्ण खरेलले गरेको देखिन आएको हुँदा प्रतिवादी अच्युतकृष्ण खरेललाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१), १० र दफा १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसुरमा दफा २०(२) बमोजिम हदैसम्म सजाय गरी निज अच्युतकृष्ण खरेल, निजकी पत्नी मीना खरेल र निजको छोरा आयुष खरेलसमेतका नाममा रहेको उल्लिखित बिगो रू. १,६३,३६,१३०।४४ मूल्यको सम्पत्ति साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को १६(ग) दफा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (२), र दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत गरिपाऊँ । साथै प्रतिवादी अच्युतकृष्ण खरेल प्रहरी महानिरीक्षक भई नेपाल सरकारको विशिष्ट श्रेणीको पदाधिकारीसरहका व्यक्ति भएकाले तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १४(क) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम निजलाई हदैसम्म थप सजायसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको आरोपपत्र मागदाबी रहेको देखिन्छ।

३. उल्लिखित दाबीका सम्बन्धमा प्रतिवादी अच्युतकृष्ण खरेलले आफूले गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरेको छैन। आरोपपत्रमा दाबी लिएका सम्पत्ति अंशबन्डाबाट प्राप्त पैतृक सम्पत्ति, फलफूल तथा कृषिको आय, शेयरको लाभांश, स्वदेश तथा विदेश भ्रमण गर्दाको दैनिक भत्ता, पारिश्रमिक तथा अन्य भत्ता, घरभाडा, जग्गा बिक्री, पेन्सन तथा बिदाको रकम, लगानीबाट प्राप्त ब्याज, सञ्चयकोषको रकम, बकसपत्रको सम्पत्ति, श्रीमतीको पेवा दाइजोसमेतका वैध आयस्रोत र सोबाट बढे बढाएका सम्पत्ति हुन् । आफ्ना वैध आयस्रोतलाई अवैध भनी हचुवा तवरले सम्पत्तिको बढी मूल्याङ्कन गरी दाबी गरिएको छ । दाबीको कसुर नगरेकाले सजाय तथा सम्पत्ति जफत हुन पर्ने होइन भन्नेसमेत व्यहोराको बयान र आफ्ना नाउँमा रहे भएको चलअचल सम्पत्ति पति तथा पिताको वैध आयस्रोतबाट र आफूहरूको दाइजो, पेवा तथा माइती मावलीले दिएको टीकाटालो रकमसमेतको सम्पत्ति भएकाले जफत हुनपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी मीना खरेल तथा आयुष खरेलको बयान रहेको पाइन्छ ।

४. उपर्युक्त दाबी र जिकिरका सम्बन्धमा विशेष अदालत काठमाडौले जाँच अवधिभित्र प्रतिवादी अच्युतकृष्ण खरेलको आम्दानी र खर्चका शीर्षकहरूको छुट्टाछुट्टै मूल्याङ्कन र विश्लेषण गरी निज प्रतिवादीको स्रोत खुलेको वैध पारिवारिक आय रू १,९२,२६,७४२।७७ भई सोही अवधिभित्रको निजको खर्च (व्यय) रू १,८९,५८,३१६।९२ भएकाले खर्चभन्दा आय रू २,६८,४२५।८५ बढी देखिएकाले प्रतिवादीको वैध आर्जनभन्दा बढी रकमको सम्पत्ति भएको भन्ने वादीदाबीको पुष्ट्याई नभएको हुँदा प्रतिवादी अच्युतकृष्ण खरेल, मीना खरेल र आयुष खरेललाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालतबाट फैसला भएको देखिन्छ।

५. प्रतिवादीको जाँच अवधिका सम्बन्धमा आरोपपत्रमा स्पष्ट उल्लेख भएको देखिँदैन तापनि निजले नेपाल सरकारको सेवामा मिति २०२७।२।५ देखि सेवा प्रवेश गरेको र सेवाबाट मिति २०५७।७।२७ मा अनिवार्य अवकाश पाए पनि आयोगले प्रतिवादीको

आयस्रोत र सम्पत्तिको मूल्याङ्कन र गणना गर्दा मिति २०६०।२।१६ को उजुरीलाई आधार बनाई मिति २०६०।४।९ को बैंक मौज्दात र मिति २०६०।१।२४ मा बिक्री गरेको जग्गासमेतलाई मूल्याङ्कनको विषय बनाएको देखिँदा सेवा प्रवेश मिति २०२७।२।५ देखि २०६० सालसम्मको अवधिलाई विशेष अदालतले जाँच अवधि मानेको सम्बन्धमा विवाद रहेको नदेखिँदा जाँच अवधि सम्बन्धमा थप विचार गर्न परेन ।

६. विशेष अदालतले प्रतिवादीको खर्च कायमका सम्बन्धमा सवारी साधन खरिद, प्रतिवादीको छोरी चाँदनी खरेलको पढाई खर्च, चाँदनी खरेलको विवाह खर्च, स्वयम्कर घोषणाबापत तिरेको रकम, गोर्खा फाइनान्सलाई तिरेको ऋण र औषधोपचार खर्च शीर्षकमा कायम गरेको खर्च रकमका सम्बन्धमा वादी र प्रतिवादी दुवै पक्षबाट चुनौती नगरी सो शीर्षकका हकमा पुनरावेदन नगरेको हुँदा सोसम्बन्धमा केही बोलिरहन परेन ।

७. त्यस्तै विशेष अदालतले जाँच अवधिमा प्रतिवादीको आय कायम गरेका शीर्षकहरूमध्ये धोबीधारास्थित घरको घर भाडाबाट प्राप्त आय, प्रतिवादीको तलब, ग्रेड, सञ्चित विदा, दशैं खर्च, प्रहरी भर्ना गर्ने क्रममा प्राप्त परीक्षा सञ्चालन भत्ता, स्वदेश भ्रमणबाट प्राप्त भत्ता, प्रशिक्षण भत्ता, स्थानीय भत्ता, महङ्गी भत्ता, व्यक्तिगत ऋण सापटी, जीवन बिमा रकम, लर लगानीबाट भएको आय, भन्सार कमिसन, सञ्चयकोषबाट प्राप्त आय रकम, पेन्सन, औषधोपचार र आर्थिक सहायता शीर्षकहरूमा विशेष अदालतले निर्धारण गरेको आयका सम्बन्धमा वादी तथा प्रतिवादी दुवैतर्फबाट पुनरावेदन नगरी उक्त शीर्षकमा निर्धारित आयलाई स्वीकार गरेको हुँदा दुवैतर्फले स्वीकार गरेको फैसलाका उल्लिखित विषयवस्तुका सम्बन्धमा समेत केही विचार गरिरहनु परेन ।

८. सर्वप्रथम आयोगको तर्फबाट वादी नेपाल सरकारले प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा जाँच अवधिको कुन कुन समयमा के कति वैध आय प्राप्त भयो र आर्जन गरेको वैध सम्पत्तिमध्ये निजको कति वैध आय बचत भएको हो सोको सालसालको समयक्रमका हिसाबले यकिन गरी परीक्षण गर्नुपर्नेमा विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी परीक्षण गरेको नमिलेको भनी पुनरावेदनपत्रमा जिकिर लिएकाले सोसम्बन्धमा हेर्दा, यी प्रतिवादीको सेवा प्रवेश गरेको मिति २०२७।२।५ देखि २०६० सालसम्मको अवधिलाई जाँच अवधि (Check Period) मानिएको छ । तर उक्त अवधिमध्ये के–कुन वर्षमा प्रतिवादीको आयस्रोत के–कस्तो थियो र निजले के कति सम्पत्ति आर्जन गरेका थिए, कुन मितिमा के कस्तो कामका लागि के कति खर्च भयो, सो खर्च त्यसअघि आर्जित सम्पत्तिले पुगेनपुगेको भन्ने कुरा तुलनात्मकरूपमा प्रष्ट देखिने गरी आयव्ययको विवरण सूची वादी पक्षले आरोपपत्र साथ पेस गर्न सकेको पाइँदैन । आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पद धारण गरेपछि आर्जन गरेको समग्र सम्पत्ति, त्यसमध्ये स्रोत खुलेको र नखुलेको सम्पत्तिसम्मको एकमुष्ट विश्लेषण पेस गरेको देखिन्छ । प्रतिवादीको प्रत्येक वर्षको आम्दानी र खर्चको तुलनात्मक विवरणसहित निश्चित र किटानी दाबी गर्न नसकेको अवस्थामा अदालतले फैसला गर्दा समयक्रमका हिसाबले सालसालको वैध आयको विश्लेषण गरेन भनी सोही आधारमा फैसलालाई त्रुटिपूर्ण रहेको भनी पुनरावेदनपत्रमा लिएको जिकिर युक्तिसङ्गत एवम् कानूनसम्मत मान्न मिलेन । वादी पक्षले यकिन विवरणसहित दाबी लिन नसकेको अवस्थामा अदालत आफैँले तथ्यको उत्खनन् गरी फैसला गर्ने न्यायिक मान्यता र परिपाटी नभएको हुँदा पुनरावेदनपत्रमा लिइएको उक्त जिकिर मनासिब देखिन आएन ।

९. प्रस्तुत मुद्दामा विशेष अदालतले जाँच अवधिमा प्रतिवादीको खर्च (व्यय) कायम गरेको सम्बन्धमा वादी र प्रतिवादीले चित्त नबुझाई यस अदालतमा दायर गरेको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा घर जग्गाको मूल्याङ्कन, आयुष खरेलको पढाइ खर्चको रकमसम्बन्धमा वादी प्रतिवादी दुवै पक्षले विशेष अदालतको फैसलाउपर चुनौती गरेका

र खरिद गरेको शेयरको मूल्य कायम बढी गरेको भनी प्रतिवादी अच्युतकृष्ण खरेलको पुनरावेदन जिकिर हुँदा सर्वप्रथम पुनरावेदनपत्रमा विशेष अदालतले उल्लिखित शीर्षकमा यकिन गरेको खर्च मिलेको छ छैन भन्नेसम्बन्धमा विचार गर्नुपर्ने देखियो।

१०. वादी नेपाल सरकारको पुनरावेदनपत्रमा प्रतिवादीले खरिद गरेका जग्गासमेतका आर्जित सम्पत्तिलाई हालको प्रचलित मूल्यका आधारमा परीक्षण गर्नुपर्नेमा तत्कालको लिखत मूल्यका आधारमा खर्च कायम गरेको नमिलेको भन्ने जिकिर रहेको छ भने प्रतिवादीले घर निर्माण गर्दाको खर्च तथा मूल्य कम कायम हुनुपर्नेमा बढी मूल्य कायम गरेको भन्ने जिकिर लिएको देखिन्छ । सोसम्बन्धमा हेर्दा यी प्रतिवादीले जग्गा बिक्री गरी आर्जन गरेको रकमका सम्बन्धमा वैध आय यकिन गर्दा वादी आयोगले लिखतमा अङ्कित मूल्यलाई आधार मानी आय गणना गरेको छ भने निजै प्रतिवादीले खरिद गरेको जग्गाको हकमा लिखतमा अङ्कित मूल्यलाई आधार नमानी हालको प्रचलित मूल्यलाई आधार मानी दोहोरो मापदण्ड अपनाई सम्पत्तिको मूल्याङ्कन गरेको पाइन्छ। जग्गा खरिद वा बिक्री गर्दा हुने खर्च एवम् आम्दानी यकिन गर्दा लिखतमा अङ्कित मूल्य नै वास्तविक र तथ्यमा आधारित हुने हुँदा सोही अङ्कलाई आधार मानी गणना गर्दा तथ्यपूर्ण एवम् वास्तविक हुने एवम् कानूनसङ्गत पनि हुने हुन्छ । वस्तुनिष्ठ प्रमाण बिना हालको प्रचलित मूल्य भनी अनुमानको आधारमा मूल्य यकिन गर्दा अवास्तविक हुन जाने हुन्छ । प्रतिवादीले जग्गा बिक्री गरेबापत आय यकिन गर्दा लिखतमा अङ्कित अङ्कलाई मूल्य मान्ने तर तिनै प्रतिवादीले खरिद गर्दा लिखतमा अङ्कित अङ्कलाई वास्तविक मूल्य नमानी अनुमानको भरमा हालको प्रचलित मूल्यमा मूल्याङ्कन गर्दा एउटै विषयमा दोहोरो मापदण्ड भइ असमानता हुने हुँदा सम्पत्ति खरिद एवम् बिक्री गर्दा अन्यथा प्रमाणित नभएसम्म लिखतमा अङ्कित मूल्यका आधारमा मूल्याङ्कन गर्नु न्यायोचित हुने हुन्छ। प्रस्तुत मुद्दामा पनि विशेष अदालतले प्रतिवादीले खरिद गरेको जग्गाको खर्च यकिन गर्दा लिखत पारित हुँदाका बखत लिखतमा अङ्कित मूल्य कायम गरेको कानूनसम्मत रहेको छ । जग्गाको मूल्य यकिन गर्ने सम्बन्धमा लिखतमा अङ्कित मूल्यलाइ आधार मानी सर्वोच्च अदालतबाट "आधिकारिक निकायमा रीतपूर्वक रजिस्ट्रेसन दस्तुरसमेत बुझाई पारित गरी लिएको लिखतलाई अप्रमाणित दाबीकै भरमा अन्यथा संज्ञा दिन नमिल्ने" भनी (नेपाल सरकार विरूद्ध चिरंजिवी वाग्ले भएको भ्रष्टाचार मुद्दा *ने.का.प.* २०६७, अङ्क १२, नि.नं. ८५१९, पृष्ठ २००७) मा प्रतिपादन भएको सिद्धान्त प्रस्तुत मुद्दामासमेत सान्दर्भिक रहेको छ। अतः प्रतिवादीले जग्गा खरिद गर्दा लिखत पारित हुँदाका बखत लिखतमा अङ्कित मूल्य कायम गरी खर्च यकिन गरेको विशेष अदालतको फैसलामा कुनै त्रुटि विद्यमान रहेको नदेखिँदा हालको प्रचलित मूल्यको आधारमा जग्गाको मूल्य कायम गरी प्रतिवादीको खर्च यकिन गर्नुपर्ने भन्ने वादीको पुनरावेदन जिकिर कानूनसम्मत मान्न मिलेन।

११. घर निर्माण खर्चका सम्बन्धमा घरको वास्तविक खर्च यकिन गर्न निर्माण गरेको वर्षको नेपाल सरकारबाट निर्धारित दररेट नै आधार हुने भनी यसै प्रकृतिका फडिन्द्र गौतमको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी डिल्लिरमण निरौला भएको ०६५-CR-००३१ को मुद्दा र फडिन्द्र गौतमको प्रतिवेदनको वादी नेपाल सरकार र प्रतिवादी लक्ष्मीराज पाठक भएको ०६५-CR-००४५ समेतका मुद्दामा यस अदालतबाट आधार अवलम्बन गरिएको छ। प्रस्तुत मुद्दामा पनि विशेष अदालतले घर निर्माणबापतको खर्चका सम्बन्धमा घर बनेको सालको नेपाल सरकारले निर्धारण गरेको दररेटको आधारमा कायम हुन आउने अङ्कलाई घर निर्माण लागत मानेको छ भने व्यक्ति स्वयम्ले निर्माण गर्दा ओभरहेड खर्च नलाग्ने हुँदा सोबापतको १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशतसमेत जम्मा २० प्रतिशत रकम कटाई घरको निर्माणको वास्तविक खर्च कायम गरेको फैसलामा कुनै त्रुटि विद्यमान रहेको नदेखिँदा घरको मूल्य कायम गरी

निर्धारण गरेको खर्च सम्बन्धमा वादी र प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर कानूनसम्मत देखिएन।

१२. आयुष खरेललाई रू. १२,००,०००।– वास्तविकरूपमा नदिइएको अवस्थामा उक्त रू. १२,००,०००।– दिएको मानी खर्च कायम गरेको विशेष अदालतको फैसलाउपर प्रतिवादीले उक्त खर्च कायम नहुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादीले आयोगसमक्ष बयान गर्दा प्रश्न नं. १५ को जवाफमा छोरा आयुषलाई रू. १२,००,०००।– दिएको भनी उल्लेख गरी व्यक्त गरेको देखिन्छ । साथै निज प्रतिवादीले नै व्यक्तिगत सम्पत्ति विवरण फाराम भर्दा छोरा आयुषलाई रू. १२,००,०००।– दिएको तथ्य खुलाइदिएको छ । यस्तो अवस्थामा आफैँले व्यक्त गरेको र अभिलेखीकरण गरी पेस गरेको उक्त रकमलाई प्रतिवादीको खर्च कायम गरेको विशेष अदालतको फैसला अन्यथा देखिएन । त्यस्तै वादी पक्षले आयुष खरेलको पढाई खर्चका सम्बन्धमा पढाइ अवधि ६ वर्षको भनी जम्मा रू. ११,२०,०००।– खर्च भएको भनी जिकिर लिएको छ तर आयुष खरेलले अध्ययन गरेको कलेज अफ डेन्टल सर्जरी मणिपालले आयुष खरेलको सो पढाइ अवधि ४ वर्षको भनी २४।७।२००३ र २७।४।२००३ को पत्रबाट जानकारी दिएको भई सो तथ्य पुष्टि भइरहेको अवस्थामा आधारहीन तवरबाट निजको अध्ययन अवधि ६ वर्षको मान्न नमिल्ने हुँदा वास्तविक ४ वर्ष अवधिको रू ६,४०,०००।– खर्च लाग्ने हुँदा अभियोग दाबीमात्रको भरमा बढी खर्च कायम हुने देखिएन । यसर्थ आयुष खरेलको पढाइ खर्च बढी कायम हुनुपर्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर तथ्यपूर्ण एवम् औचित्यपूर्ण देखिएन।

१३. पुनरावेदक प्रतिवादी अच्युतकृष्ण खरेलले तालिका नं. १५ को क्रमसङ्ख्या १३(क) मा उल्लेख रहेको बैंक अफ काठमाडौंको प्रतिवादी आयुष खरेलको नामको शेयर प्रतिगोटा रू. २३४।– मा खरिद भएकामा प्रति शेयर रू ९५०।– कायम गरेको त्रुटिपूर्ण छ भन्ने जिकिर लिएको देखिन्छ । सो शेयर सम्बन्धमा कारोबार गर्ने आधिकारिक निकाय नेपाल धितोपत्र विनिमय बजार लिमिटेडको प.सं. ६ विविध ०६०।०६१ मिति २०६०।५।१२ को मिसिल संलग्न पत्रमा आयुष खरेलको नामको बैंक अफ काठमाडौंको १,००० कित्ता शेयर प्रतिगोटा रू.९५०।– का दरले हस्तान्तरण भएको थियो भन्ने उल्लेख भइरहेको देखिन्छ । उक्त आधिकारिक पत्रका आधारमा कायम गरेको शेयर मूल्यलाई अन्यथा भन्न मिल्ने र शेयरको Face Value को आधारमा कायम गर्न नमिल्ने हुँदा खरिद भएको शेयरको वास्तविक मूल्य कायम गरेको फैसला कानूनसम्मत देखिँदा पुनरावेदक प्रतिवादीको उल्लिखित पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

१४. अब प्रतिवादीको जाँच अवधिमा भएको आय निर्धारणका सम्बन्धमा विशेष अदालतले गरेको फैसलाउपर परेको पुनरावेदनका सम्बन्धमा विचार गर्दा कृषि आय, बानेश्वरको घरभाडाबापतको आय, बैंक तथा बचतपत्रसमेतको ब्याज, मीना खरेलको स्त्रीधनबाट प्राप्त आयका सम्बन्धमा वादी पक्षले कम आय निर्धारण हुनुपर्ने भनी र प्रतिवादी पक्षले बढी आय निर्धारण हुनुपर्ने भनी आ–आफ्नो पुनरावेदनपत्रमा जिकिर लिएको पाइन्छ।

१५. प्रतिवादीको कृषि आयका सम्बन्धमा विचार गर्दा कृषियोग्य जग्गाको कृषि आय कायम गर्दा मोही भएकामा नेपाल सरकारले मिति २०२८।५।१४ र मिति २०३०।६।२९ को नेपाल राजपत्रमा तोकि दिएअनुसारको जग्गाधनीले पाउने कूतको दरमा र मोही नभई आफैँले खेती गरेकामा जग्गा सिंचित भएकोसमेतको प्रमाणलाई हेरी मुख्य बालीबापत कुतको दोब्बर र हिउँदे बालीबापत मुख्य बालीको आधा उब्जनी प्रदान गर्ने गरी सर्वोच्च अदालतबाट नेपाल सरकार वि. रामाज्ञा प्रसाद चतुर्वेदीसमेत भएको गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा आधार ग्रहण गरी फैसला गरेको देखिन्छ।

१६. मोही लागेको जग्गाको कृषि आय निर्धारण गर्दा भूमिसम्बन्धी ऐन, २०२१ र भूमिसम्बन्धी

नियमहरू, २०२१ बमोजिम कूत प्रयोजनका लागि तोकिएको उब्जनीको आधारलाई अवलम्बन गरिनु कानूनसम्मत र न्यायोचित हुने, जग्गाधनीले नै जग्गा कमाएको भन्ने जिकिर रहेको अवस्थामा समेत कृषि उत्पादनको क्रममा मल, बीउ श्रमलगायतमा हुन जाने मनासिब खर्चहरू कटाई मुख्य वार्षिक उब्जनीबापत कूत प्रयोजनका लागि तोकिएको उब्जनीको दोब्बर खुद आय निर्धारण गर्नु उचित र विवेकसम्मत हुने, साथै सिँचाई आदिको सुविधा भएको र एकभन्दा बढी बाली लाग्ने जग्गाका सम्बन्धमा कूत प्रयोजनका लागि तोकिएको मुख्य वार्षिक उब्जनीको आधा हिउँदे बालीबापत खुद आय निर्धारण गर्नु न्यायोचित हुने भनी नेपाल सरकार वि. रामाज्ञा प्रसाद चतुर्वेदीसमेत भएको गैरकानूनी सम्पत्ति आर्जन मुद्दा (*ने.का.प.* २०६८, अङ्क ६, नि.नं. ८६३० पृष्ठ ९१७) मा कायम भएको सिद्धान्त प्रस्तुत मुद्दामा सान्दर्भिक देखिन्छ । सो सिद्धान्तलाई यस अदालतले नेपाल सरकार वि. केसवराज गौतम, नेपाल सरकार वि. केसरजंग खड्का, नेपाल सरकार वि. खुमबहादुर खड्कासमेत प्रतिवादी भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दाहरूमा अवलम्बन गरिँदै आएको छ । प्रतिवादी अच्युत कृष्ण खरेलका नाममा सप्तरी नर्घौ तथा काभ्रेपलाञ्चोकमा रहेका जग्गाहरूको कृषि आय कायम गर्दा विशेष अदालतले सोही सिद्धान्तलाई नै आधार मानेको अवस्था विद्यमान हुँदा यस इजलास पनि कृषि आय कायम गर्ने सम्बन्धमा भएका उल्लिखित व्याख्यासँग असहमत हुने कुनै वस्तुनिष्ठ कारण देखिँदैन ।

१७. प्रस्तुत मुद्दामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आरोपपत्रमा प्रतिवादीको जाँच अवधिमा रू. ४,४५,५९२।– मात्र कृषि आय कायम गरेको देखिन्छ । प्रतिवादीले रू. ४४,७७,१०६।– कृषि आय कायम हुनुपर्ने दाबी लिएकामा विशेष अदालतले रू १३,३६,४१३।२८ प्रतिवादीको कृषि आय कायम हुने ठहर गरेको देखिन्छ । कृषि आय गणना गर्दा मोही लागेको र मोही नलागेको जग्गा, आफैँले श्रम गरी खेती लगाएको र अरूलाई अधियामा दिएको, सिँचाइ सुविधा भएको र नभएको जग्गाको समानस्तरमा आय कायम गर्दा पनि अवास्तविक हुन जाने हुन्छ । उल्लिखित कुरालाई मध्यनजर गरी प्रतिवादीले विभिन्न मितिमा खरिद तथा बिक्री गर्दा कायम भएको जग्गाको क्षेत्रफलसमेतलाई ध्यान दिई सालसालको कृषि आय यकिन गर्नुपर्ने हुन्छ ।

१८.प्रतिवादीकोसप्तरीजिल्लानर्घौगा.वि.स., काभ्रेपलाञ्चोक र चितवन जिल्लामा कृषियोग्य जग्गा रहेको पाइन्छ । विशेष अदालतले प्रतिवादीको सप्तरी जिल्ला नर्घौ गा.वि.स. को जग्गाबाट प्राप्त कृषि आय सम्बन्धमा प्रतिवादीले सालसालमा खरिद तथा बिक्री गर्दा कायम भएको क्षेत्रफललाई हेरी वि.सं. २०३३ सालदेखि २०६० सालसम्मको सालसालको कृषि आय निर्धारण गरी रू. ९,३९,४०६।८१ कायम गरेको देखिन्छ । त्यस्तै काभ्रेपलाञ्चोकस्थित जग्गाबाट सोही आधारमा रू ३,१९,५३०।१८ कृषि आय कायम गरेको र चितवनको कि.नं. ४६३ को जग्गाको २०५६ सालदेखि २०६० सालसम्मको रू ९,८६२।८९ त्यस्तै कि.नं. ५१३ को २०५७ सालदेखि २०६० सालसम्मको रू १०,४७२।८० कृषि आय कायम गरेको देखिन्छ । चितवनको कि.नं. ३७६ को जग्गा घडेरी भएको र कि.नं. १४ मा घर बनेको हुँदा उक्त जग्गाको कृषि आय भने कायम गरेको देखिन्न । यसरी विशेष अदालतले न्यायोचित मूल्याङ्कन गरी सर्वोच्च अदालतबाट यसै प्रकृतिका माथि प्रकरणमा उल्लिखित मुद्दाहरूमा प्रतिपादित सिद्धान्तसमेतका आधारमा कायम गरेको प्रतिवादीको कृषि आय कानूनसम्मत नै देखिएको हुँदा कृषि आय कम कायम हुनुपर्ने भन्ने वादी तथा बढी कायम हुनुपर्ने भन्ने प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर मनासिब एवम् तथ्यमा आधारित देखिएन ।

१९. घरभाडाबापत प्राप्त आयका सम्बन्धमा प्रतिवादीको बानेश्वरस्थित घरमा प्रतिवादी स्वयम् बस्नुपर्ने अवस्थाको भएकामा सो घरको भाडाबापत जम्मा रू ५४,०००।– आय कायम गरेको त्रुटिपूर्ण छ

भनी वादी पक्षको पुनरावेदन परेको देखिन्छ। प्रतिवादी अच्युतकृष्ण खरेलले बानेश्वरको घरको घर भाडाबापत रू १९,३९,५००।– आय कायम हुनुपर्ने जिकिर लिएको पाइन्छ। प्रतिवादीले प्रस्तुत मुद्दा दायर हुनुभन्दा अगावै आन्तरिक राजस्व विभागको सूचनाबमोजिम स्वयम्कर घोषणा गरी कर तिरेको देखिन्छ। त्यसरी कर तिर्दा यी प्रतिवादीले घरभाडाबापत समेत कर तिरेको देखिएको छ । यस्तो अवस्थामा निजले घर भाडाबाट आय आर्जन गरेको तथ्य पुष्टि हुन्छ। बानेश्वरको घर प्रतिवादी स्वयम्को प्रयोगको लागि आवश्यक पर्ने भए तापनि यी प्रतिवादी प्रहरी सेवामा कार्यरत् रहँदा उच्चतहको अधिकृत रहेकाले निजको सेवाकालमा विभिन्न जिल्लामा दरबन्दी रही सरकारी आवासमा बस्नेपर्ने कानूनी बाध्यता र वास्तविकतालाई नजरअन्दाज गर्न नमिल्ने हुन्छ।

२०. प्रतिवादी मिति २०४४।९।७ देखि मिति २०४६।११।२ सम्म उपत्यकाबाहिर दिपायलमा नोकरीको क्रममा बसेको अवधिमा घरको अन्य भाग आफ्नै प्रयोगमा रहन सक्ने भएपनि एक फ्ल्याट भाडामा दिन मिल्ने हुँदा २७ महिनाको प्रतिमहिना २०००।– कार दरले रू ५४,०००।– घर भाडाबापत आय कायम गरेको विशेष अदालतको फैसला वास्तविकतामा आधारित भई कानूनसम्मत रहेको छ। धुम्बाराहीस्थित घरको हकमा रू ११,२०,०००।– आय कायम गरे पनि उक्त घर निर्माण लागतकै स्रोत नखुलेको भनी वादी पक्षले पुनरावेदनपत्रमा जिकिर लिए पनि माथि प्रकरणमा विवेचना गरिएअनुसार प्रस्तुत मुद्दामा समयक्रमका हिसाबले मूल्याङ्कन नगरी जाँच अवधिको समष्टिगत आय र खर्चको मूल्याङ्कनबाट हेरिएको हुँदा वादी पक्षको उक्त पुनरावेदन जिकिरसमेत मुनासिब देखिएन।

२१. प्रतिवादीको धर्मपत्नी मीना खरेललाई गोडधुवा, मुख हेर्ने, तीज, दशैं, पास्नी जस्ता सामाजिक परम्परा निर्वाह गर्ने क्रममा रू. १२,०७,२८०।– आर्जन भएको भनी प्रतिवादीले बयान गर्दा जिकिर लिएको छ तर विशेष अदालतले न्यायोचित अनुमानको आधारमा भनी सामाजिक परम्परा निर्वाह गर्ने क्रममा मीना खरेललाई रू. १,००,०००।– आय भएको ठहर गरेको देखिन्छ। उक्त ठहरउपर वादी पक्षले सामाजिक परम्परा निर्वाह गर्ने क्रममा भनी रू. १,००,०००।– आय कायम गर्न नमिल्ने भनी र प्रतिवादीले रू. १२,०७,२८०।– आज कायम हुनुपर्ने भनी पुनरावेदनपत्रमा जिकिर लिएको देखिन्छ। गोडधुवा, मुख हेर्ने, दशैं, तीज जस्ता सामाजिक परम्पराका सन्दर्भमा महिलाको केही न केही रकम आर्जन हुने तथ्य नेपाली समाजको परिवेशमा नकार्न नसकिने हुन्छ। यसै प्रकृतिका मुद्दाहरूमासमेत न्यायोचित अनुमानका आधारमा यस्तो आयलाई यस अदालतले मान्यता दिने गरेको हुँदा प्रतिवादीहरूको पारिवारिक हैसियत र पृष्ठभूमिलाईसमेत विचार गरी प्रस्तुत मुद्दामा न्यायोचित अनुमानका आधारमा दशैं, तीज, पास्नी जस्ता अवसरमा प्राप्त हुने धनबापत प्रतिवादी मीना खरेलको रू. १,००,०००।– आय कायम गरेको विशेष अदालतको फैसला अन्यथा मान्न मिल्ने हुँदैन।

२२. प्रतिवादीको छोरी चाँदनी खरेलले छात्रवृत्तिमा एम.वी.वी.एस. अध्ययन गरी इन्टर्नसिपमा रहँदा आर्जन गरेको रकमलाई आयमा कायम गर्न नमिल्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको छ । चाँदनी खरेल डिसेम्बर १९९९ देखि डिसेम्बर २००० इ.सं. सम्म इन्टर्नसिपमा रहँदा प्रतिमहिना भा.रू. ५०००।– (ने.रू. ८०००।–) निज चाँदनी खरेलले पारिश्रामिक प्राप्त गरेको तथ्य सम्बन्धित कलेज लेडी हार्डिग मेडिकल कलेज हस्पिटलको सन् ३–११–२००४ को पत्रबाट देखिन आउँछ। निजलाई रकम भुक्तानी गर्ने मेडिकल कलेजबाट सो रकम निजले प्राप्त गरेको भन्ने तथ्य पुष्टि भएको आधारमा उक्त रकमलाई विशेष अदालतले प्रतिवादीको आयमा गणना गरेको देखिन्छ । एकासगोलमा रहेकी छोरी नाताकी चाँदनी खरेलले कुनै संस्थामा सेवा गरेबापत पारिश्रामिकस्वरूप आय आर्जन गरेको तथ्य सम्बन्धित संस्थाको पत्रबाट पुष्टि भएको अवस्थामा त्यस्तो आयलाई प्रतिवादीको आयमा गणना गर्नुपर्ने

हुन्छ । विशेष अदालतले चाँदनी खरेलको उक्त आयलाई मान्यता दिएको फैसला तथ्यमा आधारित हुँदा वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

२३. प्रतिवादी अच्युत खरेलले गोरखा फाइनान्सबाट मिति २०५९।९।११ मा लिएको कर्जा रू २०,००,०००।– आयमा गणना गर्न नमिल्नेमा आयमा गणना गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको भनी वादी पक्षको पुनरावेदन जिकिर रहेको छ। प्रतिवादीले गोरखा फाइनान्सबाट रू २०,००,०००।– कर्जा लिएको तथ्यमा विवाद छैन। प्रतिवादीले लिएको उक्त कर्जा मिति २०५९।१२।१९ मा चुक्ता गरेको हकमा रू २०,००,०००।– खर्चमा जोडिएको छ । एउटै वित्तिय संस्थामा बुझाएको कर्जा खर्चमा कायम गर्ने तर लिएको कर्जा भने आय कायम गर्न नमिल्ने भन्ने वादी पक्षको पुनरावेदन जिकिर दोहोरो मापदण्डमा आधारित देखिँदा कानूनसम्मत देखिएन । यसर्थ विशेष अदालतले प्रतिवादी अच्युत खरेलले गोरखा फाइनान्सबाट लिएको कर्जा रू. २०,००,०००।– प्रतिवादीको आय कायम हुने गरी गरेको फैसला मुनासिब देखियो। प्रतिवादी अच्युतकृष्ण खरेल र मीना खरेलको नामको बचतपत्रको मिति २०५८।१२।३० मा भएको बिक्रीबाट रू. २७,९५,०००।– आय प्राप्त भएको भन्ने सम्बन्धित कारोबारको तथ्यगत प्रमाणबाट पुष्टि भएको हुँदा सो रकम आयमा गणना गरेको विशेष अदालतको फैसला कानूनसम्मत रहेको छ।

२४. पुनरावेदक प्रतिवादी अच्युतकृष्ण खरेलले अंशबन्डाको लिखतमा हातहातै बुझी लिएको रू. २,००,०००।– आय कायम गर्नुपर्ने भनी पुनरावेदनपत्रमा जिकिर लिएको छ । तर सो कुरा बन्डापत्रमा उल्लेख भएको देखिँदैन । अंशबन्डामा पाएको चल सम्पत्ति वा अन्य नगद रकमसमेत बन्डापत्रमा नै उल्लेख नभएको अवस्थामा अन्य घरायसी लिखत वा भरपाइमा उल्लेख भए पनि सोलाई प्रमाणमा लिन मिल्ने नहुँदा बन्डापत्रमा उल्लेख नभएको अवस्थामा नगद रू २,००,०००।– अंशबापत पाएको भन्ने लिखत प्रमाणबाट पुष्टि भएको देखिएन। सप्तरीको जग्गा रू. २६,५४,९५०।– मा बिक्री गरेको भनी पुनरावेदक प्रतिवादीले उक्त रकम आयमा गणना हुनुपर्ने भनी पुनरावेदन जिकिर गरेको छ। तर मालपोत कार्यालयमा रजिस्ट्रेसन पारित भएको लिखतमा रू. २,९४,०००।– लिखत मूल्य लेखिएको छ । यस्तो अवस्थामा उक्त लिखत मूल्यलाई अन्यथा प्रमाणित हुने प्रमाण पेस हुन सकेको नदेखिँदा रू. २,९४,०००।– आय कायम गर्ने गरेको विशेष अदालतको फैसला मिलेकै देखिन्छ। त्यस्तै प्रतिवादीले बैंक ब्याज, शेयर लाभांश तथा बचतपत्रबापत प्राप्त ब्याज आफ्नो बयान मागअनुरूप हुनुपर्ने भनी पुनरावेदनपत्रमा जिकिर लिएको सम्बन्धमा विचार गर्दा त्यस्ता रकम वैध अवैध छुट्ट्याउन सक्ने स्थिति नहुने हुनाले न्यायोचित अनुमानका आधारमा ३० प्रतिशतसम्म रकम आयमा गणना गरेको विशेष अदालतको फैसला मनासिब देखिन्छ।

२५. यसरी विशेष अदालतले प्रतिवादी अच्युत कृष्ण खरेलको जाँच अवधिको वैध आय र खर्चको कानूनी र न्यायपूर्णरूपमा मूल्याङ्कन र विश्लेषण गरी स्रोत खुलेको वैध आय रू. १,९२,२६,७४२।७७ र सोही अवधिभित्र निजको खर्च (व्यय) रू. १,८९,५८,३१६।९२ कायम गरी खर्चभन्दा आय रू. २,६८,४२५।८५ बढी देखिएको अवस्थामा आरोप दाबी पुग्न नसक्ने ठहर गरेको पाइन्छ। आरोपपत्रमा उल्लेख भएअनुसारको प्रतिवादीका जिम्मामा रहेको कूल सम्पत्तिभन्दा प्रतिवादीको वैधानिक आम्दानीको स्रोत बढी नै रहेको देखिएको उल्लिखित स्थितिमा अनुमानका भरमा प्रतिवादीलाई कसुरदार कायम गर्न र सजायको भागिदार बनाउनु कानूनको मनसायविपरीत हुने हुन्छ। वस्तुनिष्ठ प्रमाण र मनासिब आधार तथा कारणविना गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भनी आरोपपत्रमा आरोपित गरिनुमात्र आफैँमा पर्याप्त हुँदैन, त्यस्तो आरोप तथ्यपूर्ण, निश्चयात्मक र वास्तविक आधार र प्रमाणबाट खम्बिर हुनुपर्दछ । प्रतिवादी

अच्युतकृष्ण खरेलउपर गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भनी कुनै निश्चित, ठोस र विवादरहित प्रमाणबाट समर्थित भएको नदेखिँदा वादीले आरोपपत्र एवम् पुनरावेदनपत्रमा लिइएका दाबी एवम् जिकिर प्रमाणबाट पुष्टि नभई आधारहीन देखियो ।

२६. तसर्थ, पर्याप्त आधार र कारणहरू खुलाई प्रतिवादी अच्युतकृष्ण खरेल, मीना खरेल र आयुष खरेललाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६८।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादी अच्युतकृष्ण खरेलको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइ दिनू ।

उक्त रायमा सहमत छु ।
मा.न्या. दीपकराज जोशी

इति संवत् २०७१ साल माघ २५ गते १ रोज शुभम् ।
इजलास अधिकृतः– शिवप्रसाद खनाल

## निर्णय नं.९४१६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति : २०७१।०८।२३।३
०६८–CR–०२३९

मुद्दा : जालसाजी ।

पुनरावेदक/वादी : कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. २ बस्ने प्रेमबहादुर दमैको छोरी सिमा दमैसमेत ।

विरूद्ध

प्रत्यर्थी / विपक्षी : कास्की जिल्ला हेम्जा गा.वि.स. वडा नं. २ बस्ने धन बहादुर दमैको छोरा वर्ष ४४ को प्रेमबहादुर दमैसमेत ।

- **व्यवहार चलाउनलाई घर जग्गा बिक्री गर्नेदेखि बाहेकको उक्त उपाय नभएको अवस्थामा घर जग्गा बिक्री गरेको कार्यलाई मात्र जालसाजी गर्‍यो भन्न मिल्दैन । जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बदनियत एवम् सो किसिमको आचरण देखिनु पर्ने ।**

(प्रकरण नं.४)

- **लोग्नेबाट घरदेखि अन्यत्रै बसोबास गरेको भन्न नसकेको अवस्थामा घरमा लोग्नेसँग सँगै बस्ने वादीले लोग्नेले गरेको व्यवहार थाहा नपाउने भन्ने अवस्था पनि नहुने ।**

(प्रकरण नं. ६)

- **लोग्नेसँग सँगै घरमा बसेको अवस्थामा ४ वर्षपछि लोग्नेले घर जग्गा बिक्री गरेको कुरा थाहा पाएको भनी थाहा पाएको मितिबाट हदम्याद कायम गरी वादी जालसाजीतर्फको**

**दाबी लिई आएकोलाई उपचारको उचित मार्ग अवलम्बन गरी आएको भन्न मिल्दैन । घर जग्गा बिक्री गरेको लोग्नेसँग साथैमा एउटै घरमा बसेकी श्रीमती यी पुनरावेदक वादीलाई लोग्नेले घर जग्गा बिक्री गरेको कुरा तत्कालै थाहा नहुने कुरै नहुँदा बसी रहेको घर छोड्न नपरोस् भन्ने उद्देश्यले मात्रै जालसाजीतर्फको दाबी गरेको भन्नु पर्ने अवस्था आउँछ । यस्तोमा जालसाजीतर्फको हदम्यादसमेत आकृष्ट हुन नसक्ने ।**

(प्रकरण नं. ७)

सुरू तहमा फैसला गर्नेः
मा.न्या.श्री नारायणप्रसाद पोखरेल
पुनरावेदन तहमा फैसला गर्नेः
मा.न्या.श्री हरिराम कोइराला
मा.न्या.श्री किशोर सिलवाल

फैसला

**न्या.कल्याण श्रेष्ठ :** पुनरावेदन अदालत, पोखराको मिति २०६७।९।१८ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहोर्‍याउने निस्सा भई पुनरावेदनको रूपमा दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर देहायबमोजिम छः

तथ्य खण्ड

वादीको सङ्क्षिप्त फिराद दाबी

म तथा नाबालक छोरा छोरीसमेतले जीवन गुजाराका लागि बास बसी आएको हाम्रो अंश हक लाग्ने पैतृक घर जग्गा हाम्रो मन्जुरी वेगर विपक्षीहरू एक आपसमा मिलेमतो जालसाजीपूर्ण तरिकाले राजिनामा पारित गराई जग्गा लिनु दिनु गरेका रहेछन् । विपक्षीहरूको उक्त कार्यबाट हाम्रो अंश हक कुण्ठित हुन पुगेकाले हाम्रोसमेत अंश हक लाग्ने जिल्ला कास्की हेमजा गा.वि.स. वडा नं. २ कि.नं. ३४३ को क्षेत्रफल ०-१५-१-३ जग्गामध्ये उत्तर पश्चिमतर्फ ३ भागको १ भाग विपक्षी पति पिताको भाग हिस्साको जग्गा विपक्षीहरू मिली मालपोत कार्यालय, कास्कीको र.नं. ११९५, मिति २०६०।३।८ बाट राजिनामा पारित गराई लिनु दिनु गरेकाले उक्त लिखत जालसाजी घोषित गरी उक्त जग्गा मध्ये ५ भागको ४ भाग लिखत निष्क्रिय गराई विपक्षीहरूलाई सजाय गरिपाऊँ ।

प्रतिवादी इन्द्रबहादुर सुनारको सुरूको प्रतिउत्तर जिकिरः

वादीका पतिले दाबीको जग्गा मलाई राजिनामा पारित गरी दिँदाको समयदेखि नै विपक्षीलाई थाहा जानकारी भएको थियो । ऋण लागि जग्गा बिक्री गर्नु पर्‍यो भनी विपक्षीसमेत मसँग सल्लाह गर्न आएकी थिइन् । केवल हदम्याद कायम गर्नमात्र लिखत सारेको कुरा अगाडि ल्याएको अवस्था हो । पटकपटक जग्गा कमाउने भोग गर्ने क्रममा राम बहादुरसँग जग्गा छुट्याउँदा जग्गा घटबढ भएको कुरासमेत विपक्षीलाई थाहा जानकारी छ । यसैले वादीको फिराद किर्ते कागजको १८ नं. को हदम्याद नाघी फिराद दायर भएको भन्ने स्पष्ट हुँदा फिराद खारेजभागी छ ।

प्रतिवादी प्रेमबहादुर दमैको सुरूको प्रतिउत्तर जिकिरः

फिराद दाबी झुठ्ठा हो । मेरो नाउँको जग्गा इन्द्रबहादुर सुनारलाई पास गर्ने बेलामा श्रीमतीलाई थाहा दिनु पर्दछ भनी मैलेभन्दा तपाई घरको मुख्य मान्छे भएको हुँदा तपाईले सहिछाप गरेपछि जग्गा पास हुन्छ । श्रीमतीलाई भन्नु पर्दैन भनी प्रतिवादीमध्येका इन्द्र बहादुरले भनेकाले जग्गा पास गरी दिएको हुँ। मैले जालसाज गरेको होइन ।

वादीका साक्षी कृष्णबहादुर पराजुली थापाले सुरू कास्की जिल्ला अदालतमा गरेको बकपत्रः

वादी संरक्षकसहितकी सावित्री परियार तथा प्रतिवादीमध्येको प्रेमबहादुर परियारको यो मुद्दा परेको

जग्गाबाहेक अन्यत्र कहिँकतै पनि बसोबास गर्ने ठाउँ छैन। नाबालक छोरा छोरी छन् किन त्यसरी बसोबासै नराखी दिए, लेनदेन गरे गरेनन् मलाई थाहा छैन। जग्गा लिने व्यक्तिले पनि परिवार अर्थात् श्रीमतीलाई समेत जानकारी हुनुपर्ने हो।

प्रतिवादी इन्द्रबहादुर सुनारको साक्षी दुर्गा बहादुर सुनारले गरेको बकपत्रः

प्रतिवादी प्रेमबहादुरले वादीसँग सरसल्लाह गरी आफू रोजगारको लागि विदेश पनि जाने बाँकी पैसा अन्यत्र ठाउँमा जग्गा किन्ने भनी वादी सावित्रीसमेतको सरसल्लाहबाट यो विवादित घर जग्गा प्रतिवादी इन्द्रबहादुर सुनारले किनेका हुन् । वादीका पति र इन्द्रबहादुरको मात्र मिलेमतोबाट लिनु दिनु गरेका होइनन्। तसर्थ कुनै जालसाजी कार्य होइन। वादी र प्रतिवादी प्रेमबहादुर हालसम्म पनि एकासगोलमा नै छन्। सरसल्लाहबाट बिक्री गरेको कुरालाई जालसाजी भन्न मिल्दैन।

प्रतिवादी इन्द्रबहादुर सुनारको साक्षी अम्मरबहादुर थापाले सुरू अदालतमा गरेको बकपत्रः

प्रतिवादी विदेश जाने तरखरमा थिए । यसै अवस्थामा यी प्रेमबहादुर परियारलाई यी वादीसमेतको सल्लाहबाट उक्त घर जग्गा बिक्री गरेका हुन। यी वादी तथा प्रतिवादी प्रेमबहादुरको सोबाहेक अन्यत्र कहिँ जग्गा छैन । यी प्रेमबहादुरले उक्त जग्गा घर बिक्री गर्न हुने थिएन। तर बिक्री गर्दा भने यी वादीको समेत सल्लाह लिई बिक्री गरेका हुन् । पैसा भुक्तानी गर्दा प्रतिवादी इन्द्रबहादुरको छोरा आई के गरौँ पैसा दिउँकी नदिउँ पनि भनेका थिए । सो अवस्थामा यी वादीले विदेश जाने भए दिए हुन्छ भनी भनेकी थिइन्।

बलबहादुर थापासमेतले विवादित घर जग्गाको सम्बन्धमा लेखाई दिएको सर्जमिन मुचुल्काः

विवादित घर जग्गा र सो जग्गामा प्रतिवादी प्रेम बहादुर र निजको श्रीमती सावित्रीको परिवारले भोग चलन गर्दै आएका छन। हकको सम्बन्धमा व्यवहारिक र आन्तरिक कुरा के छ थाहा छैन।

सुरू कास्की जिल्ला अदालतको मिति २०६६।९।२।५ को फैसला।

यसमा विवादको लिखत पारित भएको मिति २०६०।३।८ पछि करिब ४ वर्ष ६ महिनासम्म प्रतिवादी प्रेमबहादुर दमै एकासगोलमा रहे बसेका वादीलाई सो कुराको थाहा जानकारी थिएन भनी अर्थ गर्न मिल्नेसमेत देखिन आएन । वादी सावित्री दमैबाहेकका अन्य वादीहरू हालसम्म पनि २१ वर्ष नपुगेको अवस्था हुँदा निजहरूको हकमा अशबन्डाको १९(१) ले मन्जुरी लिनु पर्ने सम्मको अवस्थासमेत देखिन आउँदैन । प्रतिवादी इन्द्रबहादुर सुनारका साक्षी दुर्गाबहादुर सुनारले प्रतिवादी इन्द्रबहादुरले यी वादीसँग सरसल्लाह गरी आफू रोजगारको लागि विदेश पनि जाने, बाँकी पैसा अन्यत्र ठाउँमा जग्गा किन्ने भनी यी वादी सावित्रीले भनेकीले इन्द्रबहादुर सुनारले सो जग्गा घर किनेका हुन्। वादीका पति र इन्द्रबहादुर सुनारको मिलेमतोबाट मात्र लिनु दिनु गरेको होइन भनी अदालतमा आई बकपत्र गरी दिएको पाइन्छ। यस अदालतबाट भएको सर्जमिन व्यहोरामा पनि विवादित घरमा प्रेमबहादुर दमै वादीहरूसँग साथमा नै बसी आएको भन्ने देखिन आएको भन्ने देखिन आएको समेतका कारणहरूबाट वादीहरूका पति पिताले वादीहरूलाई थाहा जानकारी नदिई बिक्री गरेको भन्ने वादीहरूको भनाइ साँचो देखिन नआएकाले प्रतिवादीहरूले जालसाजी गरे भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्छ।

वादी सावित्री दमैले पुनरावेदन अदालत, पोखरामा गरेको पुनरावेदन।

सुरू कास्की जिल्ला अदालतको फैसलाउपर चित्त बुझेन। विपक्षी प्रेमबहादुर दिने विपक्षी इन्द्रबहादुर लिने गरी हाम्रो हकै मेटाउने गरी मालपोत कार्यालय, कास्कीबाट मिति २०६०।३।८ को पारित राजिनामामा

उल्लेख भएको "घर खर्चबापत" भन्ने शब्दावली नै जालसाजी हो । किनकी उक्त रकम लिएर हाम्रो घर खर्चमा चलाएका छैनौं । कपडा सिलाएर प्राप्त आम्दानीले नै मैले घर खर्च चलाएकी छु । मलाई हराउन इन्द्रबहादुरका साक्षीले गरेको बकपत्रलाई पनि आधार बनाउन मिल्ने होइन । लेनदेन व्यवहारको १० नं. अनुसार लिखत पारित भएको १ वर्षसम्म थाहा पाएको ३५ दिन भित्र उजुर गर्न नसकेको भन्ने तर्क पनि जायज होइन । किनभने यस सम्बन्धमा जहाँ कानूनले दुईदुई वटा उपचारको मार्ग प्रदान गरेको हुन्छ त्यसमा कुन मार्ग अवलम्बन गर्ने भन्ने पक्षको अधिकार हो भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भैसकेको छ । मुलुकी ऐन किर्ते कागजको १८ नं. ले जालसाजी क्रिया गरेको विरूद्ध उपचार प्राप्त गर्न थाहा पाएको ६ महिनाभित्र नालेस गर्नुपर्ने कानूनी व्यवस्थालाई लेनदेनको १० नं. ले निष्क्रिय गराउन मिल्दैन । यसर्थ अंशबन्डाको १९(१), लेनदेन व्यवहारको १० नं. को समेत गलत व्याख्या र किर्ते कागजको १, ३ र १८ नं. को व्यवस्थालाई निस्तेज पार्ने गरी भएको सुरू कास्की जिल्ला अदालतको फैसला त्रुटिपुर्ण भएकाले उल्टी गरी वादी दाबीबमोजिम इन्साफ पाऊँ ।

पुनरावेदन अदालत, पोखराको अ.बं. २०२ नं. बमोजिमको आदेशः

यसमा अंशबन्डाको १९(१) नं. को व्याख्याबाट कास्की जिल्ला अदालतको मिति २०६६।९।२ को फैसला विचारणीय देखिएकाले मुलुकी ऐन अ.बं. २०२ नं. र पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

पुनरावेदन अदालत, पोखराको मिति २०६७।९।१८।१ को फैसला

वादीका छोरा छोरी एक्काईस वर्ष ननाघेका हुँदा मन्जुरी लिनु पर्ने भन्ने कानूनी व्यवस्था प्रस्तुत मुद्दामा लागू हुने देखिँदैन । यस अवस्थामा मिसिल संलग्न प्रमाण कागजहरूको सुक्ष्म अध्ययन गर्दा यी वादीले जालसाजी गरे भनी दाबी लिएको लिखतउपर जालसाजी नठहर्ने गरी सुरू कास्की जिल्ला अदालतले गरेको फैसलालाई अन्यथा भनी रहनु पर्ने अवस्था देखिन आएन । तसर्थ यसमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई कास्की जिल्ला अदालतबाट भएको मिति २०६६।९।२।५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी सावित्री दमैसमेतको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

नाबालकहरूको संरक्षक वादी सावित्री दमैले यस अदालतमा दिएको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदनः

वादी प्रतिवादीहरू सबै एकासगोलमा रहे बसेको भन्ने कुरामा विवाद छैन । प्रतिवादी प्रेमबहादुर दमै घरका मुख्य व्यक्ति हुँदा निजले घर व्यवहार चलाउन परे अरू अंशियारको मन्जुरी लिएर जग्गा बिक्री गर्न पाउने भए पनि एकासगोल मै रहे बसेका स्वास्नी छोरा छोरीसँग सल्लाह नै नगरी मन्जुरी नै नलिई सबै अंशियारको अंश लाग्ने जग्गा बिक्री गरेको कार्य जालसाजीपुर्ण रहेको भन्ने स्पष्ट छ । जालसाजीतर्फ नालेस गर्ने हदम्याद भनेको थाहा पाएको मितिले ६ महिनाभित्र हुँदा लेनदेन व्यवहारको १० को हदम्यादभित्र नालेस नगरेको भनी हामीलाई हराउने गरी भएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसलामा लेनेदन व्यवहारको १० नं., अंशबन्डाको १९(१), किर्ते कागजको १, ३ र १८ नं. का साथै सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतको त्रुटि विद्यमान हुँदा मुद्दा दोहोर्‍याई हेरी सुरू फिराद दाबीबमोजिम न्याय पाऊँ ।

यस अदालतबाट मिति २०६८।४।१९ मा भएको मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान आदेशः

यसमा विवादित कि.नं. ३४३ को ०-१५-

१-३ जग्गा प्रतिवादी प्रेमबहादुरले बिक्री गर्दा निजकी श्रीमती तथा यस मुद्दाकी वादी सावित्री दमैसमेतलाई साक्षी नराखेको भन्ने तथ्यमा विवाद देखिँदैन। मुलुकी ऐन, अंशबन्डाको १९ नं. अनुसार आधार भन्दा बढी अचल सम्पत्ति बिक्री व्यवहार गर्दा एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरीसमेतको मन्जुरी लिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रतिवादी प्रेमबहादुर दमैले उक्त पुरै जग्गा बिक्री गरी गरेको व्यवहारलाई कायम हुने ठहराई भएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसलामा मुलुकी ऐन, अंश बन्डाको १९ नं. तथा *ने.का.प.* २०४८ नि.नं. ४४३५ एवम् *ने.का.प.* २०४३ नि.नं. २९०० मा प्रतिपादित सिद्धान्तसमेतको व्याख्यात्मक त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) र (ख) को आधारमा मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरी दिएको छ। सुरू, रेकर्ड र भए प्रमाण मिसिल समेत झिकाई आएपछि साथै राखी नियमानुसार गरी पेस गर्नू।

उल्लिखित मिति २०६८।०४।१९ को आदेशानुसार प्रस्तुत मुद्दा पुनरावेदनको रूपमा दायर भएको।

इन्साफ खण्ड

नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री शान्तिदेवी खनालले प्रतिवादी प्रेमबहादुरले स्वास्नी छोरा छोरीसमेत एकासगोलमै भएको अवस्थामा बस्ने बासको घरसमेतको जग्गा स्वास्नी छोरा छोरी कसैको मन्जुरीसमेत नलिई बिक्री गरेको हुँदा सो कार्य स्पष्टरूपले जालसाजी भन्ने देखि रहेको छ। जालसाजी पूर्ण क्रियाको हकमा किर्ते कागजको १८ नं. कै हदम्याद आकर्षित हुने हो। लेनदेन व्यवहारको १० नं. को हदम्याद भित्र फिराद नपरेको भनी घर बासै उठीबास लाग्न गएको तर्फ विचारै नगरी भएको सुरू र पुनरावेदन अदालतको फैसलामा कानून र नजिरको त्रुटि रहेको छ। यस्तो त्रुटिपुर्ण फैसला बदर गरी सुरू फिराद दाबीबमोजिम हुने गरी इन्साफ गरिपाउँ भनी बहस गर्नुभयो।

प्रत्यर्थी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री कृष्णप्रसाद तिमिल्सीनाले प्रतिवादीले कुनै जालसाजी क्रिया गरेका छैनन्। घर व्यवहार चलाउनको लागि आफ्नो सम्पत्ति बिक्री गर्ने अधिकार प्रतिवादीलाई रहेकै छ। जग्गा बिक्री गरेको वर्षौं बीतिसकेकामा बसी रहेको घर छोड्न नपरोस् भनी फिराद दिएको अवस्था हुँदा फिराद दाबी पुग्न सक्ने अवस्था छैन। त्यसैले सुरू र पुनरावेदन अदालतको फैसला मिलेकै हुँदा सदर कायम गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विद्वान् कानून व्यवसायीहरूको उल्लिखित व्यहोराको बहस जिकिरलाई मनन गरी पुनरावेदनपत्र सहितका मिसिल संलग्न प्रमाण कागजहरूको अध्यनय गरी वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको छ छैन र वादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने सम्बन्धमा विचार गरी निर्णय गर्नु परेको छ।

यसमा वादीहरूको फिराद दाबीमा घरमै बसी रहेकी स्वास्नी छोरा छोरीहरूसँग कुनै सरसल्लाह नै नगरी थाहै नदिई बसोबास गरी रहेको घरसमेतको जग्गा पतिले जालसाजी गरी बिक्री गरेकाले प्रतिवादीहरूको कार्यलाई जालसाजी ठहर गरी लिखत बदर गरिपाउँ भन्ने देखिन्छ। जग्गा किन्ने इन्द्र बहादुरले श्रीमतीसमेतलाई भन्नु पर्दैन तपाई घरको मुख्यले गरेको व्यवहारमा जग्गा पास हुन्छ भनेकाले स्वास्नीसमेतलाई नसोधेको हो भन्ने प्रतिवादी प्रेम बहादुर र जग्गा पास गरेको कुरा एउटै घरमा एकासगोलमा बसेका वादीहरूलाई तत्कालै थाहा जानकारी भएर पनि चित्त बुझाई बसेका र जग्गा पास गरेको वर्षौं बितिसकेपछि

जालसाजीतर्फ नालेस गर्न आएको हुँदा लेनदेन व्यवहारको १० नं. को हदम्याद नघाई परेको फिराद दाबी पुग्न सक्ने अवस्था छैन भन्ने प्रतिवादी इन्द्रबहादुरको प्रतिउत्तर जिकिर रहेको देखिन्छ।

२. इन्साफतर्फ विचार गर्दा, घरको मुख्यलाई घर व्यवहार चलाउनको लागि खर्च गर्न र आफ्नो सम्पत्तिको संरक्षण गर्ने अभिभारासमेत रहेकै हुन्छ। त्यस्तो कर्तव्य निर्वाह गर्नु पर्ने दायित्व भएको व्यक्तिले सगोलको सम्पत्ति आवश्यक पर्दा बिक्री गरी व्यवहार चलाउनु पर्ने नै हुन्छ। यस्तो व्यवहारिक समस्याको कुरालाई कानूनले छुट दिएकै देखिन्छ। प्रस्तुत मुद्दामा आफूहरूलाई थाहा जानकारी नदिई मन्जुरीसमेत नलिई प्रतिवादी पति पिताले सबै सम्पत्ति राजिनामा बिक्री गरेको कार्य जालसाजी हो भनी वादीहरूले जालसाजीमा प्रतिवादीहरूलाई सजाय गरी आफूहरूको अंश भागसम्मको लिखत निष्क्रिय गरिपाउँ भनी दाबी लिई फिराद गरेको देखिन्छ।

३. प्रतिवादी प्रेमबहादुर दमै र वादीहरू एकासगोलमा नै सँगै एउटै घरमा बसी रहेको भन्ने कुरामा विवाद देखिएको छैन। प्रेमबहादुर दमै घर व्यवहार गर्ने मुख्य व्यक्ति भएको भन्ने कुरामा पनि विवाद देखिँदैन। त्यस्तो मुख्य व्यक्तिलाई आफूमा आश्रित स्वास्नी, छोरा, छोरीको लालन पालन र सम्पत्तिको संरक्षण गर्ने अभिभाराको कर्तव्य रहेको नै हुन्छ। प्रतिवादी प्रेम बहादुर दमै घर परिवार र सम्पत्ति संरक्षण गर्ने दायित्व र कर्तव्यबाट च्युत भएको भन्ने अवस्था नदेखिनुको साथै सो कुरा वादीहरूले भन्न सकेकासमेत छैनन्। आफ्ना स्वास्नी छोरा छोरीहरूलाई खान लाउन दिई पालन पोषण गर्नेसमेतको कर्तव्य भएका प्रतिवादी प्रेमबहादुर दमैले सँगै बस्ने स्वास्नी छोरा छोरीसमेत उपर जालसाजी पूर्ण व्यवहार गर्नु पर्ने त्यस्तो कुनै कारण पनि मिसिलबाट देखिएको छैन।

४. व्यवहार चलाउनलाई घर जग्गा बिक्री गर्नेदेखि बाहेकको उक्त उपाय नभएको अवस्थामा घर जग्गा बिक्री गरेको कार्यलाई मात्र जालसाजी गर्‍यो भन्न मिल्दैन। जालसाजी हुनलाई त्यस्तो कार्य गर्ने व्यक्तिको बदनियत एवम् सो किसिमको आचरण देखिनु पर्छ। प्रस्तुत मुद्दामा प्रतिवादी प्रेमबहादुर दमैले बदनियत चिताएर सगोलको घर जग्गा बिक्री गरेको भन्ने वस्तुनिष्ठ आधार प्रमाण वादीहरूले पेस गरेको अवस्था मिसिलबाट देखिँदैन। मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. को देहाय दफा १ मा रहेको कानूनी व्यवस्था हेर्दा पनि सोमा "पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभएपनि आफूखुसी गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन" भन्ने व्यवस्था रहेको देखिन्छ।

५. प्रस्तुत मुद्दामा दाबी गरिएको घर जग्गा पिता पुर्खाको पालाको होइन, निजी आर्जनको हो भन्ने पनि वादी दाबी भएको देखिँदैन। यस्तो अवस्थामा रहेको घर जग्गा पिता पुर्खाको पालाकै देखिएकाले त्यस्तो सम्पत्तिको व्यवहार घरको मुख्यको हैसियतले प्रतिवादी प्रेमबहादुर दमैले गर्न नपाउने भन्न मिल्दैन। अचलमा आधीभन्दा बढी बिक्री गरेकोलाई सदर हुँदैन" भन्ने कानूनी व्यवस्थाको आड लिएर प्रतिवादीले गरेको व्यवहारलाई जालसाजी भन्न मिल्ने होइन। अचलमा आधीभन्दा बढी सम्पत्ति बिक्री गर्दा एक्काइस वर्ष नाघेका स्वास्नी छोरा अविवाहित छोरी, बुहारीको मन्जुरी लिनु पर्ने कानूनी बाध्यताको प्रश्न छ त्यस तर्फ हेर्दा प्रतिवादी प्रेमबहादुर दमैले घर जग्गा बिक्री गर्दा यी पुनरावेदक वादी सावित्री दमैमात्र २१ वर्ष नाघेकी र अरू छोरा छोरी एक्काइस वर्ष नपुगेका देखिनाले छोरा छोरीको मन्जुरी लिनु पर्ने वा उनीहरू लिखतमा साक्षी बस्नु पर्ने पनि होइन। यी पुनरावेदिका

सावित्री दमै लोग्ने प्रतिवादी प्रेमबहादुर दमैसँग साथमै एउटै घरमा बसेको अवस्थामा निजको मन्जुरी नलिई निज प्रतिवादीले घर जग्गा बिक्री गरेका होलान भनेर बिना आधार प्रमाण विश्वास गर्न सकिदैन।

६. लोग्नेबाट घरदेखि अन्यत्रै बसोबास गरेको भन्न नसकेको अवस्थामा घरमा लोग्नेसँग सँगै बस्ने वादीले लोग्नेले गरेको व्यवहार थाहा नपाउने भन्ने अवस्था पनि हुँदैन । त्यसैले अंशबन्डाको १९(१) को वादी दाबी एवम् पुनरावेदन जिकिर पुष्टि हुन सक्दैन। लेनदेन व्यवहारको १० नं. को अवस्था विद्यमान रहेको भए त्यसतर्फ लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र लिखत बदरतर्फको नालेस दिन सक्नुपर्छ। जालसाजीको तत्त्वहरू नै विद्यमान नभएको अवस्थामा जालसाजीतर्फको हदम्यादको दाबी लिई नालेस गर्न पाउने भन्ने हुँदैन।

७. लेनदेन व्यवहारको १० नं. बमोजिम लिखत बदरतर्फ दाबी नपरी जालसाजीमा मात्रै दाबी परेको र लोग्नेसँग सँगै घरमा बसेको अवस्थामा ४ वर्षपछि लोग्नेले घर जग्गा बिक्री गरेको कुरा थाहा पाएको भनी थाहा पाएको मितिबाट हदम्याद कायम गरी वादी जालसाजीतर्फको दाबी लिई आएकोलाई उपचारको उचित मार्ग अवलम्बन गरी आएको भन्न मिल्दैन। घर जग्गा बिक्री गरेको लोग्नेसँग साथैमा एउटै घरमा बसेकी श्रीमती यी पुनरावेदक वादीलाई लोग्नेले घर जग्गा बिक्री गरेको कुरा तत्कालै थाहा नहुने कुरै नहुँदा बसी रहेको घर छोड्न नपरोस् भन्ने उद्देश्यले मात्रै जालसाजीतर्फको दाबी गरेको भन्नु पर्ने अवस्था आउँछ । यस्तोमा जालसाजीतर्फको हदम्यादसमेत आकृष्ट हुन सक्दैन।

८. अतः माथि विवेचित आधार र कारणबाट जालसाजीतर्फको वादी दाबी नपुग्ने ठहर्‍याएको कास्की जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०६७।०९।१८।१ को फैसलामा कुनै कानूनी त्रुटि विद्यमान नरही उक्त फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
मा.न्या.गोविन्दकुमार उपाध्याय

इति संवत् २०७१ साल मङ्सिर २३ गते रोज ३ शुभम्।
इजलास अधिकृत :- बाबुराम सुवेदी

## निर्णय नं.९४१७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
आदेश मिति : २०७१।०६।५
०६६-WO-०२९३

विषय : उत्प्रेषण

निवेदक : धनुषा जिल्ला, बसहिया गा.वि.स. वडा नं. ३ बस्ने धर्मेन्द्रलाल कर्णकी श्रीमती कल्पनाकुमारी कर्ण।

विरूद्ध

प्रतिवादी : पुनरावेदन अदालत, जनकपुरसमेत

- **स्वास्नी छोराहरू सँगसँगै रहेको अवस्थामा घरको मुख्यको हैसियतले गरेको व्यवहारप्रति निजको प्रथम जिम्मेवारी हुने भए पनि त्यस्तो व्यवहारमा ऋण खाँदा सँगै बस्नेले जिम्मेवारी लिनै नपर्ने भन्ने**

**हुँदैन । एकासगोलको परिवारमा लिएको ऋण पनि सगोलकै सम्पत्तिबाट तिर्नपर्ने कुरामा विवाद हुन नसक्ने ।**

(प्रकरण नं. २)

- **सगोलको परिवारमा रहँदा घर व्यवहार गर्ने मुख्य व्यक्तिको हैसियतले गरेको व्यवहारप्रतिको पहिलो जवाफदेहिता त्यस्तो व्यवहार गर्ने मुख्य व्यक्तिउपर हुनु पर्ने भएपनि त्यस्तो व्यक्तिले रेको व्यवहार सामूहिक हित प्रयोजनको लागि भएकाले त्यस्तो ऋणबाट लाभ लिने सबैले त्यस्तो ऋणप्रतिको दायित्वलाई निर्वाह गर्नु पर्ने नै हुन्छ। सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्तिबाट बढे बढाएको सम्पत्तिमा सबैको बराबरी हक लाग्ने तर सगोलको परिवारको ऋण तिर्ने दायित्व सबैको बराबरी नहुने भन्ने हुँदैन । त्यसै हुनाले सबैले खाएको ऋणउपरको दायित्व घरको मुख्यको मात्रै हुन्छ भन्न न्यायसङ्गत र कानूनसम्मत दुवै हुन नसक्ने ।**
- **पारित बन्डापत्रको मितिभन्दा अगावै खडा भएको तमसुकअनुसारको ऋण तिर्ने दायित्व ऋण खाने समयमा सँगै बस्ने १२ वर्ष उमेर पुगेका परिवारका सबै सदस्यको हुने भनी मुलुकी ऐन, दण्डसजायको २६ नं. मा कानूनी व्यवस्था भएकैबाट ऋण लिने परिवारको मुख्य व्यक्तिको सम्पत्तिमात्र पक्रनु पर्ने भन्न र त्यस्तो व्यक्तिको नाममा कुनै चल अचल सम्पत्ति केहि बाँकी रहेको नदेखिएको अवस्थामा ऋण खाँदासँगै बसेका अन्य स्वास्नी छोराहरूको नाउँमा रहेको सम्पत्तिबाट साहुले आफ्नो लेनदेनको बिगो असुल गर्न नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं. ३)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल

विपक्षीको तर्फबाट : विद्वान् अधिवक्ता जानकीप्रसाद गिरी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्डसजायको २६ नं.

आदेश

**न्या.कल्याण श्रेष्ठ :** नेपाल अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको तथ्य र ठहर यसप्रकार रहेको छ :-

तथ्य खण्ड :

रिट निवेदनको सङ्क्षिप्त व्यहोराः

विपक्षीमध्येकी रेणुदेवी शर्मा विपक्षी अशोककुमार शर्माकी स्वास्नी र विपक्षी अमितकुमार शर्मा तथा विपक्षी अजितकुमार शर्मा छोरा नाता पर्दछन् । विपक्षीहरू सबै एकासगोलमा रहे भएको बखत घर व्यवहार चलाउनका निमित्त घरको मुख्य मानिसको हैसियतले मिति २०५६।८।१६ का दिन म रिट निवेदकबाट कपाली तमसुक गराई रू.३,८०,०००।00 (अक्षेरूपी रू. तिन लाख असी हजार रूपैयाँ मात्र) दिएकामा झण्डै आठ वर्षपछि साँवा ब्याज दिलाई भराई पाउँ भनी धनुषा जिल्ला अदालतमा मिति २०६४।७।१२ गते लेनदेन मुद्दा दायर गरेकी थिए । उक्त मुद्दामा विपक्षी अशोककुमार शर्माले प्रतिउत्तर नफिराई बसेकोबाट मेरो फिराद दाबीअनुसार साँवा ब्याजसमेत भरी पाउने ठहरी मिति २०६५।३।८ धनुषा जिल्ला अदालतबाट फैसला भई सो फैसला अन्तिम अवस्थामा रहेको छ ।

उक्त लेनदेन मुद्दा मैले दायर गरेपछि विपक्षी अशोककुमार शर्माले आफ्नो नाउँको जग्गा मेरो साँवा ब्याज भरी भराउ नहुन्जेलसम्मको लागि अन्यत्र कसैलाई बिक्री दान दातव्य वा हक हस्तान्तरण गर्न

नपाओस् भन्ने हेतुले अ.बं. १७१(क) नं. बमोजिम धनुषा जिल्ला अदालतमा निवेदन उद्देश्यले विपक्षी अशोककुमार शर्माको नाउँमा के कति र कहाँ जग्गा पर्दछ भनी मालपोत कार्यालय, धनुषामा सम्पर्क गर्दा निज प्रतिवादीले मेरो साँवा ब्याज नतिर्ने कुनियत चिताई मसँग ऋण लिएको तिन साता पनि नबित्दै मिति २०५६।९।५ मा मालपोत कार्यालय, धनुषामा गई आफ्नो नाउँमा देखावटीरूपमा जम्मा २ कित्ता गरी क्षेत्रफल ०-३-१० जग्गा मात्र राखी बाँकी जग्गाहरू स्वास्नी र छोराद्वयको नाउँमा रहने गरी अंशबन्डाको कागज खडा गरेका रहेछन्। निज अशोककुमार शर्माले आफ्नो नाउँमा राखेको २ कित्ता जग्गामध्ये जिल्ला धनुषा बसहिया गा.वि.स. वडा नं. १ को कि.नं. ३५१ को क्षेत्रफल ०-२-७-१/२ जग्गा अंशबन्डा गरेको एक साता पछि मात्र आफ्नो छोरा अजितकुमार शर्मालाई हालैदेखिको बकसपत्र गरी दिएको र बाँकी रहेको जिल्ला धनुषा बसहिया गा.वि.स. वडा नं. ४(क) कि.नं. १३०२ को क्षेत्रफल ०-१-१/२ जग्गा समिला खातुनलाई हक हस्तान्तरण गरी आफू जग्गा विहीनरूपमा रही बसेको हुँदा निजले मेरो साँवा ब्याज पचाउन जाल प्रपञ्च रचेको कुरा स्पष्ट हुन आएको छ।

यसरी निज ऋणी अशोककुमार शर्माले आफ्नो नाउँमा कुनै जग्गा नराखेको भए तापनि सगोलमा रहे भएको बखत घरको काम व्यवहार गर्ने मूली निज अशोककुमार शर्माले घर व्यवहार चलाउनको निमित्त लिएको ऋण तिर्ने दायित्व पनि निज अशोककुमार शर्मा, निजकी स्वास्नी र छोरा द्वयको पनि भएकाले ऋण लिएपछि गरेको अंशबन्डालाई आधार बनाई ऋण (साँवा ब्याज) तिर्नेदायित्वबाट परिवारको कुनै सदस्यले उन्मुक्ति पाउन सक्दैनन्। विपक्षी अशोककुमार शर्माको नाउँमा मेरो सावाँ ब्याज असुलउपर हुन सक्ने जग्गा नदेखिएकाले निजका स्वास्नी र छोराहरूको नाउँको जग्गा रोक्का राखी पाउन धनुषा जिल्ला अदालतमा मिति २०६४।७।१४ गते निवेदन दिएकामा धनुषा जिल्ला अदालतबाट मिति २०६४।७।१५ मा जग्गा रोक्का राख्ने गरी आदेश भई सोहीअनुसारको पत्र मिति २०६४।७।१६ मा नै पठाई सकेको अवस्था छ । साथै बिगो भरी भराउतर्फ मेरो निवेदन धनुषा जिल्ला अदालतमा मिति २०६५।५।१७ मा दर्ता भै कार्यवाहीयुक्त अवस्थामा छ।

बिगो भरी भराउतर्फको मेरो निवेदन परी कार्वाहीयुक्त अवस्था भै रहेकामा विपक्षी अशोककुमार शर्माकी स्वास्नी रेणु देवी शर्मा र निजको छोरा द्वय अमितकुमार शर्मा तथा अजितकुमार शर्मासमेतले ऋण नतिर्ने नियतले मिति २०६५।८।२२ मा जग्गा रोक्का राख्ने आदेश खारेज गरी पाउन निवेदन दिएकामा धनुषा जिल्ला अदालतबाट रोक्का फुकुवा गर्न नमिल्ने भनी २०६५।९।२५ मा आदेश भएको र सो आदेशउपर विपक्षीहरू १७ नं. को निवेदन लिई पुनरावेदन अदालत, जनकपुरमा गएकामा सो अदालतबाट १७ नं. को निवेदनमा मिति २०६६।५।२६ गते तोक आदेश हुँदा "दण्ड सजायको २६ नं. मा भिन्न हुनेको अंशसमेत भनी उल्लेख रहेकाले बिगो भरी भराउन प्रतिवादीका नाउँमा जग्गा भए पहिलो प्राथमिकता निजको नाउँको जग्गा रोक्का राख्नु पर्नेमा भिन्न भएको अंशियारको नाउँको जग्गा मात्र रोक्का राखेको मिलेको नहुँदा तहाँबाट मिति २०६५।९।२५।६ मा जग्गा फुकुवा गर्न मिलेन भनी गरेको आदेश मिलेको नहुँदा उक्त आदेश बदर गरिदिएको छ र निवेदनको मागबमोजिम जग्गा फुकुवा गरी कानूनबमोजिम गर्नु" भनी धनुषा जिल्ला अदालतको नाउँमा कानूनविपरीत आदेश भएकाले सोबाट मेरो साँवाब्याज असुलउपर गर्ने कार्यमा नै बाधा पर्नेभएको छ।

दण्ड सजायको २६ नं. मा "दुनियाको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टी सँग बसेको वा त्यो धन खाँदासँगै बसेका पछि भिन्न हुनेको अंशसमेत जायजात गर्नुपर्छ" भनी स्पष्ट र बाध्यात्मक कानूनी प्रावधान छ। प्रस्तुत सन्दर्भमा पनि विपक्षी रेणुदेवीसमेत विपक्षी अशोककुमार शर्मासँगै सगोलमा नै तमसुक खडा हुँदा रहे बसेको र उक्त ऋण सबैले खाएको निर्विवाद छ । ऋण खाएपछि मात्र अंशबन्डा गरेको हुँदा सो

अंशबन्डालाई ऋण नतिर्ने आधार मान्न सकिँदैन। सबै विपक्षीहरू १२ वर्षमाथिका छन् र विपक्षी अशोककुमार शर्माले तमसुक गर्दा स्वास्नी छोराहरू मानो छुट्टिएका थिए। त्यसबेलाको कुनै लिखतसमेत पेस गर्न सकेको पाइदैन । ऋण लिएको मितिपछिको अंशबन्डाको लिखतले विपक्षीहरूलाई मद्दत गर्न सक्दैन। पुनरावेदन अदालतको आदेशमा दण्ड सजायको २८ नं. को गम्भीर त्रुटि रहेको छ। साथै सो आदेशमा सर्वोच्च अदालतबाट *ने.का.प.* २०५८ भाग ४३ अङ्क १/२ नि.नं. ६९८३ मा र *ने.का.प.* २०५९ भाग ४४ अङ्क ३/४ नि.नं. ७०८५ मा प्रकाशित नजिरहरू समेतको प्रतिकूल रहे भएकाले सोसमेतलाई दृष्टिगत गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६६।५।२६ मा भएको कानूनी त्रुटिपूर्ण आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी धनुषा जिल्ला अदालतको जग्गा रोक्का राख्ने आदेश कायम राखी पाउन परमादेश जारी गरी पाउन र पुनरावेदन अदालत, जनकपुरको आदेशले रोक्का फुकुवा भएको जग्गाहरू तत्कालै कुनै प्रकृयाद्वारा हक हस्तान्तरण कुनै विधिले नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाऊँ।

यस अदालतबाट मिति २०६६।६।२७ मा जारी भएको प्रारम्भिक आदेशः

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षी नं. १, ६ र ७ लाई र बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेनदको एक प्रति नक्कल साथै राखी अन्य विपक्षीहरूलाई सूचना पठाई म्यादभित्र लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै अन्तरिम आदेशको मागसम्बन्धमा विचार गर्दा मिति २०५६।८।१६ को लिखतपश्चात् मिति २०५६।९।५ मा मात्र विपक्षीहरू भिन्न भएको भन्ने हुँदा मुलुकी ऐन दण्ड सजायको २६ नं. परिप्रेक्ष्यबाट विचार गर्दा पुनरावेदन अदालत जनकपुरको मिति २०६६।५।२६ को आदेश कार्यान्वयन नगरी रिट निवेनदको टुङ्गो नलागेसम्म पूर्ववत् रोक्का राख्नु भनी विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ । यो आदेशको सूचना विपक्षीहरूलाई दिई कानूनबमोजिम गर्नू।

विपक्षी पुनरावेदन अदालत, जनकपुरले पेस गरेको लिखित जवाफको सङ्क्षिप्त व्यहोराः

निवेदिका वादी कल्पनाकुमारी कर्ण र विपक्षी अशोककुमार शर्मा भएको लेनदेन मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०६५।३।८ गते भएको अन्तिम फैसलाअनुसार साँवा ब्याज भराई पाउन बिगोतर्फ कारवाही भै निवेदक अशोककुमार शर्मा एकासगोलमा रहेको बखत सामूहिक रूपमा उपभोग गरेको ऋण तिर्ने दायित्वबाट पन्छिन मालपोत कार्यालय, धनुषामा गै देखावटी रूपमा जम्मा २ कित्ता ०-३-० जग्गा मात्र आफ्नो नाउँमा राखी बाँकी जग्गाहरू स्वास्नी छोराछोरीको नाउँमा रहने गरी अंश बन्डाको कागज खडा गरी आफ्नो जग्गा मध्ये ०-२-७१/२ जग्गा छोरा अजितकुमार शर्मा र बाँकी जग्गा समला खातुनलाई हक हस्तान्तरण गरी आफू जग्गा विहीनरूपमा साँवा ब्याज पचाउन रहेकाले अंशबन्डालाई आधार विपक्षी रेणु देवी, अमितकुमार र अजितकुमारको जग्गासमेत रोक्का राख्न दिएको अ.बं. १७१ कि.नं. बमोजिमको निवेदनमा रोक्का राखी दिने गरी भएको धनुषा जिल्ला अदालतको मिति २०६४।७।१५ को आदेश बदर गरी पाउन विपक्षी अशोककुमार शर्माले यस अदालतमा दिएको निवेदनमा कैफियत माग भै यस अदालतबाट मिति २०६६।५।२६ मा "यसमा दण्ड सजायको २६ नं. मा भिन्न हुनेको अंशसमेत भनी उल्लेख रहेकाले बिगो भरी भराउन प्रतिवादीका नाउँमा जग्गा भए पहिलो प्राथमिकता निजको नाउँको जग्गा रोक्का राख्नु पर्नेमा भिन्न भएको अंशियार नाउँको जग्गा रोक्का राख्को

मिलेको नहुँदा तहाँबाट मिति २०६५।९।२५ मा जग्गा फुकुवा गर्न मिल्ने भनी गरेको आदेश मिलेको नहुँदा उक्त आदेश बदर गरिदिएको छ। निवेदकको मागबमोजिमको जग्गा फुकुवा गरी कानूनबमोजिम गर्नू" भनी आदेश भै प्रतिवेदन सम्बन्धित जिल्ला अदालतमा चलान भै गएको देखिन्छ।

कानूनबमोजिमको अधिकारक्षेत्र ग्रहण गरी कानूनबमोजिम नै यस अदालतबाट आदेश भएको हुँदा यस अदालतको उक्त आदेशबाट रिट निवेदनमा उल्लेख गरेबमोजिम रिट निवेदकको संविधान प्रदत्त मौलिक हक हनन् नभएकाले निवेदकको रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ।

विपक्षीहरू रेणु देवी शर्मा, अमितकुमार शर्मा र अजितकुमार शर्माले पेस गरेको लिखित जवाफ।

हाम्रा पति तथा पिता अशोककुमार शर्माले पैतृक सम्पत्ति हिनामिना गर्न लाग्नुभएकाले वहाँसँग हाम्रो हित चित्त नमिली गाउँघरमा नै भद्र भलादमीको रोहवरमा २०५६ साल भाद्र महिनामा चल सम्पत्ति तत्कालै छुट्टयाई निजसँग चुलोमानो छुट्टी हामी बेग्लै बसी आ-आफ्नो खति उपत्ति आफैं व्यहोरी २०५६।९।७ गतेका दिन अचल सम्पत्तिहरू छुट्टयाई र.नं. ६१३९ को अंशबन्डा पत्र मालपोत कार्यालय धनुषाबाट पारित गरेको र सोमा २०५६ साल भाद्रमा मानो चुल्हो छुट्टिएको स्पष्ट उल्लेख भएबाट कथित तमसुकको मितिअघि नै हामी निज पति तथा पितासँग भिन्न भै अलग रहेबसेको प्रष्ट छ । त्यसकारण सबै सगोलमा नै तमसुक खडा भएको र ऋण सबैले खाएको भनाइ बिलकुल गलत हो । निवेदनमा तमसुक खडा हुँदा भन्ने प्रयोग भएको शब्दबाट ऋण लिनुदिनु नभई हामीलाई दुःख दिन विपक्षी पति पिता र निवेदकको मिलोमतोमा तमसुकसम्म खडा भएको बुझिन्छ जसबाट निवेदकको मनसाय गलत रहेको प्रष्ट छ।

हामी उल्लिखित तमसुक खडा हुनु गरिनु अघि नै मानो छुट्टी बेग्लै भएको कुरा उक्त बन्डापत्रबाटै प्रष्ट हुँदा तेस्रो भनाइ खण्डित हुन्छ । हामी २०५६ भाद्र देखि नै चुल्हो मानो छुट्टिएपछि आ-आफ्ना लागि हामी सबै आफ्ना घरका मुख्य हौँ। विपक्षी पति पिता हाम्रो मुख्य रहनुभएको अवस्था छैन र सो कुरा उक्त बन्डापत्रबाट प्रमाणित भै रहेको छ । विपक्षीले दाबी गरेको ऋण हामीले खाएकोसमेत नहुँदा पुनरावेदन अदालत जनकपुरबाट हाम्रो जग्गा फुकुवा गर्ने गरी भएको मिति २०६६।५।२६ को आदेश बदर हुनु पर्ने होइन । विपक्षीको निराधार, तर्कहीन, गैरकानूनी निवेदन मागदाबी खारेज गरिपाऊँ।

विपक्षी अशोककुमार शर्माले पेस गरेको लिखित जवाफ।

विपक्षी बनाइएका विपक्षीहरू पत्नी रेणुका देवी र छोराहरू अमित र अजितसँग २०५६ साल भाद्र महिनामा चल सम्पत्ति भागबन्डा गरी चुल्हो मानो छुट्टी बसेको र अचल सम्पत्ति २०५६।९।७ मा अंश बन्डा पारित गरी छुट्ट्याइदिएको हो । गाउँको घर घडेरी र अन्य घडेरी जग्गा र मेरो आमाको नामको जग्गासमेत मैले नै लिएकाले सोबाहेकको छुट्टयाई भिन्न गरी दिएको हो । मानो छुट्टिएको मितिसमेत अंशबन्डा लिखतमा उल्लेख भएकै छ । निवेदकले उल्लेख गरेको मितिमा उनीहरू मबाट अलग भै बेग्लै बसी आएका हुन् भन्ने कुरा उक्त बन्डापत्रबाट प्रष्ट हुन्छ। विपक्षीले उनीहरूको जग्गाबाट असुलउपर गर्न पाउने होइन । विपक्षीको सम्पूर्ण प्रश्नको जवाफ उक्त लिखतबाट स्पष्ट छ।

आदेश खण्ड :

नियमबमोजिम निर्णयार्थ पेस भएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले ऋण खाँदा सगोलमा बस्ने परिवारका सबै सदस्यहरूको ऋण तिर्ने दायित्व रहेको हुन्छ । घरको मुख्यको हैसियतले ऋण लिएको भए पनि त्यस्तो ऋण खाने १२ वर्षमाथिका सबैको ऋण तिर्नु पर्ने दायित्वलाई

मुलुकी ऐन दण्ड सजायको २६ नं. ले स्वीकार गरेको छ । ऋण खाँदा सगोलमा रहेका र पछि अंशबन्डा भई अलग भएको अवस्थामा ऋण लिने घरको मुख्यको नाउँमा कुनै सम्पत्ति नदेखिएको अवस्थामा अन्यको नाउँको सम्पत्तिबाट बिगो भराउने कानूनी व्यवस्थाको विपरीत गई जिल्ला अदालतले रोक्का राखेका जग्गाहरू फुकुवा गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको आदेशमा दण्ड सजायको २६ नं. को गम्भीर त्रुटि विद्यमान हुँदा पुनरावेदन अदालतको मिति २०६६।५।२६ को आदेश उत्प्रेषणको आदेशले बदर गरी न्याय इन्साफ होस् भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी रेणुदेवी शर्मासमेतको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जानकीप्रसाद गिरीले घरसारमा विपक्षी पिता अशोककुमार शर्मासँग चल सम्पत्ति लिई घरसारमा ऋण लिएको तमसुक खडा हुनुभन्दा अघि नै स्वास्नी छोराहरू अलग भएको अवस्था छ । ऋण लिनुभन्दा अघि नै छुट्टि भिन्न भई मानु चुलोसमेत अलग अलग गरी अचल सम्पत्ति पछि बन्डा भएको अवस्था हो । ऋण लिँदा अलगअलग भइसकेका व्यक्तिहरूको नाउँको सम्पत्तिबाट रिट निवेदकको बिगो भराउन नमिल्ने हुँदा पुनरावेदन अदालतको आदेशमा कानूनी त्रुटि नहुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

उल्लिखित बहस जिकिरलाई मनन गर्दै रिट निवेदन पत्र एवम् लिखित जवाफसहितका मिसिल संलग्न कागजातहरूको अध्ययन गरी रिट निवेदकको मागबमोजिमको आदेश जारी हुने नहुने के हो त्यसैमा विचार गरी निर्णय गर्नु परेको छ ।

यसमा रिट निवेदकको मुख्य मागदाबीमा विपक्षीहरू अशोककुमार शर्मा एवम् निजकी श्रीमती र छोराहरू ऋण लिदा एकासगोलमा रहेका र पछि अंशबन्डा भई अलग भएको हुँदा ऋण लिने घरको मुख्यको नाउँमा केही सम्पत्ति नदेखिएको अवस्थामा ऋण खाँदा सँगै बसेका अन्यको सम्पत्तिबाट ऋण असुलउपर गर्नुपर्ने भई निज विपक्षीहरूको नाउँका जग्गा रोक्का रहेकामा पुनरावेदन अदालतले फुकुवा गर्ने गरी गरेको आदेश कानूनी त्रुटिपूर्ण रहेको छ । सो आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रहेको छ । रिट निवेदकको मागदाबीको खण्डन स्वरूप विपक्षीहरूको तर्फबाट पेस भएको लिखित जवाफमा ऋण लिनुभन्दा अगावै चल सम्पत्ति बुझि छुट्टी भिन्न भई सकेको र पछि अचल बन्डा गरिएको तथा ऋण लिंदा एकासगोल मै नरहेका व्यक्तिहरूको नाउँको सम्पत्तिबाट बिगो भराउन निमल्ने हुँदा धनुषा जिल्ला अदालतले जग्गा रोक्का राख्ने गरी गरेको आदेशलाई पुनरावेदन अदालत, जनकपुरले बदर गरेको अवस्था हुँदा सो आदेश कानूनसम्मतकै हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था छैन भन्ने रहेको छ ।

२.निर्णयतर्फ विचार गर्दा, स्वास्नी छोराहरू सँगसँगै रहेको अवस्थामा घरको मुख्यको हैसियतले गरेको व्यवहारप्रति निजको प्रथम जिम्मेवारी हुने भए पनि त्यस्तो व्यवहारमा ऋण खाँदा सँगै बस्नेले जिम्मेवारी लिनै नपर्ने भन्ने हुँदैन । एकासगोलको परिवारमा लिएको ऋण पनि सगोलकै सम्पत्तिबाट तिर्नपर्ने कुरामा विवाद हुन सक्दैन । रिट निवेदक र विपक्षी अशोककुमार शर्मा भई मिति २०५६।८।१६ मा कपाली तमसुक खडा गरी रू.३,८०,००।- (तीन लाख असी हजार रूपैयाँ मात्र) ऋण लिनु दिनु गरेको तथ्यलाई विपक्षीहरूले अस्वीकार गर्न सकेका छैनन् । विपक्षीहका बीच भएको मिसिल संलग्न रहेको पारित अंश बन्डाको लिखतको प्रतिलिपि हेर्दा सो लिखत मिति २०५६।९।५ मा खडा भई मिति २०५६।९।७ मा रजिस्ट्रेसन पारित भएको अवस्था देखिन्छ । सोबाहेक अरू प्रमाणले पुष्टि नभएको अवस्थामा सो मितिभन्दा अघि विपक्षीहरू एकासगोलमा नै रहेबसेको मान्नु पर्ने हुन्छ । ऋण लिएको तमसुकको मिति २०५६।८।१६ गतेदेखि रहेको अवस्थामा सो मितिभन्दा पछि अंशबन्डा पारित भएकोलाई अंश बन्डाको पेट बोलीमा घरसारमा अलग भइसकेको थियौं भन्ने कुरा

लेखेकै भरमा विवादित ऋण तमसुक हुनुभन्दा अघि नै विपक्षीहरू छुट्टी भिन्न भई सकेका रहेछन् भन्न कानूनन् पनि मिल्दैन।

३. सगोलको परिवारमा रहँदा घर व्यवहार गर्ने मुख्य व्यक्तिको हैसियतले गरेको व्यवहारप्रतिको पहिलो जवाफदेहिता त्यस्तो व्यवहार गर्ने मुख्य व्यक्तिउपर हुनु पर्ने भएपनि त्यस्तो व्यक्तिले रेको व्यवहार सामूहिक हित प्रयोजनको लागि भएकाले त्यस्तो ऋणबाट लाभ लिने सबैले त्यस्तो ऋणप्रतिको दायित्वलाई निर्वाह गर्नु पर्ने नै हुन्छ। सगोलमा रहेको अवस्थामा सगोलको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिमा सबैको बराबरी हक लाग्ने तर सगोलको परिवारको ऋण तिर्ने दायित्व सबैको बराबरी नहुने भन्ने हुँदैन। त्यसै हुनाले सबैले खाएको ऋणउपरको दायित्व घरको मुख्यको मात्रै हुन्छ भन्न न्यायसङ्गत र कानूनसम्मत दुवै हुन सक्दैन। पारित बन्डापत्रको मितिभन्दा अगावै खडा भएको तमसुकअनुसारको ऋण तिर्ने दायित्व ऋण खाने समयमा सँगै बस्ने १२ वर्ष उमेर पुगेका परिवारका सबै सदस्यको हुने भनी मुलुकी ऐन, दण्डसजायको २६ नं. मा कानूनी व्यवस्था भएकैबाट ऋण लिने परिवारको मुख्य व्यक्तिको सम्पत्ति मात्र पक्रनु पर्ने भन्न र त्यस्तो व्यक्तिको नाममा कुनै चलअचल सम्पत्ति केही बाँकी रहेको नदेखिएको अवस्थामा ऋण खाँदा सँगै बसेका अन्य स्वास्नी छोराहरूको नाउँमा रहेको सम्पत्तिबाट साहुले आफ्नो लेनदेनको बिगो असुल गर्न नपाउने भन्न मिल्दैन।

४. अतः माथि उल्लिखित विवेचनाको आधार एवम् कारणबाट धनुषा जिल्ला अदालतबाट विपक्षीहरू रेणुदेवी शर्मा, अमितकुमार शर्मा र अजितकुमार शर्माको नाउँमा रहेको जग्गा रोक्का राख्ने गरी मिति २०६५।०९।२५ मा भएको आदेश बदर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६६।०५।२६ को आदेश मुलुकी ऐन, दण्डसजायको २६ नं. मा भएको कानूनी व्यवस्थासमेतको सन्दर्भमा त्रुटिपूर्ण रहेको देखिदा त्यस्तो आदेशलाई कायम राख्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिएको छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
मा.न्या. गोविन्दकुमार उपाध्याय।

इति संवत् २०७१ साल असोज ५ गते रोज १ शुभम्।
इजलास अधिकृत:- बाबुराम सुबेदी

## निर्णय नं.९४१८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मितिः २०७२।०२।३२।२
०६८-CR-०३३५

मुद्दाः ज्यान मार्ने उद्योग।

पुनरावेदक/पक्षःजिल्ला कैलाली, धनगढी नगरपालिका वडा नं. १२ बस्ने देवी शाहीको जाहेरीले नेपाल सरकार।

विरूद्ध

प्रत्यर्थी/विपक्षीः जिल्ला कैलाली, धनगढी नगरपालिका वडा नं. १२ ए गाउँ बस्ने प्रेम शाही।

- **वारदातमा पीडितको शरीरमा भएको घाउ चोटको अवस्था सामान्य प्रकृतिको देखिन आएको र सो कुरालाई प्रतिवादीका साक्षीले**

**अदालतमा गरेको बकपत्र र जाहेरवाला स्वयम्ले अदालतमा आई झगडासम्म भएको भनी दिएको निवेदन व्यहोराबाट समर्थित गरेको देखिँदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको श्रेणी अन्तर्गत पर्ने नदेखिई कुटपिटसम्म भएको पुष्टि हुन आउने।**

(प्रकरण नं. ५)

- **कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक प्रकृतिका अपराध हुन् । ज्यान मुद्दामा रहने आपराधिक तत्त्वहरू मनसाय, योजना, तयारी र कार्य (Commission of crime) ज्यान मार्ने उद्योगमा समेत समान रूपमा रहेका हुन्छन् तर ज्यान मार्ने उद्योगमा केवल प्रतिवादीले इच्छाएको परिणाम मात्र प्राप्त गरेको हुँदैन । ज्यान मार्ने उद्योगमा कर्ताको कार्य अपराधका मनसाय, योजना तयारी जस्ता सबै चरण पार गरी अपराध घटाउन नजिक पुगेको (Substantive step approach) र केही हस्तक्षेपका कारण उसको इच्छित परिणाम Carry out हुन नपाई अपराध गर्न असफल भएको (Last step approach) अवस्था रहन्छ। कुटपिटमा सामान्य चोट पुर्‍याउने उद्देश्य निहित रहनुका साथै परिणामको पूर्व जानकारी (Foresightness of concequences) पनि नभई ज्यानै लिने उद्देश्यले प्रहार गरेकोसमेत हुँदैन भने ज्यान मार्ने उद्योगमा सो अवस्था नरही प्रतिवादी कर्ताले पूर्व मनसाय राखी तयारीका साथ इच्छित परिणाम प्राप्त गर्न उन्मुख भई काम गरेको हुन्छ । केवल इच्छाएको परिणाम मात्र पूरा भएको हुँदैन। ज्यान मार्ने उद्योगमा मनसाय तत्त्वले ठूलो महत्त्व राख्छ। मनसाय थियो वा थिएन भन्ने कुरा पीडित उपर प्रहार गरेको हतियार र सोको प्रयोगमा प्रयोग गर्ने व्यक्तिको इच्छामा निर्भर रहने गर्दछ। प्रस्तुत मुद्दामा ज्यानै मार्ने उद्देश्यले पूर्व तयारीका साथ वारदात घट्न पुगेको भन्ने कुरा निर्विवाद रूपमा प्रमाणित हुन नसकेको र वारदातको प्रकृति, घाउचोटको अवस्थासमेतलाई विचार गर्दा उक्त वारदात ज्यान मार्ने उद्योगअन्तर्गतको रहेछ भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि भएको देखिने।**

(प्रकरण नं. ६)

पुनरावेदक/पक्षका तर्फबाट :
प्रत्यर्थी/विपक्षीका तर्फबाट :
अवलम्बित नजिर:
सम्बद्ध कानून :

- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७

सुरू फैसला गर्नेः
मा.न्या. श्री नारायणप्रसाद धिताल
पुनरावेदन तहमा फैसला गर्नेः
मा.मुख्य न्या.श्री दीपकराज जोशी
मा.न्या. श्री वीर सिंह महरा

फैसला

**न्या. गिरीश चन्द्र लालः** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छः

मिति २०६६।३।८ गते घर परिवारका मानिसहरूले रातिको खाना खाई आ–आफ्नो कोठामा सुतिरहेको अवस्थामा ऐ. ३.३० बजेको समयमा मेरो ढोका ढक–ढक गरी आवाज गरेको हुँदा ढोका खोली हेर्दा एक्कासी अज्ञात व्यक्तिले मेरो घाँटीमा धारिलो हतियार प्रहार गरी घाँटीमा घाउ बनाइदिएको हुँदा घाउ जाँच गरिदिनुका साथै हतियार प्रयोग गर्ने

व्यक्तिसमेतलाई पत्ता लगाई कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरवाला देवी शाहीको सुरू निवेदन।

जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १२ जुगेडा ए गाउँस्थित पूर्वमा २ मिटर टाढा नहर, पश्चिममा १ सय मिटर टाढा बिजुलीको खम्बा पोल, उत्तरमा अं. ८ मिटर टाढा जुगेडा गाउँको कच्ची ग्राविल सडक बाटो र दक्षिणमा अं. १० मिटर टाढा जाहेरवाला कै खेतबारी जमिन यति चार किल्लाभित्र पर्ने स्थानमा टायलले छाएको उत्तर मोहडा भएको इट्टाको दिवाल भएको जाहेरवाला देवी शाहीको ४ कोठा पक्की घर रहेको मिति २०६६।३।८ गते राति अं. ३.३० बजेको समयमा जाहेरवाला देवी शाहीको कोठाबाट निस्की बीचको ग्यालरीमा पुग्दा दक्षिण पट्टिको ढोकाबाट जिल्ला कैलाली धनगढी नगरपालिका वडा नं. १२ जुगेडा ए गाउँ बस्ने वर्ष ४० को प्रेम शाहीले धारिलो हतियार चक्कु प्रहार गरेको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

म मिति २०६६।३।८ गते रातिको खाना खाई कोठामा सुतिरहेको अवस्थामा गाउँ कै प्रेम शाहीले ढोका ढक–ढक गरी आवाज गरेको हुँदा ढोका खोली हेर्दा एक्कासी अन्यायीले मेरो घाँटी तथा शरीरका विभिन्न भागहरूमा प्रहार गरी घाइते बनाएकाले निज अन्यायीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको जाहेरी दरखास्त।

मेरो श्रीमतीसँग जाहेरवाला देवी शाहीको छोरा प्रेमबहादुर शाहीले अनैतिक सम्बन्ध राखी मैले विदेशबाट पठाएको रूपैयाँसमेत हिनामिना गरी केही नराखेको हुँदा सोही रिसको कारण प्रेम शाहीलाई ठीक पार्नुपर्छ भनी मिति २०६६।३।८ गते बिहान अं. ३ बजेको समयमा तरकारी काट्ने सानो चक्कु बोकी निजको घरमा जाँदा प्रेम शाहीलाई प्रहार गर्न लाग्दा निज देवी शाहीलाई लाग्न गएको थियो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष गरिदिएको बयान कागज।

मिति २०६६।३।८ गते राति जाहेरवाला देवी शाहीको घरमा हो–हल्ला भएको सुनी म पनि उक्त स्थानमा जाँदा घाइते देवी शाहीलाई उपचारको लागि सेती अञ्चल अस्पताल धनगढीमा लगिसकेका थिए, उक्त स्थानमा गई हेर्दा जाहेरवालाको घरको दक्षिणपट्टिको छानोबाट ५।६ वटा जति टायल निकाली मान्छे पस्न सक्ने खालको प्वाल भएको घरको ग्यालरी तथा दक्षिणपट्टिको आँगनमा भुइँमा रगतका थोपाहरू थिए, सोही दिन निज प्रतिवादीले जाहेरवालाको घरमा गई निजको छोरा प्रेम शाहीलाई हान्न खोज्दा निज देवी शाहीलाई लाग्न गएको थियो भन्ने कुरा सुनी थाहा पाएको थिएँ भन्नेसमेत व्यहोराको धनकण शाही, भिमबहादुर सिंह, समला शाहीको एकै मिलानको मौकामा गरिदिएको कागज।

मिति २०६६।३।८ गते राति जाहेरवाला देवी शाहीको घरमा प्रतिवादी प्रेम शाही लुकीछिपी आई साथमा धारिलो हतियार छुरीसमेत ल्याई जाहेरबाली सो राति अं. ३.३० बजेको समयमा पिसाब गर्न भनी कोठाबाट बाहिर निस्किदा साथमा धारिलो हतियारले पछाडिबाट आक्रमण गरी घर आँगनमा लखेटी लछारपछार गरी भुइँमा पल्टाई जाहेरवालाको शरीरमाथि चढी साथमा ल्याएको छुरीले प्रहार गरेको थियो भन्ने कुरा सुनी थाहा पाएको थिएँ, निजहरूबीच के कुन विषयमा उक्त घटना भएको थियो केही थाहा छैन, निजलाई सजाय हुनैपर्छ भन्नेसमेत व्यहोराको धनबहादुर थापा, हर्कबहादुर विष्टसमेतका व्यक्तिहरूले गरेको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी प्रेम शाहीले रातिको समयमा जाहेरवाला देवी शाहीको घरको छानाबाट निजलाई मार्ने उद्देश्यले भित्र पसी निजको घाँटीमा तथा शरीरका विभिन्न भागमा धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएको देखिएकाले प्र. प्रेम शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १५ नं. को कसुर अपराधमा सोही महलको १५ नं. बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र।

म कामको सिलसिलामा दुबई गएको थिएँ, त्यहाँबाट आर्जन गरेको पैसा मैले मेरो परिवारको

खातामा पठाउने गर्दथेँ । एक्कासी मेरो परिवार कान नसुन्ने भएको हुँदा म दुबईबाट आएर मेरो परिवारलाई चेकजाँच गर्नको लागि काठमाडौं लगेको थिएँ, मेरो परिवार र म काठमाडौं भएको बेलामा मेरो परिवारको मोबाइलमा मिसकल आउने गरेकाले निज विपक्षीप्रति शङ्का लागेको थियो, काठमाडौंबाट घर फर्कने बेलामा मेरो परिवारलाई मैले दुबईबाट पठाएको पैसा खातामा कति छ भन्दा खातामा पैसा छैन भनेपछि निज विपक्षी प्रेम शाहीसँग मेरो परिवारको सम्बन्ध छ कि पैसा हिनामिना गर्ने कहीँ यही त होइन भनी निज विपक्षीलाई घर आएर २।४ पटक सम्झाएको थिएँ। पछि सम्झाउँदा पनि नमानेपछि खुकुरी चक्कु केही पनि नबोकी जाहेरवालाले उल्लेख गरेको मितिभन्दा एक हप्ता पहिले २।४ मुक्का हानेको हुँ र मैले औंलामा लगाएको औंठीले गर्दा खोस्रीएको हुन सक्छ अन्यथा खुकुरीले मैले हिर्काएको भए ऊ त्यहीँ मर्नु पर्थ्यो । मैले कुनै किसिमको पनि हतियार उठाएको छैन, जाहेरवालाको जाहेरी दरखास्तमा लेखेका कुरा कपोलकल्पित झुठ्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम शाहीले अदालतमा गरेको बयान।

मिति २०६६।३।८ गते रातिको ३ बजेको समयमा प्रतिवादी प्रेम शाहीले मेरो घाँटीमा, हातका औंलाहरू र दायाँ हातको भागमा छुरा प्रहार गरी म बेहोस भएको अवस्थामा मेरो घरका मानिसले निजलाई समात्न खोज्दा भागी गएको हो भन्नेसमेत व्यहोराको जाहेरवाला देवी शाहीले अदालतमा गरेको बकपत्र।

जाहेरवाला देवी शाहीलाई प्र. प्रेम शाहीले मिति मलाई थाहा छैन, बिहान करिब ३ बजेको समयमा जवाहेरवालाको घरभित्र छुरा प्रहार गरेको हो भन्ने कुरा सुनी थाहा पाएकी हुँ। मैले घटना भएको बिहान निज जाहेरवालालाई सेती अञ्चल अस्पतालमा भेट्दा घाँटी भरी घाउ थिए। निज बोल्न सक्ने अवस्थामा थिएनन् भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने समला शाहीले अदालतमा गरेको बकपत्र।

यी जाहेरवाला र प्रतिवादी प्रेम शाही बीच सामान्य झैं–झगडा भएको हो तर ज्यान मार्ने उद्योग प्रतिवादी प्रेम शाहीले गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रेम शाहीका साक्षी ईश्वरा शाहीले गरेको बकपत्र।

पीडितको घाउ जाँच गराउँदा सामान्य प्रकृतिका घाउहरू देखिएको छ भने प्रतिवादीले अदालतमा बयान गर्दा सामान्य कुटपिट भएको भन्ने कुरा लेखाएको पाइन्छ। धारिलो हतियार प्रयोग भएको भने पनि पेस हुन सकेको पाइँदैन । स्वयम् पीडितले यस अदालतमा यथार्थ व्यहोरा पेस गरेको भन्दै प्रतिवादीसँग सामान्य झगडा भएको हो । रिस उठी ज्यान मार्ने उद्योग मुद्दा दिएको भनी निवेदन गरेको देखिन्छ । पीडितको शरीरमा भएका घाउ खत हेर्दा पनि ज्यान लिनु पर्नेसम्मका घाउ नदेखिएका अन्य प्रमाणबाट प्रतिवादीले ज्यानै लिने हिसाबले हानेको ज्यान मर्न नपाएको भन्ने ठोस प्रमाण वादी पक्षबाट पेस हुन नआएकाले सबुत प्रमाणको अभावमा वादी दाबी नपुग्ने ठहर्छ भनी सुरू कैलाली जिल्लाबाट मिति २०६६।१०।६ मा भएको फैसला।

दशी बरामद नभएको आधारमा मात्र कसुरदार होइन रहेछ भन्न मिल्दैन । घाँटीको दायाँ साइडमा ७×५ से.मि. को घाउ भएको भन्नेसमेत व्यहोराको घाउ जाँच केस फाराममा उल्लेख भएको अवस्थामा धारिलो हतियार प्रयोग गरी मार्ने नियतले घाँटीमा प्रहार गरेको कुरा प्रष्ट देखिन्छ तसर्थ दशी बरामद नभएको भन्ने आधारमा वादी दाबी पुग्न सक्दैन भनी ठहर गरेको फैसला बदरभागी छ । उक्त फैसला बदर गरी अभियोग मागदाबीबमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

यसमा पीडितको शरीरमा घाउ चोट भएको तथ्यमा विवाद नभएको स्थितिमा सुरूबाट वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको फैसला फरक पर्न सक्ने देखिदा छलफलका निम्ति अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफल लागि प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत दिपायलको मिति २०६७।५।२० को आदेश।

जाहेरवालालाई यी प्रत्यर्थीले खुकुरीले ज्यान मार्ने नियतले घाँटीमा प्रहार गरेको भने पनि अस्पतालबाट भएको घाउ जाँचको फाराममा खोस्रिएको (Lacerated injury) भन्ने उल्लेख भएको छ । धारिलो हतियार प्रयोग भएमा काटिएको (Cut injury) उल्लेख हुनु पर्ने सोसमेत नभएको सामान्य प्रकृतिको घाउ भएको र स्वयम् जाहेरवालाले २०६६।६।१९ मा जिल्ला अदालतमा यी प्रत्यर्थीले ज्यान मार्ने उद्योगबाट प्रहार गरेको होइन सामान्य झगडा भएको हो भनी निवेदन दर्ता गराई सो निवेदन आफैले दिएको र बकपत्रमा स्वीकार गरेबाट प्रतिवादीले जाहेरवालालाई ज्यानै मार्ने नियतबाट ज्यान मर्न सक्ने वारदात घटाएको भन्ने अवस्था देखिन आएन । त्यति हदसम्म सुरू फैसला मिलेकै देखिन्छ । अतः यसमा प्रत्यर्थीले जाहेरवालालाई कुटपिटसम्म गरेकामा यस्तोमा स.मु.स. ऐन, २०४९ को दफा २७ बमोजिम प्रस्तुत मुद्दा सरोकारवालाले सकारेमा दुनिया वादीमा दर्ता गरी जाहेरवालालाई पक्ष कायम गरी कारवाही गर्नु भन्ने निर्णय गर्नुपर्नेमा सो नगरेको हदसम्म सुरू कैलाली जिल्ला अदालतको मिति २०६६।१०।६ को फैसला नमिलेको हुँदा त्यति हदसम्म फैसला बदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।२।२ को फैसला ।

प्रतिवादीले जाहेरवालाको छोरा प्रेम बहादुर शाहीलाई मार्ने मनसायले हातमा चक्कु बोकी जाहेरवालाको घरमा गई बसेकामा जाहेरवाला देवी शाहीले आवाज आएको सुनी ढोकाबाहिर निस्कदा निज माथि धारिलो हतियार प्रहार गरेको कुरा जाहेरी दरखास्त, घाउ जाँच Report र प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयानबाट पुष्टि भइरहेको अवस्थालाई मनन् नगरी यी प्रतिवादीलाई सफाइ दिने ठहर गरी उक्त वारदातलातई कुटपिटमा परिणत गर्ने गरी भएको पुनरावेदन अदालत, दिपायलको फैसला बदर गरी अभियोग मागदाबीबमोजिम गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा पर्न आएको पुनरावेदन ।

नियमअनुसार दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले प्रतिवादीले रातको समयमा पीडितको ज्यान मार्ने उद्देश्यले धारिलो हतियार छुरी साथमा लिई गई पीडितलाई घाँटीलगायतका शरीरका भागमा प्रहार गरेका र पीडितले तत्काल हो हल्ला गरेका कारण प्रतिवादी भागी गएको अवस्था हुँदा वारदातको प्रकृतिबाट यी प्रतिवादी कसुरदार रहे भएको पुष्टि भई रहेकामा सफाइ दिने गरी उक्त वारदातलाई कुटपिटमा परिणत गर्ने गरी भएको फैसला बदर गरी अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी गर्नुभएको बहस सुनियो ।

बहस जिकिर सुनी पुनरावेदनसहितका मिसिल कागज अध्ययन गरी हेर्दा पुनरावेदन अदालत दिपायलको मिति २०६८।२।२ को फैसला मिले नमिलेको के रहेछ र पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नसक्ने के हो सो सम्बन्धमा निर्णय दिनु पर्ने देखियो ।

यसमा प्रतिवादीले जाहेरवालालाई मार्ने उद्देश्यले निजको घाँटी तथा शरीरका विभिन्न भागमा धारिलो हतियार छुरा प्रहार गरी ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुर अपराध गरेकाले सोही महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेकामा सुरू कैलाली जिल्ला अदालतले प्रतिवादीलाई ज्यान मार्ने उद्योगको कसुरबाट सफाइ दिने ठहर गरेको फैसलालाई पुनरावेदन अदालतले सदर गरी सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने गरी भएको फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ इजलाससमक्ष पेस भएको रहेछ ।

२. निर्णयतर्फ विचार गर्दा, म सुतेको कोठाको ढोका ढक–ढक गरेको आवाज सुनी ढोका खोल्दा एक्कासी अज्ञात व्यक्तिले मेरो घाँटीमा धारिलो हतियार प्रयोग गरी काटी दिएकाले घा जाँच केस फाराम गरी

आवश्यक कानूनी कारवाही गरिपाउँ भनी जाहेरवालाले वडा प्रहरी कार्यालय कैलालीमा सुरू निवेदन दिएको देखिन आयो । निजले आफ्नो जाहेरी व्यहोरामा मिति २०६६।३।८ गते राति ३.३० बजेको समयमा प्रतिवादी प्रेम शाहीले ज्यान मार्ने उद्देश्यले धारिलो हतियार खुकुरीले मेरो घाँटी, छाती र हातसमेतमा प्रहार गर्दा मैले हो हल्ला गरेको कारण निज अन्यायी भागी गएकाले मेरो ज्यान बच्न गएको हुँदा ज्यान मार्ने उद्योगमा सजाय गरिपाउँ भनी उल्लेख गरेको पाइयो ।

३. प्रतिवादीले अनुसन्धानमा बयान गर्दा जाहेरवालाको छोरा प्रेमबहादुर शाहीलाई प्रहार गर्नु पर्ला भनी गएकामा बीचमा जाहेरवाला आउँदा घाउ चोट लाग्न गएको थियो भनी उल्लेख गरेको देखिन्छ । मौकामा कागज गर्ने समला शाहीले ज्यान मर्ने उद्देश्यले जाहेरवालाको घाँटीमा धारिलो हतियार प्रहार गरेका हुन् भनी र वस्तुस्थिति मुचुल्काका मोहनबहादुर सिंह, दलबहादुर सिंह, हर्कबहादुर विष्टले जाहेरवालाको घाँटीमा धारिलो छुरा प्रहार गरी ज्यान मार्नेसम्मको कार्य गरेको हो भनी मौकामा बकी लेखाइदिएको देखियो ।

४. प्रतिवादीले अदालतसमक्षको बयानमा जाहेरवालाको छोरा प्रेम शाहीसँग वादविवाद भई रहँदा जाहेरवाला बीचमा आएको कारण मैले लगाएको औंठीले सामान्य चोट लाग्न गएको हो । खुकुरी, चक्कु केही बोकेको थिएन, ज्यान मार्ने नियत नभई जाहेरवालाको छोरा सुध्रिन्छ कि भनेर हात मुक्कासम्म प्रयोग गरेको हुँ भनी उल्लेख गरेको पाइयो । जाहेरवाला देवी शाहीले प्रतिवादीसँग सामान्य झगडासम्म भएको हो, मलाई रिस उठी आवेशमा आई ज्यान मार्ने उद्योगमा जाहेरी दिएको हो भन्ने यथार्थ व्यहोरा पेस गरेको भनी कैलाली जिल्ला अदालतमा निवेदन दिएको देखिन आयो । यसका साथै वादीका साक्षी समला शाहीले जाहेरवालालाई छुरा प्रहार गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ भनी र प्रतिवादीका साक्षी ईश्वरा शाहीले जाहेरवाला र प्रतिवादीबीच सामान्य झगडासम्म भएको हो भनी अदालतमा उपस्थित भई बकपत्र गरेको देखियो ।

५. अब माथि उल्लिखित तथ्यअनुसार उक्त वारदात ज्यान मार्ने उद्योगसम्मको हो होइन र प्रतिवादीको सो कार्य कुटपिटसम्म थियो वा ज्यान मार्ने उद्योगको कसुर थियो भन्ने सम्बन्धमा हेर्नु पर्ने देखियो । जाहेरवालाले यी प्रतिवादीले ज्यान मार्ने उद्देश्य लिई धारिलो हतियार खुकुरी प्रहार गरी आफ्नो घाँटी, छाती र हातमा चोट पुर्‍याएको भनी जाहेरी दिएकामा निजले घा जाँच गराई पाउँ भनी वडा प्रहरी कार्यालय कैलालीसमक्ष दिएको सुरू निवेदनमा अज्ञात व्यक्तिले धारिलो हतियारले घाँटीमा काटिदिएको भनी उल्लेख गरेको पाइयो । धारिलो भनिएको हतियार खुकुरी हो वा चक्कु के हो भन्ने कुरा जाहेरवालाको जाहेरी व्यहोरा, मौकाका र वस्तुस्थिति मुचुल्काका मानिसहरूको कागज व्यहोराबाट यकिन भएको पाइएन । प्रहार भएको भनिएको हतियारसमेत बरामद भएको नदेखिएकाले उक्त हतियार खुकुरी वा छुरी नै हो भनी अनुमान गर्न मिल्ने पनि देखिएन । पीडितको घाउ जाँच रिपोर्टमा Lacerated wound on (Rt) site of neck, abrasion on (Rt) hand भनी उल्लेख भएको पाइन्छ । जाहेरवालालाई यी प्रत्यर्थी प्रतिवादीले ज्यान मार्ने नियतले धारिलो हतियार घाँटीमा प्रहार गरेको भनी उल्लेख गरेको व्यहोरा घाउ जाँच रिपोर्टमा Lacerated and abrasion injury भनी उल्लेख भएबाट जाहेरीमा उल्लेख भएको व्यहोरा घा जाँच रिपोर्टको घाउको प्रकृतिसँग मिलको भनी भन्न सकिने अवस्था पनि देखिएन । Laceration र Abration शब्दको अर्थले छालाको बाहिरी भाग वा भित्री भागमा चिथोरिएको, खोस्रिएको, तछारिएको जुन कुनै भारी चिज, लाठी वा भित्तामा घस्रिएरजस्ता कारणहरूबाट भएको हुनसक्छ भन्ने देखिन्छ । यसरी प्रस्तुत वारदातमा पीडित देवी शाहीको शरीरमा भएको घाउ चोटको अवस्था सामान्य प्रकृतिको देखिन आएको र सो कुरालाई प्रतिवादीका साक्षीले अदालतमा गरेको बकपत्र र जाहेरवाला स्वयम्ले अदालतमा आई झगडासम्म भएको भनी दिएको निवेदन व्यहोराबाट

समर्थित गरेको देखिदा प्रस्तुत वारदात ज्यान मार्ने उद्योगको श्रेणीअन्तर्गत पर्ने नदेखिई कुटपिटसम्म भएको पुष्टि हुन आएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

६. कुटपिटको वारदात र ज्यान मार्ने उद्योगको वारदात नितान्त फरक प्रकृतिका अपराध हुन्। ज्यान मुद्दामा रहने आपराधिक तत्त्वहरू मनसाय, योजना, तयारी र कार्य (Commission of crime) ज्यान मार्ने उद्योगमा समेत समान रूपमा रहेका हुन्छन् तर ज्यान मार्ने उद्योगमा केवल प्रतिवादीले इच्छाएको परिणाम मात्र प्राप्त गरेको हुँदैन। ज्यान मार्ने उद्योगमा कर्ताको कार्य अपराधका मनसाय, योजना तयारी जस्ता सबै चरण पार गरी अपराध घटाउन नजिक पुगेको (Substantive step approach) र केही हस्तक्षेपका कारण उसको इच्छित परिणाम Carry out हुन नपाई अपराध गर्न असफल भएको (Last step approach) अवस्था रहन्छ। कुटपिटमा सामान्य चोट पुर्‍याउने उद्देश्य निहित रहनुका साथै परिणामको पूर्व जानकारी (Foresightness of concequences) पनि नभई ज्यानै लिने उद्देश्यले प्रहार गरेकोसमेत हुँदैन भने ज्यान मार्ने उद्योगमा सो अवस्था नरही प्रतिवादी कर्ताले पूर्व मनसाय राखी तयारीका साथ इच्छित परिणाम प्राप्त गर्न उन्मुख भई काम गरेको हुन्छ। केवल इच्छाएको परिणाम मात्र पुरा भएको हुँदैन। ज्यान मार्ने उद्योगमा मनसाय तत्त्वले ठूलो महत्त्व राख्छ। मनसाय थियो वा थिएन भन्ने कुरा पीडितउपर प्रहार गरेको हतियार र सोको प्रयोगमा प्रयोग गर्ने व्यक्तिको इच्छामा निर्भर रहने गर्दछ। प्रस्तुत मुद्दामा ज्यानै मार्ने उद्देश्यले पूर्व तयारीका साथ वारदात घट्न पुगेको भन्ने कुरा निर्विवादरूपमा प्रमाणित हुन नसकेको र वारदातको प्रकृति, घाउचोटको अवस्थासमेतलाई विचार गर्दा उक्त वारदात ज्यान मार्ने उद्योगअन्तर्गतको रहेछ भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिँदा पुनरावेदन अदालत, दिपायलको फैसला मिलेकै देखियो।

७. अतएव यसमा ज्यान मार्ने उद्योग जस्तो अपराधको मनसाय (Intention) योजना तयारी र कार्य (Planning and commission) एवम् अपराधको प्रकृति (Nature of cirme) समेत नदेखिएकाले सुरूको फैसला सदर गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहर्‍याएको पुनरावेदन अदालत दिपायलको मिति २०६८।२।२ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
मा.न्या. चोलेन्द्र शमशेर ज.व.रा.

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।
इजलास अधिकृत : दिलीपराज पन्त

## निर्णय नं.९४१९

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
फैसला मिति :- २०७१।११।१।६
०७०-CI-०४५१

मुद्दाः मोही नामसारी।

पुनरावेदक/वादी :- भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं. १३ वस्ने विष्णुप्रसाद स्वगमिखा।
विरूद्ध
प्रत्यर्थी/प्रतिवादी :- भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १७ बस्ने सिताराम पक्कासमेत।

- **यसरी मोहीको मृत्युपश्चात मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्नको लागि निजपछि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरू मध्ये जो मोहीसँगै एकासगोलमै रहे बसेका छन् त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा नदेखिने ।**

(प्रकरण नं. ५)

पुनरावेदक/वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता पन्नामान तुलाधर र विद्वान् अधिवक्ता बच्चुसिंह खड्का

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेल र विद्वान् अधिवक्ता ज्ञानरत्न शाक्य

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)

सुरू तहमा निर्णय गर्नेः-

भूमिसुधार कार्यालय, भक्तपुर ।

पुनरावेदन तहमा फैसला गर्ने :-

माननीय न्यायाधीश श्री एकराज आचार्य

माननीय न्यायाधीश श्री रामचन्द्र यादव

फैसला

**न्या. सुशीला कार्की :-** पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।२५ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२(क) (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी निवेदन परेकामा निस्सा प्रदान भई पुनरावेदनको रूपमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छः-

फिरादपत्रको सङ्क्षिप्त व्यहोरा

पिता विष्णुभक्त र आमा गणेशमाया स्वगमिखासमेत क्रमश: २०६५।११।८ र २०६४।१।१४ मा परलोक भई निजका हक खाने छोरामा जेठा म निवेदक र कान्छा गणेशभक्त स्वगमिखा बाहेक अरू हकदार नभएको । पिता र आमा जीवित छउन्जेल नै गणेशभक्त पितासँग नबसी भिन्न बसी पिताको विरूद्धमा अंश चलन मुद्दा दर्ता गरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्ने गरी भक्तपुर जिल्ला अदालतबाट आदेशसमेत भएको हुनाले पिताको हक खाने एकापरिवारको छोरा अर्थात भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम कानूनी हकदार म निवेदक विष्णुप्रसाद स्वगमिखाबाहेक अरू हकदार नभएको प्रष्ट छ । पिता विष्णुभक्तको नाउँमा जोत दर्ता भएको भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. १५(ग) कि.नं. २४४, ३०४, ३०५, २४५, ३३८, ३४२, ३४६, ३४४, ३४०, ३३६, ३३७, ३४१, ३४५ को क्रमश: क्षे.फ. ०-७-०-०, ०-४-०-०, ०-१२-१-०, ०-४-१-०, ०-१-०-२, ०-५-०-२, ०- १-२-३, ०-०-१-२, ०-१-२-०, ०-१-१-२, ०-१-२-०, ०-१-२-३ जग्गाहरू म निवेदकले नै खनजोत गरी सालिन्दा जग्गाधनीलाई कुतबाली बुझाई भरपाईसमेत प्राप्त गरी आएको हुनाले पिताको नामबाट मेरा नाउँमा नामसारी गरी मोहियानी प्रमाणपत्रसमेत दिलाई पाउँ भन्नेसमेत व्यहोराको फिरादपत्र ।

प्रतिउत्तरपत्रको सङ्क्षिप्त व्यहोरा

सुरू कार्यालयको मिति २०६६।९।२० को आदेश अनुसार माग निवेदनका कित्ता जग्गाको कि.नं. २४४, ३०५, ३०४ का जग्गाधनीहरूले निवेदकलाई मोही पत्याएको कि.नं. ३३७, ३४५ र ३४१ का जग्गाधनी रत्नप्रसाद प्रजापतिले मोहीका हकदार मध्ये मोही नामसारी माग गर्ने गणेशभक्त स्वगमिखाको यसैसाथ लगाउ मिसिलमा निवेदक गणेशभक्तलाई मोही पत्याएको र अन्य कित्ता नं. ३३६, ३४४, ३४०,

३३८, ३४६ र ३४२ का जग्गाधनीका नाउँमा १५ दिने म्याद जारी हुँदा जग्गा धनी सिताराम पक्का र कैलाश पक्काले साबिक मोही विष्णुभक्त र निजको श्रीमतीको मृत्युपछि हक खाने २ छोरामा जेठा विपक्षी र कान्छा गणेशभक्त स्वगमियाबाहेक अरू हकदार नभएकाले विवादित कित्ता जग्गा गणेश भक्तले कमोद गरी सालिन्दा कुतबाली साबिक जग्गाधनी रामप्रसाद प्रजापतीसमेत र त्यसपछी हामी निवेदकलाई बुझाई आएकाले जग्गा कमोद नगर्ने विपक्षीलाई मोही नामसारी गर्ने अधिकार छैन । निवेदक मोहीका एकासगोलका छोरा नभई भिन्न बस्नेको छोरा भएको हुनाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा मोहीले कमाई आएको जग्गामा मोहीको हक निजपछि निजका एकासगोलका जग्गाधनीले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भन्ने उल्लेख भएको र हामी निवेदक जग्गाधनीले यसै कार्यालयमा जोत कमोद लगत कट्टा गरिपाउँ भनी दिएको निवेदनअनुसार जोत कट्टा हुने नै हुँदा विपक्षीको नामसारी मागदाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जग्गा धनी कैलास पक्का र सिताराम पक्काको प्रतिउत्तरपत्र ।

भूमिसुधार कार्यालय, भक्तपूरको निर्णय ।

विवादित कित्ता जग्गाको मोही विष्णुभक्त स्वगमिखाको मृत्युपछि मेरो नाउँमा मोही नामसारी गरिपाउँ भनी वादीले निवेदन दिएकामा कि.नं. २४५ दर्ता बाँकी देखिएको र कि.नं. २४४, ३०४ र ३०५ को जग्गाधनीहरूले पत्याएको र कि.नं. ३३८, ३४२, ३४६, ३४४, ३४०, ३३६, ३३७, ३४१, ३४५ का जग्गाधनीहरूले वादीलाई नपत्याएको, भक्तपुर जिल्ला अदालतको २०६६।४।२५ को फैसलाले मृतक मोहीका दुवै छोरा अलग भिन्न भएको देखिएको, पत्याएका कित्ता जग्गाको कूत बुझाएको भरपाइसमेत संलग्न देखिएकाले पत्याएका जग्गासम्म यी वादीका नाममा नामसारी हुने र नपत्याएका जग्गाको मोही नामसारी नहुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू भूमिसुधार कार्यालय, भक्तपूरको निर्णय ।

पुनरावेदनपत्रको सङ्क्षिप्त व्यहोरा

विपक्षी प्रत्यर्थी गणेशभक्त स्वगमिखाले स्व. पिता विष्णुभक्त स्वगमिखाउपर २०६४।२।२७ मा अंशमा फिराद दायर गरी पितासँग सो फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिपाउँ भनी दाबी लिने गणेशभक्त स्वगमिखालाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को प्रावधानको प्रतिकूल एकासगोलको अंशियार नभएको व्यक्तिको नाममा मोहियानी पत्याई गरिदिएको मिति २०६८।८।२७ को कागजलाई आधार बनाई म एकासगोलमा रहेको पुनरावेदकलाई कि.नं. ३३८, ३४२, ३४६, ३४४, ३४०, ३३६, ३३७, ३४१, ३४५ का जग्गाको मोहियानी नामासारी नहुने गरी गरेको भूमिसुधार कार्यालय, भक्तपूरको मिति २०६७।९।३० को निर्णय त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक वादीको पुनरावेदनपत्र ।

पुनरावेदन अदालत, पाटनको आदेश

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाको व्याख्याको सन्दर्भमा सुरू भूमिसुधार कार्यालय, भक्तपूरको मिति २०६७।९।३० को निर्णय फरक पर्न सक्ने देखिएकाले मुलुकी ऐन, अ.बं. २०२ नं. एवम् पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थीहरूलाई झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको आदेश ।

पुनरावेदन अदालत, पाटनको फैसला

पुनरावेदक वादीलाई नपत्याई निजका भाई गणेशभक्तलाई मोहीमा पत्याएको देखिन आएकाले पुनरावेदनपत्रमा जिकिर लिएका जग्गाको मोही नामसारी पुनरावेदक वादीको नाउँमा हुन सक्ने अवस्था आएन । तसर्थ सुरू भूमिसुधार कार्यालय, भक्तपुरबाट मिति २०६७।९।३० मा भएको निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत,

पाटनको फैसला ।

यस अदालतमा परेको पुनरावेदनपत्रको सङ्क्षिप्त व्यहोरा

पिता विष्णुभक्त स्वगमिखाको जीवनकाल छदै गणेशभक्त स्वगमिखाले पिता विष्णुभक्त स्वगमिखा र निवेदकसमेत विरूद्ध मिति २०६४।२।२७ मा नै भक्तपुर जिल्ला अदालतमा अंश दिलाई पाउँ भन्ने फिराद गरी मिति २०६६।४।२६ मा फैसला भएको । यसप्रकार साबिक मोही पिता विष्णुभक्तको परिवारमा श्रीमती गणेशमाया र म निवेदक विष्णुप्रसाद, गणेशभक्तसमेत दुई छोरा भएकामा आमा गणेशमाया मिति २०६४।१।१४ मा नै परलोक भइसकेको र पिता विष्णुभक्त र मसमेतका विरूद्ध गणेशभक्तले मिति २०६४।२।२७ मा भक्तपुर जिल्ला अदालतमा अंश मुद्दा दायरक गरेको र पिता विष्णुभक्तको पनि मिति २०६४।११।८ मा मृत्यु भएपछि पिता विष्णुभक्तको एकासगोलको परिवार मलाई नमानी पिताको जीवनकाल छँदै पिताको विरूद्ध अंश पाउँ भनी अंश माग गर्ने गणेशभक्तलाई एकापरिवार मानेको मिलेको छैन।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) (चौथो संशोधन २०५३ सहित) ले मोहीको मृत्युपछि निजको पति, पत्नी वा एकासगोलका छोरालगायतका परिवारका नाममा मोही नामसारी हुने कानूनी प्रावधान रहेको छ भने यहाँनिर मोही पत्याइएको भनिएको व्यक्ति गणेशभक्त स्वगमिखाले पिता विष्णुप्रसाद स्वगमिखाको जीवनकाल छँदै पिताको विरूद्ध अंश दिलाई पाउँ भनी अंश मुद्दा दायर गरिसकेको अवस्थामा मोहीको एकासगोल परिवारलाई जग्गाधनीले पत्याउनु पर्ने दफा २६(१) को बाध्यात्मक व्यवस्थाको यसरी मानो छुट्टिएर बसेका विपक्षी गणेशभक्तलाई साबिक मोहीको एकासगोल परिवार मानी निज गणेशभक्तको नाममा मोहियानी नामासरी गर्ने गरेको मिलेको छैन ।

विपक्षी सिताराम पक्का तथा कैलाश पक्काले गणेशभक्त स्वगमिखाको मोही नामसारीको निवेदन गर्नु अगाडि नै मिति २०६६।२।२७ मा विवादित कित्ता जग्गाहरू मोही लगत कट्टाको लागि विपक्षीहरूले भूमिसुधार कार्यालय, भक्तपुरसमक्ष उजुर गरेका छन भने गणेशभक्त स्वगमिखाले मिति २०६६।७।२६ मा मात्र आएर मोही नामासारी माग गरेको छ । जबकी म निवेदकले उल्लिखित कित्ता नं. ३३६, ३३८, ३४०, ३४२, ३४४ र ३४६ समेतका कित्ता जग्गाहरू साबिक जग्गाधनीहरू सुन्दरप्रसाद प्रजापती, कृष्णप्रसाद प्रजापती, कृष्णगोपाल प्रजापतीकै नाममा छँदाकै अवस्थामा मोही नामासारीको लागि निवेदन दायर भएपछि तत्पश्चात मात्र हालका जग्गाधनी विपक्षी सिताराम पक्का र कैलाश पक्कासमेतलाई हक हस्तान्तरण गरेका छन् । यसरी साबिक जग्गाधनीहरूको स्वामित्व छँदाकै अवस्थामा मोही नामसारीको कारवाही उठिसकेपछि साबिक जग्गाधनीलाई बुझेर मात्र निर्णय गर्नुपर्नेमा सो नगरी गरेको भूमिसुधार कार्यालयको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला अ.बं. १३९ नं., भूमिसम्बन्धी ऐन, २०२१ (चौथो संशोधनसहित) को दफा २६(१) तथा अ.बं. १८४(क), अ.बं. १८५ नं.समेतको व्याख्याको गम्भीर त्रुटि भएको हुँदा उक्त फैसला बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको यस अदालतमा परेको पुनरावेदनपत्र ।

यस अदालतको आदेश

यसमा निवेदक विष्णुप्रसाद र गणेशभक्त स्वगमिखा दुई दाजुभाई भएको गणेशभक्त २०६४ सालदेखि नै स्वर्गीय मोही विष्णुभक्त एवम् दाजु बिष्णुप्रसादसँग सगोलमा नबसेको स्पष्ट हुँदाहुँदै भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को व्यवस्थाविपरीत विष्णुप्रसादलाई मोही नपत्याएको आधारमा निजको नाउँमा मोही नामासारी नहुने ठहर्‍याएको फैसला भूमिसम्बनधी ऐन, २०२१ को दफा २६(१) एवम् प्रमाण ऐन, २०३१ को दफा ३ एवम् ५४ समेतको आधारमा त्रुटिपूर्ण देखिनाले न्याय प्रशासन ऐन, २०४८ को दफा १२को उपदफा १ को

खण्ड (क) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ । नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेश ।

यस अदालतको फैसला

नियमबमोजिम पेसीसूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पन्नामान तुलाधर र विद्वान् अधिवक्ता श्री बच्चुसिंह खड्काले पुनरावेदक वादी विष्णुप्रसाद स्वगमिखाले २०६५।९।१४ मा भूमिसुधार कार्यालय भक्तपुरमा पहिला दिएको मोही नामासारी निवेदन उपर कुनै निर्णय नगरी पछि परेको निवेदनमा कारवाही गरेको मालपोत कार्यालय भक्तपूरको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत रहेको छ । विपक्षी सिताराम पक्का तथा कैलाश पक्काले गणेशभक्त स्वगमिखाको मोही नामसारीको निवेदन गर्नुअगाडि मिति २०६६।२।२७ मा नै विवादित कित्ता जग्गाहरू मोही लगत कट्टाको लागि विपक्षिहरूले भूमिसुधार कार्यालयसमक्ष उजुर गरेका छन भने गणेशभक्त स्वगमिखाले मिति २०६६।७।२६ मा मात्र आएर मोही नामासारी माग गरेका छन । पुनरावेदक वादीले उल्लिखित कित्ता नं. ३३६, ३३८, ३४०, ३४२, ३४४ र ३४६ समेतका कित्ता जग्गाहरू साबिक जग्गाधनीहरू सुन्दरप्रसाद प्रजापती, कृष्णप्रसाद प्रजापती, कृष्णगोपाल प्रजापतीकै नाममा छँदाकै अवस्थामा मोही नामासारीको लागि निवेदन दिएपश्चात् मात्र हालका जग्गाधनी विपक्षी सिताराम पक्का र कैलाश पक्कासमेतलाई हक हस्तान्तरण गरेको छ । यसरी साबिक जग्गाधनीहरूको स्वामित्व छँदाकै अवस्थामा मोही नामसारीको कारवाही उठिसकेपछि साबिक जग्गाधनीलाई बुझेर मात्र निर्णय गर्नुपर्नेमा सो नगरी गरेको भूमिसुधार कार्यालयको निर्णय सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको फैसला मुलुकी ऐन अ.बं. १३९, अ.बं. १८४(क), अ.बं. १८५ नं. तथा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) समेतको व्याख्याको गम्भीर त्रुटि भएको हुँदा भूमिसुधार कार्यालयको निर्णयलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला बदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो । त्यसै गरी प्रत्यर्थी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेल र विद्वान् अधिवक्ता श्री ज्ञानरत्न शाक्यले सुरू कार्यालयको मिति २०६६।९।२० को आदेशअनुसार माग निवेदनका कित्ता जग्गाको कि.नं. २४४, ३०५, ३०४ का जग्गाधनीहरूले पुनरावेदक वादीलाई मोही पत्याएको र कि.नं. ३३७, ३४५ र ३४१ का जग्गाधनी रत्नप्रसाद प्रजापतिले मोहीका हकदार मध्ये मोही नामसारी माग गर्ने गणेशभक्त स्वगमिखालाई मोही पत्याएका र अन्य कित्ता नं. ३३६, ३४४, ३४०, ३३८, ३४६ र ३४२ का जग्गाधनी सिताराम पक्का र कैलाश पक्काले साबिक मोही विष्णुभक्त र निजको श्रीमतीको मृत्युपछि हक खाने २ छोरामा जेठा पुनरावेदक वादी र कान्छा गणेशभक्त स्वगमिखाबाहेक अरू हकदार नभएकाले विवादित कित्ता जग्गा गणेशभक्त स्वगमिखाले कमोद गरी सालिन्दा कुतबाली साबिक जग्गाधनी रामप्रसाद प्रजापतीसमेत र त्यसपछीका जग्गा धनी सिताराम पक्का र कैलाश पक्कालाई बुझाई आएकाले जग्गा कमोद नगर्ने पुनरावेदक वादीलाई मोही नामसारी गर्ने अधिकार नै रहेको छैन । विपक्षी पुनरावेदक वादी मोहीका एकासगोलका छोरा नभई भिन्न बसेका छोरा भएको हुनाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा मोहीले कमाई आएको जग्गामा मोहीको हक निजपछि निजका एका सगोलका जग्गाधनीले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ यसरी साबिक मोही स्व विष्णुभक्त स्वगमिखाको मृत्यु भैसकेपछि निजका मानो छुट्टिएर बसेका दुई छोरा मध्ये गणेशभक्त स्वगमिखालाई मोही पत्याएको कानूनसम्मत नै भएकाले भूमिसुधार कार्यालय, भक्तपुरबाट भएको निर्णयलाई पुनरावेदन अदालत, पाटनबाट सदर गर्ने गरी भएको फैसला न्याय र कानूनको रोहमा मिलेकै हुँदा सदर कायम हुनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

उपर्युक्तबमोजिमको बहससमेत सुनी

निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

(क) स्व. मोही विष्णुभक्त स्वगमिखासँग निजका छोराहरू विष्णुप्रसाद स्वगमिखा र गणेशभक्त स्वगमिखा एकासगोलमा रहे बसेका हुन हैनन् ?

(ख) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसारका मोहीका कुनै पनि हकदार मोहीसँग एकासगोलमा नरहेको अवस्थामा जग्गाधनीले त्यस्ता व्यक्तिहरूलाई मोहीको रूपमा पत्याउन सक्ने हो होइन ?

(ग) कि नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१, र ३४५ का जग्गा धनीहरूले स्व. मोही विष्णुभक्त स्वगमिखाका कान्छा छोरा गणेशभक्तलाई मोहीमा पत्याएको कानूनसङ्गत छ छैन ?

(घ) पुनरावेदन अदालत पाटनको फैसला मिले नमिलेको के छ ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ?

२. यसमा पिता मोही रहेका भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वाड नं १५ (ग) को कि नं २४४, ३०४, ३०५, २४५, ३३८, ३४२, ३४६, ३४४, ३४०, ३३६, ३३७, ३४१, ३४५ का जग्गा आफूले खनजोत गरी जग्गाधनीलाई सालिन्दा कुतबाली बुझाई भरपाईसमेत प्राप्त गरी आएको र भाइ गणेशभक्त पितासँग नबसी भिन्न बसी पिताको विरूद्धमा अंश चलन मुद्दा दर्ता गरी फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गर्ने गरी भक्तपुर जिल्ला अदालतबाट आदेशसमेत भएको हुनाले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम कानूनी हकदार म निवेदक विष्णुप्रसाद स्वगमिखा मात्र भएकाले उक्त कि. नं. का जग्गाहरूको मोही पिताको नामबाट मेरा नाउँमा नामसारी गरी मोहियानी प्रमाणपत्रसमेत दिलाई पाउँ भनी फिराद परेकामा सुरू कार्यालयको मिति २०६६।९।२० को निर्णयअनुसार माग निवेदनका कित्ता जग्गाको कि.नं. २४४, ३०५, ३०४ का जग्गाधनीहरूले निवेदकलाई मोही पत्याएको कि.नं. ३३७, ३४५ र ३४१ का जग्गाधनी रत्नप्रसाद प्रजापतिले गणेशभक्तलाई मोही पत्याएको र अन्य कित्ता नं. ३३६, ३४४, ३४०, ३३८, ३४६ र ३४२ समेतका जग्गा धनीले मोहीको मृत्युपश्चात निजका कान्छा छोरा गणेशभक्त स्वगमिखाले कमोद गरी सालिन्दा कुतबाली साबिक तथा हालका जग्गाधनीसमेतलाई बुझाई आएकाले निजलाई मोहीमा पत्याएको हो । पछि मोहीका छोराहरू विष्णुभक्त स्वगमिखा र गणेशभक्त स्वगमिखा मोही पितासँग मानो छुट्टिई भिन्न बस्ने गरेकाले हामी जग्गा धनीहरूले जोत कमोद लगत कट्टा गरिपाउँ भनी निवेदनसमेत दिएकाले विपक्षीको नामसारी मागदाबी खारेज गरिपाउँ भन्ने जिकिर रहेको प्रस्तुत मुद्दामा कि नं २४५ दर्ता हुन बाँकी देखिएको, कि नं २४४, ३०४, ३०५, को जग्गाधनीहरूले वादीलाई पत्याएको र ३३८, ३४२, २४६, ३४४, ३४०, ३३६, ३३७, ३४१, ३४५ का जग्गा धनीहरूले वादीलाई नपत्याएको हुँदा पत्याएका जग्गासम्म वादीका नाममा नामसारी हुने र नपत्याएका जग्गामा मोही नामसारी नहुने गरी भूमिसुधार कार्यालय, भक्तपुरले गरेको निर्णयउपर वादीको पुनरावेदन परेकामा पुनरावेदन अदालत, पाटनले सुरू निर्णय सदर गरेउपर वादी विष्णुप्रसाद स्वगमिखाले यस अदालतमा मुद्दा दोहोर्‍याई पाउँको निवेदन दिएकामा निस्सा प्रदान भई पुनरावेदनको रूपमा प्रस्तुत पुनरावेदन दर्ता हुन आएको देखियो।

३. सर्वप्रथम पहिलो प्रश्नको रूपमा रहेको स्व मोही विष्णुभक्त स्वगमिखासँग निजका छोराहरू विष्णुप्रसाद स्वगमिखा र गणेशभक्त स्वगमिखा एकासगोलमा रहे बसेका हुन् हैनन् ? भन्नेतर्फ विचार गर्दा विवादका जग्गाका मोही विष्णुभक्त स्वगमिखा हुन भन्ने कुरामा कुनै विवाद देखिदैन। मोही विष्णुभक्तका अंशियारहरूमा श्रीमती गणेशमाया स्वगमिखा र दुई छोराहरू जेठा पुनरावेदक वादी विष्णुप्रसाद स्वगमिखा र कान्छा गणेशभक्त स्वगमिखा रहेकामा दुवै पक्षवीच मुख

मिलेकै देखिन्छ । मोही विष्णुभक्तको २०६५।११।८ मा र निजकी श्रीमती गणेशमाया स्वगमिखाको मिति २०६४।१।१४ मा मृत्यु भै सकेको र अर्को तर्फ वादी मोही विष्णुभक्त र प्रतिवादी पुनरावेदक वादीसमेत भएको अंशचलन मुद्दामा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी भक्तपुर जिल्ला अदालतबाट मिति २०६६।४।२६ मा वादी मोही विष्णुभक्तलाई तीन खण्डको एक खण्ड अंश पाउने गरी फैसला भएबाट मोही विष्णुभक्त स्वगमिखा र निजका दुवै छोरा विष्णुप्रसाद स्वगमिखा र गणेशभक्त स्वगमिखा सबैजना अलगअलग बसेको प्रष्ट देखिँदा मोही विष्णुभक्तसँग एकासगोलमा दुवै छोरा रहे बसेको देखिन आएन।

४. दोस्रो प्रश्नको रूपमा रहेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) अनुसारका मोहीका कुनै पनि हकदार मोहीसँग एकासगोलमा नरहेको अवस्थामा त्यस्ता व्यक्तिहरूलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने हो होइन ? भन्नेतर्फ विवेचना गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को व्यवस्था अवलोकन गर्नु सान्दर्भिक देखिन्छ। सो दफा २६(१) मा "यस परिच्छेदको अन्य दफाहरूको अधीनमा रही मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ" भन्ने रहेको छ । यसरी उक्त व्यवस्थाबाट कुनै पनि व्यक्तिले मोहीको रूपमा कुनै जग्गा कमाई आएकामा मोहीसम्बन्धी निजको हक निजको मृत्युपश्चात् निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने कुरा प्रष्ट देखिन्छ।

५. यसरी मोहीको मृत्युपश्चात् मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्नको लागि निजपछि निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरू मध्ये जो मोहीसँगै एकासगोलमै रहे बसेका छन् त्यस्तो व्यक्तिलाई जग्गाधनीले मोहीको रूपमा पत्याउन सक्ने र सोही व्यक्तिले नै मोहीले कमाई आएको जग्गाको मोहियानी हक प्राप्त गर्ने कुरामा दुविधा देखिँदैन।

६. भूमिसम्बन्धी ऐन २०२१ को दफा २६(१) मा व्यवस्था भएको मोहीको मृत्युपश्चात् मोहियानी हक निजको एकासगोलमा रहेका निजको पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी बुहारी, दाजुभाइ वा दिदीबहिनीहरू मध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ भनी हकवालाहरूको स्पष्ट किटान गर्नुको विधायिकी मनसाय के रहेको देखिन्छ भने मोहीको मोहियानी हक टाढाको व्यक्तिमा जान नपाओस् भन्ने नै हो । यदि यसरी उल्लिखित नजिकका व्यक्तिहरू एक भन्दा बढी मोहीसँगै एकासगोलमा रहेका छन भने त्यस्तो अवस्थामा उक्त व्यक्तिहरू मध्ये जग्गाधनीले पत्याएका व्यक्तिले मोहियानी हक प्राप्त गर्न सकोस् भनी मोही कसलाई पत्याउने कसलाई नपत्याउने भन्ने कुरा जग्गा धनीको नितान्त व्यक्तिगत अधिकारको रूपमा राखी मोहीको मृत्युपश्चात् मोही कसलाई पत्याउने भन्ने सम्बन्धमा जग्गाधनीलाई निश्चित सीमाभित्र राखेको देखिन्छ।

७. प्रस्तुत मुद्दामा मोहीसँग उल्लिखित कुनै पनि व्यक्तिहरू एकासगोलमा रहे बसेको अवस्थाको विद्यमानता देखिदैन। यस्तो अवस्थामा कि नं. २४४, ३०४, ३०५ को जग्गा धनीहरूले मोही विष्णुभक्तको मृत्युपश्चात् निजका जेठा छोरा विष्णुप्रसाद स्वगमिखालाई र कि नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१ र ३४५ का जग्गा धनीहरूले मोहीका कान्छा छोरा गणेशभक्तलाई मोहीमा पत्याएको तथ्य मिसिल संलग्न प्रमाणबाट देखिन्छ।

८. मोहीसँग ऐनको दफा २६(१) बमोजिमका कुनै पनि व्यक्तिहरू एकासगोलमा नभएको अवस्थामा मोहीको मृत्यु भएको छ भने जग्गाधनीले मोही कसलाई

पत्याउने भन्नेसम्बन्धमा उक्त दफामा स्पष्टता नरहेको सन्दर्भमा जग्गा धनीलाई मोही कसलाई पत्याउने कसलाई नपत्याउने भन्ने निजको नितान्त व्यक्तिगत अधिकारको रूपमा रहेको अधिकार प्रयोग गरी मोही जो कसैलाई पत्याउन सक्ने नै देखियो।

९. तेस्रो प्रश्नको रूपमा रहेको कि. नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१, र ३४५ का जग्गा धनीहरूले स्व. मोही विष्णुभक्त स्वगमिखाका कान्छा छोरा गणेशभक्त स्वगमिखालाई मोहीमा पत्याएको कानूनसङ्गत छ छैन ? भन्नेतर्फ विचार गर्दा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिमका मोहीका हकदार मोहीसँग एकासगोलमा नरहेको अवस्थामा मोहीको मृत्यु भएको अवस्थामा जग्गा धनीले जो कोहीलाई पनि मोही पत्याउन सक्ने अवस्थामा प्रस्तुत मुद्दामा मोहीसँग अलग भएका कान्छा छोरा गणेशभक्त स्वगमिखालाई कि नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१ र ३४५ का जग्गामा मोही पत्याएकोलाई कानूनविपरीतको भन्न मिल्ने नदेखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिएको आधारसँग यो इजलास सहमत हुन सकेन।

१०. अब चौथो तथा अन्तिम प्रश्नको रूपमा रहेको पुनरावेदन अदालत, पाटनको फैसला मिले नमिलेको के छ ? पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्नेतर्फ विचार गर्दा माथि उल्लिखित आधार, कारण, प्रमाण र विवेचनाबाट जग्गा धनीहरूले नै कि नं. ३३६, ३४४, ३४०, ३३८, ३४६, ३४२, ३३७, ३४१ र ३४५ का जग्गाको मोहीमा पुनरावेदक वादीलाई नपत्याएकाले पुनरावेदक वादीका नाममा उक्त जग्गाहरूको मोही नामसारी हुन नसक्ने गरी भूमिसुधार कार्यालय भक्तपुरबाट मिति २०६७।९।३० मा भएको निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल फागुन १ गते रोज ६ शुभम्।
इजलास अधिकृत :- अर्जुनप्रसाद कोइराला

## निर्णय नं.९४२०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७१।१२।४।४
०६८-CR-०३३६

मुद्दा :– हातहतियार खरखजाना।

पुनरावेदक/पक्ष : प्र.स.नि भोजराज काफ्लेको प्रतिवेदनले नेपाल सरकार।

विरूद्ध

प्रत्यर्थी/विपक्षी : जिल्ला सिराहा गा.वि.स.गम्हरिया महेशपुर वडा नं. ४ बस्ने सोनुकुमार सिंहसमेत

- **हातहतियार बोकेर हिँड्ने अपराध देशभर फैलिएको अवस्थामा अदालतले हलुका रूपमा लिएको भन्ने जस्ता आत्मगत तर्कहरू पुनरावेदनमा लिएको सन्दर्भमा विचार गर्दा न्याय सम्पादन कानूनबमोजिम कानूनले तोकेको प्रकृयाअनुरूप कानूनी**

**सिद्धान्तहरूको पृष्ठभूमिमा गरिन्छ । फगत कुरै कुराको संवेदनसिलताको आधारमा निर्णय नहुने ।**

- **सबुत प्रमाण र यसको परीक्षणबाट न्याय निर्धारित हुन्छ । अन्यथा बेकारको संवेदनसिलता देखाई बिना आधार परीक्षण गरी सजाय गर्दै जाने हो भने सरकार निरङ्कुश हुँदै जाने र जनताको मानवअधिकार सङ्कटमा पर्दै जाने अवस्था आउदैन भन्न नसक्ने ।**

(प्रकरण नं. ३)

पुनरावेदक / पक्षका तर्फबाट :
प्रत्यर्थी / विपक्षीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहको फैसला गर्नेः-
प्र.जि.अ.श्री गेहनाथ भण्डारी
पुनरावेदन तहमा फैसला गर्ने :
मा.न्या.श्री हरिकुमार पोखरेल
मा.न्या.श्री थीर बहादुर कार्की

फैसला

**न्या.बैद्यनाथ उपाध्यायः** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदन अदालत, राजविराजको मिति २०६७।५।१४ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

मिति २०६५।९।८ गते राति अं.२३:३० बजेको समयमा जिल्ला सिरहा गा.वि.स. गम्हरिया महेशपुर वडा नं ४ स्थितमा म प्रतिवेदकसमेतको टोली गस्ती गर्दै जाँदा निम्न स्थान बस्ने निम्न मानिसहरू शङ्काजनक अवस्थामा हिँडडुल गरिरहेको अवस्थामा फेला पारी निजहरूलाई नियन्त्रणमा लिई निजहरूको शरीर तलासी लिँदा निम्नअनुसारको हातहतियार खरखजाना तथा गोली गठ्ठा फेला पारी बरामद गरी निजहरूलाई पक्राउ गरी यसै प्रतिवेदन साथ दाखेल गरेको छ कानूनबमोजिम गरिपाउँ भनी प्र.स.नि. भोजराज काफ्लेसमेतले दिएको प्रतिवेदन ।

मिति २०६५।९।८ गते अं. २३:४५ बजेको समयमा जिल्ला सिराहा गा.वि.स. गम्हरिया महेशपुर वडा नं.४ स्थित सार्वजनिक सडक बाटोमा हातहतियार खरखाजानासमेतका कन्हैया भन्ने संजय शर्मा, दिवस सिंह, विनोदकुमार सिंह, विनयकुमार ठाकुर, सोनुकुमार सिंह, संजयकुमार महतो, आलोककुमार झासमेत जना ७ लाई शरीर तलासी लिँदा अवैध हातहतियार फेला पारी बरामद भएको साथै स.१ प. ९९२६ र ज.१.प. ४११ नं. को मोटरसाइकलसमेत बरामद भएको हो भन्ने बरामदी मुचुल्का ।

मिति २०६५।८।१९ गते म आफ्नै औषधी पसल मिर्चैयाबाट महेन्द्र राजमार्ग हुँदै आफ्नो निजी घर सितापुर जाँदै गर्दाको क्रममा गम्हरिया महेशपुर गा.वि.स. स्थित नहरको डिलमा पुग्दा ५।७ जना नकाबधारीहरू हातहतियार सहितका मानिसहरूले मसमेत सवार स.१.प. ९९२६ नं. को मोटरसाइकल हाल फेला परी यस कार्यालयमा अनुसन्धानको लागि ल्याएको हुँदा खोजी भएका बखत दाखेल गराउने गरी मेरा जिम्मामा बुझिपाउँ भन्ने व्यहोराको बुधन मण्डलको निवदेन ।

मिति २०६५।९।१३ गते स.१.प. ९९२६ नं. को मोटरसाइकल सवारी धनी बुधन मण्डललाई जिम्मा दिएको भन्ने व्यहोराको कागज ।

मिति २०६५।९।८ गते बेलुका म दिवस सिंहको घरमा आई पुगी हामी दुवैजनाको सल्लाहमा सो रात त्यही पिप्रा गाउँमा बास बसी र रात परेपछि मैले पहिले देखि नै चिनेका आलोक झा र विनय ठाकुर समेत भेट भै हाल मसँगै पक्राउ परेका अन्य ४ जनासमेत ७ जना भेला जम्मा भई कुराकानी सरसल्लाह गरिरहेको बखतमा अं. २३:३० बजेको समयमा प्रहरीले के कुन तौरबाट हाम्रो सुराक पाई हामी

बसेको स्थानमा पुग्दा प्रहरी आएको जानकारी पाई तत्काल हामी तितरवितर हुँदा सार्वजनिक सडक पिप्रा ४ बाट प्रहरीले हामीहरूलाई हातहतियारसहित पक्राउ गरेको हो भन्ने कन्हैया भन्ने संजय शर्माले अधिकार प्राप्त अधिकारीसमक्ष दिएको बयान।

मिति २०६५।९।८ गते म आलोक झासँगै थिँए। सोही अवस्थामा कन्हैया भन्ने संजय शर्माले गम्हरिया महेशपुर गा.वि.स.वडा नं.४ पिप्रा गाउँमा आउनु भन्ने फोनबाट जानकारी दिएको भेट्न जाउँ भन्दा म पनि निज आलोक झासँगै बस चढी जनकपुरबाट वारदास्थल दिवस सिंहको पिप्रास्थित गाउँघरमा आईपुगी पक्राउ परेका ७ जना हामीहरू बसेर छलफल गर्दैरहेको अवस्थामा प्रहरीले हाम्रो सुराक पाई घेरा हाल्न पुगी सो कुराको जानकारी हामीहरूलाई समेत भई तितरवितर हुँदा सोही पिप्रा गाउँको सार्वजनिक बाटोमा प्रहरीले हामीहरूलाई पक्राउ गरी शरीर तलासी लिँदा अवैध हातहतियार खरखजाना फेला परेको हो भन्ने व्यहोराको प्रतिवादी विनय ठाकुरको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान।

मिति २०६५।९।८ गते बेलुका अं. ५:३० बजेको समयमा कन्हैया भन्ने संजय शर्मा हाम्रो गाउँमा दिवसकुमार सिंहसँग गफ गर्दै रह्को र म पनि निजहरू सँग गफ गरिरहेको स्थानमा गई कन्हैया भन्ने संजय शर्माले हामीहरूको साथी बाहिरबाट आउँदैछ, सबै जना भेला जम्मा भएपछि सरसल्लाह गर्नुछ। तिमीहरू पनि भेला हुनु भनी सुनाए पछि मनमा कौतुहलता जागी सोहीबमोजिम जागा बसिरहेका थिएँ। मसमेत भेला जम्मा भई कन्हैया भन्ने संजय शर्मालगायत ७ जना बसी छलफल गर्दैरहेको अवस्थामा प्रहरीले के कसरी हाम्रो सुराक पाई घेरा हाली पुग्दा सो कुराको जानकारी हामीहरूले पाई तत्काल तितरवितर हुँदाको क्रममा सोही गाउँको सडक बाटोमा नियन्त्रणमा लिई शरीर तलासी लिदा अवैध हातहतियार खरखजाना फेला पारी बरामद गरेको हो भन्ने व्यहोराको सोनुकुमार सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६५।९।८ गते मलगायतका मसँगै पक्राउ परेका ७ जना प्रतिवादीहरू गम्हरिया महेशपुर वडा नं.४ स्थित पिप्रागाउँमा भेला जम्मा भई छलफल गर्दै गरेको अवस्थामा प्रहरीले सो कुराको सुराक जानकारी पाई हामीहरूलाई घेरा हाल्न पुगी सोही राति अं.२३:३० बजेको समयमा सोही गाउँको सार्वजनिक सडक बाटोमा पक्राउ गरी शरीर तलासी लिँदा हातहतियार खरखजाना बरामद भएकाले पक्राउ गरी लिएको हुन साथै स.१.प.९९२६ नं. को मोटरसाइकल मेरै साथबाट बरामद भएको हो भन्ने दिवस सिंहले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६५।९।८ गते बिहानै देखि कन्हैया भन्ने संजय शर्माले मलाई फोन गरी गम्हरिया महेशपुर ४ पिप्रा गाउँको ठेगाना दिई एउटा सल्लाह मिलाउनु छ। आउनु भनी बोलाएपछि मसँग पक्राउ परेका ७ जना बसी लुकीछिपी गफगाफ गर्दै गरेको बखत प्रहरीले हामी बसेको सुराक पाई घेरा हाल्न पुगेको जानकारी हामीहरू समेतले पाएकामा तत्कालै तितरवितर हुन खोज्दा खोज्दै सोही गाउँको सार्वजनिक सडक बाटोमा प्रहरीले हामीलाई फेला पारी शरीर तलासी लिँदा सात जनाकै साथबाट अवैध हातहतियर खरखजाना तथा मोटरसाइकलसमेतका चिजवस्तु फेला परेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी आलोक झाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६५।९।८ गते म साँझपख दिवस सिंहको घरतर्फ घुमफिर गर्न जाँदा १ वर्षअगाडि चिनेको कन्हैया भन्ने संजय शर्मा, दिवस सिंह, सोनु सिंह, विनोदकुमार सिंहलगायतका अन्य २ जना मानिसहरू समेत गफगाफ गर्दैरहेको म पनि निजहरूसँगै बसिरहेकामा प्रहरी आइपुगी हामीहरूलाई घेरा हाल्न पुगेको भन्ने जानकारी हामीहरू समेतले पाएको लगतै तितरवितर हुन खोज्दाखोज्दै प्रहरीले नियन्त्रणमा लिई ७ जनाकै शरीर तलासी लिँदा हातहतियार खरखजाना हामीहरूको साथबाट बरामद भएकाले पक्राउ गरेका हुन भन्ने संजय महतोले गरेको बयान।

मिति २०६५।९।८ गते राति २३:३०

बजेको समयमा आफ्नै गाउँघरमा थिएँ । प्रहरीले दिवस सिंहसमेतका अन्य ६ जना मानिसहरूलाई हातहतियारसहित पक्राउ गरी लगेको भन्ने भोलिपल्ट मिति २०६५।९।९ गते काम विशेषले मिर्चैया चौकमा पुग्दा सो चौकमा भेला जम्मा भएका मैले नचिनेका मानिसहरूले आफूआफूमा कुरा गर्दा मसमेतले सुनी उक्त वारदातको बारेमा जानकारी पाएको हुँ । पछि घटनासम्बन्धमा विस्तृत बुझ्दा गम्हरिया महेशपुर ४ पिप्रा गाउँटोलमा प्रहरीले हातहतियारसहित लुकीछिपी बसेको कन्हैया भन्ने संजय शर्मा, विनोदकुमार ठाकुरसमेतका ७ जना केटा मानिसहरूलाई सोही राति २०६५।९।८ गते २३:३० बजेको समयमा पक्राउ गरेका हुन्। ७ जनाको मुख्य नाइके कन्हैया भन्ने संजय शर्मा नै हुन् । निजको आदेश इसारा र संलग्नतामा विभिन्न आपराधिक घटनाहरू घटाउने गर्दैछन् । भारतबाट हातहतियार खरिद गरी नेपालभित्रको विभिन्न आपराधिक समूहरूलाई बिक्री वितरणसमेत गर्ने गरेको बुझिएको हो । उल्लिखित ७ जनालाई नै कानूनबमोजिम हदैसम्मको सजाय कारवाही होस भनी जिल्ला सिराहा गा.वि.स. सारश्वर १ बस्ने रामप्रकाश मुखियासमेत जना ३ ले खुलाई लेखाई दिएको एकै मिलानको वस्तुस्थिति मुचुल्का।

प्रस्तुत मुद्दामा हालसम्म सङ्कलित मिसिल कागजातहरू, प्रहरीको प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादीहरूको बयान र स्थानीय मानिसहरूले खुलाई लेखाई दिएको वस्तुस्थिति मुचुल्का समेतका मिसिल कागजातहरू अध्ययन गर्दा पक्राउ प्रतिवादीहरू कन्हैया भन्ने संजय शर्मा, संजयकुमार महतो, दिवस सिंह, सोनुकुमार सिंह, विनयकुमार ठाकुर, विनोदकुमार सिंह, आलोक झा समेतका ७ जनाले अवैध हातहतियार खरखजाना साथमा बोकी बसेको अवस्थामा जिल्ला सिराहा गा.वि.स. गम्हरिया महेशपुर वडा नं.४ स्थित सार्वजनिक सडक बाटोमा प्रहरीले मिति २०६५।९।८ गते राति २३:०० बजेको समयमा पक्राउ गरी हात हतियार खरखजाना बरामद भएको भनी लेखाई दिएको आधार प्रमाणहरूबाट विरूद्ध खण्डका प्रतिवादीहरूले हात हतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर अपराधमा सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय गरी बरामदी हातहतियार खरखजाना र मोटरसाइकलसमेत ऐ.ऐनको दफा १६ बमोजिम जफत गरिपाउँ भनी मागदाबी लिई अभियोगपत्र प्रस्तुत भएको।

अभियोगपत्र साथ उपस्थित गराइएका प्रतिवादी सोनुकुमार सिंह, दिवस सिंह, विनोदकुमार सिंह, संजयकुमार महतो, कन्हैया भन्ने संजय शर्मा, विनय ठाकुर, आलोक झाले सुरू कार्यालयसमक्ष गरेको बयानमा आ-आफूमाथि लगाएका कसुर अपराधमा इन्कारी भै बयान गरेको।

प्रतिवादीहरूको साक्षीहरूले सोही बयानलाई समर्थन गरी लेखाई दिएको बकपत्र मिसिल सामेल रहेको।

यसमा मौकाको बरामदी खानतलासी मुचल्का, प्र.स.नि. भोजराज काफ्लेसमेतको प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको बयान, वस्तुस्थिति मुचुल्का, अभियोगपत्रलगायतका हालसम्म सङ्कलित प्रमाण कागजहरूको आधारमा प्रतिवादी कन्हैया भन्ने संजय शर्मा र प्रतिवादी दिवश सिंहले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी कन्हैया भन्ने संजय शर्मालाई सोही ऐनको दफा २०(३) र ५(१) को कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी कन्हैया भन्ने संजय शर्मालाई सोही ऐनको दफा २०(३) बमोजिम कैद वर्ष २(दुई) र जरिवाना रू.२०,००० । (बीस हजार रूपैयाँ मात्र हुन्छ)। प्रतिवादी दिवस सिंहको हकमा अपराध हुँदाको परिस्थितिसमेतलाई विचार गरी निजलाई सोही ऐनको दफा २०(३) बमोजिम रू. २०,००० ।– बीस हजार रूपैयाँ मात्र जरिवाना हुन्छ । निज प्रतिवादीहरू यसै कार्यालयको आदेशले मिति २०६५।११।९ गतेदेखि मिति २०६६।२।१२ गतेसम्म जम्मा ५ महिना १ दिन थुनामा बसेको हुँदा अ.बं १२० नं. बमोजिम उक्त लागेको दण्ड जरिवाना कट्टा गरी बाँकी असुलउपर

गर्नु । अन्य प्रतिवादीहरू सोनुकुमार सिंह, विनोदकुमार सिंह, संजयकुमार महतो, विनय ठाकुर र आलोक झा विद्यार्थीहरू भएको र निजहरू वारदातस्थलमा पक्राउ नभै आ-आफ्नै घरडेरबाट पक्राउ भई आएको मिसिल संलग्न कागजातबाट देखिएको, प्रस्तुत मुद्दामा अपराध हुँदाको परिस्थिति, अभियुक्तहरूको उमेर, पहिलेको आचरणसमेतलाई मध्यनजर राखी निज पाँचै जनाले प्रस्तुत मुद्दामा सफाइ पाउने ठहर्छ । बरामद भएको कट्टुवा पेस्तोल गोली र ज.१.प.४११ नं. को मोटरसाइकल सोही ऐनको दफा १६ बमोजिम जफत हुन्छ भन्ने जिल्ला प्रशासन कार्यालय, सिराहाको मिति २०६६।३।१२ गतेको फैसला ।

वारदातस्थलमा घटेको घटनामा प्रयोग गरिएको भनिएको कुनै पनि हातहतियार हाम्रोसँग साथबाट बरामद हुन सकेको छैन । जबर्जस्ती मेरो साथबाट बरामद भएको भनी झुट्टा व्यहोराको बरामदी मुचुल्का तयार गरी सम्बन्धित ठाउँको कुनै पनि व्यक्तिलाई साक्षी नराखी काल्पनिक व्यक्तिहरूलाई साक्षीमा राखी मुचुल्का तयार गरिएको हो । डर धाक देखाई मुचुल्कामा सहीछाप गराइएको हो । बरामदी मुचुल्काका साक्षीहरूले खुल्ला इजलासमा बकपत्रसमेत गर्न नसकेकाले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनसमेत नमिल्ने हुँदा प्रमाण ऐन, २०३१ को दफा २५ विपरीत गरीएको फैसला त्रुटिपूर्ण छ । एकै प्रकृतिको मुद्दामा एकै दफा लागेको अरू प्रतिवादीहरूलाई विभिन्न अस्वाभाविक कुरा फैसलामा उल्लेख गरी सफाइ दिएको अवस्था छ । एउटै प्रमाणको भरमा कसैलाई सफाइ दिएको र मलाई सजाय गरेकाले समानताको हकमा गम्भीर असर परेको छ । हचुवा तवरबाट एकै किसिमको प्रमाणमा फरकफरक फैसला भएकाले श्री जिल्ला प्रशासन कार्यालय, सिराहाको मिति २०६६।३।१२ को फैसला कानूनविपरीतको हुँदा उल्टी गरी सफाइ पाउँ भन्नेसमेत व्यहोराको कन्हैया भन्ने संजय शर्माको पुनरावेदनपत्र ।

सुरू फैसलाले प्रतिवादीद्वय संजय शर्मा र दिवस सिंहउपरको आरोपित कसुर ठहर गरेको अवस्था छ । प्रतिवादीहरूको साथबाट अवैध पेस्तोल गोली बरामद भएको र प्रतिवादीहरूले वारदातमा थान-२ मोटरसाइकलसमेत प्रयोग गरेको अवस्था छ । बरामद दशी प्रमाणहरूसहित प्रतिवादीहरू घटनास्थलमा सँगै पक्राउ परेको अवस्था र अनुसन्धानको क्रममा प्रतिवादीहरूले कसुर अपराध स्वीकार गरेको बयान र बुझिएका मानिसहरूको कथन समेतबाट प्रतिवादीद्वय वारदातका मुख्य नाइके भएको तथ्य उजागर भैसकेकामा निजहरूलाई अभियोग दाबीबमोजिम हातहतियार र खरखजाना दुवैमा सजाय गर्नुपर्नेमा आत्मनिष्ठ तवरले ऐनको दफा २०(३) बमोजिम खरखजानातर्फ मात्र सजाय गरेको, समानस्तरका प्रतिवादीद्वयलाई असमान तवरले फरक फरक सजाय गरेको पाइन्छ । जुन हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) को व्यवस्थासँगै अमिल्दो रहेको छ । हातहतियारतर्फ ऐनको दफा २०(२) बमोजिम प्रतिवादीद्वयलाई ३ वर्षदेखि ६ वर्षसम्म वा साठी हजारदेखि १ लाखसम्म जरिवाना हुने स्पष्ट कानूनी व्यवस्था भएकामा बरामद अवैध हातहतियारतर्फ सजाय नगरी खरखजानातर्फ मात्र फरक फरक सजाय गर्ने गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको छ । प्रतिवादीहरू सोनुकुमार सिंह, विनोदकुमार सिंह, संजयकुमार महतो, विनय ठाकुर र आलोक झाको हकमा सफाइ दिँदा लिइएका निर्णयाधारहरू आत्मनिष्ठ छन् । प्रतिवादीहरू विद्यार्थी भएको, निजहरूको आचरण अपराधको परिस्थिति जस्ता आधारहरू फौजदारी मुद्दामा सफाइको आधार बन्न सक्दैन । मिसिल संलग्न कागजहरूको मुल्याङ्कन गरी न्याय निरूपण गर्नुपर्नेमा यथोचित मुल्याङ्कन नगरी सुरू जिल्ला प्रशासन कार्यालय, सिराहाले अभियोग मागदाबीबमोजिम सजाय नगरी समानस्तरका प्रतिवादीहरू मध्ये संजय शर्मा र दिवस सिंहको हकमाफरक फरक घटीबढी सजाय गरेको र अन्य प्रतिवादीहरूलाई सफाइ दिने गरी गरेको फैसला बदर गरी सबै प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत

व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन।

यसमा प्रतिवेदक, बरामदी मुचुल्काका व्यक्तिहरूलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम बुझ्दै नबुझी निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको कुराहरू प्रमाणमा ग्रहण गरी पुनरावेदकलाई दोषी ठहर गरेको साथै समान प्रमाणको आधारमा पुनरावेदकलाई सजाय गरेको र अन्य प्रतिवादीहरूलाई सफाइ दिएको सुरूको फैसला फरक पर्न सक्ने हुँदा मुलुकी ऐन अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, राजविराजलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, राजविराजको मिति २०६६।७।१८ को आदेश।

प्रतिवादीमध्येका कन्हैया भन्ने संजय शर्मा र दिवस- सिंहलाई हातहतियारतर्फ सजाय नगरी खरखजानातर्फ मात्र सजाय गर्ने गरी तथा प्रतिवादीहरू सोनुकुमार सिंहसमेतलाई आरोपित कसुरबाट सफाइ दिने गरी फैसला गर्दा कुनै पनि कारण र आधार नखुलाई र समान प्रमाणको आधारमा कसैलाई कसुरदार ठहर्‍याई र कसैलाई सफाइ दिने गरी जिल्ला प्रशासन कार्यालय, सिराहाबाट भएको फैसला फरक पर्न सक्ने देखिंदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि वा अवधि नाघेपछि यसै लगाउको स.फौ.पु.नं. ००१४० ।१२२ को मुद्दा साथै राखी नियमानुसार गरी मुद्दा पेस गर्नु भन्ने मिति २०६६।१०।१३ को पुनरावेदन अदालत, राजविराजको आदेश।

लिखित प्रतिवादकर्ता म सोनुकुमार सिंह तथा विनोदकुमार सिंहको साथबाट कुनै अवैध खरखजाना बरामद भएको होइन, छैन । मिति २०६५।९।८ को कथित बरामदी मुचुल्कामा साक्षी भनी राखिएका व्यक्तिहरू उमेश सिंह, उदगार महतोले हामीहरूको सँग साथबाट हातहतियार खरखजाना बरामद गरेको होइन भनी बकपत्र गरेको, बरामदीमा रहेको बौका श्रेष्ठ प्रतिवेदक प्र.स.नि. भोजराज काफ्ले तथा प्र.ज.टिकाराम श्रेष्ठसमेतलाई बकपत्रको लागि अदालतम उपस्थित गराउन वादी पक्षले सकेको छैन । यसरी बरामदी मुचुल्का र मु.नं. ६६, ०६५।९।९ मा दर्ता भएको प्रहरी प्रतिवेदनसमेत शङ्कास्पद देखिएको छ । प्रतिवेदन दिने प्रहरी कर्मचारीसमेत साक्षी सरह उपस्थित हुन नसकेको अवस्थामा सो बरामदीसमेतलाई फैसलाको क्रममा प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन मिल्दैन । प्रतिवादीमध्येका म दिवस सिंहको हकमा समेत उल्लिखित तथ्य प्रमाण एवम् कानून समानरूपमा लागू रहन्छन्। मसमेत उपरको बरामदी मुचुल्का मेरा विरूद्धमा स्थापित हुन सकेको छैन । साथै प्रहरी प्रतिवेदनसमेत स्वतन्त्ररूपले स्थापित हुन सकेको छैन। मलाई प्रहरी प्रतिवेदनबमोजिम पक्राउ गरेको होइन। जनकपुर स्थित सहित चोकबाट पक्राउ गरी प्रहरी चौकी मिर्चैयामा ल्याई एकै पटक पक्राउ पूर्जी दिँदा हातहतियार मुद्दामा मलाई फसाएको थाहा भएको हो। म आई. कम. दोस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थी हुँ भनी प्रष्ट बयानसमेत गरेको छु। मिति २०६५।९।२५ मा तयार भएको वस्तुस्थिति मुचुल्कासमेत स्थानीय ठाउँमा तयार भएको छैन । वारदातस्थल सिराहा जिल्लाको गम्हरिया महेशपुर गा.वि.स. वडा नं. ४ मा देखाइएको छ भने वस्तुस्थिति मुचुल्कामा सो स्थानको व्यक्ति साक्षी राख्न नसकेर गा.वि.स.सारस्वर वा.नं.१ का राम प्रसाद मुखिया तथा गा.वि.स.मझौलिया वडा नं.८ का मो. सदाम र ऐ.वडा नं.५ का राजकुमार सिंहलाई साक्षी राखिएको तर साक्षी सरह उपस्थित गराउन नसकी म विद्यार्थीलाई जरिवाना गरी गरेको फैसला मेरो हकमा असर पर्न गए तापनि भविष्यतर्फ नै केन्द्रित रही अध्ययनमा रहेको हुँदा मेरो हकमा समेत पुनः थप सजाय नहुनका लागि अनुरोध गर्दछु भन्नेसमेत व्यहोराको विनोदकुमार सिंह, सोनुकुमार सिंह र दिवस सिंहको संयुक्त लिखित प्रतिवाद।

फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार अभियोक्तामा रहन्छ। सोको लागि अभियोगपत्रमा उल्लेख गरिएका साक्षी उपस्थित गराई

बकपत्र गराउनु पर्दछ । त्यसरी उपस्थित गराई बकपत्र गराएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण हुन्छ । प्रस्तुत मुद्दामा वादी पक्षले बरामदी मुचुल्का र वस्तुस्थिति मुचुल्कामा उल्लिखित एकजना पनि साक्षी उपस्थित गराएर आफ्नो दाबी पुष्टि गराएको देखिन आएन । अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीहरूले साविति गरेको देखिए पनि मुद्दा हेर्ने अधिकारीसमक्ष इन्कार देखिएको र प्रहरीको साबितीलाई समर्थन गर्ने प्रमाणको सर्वथा अभाव देखिँदा पुनरावेदक प्रतिवादी संजय शर्मा र दिवस सिंहलाई सजाँय गर्ने गरी जिल्ला प्रशासन कार्यालय, सिराहाबाट मिति २०६६।३।१२ मा भएको फैसला निजहरूको हकमा मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई निजहरूले सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको पुनरावदेक जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।५।१४ मा भएको फैसला ।

मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको इन्कारी बयानलाई पुष्टि गर्ने प्रमाण प्रतिवादीहरूले प्रस्तुत गर्न नसकेको अवस्थामा त्यसैलाई आधार लिई प्रतिवादीलाई सफाइ दिनु न्याय सङ्गत होइन । प्रस्तुत मुद्दामा मौकामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा पक्राउ परेका अभियुक्तहरूले एक अर्कालाई पोल गरी अवैध हातहतियार बरामद भएको तथ्यमा स्वीकार गरी बयान गरेका छन् भने सो साबिती बयानलाई पुष्टि गर्ने बरामदी मुचुल्का र बरामद हतियारले नै कसुरलाई पुष्टि गरिसकेको अवस्थामा प्रतिवादीहरू कसुरबाट छुट पाउन गरेको इन्कारीलाई आधार लिइनु न्यायसङ्गत हुँदैन र अवैध हातहतियार खरखजाना मुद्दामा नबुझी नहुने भए त्यस्ता साक्षीलाई मुद्दाको जुनसुकै अवस्थामा भएपनि अ.बं. को ११५ नं. बमोजिम अदालतले झिकाई बुझ्न सकिनेमा प्रतिवादीलाई सफाइ दिने आधार र कारण मात्र खोजी भएको फैसला कानूनी त्रुटिपूर्ण देखिँदा बदर गरी सुरू अभियोग मागदाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा दर्ता भएको पनुरावदेनपत्र ।

नियमबमोजिम आजको दैनिक पेसी सूचीमा चढी पेस भएको प्रस्तुत पुनरावेदन संलग्न मिसिल अध्ययन गरियो ।

प्रतिवादीहरू कन्हैया भन्ने संजय शर्मा, संजयकुमार महतो, दिवस सिंह, सोनुकुमार सिंह, विनयकुमार ठाकुर, विनोदकुमार सिंह र आलोक झासमेतले अवैध हातहतियार खरखजाना साथमा बोकी बसेको अवस्थामा सार्वजनिक सडक बाटोमा पक्राउ भएकोसमेतका आधार प्रमाणहरूबाट निजहरूले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर अपराध गरेको प्रमाणित भएकाले सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाय समेत हुन प्रतिवादीहरू उपर अभियोग दाबी लिएको पाइन्छ । प्रतिवादीमध्येका कन्हैया भन्ने संजय शर्मा र दिवस सिंहले दाबीअनुसारको कसुर गरेको ठहर भई अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू जिल्ला प्रशासन कार्यालय, सिराहाबाट भएको फैसला पुनरावेदन अदालतबाट उल्टी भै प्रतिवादीहरूले सफाइ पाउने ठहरे गरे उपर प्रतिवादीहरूको मौकाको बयान, वरामदी मुचुल्काका मानिस र बरामद अवैध समानले निजहरूको कसुर पुष्टि भएको अवस्थामा मुद्दा हेर्ने अधिकारीसमक्षको इन्कारी बयान र वादीले साक्षी अदालतमा उपस्थित गराउन नसकेको भन्ने आधारमा सफाइ दिएको पुनरावदेन अदालत, राजविराजको फैसला नमिलेको हुँदा उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारले पुनरावेदनमा जिकिर लिएको पाइयो ।

उक्त तथ्य भएको प्रस्तुत पुनरावेदनमा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेको छ छैन र पुनरावेदन जिकिरबमोजिम हुने हो होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो ।

२. अब निर्णयतर्फ विचार गर्दा मिति २०६५।९।८ गते राति अं.२३:३० बजेको समयमा सिराहा गम्हरिया महेशपुर गा.वि.स. वडा नं ४ मा गस्तीको क्रममा हातहतियार र खरखजानासहित

प्रतिवादीहरूलाई पक्राउ गरी पेस गरिएको भन्ने प्र.स.नि.भोजराज काफ्ले र टिकाराम श्रेष्ठसमेतको प्रतिवेदनबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको छ । बरामदी मुचुल्कामा प्र.स.नि भोजराज काफ्ले र प्र.ह. राम आषित महतोले कट्टुवा पेस्तोलको गोली र मोटरसाइकलसहित राति ११.३० बजे प्रतिवादीहरूलाई पक्राउ गरेको देखिन आउँछ । रातको समय २ जना प्रहरीहरूले हातहतियारसहितका ७ जना प्रतिवादीहरू पक्राउ गरेको भन्ने भनाइ विश्वासयोग्य देखिन आउँदैन । प्रतिवादीहरूले मौकामा विभिन्न ठाउँबाट प्रतिवादीमध्येका दिवस सिंहको घरमा सातैजना जम्मा भई बसी सल्लाहा गर्दा गर्दै प्रहरी आएपछि भाग्ने क्रमम सार्वजनिक सडकबाट प्रहरीले पक्राउ गरेको भनि बयान गरेको देखिन्छ । तर जिल्ला प्रशासन कार्यलय, सिराहमा भने आरोपित कसुरमा पूर्ण इन्कार रहि बयान गरेको पाइन्छ । प्रतिवादीहरूको मौकाको बयान अनुसार ७ जना प्रतिवादीहरू अपराध गर्ने योजना बनाउँदै हातहतियारसहित घरमा बसेको अवस्थामा पक्राउ गर्न रातको समयमा २ जना मात्र प्रहरी गएको र पहिले नै सुचना पाई भागेका प्रतिवादीहरूलाई तत्कालै सार्वजनिक सडकबाट पक्राउ गरी राति नै बरामदी मुचुल्का खडा गरेको मिसिल संलग्न तथ्य पत्याउन सकिने र विश्वासयोग्य देखिन आउदैन । उक्त तथ्यबाट प्रतिवादीहरू दाबीको अभियोगमा सरिक रहेको पनि पुष्टि हुन सक्दैन । बरामदी मुचुल्कामा रोहबरमा राखिएका अभियोजन पक्षका साक्षीहरू मध्येको उदगार महतो र उमेश सिंह प्रतिवादी सोनुकुमार सिंह र विनोद सिंहको साक्षीको रूपमा उपस्थित भई बरामदी मुचुल्कामा देखाइएका गोली गट्ठा मोटरसाइकल प्रतिवादीहरूबाट बरामद भएको होइन भनी बकपत्र गरेको पाइन्छ । अनुसन्धानका क्रममा तयार भएका कागजातहरूमा बस्ने अन्य साक्षीलाई अभियोजन पक्षले मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउन सकेको मिसिलबाट देखिँदैन । तसर्थ उक्त तथ्यबाट प्रतिवादीहरू दाबीको अभियोगमा सरिक रहेको पुष्टि हुन नसक्ने ।

३. पुनरावेदन अदालत स्वयम्ले अ.बं.११५ नं. अनुसार झिकाई बकपत्र गराउनु पर्ने भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा आफ्नो साक्षी पक्षले आफैं ल्याउने हो । वरामदी मुचुल्काको साक्षी वादी नेपाल सरकारको साक्षी भएकाले आफ्नो कुरा पुष्टि गर्न नेपाल सरकारले आफैँ ल्याउन सक्नुपर्दछ । आफूले गर्नु पर्ने काम नगर्नु, त्यस्तो होस भनी माग पनि नगर्नु केवल अदालतले गर्न सक्थ्यो भनी सरकार जस्तो शक्तिशाली निकायले जिकिर लिनु सुहाउने कुरा होइन । तथापि, अ.बं.११५ नं. हेर्दा पनि नबुझी नहुने साक्षी हो भनी अदालतले देखेको अवस्थामा समाह्वान जारी गरी बुझ्न सकिने हुन्छ । तसर्थ अदालतले नबुझी नहुने साक्षी हो भनी देखेको अवस्थामा मात्र समाह्वान जारी गर्ने हो । त्यही बरामदी मुचुल्काका उदगार महतो र उमेश सिंहहरू प्रतिवादीकै साक्षी बनी बकपत्र गरेको देखिन्छ । यसप्रकार बरामदी मुचुल्काका यी दुई जानाले प्रतिवादीकै तर्फबाट बकपत्र गरिरहेको अवस्थामा अन्य व्यक्तिलाई पनि समाह्वान जारी गरी बुझ्दा वादीकै पक्षमा आउन सक्ला भनि सोच्न सकिने अवस्था पनि नभएको अवस्था समाह्वान जारी गरी बुझिरहनु पर्ने अवस्था नदेखी पुनरावेदनबाट भएको फैसलालाई त्यतिकै आधारमा नमिलेको भन्न मिलेन । हातहतियार बोकेर हिँड्ने अपराध देशभर फैलिएको अवस्थामा अदालतले हलुका रूपमा लिएको भन्ने जस्ता आत्मगत तर्कहरू पुनरावेदनमा लिएको सन्दर्भमा विचार गर्दा न्याय सम्पादन कानूनबमोजिम कानूनले तोकेको प्रक्रिया अनुरूप कानूनी सिद्धान्तहरूको पृष्ठभूमिमा गरिन्छ । फगत कुरै कुराको संवेदनसिलताको आधारमा निर्णय हुँदैन । सबुत प्रमाण र यसको परीक्षणबाट न्याय निर्धारित हुन्छ । अन्यथा बेकारको संवेदनसिलता देखाई बिना आधार परीक्षण गरी सजाय गर्दै जाने हो भने सरकार निरङ्कुश हुदै जाने र जनताको मानवअधिकार सङ्कटमा पर्दै जाने अवस्था आउँदैन भन्न सकिन्न । तसर्थ घटना वारदात देशमा बढेकै आधारमा वस्तुनिष्ठ प्रमाणको अभावमा पनि व्यक्तिहरूलाई सजाय करार गर्नु फौजदारी

न्यायको सिद्धान्तविपरीत हुन जान्छ । हातहतियार खर खजाना मुद्दाको मूलभुत प्रमाण बरामदी मुचुल्का नै शङ्कास्पदरूपमा खडा भएको देखिएको छ । यस्तो अवस्थामा अदालत स्वयम्ले आफ्नो तटस्थताको स्थापित मापदण्ड नाघी अदालती बन्दोबस्तको ११५ नं. जो गम्भीर किसिमका नबुझी नहुने भनी अदालतलाई लागेको अवस्थामा मात्र निरपराध व्यक्तिले सजाय पाउनु, भोग्नु नपरोस् र जसले अपराध गर्छ उ मात्र सजायको भागिदार हुनुपर्दछ भन्ने स्थापित न्यायिक सिद्धान्तलाई आत्मसात गर्ने क्रममा प्रतिद्वन्द्वात्मक कानूनी प्रणालीको अपवादको रूपमा अदालतबाट प्रयोग हुन सक्ने कानूनी व्यवस्थालाई राज्यतर्फबाट सामान्यरूपमा पुरा गर्नुपर्ने भूमिकाका कुरामा राज्य स्वयम् उदासिन रहेको स्थितिमा अदालतले उक्त नं. प्रयोग गरी प्रमाण बुझ्नेसमेतका कार्य गर्न प्रस्तुम मुद्दामा उपयुक्त हुने देखिन आएन । यसबाट यस मुद्दामा वादी नेपाल सरकारको प्रत्यर्थी प्रतिवादीहरू उपरको हातहतियार खरखजानाको अभियोग दाबी र पुनरावेदन जिकिरसमेत पुग्न सक्ने देखिन आएन ।

४.तसर्थ माथि उल्लिखित आधार र कारणहरूबाट प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।५।१४ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावदेन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.जगदीश शर्मा पौडेल

इति संवत् २०७१ साल चैत ४ गते रोज ४ शुभम् ।
इजलास अधिकृत :- कपिलमणि गौतम

## निर्णय नं.९४२१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७१।१२।१०।३
०६७-WO-०२६५

मुद्दा:–उत्प्रेषण, परमादेश

निवेदक : जिल्ला मकवानपुर ठिगन गा.वि.स.वडा नं. २ घर भई नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिको महासचिव सिताराम दाहाल

विरूद्ध

विपक्षी : नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार काठमाडौंसमेत

- **सरकारी काम कारवाही स्वच्छ, पारदर्शी, जवाफदेही एवम् कानूनी तवरले गर्नु पर्दछ । जनताले पाउने सेवामा कमि आउन नदिई काम कारवाहीमा त्रुटि नगरी गर्नु उचित हुन्छ । सरकारी निर्णयहरू पूर्णरूपमा जनता उन्मुख हुनुपर्दछ । जनताको सेवा पाउने कुरामा कसैले आघात पुर्‍याउन हुँदैन । सरकारी काम गर्दा विना आधार नगरी कानूनको शासनको सम्मान गर्दै कानूनअनुसार काम गर्नुपर्ने हुँदा अधिकार प्राप्त निकायबाट सरल एवम् व्यवस्थित कार्यविधि निर्धारण गर्न सक्ने ।**

(प्रकरण नं. ५)

- **जग्गा प्रशासनलाई नियमित, व्यवस्थित एवम् सरल बनाउने कार्य क्षेत्र भूमिसुधार मन्त्रालय तथा विभाग कै रहेको छ । जग्गा प्रशासन व्यक्तिको साम्पत्तिक अधिकारसँग**

**समेत सम्बन्धित छ । अचल सम्पत्तिको स्रोतमा जग्गाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । जग्गाको हक हस्तान्तरण जस्ता कुरा सबै नबुझी हतारमा तुरून्तै गरिहाल्दा परिणाम नराम्रो निस्कन जाने र कहिले काँही हकवालाले अनाहकमा सम्पत्तिको हकबाट वञ्चित हुनुपर्नेसमेत हुन जान्छ । जग्गा प्रशासनलाई संवेदनशील प्रशासन मानी सोहीअनुसार कार्यविधि निर्धारण गरी व्यवस्थित किसिमले सञ्चालन गर्नु पर्दछ । जग्गा दाखिल खारेजलगायतका कार्यहरूका सम्बन्धमा बेलाबेलामा मालपोत कार्यालयहरू विवादमा परेको पाइन्छ । कार्यालयबाट हुने विकृतिलाई कमी गराउनमा कार्यविधिको ठूलो हात रहन जान्छ । सरल र स्पष्ट कार्यविधि र चुस्त प्रशासनद्वारा जनताले छिटो छरितो सेवासमेत प्राप्त गर्न सक्ने ।**

(प्रकरण नं.६)

- **मन्त्रालय तथा विभागको निर्णय एवम् परिपत्रद्वारा जग्गा प्रशासनलाई व्यवस्थित गराउन गरिएको मन्त्रालयको निर्णय र सोलाई कार्यान्वयन गर्न गरिएको परिपत्रले निवेदकले उल्लेख गरे जस्तो आम नागरिकको सम्पत्तिसम्बन्धी अधिकारमा आघात परेको मान्न नसकिने ।**

(प्रकरण नं. ७)

- **टोकन प्रणालीबाट काम कारवाही गर्दा कार्यालयका कर्मचारीलाई कार्य सम्पादन गर्न सरल हुन जाने तथा सेवाग्राहीलाई सेवा लिनसमेत सरल हुन जाने देखिँदा टोकन प्रणालीलाई समेत अन्यथा भन्न सकिने स्थिति देखिँदैन । निवेदकले मन्त्रालयको निर्णयले लेखापढी व्यवसायीको कुन पेसा गर्ने अधिकार कसरी हनन् हुन गयो स्पष्ट खुलाएकोसमेत नदेखिने ।**

- **जग्गा प्रशासनलाई व्यवस्थित, मर्यादित, सरल, नियमित बनाउन मन्त्रालयद्वारा छानबिन समितिको प्रतिवेदनअनुसार जग्गा प्रशासनलाई सुधार गर्न चालिएको प्रयासलाई आम नागरिकको सम्पत्तिको अधिकार एवम् लेखापढी व्यवसायीको पेसा गर्ने अधिकारमा आघात पारेको भनी मान्न नसकिने ।**

(प्रकरण नं.८)

निवेदकको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

**न्या. गोपाल पराजुली :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७ अनुसार यस अदालतको असाधारण अधिकार क्षेत्रअनुसार दायर भै निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य ठहर यसप्रकार छ :-

म निवेदक विगत १६ वर्षदेखि लेखापढी व्यवसाय गर्दै आएको नेपाली नागरिक हुँ । म विगत ९ वर्षदेखि नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको सचिव हुँदै हाल महासचिव पदमा कार्यरत् रहेको छु ।

भूमिसुधार तथा व्यवस्थापन विभाग, जग्गा प्रशासन शाखाले मिति २०६७/०५/२९ मा मालपोत कार्यालय सबैका नाममा निर्णय कार्यान्वयनबारे भनि गरेको जुनसुकै व्यहोराले हक स्वामित्व प्राप्त भएता पनि त्यस्तो घर जग्गाको लागि अंशबन्डाको लिखत र तिनपुस्ताभित्रको बकसपत्र पारित गर्नेबाहेकका अन्य कुनै प्रकारको लिखत सोही दिन कार्यालयबाट वा डोरबाट पारित नगर्ने भनि एकै दिन जग्गा खरिद गरि बिक्री गर्न नपाइने अवस्था सृजना गरेको र तोकिएको समयसम्म मात्र टोकन लगाउने व्यवस्था मिलाउने

र समयभित्रै टोकन लगाइएको जति सम्भव भएसम्म सोही दिनमा कार्य सम्पन्न गर्ने व्यवस्था कार्यालय प्रमुखले गर्ने भनि जग्गा रजिस्ट्रेसन गर्ने समयसमेत तोक्ने अधिकार कार्यालय प्रमुखलाई प्रदान गरि मिति २०६७/०५/२४ को सचिवस्तरको निर्णय भनि सबै मालपोत कार्यालयहरूलाई परिपत्र गर्ने कार्यले आम नागरिकको सम्पत्तिसम्बन्धी अधिकारमा आघात पर्न गएको र लेखापढी व्यवसायीहरूको व्यवसाय गर्ने स्वतन्त्रतामा पनि अङ्कुस लाग्न गई अन्यौल कायम रहने अवस्था रहेकाले आम सरोकारवालाहरू जो एकै दिन जग्गा किनेर बिक्री गर्ने गर्नु हुन्छ सबैको सम्पत्तिसम्बन्धी अधिकारमा आघात परिरहेकाले यस्तो आम सरोकारको विषयमा राज्यले नै व्यक्तिको पेसा रोजगार गर्ने र सम्पत्तिसम्बन्धी अधिकारमा अङ्कुश लगाउने काम गैर कानूनी तवरले गरेको र उक्त परिपत्रले सबै नागरिकको संवैधानिक अधिकार हनन् भइरहेको हुँदा सबैको तर्फबाट सार्वजनिक सरोकारको सवालमा यो रिट निवेदन लिइआएको छु ।

यसरी उक्त मिति २०६७/०५/२४ को नेपाल सरकार सचिवस्तरको निर्णयबमोजिम भनि मिति २०६७/०५/२९ मा भूमिसुधार तथा व्यवस्था विभागबाट जारी गरिएको परिपत्रले नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(३)(च) ले प्रदान गरेको लेखापढी व्यवसायीहरूको लेखापढी व्यवसाय गर्ने स्वतन्त्रता र आम नागरिकहरूको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९(१)(२) ले प्रदान गरेको सम्पत्ति भोग गर्ने बेचबिखन गर्ने स्वतन्त्रता हनन् भएको प्रष्ट भएको र यस्तो संबैधानिक हक अधिकारमा आघात पुर्‍याउँदा पनि यसको सुनवाई कहिँकतै नभएको र विपक्षीहरूलाई यसरी गैरकानूनीरूपमा आम नागरिकको सम्पत्ति खरिद बिक्री गर्नबाट अङ्कुस लगाउने खालका कुनै निर्णय गर्ने अधिकारसमेत नभएकामा यस्तो गैरकानूनी कार्यलाई तत्काल रोक्ने अन्य कानूनी उपचारको बाटोसमेत कुनै नभएकाले बाध्य भई यो रिट निवेदन लिई आएको छु ।

भूमिसुधार तथा व्यवस्थापन विभागले मिति २०६७/०५/२४ को सचिवस्तरको निर्णयबमोजिम मिति २०६७/०५/२९ मा जारी गरिएको निर्देशनले किनेकै दिन अंशबन्डाको लिखत र तिनपुस्ताभित्रको बकसपत्र पारित गर्नेबाहेकका अन्य कुनै प्रकारको लिखत सोही दिन कार्यालयबाट वा डोरबाट पारित नगर्ने भनि किनेकै दिन जग्गा बिक्री गर्न नपाइने निर्णय गरेको र तोकिएको समयसम्म मात्रै टोकन लगाउने व्यवस्था मिलाउने र समयभित्रै टोकन लगाइएको जति सम्भव भएसम्म सोही दिनमा कार्य सम्पन्न गर्ने व्यवस्था कार्यालय प्रमुखले गर्ने भनि गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरि यस्तो गैरकानूनी निर्णय नगर्नु नगराउनु र कार्यान्वयन नगर्नु नगराउनु भनि विपक्षीहरूको नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ ।

साथै यो निवेदनको टुङ्गो नलागेसम्म किनेकै दिन जग्गा बिक्री गर्ने कार्य गर्नबाट नरोक्नु रोक्न नलगाउनु र गैरकानूनी तवरले टोकन लगाउने समयसमेत निर्धारण नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ र प्रस्तुत मुद्दाको गाम्भीर्यतालाई मध्यनजर गरी अग्राधिकारसमेत प्रदान गरिपाउँ भन्ने सिताराम दाहालको निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी नहुनु पर्ने हो । जारी हुनु नपर्ने कुनै कारण भए सोको कारण र आधार खुलाई सबुद प्रमाणसहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा सूचना पठाई लिखित जवाफ पेस भएमा वा म्याद नाघेपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६७/०६/०८ को यस अदालतको कारण देखाउ आदेश ।

मालपोत कार्यालय कास्कीबाट मिति २०६७/०४/३० मा पोखरा-८ का कि.नं. २६५०, २६५१, २६५२, १६४८, १६४९ र १६५०

लगायतका जग्गाहरू मध्यरातमा लिलाम सकार गरी बिक्रीसमेत गरिएको भन्ने तत्कालीन समयमा विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएको र सो सम्बन्धमा वास्तविकता बुझी ठोस रायसहितको सुझाव दिन यस मन्त्रालयले उपसचिवहरू हरि बखती र बाबुराम खनाललाई खटाएको थियो । उहाँहरूको प्राप्त प्रतिवेदनलाई मध्यनजर राखेर मालपोत कार्यालयमा आगामी दिनमा थप विकृति आउन नदिने र सर्वसाधारणले सहजरूपमा सेवा प्राप्त गर्न सकुन भन्ने मनसायका अतिरिक्त एकै दिनमा सबै कार्य गर्दा मालपोतको कामकाजमा हुन सक्ने त्रुटिलाई न्यून गर्ने उद्देश्यले प्रतिवेदनमा उल्लिखित सुझावलाई मन्त्रालयले कार्यान्वयन गरेको हो । संविधानद्वारा प्राप्त सम्पत्तिको हकलाई अङ्कुश लगाउने यस मन्त्रालयको कुनै पनि मनसाय छैन भन्नेसमेत व्यहोराको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ ।

मालपोत कार्यालय, कास्कीको छानविन प्रतिवेदन र सुझावहरूको कारवाही सम्बन्धमा नेपाल सरकारका (सचिवस्तर) को मिति २०६७/०५/२४ गतेको निर्णय कार्यान्वयनका लागि मालपोत कार्यालय, कास्कीको राय सुझावसहितको प्रतिवेदनको प्रतिलिपिसहितको भूमिसुधार तथा व्यवस्था मन्त्रायलय च.नं. ३४३ मिति २०६७/०५/२७ को पत्र यस विभागमा प्राप्त हुन आएकाले उक्त सचिव स्तरिय निर्णय कार्यान्वयनको लागि मन्त्रालयको निर्देशनअनुसार सम्बन्धित मालपोत कार्यालय सबैलाई यस विभागको मिति २०६७/०५/२९ च.नं. ५३९ को पत्रमार्फत परिपत्र गरिएको देखिन्छ ।

यस विभागबाट मिति २०६७/०५/२९ मा गरिएको परिपत्र मन्त्रालयको निर्देशानुसार गरिएको, नेपाल सरकार (कार्य विभाजन) नियमावली २०६४ अनुसार जग्गा दर्ता तथा प्रशासनसम्बन्धी कार्य क्षेत्र भूमिसुधार तथा व्यवस्था मन्त्रालय र यस विभागसमेतको पर्ने भै जग्गा दाखिल खारेज सम्बन्धमा देखिएका विकृति र विसङ्गतिलाई नियन्त्रण गरी सर्व साधारण जनताको हक हितको संरक्षण गरी जग्गाको दाखिल खारेजसम्बन्धी कार्यलाई निषेधित गर्न नभई नियमित र व्यवस्थित गर्न छानबिन समितिले प्रतिवेदनसमेतलाई मध्यनजर गरी स्वच्छ मन र निस्वार्थ भावनाबाट प्रेरित भै भएको उल्लिखित निर्णय र सो बमोजिम यस विभागबाट भएको मिति २०६७/०५/२९ च.नं. ४३९ को परिपत्र संविधान र कानूनअनुरूप नै भै निवेदकको कुनै पनि संवैधानिक र कानूनी हक अधिकारको हनन् भएको नहुँदा रिट निवेदन खारेजभागी छ भन्ने भूमिसुधार तथा व्यवस्थापन विभागको लिखित जवाफ ।

नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा भूमिसुधार तथा व्यवस्थापन विभाग जग्गा प्रशासन शाखाले मिति २०६७/०५/२४ को भूमिसुधार तथा व्यवस्था मन्त्रालय सचिव स्तरको निर्णयबमोजिम मिति २०६७/०५/२९ मा जुनसुकै व्यहोराले हक स्वामित्व प्राप्त भए तापनि त्यस्तो घर जग्गाको लागि अंशबन्डाको लिखत र ती पुस्ताभित्रको बकसपत्र पारित गर्नेबाहेकका अन्य कुनै प्रकारको लिखत सोही दिन कार्यालयबाट वा डोरबाट पारित नगर्ने भनी सबै मालपोत कार्यालयमा परिपत्र गरिँदा किनेकै दिन जग्गा बिक्री गर्न नपाइने निर्णय गरेको र तोकिएको समयसम्म मात्रै टोकन लगाउने व्यवस्था मिलाउने र समयभित्रै टोकन लगाइएको जति सम्भव भएसम्म सोही दिनमा कार्य सम्पन्न गर्ने व्यवस्था कार्यालय प्रमुखले गर्ने भनी गरेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी यस्तो गैरकानूनी निर्णय नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत चाहिने आदेशको माग गरेको देखिन्छ ।

विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफमा मालपोत कार्याल कास्कीबाट विभिन्न जग्गाहरू मध्यरातमा लिलाम सकार गरी बिक्रीसमेत गरिएको भन्नेसम्बन्धमा रायसहितको सुझाव दिन मन्त्रालयले समूह खटाएकामा सो समूहको प्रतिवेदनलाई मध्यनजर राखेर मालपोत कार्यालयमा अगामी दिनमा थप विकृति आउन नदिन र सर्वसाधारणले सहजरूपमा सेवा प्राप्त गर्न सकून्

भन्ने मनसायका अतिरिक्त एकै दिनमा सबै कार्य गर्दा मालपोतको कामकाजमा हुन सक्ने त्रुटिलाई न्यून गर्ने उद्देश्यले प्रतिवेदनमा उल्लिखित सुझावलाई कार्यान्वयन गरेको हो भनी लिखित जवाफ पेस गरेको देखियो।

भूमिसुधार तथा व्यवस्थापन विभागका तर्फबाट पेस हुन आएको लिखित जवाफमा मन्त्रालयको निर्देशानुसार जग्गा दर्ता तथा प्रशासनसम्बन्धी कार्य क्षेत्र भूमिसुधार तथा व्यवस्था मन्त्रालय र यस विभागसमेतको पर्ने भै जग्गा दाखिल खारेज सम्बन्धमा देखिएका विकृति विसङ्गतीलाई नियन्त्रण गरी सर्वसाधारण जनताको हकहितको संरक्षण गरी जग्गाको दाखिल खारेजसम्बन्धी कार्यलाई निषेधित गर्न नभई नियमित र व्यवस्थित गर्न छानविन समितिको प्रतिवेदनसमेतलाई मध्यनजर गरी गरिएको उल्लिखित निर्णय र सोबमोजिम यस विभागबाट भएको परिपत्र संविधान र कानूनअनुरूप नै हुँदा बदर हुनुपर्ने होइन भनी लिखित जवाफ पेस गरेको देखिन्छ।

२.निर्णयतर्फ विचार गर्दा भूमिसुधार मन्त्रालयबाट मालपोत कार्यालयमा हुने विकृतिहरूबारे प्रकाशित समाचारको सम्बन्धमा वास्तविकता तथा सत्य तथ्य बुझी प्रतिवेदन पेस गर्न उपसचिव द्वय हरी बखती र बाबुराम खनाललाई मालपोत कार्यालय कास्कीमा खटाएकामा निजहरूले मिति २०६७/०५/०२ मा स्थलगत अध्ययन गरी मिति २०६७/०५/०७ मा मन्त्रालयमा प्रतिवेदन पेस गरेको देखिन्छ।

३.उपसचिवद्वयको प्रतिवेदनमा ४ वटा प्रकरण रहेको देखिन्छ। जसअन्तर्गत प्रकरण १ मा जुनसुकै व्यहोराले हक स्वामित्व प्राप्त भएता पनि त्यस्तो घर जग्गाको लागि अंशबन्डाको लिखत र तीन पुस्ताभित्रको बकसपत्र पारित गर्नेबाहेकका अन्य कुनै प्रकारको लिखत सोही दिन कार्यालयबाट वा डोरबाट पारित नगर्ने। प्रकरण २ मा तोकिएकै समयमा टोकन लागेको तर भिडभाडको कारणले कार्यालय समयपश्चात् निर्णय वा लिखत पारित गर्दाको समयमा अनिवार्यरूपमा समयसमेत उल्लेख गर्न लगाउने। यसरी कार्यालय समयपश्चात पारित लिखत वा निर्णयको जग्गाधनी पूर्जा सोही दिन सेवाग्राहीलाई उपलब्ध नगराउने। त्यसै गरी प्रकरण ३ मा टोकन लगाउनेसम्बन्धी व्यवस्था तथा प्रकरण ४ मा टोकनको लिखत पारितलगायत अन्य अत्यावश्यक कार्य गर्नको लागि कार्यालय समयपश्चात कर्मचारी कार्यालयमा रहनु पर्दा कार्यालय प्रमुखको स्वीकृतिमा मात्र गर्ने र छुट्टै रजिस्ट्रर खडा गरी प्रमाणित गरी राख्न लगाउने लगायतका राय पेस गरेको देखिन्छ।

४.उपसचिव द्वयको स्थलगत अध्ययन प्रतिवेदनअनुरूप भूमिसुधार तथा व्यवस्था मन्त्रालयले संलग्न छानबिन प्रतिवेदन अध्ययन गर्दा आगामी दिनमा मालपोत कार्यालयहरूको काम कारवाही छिटो, छरितो, पारदर्शी र व्यवस्थित गर्नको लागि प्रतिवेदनमा पेस भएका सुझावहरू बुँदा नं. १ देखि बुँदा नं. ४ सम्मको कार्यान्वयन गर्न गराउन निर्देशन दिने गरी नेपाल सरकार (सचिवस्तर) को निर्णयअनुसार भूमिसुधार तथा व्यवस्थापन विभाग हुँदै कार्यालयसम्म परिपत्र भएको देखियो।

५.सरकारी काम कारवाही स्वच्छ, पारदर्शी, जवाफदेही एवम् कानूनी तवरले गर्नु पर्दछ। जनताले पाउने सेवामा कमि आउन नदिई कामकारवाहीमा त्रुटि नगरी गर्नु उचित हुन्छ। सरकारी निर्णयहरू पूर्णरूपमा जनता उन्मुख हुनुपर्दछ। जनताको सेवा पाउने कुरामा कसैले आघात पुर्‍याउन हुँदैन। सरकारी काम गर्दा विना आधार नगरी कानूनको शासनको सम्मान गर्दै कानूनअनुसार काम गर्नुपर्ने हुँदा अधिकारप्राप्त निकायबाटसरल एवम् व्यवस्थित कार्यविधि निर्धारण गर्न सक्दछन्। प्रस्तुत निवेदनमा सोही अनुरूप मन्त्रालयले स्थलगत अध्ययन समूह गठन गरी छानविनको लागि पठाई छानविनबाट प्राप्त प्रतिवेदनअनुसार कार्यान्वयनको लागि पठाइएको परिपत्रलाई अन्यथा भन्न सक्ने स्थिति देखिँदैन।

६.जग्गा प्रशासनलाई नियमित, व्यवस्थित एवम् सरल बनाउने कार्य क्षेत्र भूमिसुधार मन्त्रालय

तथा विभाग कै रहेको छ । जग्गा प्रशासन व्यक्तिको साम्पत्तिक अधिकारसँग समेत सम्बन्धित छ । अचल सम्पत्तिको स्रोतमा जग्गाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । जग्गाको हक हस्तान्तरण जस्ता कुरा सबै नबुझी हतारमा तुरून्तै गरिहाल्दा परिणाम नराम्रो निस्कन जाने र कहिले काहीँ हकवालाले अनाहकमा सम्पत्तिको हकबाट वञ्चित हुनुपर्नेसमेत हुन जान्छ । जग्गा प्रशासनलाई संवेदनशील प्रशासन मानी सोही अनुसार कार्यविधि निर्धारण गरी व्यवस्थित किसिमले सञ्चालन गर्नुपर्दछ । जग्गा दाखिल खारेजलगायतका कार्यहरूका सम्बन्धमा बेलाबेलामा मालपोत कार्यालयहरू विवादमा परेको पाइन्छ । कार्यालयबाट हुने विकृतिलाई कमि गराउनमा कार्यविधिको ठूलो हात रहन जान्छ । सरल र स्पष्ट कार्यविधि र चुस्त प्रशासनद्वारा जनताले छिटो छरितो सेवासमेत प्राप्त गर्न सक्दछन् ।

७.मन्त्रालय तथा विभागको निर्णय एवम् परिपत्रद्वारा जग्गा प्रशासनलाई व्यवस्थित गराउन गरिएको मन्त्रालयको निर्णय र सोलाई कार्यान्वयन गर्न गरिएको परिपत्रले निवेदकले उल्लेख गरे जस्तो आम नागरिकको सम्पत्तिसम्बन्धी अधिकारमा आघात परेको मान्न सकिँदैन । जग्गा प्रशासन व्यवस्थित गर्दा जनताको सम्पत्तिसम्बन्धी अधिकारमा आघात पार्ने नभई साम्पत्तिक अधिकारलाई सुरक्षित एवम् संरक्षित बनाउन थप मद्दत पुर्‍याउँछ ।

८.निवेदकले मन्त्रालयको निर्णय तथा विभागको परिपत्रले पेसा रोजगार गर्ने अधिकारमा अङ्कुश लगाएको भनी निवेदनमा उल्लेख गर्नु भएको तर्फ हेर्दा निर्णयमा भएका कुनै पनि कुरामा लेखापढी व्यवसायीको व्यवसायलाई असर पर्ने कुरा लेखिएको देखिँदैन । लिखत सोही दिन पारित गर्ने नगर्ने कुराले व्यवसायीको पेसामा असर पर्ने भन्ने देखिन आउँदैन । टोकन प्रणालीबाट काम कारवाही गर्दा कार्यालयका कर्मचारीलाई कार्य सम्पादन गर्न सरल हुन जाने तथा सेवाग्राहीलाई सेवा लिनसमेत सरल हुन जाने देखिँदा टोकन प्रणालीलाई समेत अन्यथा भन्न सकिने स्थिति देखिँदैन । निवेदकले मन्त्रालयको निर्णयले लेखापढी व्यवसायीको कुन पेसा गर्ने अधिकार कसरी हनन हुन गयो स्पष्ट खुलाएको समेत देखिँदैन । यसरी जग्गा प्रशासनलाई व्यवस्थित, मर्यादित, सरल, नियमित बनाउन मन्त्रालयद्वारा छानविन समितिको प्रतिवेदनअनुसार जग्गा प्रशासनलाई सुधार गर्न चालिएको प्रयासलाई आम नागरिकको सम्पत्तिको अधिकार एवम् लेखापढी व्यवसायीको पेसा गर्ने अधिकारमा आघात पारेको भनी मान्न सकिएन ।

९.तसर्थ माथि विवेचित आधार कारणहरूबाट निवेदकको निवेदन मागबमोजिमको उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ ।

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।
इजलास अधिकृत : रामप्रसाद पौडेल

## निर्णय नं.९४२२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति : २०७१।१२।१०।३
०६६-WO-०३०५

विषय : उत्प्रेषण / परमादेश

निवेदक : जिल्ला महोत्तरी बल्वा गा.वि.स. वडा नं. ४ मा बस्ने सरूप यादवको छोरा वर्ष ८४ को राजेन्द्र यादव

विरूद्ध

विपक्षी : मालपोत कार्यालय, महोत्तरी, जलेश्वरसमेत

- **सरकारी कागज किर्ते गरी निवेदकले आफूले गरेको अपराध लुकाउनको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी अदालत प्रवेश गरेको देखिँदा निवेदक न्याय प्राप्त गर्ने असल नियतका साथ अदालत प्रवेश गरेको नदेखिने।**

(प्रकरण नं. ४)

- **अदालत न्याय प्राप्त गर्नको लागि आउने ठाउँ हो। कसैलाई दुःख दिन, जालझेल गर्न अदालत आउनु दुर्भाग्यपूर्ण हुन जान्छ। दुःख दिन, फसाउन, निर्णय कार्यान्वयनबाट रोक्न, सकारात्मक परिवर्तनलाई रोक्न, असल नियतका निर्णयलाई रोक्न कार्यविधिका अनेक छिद्रबाट नकरात्मक प्रयोजनका लागि अदालतको असाधारण क्षेत्र प्रयोग गरी अदालत प्रवेश गर्नु राम्रो नमानिने।**

(प्रकरण नं. ५)

- **अदालत सबैको लागि सधैँ खुला हुन्छ जसको मूल प्रयोजन न्याय प्राप्ति नै हो। त्यसैले अदालतमात्र न्यायको लागि हुनुपर्दछ। असाधारण अधिकार क्षेत्र संविधानले विशेष अवस्थाहरूका लागि प्रदान गरेको देखिन्छ। व्यक्तिको मौलिक अधिकारको संरक्षण वैकल्पिक माध्यमबाट गर्न सक्दासम्म असाधारण अधिकार क्षेत्र आकर्षित हुने पनि देखिँदैन। नेपालको अन्तरिम संविधानको धारा १०७(२) मा भएको व्यवस्थाअनुसार व्यक्तिको मौलिक अधिकारको हनन् हुन नदिन एवम् संरक्षण गर्न सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्रको ग्रहण गरी पूर्णन्याय हेतु आदेश जारी गर्न सक्ने।**

(प्रकरण नं. ७)

- **कानून व्यवसायी कानूनी शासनका संवाहक हुन। न्यायका पहरेदार हुन्। सुशासनका हिमायती हुन। समाज परिवर्तनका अगुवा हुन्। संस्कृतिका संरक्षक हुन्। अरू व्यवसायभन्दा कानून व्यवसाय पृथक खालको व्यवसाय हो। त्यसैले कानून व्यवसाय पूर्णरूपमा Justice oriented हुनुपर्दछ। कानून व्यवसायीले न्यायको मार्गलाई सरल र सहजरूपमा डोऱ्याउन सक्नुपर्दछ। अनावश्यक मुद्दाको भिडले सही न्याय खोज्नेको न्यायसमेत प्रभावित हुन जाने हुनाले गलत मनसायसहित मुद्दा गर्ने प्रवृत्तिको अन्त्य हुन जरूरी देखिन्छ। यसका लागि कानून व्यवसायीको सहयोग वाञ्छनीय हुन जाने।**
- **नैतिकता र कानून दुवै परस्परमा सम्बन्धित एवम् छुट्याउन नसकिने गरी गाँसिएका विषयवस्तु हुन्। दुवैले मानव मूल्यलाई बढाउन मद्दत पुऱ्याउँदछन। नैतिकतालाई मापन गर्ने मानक नभए पनि**

**यसको मूल्यलाई कम आँक्न सकिँदैन । नैतिकता विहिन पेसाको कल्पनासमेत गर्न नसकिने ।**

- **अधिकार क्षेत्रको स्पष्टतामा न्याय छिटो छरितो हुन जान्छ । जसबाट न्यायका उपभोक्ता, कानून व्यवसायी एवम् न्यायका सम्पूर्ण सरोकारवालाहरूलाई सरलता र सहजता हुन जान्छ । यसरी अनावश्यक अवस्थामा असाधारण अधिकार क्षेत्रको ग्रहण गर्नेहरूलाई रोक्नमा कानून व्यवसायीको ठूलो हात हुन जाने हुँदा कानून व्यवसायीको यसतर्फ विशेष ध्यान जान जरूरी देखिने ।**

(प्रकरण नं. ८)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता नवल किशोर शाह

विपक्षीका तर्फबाटः विद्वान् उपन्यायाधिवक्ता गंगाप्रसाद पौडेल, विद्वान् अधिवक्ताहरू रामबन्धु शर्मा र रामपुकार महतो

अवलम्बित नजिरः

- *नेकाप* २०५० अङ्क ५ नि.नं. ४७४६

सम्बद्ध कानूनः

आदेश

**न्या.गोपाल पराजुली :** म निवेदक राजेन्द्र यादवको हक भोग चलनमा जिल्ला महोत्तरी वल्वा गा.वि.स. अन्तर्गतको विभिन्न कित्ताका जग्गाहरू रहेकामा उक्त जग्गाहरू मध्येको ध. वल्वा गा.वि.स. वडा नं. २(क) को कि.नं. १०१ को ०-१५-० मा पोखरी तथा ऐ.ऐ. गा.वि.स. वडा नं. २(क) कि.नं. १०० को ०-१२-१५ को जग्गामा पोखरीको डिलसमेत साबिकदेखि नै हक भोग चलन गर्दै आएकामा उपर्युक्त जग्गाहरू समेत मिति २०२८।६।३१ गतेको मि.नं. ६२।१०८ को निर्णयबाट मेरो नाउँमा दर्ता कायम भै मैले विधिवत्‌रूपमा भोग चलन गरी तिरोसमेत तिरी आएकामा कुनै पनि प्रकारको बाधा विरोध उत्पन्न भएको थिएन।

उपर्युक्त उल्लिखित जग्गाहरू गैरकानूनीरूपमा हात पार्ने मनसायले विपक्षीहरू मध्येको विपक्षी नं. ७, ८, ९ र १० ले राख्दै आएकामा कुनै सिप नचलेपछि निज विपक्षीहरूले मेरो हक भोग चलनमा रहेको दर्तावाला जग्गा सम्बन्धमा तत्कालिन सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय, जलेश्वरमा खटी आएको आयोगमा गुपचुपै तरिकाबाट निवेदन दिई अन्य विपक्षीहरूसमेतसँग मिलोमतो गरी मिति २०५५।७।३० गतेका दिन म निवेदकलाई बुझ्दै नबुझी गैरकानूनीरूपमा निर्णय गर्न सफल भै ऐ.ऐ. कि.नं. १०१ को ०-१५-० को जग्गा विपक्षी रामचन्द्र साहसमेतले ऐ.ऐ. कि.नं. १०० को ०-१२-१५ जग्गा कित्ताकाट गराई कि.नं. ७०४ विपक्षी राम पुनित व्याहुत सुडी ऐ.ऐ. कि.नं. ७०५ को महन्थ साह, ऐ.ऐ. कि.नं. ७०६ को स्व. लक्ष्मण साह व्याहुत सुडीको नाउँमा रही हाल विपक्षी देव नारायण साहको हकमा रहेको ऐ.ऐ. कि.नं. ७०७ को रामचन्द्र साहको नाउँमा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण भै सो पूर्जा विपक्षीहरूले प्राप्त गरी चुप लागि १०,११ वर्षदेखि बसी हाल आएर विपक्षीहरूले म निवेदक तथा मेरो छोरा तथा नाति माथी २०६६ सालमा पुनरावेदन अदालत जनकपुरमा रि.नं. ०६-०६६-०३५५७ को निषेधाज्ञा मुद्दा चलाएको सो मुद्दा मिति २०६६।५।३० गतेका दिन खारेज भै सकेकामा सो मुद्दामा पेस गरेको विपक्षीको नाउँमा गैरकानूनीरूपमा दर्ता भएकोबाट प्रेषित जग्गा धनी प्रमाण पूर्जा हेर्दा तथा सुकुम्वासी समस्या समाधान आयोगको निर्णयको नक्कल लिँदा सम्पूर्ण कुराहरूको जानकारी हुन आयो।

यसरी विपक्षी प्रतिवादीहरूमध्येको विपक्षी नं. ७,८,९र १० ले मेरो नम्बरी जग्गा दर्ताको लागि विपक्षी नं. ४ समक्ष निवेदन दिई माग गर्दा उक्त उल्लिखित जग्गा कसको नाउँमा दर्ता कायम छ सो कुरा प्रथमत बुझ्नुपर्ने दायित्व थियो । यसरी सुकुम्वासी समस्या समाधान आयोगले मेरो जग्गा धनी प्रमाण पूर्जालाई

बदर गरेको हो कि होइन सो कोही भन्न नसक्नु साथै निजको नाउँमा पूर्जा बन्नुअघि मलाई सोको सूचना दिनु वा बुझ्नु पर्नेमा सो सम्बन्धमा मलाई जानकारी नै नदिई तथा मलाई बुझ्दै नबुझी साथै विपक्षी मालपोत कार्यालयसमेतले मेरो जग्गा हुँदा हुँदै पनि सो सम्बन्धमा मौन भै तथा विपक्षी नापी शाखा कार्यालयसमेतले मेरो ऐ.ऐ. को कि.नं. १०० लाई कित्ताकाट गरी ७०४, ७०५, ७०६ र ७०७ गरी ४ कित्तामा बाँडी सोको सूचनासमेत नदिई विपक्षीहरूसँग मिलोमतो गरी मेरो कि.नं. १०१ पोखरी तथा कि.नं. १०० पोखरी डिलसमेत विपक्षीहरूको नाउँमा दर्ता गरेको हुँदा प्रष्टरूपमा नै मलाई सूचनाको हकबाट वञ्चित गरी सूचनाको अभावमा गैरकानूनीरूपमा दर्ता भएकाले बदर हुनुपर्ने प्रष्ट छ।

अर्कोतर्फ मेरो नाउँमा दर्ता कायम रहेको उपर्युक्त उल्लिखित कि.नं. १०१ को पोखरी तथा कि.नं. १०० को पोखरीको डिल भएको जग्गाहरू मलाई भोग चलन गर्नबाट वञ्चित गर्नुको साथै सम्पत्ति नै अपहरण गर्ने मनसायमा लागि मलाई सम्पत्तिसम्बन्धी हकबाट वञ्चित गरेको कुरा विपक्षी सुकुम्वासी समस्या समाधान आयोगको निर्णय गैर असंवैधानिक र गैर कानूनी एवम् प्राकृतिक न्यायको विपरीत रहेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ३ धारा १२ मा स्वतन्त्रताको हक, धारा १९ (ख) मा प्रत्येक व्यक्तिलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ, त्यस्तै १९(२) मा सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारको कुनै अधिकार श्रृजना गर्ने छैन र १९(३) मा राज्यले अधिग्रहण गर्दा क्षतिपूर्ति दिइने छ भनी नागरिकलाई मौलिक हकको नेपाल अधिराज्यको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेको छ।

विपक्षी सुकुम्वासी समस्या समाधान आयोग समिति जिल्ला महोत्तरी जलेश्वरको मिति २०५५।७।३० को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी सो निर्णयको आधारमा विपक्षीहरूलाई वितरण गरेको जग्गा धनी दर्ता प्रमाण पूर्जासमेत बदर गरी म निवेदकको नाउँमा यथावत कायम गरी दिनको लागि परमादेशको आदेशसमेत जारी गरिपाऊँ। विपक्षीहरूले स्थानीय प्रहरी प्रशासनलाई गलत तरिकाले आफ्नो हातमा लिई म ८०।८५ वर्षको बुढोलाई पक्राउ गरी विभिन्न प्रकारको कागज गराउने षड्यन्त्र गरी प्रहरी प्रशासनद्वारा विना पूर्जी पक्राउ गर्न दिनहुँ मेरो घर दैलोमा प्रहरी आइरहेको हुँदा म बुढो लुकी छिपी बस्ने अवस्था रहेकाले गैरकानूनी तरिकाले मलाई डर धाकधम्कीको साथै गैरकानूनीरूपमा समाती थुनामा राख्ने गैरकानूनी कागज गराउने प्रवल सम्भावना भएकाले विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने राजेन्द्र यादवको निवेदन।

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी मालपोत कार्यालय, महोत्तरीसमेतलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू। निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको १ प्रति नक्कल साथै राखी विपक्षी रामचन्द्र साहसमेतलाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै प्रहरीद्वारा पक्राउ गर्ने आशङ्का देखाई पक्राउ नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा आशङ्काको भरमा मात्र निवेदकलाई पक्राउ नगर्नु भनी अन्तरिम आदेश

जारी गर्न नमिल्ने हुँदा अन्तरिम आदेश जारी गर्न परेन भन्ने मिति २०६६।६।२८ को यस अदालतको आदेश।

जिल्ला महोत्तरी बलवा गा.वि.स. वडा नं. ५ मा बस्ने सरयुग साहको छोरा रामचन्द्र साहसमेतले ऐ. वडा नं. ४ बस्ने राजेन्द्र यादवसमेत भई हाम्रो हकभोगको जग्गाहरू समेत राजेन्द्र यादवले आफ्नो कृर्ते कागज बनाई सरकारी कागज कृर्ते गरेको हुँदा कारवाही गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा निवेदन दिएकामा उक्त निवेदनसमेत उपर बुझ्दा विपक्षी बनाइएको राजेन्द्र यादवसमेतले निवेदनमा उल्लेखबमोजिमको कसुर गरेको देखिन आएको हुँदा उक्त निवेदनको विषय मुलुकी ऐन सरकारी कागज किर्ते महलको १२ नं. बमोजिम कारवाही गर्नु पर्ने देखिएकाले सोहीबमोजिम गर्नु भनी संलग्न निवेदनसहितको कागजातहरू जिल्ला प्रशासन कार्यालय, महोत्तरी च.नं. ७२१ मिति २०६६।५।२६ गतेको पत्र यस कार्यालयमा प्राप्त भएको।

सोहीबमोजिम जिल्ला प्रशासन कार्यालय, महोत्तरीको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी राजेन्द्र यादवसमेतको सरकारी कागज किर्ते मुद्दा यस कार्यालयको १० नं. दायरीमा मुद्दा नं. ३१ मिति २०६६।५।२९ गते दर्ता गरिएको तत्पश्चात् मिति २०६६।६।२५ गते जि.प्र.का. महोत्तरीको च.नं. ११३७ मिति २०६६।६।२५ गतेको पत्रद्वारा जिल्ला महोत्तरी बलवा गा.वि.स. वडा नं. ४ मा बस्ने राम पुनित साहको पाना ३ को जाहेरी दरखास्तसमेत प्राप्त भएको हुँदा उक्त जाहेरी दरखास्तसमेत सोही मिसिलमा संलग्न राखी अनुसन्धान कार्य जारी राखिएको। राम पुनित साहको निवेदनमा उल्लिखित प्रतिवादीहरू मध्येका जिल्ला महोत्तरी बलवा गा.वि.स. वडा नं. ४ मा बस्ने राजेन्द्र यादवको छोरा श्याम यादव भन्ने श्याम किशोर यादव कर्तव्य ज्यान मुद्दामा कारागारमा रहेको हुँदा सो कारागारबाट मिति २०६६।८।१९ गते छुटी सो दिन निजलाई उक्त सरकारी कागज किर्ते मुद्दामा पक्राउ गरी सम्बन्धित अदालतबाट म्याद लिई यस कार्यालयको हिरासतमा राखी अनुसन्धान कार्य भई रहेको।

निज राजेन्द्र यादवउपर सरकारी कागज किर्ते मुद्दा यस कार्यालयमा दर्ता भई निजलाई उक्त मुद्दामा अनुसन्धानको क्रममा पक्राउ गर्नुपर्ने भएकाले सो मुद्दामा पक्राउको लागि निजको घरमा स्थानिय प्रहरी गएको हो। गैरकानूनीरूपमा प्रहरी निजको घरमा पक्राउको लागि गएको होइन। निज राजेन्द्र यादवउपर फौजदारी मुद्दा दर्ता भएको कारण निजलाई पक्राउ गर्नु पर्ने भएकाले कानूनबमोजिम प्रहरीले खोजतलास गरी रहेको हो। निजलाई पक्राउ गरी गैरकानूनी कागज गराउने यस कार्यालयको मनसाय नरहेको हुँदा निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला प्रहरी कार्यालय, महोत्तरी जलेश्वरको लिखित जवाफ।

मालपोत कार्यालय महोत्तरीको तर्फबाट पेस भएको लिखित जवाफमा निज राजेन्द्र यादवको नाममा कायम रहेका स्रेस्ता हेर्दा स्रेस्ताको कैफियतबमोजिम मि.नं. ६२।१०८ र मिति २०२८।६।३१ को मिसिल यस कार्यालयस्थित तामेली फाँटमा बलवा वडा नं. ७ कि.नं. ३२७ को ज.वि. ०-५-० जग्गा प्रसन साह तेलीको नाउँमा छुट जग्गा दर्ता प्रमाणित भै मिसिल कायम रहेकाले राजेन्द्र यादवको नाउँमा मालपोत ऐन, २०३४ को दफा २(ख२) बमोजिम नेपाल सरकारको नाममा कायम रहेको र वादीले देखाएको ६२।१०८ को छूट जग्गा दर्ता मिसिल छानबिन खोज तलास गर्दा निज राजेन्द्र यादवको नामबाट रेकर्ड नरही सो मिसिल जिल्ला महोत्तरी वल्वा बस्ने प्रतिवादी सरयुग साह तेलीको नाममा रही कारवाही भै जिल्ला महोत्तरी वल्वा वडा नं. ७ कि.नं. ३२७ को ०-५-० जग्गा दर्ता गर्ने निर्णय भएको भनी यस कार्यालयको तामेली रेकर्ड अनुसार भिडी आएको र निज विपक्षीले दाबी लिएको कि.नं. १००, १०१ लगायत निजको नाममा यस कार्यालयमा रहेको जग्गा धनी दर्ता स्रेस्तामा उल्लेख भएको कित्ता जग्गाहरू मध्ये कि.नं. ३९० बाहेक कि.नं. जग्गाहरू तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा दर्ता रहेको देखिन्छ। कि.नं. १००

र १०१ को जग्गाको तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा कायम रहेको जग्गा धनी दर्ता स्रेस्तामा सुकुम्वासीबाट वितरण भएको भनी सिसाकलमले मिति २०५५।७।३० उल्लेख भएकाले यसरी अनाधिकृत किसिमबाट दायर निवेदन खारेज गरिपाउँ भन्ने मालपोत कार्यालय महोत्तरीको लिखित जवाफ।

जिल्ला महोत्तरी गा.वि.स. वल्वा वडा नं ५ बस्ने राम पुनित साहले ऐ.ऐ. ४ बस्ने राजेन्द्र साहसमेतको विरूद्धमा सरकारी कागज किर्ते गएकाले कार्यवाही गरिपाउँ भनी दिएको द.नं. १७० मिति २०६६।५।४ मा उजुरी दिएको। सो उजुरीमा उल्लेख भएको जग्गा बारे मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, नापी कार्यालयसमेतमा पत्राचार गरी बुझ्दा विपक्षी राजेन्द्र यादवसमेतले उजुरीअनुसार सरकारी कागज किर्ते गरी राम पुनित साहसमेतको जग्गा आफ्नो नाउँमा दर्ता गराएको भनी सम्बन्धित निकायहरूबाट लेखी आएबमोजिम सो सम्बन्धमा केही कुरा बुझ्नु पर्ने भएकाले विपक्षी राजेन्द्र यादवलाई उपस्थित गराई दिन च.नं. ५०२ मिति २०६६।५।११ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा लेखी पठाइएकामा त्यहाँको च.नं. ७८ मिति २०६६।५।१५ गतेको पत्रसाथ विपक्षी राजेन्द्र यादवलाई उपस्थित गराइएकामा सो उजुरीमा लेखिएबमोजिमको जग्गाहरू मेरो नाउँमा दर्ता भएकामा सो जग्गाहरू सम्बन्धित निकायबाट ७ दिनभित्र बदर गराउने छु भनी मिति २०६६।५।१६ गते यस कार्यालयमा कागज लेखी सहीछाप गरी मिति २०६६।५।१९ गते उपस्थित हुन आउने छु भनी तारेख लिई गएको सो तारेखमा निज उपस्थित नभै म्यादसमेत गुजारी बसेको व्यहोरा अनुरोध छ। विपक्षी राजेन्द्र यादव विरूद्धमा यस कार्यालयमा परेको किर्ते कागजसम्बन्धी उजुरीको सम्बन्धमा मालपोत कार्यालय, नापी कार्यालय, गा.वि.स. कार्यालय र जिल्ला विकास कार्यालयसमेतबाट प्रमाण प्राप्त भै निजले सरकारी कागज किर्ते गरेको ठहरी मुलुकी ऐन किर्ते महलको १२ नं. बमोजिम निज माथी आवश्यक अनुसन्धान तहकिकात गरी कार्यवाही गर्न भनी सक्कल सम्पूर्ण कागजसहितको मिसिल पठाई सकिएको व्यहोरा अनुरोध छ भन्ने जिल्ला प्रशासन कार्यालय, महोत्तरीको लिखित जवाफ।

विपक्षी रामचन्द्र साहसमेतका विपक्षीहरूको लिखित जवाफमा मि.नं. ६२।१०८ को निर्णयबाट निजको नाउँमा जग्गा दर्ता भएको भनी लेखे पनि त्यो तथ्यमा आधारित छैन। विपक्षीको जग्गा धनी दर्ता प्रमाण पूर्जा नै किर्ते रहेकाले निज राजेन्द्र यादवसमेत उपर महोत्तरी जिल्ला अदालतमा सरकारी कागज किर्ते मुद्दा विचाराधीन रहेको छ भनी लिखित जवाफ।

नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता नवल किशोर शाह विपक्षी मालपोत कार्यालयसमेतको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री गंगा प्रसाद पौडेल तथा अन्य विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री रामबन्धु शर्मा र रामपुकार महतोले गर्नुभएको बहस सुनियो।

यसमा म निवेदक राजेन्द्र यादवको हक भोग चलनमा जिल्ला महोत्तरी वल्वा गा.वि.स. अन्तर्गतको विभिन्न कित्ताहरू रहेकामा उक्त जग्गाहरू मध्येको जिल्ला धनुषा वल्वा गा.वि.स. वडा नं. २(क) को कि.नं. १०१ को ०-१५-० मा पोखरी तथा ऐ.ऐ. गा.वि.स. वडा नं. २(क) कि.नं. १०० को ०-१२-१५ को जग्गामा पोखरीको डिलसमेत साबिकदेखि नै हक भोग चलन गर्दै आएकामा उपर्युक्त जग्गाहरूसमेत मिति २०२८।६।३१ गतेको मि.नं. ६२।१०८ को निर्णयबाट मेरो नाउँमा दर्ता कायम भै मैले विधिवतरूपमा भोग चलन गरी तिरोसमेत तिरी आएकामा विपक्षीमध्येमा ७, ८, ९ र १० ले तत्कालिन सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय, जलेश्वरमा खटी आएको आयोगमा गुपचुप तरिकाबाट निवेदन दिई अन्य विपक्षीहरू समेतसँग मिलेमतो गरी मिति २०५५।७।३० मा म निवेदकलाई बुझ्दै नबुझी गैरकानूनीरूपमा निर्णय गर्न सफल भै ऐ.ऐ. कि.नं. १०१ को ०-१५-० को जग्गा विपक्षी रामचन्द्र साहसमेतले र

ऐ.ऐ.को कि.नं. १०० को ०-१२-१५ जग्गा कित्ताकाट गराई कि.नं. ७०४ को राम पुनित ब्याहुत सुडी ऐ.ऐ. कि.नं. ७०५ को महन्थ साह, ऐ.ऐ.को कि.नं. ७०६ को स्व. लक्ष्मण साह ब्याहुत सुडीको नाउँमा रही हाल विपक्षी देवनारायण साहको हकमा रहेको ऐ.ऐ. कि.नं. ७०७ को रामचन्द्र साहको नाउँमा दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा वितरण भै सो पूर्जा विपक्षीहरूले प्राप्त गरी चुप लागि १०।११ वर्षदेखि बसी हाल आएर विपक्षीहरूले म निवेदक तथा मेरो छोरा तथा नातिसमेतलाई दुःख दिइरहेका छन्।

मेरो नाउँमा दर्ता कायम रहेको उपर्युक्त उल्लिखित कि.नं. १०१ को पोखरी तथा कि.नं. १०० को पोखरीको डिलमा भएको जग्गाहरू मलाई भोग चलन गर्नबाट वञ्चित गर्नुको साथै सम्पत्ति नै अपहरण गर्ने मनसायबाट मलाई सम्पत्तिसम्बन्धी हकबाट मलाई सुकुम्वासी समस्या समाधान आयोगको निर्णयबाट प्रष्टरूपमा सिद्व भएकाले सुकुम्वासी समाधान आयोगको निर्णय र सोअनुसार विपक्षी मालपोत कार्यालयले कि.नं. १०० लाई कि.का. गरी ७०४, ७०५, ७०६ र ७०७ गरी बाँडी सोको सूचनासमेत नदिई मेरो कि.नं. १०१ तथा कि.नं. १०० पोखरी डिलसमेत विपक्षीहरूको नाउँमा दर्ता गरेको हुँदा सुकुम्वासी समस्या सामाधान आयोग जिल्ला महोत्तरी जलेश्वरको मिति २०५५।७।३० को निर्णय बदर गरी सो निर्णयको आधारमा सो निर्णयको आधारमा विपक्षीहरूलाई वितरण गरेको जग्गा धनी दर्ता प्रमाण पूर्जासमेत बदर गरी म निवेदकको नाममा यथावत गरी दिनको लागि परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन दाबी रहेको देखिन्छ।

विपक्षीमध्येका जिल्ला प्रशासन कार्यालय महोत्तरीको तर्फबाट पेस हुन आएको लिखित जवाफमा राजेन्द्र यादवले सरकारी कागज किर्ते गरेकाले कारवाही गरिपाउँ भनी उजुरी दिएअनुसार मालपोत कार्यालय जि.वि.स., नापी कार्यालयसमेतमा पत्राचार गरी बुझ्दा विपक्षी राजेन्द्र यादवसमेतले उजुरीअनुसार सरकारी कागज किर्ते गरी राम पुनित साहसमेतको जग्गा आफ्नो नाउँमा दर्ता गराएको भनी सम्बन्धित निकायहरूबाट लेखि आएबमोजिम केही बुझ्नु पर्ने देखिएकाले विपक्षी राजेन्द्र यादवलाई उपस्थित गराई दिन जिल्ला प्रहरी कार्यालयलाई पत्र पठाइएकामा विपक्षी यादवलाई उपस्थित गराई सो उजुरीमा लेखिएबमोजिमको जग्गाहरू मेरो नाउँमा दर्ता भएकामा सो जग्गाहरू सम्बन्धित निकायबाट ७ दिनभित्र बदर गराउने छु भनी मिति २०६६।५।१६ गते यस कार्यालयमा कागज लेखी सहीछाप गरी मिति २०६६।५।१९ मा उपस्थित हुन आउने तारेख लिई गएकामा तारेख गुजारी बसेको देखिन्छ। साथै किर्ते कागजसम्बन्धी उजुरी सम्बन्धमा मालपोत कार्यालय, नापी, गा.वि.स., जि.वि.स.को कार्यालयसमेतबाट प्रमाण प्राप्त भै निजले सरकारी कागज किर्ते गरेको ठहरी मु.ऐ. किर्ते महलको १२ नं. बमोजिम आवश्यक अनुसन्धान तहकीकात गरी कारवाही गर्न जिल्ला प्रहरी कार्यालय पठाई सकिएको छ भन्ने जिल्ला प्रशासन कार्यालय, महोत्तरीको लिखित जवाफबाट देखिन्छ।

रामचन्द्र साहसमेतले राजेन्द्र यादवसमेत भई आफ्नो हक भोगको जग्गा किर्ते कागज बनाई सरकारी कागज किर्ते गरेको हुँदा कारवाही गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय, महोत्तरीमा निवेदन दिएकामा उक्त निवेदनउपर बुझ्दा विपक्षी बनाइएको राजेन्द्र यादवसमेतले निवेदनमा उल्लेखबमोजिमको कसुर गरेको देखिन आएको हुँदा उक्त निवेदनको विषय मुलुकी ऐन सरकारी कागज किर्ते महलको १२ नं. बमोजिम कारवाही गर्नुपर्ने देखिएकाले सोहीबमोजिम गर्नु भनी संलग्न निवेदनसहितको कागजातहरू जिल्ला प्रशासनबाट प्राप्त भएअनुसार सरकारी कागज किर्ते मुद्दाको लागि पक्राउको लागि स्थानीय प्रहरी निजको घरमा पुगेको हो । गैरकानूनीरूपमा प्रहरी निजको घरमा पक्राउको लागि गएको होइन भन्ने जिल्ला प्रहरी कार्यालय, महोत्तरीको लिखित जवाफ रहेको देखिन्छ।

मालपोत कार्यालय महोत्तरीको तर्फबाट पेस भएको लिखित जवाफमा निज राजेन्द्र यादवको नाममा कायम रहेका स्रेस्ता हेर्दा स्रेस्ताको कैफियतबमोजिम

मि.नं. ६२।१०८ र मिति २०२८।६।३१ को मिसिल यस कार्यालय स्थित तामेली फाँटमा बलवा वडा नं. ७ कि.नं. ३२७ को ज.वि. ०-५-० जग्गा प्रसन साह तेलीको नाउँमा छुट जग्गा दर्ता प्रमाणित भै मिसिल कायम रहेकाले राजेन्द्र यादवको नाउँमा मालपोत ऐन, २०३४ को दफा २(ख२) बमोजिम नेपाल सरकारको नाममा कायम रहेको र वादीले देखाएको ६२।१०८ को छूट जग्गा दर्ता मिसिल छानबिन खोज तलास गर्दा निज राजेन्द्र यादवको नामबाट रेकर्ड नरही सो मिसिल जिल्ला महोत्तरी वल्वा बस्ने प्रतिवादी सरयुग साह तेलीको नाममा रही कारवाही भै जिल्ला महोत्तरी वल्वा वडा नं. ७ कि.नं. ३२७ को ०-५-० जग्गा दर्ता गर्ने निर्णय भएको भनी यस कार्यालयको तामेली रेकर्ड अनुसार भिडी आएको र निज विपक्षीले दाबी लिएको कि.नं. १००, १०१ लगायत निजको नाममा यस कार्यालयमा रहेको जग्गा धनी दर्ता स्रेस्तामा उल्लेख भएको कित्ता जग्गाहरू मध्ये कि.नं. ३९० बाहेक कि.नं. जग्गाहरू तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा दर्ता रहेको देखिन्छ। कि.नं. १०० र १०१ को जग्गाको तत्कालिन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा कायम रहेको जग्गा धनी दर्ता स्रेस्तामा सुकुम्वासीबाट वितरण भएको भनी सिसाकलमले मिति २०५५।७।३० उल्लेख भएको भन्ने मालपोत कार्यालय, महोत्तरीको लिखित जवाफ रहेको देखियो।

विपक्षी रामचन्द्र साहसमेतका विपक्षीहरूको लिखित जवाफमा मि.नं. ६२।१०८ को निर्णयबाट निजको नाउँमा जग्गा दर्ता भएको भनी लेखे पनि त्यो तथ्यमा आधारित छैन । विपक्षीको जग्गा धनी दर्ता प्रमाण पूर्जा नै किर्ते रहेकाले निज राजेन्द्र यादवसमेत उपर महोत्तरी जिल्ला अदालतमा सरकारी कागज किर्ते मुद्दा विचाराधीन रहेको छ भनी लिखित जवाफ पेस गरेको देखियो।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले निवेदनमा मागदाबीमा लिइएका कुराहरू लिखित जवाफकर्ताहरूबाट खण्डित भइरहेको देखिन्छ । मालपोत कार्यालय महोत्तरीले मिति २०५५।७।२९ च.नं. ११९३ मा जिल्ला महोत्तरी वल्वा गा.वि.स. अन्तर्गतका देहायमा उल्लिखित कि.नं. क्षेत्रफलको जग्गा कुनै व्यक्ति, सङ्घ संस्था, विद्यालयको नाममा दर्ता भएको छैन भनी सुकुम्वासी समस्या समाधान जिल्ला समिति महोत्तरीलाई पत्र पठाएको देखिन्छ । जुन पत्रको सि.नं. ७७ मा कि.नं. १०० को क्षेत्रफल ०-१२-१५ र सि.नं. ७८ मा कि.नं. १०१ को क्षेत्रफल ०-१५-० जग्गासमेत उल्लिखित रहेका छन्। विपक्षीहरूको लिखित जवाफमा राजेन्द्र यादवले सरकारी कागज किर्ते गरेको भनी लिखित जवाफ पेस भएको देखिन्छ । विपक्षीमध्येका मालपोत कार्यालय, महोत्तरीको लिखित जवाफमा निवेदकले दाबी लिएको कि.नं. १०० र १०१ निवेदकको नाममा नभएको तथा यी कित्ता नम्बरहरू तत्कालिन श्री ५ को सरकारका नाममा रहेको भनी लिखित जवाफ पेस भएको पाइन्छ।

३. बहसको क्रममा विपक्षीतर्फका कानून व्यवसायीद्वारा पेस गरिएको फैसलाको प्रतिलिपिबाट सरकारी कागज किर्ते मुद्दामा यी निवेदकलाई कि.नं. १०० र कि.नं. १०१ का जग्गाहरू आफ्नो नाउँमा नक्कली जग्गा धनी प्रमाण पुर्जा बनाएको पुष्टि भएको देखिँदा निज राजेन्द्र यादवलाई १ वर्ष कैद रू. ५० जरिवाना हुने ठहरी मिति २०६९।१०।२५ मा महोत्तरी जिल्ला अदालतबाट फैसला भएको देखिन आयो।

४. यसरी निवेदकले अर्काको हक भोग र स्वामित्वमा रहेको जग्गालाई किर्ते गरी हकवालालाई दुःख दिएको देखियो । सरकारी कागज किर्ते गरी निवेदकले आफूले गरेको अपराध लुकाउनको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी अदालत प्रवेश गरेको देखिँदा निवेदक न्याय प्राप्त गर्ने असल नियतका साथ अदालत प्रवेश गरेको देखिँदैन।

५. अदालत न्याय प्राप्त गर्नको लागि आउने ठाउँ हो । कसैलाई दुःख दिन, जालझेल गर्न अदालत आउनु दुर्भाग्यपूर्ण हुन जान्छ । दुःख दिन, फसाउन, निर्णय कार्यान्वयनबाट रोक्न, सकारात्मक परिवर्तनलाई रोक्न, असल नियतका निर्णयलाई रोक्न

कार्यविधिका अनेक छिद्रबाट नकारात्मक प्रयोजनका लागि अदालतको असाधारण क्षेत्र प्रयोग गरी अदालत प्रवेश गर्नु राम्रो मानिदैंन। *ने.का.प.* २०५० अङ्क ५ नि.नं. ४७४६ मा कुनै पक्षले आफ्नो रिट निवेदनमा चलाखी गरी सत्य साँचो कुरा नदेखाई सत्य कुरा लुकाई झुट्ठा तथ्यका आधारमा अदालतबाट अन्तरिम आदेशलगायतका कुनै आज्ञा वा आदेश गराउने दुस्साहस गर्नुहुँदैन । आफ्नो हक प्रचलनको लागि अदालतको शरणमा आइ असाधारण अधिकार क्षेत्रको गुहार माग्ने व्यक्तिले आफूलाई मर्का परेको आधारभूत तथ्यको वृत्तान्त निष्छल एवम् सोझो तरिकाले सफा र सहीरूपले दिनुपर्छ।

६. सम्यकको लागि आउने पक्षले खुला हात आउनुपर्छ (One who comes into equity must come with clean hands) भन्ने सूत्र रिटसम्बन्धी अदालतको सद्विवेकपूर्ण तजविज खोजी गरी असाधारण अधिकार क्षेत्रअन्तर्गत आउने पक्षको लागि पनि समानरूपले लागू हुने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

७. अदालत सबैको लागि सधै खुला हुन्छ जसको मुल प्रयोजन न्याय प्राप्ति नै हो । त्यसैले अदालतमात्र न्यायको लागि हुनुपर्दछ । असाधारण अधिकार क्षेत्र संविधानले विशेष अवस्थाहरूका लागि प्रदान गरेको देखिन्छ। व्यक्तिको मौलिक अधिकारको संरक्षण वैकल्पिक माध्यमबाट गर्न सक्दासम्म असाधारण अधिकार क्षेत्र आकर्षित हुने पनि देखिँदैन । नेपालको अन्तरिम संविधानको धारा १०७(२) मा भएको व्यवस्थाअनुसार व्यक्तिको मौलिक अधिकारको हनन हुन नदिन एवम् संरक्षण गर्न सर्वोच्च अदालतले असाधारण अधिकारक्षेत्रको ग्रहण गरीपूर्ण न्याय हेतु आदेश जारी गर्न सक्दछ। तर प्रस्तुत निवेदनमा आफैँले अर्काको जग्गाको जग्गा धनी प्रमाण पुर्जा किर्ते गरी आफ्नो बनाई अरूलाई अनावश्यक हैरानी दिई गलत कामको लागि यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गर्नु विडम्बना पूर्ण देखिन आयो।

८. कानून व्यवसायी कानूनी शासनका संवाहक हुन् । न्यायका पहरेदार हुन् । सुशासनका हिमायती हुन् । समाज परिवर्तनका अगुवा हुन् । संस्कृतिका संरक्षक हुन् । अरू व्यवसायभन्दा कानून व्यवसाय पृथक खालको व्यवसाय हो । त्यसैलेकानून व्यवसाय पूर्णरूपमा Justice oriented हुनुपर्दछ। कानून व्यवसायीले न्यायको मार्गलाई सरल र सहजरूपमा डोर्याउनसक्नु पर्दछ । अनावश्यक मुद्दाको भिडले सही न्याय खोज्नेको न्यायसमेत प्रभावित हुन जाने हुनाले गलत मनसायसहित मुद्दा गर्ने प्रवृत्तिको अन्त्य हुन जरूरी देखिन्छ । यसका लागि कानून व्यवसायीको सहयोग वाञ्छनीय हुन जान्छ । नैतिकता र कानून दुवै परस्परमा सम्बन्धित एवम् छुट्याउन नसकिने गरी गाँसिएका विषयवस्तु हुन्। दुवैले मानव मूल्यलाई बढाउन मद्दत पुर्याउँदछन । नैतिकतालाई मापन गर्ने मानक नभए पनि यसको मूल्यलाई कम आँक्न सकिँदैन । नैतिकता विहिन पेसाको कल्पनासमेत गर्न सकिँदैन । अधिकारक्षेत्रको स्पष्टतामा न्याय छिटो छरितो हुन जान्छ । जसबाट न्यायका उपभोक्ता, कानून व्यवसायी एवम् न्यायका सम्पूर्ण सरोकारवालाहरूलाई सरलता र सहजता हुन जान्छ । यसरी अनावश्यक अवस्थामा असाधारण अधिकारक्षेत्रको ग्रहण गर्नेहरूलाई रोक्नमा कानून व्यवसायीको ठूलो हात हुन जाने हुँदा कानून व्यवसायीको यसतर्फ विशेष ध्यान जान जरूरी देखिन्छ।

९. निवेदकले मागदाबी लिएको जग्गाको जग्गा धनी प्रमाण पुर्जा नै निवेदक स्वयम्ले सरकारी कागज किर्ते गरी नक्कली जग्गा धनी प्रमाण पूर्जा बनाई लिएको ठहर गरी सरकारी कागज किर्ते (स.फौ.नं. ३७-०६६-००६५१/०६९-CR-००५४ मुद्दामा निज निवेदक राजेन्द्र यादवलाई किर्ते कागजको १२ नं. अनुसार १ वर्ष कैदसमेत हुने ठहराई महोत्तरी जिल्ला अदालतबाट मिति २०६९।१०।२५ मा फैसला भएको देखिँदा सो जग्गा आफ्नो भनी लिइएको निवेदकको

मागदाबीको औचित्यता देखिन आएन ।

१०. तसर्थ माथि विवेचित तथ्य, आधार तथा कारणहरूबाट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नू ।

उक्त रायमा सहमत छु ।
मा.न्या. देवेन्द्र गोपाल श्रेष्ठ ।

इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।
इजलास अधिकृतः रामप्रसाद पौडेल

## निर्णय नं.९४२३

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति : २०७१।११।८
२०६९-WO-०२०७

विषय :- उत्प्रेषण / परमादेश

निवेदक : गंगाप्रसाद सापकोटाको छोरा सुर्खेत जर्बुटा गा.वि.स. वडा नं. १ ग्राग्रेताल बस्ने नारायणप्रसाद सापकोटा

विरूद्ध

विपक्षी : माननिय शिक्षा मन्त्री, शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौंसमेत

- **आफैंले नियम क्रियाशील भएको आधारमा विद्यालयको नाममा निवेदकको मातापिताको नाम जोड्ने भनी निर्णय गरेकामा सो निर्णयलाई शिक्षा मन्त्रालय आफैंले ऐन नियमविपरीत मनोगत आधारमा बदर गर्न पाउने कानूनी व्यवस्था रहेभएको नदेखिँदा शिक्षा मन्त्रीबाट मिति २०६८।१०।२३ मा भएको पछिल्लो निर्णय अवैध देखिन आउने ।**

(प्रकरण नं. १०)

- **व्यवस्थापनको परिवर्तनपछि यसमा उठ्ने विवादलाई मध्यनजर राख्ने हो भने जुनसुकै समयमा कोही कसैले पहिले भैसकेका कामकुरामा विवाद खडा गर्न सक्ने र परिणामस्वरूप प्रत्येक काम कुरा अनिश्चित हुन पुग्ने बडो अन्योलको अवस्थाको सृजना हुन जान्छ । कानूनी राज्यको अवधारणा, कामकुरामा निश्चितता, व्यवहारमा सरलता, वैध अपेक्षा आदि कारणबाट यस्तो परिणाम आउनुलाई राम्रो मान्न सकिँदैन । यो ऐननियमको उद्देश्य र मर्मविपरीत हुन जाने ।**

(प्रकरण नं. ११)

- **निकाय भनेको निकाय हो । व्यवस्थापन समितिका पदाधिकारीहरूमा विभिन्न व्यक्ति आउलान् जालान् तर व्यवस्थापन समिति भनेको अविच्छिन्न संस्था हो । पदाधिकारीको परिवर्तन भनेको व्यवस्थापन समितिको परिवर्तन होइन । यसका कुरा आज एउटा र भोलि एउटा भयो भने त्यो कति भयावह हुन्छ भनेर साध्य नहुने ।**

(प्रकरण नं. १२)

- **कुनै काम कारवाहीमा सबैको चित्त बुझ्नै पर्छ भन्ने होइन । त्यो सम्भव हुँदैन । कामकारवाहीमा निश्चितता र कानूनको**

**सम्मान हुनै पर्छ । यसमा सहिष्णुताको अपेक्षा गरिन्छ । विद्यालयको नाम परिवर्तनसम्बन्धी निर्णय फेर्नु पर्ने कारण मूलतः असहिष्णुताको द्योतक हो । सो निर्णयबाट विपक्षीहरूलाई मर्का पर्ने गरी आकाश खसेको छैन । तर निवेदकबाट रकम जम्मा भएको छ । त्यसको सावाँ ब्याज विद्यालयले नै हालसम्म उपभोग गरेको अवस्था छ । सहमतिको मूल आधार रकम दिने लिने कार्य सम्पन्न भएको छ । नामकरण गर्नेसम्बन्धी कानूनको रीत पुगेको अवस्थामा निवेदकले पनि कानूनको संरक्षण पाउनु पर्ने हुन आउने ।**

(प्रकरण नं. १३)

- **विपक्षी विद्यालय उमावि भैसकेको देखिन नआएको र विद्यालय व्यवस्थापन समिति नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गाग्रेताल उल्लेख गरी सोही नामबाट सहमति र निर्णय भएको देखिएकाले विपक्षी व्यवस्थापन समितिको यो तर्कसँग सहमत हुन नसकिने ।**
- **नाम परिवर्तन गर्ने सहमतियुक्त निर्णय भएपछि उच्च माध्यमिक विद्यालय कायम भएमा भैसकेको नामकरण कायम नरहने कानूनी व्यवस्था नरहेकाले नयाँ नामकरणका अरू कुरा यथावत् राखी माध्यमिक विद्यालयको सट्टामा उच्च माध्यमिक विद्यालय उल्लेख हुन कुनै बाधा नदेखिने ।**

(प्रकरण नं. १५)

रिट निवेदको तर्फबाट : विद्वान् अधिवक्ता विजयालक्ष्मी अर्याल र सुरेशकुमार पौडेल

विपक्षीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- शिक्षा नियमावली २०५९ (छैठौं संशोधन पूर्व) को नियम १५४(२), परिच्छेद २७ मा १५३ देखि १५७

आदेश

**न्या.गोविन्दकुमार उपाध्याय :** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर आदेश यसप्रकार छः-

सुर्खेत जिल्लास्थित नेपाल राष्ट्रिय मा.वि. जर्बुटा-१ ग्राग्रेताल विद्यालय व्यवस्थापन समितिले शैक्षिक वर्ष २०६७/०६८ देखि उच्च मा.वि.मा उक्त मा.वि. सञ्चालन गर्नका लागि आर्थिक सहयोगको आह्वान गरे अनुरूप ६ जना दाजु भाइ टिकाराम, भिमप्रसाद, डण्डप्रसाद, निलमणि, नारायण प्रसाद र सुरेन्द्र सापकोटाले आमा र बुवाको संयुक्त नाममा विद्यालयको नाम चन्द्रगंगा मा.वि. जर्बुटा गाग्रेताल राख्ने कुरामा सहमति गरी शिक्षा नियमावली २०५९ बमोजिम रू. १० लाख ५ सय ५ रूपैयाँ विद्यालयलाई प्रदान गर्ने र विद्यालयको नाम परिवर्तन गर्ने विषयमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरेबमोजिम मिति २०६७।१।१७ मा विद्यालयमा रकम बुझाई सोही दिन विद्यालयको नाममा रारा विकास बैंक सुर्खेतमा रहेको विद्यालयको मुद्दती खातामा रू. १०,००,५०५।- (दश लाख पाँच सय पाँच रूपैयाँ) जम्मा गरेपश्चात विद्यालयको नाम चन्द्रगंगा मा.वि. गाग्रेताल जर्बुटा सुर्खेत कायम गरी दिन जिल्ला शिक्षा कार्यालयलाई सिफारिस गरी पत्र पठाएको थियो भने सोही आधारमा शिक्षा कार्यालय सुर्खेतले शिक्षा मन्त्रालय विद्यालय शाखामा विद्यालयको नाम परिवर्तनको कारवाही अगाडि बढाउन विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपिसहितको सिफारिस पठाएको अवस्था विद्यमान थियो भने २०६७।५।८ मा जिल्ला शिक्षा कार्यालय, सुर्खेतले जम्मा भएको रकम रू. १०,००,५०५।- (दश लाख

पाँच सय पाँच रूपैयाँ) को उपयोग गर्ने सम्बन्धमा विनियम बनाई पेस गर्न विद्यालयलाई पत्राचार गरेकामा विद्यालयले उक्त रकम ३ वर्षे मुद्दती खातामा राख्ने र ब्याजबाट शैक्षिक कृयाकलाप, छात्रवृत्ति र तलब भत्तामा खर्च गर्न सकिने व्यवस्थासहितको विनियम जिल्ला शिक्षा कार्यालयमा पेस गरेको र शिक्षा समिति सुर्खेतले पनि मिति २०६७।१०।१३ मा विद्यालयको नाम परिवर्तन गर्न सिफारिस गरी पठाउने निर्णय गरेको अवस्था थियो।

रकम जम्मा गरेको करिब १ वर्षपछि मिति २०६७।१०१४ मा नयाँ निर्वाचित विद्यालय व्यवस्थापन समितिले विद्यालयको नाम परिवर्तन गर्नेसम्बन्धी निर्णय समुदायको चाहनाविपरीत भएको भनी पूर्व निर्णयबमोजिम विद्यालयको नाम परिवर्तन गर्न आनाकारी गरेको थियो। हामी निवेदकहरूले उक्त विद्यालयको मुद्दती खातामा जम्मा गरेको रकमलाई नै आधारको रूपमा उल्लेख गरी उच्च माध्यमिक शिक्षा परिषद्बाट अस्थाई सम्बन्धन प्राप्त गरेको अवस्था विद्यमान छ । विद्यालयको नाम परिवर्तन गर्दा विद्यालयमा विवाद सिर्जना हुन सक्ने सम्भावना देखिएकाले स्थानीय स्तरबाट पुनः सर्वसम्मत्ति भई नआएसम्म पुरानो विद्यालय व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्न नसकिने भनी विपक्षीमध्येको उक्त कार्यालयले दिएको निर्देशन विरूद्ध निवेदकले शिक्षा विभागमा निवेदन दिएकामा नियमको अधीनमा रही प्रकृया क्रियाशिल भई सकेको स्थितिमा दाताको भावनालाई समेत मध्यनगर राखी नाम परिवर्तन गर्न मिति २०६८।७।२९ को (मा.मन्त्री स्तरीय) को निर्णय भएकामा सो कार्यान्वयन हुन नपाउँदै स्थानीय सहमतिका आधारमा विद्यालयको नामकरण गर्ने भनी पुनः मिति २०६८।१०।२३ मा मा. मन्त्री स्तरीय निर्णय भएको हुँदा हामी निवेदक चन्दादाताहरूलाई अन्याय पर्न गएको छ।

अतः उक्त निर्णयले हामी निवेदकहरूको नेपालको अन्तरिम संविधान प्रदत्त संवैधानिक एवम् मौलिक हक तथा शिक्षा ऐन, २०२८ एवम् शिक्षा नियमावली २०५९ बमोजिम प्रदत्त कानूनी हक हनन् हुन गएको छ । अतः मा. मन्त्रीस्तरको मिति २०६८।१०।२३ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी मिति २०६८।७।२९ को मन्त्री स्तरीय निर्णय कार्यान्वयन गरी विद्यालयको नाम ने. रा. चन्द्रगंगा मा.वि. कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने आदेशसमेत जारी गरिपाऊँ । रिट निवेदनको अन्तिम किनारा नलागेसम्म उक्त पछिल्लो मिति २०६८।१०।२३ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०४९ को निमय ४१ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन।

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने भए बाटोको म्यादबाहके १५ दिनभित्र लिखितजवाफ पठाउनु भनी विपक्षीहरूको नाममा सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।५।१८ को आदेश।

नेपाल राष्ट्रिय मा.वि. जर्बुटा-१ गाग्रेताललाई यस परिषद्बाट उच्च माध्यमिक तह सञ्चालनको लागि अस्थायी अनुमति दिनुपूर्व नै सो विद्यालय सोही नामबाट सञ्चालित हुँदै आएकामा विपक्षीका मागबमोजिम उक्त विद्यालयको नामकरण वा नाम परिवर्तनका सम्बन्धमा परिषद्को कुनै पनि भूमिका नरहने नहुने भएकाले विपक्षीको रिट निवेदन खारेजभागी छ भन्ने व्यहोराको उच्च माध्यमिक शिक्षा परिषद्को तर्फबाट पेस भएको लिखित जवाफ।

नेपाल राष्ट्रिय मा.वि. गाग्रेतालको नाम परिवर्तन गरी श्री चन्द्रागंगा मा.वि. बनाउन जिल्ला शिक्षा समिति सुर्खेतको मिति २०६७।१०।१३ को निर्णयानुसार सिफारिस निर्णय भएकामा शिक्षा नियमावली ०५९ (छैठों संशोधन) मिति २०६७।१०।९ को संशोधनले माध्यमिक तहको विद्यालयको नामकरण गर्नका लागि ३५ लाख बराबर विद्यालयलाई सहयोग गर्नुपर्ने भनी उल्लेख भएको हुँदा नियमावली संशोधनपश्चात् जिल्ला शिक्षा समिति सुर्खेतबाट

भएको सिफारिस नियमविपरीत भएको र नवगठित विद्यालयका व्यवस्थापन समिति नाम परिवर्तनको विपक्षमा रहेकाले विवाद सृजना हुन सक्ने देखिएकाले स्थानीय स्तरबाट पुनः सर्वसम्मत भै नआएसम्म पुरानो विद्यालय व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्न सकिने अवस्था नरहेको व्यहोराको यस निर्देशनालयको च.नं. ९६१ मिति २०६८।३।१३ को पत्रबाट जिल्ला शिक्षा कार्यालय, सुर्खेतलाई दिएको निर्देशन कानूनसम्मत भएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने क्षेत्रीय शिक्षा निर्देशनालय सुर्खेतका तर्फबाट पेस भएको लिखित जवाफ।

शिक्षा नियमावली २०५९ को नियम १५४(६) मा भएको व्यवस्था अनुसार सो नियममा लेखिएको निकायहरूद्वारा सिफारिस भै आएको अवस्थामा शिक्षा मन्त्रालयद्वारा दाताको नाममा विद्यालयको नामकरण गर्ने स्वीकृति दिने व्यवस्था देखिन्छ । विद्यालयको नामकरण गर्ने विषयमा यस विभागको संलग्नता नरहने भएबाट यस विभागलाई विपक्षी बनाई दिइएको रिट निवेदन खारेज गरिपाउँ भन्ने शिक्षा विभागको तर्फबाट पेस भएको लिखित जवाफ।

शिक्षा मन्त्रालयबाट मिति २०६८।७।२९ मा दाताको नाममा विद्यालयको नामकरण गर्ने स्वीकृति भएकामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिद्वारा उक्त निर्णय कार्यान्वयन नगर्न अनुरोध भै आएअनुसार मिति २०६८।१०।२३ मा स्थानीय सहमतिका आधारमा विद्यालयको नामकरण गर्ने निर्णय भइ पहिलो निर्णय प्रतिस्थापन गरिएको हो । शिक्षा नियमावली २०५९ को नियम १५४(६) मा लेखिएको निकायहरूद्वारा सिफारिस भै आएको अवस्थामा शिक्षा मन्त्रालयद्वारा दाताको नाममा विद्यालयको नामकरण गर्ने स्वीकृति हुने व्यहोरा निवेदन गर्दछु । सिफारिस भै नआउँदा सम्ममा शिक्षा मन्त्रालयबाटै कारवाही र निर्णय गर्न सक्ने कानूनी प्रावधानको अभाव रहेकाले रिट खारेज हुन अनुरोध छ भन्ने शिक्षा मन्त्री तथा शिक्षा मन्त्रालयसमेतको तर्फबाट अलगअलग पेस भएको लिखित जवाफ।

सामुदायिक विद्यालयहरू समुदायलाई हस्तान्तरण गर्ने भन्ने नेपाल सरकारको शिक्षा नीतिअनुरूप मिति २०६५।१।१८ मा समुदायलाई हस्तान्तरण भएको यस विद्यालयको नामाङ्कन, व्यवस्थापन र सञ्चालन समुदायको स्वीकृति बिना हुन नसक्ने भन्ने कुरालाई अनदेखा गरी पूर्व व्यवस्थापन समितिबाट भएको गैरकानूनी निर्णय मिति २०६७।१०।१४ गते बदर गर्ने कार्य भइसकेको विद्यालयको व्यवस्थापन समितिको निर्णय बदरतर्फ विपक्षीको कुनै निवेदन जिकिर छैन। मिति २०६८।१०।२३ गते स्थानीय सहमतिका आधारमा विद्यालयको नामाङ्कन गर्ने भनी भएको मन्त्री स्तरीय निर्णयबाट विपक्षी निवेदकको अधिकारमा कुनै आघात पुग्न नगएको र स्थानीय जनसमुदायले विपक्षी रिट निवेदककै पक्षमा सर्वसम्मत निर्णय गरेमा विपक्षीको इच्छा अनुरूपको कार्य हुन सक्ने कुरा मिति २०६८।१०।२३ को निर्णयमा प्रतिविम्बित भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको नेपाल राष्ट्रिय उच्च माध्यमिक व्यवस्थापन समिति तथा सोको प्राधानाध्यापक प्राचार्य एवम् विद्यालय व्यवस्थापन समितिका सदस्य सचिवसमेतको तर्फबाट अलग अलगरूपमा पेस हुन आएको लिखित जवाफ।

विद्यालयको नामकरण सम्बन्धमा मिति २०६८।७।२९ मा मन्त्री स्तरीय निर्णय भई शिक्षा मन्त्रालयको च.नं. ४२५ मिति २०६८।८।२ को पत्रबाट लेखी आएकामा स्थानीय सहमतिका आधारमा विद्यालय नामकरण गर्ने भनी पुनः मिति २०६८।१०।२३ मा मन्त्री स्तरीय निर्णय भएको हुँदा पछिल्लो निर्णय कार्यान्वयन गर्नु हुन भनी कानूनसम्मत निर्देशन दिएकामा सो कार्यान्वयन गर्न नसकिएकाले यस कार्यालयलाई विपक्षी बनाई दिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने जिल्ला शिक्षा कार्यालय सुर्खेतले पेस गरेको लिखितजवाफ।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकका

तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विजयालक्ष्मी अर्याल र श्री सुरेशकुमार पौडेलले ऐन नियम भन्दा बाहिर कसैले पनि जान मिल्दैन । संशोधित शिक्षा नियमावलीले विद्यालयको नाम परिवर्तन गर्नको लागि रू ३५ लाख चन्दा दिनुपर्ने भन्ने व्यवस्था गर्नु पूर्व कायम रहेको नियमले रू १० लाख चन्दा दिएमा विद्यालयको नाम परिवर्तन गर्न सकिने भनी गरेको व्यवस्थाबमोजिम निवेदकसमेतका चन्दादाताहरूले रकम जम्मा गरेको र नाम परिवर्तन गर्ने सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट आधिकारिक निर्णयसमेत भैसकेको छ। सो निर्णय शिक्षा ऐन तथा ऐ. नियमावली २०५९ को यो यस्तो प्रावधानले गर्दा अवैध रहेको भन्न नसकी सिर्फ चन्दाको रकम र समुदायमा विवाद हुने भन्ने कानूनभन्दा बाहिरको आधारहरू ग्रहण गरी अमान्य गर्न मिल्दैन । नाम परिवर्तन गर्ने सम्बन्धमा २०६८।७।२९ मा मन्त्रिस्तरीय निर्णय पनि भैसकेकाले निवेदकको मागबमोजिम रिट आदेश जारी गरिपाउँ भनी तथा विपक्षी सरकारी निकायका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले कुनै पनि ऐन नियमको मूल उद्देश्य सामाजिक एकता र सद्भाव कायम राख्ने हुन्छ। ऐन नियम देखाई त्यसको उद्देश्यलाई पराजित गर्न मिल्दैन। विद्यालयको नाम परिवर्तन नगर्ने भन्ने विद्यालय व्यवस्थापन समितिको पछिल्लो निर्णय उपर कुनै चुनौति छैन । यो विषयमा भएको विद्यालय व्यवस्थापन समितिको निर्णयउपर शिक्षा मन्त्रालय आदिले पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न नसकिने हुँदा शिक्षा मन्त्रीको २०६८।७।२९ को निर्णयको कुनै महत्त्व छैन । रिट आदेश जारी हुँदा विद्यालयलाई आर्थिक क्षति पुग्नुको अतिरिक्त सामाजिक सदभाव पनि खलबलिने हुँदा रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

२. यसमा निर्णयतर्फ विचार गर्दा विपक्षी विद्यालयसँगको सहमतिबमोजिम आफूहरूले २०६७।१।१७ मा रू. दशलाख पाँचसय पाँच रूपैयाँ विद्यालयको मुद्दती खातामा जम्मा गरिदिएको तर सहमतिअनुसार निवेदकको पिता गंगाप्रसाद र माता चन्द्राको संयुक्त नाममा चन्द्रगंगा मा.वि. भनी विद्यालयको नामकरण गरी नदिएकाले तत्सम्बन्धी शिक्षा मन्त्रीको २०६८।१०।२३ को निर्णय बदर गरी सहमतिअनुसार विद्यालयको नामकरण गर्ने भन्ने २०६७।१०।१३ को सिफारिस र शिक्षा मन्त्रीकै २०६८।७।२९ को निर्णयसमेत कार्यान्वयन गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन देखिन्छ।

३. विपक्षीहरूको लिखितजवाफ हेर्दा उल्लिखित नाम परिवर्तनसम्बन्धी २०६७।१०।१३ को सिफारिस शिक्षा नियमावली २०५९ को छैठौं संशोधन भएको मिति २०६७।९।१० पछि भएको र उल्लिखित संशोधनअनुसार नाम परिवर्तनको लागि रू ३५ लाख सहयोग गर्नुपर्नेमा सो सहयोग नआएको कारणबाट नाम परिवर्तन नभएको। २०६८।७।२९ मा दाताको चाहनाअनुसार विद्यालयको नामकरण गर्न स्वीकृति भएकामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिद्वारा उक्त निर्णय कार्यान्वयन नगर्न अनुरोध भै आएअनुसार मिति २०६८।१०।२३ मा स्थानीय सहमतिको आधारमा विद्यालयको नामकरण गर्ने निर्णय भई पहिलो निर्णय प्रतिस्थापना गरिएको हो। ६ जनाले आर्थिक सहयोग गरेकामा निवेदकको मात्र रिट परेको । साबिक विद्यालय व्यवस्थापन समितिको २०६६।१०।२२ को निर्णय शिक्षा नियमावली २०५९ (छैठौं संशोधन पूर्व) को नियम १५४(२) तथा स्थानीय जनसमुदायको हितविपरीत भै उक्त निर्णयले विद्यालयको ऐतिहासिक पृष्ठभूमिलाई समेत समाप्त गर्ने हुँदा उक्त निर्णय कार्यान्वयन नगर्ने र रकम माग गरेमा फिर्ता दिने गरी २०६७।१०।१४ मा निर्णय भएकामा २०६७।१०।१४ को निर्णय बदरको मागदाबी नरहेको नियम १५४ र २(क) को कानूनी व्यवस्था नयाँ स्थापना हुने विद्यालयको लागि मात्र आकर्षित हुने कानूनी व्यवस्था भएको भन्ने देखिन्छ।

४. यसमा विद्यालयको चिन्ह र नामकरण तथा अन्य व्यवस्थाको सम्बन्धमा २०६७।१०।९।२ मा भएको छैठौं संशोधनपूर्वको शिक्षा नियमावली २०५९ को परिच्छेद २७ मा १५३ देखि १५७

सम्मका नियमहरू उल्लेख भएको पाइन्छ। त्यसमध्ये प्रस्तुत रिटको प्रयोजनार्थ प्रासङ्गिक नियम १५४ यसप्रकार छ, नियम १५४ "विद्यालयको नामकरण (१) समाज तथा राष्ट्रका लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवदेवी, तीर्थस्थल वा प्राकृतिक सम्पदाको नामबाट नेपालीपन झल्किने गरी विद्यालयको नामकरण गर्न सकिने छ। (२) नयाँ खोलिने विद्यालयको नामकरण आफ्नो नामबाट गर्न चाहेको व्यक्तिले देहायबमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई सहयोग गरेमा सो विद्यालयको नामकरण त्यस्तो सहयोग गर्ने व्यक्तिको नामबाट गर्न सकिने छः (क) माध्यमिक विद्यालयको लागि १० लाख रूपैयाँ वा सो बराबरको घर वा जग्गा तथा ऐं. (३) मा पहिले नामकरण भैसकेको विद्यालयको नामसँग जोडेर विद्यालयको नामकरण गर्न चाहेको व्यक्तिले उपनियम २ बमोजिमको रकम वा घर वा जग्गा विद्यालयलाई सहयोग गर्नुपर्ने छ" भनी उल्लेख भएको पाइन्छ।

५. उक्त नियम १५४ मा भएको छैंठौं संशोधनले उपनियम (१) लाई यथावत् राखेको देखियो भने उपनियम (२) का खण्ड (क), (ख) र (ग) तथा थपिएको उपनियम २(क) मा विद्यालयलाई दिनु पर्ने सहयोगको रकममा वृद्धि गर्नुबाहेक अरू खासै परिवर्तन गरेको देखिँदैन। त्यसैगरी संशोधित उपनियम (३) ले पनि उपनियम (२) र (२क) को रकम वा घर वा जग्गा दिएर पहिले कायम नामको पछाडि आफूले प्रस्ताव गरेको नाम जोड्न सक्नेछ भन्ने व्यवस्था गरे बाहेक खासै परिवर्तन गरेको देखिँदैन। यस सम्बन्धमा उपनियम (५) प्रासँगिक देखिन्छ। संशोधित उपनियम (५) - उपनियम (२), (२क) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नामकरण भएको विद्यालयलाई कसैले यस नियमबमोजिम रकम वा घर वा जग्गा सहयोग गरेपनि त्यस्तो विद्यालयको नामकरण परिवर्तन गरिने छैन। तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षा कोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामकरण गर्न सकिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ।

६. उक्त नियम १५४ बमोजिम नामकरण गर्ने सम्बन्धमा उपनियम (६) मा विद्यालयको नामकरण व्यवस्थापन समिति, गाउँ विकास समिति वा नगरपालिका र जिल्ला शिक्षा समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ भनी उल्लेख भएको पाइन्छ।

७. छैठौं संशोधन पहिले र सो संशोधन पछिको उक्त नियम १५४ को समग्र अध्ययनबाट कुनै व्यक्तिले विद्यालयलाई नियमले तोकेको रकम वा घर वा जग्गा प्रदान गरेमा निजले चाहेको नामबाट नयाँ खोलिने विद्यालयको नामकरण गर्न सकिने गरी उपनियम (२) ले र पहिले नामकरण भैसकेको विद्यालयको नामसँग जोडेर नामकरण गर्न सकिने गरी उपनियम (३) ले व्यवस्था गरेको पाइन्छ। यसमा उक्त नियम १५४ को उपनियम (५) ले कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विद्यालयको नामकरण भएको विद्यालयको नामकरण परिवर्तन नगरिने तर त्यस्तो विद्यालयलाई कुनै व्यक्तिले कक्षा कोठा थप गर्न, पुस्तकालय भवन वा छात्रावास निर्माण गर्न रकम सहयोग गरेमा त्यस्तो कोठा वा भवनमा सो रकम प्रदान गर्ने व्यक्तिको नामकरण गर्न सकिने गरी नामकरणको दायरा तोकेको देखिन्छ। यस मुद्दामा उपनियम (५) ले व्यवस्था गरे बमोजिम कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चीजवस्तुको नामबाट विपक्षी विद्यालयको नामकरण भएको अवस्था रहेको पाइँदैन। यसर्थ यस मुद्दामा उपनियम (३) को रकम वा घर वा जग्गा प्राप्त भएमा विद्यालयसमेतको सहमतिले विद्यालयको नामसँग दाताले चाहेको नाम जोड्नका लागि उपनियम (५) ले कुनै बाधाविरोध गरेको वा छेकबार लगाएको देखिएन। उपनियम (२) नयाँ खोलिने विद्यालयको नामकरणसँग र उपनियम (३) पहिले नामकरण भैसकेको विद्यालयको नामसँग जोडेर नाम राख्ने विषयसँग सम्बन्धित देखिन्छन्। यी दुई उपनियमहरू अलगअलग प्रयोजनको लागि बनेकाले

नयाँ खोलिने विद्यालयको हकमा मात्र नामकरण गर्न मिल्ने तर पहिले देखि नामकरण भैसकेको विद्यालयको हकमा नामकरण गर्न नमिल्ने भन्ने व्यवस्थापन समितिको लिखितजवाफ आधारहीन देखियो । निवेदकले विपक्षी विद्यालयको पहिलेको नाम पूरै परिवर्तन गरी नयाँ नाम राख्ने माग गरेको वा कारवाही चलाएको नभै विद्यालयको पहिलेको नाममा आफ्नो मातापिताको नाम जोड्न पाउने माग गरेको र कारवाही चलाएकाले निवेदकको हकमा विद्यालय व्यवस्थापन समितिसमेतले चाहेमा उल्लिखित उपनियम (३) को प्रयोग हुन नसक्ने कुनै कारण छैन।

८. विद्यालयको नामकरणका सम्बन्धमा उल्लिखित नियम १५४ बाहेक शिक्षा ऐन तथा ऐं नियमावलीका अरू प्रावधानमा छुट्टै कुनै व्यवस्था रहे भएको देखिँदैन।

९. घटनाक्रमहरू हेर्दा उक्त नियम १५४ मा २०६७।१०।९ मा छैठौं संशोधन हुनु अगावै निवेदकसमेतका मातापिताको संयुक्त नामबाट विद्यालयको नामकरण गर्ने सर्तमा रू १०००५०५।- दिने लिखित कबूलियतनामा पेस गरेकाले शिक्षा नियमावली २०५९ को नियम १५४(२) अनुसार हुने गरी स्वीकार गर्ने र विद्यालयको नाम चन्द्रगंगा मावि परिवर्तन गरिदिन जिल्ला शिक्षा कार्यालय, सुर्खेतमा अनुरोध गर्ने गरी विद्यालय व्यवस्थापन समितिको बैठकबाट २०६६।१०।२२ मा निर्णय भएको र त्यसको कार्यान्वयन स्वरूप विद्यालयको मुद्दती खातामा रू १०,००,५०५।- दस लाख पाँच सय पाँच निवेदकसमेतले २०६७।१।१७ मा रारा विकास बैंक लिमिटेडमा रहेको विपक्षी विद्यालयको खातामा जम्मा गरेको देखिन्छ । त्यसपछि शिक्षा नियमावलीअनुसार विद्यालयको नाम श्री चन्द्रगंगा माध्यमिक विद्यालय हुने गरी नाम परिवर्तन गरिदिन विद्यालयले मिति २०६७।१।२६ मा र गाविसले २०६७।१।३० मा सिफारिस गरेको र जिल्ला शिक्षा कार्यालय, सुर्खेतले नाम परिवर्तनसम्बन्धी कारवाही अघि बढाउनका लागि ती सबै लिखतहरू समेत शिक्षा मन्त्रालयसमक्ष मिति २०६७।३।१० मा पठाएको देखिन्छ। त्यसपछि शिक्षा मन्त्रालयले उल्लिखित रकम उपयोग गर्ने सम्बन्धमा विनियम बनाउनका लागि विद्यालयलाई लेखेको र विद्यालयले रकमको व्यवस्थापनका सम्बन्धमा २०६७।७।१५ मा निर्णय गरेको देखिन्छ। त्यसपछि २०६७।१०।१३ मा जिल्ला शिक्षा कार्यालय, सुर्खेतले पनि विद्यालयको नाम परिवर्तन गर्नका लागि सिफारिस गरेकामा २०६७।१०।१४ मा नयाँ विद्यालय व्यवस्थापन समितिले यो विद्यालय समुदायमा हस्तान्तरण भएकाले समुदायको चाहनाविपरीत पुरानो व्यवस्थापन समितिले नाम परिवर्तन गरेकाले नाम परिवर्तनसम्बन्धी कारवाही अघि नबढाउनका लागि निर्णय गरेको र पुनः २०६८।२।१३ मा पनि सोही आशय व्यक्त गरी निर्णय गरेको भएपनि पुरानो व्यवस्थापन समितिको नामकरण सम्बन्धी निर्णय कार्यान्वयन गर्न मिल्ने नमिल्ने सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालयसँग निर्देशन माग गरिएको र सो निर्देशनालयले छैठौं संशोधनपश्चात् नाम परिवर्तनको निर्णय भएको र नाम परिवर्तनबाट विवाद सृजना हुन सक्ने सम्भावना देखिएकाले स्थानीय स्तरबाट सर्वसम्मति भै नआएसम्म पुरानो व्यवस्थापन समितिको निर्णय कार्यान्वयन गर्न सकिने अवस्था नरहेको भनी मिति २०६८।३।१३ मा राय व्यक्त गरेको देखिन्छ । तथापि शिक्षा नियमावली २०५९ मा छैठौं संशोधन हुनुपूर्व नै दाताले आवश्यक रकम जम्मा गरी नियमको प्रक्रिया क्रियाशील भैसकेकाले नाम परिवर्तन गर्न मिति २०६८।७।२९ मा शिक्षा मन्त्री स्तरीय निर्णय भएको देखिन्छ।

१०. यसरी एकपटक निवेदकसमेत र विद्यालय व्यस्थापन समितिका बीचमा निवेदकबाट नियमले तोकेबमोजिमको रकम दाखिल भएमा विद्यालयको नामकरण गर्न सकिने बारे सहमति भएको र निवेदकले रकम दाखिल गरेर तथा व्यवस्थापन समितिले नाम परिवर्तन गर्ने निर्णय गरेर आआफ्नो दायित्वसमेत पूरा गरेको र त्यसपछि गाविस र शिक्षा कार्यालयसमेत उक्त प्रक्रियामा सम्मिलित भै बीचमा

हल्काफुल्का व्यवधान भए तापनि अन्ततोगत्वा शिक्षा मन्त्रालयबाट निजहरूको सिफारिसबमोजिम २०६८।७।२९ मा नाम परिवर्तन गर्ने सम्बन्धमा निर्णयसमेत भै नियम १५४ को नामकरणसम्बन्धी काम कारवाहीको टुङ्गो लागि सकेकामा विवाद छैन । नियम १५४ को नामकरण विषयमा साधिकार निकायबाट निर्णय भै कारवाहीको टुङ्गो लागिसकेको स्थितिमा त्यो कामकारवाही बदर हुने कानूनी व्यवस्था रहेभएको देखिँदैन । तथापि निवेदकले कुनै प्रकारको छलकपटको सहारा लिई वा विपक्षीहरूलाई झुक्याई वा करकाप, जालझेल प्रपञ्चमा पारी नामकरण परिवर्तन गराउन सफल भएको भए एकछिनलाई सामाजिक स्वच्छता र नैतिकताको लागि त्यस्तो निर्णय बदर गरेको ठीकै हो कि भन्नेतर्फ पनि विचार गर्न सकिन्थ्यो । तर त्यस किसिमको कुनै कुरा रहे भएको व्यहोरा मिसिलबाट देखिन आउँदैन । सबै कामकारवाही खुला तवरबाट र पर्याप्त विचारविमर्श तथा मन्थन पछि भएको देखिन्छ । यस अवस्थामा आफैँले नियम क्रियाशील भएको आधारमा विद्यालयको नाममा निवेदकको मातापिताको नाम जोड्ने भनी निर्णय गरेकामा सो निर्णयलाई शिक्षा मन्त्रालय आफैँले ऐन नियमविपरीत मनोगत आधारमा बदर गर्न पाउने कानूनी व्यवस्था रहेभएको नदेखिँदा शिक्षा मन्त्रीबाट मिति २०६८।१०।२३ मा भएको पछिल्लो निर्णय अवैध देखिन आयो ।

११. हालको विपक्षी विद्यालय व्यवस्थापन समिति समेतले पुरानो व्यवस्थापन समितिको निर्णय कार्यान्वयन नहुनु पर्ने सन्दर्भमा मूलतः यो विद्यालय समुदायमा आएको विद्यालय भएकाले समुदायको चाहनाविपरीत नामकरण गर्न नसकिने, नामकरणसम्बन्धी निर्णय गर्दा अभिभावकहरूसँग छलफल गर्नुपर्नेमा सो नगरेको, नियम १५४(२) नयाँ खोलिने विद्यालयको नामकरणसँग सम्बन्धित रहेको जबकि यो विद्यालय पहिलेबाटै नामकरण भैसकेको विद्यालय भएको, नामकरणको निर्णय सर्वसम्मत तवरबाट हुनुपर्ने अन्यथा त्यसबाट वादविवाद सृजना हुने जस्ता देखिन्छन । नामकरणको निर्णय गर्नु भन्दा पहिले अभिभावकको भेला गराई निजहरूको राय लिनु पर्ने भन्ने तर्कको हकमा हेर्दा यससम्बन्धमा नियम १५४ बिलकुल मौन छ र नियम २५ मा रहेको सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार हेर्दा त्यसमा पनि यस सम्बन्धमा कुनै कुरा उल्लेख भएको पाइँदैन । अपितु उक्त नियम २५ को उपनियम (१) को देहाय (ड) मा प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने भनेर भेलाको सम्बन्धमा पनि सीमित कानूनी व्यवस्था भएबाहेक विपक्षी व्यवस्थापन समितिले उल्लेख गरेबमोजिम नियम १५४ अनुसार नामकरणका सम्बन्धमा पनि भेला गराउनु पर्ने कानूनी बाध्यतायुक्त कर्तव्य निरोपित भएको पाइँदैन । पूरै शिक्षा ऐन र नियमावलीमा सबैको सर्वसम्मत भएमा मात्र नामकरण गर्न सकिने जस्ता कुनै सर्त बन्देज रहेको देखिँदैन । जुन समयमा विद्यालय व्यवस्थापन समिति र निवेदकसमेतका बीचमा नामकरण गर्ने सम्बन्धमा रकम लिने दिने र नामकरण गर्ने सहमति र सिफारिस गर्ने काम भयो त्यो समयमा यस विषयमा कहिँकतैबाट विवाद उठेको वा उजुर परेको कुनै लिखत विपक्षीहरूबाट पेस भएको पाइँदैन । यसबाट सहमति हुँदाका अवस्थामा नामकरण गर्ने विषय विवादित रहेको पाइँदैन । व्यवस्थापनको परिवर्तन पछि यसमा उठ्ने विवादलाई मध्यनजर राख्ने हो भने जुनसुकै समयमा कोही कसैले पहिले भैसकेका कामकुरामा विवाद खडा गर्न सक्ने र परिणामस्वरूप प्रत्येक काम कुरा अनिश्चित हुन पुग्ने बडो अन्योलको अवस्थाको सृजना हुन जान्छ । कानूनी राज्यको अवधारणा, कामकुरामा निश्चितता, व्यवहारमा सरलता, वैध अपेक्षा आदि कारणबाट यस्तो परिणाम आउनुलाई राम्रो मान्न सकिँदैन । यो ऐननियमको उद्देश्य र मर्मविपरीत हुन्छ ।

१२. निकाय भनेको निकाय हो । व्यवस्थापन समितिका पदाधिकारीहरूमा विभिन्न व्यक्ति आउलान्

जालान् तर व्यवस्थापन समिति भनेको अविच्छिन्न संस्था हो। पदाधिकारीको परिवर्तन भनेको व्यवस्थापन समितिको परिवर्तन होइन। यसका कुरा आज एउटा र भोलि एउटा भयो भने त्यो कति भयावह हुन्छ भनेर साध्य हुँदैन।

१३. कुनै काम कारवाहीमा सबैको चित्त बुझ्नै पर्छ भन्ने होइन। त्यो सम्भव हुँदैन। कामकारवाहीमा निश्चितता र कानूनको सम्मान हुनै पर्छ। यसमा सहिष्णुताको अपेक्षा गरिन्छ। उल्लिखित नाम परिवर्तनसम्बन्धी निर्णय फेर्नु पर्ने कारण मूलतः असहिष्णुताको द्योतक हो। सो निर्णयबाट विपक्षीहरूलाई मर्का पर्ने गरी आकाश खसेको छैन। तर निवेदकबाट रकम जम्मा भएको छ। त्यसको सावाँ ब्याज विद्यालयले नै हाल सम्म उपभोग गरेको अवस्था छ। सहमतिको मूल आधार रकम दिने लिने कार्य सम्पन्न भएको छ। नामकरण गर्नेसम्बन्धी कानूनको रीत पुगेको अवस्थामा निवेदकले पनि कानूनको संरक्षण पाउनु पर्ने हुन्छ। वैध अपेक्षाको सिद्धान्त त छँदैछ।

१४. व्यवस्थापन समितिले नियम १५४(२) अन्तर्गत नामकरण गर्ने निर्णय गरेको तर नियम १५४(२) अनुसारको नामकरण नयाँ खोलिने विद्यालयको लागि मात्र गर्न सकिने हो। यो विद्यालयको नामकरण पहिलेबाट भैसकेको भन्ने व्यवस्थापन समितिको तर्क देखिन्छ। यसमा नियम १५४(२) बमोजिम नामकरण गर्ने सहमति भएपनि विद्यालयको नामकरण पहिलेबाट भैसकेको अवस्थामा नियम १५४(३) ले नाम जोड्न सकिने व्यवस्था गरेकामा विवाद छैन। निवेदकले सोहीबमोजिम पहिलेको नाम नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा चन्द्रगंगा भन्ने नाम जोड्ने माग गरी यो रिट निवेदन दिनु भएको छ। शिक्षा मन्त्रीसमेतका समक्षमा कारवाही चलाएको अवस्थामा रकम लिसकेपछि नियम १५४(२) बमोजिम नामकरण गर्न नमिल्ने भए नियम १५४(३) बमोजिम पनि नाम जोड्न मिल्दैन भन्नु कानूनसम्मत नभएकाले विपक्षीको यो तर्कसँग सहमत हुन सकिएन।

१५. उच्च माविको नाम परिवर्तन गर्ने कानूनी व्यवस्था नभएकाले पुरानो व्यवस्थापन समितिले नाम परिवर्तन गर्ने गरी गरेको निर्णयको कानूनी वैधता नरहेको भन्ने विपक्षी विद्यालयको तर्क छ। तर वर्तमान व्यवस्थापन समितिले मिति २०६८।२।१३ मा नाम परिवर्तन गर्न नमिल्नेसम्बन्धमा गरेको निर्णयमा उच्च माध्यमिक शिक्षा परिषद्को मिति २०६७।३।२३ को निर्णयबाट शैक्षिक सत्र २०६७ देखि उच्च मावि भएको देखिन्छ। यसबाट नाम परिवर्तन गर्ने भनी पुरानो व्यवस्थापन समितिले मिति २०६६।१०।२२ मा सहमति र निर्णय गर्दा विपक्षी विद्यालय उमावि भैसकेको देखिन नआएको र विद्यालय व्यवस्थापन समिति नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गाग्रेताल उल्लेख गरी सोही नामबाट सहमति र निर्णय भएको देखिएकाले विपक्षी व्यवस्थापन समितिको यो तर्कसँग सहमत हुन सकिएन। नाम परिवर्तन गर्ने सहमतियुक्त निर्णय भएपछि उच्च माध्यमिक विद्यालय कायम भएमा भैसकेको नामकरण कायम नरहने कानूनी व्यवस्था नरहेकाले नयाँ नामकरणका अरू कुरा यथावत राखी माध्यमिक विद्यालयको सट्टामा उच्च माध्यमिक विद्यालय उल्लेख हुन कुनै बाधा देखिँदैन।

१६. शिक्षा मन्त्रालयले मिति २०६८।७।२९ मा नाम परिवर्तन गर्ने निर्णय गर्दा शिक्षा नियमावलीको नियम १५४(५) बमोजिम विद्यालय व्यवस्थापन समिति, गाउँ विकास समिति र जिल्ला शिक्षा समितिबाट सिफारिस भएन वा भएको सिफारिस कानूनविपरीत भयो भन्नेसम्बन्धमा विपक्षीहरूले खासै तर्क गर्न सक्नु भएको पाइएन। यसर्थ नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय जर्बुटा गाग्रेतालको नाममा नेपाल राष्ट्रिय चन्द्रगंगा उच्च माध्यमिक विद्यालय भनी चन्द्रगंगा थप्न कानूनले कुनै छेकबार नलगाएको र सहयोग रकममा वृद्धि गर्ने नियम १५४(३) को संशोधित व्यवस्था लागू हुनु अगावै निवेदकसमेतबाट उक्त नियमले तोकेको रू. १०००५०५।- जम्मा भै नामकरणका सम्बन्धमा निर्णयसमेत भैसकेको देखिँदा निवेदकको मागबमोजिम शिक्षा मन्त्रालयको मिति

२०६८।१०।२३ को मन्त्रिस्तरीय निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भै निवेदक विद्यालयको नाम नेपाल राष्ट्रिय चन्द्रगंगा उच्च माध्यमिक विद्यालयसमेत कायम गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ। दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमति छ।
न्या.ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम्।
इजलास अधिकृत :- बसन्तजंग थापा

## निर्णय नं.९४२४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति : २०७१।११।१४।५
०६८-CI-०४९२

मुद्दाः- निर्णय दर्ता बदर हक कायमसमेत।

पुनरावेदक/वादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २५ बस्ने भूपालदास श्रेष्ठ।

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने देवेन्द्रप्रसाद श्रेष्ठ।

- **प्रमाणको रूपमा प्रस्तुत भएको मन्जुरनामा लिखतका सम्बन्धमा नै पक्षले जालसाजीको प्रश्न खडा गरेको अवस्थामा सो विषयलाई टुङ्गोमा नपुर्‍याई मुद्दाको फैसला गर्नु कानूनसङ्गत हुने नदेखिने।**

(प्रकरण नं. ३)

पुनरावेदक पक्षको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- मुलुकी ऐन अ. बं. १९२

सुरू फैसला गर्नेः-
मा.जि.न्या. श्री लिप्तबहादुर थापा क्षेत्री
पुनरावेदन अदालतमा फैसला गर्नेः-
मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ
मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ

फैसला

**न्या. जगदीश शर्मा पौडेल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

साबिक हा.नं. ७८३ को लगत एवम् दर्ता स्रेस्ताको प्रमाण मेरो पिताको नाउँमा भएको कारण काठमाडौं जिल्ला स्युचाटार गा.वि.स. वडा नं. १ कि.नं. ३७ को क्षेत्रफल १-८-० जग्गा दर्ताको लागि कारवाही चलाई आएको थिएँ। यही सिलसिलामा मलाई कुनै थाहा जानकारी केही नदिई विपक्षीको नाउँमा मालपोत कार्यालय, कलङ्कीबाट मिति २०६१।९।२२ का दिन उल्लिखित जग्गा दर्ता नामसारी हुने गरी निर्णय भएको रहेछ। मैले भोगचलन खेती गरिरहेको जग्गामा मिति २०६३।९।१९ मा आई यो जग्गा मेरो भएको छ भनी जग्गा बिक्री गर्न मानिस ल्याई देखाएबाट अचम्मित भै वास्तविकता के रहेछ भनी मालपोत कार्यालय कलङ्कीमा गै बुझ्दा उल्लिखित जग्गा विपक्षीको नाममा मिति २०६१।९।२२ को निर्णयअनुसार दर्ता

भएको भनी स्रेस्ता कायम भएको रहेछ । विपक्षीले जग्गाधनी प्रमाण पूर्जासमेत लगिसकेको पाइएकाले सोही २०६३।९।१९ कै दिन नक्कल लिन निवेदन माग गरेकामा मिति २०६१।९।२२ को नामसारी दर्ताको निर्णय मिसिल २०६३।१।८ मा आगलागिमा परि नष्ट भएकाले प्रतिलिपि दिन नसकिने भनी मिति २०६३।९।१९ मा नै जानकारी गराएका थिए । सो जानकारीपत्र संलग्न गरी मुलुकी ऐन जग्गा पजनीको १ र १७ नं. को कानूनी व्यवस्थाको अधिनमा रही ३५ दिन भित्र प्रस्तुत फिराद गर्न आएको छु । मेरो साबिक हक दर्ताको जग्गालाई मालपोत कार्यालयबाट विपक्षीले विभिन्न जालसाजीयुक्त प्रमाण खडा गरी मेरो हक हनन हुने गरी विपक्षीको नाममा उक्त जग्गाको नामसारी दर्ता गरी मिति २०६१।९।२२ मा निर्णय भएको छ । मेरो कानूनद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हक अपहरण हुन गएको हुँदा विपक्षीलाई यस अदालतबाट झिकाई बुझी पाउँ । साथै मेरो साबिक हक दर्ता एवम् हा.नं. ७८३ को लगत प्रमाण र भोगसमेत भएको काठमाडौं जिल्ला स्यूचाटार गा.वि.स. वडा नं. १ को कि.नं. ३७ को क्षे. फ. १-८-० को मोल रू २,१६,००० ।- पर्ने जग्गाको मिति २०६१।९।२२ मा भएको दर्ता नामसारीको निर्णय र सो आधारमा विपक्षीको नाउँमा भएको दर्तासमेत बदर गरिपाऊँ । म फिरादीको नाउँमा हक दर्ता नामसारी कायम हुने ठहर गरी पाउन जग्गा मिच्नेको १, १८ र जग्गा पजनीको १, १७ का साथै मिति २०६३।९।१९ को मालपोत कार्यालय, कलङ्कीको जानकारी पत्रको आधारमा ३५ दिनको म्याद भित्रै फिराद गर्न आएको छु । जालसाजी मुद्दाको फिरादसमेत साथै प्रस्तुत गर्न आएको छु भन्ने व्यहोराको फिराद पत्र ।

मालपोत कार्यालय, कलङ्की काठमाडौंमा उक्त जग्गा दर्ता कारवाहीको लागि विपक्षी वादी र म प्रतिवादी एवम् लक्ष्मी श्रेष्ठ, रवीचन्द्र श्रेष्ठ, राजेन्द्रप्रसाद श्रेष्ठ, देवचन्द्र श्रेष्ठ, जितेन्द्रप्रसाद श्रेष्ठ, ज्ञानेन्द्रप्रसाद श्रेष्ठ, सजेन्द्रप्रसाद श्रेष्ठ, कृष्णचन्द्र श्रेष्ठ, रामचन्द्र श्रेष्ठसमेतको दाबी रहेकामा विपक्षी वादीलगायत अन्य दाबीकर्ताले द.नं. २२४८ मिति २०५९ ।६ ।३ मा मालपोत कार्यालयमा स्वयम् वादीसमेत उपस्थित भै उक्त जग्गा म प्रतिवादीका नाउँमा दर्ता गर्न मन्जुरी दिई सहिछापसमेत गरी दाबी छाडी दिएको छ । साबिक मौजा स्यूचाटार हा.नं. १०६१ को लगत रामचन्द्र श्रेष्ठसमेतका नाममा दर्ता भएपनि हामी दाजु भाइका छोराहरू बीच मौखिक अंशबन्डाअनुसार प्रतिवादीको भागमा परी नापी हुँदा उक्त लगतबाट भिडी काठमाडौं जिल्ला स्यूचाटार गा.वि.स. वडा नं. १ कि.नं. ३७ क्षे.फ. १-८-० जग्गा कायम भएको हो । एक पटक लिखितरूपमा दाबी छाडी सकेपछि निवेदन आगलागिमा परेको थाहापाई खान पाइन्छ कि भनी कलुषित भावना राखी फिराद गरेको हुँदा वादी विवन्धित रहेको कुरा प्रष्ट हुँदा फिराद खारेज गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी देवेन्द्रप्रसाद श्रेष्ठको प्रतिउत्तर पत्र ।

मिति २०६१।९।२२ मा दर्ता नामसारी सम्बन्धमा निर्णय भएको तामेली मि.नं. ९४१ को मिसिल मालपोत कार्यालय, कलङ्कीबाट झिकाउने आदेशानुसार उक्त मिति २०६१।९।२२ को ता.मि.नं. ९४१ ।०६१/०६२ को मिसिल मिति २०६३।१।८ मा कार्यालयमा भएको आगलागिमा परी नभएको भन्ने मालपोत कार्यालय, कलङ्कीको मिति २०६४।११।२१ को पत्र ।

प्रतिउत्तरपत्रको कागज खण्डमा उल्लिखित द.नं. २२४८ मिति २०५९।६।३ को प्रमाणित कागज प्रतिवादीबाट पेस गर्न लगाई उक्त कागज वादीलाई देखाई सुनाई नियमानुसार पेस गर्नु भन्ने काठमाडौं जिल्ला अदालतको आदेश ।

प्रतिवादी वारेश दिपेन्द्रप्रसाद श्रेष्ठले निवेदन साथ दाखिला गरेको २०५९।६।३ को निवेदनको प्रमाणित प्रतिलिपि मिसिल साथ संलग्न रहेको ।

मिति २०५९।६।३ को निवेदन आज मलाई देखाई पढिवाँची सुनाउँदा हेरेँ देखेँ । यसमा मेरो व्यहोरा यो छ कि मिति २०५९।६।३ को निवेदन सहितको मिसिल २०६३।१।८ को आगलागिमा परी नष्ट भएको जानकारी मालपोत कार्यालय, कलङ्कीले गराएको अवस्थामा हाल आएर विपक्षीले उक्त

नक्कल २०५९।६।३ मा प्राप्त भएको भनी पेस गरेको प्रतिलिपिमा हालको लोकतन्त्र आइसकेपछिको छाप लगाएको छ । नक्कल लिँदाको अवस्थामा श्री ५ को सरकार अङ्कित श्रीपेचसहितको छापको व्यवस्था थियो । नक्कल लिँदा २०५९।६।३ को लेखाई छाप हालको लगाइएको हुँदा निवेदनको प्रमाणित नक्कल आफैँमा जालसाजीपूर्ण देखिन्छ । विपक्षी र प्रमाणित गर्ने व्यक्तिहरूबाटै उक्त कार्य भएको हुनुपर्छ भन्ने व्यहोराको वादी भुपालदास श्रेष्ठले अ.बं. ७८ नं. बमोजिम गरेको बयान ।

नक्कल लिने व्यक्तिले उक्त समयमा उक्त प्रतिलिपि छाप नलगाई गएको हुन सक्ने अनि नेपाल सरकारको छाप आएको बखत उक्त छाप लगाई पेस गरेको हुन सक्ने भन्ने मालपोत कार्यालय कलङ्कीको च.नं. १२१२८ मिति २०६६ ।३ ।४ को पत्र ।

वादीको कि.नं. ३७ को क्षे.फ. १-८-० मध्ये तीन भागको १ भाग अर्थात् ०-८-० क्षेत्रफल जग्गासम्म निजको हकको स्रोत रहेको पाइयो । लिखतको अस्तित्वविपरीत हुने गरी वादीको हकको क्षेत्रफल ०-८-०-० जग्गासमेत कि.नं. ३७ को पुरै जग्गा प्रतिवादीका नाउँमा दर्ता गर्ने गरेको मालपोत कार्यालय कलङ्कीको मिति २०६१।९।२२ को निर्णय सोअनुसार भएको दर्तालगायतका कार्यहरू मिति २०५९।६।३ को निवेदन र सो निवेदनमा भएको सनाखत कागजविपरीत देखिँदा उक्त क्षेत्रफलको हदसम्म बदर हुने ठहर्छ । सोभन्दा बढी क्षेत्रफलतर्फको दाबी नपुग्ने ठहर्छ । बदर हुने ठहरिएको क्षेत्रफल जग्गामा वादीको हक कायम नामसारी र दर्ता हुने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।२८ को फैसला ।

काठमाडौं जिल्ला अदालतले फैसला गर्दा मिति २०५९।६।३ को मन्जुरीनामाको निवेदन र सम्बन्धित पक्षहरूले गरेको सनाखत व्यहोरालाई आधार लिएको अवस्था छ । वादीले फिरादमा विवादित कि.नं. ३७ को १-८-० क्षेत्रफल जग्गाको ३ भागको १ भाग मात्र नगरी पूरै जग्गा दर्ता बदरको माग गरेको देखिन्छ । तसर्थ २०६१।९।२२ को मालपोत कार्यालय, कलङ्कीको कानूनबमोजिम भएको निर्णयलाई बदर नगरी सदर गर्नुपर्नेमा वादीले फिराद दाबी नै नलिएको कुरामा प्रवेश गरी ३ भागको १ भाग बदर गर्ने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदनपत्र ।

यसमा प्रत्यर्थी वादीले समेत दर्ता गर्न मन्जुरी दिएको आधारमा दर्ता भएको सन्दर्भमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।१।२९ को आदेश ।

प्रतिवादीको बयान गराउनेलगायतको कार्यसमेत नगरी जालसाजी तर्फ ठहर नगरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।२८ मा भएको फैसला मुलुकी ऐन अ.बं. १९२ नं. को त्रुटि भई मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब जालसाजी तर्फ प्रतिवादीको समेत अ.बं. ७८ नं. बमोजिम बयान गराई जो जे बुझ्नु पर्ने प्रमाण बुझी जालसाजीतर्फ समेत ठहर गरी कारवाही किनारा गर्नको लागि उपस्थित पक्षहरूलाई तारेख तोकी प्रस्तुत मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्छ भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२८ को फैसला ।

काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।२८ मा ०-८-० जग्गामा मेरो हक कायम हुने गरी भएको फैसलालाई चित्त बुझाई बसेको थिएँ । सोही अवस्थामा विपक्षीको पुनरावेदन परी पुनरावेदन अदालत, पाटनबाट कारवाहीको क्रममा अ.बं. १९२ नं. बमोजिम प्रक्रिया नपुगेको भनी सुरू अदालतले गरेको फैसलालाई त्रुटिपूर्ण ठहर्‍याई पुनः अ.बं. १९२ नं. को प्रक्रिया पुर्‍याई निर्णय गर्न सुरू जिल्ला अदालतमा पठाउने गरी भएको पुनरावेदन अदालतको मिति २०६७।८।२८ को फैसलाबाट मुद्दामा जिन्दगी

भरी लागिरहनु पर्ने स्थिति खडा भएको छ। पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण एवम् पन्छाउने खालको भएकाले सोलाई बदर गरी सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरिपाउँ भन्ने व्यहोराको वादीको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। अब पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिले नमिलेको र पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा काठमाडौं जिल्ला स्यूचाटार गा.वि.स. वडा नं. १ कि.नं. ३७ को १-८-० जग्गा दर्ताको लागि कारवाही चलाएकामा मञ्लाई थाहा जानकारी नदिई मालपोत कार्यालय, कलङ्कीबाट मिति २०६१।९।२२ मा विपक्षीका नाउँमा दर्ता गर्ने गरी भएको निर्णय बदर गरी म फिरादीको नाउँमा दर्ता नामसारी गरिपाउँ भन्ने वादी दाबी र उक्त जग्गामध्ये ३ भागको १ भाग अर्थात् ०-८-० जग्गासम्म प्रतिवादीको नाउँको दर्ता बदर भै वादीको हक कायम हुने ठहर्‍याएको जिल्ला अदालतको फैसलालाई बदर गरी जालसाजीतर्फ पनि ठहर गरी कारवाही किनारा गर्नको लागि मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२८ को फैसलाउपर वादीको तर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको देखियो।

३. विवादित जग्गाको सम्बन्धमा मालपोत कार्यालय, कलङ्कीमा वादी भुपालदास श्रेष्ठ समेतले गरी दिएको मन्जुरनामा भनी प्रतिवादी देवेन्द्रप्रसाद श्रेष्ठले पेस गरेको मन्जुरनामा कागजको सम्बन्धमा सुरू अदालतसमक्ष वादी भुपालदास श्रेष्ठले मुलुकी ऐन अ.बं. ७८ नं. बमोजिम गरेको बयानमा मिति २०५९।६।३ को मन्जुरनामाको प्रमाणित नक्कल जालसाजीपूर्ण देखिन्छ भनी बयान गरेको देखियो। यसरी प्रतिवादीले पेस गरेको लिखतलाई जालसाजीपूर्ण भनी वादीले बयान गरेको अवस्था हुँदा लिखत सद्दे जालसाजी के हो भन्ने विषयमा समेत अदालत निष्कर्षमा पुगी निर्णय गर्नुपर्ने हुन्छ। सुरू काठमाडौं जिल्ला अदालतले फैसला गर्दा वादीले ७८ नं. बमोजिम बयान गर्दा लिखत जालसाज हो भनी दाबी लिएको सम्बन्धमा विपक्षी प्रतिवादीको बयान गराउनसमेत सकेको देखिँदैन। मुलुकी ऐन अ.बं. १९२ नं. मा "... गैह्र मुद्दा फैसला गर्दा एउटै मिसिलबाट गर्नु पर्ने काममध्ये केही बाँकी राखी पछि बुझी छिन्ने भन्ने व्यहोरासँग फैसला गर्न हुँदैन" भन्ने व्यवस्था रहेको देखिन्छ। सोबमोजिम प्रमाणको रूपमा प्रस्तुत भएको मन्जुरनामा लिखतका सम्बन्धमा नै पक्षले जालसाजीको प्रश्न खडा गरेको अवस्थामा सो विषयलाई टुङ्गोमा नपुर्‍याई मुद्दाको फैसला गर्नु कानूनसङ्गत हुने देखिँदैन। सुरू काठमाडौं जिल्ला अदालतले निर्णय गर्नुपर्ने जालसाजीको विषयलाई बाँकी नै राखी मुद्दाको फैसला गरेको देखिन आयो। जसबाट वादीले उठाएको जालसाजीको सम्बन्धमा समेत कारवाही गरी निर्णय गर्नको लागि प्रस्तुत मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाउनु पर्ने देखियो।

४. अतः जालसाजीतर्फ ठहर नगरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।३।२८ मा भएको फैसलालाई बदर गरी जो जे बुझ्नु पर्ने प्रमाण बुझी जालसाजीतर्फ समेत ठहर गरी कारवाही किनारा गर्नको लागि पक्षहरूलाई तारेख तोकी प्रस्तुत मिसिल सुरू काठमाडौं जिल्ला अदालतमा पठाई दिने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२८ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमति छ।
न्या. गोविन्दकुमार उपाध्याय

इति संवत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम्।
इजलास अधिकृतः- गेहेन्द्रराज रेग्मी

## निर्णय नं.९४२५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओम प्रकाश मिश्र
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७१।१२।१६।२
०६८-CR-०१६६

मुद्दा :– ज्यान मार्ने उद्योग ।

पुनरावेदक/वादी : बारा जिल्ला, दक्षिण झिटकैया गाउँ विकास समिति वडा नं. २ बस्ने रामसागरप्रसाद यादवसमेतको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : बारा जिल्ला, दक्षिण झिटकैया गाउँ विकास समिति वडा नं. २ बस्ने प्रयागराय यादवसमेत ।

- **तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नेमा अभियुक्तले कुनै कसुर नराखेपनि त्यो परिणाम निक्लन पाएको हुँदैन । ज्यान मार्ने उद्योगको अपराधको सम्बन्धमा पनि ज्यान मार्ने अपराध जस्तै शङ्का बिहिन तरिकाले प्रभावित हुन सक्ने प्रमाणिक प्राचुर्यताको अवस्था विद्यमान हुनुपर्ने । ज्यान मार्ने उद्योग अपराधका निर्माणक तत्त्वहरूले एकातिर ज्यानमाराको अपराध र अर्कोतर्फ कुटपिटको कसुरसँगको भिन्नता प्रष्ट पाईन्छ । ज्यानमाराको अपराधमा पनि ज्यान मार्ने मनसाय ( Means rea) र सो मनसायको साकारीकरण गर्ने कार्य (Actus rea) समानरूपले विद्यमान हुन्छ । तर ज्यान मार्ने उद्योगको अपराधको निर्माणको तेस्रो तत्त्वको अप्रत्यासित अपर्झट उपस्थिति विद्यमान नहुने हुँदा ज्यानमाराको अपराधबाट भिन्न बनाउने ।**

(प्रकरण नं. ४)

पुनरावेदक/वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता शंकरबहादुर राई
प्रत्यर्थी/विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :

- *ने.का.प.* ०२९ को अङ्क १० पृष्ठ ३०५ नि.नं. ६९८
- *ने.का.प.* २०३७ को पृष्ठ १४८ नि.नं. १३९२
- *ने.का.प.* २०४३ को अङ्क २ पृष्ठ १०६ नि.नं. २६१७
- *ने.का.प.* २०५१ को अङ्क १२ पृष्ठ ९४५ नि.नं. ५०१७
- *ने.का.प.* २०५१ को अङ्क ४ पृष्ठ २६ नि.नं. ४८९०
- *ने.का.प.* २०५६ को अङ्क ५ पृष्ठ ३८५ नि.नं. ६७२७

सम्बद्ध कानून :

- मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं.

सुरू तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री व्रजेश प्याकुरेल
पुनरावेदन तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

फैसला

**न्या.ओमप्रकाश मिश्र** : पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१०।२४ मा भएको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) अनुसार दोहोर्‍याई पाउँ भन्ने निवेदन परी निस्सा पाई पेस हुनआएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

जिल्ला बारा दक्षिण झिकटैया गाउँ विकास समिति वडा नं. १ स्थित अच्छेलालको घरदेखि पूर्वमा रहेको खाली जमिनमा इट्टाका टुक्राहरू रहेको, अच्छेलाल यादव, रामबहादुर यादव, नन्दलाल यादवसमेत सिकिस्त घाइते बेहोस अवस्थामा रहेको, अच्छेलालको घरको भित्ता तोडफोड भएको भन्ने व्यहोराको घटनास्थल मुचुल्का।

जिल्ला बारा दक्षिण झिकटैया गाउँ विकास समिति वडा नं. १ स्थित सार्वजनिक पोखरीदेखि दक्षिणमा रहेको अच्छेलालको १ तले फुसको घर छाना यत्रतत्र छरिएको अवस्थामा रहेको मूल ढोका उप्काई फालिदिएको, घरको खम्बाहरू भुइँमा लडेको अवस्थामा रहेको, घरभित्र रहेको काठका दराज खुल्ला अवस्थामा रही कागजपत्र केही नरहेको, घरभित्रको तोरी गहुँ अन्न यत्रतत्र छरिएको अवस्थामा रहेको भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्का।

मिति २०६१।६।६ गते बिहान मेरा काका अच्छेलाल यादवलगायतका नन्दलाल यादव, रामबहादुर यादव, देवेन्द्र यादव, दिनेश यादवसमेत बसी गफ गरिरहेको अवस्थामा प्रयाग रायसमेतका विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू हातहातमा लाठी, फाटा, फर्सा लिई आई घेरा हाली घरभित्र प्रवेश गरी काका अच्छेलाल यादव, रामबहादुर यादवसमेतलाई कुटपिट तथा लुटपिट गरी घाइते बनाएकाले केस फाराम गराई पाउँ भन्नेसमेत व्यहोराको राजनेत राय यादवको निवेदन।

म जाहेरवालाको काका अच्छेलाल यादव, नन्दलाल यादव, देवेन्द्र यादव, दिनेश यादव तथा दाजु रामबहादुर यादवसमेत बसि गफ गरिरहेको अवस्थामा विरूद्ध खण्डमा उल्लिखित प्रयाग राय यादवसमेतका प्रतिवादीहरूले हातहातमा लाठी फाटासमेत लिई आई घेरा हाली प्रतिवादीमध्येका प्रयाग रायले दिएको वचन अनुसार काका तथा दाजुहरूको ज्यान मार्ने उद्देश्यले लाठी, फाटासमेतले प्रहार गरी कुटपिट गरी बेहोस बनाई काका अच्छेलालको घर तोडफोडसमेत गरी धनमाल लुटी लगेकाले ज्यान मार्ने उद्योगमा कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको रामसागरप्रसाद यादवको जाहेरी दरखास्त।

हामी घाइतेमध्येको अच्छेलालको ऐलानी जमिनमा रहेको घरमा जाने बाटो विपक्षी प्रयाग राय यादवसमेतले बन्द गरिदिएकाले सो सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, बारामा निवेदन दिएकामा मिति २०६१।६।६ मा बिहान अन्दाजी ८.०० बजेको समयमा हामीहरू बसी गफ गरिरहेको अवस्थामा प्रयाग राय यादवसमेतका विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरले हात हातमा लाठी फाटासमेत लिई आई हामीहरूलाई घेरा हाली प्रयाग रायले दिएको वचनअनुसार सम्पूर्ण प्रतिवादीहरूले हामीलाई कुटपिट गरी मरणासन्न अवस्थामा पुर्‍याई बेहोस बनाई अच्छेलालको घर तोडफोडसमेत गरी धनमाल लुटी लगेको र विपक्षीहरूको कुटाइको कारण हामी घाइते भएकाले तत्काल उपचारको लागि नलगेको भए हाम्रो ज्यानसमेत मर्न सक्ने थियो भन्नेसमेत व्यहोराको घाइते अच्छेलाल यादव, रामबहादुर यादव, देवेन्द्र यादव, दिनेश यादव र नन्दलाल यादवसमेतले गरेको एकै मिलानको बेग्ला बेग्लै कागज।

मिति २०६१।६।६ मा बिहान अन्दाजी

८.०० बजेको समयमा अच्छेलाल यादव, रामबहादुर यादव, देवेन्द्र यादव, दिनेश यादव तथा नन्दलाल यादवसमेतका व्यक्तिहरू बसि गफ गरिरहेको अवस्थामा जाहेरी दरखास्तमा उल्लिखित प्रयाग राय यादवसमेतका प्रतिवादीहरूले अच्छेलाल यादव, रामबहादुर यादवसमेतलाई लाठी फाटाले कुटपिट गरिरहेको अवस्थामा हामीहरू समेत बचाउनको लागि जान लाग्दा विपक्षीहरूले हामीलाई समेत ज्यान मारी दिने धम्की दिएकाले तत्काल प्रहरीलाई खबर गरी प्रहरी टोली आएपश्चात् विपक्षीहरू भागे, घाइतेहरूको उपचार गरी ज्यान बच्न गएको हो भन्नेसमेत व्यहोराको बुझिएका रामअवध प्रसाद यादव, जितनारायण राय यादव, मनोजराय, रघुनाथसमेतले गरेको एकैमिलानको बेग्ला बेग्लै कागज।

अच्छेलाल यादवले करिब डेढ वर्ष अगाडि छठी माताको सार्वजनिक जमिनमा घर बनाई बसेकाले मिति २०६१।६।६ मा बिहान हामीहरूले उक्त घर भत्काई दिने योजना बनाई हामीहरू समेत घटनास्थलमा गएका हौं, सो ठाउँमा गै घर भत्काउन खोज्दा अच्छेलाल यादव, रामबहादुर यादव, दिनेश यादव, देवेन्द्र यादव, नन्दलाल यादवसमेतले रोक्न खोजेकाले झै झगडा हुँदा निजहरूलाई कुटपिटसमेत गरेको हो, उक्त घटनामा गाउँका धेरै मानिसहरू थिएँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू पहवारी साह, श्यामभजनप्रसाद यादव र मुकेसप्रसाद यादवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको एकै मिलानको अलग अलग बयान।

मिति २०६१।६।६ मा बिहान ८.०० बजेको समयमा अच्छेलाल, रामबहादुर यादवसमेतका व्यक्तिहरू बसि घरमा गफ गरिरहेको अवस्थामा जाहेरी दरखास्तमा उल्लिखित प्रतिवादीहरूले अच्छेलाल यादवसमेतलाई लाठी फाटासमेतले कुटपिट गरी घाइते बनाई ज्यान मार्ने उद्योग गरेका हुन भन्नेसमेत व्यहोराको वस्तुस्थिति मुचुल्का।

रमु भन्ने रामबहादुर राय यादवको टाउकोको विभिन्न भागमा मर्ने अवस्थाको कडा घा चोट लागेको भन्ने घा जाँच केस फाराम।

अच्छेलाल यादवसमेतलाई घा चोट लागेको भन्ने घा जाँच केस फाराम।

प्रतिवादीहरूले गरेको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. ले निषेध गरेको ज्यान मार्ने उद्योगको कार्य देखिएकाले विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरू जना १८ लाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं. को कसुर अपराधमा सोही महलको १५ नं. बमोजिम सजाय गरिपाउँ, अभियोगसाथ तत्काल पक्राउ परेका प्रतिवादीहरू श्यामभजनप्रसाद यादव, मुकेसप्रसाद यादव र पहवारी साहलाई पेस गरिएको रहेछ। पक्राउ हुन नसकी फरार रहेका प्रतिवादीहरू प्रयागराय यादव, चन्द्रेश्वरराय यादव, उदयचन्द्रप्रसाद यादव, मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, मो.साहेव हजरा, पन्नालालप्रसाद यादव, जगतनारायण प्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, बच्चा साह, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपालराय यादव र विगनराय यादवसमेतलाई अदालतबाट वारेन्ट जारी गरिपाउँ भन्नेसमेत व्यहोराको जिल्ला सरकारी वकिल कार्यालय, बाराले जिल्ला अदालत, बारामा पेस गरेको अभियोग पत्र।

अभियोग पत्र साथ पेस भएका प्रतिवादीहरू श्यामभजनप्रसाद यादव, मुकेसप्रसाद यादव, पहवारी साह उपस्थित भएका बच्चा साहको मिति २०६४।५।१०।२ मा अभियोग दाबीबमोजिम ज्यान मार्ने उद्योग गरेको कसुर ठहर भै जनही ५ वर्ष कैद हुने र अन्य प्रतिवादीहरूको हकमा मुलतबी रहने गरी बारा जिल्ला अदालतको फैसला भएको रहेछ।

वारदात मितिभन्दा एक दिनअगाडि मिति

२०६१।६।५ गतेका दिन म रा.प्र.पा. को जिल्ला अध्यक्ष उपस्थित भै पार्टीको मिटिङ भएकाले कलैयामा बसि सो ५ र ६ गते पनि कलैयामा नै भएको। जाहेरवालाहरू नेपाली काँग्रेस पार्टीका मानिस हुँदा मउपर झुट्टा उजुर दाबी लिएका हुन्। वारदातस्थल भनिएको ठाउँमा छठीमाईस्थान भएको सार्वजनिक स्थल जग्गा भई सो स्थानमा जाहेरवालाहरूले घर हटाउन गएका अवस्थामा झै झगडा भएका भन्ने मैले थाहा पाएको हुँ। उक्त वारदात मिति स्थानमा सो कार्य नभएकाले अभियोग दाबी झुट्टा हो । दाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रयागराय यादवले बारा जिल्ला अदालतमा गरेको बयान।

मैले अभियोग मागदाबीबमोजिम कसुर गरेको होइन । प्रयागराय यादवको नेतृत्वमा उक्त घटना भएको भन्ने झुट्टा हो। निज मेरा भाई नाताका व्यक्ति भएबाट सो दिन आफ्नो घरमा नभै कलैयामा भएकाले निजको नेतृत्वमा घटना घटेको भन्ने नै झुट्टा हो। सो दिन म वडकीफलवरीया देवापुर चौक भन्ने ठाउँमा भएको पसलमा चोरी भएको र गाउँलेहरूले तत्काल चोरहरूलाई समाती सामान फिर्ता गराई चोरबाट गाउँलेले दण्डस्वरूप असुल गरेको चन्दाको रकमबाट पूजा गर्ने विषयमा छलफल गर्नलाई मलाई बोलाएकाले म त्यहाँ गएको थिएँ। सो वारदात मिति स्थानमा म नभएकाले मेरोउपरको अभियोग दाबी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी चन्देश्वर यादवले बारा जिल्ला अदालतमा गरेको बयान।

वारदात मिति समयमा म भारतको बैंगलोर स्थित इस्टप्वाइन्ट आफ फार्मेसी कलेजमा भर्नाको लागि त्यहाँ गएको थिएँ। पछि कलेजबारे बुझी घरमा आउँदा मात्र रामबहादुर अच्छेलाल र गाउँलेहरू बीच विवाद भई झगडा भएको भन्ने सुनेको हुँ। को को भै के कस्तो किसिमको झगडा हो, को कसलाई चोटपटक लाग्यो भन्नेबारेमा मलाई थाहा नै नहुँदा अभियोग दाबी झुट्टा हो, सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी उदयचन्द्र यादव भन्ने उदयप्रसाद यादवले बारा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६१।६।६ का दिन म तथा प्रतिवादी चन्देश्वरप्रसाद यादव घुम्तीमा भएको चोरी विषयमा चोरलाई समातेकाले देवापुर चोकमा पञ्चायती गर्नु छ । दुर्गा पूजाको लागि चन्दा उठाउनु छ भनी दिन भरी सँगै साथ रहेको र पछि सार्वजनिक जग्गाको लागि झगडा भैरहेको छ भन्ने सुनी थाहा पाएकाले उक्त कार्यमा निजको संलग्नता नभएको भन्नेसमेत व्यहोराका प्रतिवादी चन्देश्वरप्रसाद यादवको साक्षी सितारामयादवले बारा जिल्ला अदालतमा गरेको बकपत्र।

मिति २०६१।६।५ मा रा.प्र.पा. जिल्ला कार्य समितिको बैठक १०.०० बजे देखि पार्टी कार्यालयमा सुरू भै बैठकको कार्य सम्पन्न नभएकाले भोलिपल्ट मिति २०६१।६।६ को बिहान ६.०० बजेदेखि १२.०० बजेसम्म चल्यो । त्यसपछि खानपिन गरेर २/३ बजे कलैयाको घर गएँ। अभियोग दाबीबमोजिम कसुर गरेको नहुँदा सजाय पाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रयागराय यादवको साक्षी मिश्रीप्रसाद यादवले बारा जिल्ला अदालतमा गरेको बकपत्र।

प्रस्तुत मुद्दामा कसुर ठहर भै सजायसमेत भोगेका प्रतिवादीहरूले अन्य प्रतिवादीहरू कसैलाई पनि पोल गर्न सकेको पाइँदैन। बुझिएका व्यक्ति रघुनाथ तथा जितनारायणले अदालतमा बकपत्र गर्दासमेत वारदातमा यी प्रतिवादीहरूको उपस्थित देखाए तापनि को कसको हातमा लाठी थियो र को कसले को कसलाई के के ले हिर्काए खुलाउन सक्दैनौँ भनी बकपत्र गरेको देखिन्छ । पीडित भनिएका रामबहादुरले अदालतमा बकपत्र गर्दा स.ज. ९ मा प्रयाग, मुकेस, रामभजन तथा

पहवारीले पहिला प्रहार गरे अरू कसले गरे थाहा भएन भनी र स.ज. १२ मा प्रयागले हातले हिर्काए त्यसपछि पहवारीले फाटाले टाउकामा हिर्काए भनी गरेको बकपत्रबाट पनि प्रतिवादी प्रयाग रायले पीडितको टाउकामा ज्यान मार्ने उद्देश्यले हिर्काएको भन्ने र अन्य प्रतिवादीहरूले पीडितलाई हातहतियारले हिर्काएको भन्ने खुल्न सकेको पाइँदैन । त्यस्तै बुझिएका मनोज रायले पहिला प्रहार प्रयाग रायले गरे भनी भने तापनि अन्य को कसले के हतियारले कहाँ प्रहार गरे थाहा भएन भनी प्रतिवादी चन्देश्वर र प्रतिवादी उदयरामको नाम किटान साथ खुलाउन सकेको पाइँदैन ।

पीडित रामबहादुर तथा अर्का पीडित अच्छेलालले अदालतमा गरेको बकपत्रमा पहिला कसले कस्लाई केले प्रहार गरे भन्ने भनाइमै एकरूपता नआई परस्पर बाँझिन गएको पाइन्छ । प्रतिवादीहरू चन्देश्वर तथा उदयराजको सम्बन्धमा पनि यी प्रतिवादीहरू वारदातस्थलमा उपस्थित रहेकै कारणबाट मात्र ज्यान मार्ने उद्योग जस्तो गम्भीर कसुर गरेको हो भनी ठोस प्रमाणको आधारमा दोषी मान्न मिल्ने देखिँदैन । तसर्थ उपस्थित प्रतिवादीहरूको बयान व्यहोरा, निजहरूको सम्बन्धमा जाहेरवाला, बुझिएका व्यक्तिहरूको भनाइ व्यहोरा प्रतिवादीहरूका साक्षीहरूको बकपत्र, स्वयम् पीडित एवम् जाहेरवालाको बकपत्रसमेतबाट प्रतिवादीहरू प्रयाग राय, चन्देश्वर राय तथा उदयचन्द्र वारदात समयमा वारदातस्थलमा रहेको भन्ने देखिए तापनि यी प्रतिवादीहरूले रामबहादुरलगायत पीडितहरूलाई ज्यान मार्नेसम्मको कार्य गरी चोट छोडेको प्रमाणबाट पुष्टि हुनआएको नदेखिएको हुँदा अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ ।

साथै अन्य फरार प्रतिवादीहरूको हकमा आजै मुल्तवीबाट जगाई प्रमाणबाट ठहरेबमोजिम फैसला गरे हुने भै इन्साफतर्फ विचार गर्दा फरार रहेका प्रतिवादीहरू मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, मोसाहेवस हजरा, पन्नालालप्रसाद यादव, जगतनारायण प्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपालराय यादव र विगन राय यादव भन्ने व्यक्तिहरू वारदातस्थलमा उपस्थित रहेका थिएँ भन्ने जाहेरवाला तथा पीडितको बकपत्र कागजबाट खुल्न आए तापनि यी फरार प्रतिवादीहरू को कसले घाइतेहरूलाई के कस्तो हतियार प्रयोग गरी चोट छोडेका र ज्यान मार्ने उद्योगको कसुर गरेका हुन भन्ने कुरा मिसिल प्रमाण एवम् अदालतमा बयान बकपत्र गर्ने व्यक्तिहरूको भनाइबाट पुष्टि हुनसकेको नपाइँदा फरार प्रतिवादीहरू मोहन प्रसाद यादव, पुनितप्रसाद यादव, मोसाहेव हजरा, पन्नालालप्रसाद यादव, जगतनारायण प्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपालराय यादव र विगतराय यादवले कसुरबाट सफाइ पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू बारा जिल्ला अदालतको मिति २०६६।१२।५ गतेको फैसला ।

मुद्दाको अनुसन्धानको क्रममा फरार भै अदालतमा उपस्थित भएका प्रतिवादी प्रयागराय यादवले वारदातको समयमा कलैया बजारमा रहेको भनी जिकिर लिएको, प्रतिवादी उदयचन्द्र प्रसाद यादव भारतको बैंङ्लोरमा रहेको भन्ने जिकिर लिएको भए तापनि यी प्रतिवादीहरूले वारदातको समयमा आफूहरू अन्यत्र रहेको (Alibi) जिकिर पुष्टि गर्न सकेका छैनन् भने बुझिएका रघुनाथ तथा जितनारायण समेतले अदालतमा गरेको बकपत्रबाट यी प्रतिवादीहरूको उपस्थित वारदातस्थलमा रहेको भनी तथा बुझिएका मनोजराय तथा पीडित रामबहादुरले अदालतमा बकपत्र गर्दा पहिला प्रयागराय यादवले ज्यान मार्ने उद्योगले लाठीले प्रहार गरेको भनी स्पष्टसँग लेखाई दिएको व्यहोरालाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनुपर्नेमा नलिई प्रतिवादी

प्रयागराय यादवको नेतृत्वमा उदयचन्द्र, चन्देश्वर समेतका व्यक्तिले कुटपिट गरी ज्यान मार्ने उद्योगको वारदात भएको स्वीकार गरी प्रतिवादी प्रयागराय यादव समेतलाई सफाइ दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण भै बदर भागि छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. "......त्यस्तो कार्य गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्नेलाई ........" भन्ने स्पष्ट कानूनी व्यवस्था गरेको छ। वारदातस्थलमा प्रयागराय यादवको नेतृत्व रहेको र ज्यान मार्ने उद्योगको वारदात भएको भन्ने कुरालाई एकातिर फैसलामा स्वीकार गरिएको छ भने अर्कोतिर घाइतेहरूलाई कुटपिट गर्ने, हिर्काउने, ज्यान मार्ने उद्देश्यले पीडितहरूलाई कुटपिट गर्ने चन्देश्वरराय यादव, उदयचन्द्र यादवसहित समान स्थितिका अन्य फरारी प्रतिवादीहरूलाई कसुर ठहर गरी सजाए गर्नु पर्नेमा श्यामभजन प्रसाद यादव, मिति २०६४।५।१० मा फैसला तथा प्रत्यक्षदर्शीहरूको किटानी भनाइ रहेको कुरातर्फसमेत नजरअन्दाज गरी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको सो फैसलामा प्रतिवादीहरूलाई सफाइ दिन अवलम्वन गरेको निर्णयाधार नै मनोगत तथा न्यायको रोहमा त्रुटिपूर्ण हुँदा स्वतः बदर भागी छ। प्रस्तुत मुद्दाका अन्य फरार प्रतिवादी मोहनप्रसाद यादवसमेतको हकमा मुल्तवीबाट जगाई फैसला गर्दा यी प्रतिवादीहरू वारदातस्थलमा रहेको जाहेरवाला तथा पीडितको बकपत्रबाट देखिए तापनि कस्तो हतियारले प्रहार गरेको पुष्टि नभएको भन्ने आधार लिएको देखिन्छ। यी प्रतिवादीहरू उपर किटानी जाहेरी, पीडित र प्रत्यक्षदर्शीको पोल रहेको छ। मिसिलमा रहेको तथ्य प्रमाण साथै प्रतिवादीहरूले आरोपित कसुरमा संलग्न नभएको भनी अदालतमा उपस्थित भै आफू विरूद्धको आरोप खण्डन गरी सफाइ लिन सकेको अवस्था समेत नभै हालसम्म पनि आफ्नो कर्तुतको फलस्वरूप सजाय हुने भयले प्रतिवादीहरूको संलग्नता रहेको हदसम्म स्वीकार गरी आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसला व्याख्याको हिसाबले समेत त्रुटिपूर्ण भै बदर भागी छ। अतः माथि उल्लिखित आधार प्रमाण एवम् कारणहरूबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको बारा जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्नेसमेत व्यहोराको मिति २०६७।६।३ गतेको नेपाल सरकारको पुनरावेदन अदालत, हेटौडामा चढाएको पुनरावेदन पत्र।

यसमा पीडित रामबहादुर तथा जाहेरवाला रामसागर प्रसादसमेतले गरेको बकपत्र समेतबाट अदालतमा उपस्थित भै बयान गर्ने प्रतिवादी प्रयागराय यादव लगायतका अन्य फरार रहेका प्रतिवादीहरू समेत घटनास्थलमा मौजुदा रही प्रतिवादी प्रयागरायले वचन समेत दिई हातहातमा लाठी फट्टासमेत लिई घेरा हाली प्रहार कुटपिट गरी बेहोस पारी घाइते बनाई ज्यान मार्ने उद्योग गरेको भनी किटानी पोल गरेको, पीडितहरूलाई घा चोटसमेत लागेको घा जाँच केस फारामबाट देखिएको, एकै वारदातमा संलग्न प्रतिवादीहरूमध्ये श्याम, मुकेस पहवारी, बच्चा साहलाई ज्यान मार्ने उद्योगको कसुरमा कैद सजायसमेत हुने ठहर भएको अवस्थामा यी प्रत्यर्थी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरूबाट भएको फैसला प्रमाण मूल्याङ्कनको सन्दर्भमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।९।२० गतेको आदेश।

पीडितहरू अच्छेलालराय यादव, रामबहादुर यादवले अदालतमा उपस्थित भै बकपत्र गर्दा सबै प्रतिवादीहरूले लाठी भालासमेत प्रयोग गरी कुटपिट

गरी ज्यान मार्ने उद्योग गरेका हुन भनी लेखाइदिएको पाइन्छ भने यो यसले यो हतियार प्रयोग गरी ज्यान मार्ने उद्योग गरेका हुन् भनी लेखाउन नसकेको र यो कारणबाट आफ्नो ज्यान बच्न पाएको हो भनी भन्न सकेको देखिन आएन । घा जाँच केस फाराम हेर्दा, पीडित रामबहादुरबाहेकका अन्यको आङ, जिउमा मर्नेसम्मका चोटपटक भएको अवस्था समेत नभएका यी प्रतिवादीहरूले पीडित रामबहादुरलाई ज्यानै मार्ने मनसायले घातक हतियार प्रयोग गरी वा मार्नको लागि मर्नेसम्मको काम गरेको अवस्था मिसिलबाट पुष्टि हुन नसकेको जाहेरवाला र यी प्रतिवादीहरू विचमा ज्यान मार्नेसम्मको पूर्व रिसइवी, मनसायसमेत रहे भएको मिसिलबाट प्रमाणित नभएको, पीडित मध्येका अच्छेलाल यादवको घर भत्काउने विषयमा विवाद भएको भन्ने देखिएको र गाउँका धेरै मानिस उपस्थित भएको भन्ने देखिएको यस्तो अवस्थामा अच्छेलाल समेतका व्यक्तिहरूले रोक्न खोज्दा विवाद भएको, प्रत्यक्ष देख्ने भनिएका प्रत्यक्षदर्शी रामअवध प्रसाद, जितनारायण यादव, मनोजराय यादव, रघुनाथराय यादवलगायत वस्तुस्थिति मुचुल्काका कैलासराय यादवसमेतका मानिसहरूले सबै प्रतिवादीहरूले भाला लाठीसमेतका जोखिम हतियारले प्रहार गरेको भनेपनि प्रति व्यक्ति यो यसरी यसले प्रहार गर्दा रामबहादुरलाई मर्नेसम्मको चोट लागेको भनी यी प्रतिवादीहरूलाई किटान गर्न लेखाउन नसकी हचुवाको भरमा सबै प्रतिवादीहरूले भाला लाठीले प्रहार गरेको भनी लेखाएबाट सो वारदातमा यी प्रतिवादीहरू समेतको संलग्नता रहेको होला भनी अनुमान गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने देखिन्छ । पीडित रामबहादुरको चोटसमेतलाई विचार गरी निजलाई कुटपिट गर्ने प्रतिवादीहरू श्यामभजनप्रसाद यादव, प्र. मुकेसप्रसाद यादव, पहवरी साह र बच्चा साह उपरको कसुर ठहर भैसकेको मिसिल संलग्न सवुद प्रमाणबाट समेत देखिँदा अन्य प्रतिवादीहरूलाई समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

अतः प्रतिवादी प्रयागराय समेतका प्रतिवादीले जाहेरवालालाई ज्यान मार्ने मनसायले कुटपिट गरेको भन्ने नदेखिँदा ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम प्रतिवादीहरू प्रयागराय यादव, चन्देश्वरराय यादव, उदयचन्द्र प्रसाद यादव, मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, मो साहेव हजरा, पन्नालालप्रसाद यादव, जगतनारायण प्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपालराय यादव र विगनराय यादवलाई सजाय गरिपाउँ भन्ने कसुरबाट सफाइ दिने गरी ठहर्‍याई भएको बारा जिल्ला अदालतको मिति २०६६।१२।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६८।१०।२४ गतेको पुनरावेदन अदालत, हेटौँडाको फैसला।

ज्यान मार्ने उद्योगको कसुर अपराधको तथ्यमा विवाद नरहेको, एउटै वारदातको केहि प्रतिवादीले सफाइ पाएका केहिको हकमा मात्रै ठहर रहेको, जाहेरवाला र पीडितले अदालतमा आएर नै बकपत्रसमेत गरेको हुँदा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) र १८ बमोजिम प्रमाण ग्रहण गर्नुपर्नेमा नगरी प्रमाण ऐन, २०३१ को दफा ५४ विपरीत भएको उक्त फैसला बदर गरिपाउँ भनी न्याय प्रशासन ऐन, २०४८ को १२(१)(क) को बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई पाउँ भन्नेसमेत व्यहोराको निवेदनपत्र।

वारा जिल्ला अदालतबाट मिति २०६४।५।१० मा प्रतिवादीहरू श्यामभजन, मुकेसप्रसाद यादव हवारीयादव तथा बच्चा साहले घाइतेमध्येका रामबहादुर यादवलाई ज्यान मार्ने उद्योगको कसुर गरेको ठहरी फैसला भै अन्तिम भै

बसेबाट वारदात घटेको कुरा पुष्टि भैरहेको उल्लिखित चारजना प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १५ नं. को कसुर कायम भै सजायसमेत भैसकेको अवस्था छ । पीडित रामबहादुर यादवले उक्त वारदातमा सबै प्रतिवादीहरूको संलग्नता थियो भनी अदालतसमक्ष बकपत्र गरेको र ज्यान मार्ने उद्देश्यले नै प्रहार गरेको भनी उल्लेख गरेको अवस्था रहेको र उक्त तथ्यलाई घा जाँच केस फारामसमेतले पुष्टि गरिरहेको अवस्थामा हातमा लाठी लिई फट्टा समेतका हतियार लिई घटनास्थलमा मौजुद भै घेरा हाली मार्न बचन आदेश दिने चोटसमेत प्रहार गरी वारदातमा सबै प्रतिवादीहरू संलग्न रहेको भनी अदालतसमक्ष गरेको पीडितको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गर्नु पर्नेमा सो नगरी हचुवाको भरमा फरार प्रतिवादीहरू मोहन प्रसाद यादव, पुनितप्रसाद यादव, मोसाहेव हजरा, पन्नालालप्रसाद यादव, जगतनारायण प्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहर, गोपालराय यादव, र विगतराय यादवले कसुरबाट सफाइ पाउने ठहर्‍याएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ तथा १०(१)(ख) १८ र ज्यानसम्बन्धी महलको १५ नं. को त्रुटि देखिँदा न्याया प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार प्रस्तुत मुद्दा दोहर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७०।४।१६ गतेको आदेश।

मिति २०७०।४।१६ गतेको निस्सा हाम्रो अनुपस्थितिमा भएको हो । प्राकृतिक न्यायको सिद्धान्तविपरीत र कानूनको मान्य सिद्धान्तविपरीत हुनुको साथै अनुमति दिँदा सर्वोच्चबाट प्रतिपादित सिद्धान्तहरू र नजिरहरूका आधारमा दिनुपर्ने सो नदिएको, स्पष्ट कानूनी व्यवस्था र विद्यायिकी मनसायविपरीत मुद्दा दोहोर्‍याई पाउने गरी भएको उक्त मितिको आदेश त्रुटिपूर्ण भएकाले बदर गरी पुनरावेदन अदालत, हेटौडाको मिति २०६८।१०।२४ को फैसला नै सदर ठहर्‍याई इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको प्रत्यर्थी मोहनप्रसाद यादवसहित जना १४ को संयुक्त लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक एवम् दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री शंकरबहादुर राईले प्रतिवादीहरूले ज्यानमार्ने उद्योगको कसुर अपराध गरेकामा विवाद नरहेको, एउटै वारदातको केही प्रतिवादीहरूले सफाइ पाएका केहीको हकमा ठहर गरेको, जाहेरवाला र पीडितहरूले अदालतमै आएर बकपत्रसमेत गरेको हुँदा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) र १८ बमोजिम प्रमाण ग्रहण गर्नुपर्नेमा नगरी प्रमाण ऐन, २०३१ को दफा ५४ विपरीत भएको पुनरावेदन अदालत, हेटौंडाले गरेको फैसला बदर गरी प्रतिवादीहरू सबैलाई ज्यान मार्ने उद्योगमा सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको बहस गर्नुभयो भने प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री महादेव यादव र विद्वान् अधिवक्ता श्री रामकृष्ण काफ्लेले के कुन प्रतिवादीहरूले पीडित जाहेरवाला भनिएका व्यक्तिहरूलाई के कुन हतियारले प्रहार गरी के कति गम्भीर घाइते बनाए सो कुरा जाहेरवालाले खुलाउन नसकेको, जाहेरवालाहरू स्वयम्ले अदालतमा बकपत्र गर्दा व्यहोरा एक आपसमा बाझिएको, प्रतिवादीहरूले ज्यान लिनेसम्मको कुनै रिसइवी झै झगडा नभएको कतिपय प्रतिवादीहरू वारदातस्थलमा उपस्थित नै नभएको, जाहेरवाला पक्षका अच्छेलाल यादवले छठिमाताको सार्वजनिक जमिनमा घर बनाई बसेको कारणले सो घर भत्काउनु पर्छसम्म भनी प्रतिवादीमध्येका केहि व्यक्तिले भनेको

कारणले राजनीतिक आस्थालाई आधार बनाई झुट्टा मुद्दा लगाएकाले पुनरावेदन अदालत, हेटौडाले प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसलालाई नै सदर गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

अब बारा जिल्ला अदालतले पुनरावेदक प्रतिवादीहरूलाई सफाइ दिने गरी गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ छैन, पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ कि सक्दैन भन्ने सो विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, यसमा मिसिल अध्ययन गरी हेर्दा मिति २०६१।६।६ गते बिहान अन्दाजी ८.०० बजेको समयमा प्रयागराय यादव, चन्द्रेश्वर यादव, उदयचन्द्र प्रसाद यादव, मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, जगतनारायण यादव, मो.साहेब हजारा, पन्नालालप्रसाद यादव, धनपत राय, गनपतराय यादव, लहवारी शाह, जितेन्द्र ठाकुर, गोपालराय, विगनराय श्यामभजन प्रसाद यादव, मुकेसप्रसाद यादव, पहवारी शाह र बच्चा शाह समेतका प्रतिवादीहरूले रमु भन्ने रामबहादुर राय यादव, अच्छेलाल यादव समेतलाई लाठी, भाटा, फर्सासमेतका हतियारले प्रहार गरी घाइते बनाएकाले प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १५ नं. को कसुर अपराध भएकाले ऐ. महलको १५ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्रको मागदाबी भएकामा प्रतिवादी मध्येका श्यामभजनप्रसाद यादव, मुकेसप्रसाद यादव, पहवारी शाह र बच्चा शाहलाई ५ वर्ष कैद हुने ठहरी फैसला भएको र अन्य फरार प्रतिवादीहरूको हकमा मुलतबी रहेकामा पछि अन्य प्रतिवादीहरू पनि रूजु हाजिर भई मुलतबी जागी फैसला हुँदा अन्य प्रतिवादीहरूको कसुर अपराधमा संलग्नता नदेखिएकाले सफाइ पाउने ठहर्‍याई बारा जिल्ला अदालतबाट फैसला भएकामा सोउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परेकामा बारा जिल्ला अदालतबाट भएको फैसला सदर गर्नेगरी पुनरावेदन अदालतबाट फैसला भएउपर चित्त नबुझाई वादी नेपाल सरकारको मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन परी सोमा निस्सा प्राप्त भै प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

३. निर्णयतर्फ विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. अनुसार ज्यान मार्ने मनसायले गोलि चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकामा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र लगाउने तथा सो ठाउँमा गै वचन दिने वा मद्दत गर्ने लाई बाह्र वर्षसम्म कैद गर्नुपर्छ भन्ने व्यवस्था देखिन्छ। ज्यान सम्बन्धी अपराधहरू मध्ये कर्तव्य ज्यान (Murder) र यसको उद्योग (Attempt to murder) को विचमा अपराधका तत्त्वहरूको रूपमा रहेका आपराधिक कार्य (Aucts reas) र आपराधिक मनसाय (Mens rea) को संयोजनात्मक उपस्थितिको दृष्टिबाट भिन्नता रहेको हुँदैन दुवै प्रकृतिका अपराधमा सो अपराध गर्ने व्यक्तिले पीडितको मृत्युको मनसाय राखेर आफ्नो कार्यबाट आपराधिक कार्य सम्पन्न गरेको हुन्छ। तर ज्यानमार्ने उद्योगको अपराध कायम हुनको लागि कुनै कारणले कर्ताको अपेक्षा अनुसार पीडितको मृत्यु भएको हुँदैन। ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम मनसाय तत्त्वको विद्यमानता आवश्यक हुन्छ र यस्तो मनसाय अभियुक्तको क्रियाबाट स्पष्ट हुनुपर्छ। ज्यानमार्ने मनसाय रहेको अवस्थामा ज्यानै मार्न नपाएको स्पष्ट कारण अवस्था देखिनु पर्दछ।

४. श्री सर्वोच्च अदालतबाट पनि ज्यान मार्ने उद्योगको निर्णायक तथ्यको सम्बन्धमा विभिन्न मुद्दाहरूमा व्याख्या भएको पाइन्छ। जस्तो *ने.का.प.* ०२९ को अङ्क १० पृष्ठ ३०५ नि.नं. ६९८ श्री

५ को सरकार विरूद्ध कविराज सुनार भएको ज्यान मार्ने उद्योग मुद्दामा डिभिजन बेञ्चबाट मर्नेसम्मको काम गरिसकेको नदेखिए ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम सजाय गर्न नमिल्ने भनी व्याख्या भएको त्यस्तै *ने.का.प.* २०३७ को पृष्ठ १४८ नि.नं. १३९२ डिल्लीप्रसाद सिंखडासमेत विरूद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा श्री सर्वोच्च अदालतबाट वारदात अवस्थामा कसैले हटक गरेकोबाट बाध्य भई छोड्नु पर्दा छाडिएकोबाट घाइते बच्न गएको नभई प्रतिवादीहरू आफै स्वेच्छाले छाडिएको देखिन आएकाले समेत वारदातमा प्रयोग गरेको साधन र वारदातको प्रकृतिबाट समेत प्रतिवादीको नियत ज्यान मार्ने थियो भन्ने देखिँदैन भनी व्याख्या भएको पाइन्छ त्यस्तै *ने.का.प.* २०४३ को अङ्क २ पृष्ठ १०६ नि.नं. २६१७ राधेश्याम तेली विरूद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा पूर्ण इजलासबाट कुनै व्यक्तिले गरेको कार्य कस्तो छ सो हेरी निजले गरेको अपराधजन्य कार्यबाट नै मनसाय तत्त्व पहिल्याउन सकिने हुन्छ, अपराधजन्य कार्य नै मनसाय तत्त्व पैल्याउने सशक्त एवम् भरपर्दो माध्यम हो भनी व्याख्या भएको छ भने सोही *ने.का.प.* २०४३ को अङ्क ८ पृष्ठ ८१० नि.नं. २८२६ इस्लाम मुद्दीन जुलाहा विरूद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा संयुक्त इजलासबाट ज्यान मार्ने उद्योगको मुद्दाहरूमा ज्यान मार्ने मनसाय कुनैमा स्पष्ट नै देखिने हुन्छ कुनैमा अभियुक्तले गरेको आपराधिक कृयाबाट उसको मनसाय पत्ता लगाउनु पर्ने हुन्छ भनी व्याख्या भएको पाइन्छ। त्यस्तै *ने.का.प.* २०५१ को अङ्क १२ पृष्ठ ९४५ नि.नं. ५०१७ इश्वरी बोहजु विरूद्ध श्री ५ को सरकार भएको ज्यान मार्ने उद्योग मुद्दामा श्री सर्वोच्च अदालत पूर्ण इजलासबाट मुलुकी ऐन ज्यानसम्बन्धी महलको कानूनी व्यवस्थासमेतलाई विचार गर्दा ज्यान मार्ने उद्योगको अपराध ठहर हुनको लागि ज्यान मार्ने मनसाय, सो मनसाय अभिव्यक्त गर्ने ज्यान मार्नेसम्मको कार्य गरी कुनै बाहिरी तत्त्वको हस्तक्षपले गर्दा ज्यान मार्न नसकेको हुनुपर्ने भनी व्याख्या भएको छ र *ने.का.प.* २०५१ अङ्क ४ पृष्ठ २६ नि.नं. ४८९० महेन्द्रराज वम विरूद्ध श्री ५ को सरकार भएको मुद्दामा ज्यान मार्ने उद्योग सबै दृष्टिबाट ज्यानसम्बन्धी अपराध नै हुन्छ सिर्फ ज्यान भने मर्न गएको हुँदैन। अभियुक्तले ज्यान मार्ने भनी गरेको कार्य तेस्रो तत्त्वको अप्रत्यासितरूपमा अपर्झट उपस्थिति वा विद्यमान हुन गएको कारणले सम्पन्न हुन नपाएको हुन्छ। प्रतिवादी आफैँले मर्नेसम्मको कार्य नगरी छाडी गएको वा पहिलेदेखि नै मार्ने कार्य गर्न नसक्ने अवस्था विद्यमान रहेको स्थिति हुँदैन। तेस्रो तत्त्वको अप्रत्यासित हस्तक्षेपले गर्दा ज्यान मार्ने कार्य गर्नेमा अभियुक्तले कुनै कसुर नराखे पनि त्यो परिणाम निक्लन पाएको हुँदैन । ज्यान मार्ने उद्योगको अपराधको सम्बन्धमा पनि ज्यान मार्ने अपराध जस्तै शङ्का विहीन तरिकाले प्रभावित हुन सक्ने प्रमाणिक प्राचुर्यताको अवस्था विद्यमान हुनुपर्ने ।ज्यान मार्ने उद्योग अपराधका निर्माणक तत्त्वहरूले एकातिर ज्यानमाराको अपराध र अर्कोतर्फ कुटपिटको कसुरसँगको भिन्नता प्रष्ट पाइन्छ । ज्यानमाराको अपराधमा पनि ज्यान मार्ने मनसाय ( Means rea) र सो मनसायको साकारीकरण गर्ने कार्य (Actus rea) समानरूपले विद्यमान हुन्छ। तर ज्यान मार्ने उद्योगको अपराधको निर्माणको तेस्रो तत्त्वको अप्रत्यासित अपर्झट उपस्थिति विद्यमान नहुने हुँदा ज्यानमाराको अपराधबाट भिन्न बनाउँदछ।

५. तेस्रो तत्त्वको अप्रत्यासित उपस्थितिले रोकावट उत्पन्न गरेको हुनुपर्छ भन्ने कुरा ज्यानसम्बन्धी महलको १५ नं. मा "सो काम गर्दा पनि ज्यान भने मर्ने पाएको रहेनछ" भन्ने अभिव्यक्तिबाट पुष्टि हुन आउँछ। किनकि यस तेस्रो तत्त्वलाई अङ्गिकार नगरेमा ज्यान मार्ने उद्योगको अवस्था मात्र नरही अपराधजन्य

कार्य सम्पन्नताको अवस्था हुनजान्छ । तसर्थ यी तत्त्वहरू ज्यान मार्ने उद्योगसम्बन्धी कानूनमा व्यक्त वा अव्यक्तरूपले सोझै वा घुमाउरोरूपले अन्तरनिहित हुन्छन। ज्यान मार्ने उद्योग मुद्दाको कसुर कायम गर्नको लागि तेस्रो तत्त्वको आकस्मिक उपस्थिति अनिवार्य हुने भएकाले यो तेस्रो तत्त्व ज्यान मार्ने उद्योगको मौलिक विशेषता हो भनी व्याख्या भएको पाइन्छ त्यस्तै *ने.का.प.* २०५६ अङ्क ५ पृष्ठ ३८५ नि.नं. ६७२७ मा प्रतिवादीले घातक एवम् धारिलो हतियार प्रहार गरेको भन्ने पुष्टि हुन नआएको, पीडित मर्ने अवस्थासम्म पुगेको भन्ने नदेखिएको र पीडित के कस्तो अवस्था परी मर्ने पाएको रहेनछ भन्नेसमेत खुल्न नआई चोटपटकसम्म लागेको भन्ने देखिन आएको स्थितिमा अभियोग दाबी लिएको वारदातमा ज्यानसम्बन्धीको महलको १५ नं. अवस्थाको विद्यमानता थियो भनी मान्न सकिने अवस्था नदेखिएको भनि व्याख्यासमेत भएको पाइन्छ।

६. यसमा पीडितहरूको ज्यान मार्ने उद्देश्यबाट प्रतिवादीहरूले प्रहार गरेको तर प्रतिवादीहरूको कार्य तेस्रो पक्षको हस्तक्षेपबाट रोकिएको अवस्था पनि नहुँदा ज्यानमार्ने उद्योगअन्तर्गतको कसुर मान्ने अवस्था रहेको भन्न सकिँदैन । ज्यानमार्ने उद्योग हुनको लागि मनसायतत्त्वको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । यी प्रतिवादीहरूले धेरै समय पहिलेदेखि नै मत सल्लाह, मिलोमतो तथा योजना गरी के कुन प्रतिवादीले के कुन स्थानमा बसी के कुन कार्य गर्ने भनी कार्य विभाजनसमेत गरी योजनाबद्धरूपमा घटना घटाएको देखिँदैन । पीडितहरूको घाउजाँच केस फारामहरूमा non fatal भनेर लेखिएको छ । पीडित रामबहादुरले प्रयाग, मुकेस, रामभजन तथा पहवरीले पहिला प्रहार गरेपछि अरू कसले गरे थाहा भएन भनी अदालतमा नै बकपत्र गर्दाका बखत पीडित स्वयम्ले नै भनेकाले अन्य प्रतिवादीहरूले के कस्तो हतियारले के कसरी प्रहार गरेका हुन् सो कुरा प्रष्ट भन्न नसकेको कारणले फौजदारी कानूनको महत्त्वपूर्ण सिद्धान्त शङ्काको सुविधा अभियुक्तले पाउने नै देखिन्छ । फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा हुने भन्ने प्रमाण कानूनको महत्त्वपूर्ण सिद्धान्त भएकामा आरोपित कसुरमा यी प्रतिवादीहरूको संलग्नता रहेको कुरा वादी पक्षले वस्तुनिष्ठरूपबाट गराउन सकेको देखिन आएन। साथै यसै वारदातमा संलग्न भनिएका सह प्रतिवादीहरू श्यामभजनप्रसाद यादव, मुकेसप्रसाद यादव, पहारी शाह र बच्चा शाहले अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू जिल्ला अदालतमा पनि यी अन्य प्रतिवादीहरूको कसुर अपराधमा संलग्नता छ भनी प्रष्ट लेख्न, लेखाउनसमेत नसकेको र आफूहरूको हकमा मात्र स्वीकार गरी पुनरावेदनसमेत नगरेको देखिन्छ । यी प्रतिवादीहरू अदालतसमक्ष कसुरमा इन्कारी रहेका देखिन्छन् । यस्तो अवस्थामा प्रस्तुत वारदात मुलुकी ऐन ज्यानसम्बन्धी महलको १५ नं. र सम्मानित सर्वोच्च अदालतबाट विभिन्न ज्यान मार्ने उद्योग मुद्दाहरूमा प्रतिपादित सिद्धान्तहरूबाट समेत ज्यान मार्ने उद्योगको परिभाषाभित्र पर्ने अवस्था देखिएन । उल्लिखित विवेचित सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तहरू समेतका आधारमा प्रतिवादीहरूले पहिलेदेखि नै मानसिकरूपमा तयार भै जोखिमी हतियारले जाहेरवालाहरूलाई योजनाबद्धरूपमा ताकेर प्रहार गरेको नदेखिएको, कुनै अन्य काबुबाहिरको तत्त्वले निज प्रतिवादीहरूलाई रोकेको पनि नभई आफैँले झैझगडा पश्चात् जाहेरवालाको घर बनाएको, छठीमाताको सार्वजनिक जमिनमा गएका र सामान्य झडप भएपश्चात् आफैँ फर्कि आएका तेस्रो पक्षको अपर्झट उपस्थितिले गर्दा घाइतेको र यसबाट बच्न गएको कुरा मिसिलबाट देखिन नआएको र घाइतेहरूलाई लागेको घाउँ मर्नेसम्मको प्रकृतिको नभएको कुरा मिसिल

संलग्न घा जाँच केस फारामहरूबाट समेत देखिन नआएकाले प्रस्तुत मुद्दाको समग्र विश्लेषण व्याख्या गर्दा प्रतिवादीहरूले ज्यान लिने उद्वेश्यबाट पीडित जाहेरवालाहरू माथि आक्रमण गरिएको भन्ने कुराको पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरू प्रयागराय यादव, चन्द्रेश्वरराय यादव, उदयचन्द्रप्रसाद यादव, मोहनप्रसाद यादव, पुनितप्रसाद यादव, मो.साहेव हजरा, पन्नालालप्रसाद यादव, जगतनारायणप्रसाद यादव, धनपतराय यादव, गनपतराय यादव, लहवारी साह, जितेन्द्र ठाकुर लोहार, गोपालराय यादव र विगनराय यादवलाई आरोपित कसुरबाट सफाइ दिने गरी बारा जिल्ला अदालतबाट भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१०।२४ का फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन अभियोगबाट सफाइ पाउने ठहर्छ। प्रस्तुत दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इति संवत् २०७१ साल चैत १६ गते रोज २ शुभम्।
इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह